संघीय संसद
प्रतिनिधि सभा
सार्वजनिक लेखा समिति

# २०औं वार्षिक प्रतिवेदन
२०७७


सार्वजनिक लेखा समिति सचिवालय
सिंहदरबार, काठमाडौं
फोन नं.: ४२००२१८, ४२००२०६, ४२११७४४
E-mail: pacommittee@parliament.gov.np
URL: pac.parliament.gov.np
parliament.gov.np

संघीय संसद

प्रतिनिधि सभा

# सार्वजनिक लेखा समिति

# २०औं

# वार्षिक प्रतिवेदन

## २०७७

**सार्वजनिक लेखा समिति सचिवालय**

सिंहदरवार, काठमाडौं

**फोन नं.: ४२००२१८, ४२११७४४, ४२००२०६**

*E-mail: pacommittee@parliament.gov.np*

*URL: pac.parliament.gov.np*

*parliament.gov.np*

# मन्तव्य

**सम्माननीय सभामुख महोदय,**

सार्वजनिक लेखा समितिको कार्यक्षेत्रभित्र विभिन्न निकायका सार्वजनिक लेखा विषय सम्बन्धी अध्ययन तथा वित्तीय सुशासन सम्बन्धमा देखापरेका बेरुजु सम्बन्धी विषयहरु रहेको कुरा सम्मानीत सदनलाई अवगत नै छ । सोही व्यवस्था अनुसार सरकारलाई संघीय संसदप्रति उत्तरदायी र जवाफदेही बनाउनु, सरकारबाट भए गरेका काम कारबाहीको निगरानी र मूल्याङ्कन गरी आवश्यक निर्देशन वा राय सल्लाह दिनु समितिको मुख्य कार्य रहेको छ । साथै समितिको कार्यक्षेत्रभित्रका मन्त्रालय, विभाग, अन्तर्गतका निकायहरुको नीति तथा कार्यक्रम, स्रोत परिचालन, व्यवस्थापन, राष्ट्रिय आय विवरण, सम्पत्ति र खर्चको स्थिति तथा कार्यान्वयनको मूल्याङ्कन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने लगायतका कार्यक्षेत्र रहेका छन् ।

**सम्माननीय सभामुख महोदय,**

समितिको कार्यक्षेत्रभित्रका महालेखापरीक्षकको वार्षिक प्रतिवेदनमाथि विचारविमर्श गरी सार्वजनिक खर्च गर्ने परिपाटीमा यसको नियमितता, औचित्यता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता तथा त्यसको कार्यान्वयन गर्नेतर्फ वाञ्छित प्रगति हुन सकेको छ वा छैन? आर्थिक अनुशासन उल्लंघनकर्तालाई कानूनको दायराभित्र ल्याउन सकेको छ वा छैन? सुशासन अभिवृद्धि गर्नेतर्फको काम कारबाहीको स्थिति सन्तोषजनक छ वा छैन? भन्ने विषय अध्ययन गरी उल्लिखित कार्यहरुलाई दक्षतापूर्वक सञ्चालन गराउन अवलम्बन गर्नुपर्ने नीति वा कार्यप्रणाली बारे खुलाई सदनमा प्रतिवेदन पेश गर्नु यस समितिको कार्य क्षेत्र भित्र पर्दछ । यस प्रतिवेदनमा हालसम्म समितिद्वारा सम्पादित कार्यहरुलाई यसमा समेटिएको छ ।

समितिले राज्यको आय तथा राजस्वका दर निर्धारण, कर तथा गैर कर राजस्व असुली, सार्वजनिक सम्पत्तिको संरक्षण र सदुपयोग, आवधिक योजना, बजेट निर्धारण तथा कार्यक्रमहरुको कार्यान्वयन सम्वन्धमा आवश्यक राय सल्लाह र निर्देशन दिएको छ । यसै गरी राज्यको स्रोत परिचालन तथा व्यवस्थापनमा समन्यायिक र आवश्यकताको सिद्धान्त अनुरुप राज्य कोषको सदुपयोग गर्ने सवालमा सुझावहरु प्रदान गरेको छ।

लामो समयदेखि महालेखापरीक्षकको वार्षिक प्रतिबेदनमा छलफल हुन नसकेको र देशमा बेरुजुको आकार बढ्दै गरेको अवस्थामा यस समितिले आफ्नो तर्फबाट बेरुजु फछ्र्यौटका लागि अभियान नै चलाइरहेको छ । यस अवधिमा ८ वटा वेरुजु फछ्र्यौट उपसमिति गठन गरी विभिन्न मन्त्रालय, संवैधानिक निकाय तथा सार्वजनिक संस्थाहरुको २०६९/७० देखि २०७४/७५ आ.ब. सम्मका महालेखापरीक्षकका प्रतिवेदनहरुमा उल्लिखित बेरुजु उपर छलफल गरी आवश्यक निर्णय/निर्देशनहरु दिइएको छ ।

यस अवधिमा समितिले नेपाल विद्युत प्राधिकरणको डेडिकेटेड फिडर तथा ट्रंक लाइनको वक्यौता असुली सम्वन्धमा अध्ययन गर्न उपसमिति मार्फत कार्य अघि बढाएको, सरकारले अघि बढाएको सेक्युरिटी प्रेस खरिद प्रक्रिया, गोकर्ण रिसोर्टको सम्झौता नवीकरण, दूरसञ्चार प्राधिकरणको फ्रिक्वेन्सी वितरण, दूरसञ्चार सेवा प्रदायक कम्पनीहरुले दूरसञ्चार प्राधिकरणलाई विभिन्न शीर्षकमा बुझाउनु पर्ने महसुल लामो समयसम्म नबुझाएको सम्वन्धमा आवश्यक निर्देशनहरु दिएको थियो । वैज्ञानिक वन व्यवस्थापन कार्यक्रमका नाममा भइरहेको व्यापक वन फँडानीका सम्बन्धमा अध्ययन गर्न गठित उपसमितिले विभिन्न जिल्लाहरुको स्थलगत अध्ययन, अवलोकन भ्रमण गरी समिति समक्ष आफ्नो प्रतिवेदन पेश गरेको थियो भने समितिले वैज्ञानिक वन व्यवस्थापन सम्वन्धी कार्यविधि खारेज गरी एकिकृत वा प्रदेशगत तहमा वनसम्बन्धी रणनीतिक योजना तर्जुमा गरेर सामुदायिक वन र साझेदारी वन क्षेत्रमा दिगो वन व्यवस्थापन कार्ययोजना तर्जुमा गरी कार्यान्वयन गर्न सम्बन्धित मन्त्रालयलाई निर्देशन दिएको थियो । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट २०७६ चैत्र महिनामा कोभिड-१९ को महामारी नियन्त्रणका लागि गरिएको स्वास्थ्य सामग्री खरिद सम्बन्धमा सरोकारवालाहरुसँग छलफल गरी खरिद कार्यका लागि अख्तियारवाला पदाधिकारीहरु उपर अख्तियारको दुरुपयोग सम्बन्धमा विस्तृत छानबिन गरी दोषीलाई

कानूनबमोजिम कारवाही गर्न निर्देशन दिएको थियो । यस्तै काठमाडौं-तराई फार्स्ट ट्र्याकको टनेल र ब्रिजको ई.पि.सि. पूर्व योग्यता परीक्षण प्रकरणका दुई प्याकेज मध्ये दोस्रो प्याकेजका सम्बन्धमा सार्वजनकि खरदि ऐन, २०६३ र सार्वजनकि खरदि नियमावली, २०६४ को प्रस्तावना अनुसार प्रतिस्पर्धा, पारदर्शिता र मितव्ययिता सुनिश्चित नभएकोले चालु प्रक्रिया रद्द गरी पुनः पूर्व योग्यताका लागि खरिद प्रक्रिया शुरु गर्न नेपाल सरकारलाई निर्देशन दिएको थियो ।

**सम्माननीय सभामुख महोदय,**

समितिले गरेका विभिन्न निर्णय तथा निर्देशनहरु कार्यान्वयन नभएकोमा र सरकारले उदासिनता देखाएकोमा समितिले यसलाई गम्भीर रुपमा लिएको छ । समितिको निर्णय कार्यान्वयनका सवालमा सरोकारवाला निकायले गरेको ढिलासुस्ती, समितिको काम कारबाही सञ्चालनका लागि आवश्यक थप दक्ष जनशक्ति र बजेट अभाव तथा बेरुजु फछ्र्यौटमा देखिएको सरोकारवाला निकायको उदासिनता जस्ता समस्याहरु चुनौतीका रुपमा रहेका छन् । आगामी दिनहरुमा समितिको प्रतिवेदनमा उल्लिखित निर्देशन, राय/सुझाव र सोको कार्यान्वयन आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र सोको नियमावली, २०७७ तथा अन्य सम्वन्धित ऐन कानून अनुरुप हुनका लागि सम्मानीत सदनबाट कार्य अघि बढ्ने कुरामा समिति आशावादी रहेको छ ।

अन्त्यमा, समितिको कार्यलाई मार्गदर्शन गर्नुहुने सम्माननीय सभामुखज्यूप्रति म हार्दिक आभार व्यक्त गर्दछु । साथै समितिका हरेक क्रियाकलापहरुमा सक्रियतापूर्वक सहभागी भै आ-आफ्नो भूमिका निर्वाह गर्नु हुने समितिका सम्पूर्ण मा. सदस्यहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु । समितिका विभिन्न बैठकहरुमा उपस्थित भई नेपाल सरकारका काम कारबाहीका बारेमा जानकारी एवं समितिका निर्देशनहरु कार्यान्वयनमा सहयोग पुऱ्याउनु हुने नेपाल सरकारका माननीय मन्त्रीज्यूहरु, संवैधानिक निकायका पदाधिकारीहरु, नेपाल सरकारका मुख्य सचिव, सचिव लगायत मन्त्रालय, मातहतका निकाय तथा सार्वजनिक संस्थाका कर्मचारीहरुलाई समिति र मेरो तर्फबाट हार्दिक आभार प्रकट गर्दछु । समितिको काममा समन्वयात्मक सहयोग पुऱ्याउनु हुने संघीय संसद सचिवालयका महासचिव, सचिव, एवं प्रतिवेदन तयारीमा प्रत्यक्ष, अप्रत्यक्ष सहयोग पुऱ्याउनु हुने संघीय संसद सचिवालयका कर्मचारी, पत्रकार र विभिन्न संघ संस्थाका प्रतिनिधिसमेतलाई समितिका तर्फबाट म हार्दिक धन्यवाद दिन चाहन्छु । समितिका हरेक क्रियाकलापमा साथ रही कार्य गर्दै यस प्रतिवेदनलाई यो रुपमा तयार गर्ने समिति सचिव लगायत समिति सचिवालयका सम्पूर्ण कर्मचारीलाई म विशेष धन्यवाद दिन चाहन्छु ।

**सम्माननीय सभामुख महोदय,**

सम्माननीय सभामुख महोदयको अनुमतिले अब म सार्वजनिक लेखा समितिको वार्षिक प्रतिवेदन, २०७७ सम्मानित सदन समक्ष स्वीकृतिका लागि पेश गर्दछु ।

धन्यवाद ।

**मिति : २०७७ चैत्र**

..............................

**माननीय भरतकुमार शाह**
**सभापति**
**सार्वजनिक लेखा समिति**
**प्रतिनिधि सभा**
**संघीय संसद**

# विषय सूची


| क्र.सं. | शीर्षक | पेज नं. |
|---|---|---|
| | **खण्ड- १** | |
| १. | सार्वजनिक लेखा समितिको परिचय | १ |
| २. | सार्वजनिक लेखा समितिको कार्य क्षेत्र तथा काम, कर्तव्य र अधिकार | ३ |
| | **खण्ड- २**<br>**सार्वजनिक लेखा समितिको निर्णय तथा निर्देशनहरु** | |
| ३. | समितिको बैठक संख्या ४० देखि बैठक संख्या ५२ सम्मका निर्णय तथा निर्देशनहरु | ७-१९ |
| | **खण्ड- ३**<br>**महालेखापरीक्षकको विभिन्न वार्षिक प्रतिवेदनहरुमा औंल्याइएका बेरुजुका सम्वन्धमा भएका काम कारवाहीहरुको विवरणहरु** | |
| ४. | संघीय संसद् सचिवालय | २२-२३ |
| ५. | सर्वोच्च अदालत | २४-२५ |
| ६. | निर्वाचन आयोग | २६-३१ |
| ७. | अर्थ मन्त्रालय | ३२-४४ |
| ८. | गृह मन्त्रालय | ४५-५४ |
| ९. | रक्षा मन्त्रालय | ५५-६४ |
| १०. | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | ६५-७८ |
| ११. | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | ७९-९८ |
| १२. | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | ९९-१०६ |
| १३. | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | १०७-१११ |
| १४. | वन तथा वातावरण मन्त्रालय | ११२-१३९ |
| १५. | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | १४०-१६० |
| १६. | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | १६१-१९४ |
| | **खण्ड- ४**<br>**विभिन्न समयमा गठन भएका उपसमितिहरुका प्रतिवेदनहरु** | |
| १७. | वैज्ञानिक वन व्यवस्थापन कार्यक्रमका सम्बन्धमा अध्ययन गर्न गठित उपसमितिद्वारा तयार गरिएको अध्ययन प्रतिवेदन, २०७७ | १९७-२८४ |
| १८. | नेपाल विद्युत प्राधिकरणको डेडिकेटेड फिडर र ट्रंक लाइनको बक्यौता सम्बन्धमा अध्ययन गर्न गठित उपसमितिद्वारा गरिएको अध्ययन प्रतिवेदन, २०७६ | २८५-३०४ |

# खण्ड–१
# सार्वजनिक लेखा समितिको परिचय

सार्वजनिक लेखा समिति संसदको एउटा महत्वपर्ण विषयगत समिति हो । यसको विश्व इतिहासलाई हेर्ने हो भने सार्वजनिक लेखा समितिको गठन बेलायतको संसदमा सन् १८६१ मा भएको थियो । सदनमा रहेको दलीय उपस्थितिको प्रतिनिधित्व हुने गरी बढीमा १५ सदस्य रहने उक्त समितिले गैरराजनीतिक रूपमा काम गर्ने अपेक्षा गरिएको थियो । राज्यकोषको खर्च संसदले चाहे बमोजिम होस् भनी त्यसको सुनिश्चितता गर्नु र सरकारी कोषको प्रभावकारी र मितव्ययितापूर्वक खर्च भए नभएको जाँच पड्ताल गर्नु सार्वजनिक लेखा समितिको प्रमुख कार्य हो । बेलायतमा स्थापित परम्परा अनुसार सार्वजनिक लेखा समितिको सभापति संसदमा विपक्षी दललाई दिने गरिएको छ । नेपालमा सार्वजनिक लेखा समितिको इतिहास २०१६ सालदेखि नै सुरुवात भएको पाइन्छ । २०१६ सालमा निर्वाचित प्रतिनिधि सभामा सार्वजनिक लेखा समितिको व्यवस्था थियो । नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ६४ मा सार्वजनिक लेखा समितिको संवैधानिक व्यवस्था नै गरिएको थियो । हाल नेपालको संविधानको धारा ९७ तथा संघीय संसद, प्रतिनिधि सभा नियमावली २०७५, को नियम १७२ मा १० वटा विषयगत समिति रहने व्यवस्था रहेको छ । ती विषयगत समितिहरु मध्ये सार्वजनिक लेखा समिति पनि एक महत्वपूर्ण समिति हो । सार्वजनिक लेखा समितिमा सभामुखले सभाको सहमति लिई मनोनित गरेका बढीमा २७ जना सदस्यहरू रहने व्यवस्था छ । प्रधानमन्त्री समितिको पदेन सदस्यको रूपमा रहने र समितिका सदस्यहरूले आफूहरुमध्येबाट निर्वाचित गरेको व्यक्ति समितिको सभापति हुने व्यवस्था छ । सभापतिको निर्वाचन नभएको वा नरहेको अवस्थामा ज्येष्ठ सदस्यले बैठकको अध्यक्षता गर्ने व्यवस्था रहेको र मन्त्रीले सभापति हुन वा बैठकको अध्यक्षता गर्न नमिल्ने व्यवस्था छ । बेलायतको परम्परालाई अनुसरण गर्दै २०४८ सालदेखि सार्वजनिक लेखा समितिको सभापति विपक्षी दललाई दिने गरिएको थियो । तर मिति २०६६/०२/११ देखि यो परम्परा निरन्तर हुन सकेन तथापी यसलाई निरन्तरता दिनुपर्ने आवश्यकता छ । समितिको बैठक बस्न सम्पूर्ण सदस्य संख्याको एकाउन्न प्रतिशत सदस्यको उपस्थिति आवश्यक पर्छ । कुनै पनि निर्णय गर्नका लाथि उपस्थित सदस्य संख्याको बहुमत आवश्यक पर्छ ।सरकारलाई संघीय संसद प्रति उत्तरदायी र जवाफदेही बनाउनका लागि सरकारबाट भए गरेका काम कारवाहीको अनुगमन र मूल्यांकन गरी आवश्यक निर्देशन वा राय सल्लाह दिन प्रतिनिधि सभा नियमावलीको नियम १७० को क्र.सं. १० ले गरेको व्यवस्था अनुसार यस समितिको कार्यक्षेत्र अन्तर्गत सार्वजनिक लेखा र महालेखा परीक्षकको प्रतिवेदन तोकिएको छ । उल्लेखित काम, कर्तव्य तथा अधिकार बाहेक नियमावलीको नियम १७५(४) ले सार्वजनिक लेखा समितिले सभामा पेश गरिएको महालेखा परीक्षकको वार्षिक प्रतिवेदनमा उल्लिखित बेरुजु जाँच गरी महालेखा परीक्षकद्वारा भए गरेका काम कारवाही र सो सम्बन्धमा सम्बन्धित निकायबाट हुनपर्ने काम कारवाही कानून संगत र औचित्यपूर्ण तवरबाट भए नभएको सम्बन्धमा समेत अध्ययन गरी आवश्यक निर्देशन दिन सक्ने व्यवस्था रहेको छ । यसै नियमको उपनियम (७) मा यस नियम बमोजिम समितिले बैठकमा प्रस्तुत गर्नु पर्ने वार्षिक प्रतिवेदन वार्षिक अनुमान पेश हुनु अगावै र अरु प्रतिवेदन जुनसुकै समयमा प्रस्तुत गर्न सक्ने व्यवस्था रहेको छ । तर सभामुखले उपयुक्त सम्झेमा नियम १७२ मा नपरेका विषयहरु समितिको कार्यक्षेत्र भित्र पर्ने गरी तोक्न सक्ने व्यवस्था रहेको छ । नियमावलीले सार्वजनिक लेखा समितिको कार्यक्षेत्रमा सार्बजनिक लेखा र महालेखापरीक्षकको वार्षिक प्रतिवेदन भनेर तोकेको सन्दर्भमा सार्वजनिक लेखाको बारेमा देहाय बमोजिम स्पष्ट हुन जरुरी देखिन्छ ।

**सार्वजनिक खरिद कानून अनुसार सार्वजनिक निकाय भन्नाले देहायका निकाय सम्झनु पर्छ :-**

- **सवैधानिक अंग वा निकाय, अदालत, नेपाल सरकारका मन्त्रालय, सचिवालय, आयोग, विभाग वा सो अन्तर्गतका अन्य जुनसुकै सरकारी निकाय वा कार्यालय,**
- **नेपाल सरकारको पूर्ण वा अधिकांश स्वामित्व वा नियन्त्रणमा रहेको संस्थान, कम्पनी, बैंक वा समिति वा प्रचलित कानून बमोजिम सार्वजनिक स्तरमा स्थापित वा नेपाल सरकारद्वारा गठित आयोग, संस्थान, प्राधिकरण, निगम, प्रतिष्ठान, बोर्ड, केन्द्र, परिषद् र यस्तै प्रकृतिका अन्य संगठित संस्था,**
- **नेपाल सरकारद्वारा संचालित वा नेपाल सरकारको पूर्ण वा अधिकांश अनुदान प्राप्त विश्वविद्यालय, महाविद्यालय, अनुसन्धान केन्द्र र यस्तै प्रकृतिका अन्य प्राज्ञिक वा शैक्षिक संस्था,**
- **प्रदेश स्तरका कार्यालय तथा स्थानीय तहहरु,**
- **विकास समिति ऐन, २०१३ बमोजिम गठित विकास समिति,**
- **नेपाल सरकारको ऋण वा अनुदानमा सञ्चालित संस्था, र**
- **नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी सार्वजनिक निकाय भनी तोकेको अन्य संस्था ।**

**आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ अनुसार लेखा भन्नाले कारोबार भएको व्यहोरा देखिने गरी प्रचलित कानुन बमोजिम राखिने प्रारम्भिक प्रविष्टिको गोश्वारा भौचर तथा सो आधारमा तयार गरिने अभिलेख, खाता, किताब आदि र सो कारोबारलाई प्रमाणित वा सम्पुष्टि गर्ने प्रमाण कागजात र सोको आधारमा तयार गरिने वित्तीय विवरण तथा प्रतिवेदन सम्झनु पर्छ र सो शब्दले विद्युतीय माध्यमबाट राखिएको अभिलेख वा कारोवारलाई प्रमाणित गर्ने विद्युतीय अभिलेखलाई समेत जनाउँछ भनिएको छ । यसरी सार्वजनिक लेखालाई शाब्दिक रुपमा अर्थ लगाउँदा पनि उपरोक्त बमोजिमका सार्बजनिक निकायहरुमा भएका आर्थिक कारोबारहरुको व्यहोरा देखिने गरी प्रचलित कानुन बमोजिम राखिने अभिलेख, खाता, किताब आदि र सो कारोबारलाई प्रमाणित गर्ने अन्य कागजात समेतलाई सार्वजनिक लेखा भनिने हुँदा सार्वजनिक लेखा समितिले आर्थिक कारोबार नहुँदैको अबस्थामा कतिपय विषयमा हस्तक्षेप गरेको जुन आरोप विगतमा लाग्दै आएको छ यस तर्फ ध्यान दिएर आफ्नो कार्यक्षेत्र निर्धारण गर्नुपर्ने देखिन्छ ।**

**मिति २०७५ श्रावण १७ गते गठित सार्वजनिक लेखा समितिमा हाल २७ जना माननीय सदस्यहरु रहनु भएको छ । समितिको वैठकलाई सुव्यवस्थित, मर्यादित र अनुशासित रुपमा संचालन गर्न मिति २०७५/०४/२१ गते बसेको पहिलो बैठकले समितिको आन्तरिक कार्यविधि पारित गरेको छ ।**

## सार्वजनिक लेखा समितिको कार्यक्षेत्र तथा काम, कर्तव्य र अधिकार

**कार्य क्षेत्र :-**

- सार्वजनिक लेखा,
- महालेखापरीक्षकको वार्षिक प्रतिवेदन ।

## काम, कर्तव्य र अधिकार :-

प्रतिनिधि सभा नियमावली २०७५ को नियम १७५ मा व्यवस्था गरिए अनुसार सार्वजनिक लेखा समितिको काम, कर्तव्य र अधिकार निम्नानुसार रहेको छ :-

- मन्त्रालय, विभाग र अन्तर्गतका निकायको सार्वजनिक लेखासँग सम्बन्धि नीति तथा कार्यक्रम, स्रोत परिचालन, व्यवस्थापन र अरू यस्तै क्रियाकलापको मूल्याङ्कन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने र समुचित टिप्पणी, सिफारिस र निर्देशन सहितको वार्षिक प्रतिवेदन बैठकमा पेश गर्ने,
- मन्त्रालय, विभाग र अन्तर्गतका निकायको राजस्व र व्यय सम्बन्धी अनुमानको जाँच गरी वार्षिक अनुमान तयार गर्ने तरिका, वार्षिक अनुमानमा निहित नीतिको सट्टा अपनाउन सकिने वैकल्पिक नीति र वार्षिक अनुमानमा रहेको रकममा के-कति किफायत गर्न सकिन्छ भन्ने सम्बन्धमा सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने र आफ्नो राय सहितको वार्षिक प्रतिवेदन बैठकमा पेश गर्ने,
- मन्त्रीले सरकारको तर्फबाट बैठकमा सार्वजनिक लेखासँग सम्बन्धित विषयमा समय-समयमा दिएका आश्वासनलाई पूरा गर्न नेपाल सरकारद्वारा के-कस्ता कदम उठाइएका छन् सो सम्बन्धमा अध्ययन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने र बैठकमा प्रतिवेदन पेश गर्ने,
- सार्वजनिक लेखा र महालेखापरीक्षकको वार्षिक प्रतिवेदनसँग सम्बन्धित सरकारी निकायको सार्वजनिक सम्पत्तिको हिनामिना भए, नभएको अध्ययन, अनुगमन र मूल्याङ्कन गरी आवश्यक निर्देशन दिने र बैठकमा प्रतिवेदन पेश गर्ने,
- सभाद्वारा प्रत्यायोजित अधिकार अन्तर्गत बनाइएको नियम संविधान, सम्बन्धित ऐन, प्रचलित कानून बमोजिम बनेको छ वा छैन र सरकारद्वारा प्रचलित ऐन, नियम अनुरुप काम भए गरेको छ वा छैन भन्ने विषयमा मूल्याङ्कन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने,
- सरकारद्वारा समय-समयमा गठन हुने छानबिन आयोग, समिति र जाँचबुझ आयोग, समितिद्वारा प्रस्तुत प्रतिवेदन कार्यान्वयनको अनुगमन गरी सम्बन्धित निकायलाई आवश्यक राय, सल्लाह र निर्देशन दिने,
- मन्त्रालय, विभाग र अन्य निकायबाट सम्पादन भएका कामको अनुगमन तथा मूल्याङ्कन गरी सो सम्बन्धमा आवश्यक निर्देशन दिने,
- बैठकले सुम्पेको अन्य काम गर्ने,
- समितिको सिफारिसमा सभामुखबाट अनुमोदित बजेट र कार्यक्रमको अधीनमा रही आफ्नो कार्यक्रम सञ्चालन गर्ने,
- सार्वजनिक लेखा समितिले आफ्नो कार्य सम्पादन गर्दा सम्बन्धित मन्त्रालय तथा विभाग, आयोग र निकायका प्रतिनिधि र आवश्यक परे तत्-तत् विषयका विशेषज्ञहरुसँग समेत छलफल गर्न सक्ने,
- सार्वजनिक लेखा र महालेखापरिक्षकको वार्षिक प्रतिवेदनमाथि छलफल सम्बन्धित जिम्मेवारी सु-व्यवस्थित ढङ्गले बहन गर्ने सन्दर्भमा आवश्यक कार्यविधि कार्ययोजना र कार्यतालिका बनाई लागू गर्न सक्ने,
- सार्वजनिक लेखा समितिले सभामा पेश गरिएको महालेखापरीक्षकको वार्षिक प्रतिवेदनमा उल्लिखित बेरुजुको जाँच गरी महालेखा परीक्षकद्वारा भए गरेका काम कारबाही र सो सम्बन्धमा सम्बन्धित

निकायबाट हुनु पर्ने काम कारबाही कानून सङ्गत र औचित्यपूर्ण तवरबाट भए नभएको सम्बन्धमा समेत अध्ययन गरी आवश्यक निर्देशन दिन सक्ने,

- समितिको कार्य सम्पादनको सिलसिलामा समितिका सदस्यले सभामुखको पूर्व स्वीकृती लिई आवश्यक स्थानको भ्रमण गर्न सक्नेछन् । यस्तो स्वीकृति माग गर्दा भ्रमण गर्नुपर्ने कारण स्पष्ट खुलाईएको हुनुपर्ने,
- समितिले बैठकमा प्रस्तुत गर्नुपर्ने वार्षिक प्रतिवेदन वार्षिक अनुमान पेश हुनु अगावै र अरू प्रतिवेदन जुनसुकै समयमा प्रस्तुत गर्न सक्नेछ ।

## सार्वजनिक लेखा समितिमा रहनु भएका माननीय सदस्यहरुको नामावली

| क्र.सं. | नाम, थर | जिल्ला | सम्बद्ध दल |
|---|---|---|---|
| १. | मा. भरत कुमार शाह (सभापति) | रुपन्देही-५ | नेपाली काँग्रेस |
| २. | मा. अमन लाल मोदी | मोरङ्ग-४ | ने.क.पा. (माओवादी केन्द्र) |
| ३. | मा. कृष्ण लाल महर्जन | ललितपुर-२ | ने.क.पा. (एमाले) |
| ४. | मा. गंगा बहादुर तामाङ | काभ्रेपलाञ्चोक-१ | ने.क.पा. (माओवादी केन्द्र) |
| ५. | मा. चन्दा चौधरी | सर्लाही | जनता समाजवादी पार्टी, नेपाल |
| ६. | मा. चक्रपाणी खनाल | कपिलवस्तु-१ | ने.क.पा. (माओवादी केन्द्र) |
| ७. | मा. तेजु लाल चौधरी | सप्तरी-४ | नेपाली काँग्रेस |
| ८. | मा. धनबहादुर बुढा | डोल्पा-१ | ने.क.पा. (एमाले) |
| ९. | मा. धर्माशीला चापागाई | झापा | ने.क.पा. (माओवादी केन्द्र) |
| १०. | मा. पार्बती डि.सी. (चौधरी) | दाङ | नेपाली काँग्रेस |
| ११. | मा. प्रदिप यादव | पर्सा-१ | जनता समाजवादी पार्टी, नेपाल |
| १२. | मा. पार्वती कुमारी विशुन्के | दैलेख | ने.क.पा. (एमाले) |
| १३. | मा. पुष्पा कुमारी कर्ण कायस्त | पर्सा | ने.क.पा. (एमाले) |
| १४. | मा. मिना सुब्बा | सुनसरी | नेपाली काँग्रेस |
| १५. | मा. मिनेन्द्र प्रसाद रिजाल | मोरङ्ग-२ | नेपाली काँग्रेस |
| १६. | मा. मैना कुमारी भण्डारी | गुल्मी | ने.क.पा. (एमाले) |
| १७. | मा. मोहन आचार्य | रसुवा-१ | नेपाली काँग्रेस |
| १८. | मा. मोहम्मद इस्तियाक राई | बाँके-२ | जनता समाजवादी पार्टी, नेपाल |
| १९. | मा. यज्ञ बहादुर बोगटी | अछाम-२ | ने.क.पा. (एमाले) |
| २०. | मा. रघुविर महासेठ | धनुषा-४ | ने.क.पा. (एमाले) |
| २१. | मा. राजेन्द्र कुमार के.सी. | काठमाडौं-१० | नेपाली काँग्रेस |
| २२. | मा. विना देवी बुढाथोकी | कञ्चनपुर | ने.क.पा. (एमाले) |
| २३. | मा. विरोध खतिवडा | मकवानपुर-२ | ने.क.पा. (एमाले) |
| २४. | मा. विशाल भट्टराई | खोटाङ्ग-१ | ने.क.पा. (एमाले) |
| २५. | मा. शरत सिंह भण्डारी | महोत्तरी-२ | जनता समाजवादी पार्टी, नेपाल |
| २६. | मा. सूर्य प्रसाद पाठक | बाग्लुङ्ग-१ | ने.क.पा. (एमाले) |

(समितिमा माननीयहरुको हेरफेर भएको मितिः २०७५/०४/२१, २०७५/०६/०१, २०७६/१०/१७, २०७६/१०/२१)

## समिति सचिवालय

प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १८९ मा समितिको सचिवालय सम्बन्धी व्यवस्था रहेको छ। संघीय संसद सचिवालय अन्तर्गत समितिको सचिवालय रहने छ । महासचिवले आफू मातहतको वरिष्ठ अधिकृतलाई समितिको सचिव भई काम गर्न तोक्न सक्ने व्यवस्था छ । समिति सचिवले पदेन सचिवको रुपमा रही काम गर्नेछ । समितिको सचिवले समितिका कार्य सम्पादनमा सहयोग पुर्‍याउन सम्बन्धित मन्त्रालय, विभाग वा निकायसँग आवश्यक जानकारी माग्न सक्नेछन्। यस समिति सचिवालयमा कार्यरत कर्मचारीहरु देहाय बमोजिम रहेका छन् :-

| क्र.सं. | नाम, थर | पद |
|---|---|---|
| १. | डा. रोजनाथ पाण्डे | समिति सचिव |
| २. | श्री बिमला घिमिरे | उपसचिव |
| ३. | श्री प्रदिपकुमार नेपाल | उपसचिव |
| ४. | श्री सरस्वती मरहट्टा | शाखा अधिकृत |
| ५. | श्री रविन अधिकारी | नायब सुब्बा |
| ६. | श्री रामप्रसाद सापकोटा | नायब सुब्बा |
| ७. | श्री एनी लावती | कार्यालय सहयोगी (करार) |
| ८. | श्री श्यामकुमारी घर्ती | कार्यालय सहयोगी (करार) |
| मुद्रण तथा प्रकाशन शाखा तर्फका कर्मचारीहरु | | |
| १. | श्री बाबुराजा महर्जन | मुद्रण अधिकृत |
| २. | श्री रोबन प्रजापति | मुद्रण अधिकृत |
| ३. | श्री गम्भिरमान सिंह | सिनियर प्रेस टेक्निसियन |
| ४. | श्री राजेन्द्रप्रसाद लामिछाने | सिनियर प्रेस टेक्निसियन |
| ५. | श्री प्रेमबहादुर चन्द | सिनियर प्रेस टेक्निसियन |
| ६. | श्री कृष्णकला पौडेल | प्रेस टेक्निसियन |
| ७. | श्री बिनोद न्यौपाने | प्रेस टेक्निसियन |
| ८. | श्री बिमला बुढा | प्रेस टेक्निसियन |
| ९. | श्री मदन गिरी | कार्यालय सहयोगी |

# खण्ड-२

# समितिको निर्णय तथा निर्देशनहरू

## (मिति २०७६ पुस १ गतेदेखि २०७७ चैत्र २० गतेसम्म)

## समितिको बैठकलाई सुव्यवस्थित, मर्यादित र अनुशासित रुपमा सञ्चालन गर्न मिति २०७५/०४/२१ गते पारित समितिको आन्तरिक कार्यविधि, २०७५

१. समितिको बैठकको कार्यसूची सामान्यतया अघिल्लो बैठकमा नै तय गरिनेछ । सोबमोजिम तय हुन नसकेमा सचिवले सभापतिसंग परामर्श गरी कार्यसूची तय गर्नेछ र सोको जानकारी कम्तीमा १( एक) दिन अगावै एस्.एम.एस्. वा अन्य कुनै तरिकाबाट सदस्यहरुलाई दिइनेछ ।

२. समितिको सभापतिको ध्यानाकर्षण गर्नको निमित्त सदस्यले हात उठाउनु पर्नेछ र सभापतिले निजको नाम क्रमशः बोलाएपछि वा इसारा गरेपछि एक पटकमा एक जनाले मात्र बोल्नु पर्नेछ । कुनै एक सदस्य बोलिरहेको समयमा बीचैमा अर्को सदस्यले बोल्न र एक आपसमा कुरा गर्न पाइनेछैन ।

३. सदस्यले समितिको बैठकमा बोल्दा सभापतिलाई सम्बोधन गरेर मात्र बोल्नु पर्नेछ । समितिको छलफलको क्रममा कुनै सदस्यले व्यक्त गरेको विषयवस्तुलाई अर्को सदस्यले सो कुरामा सहमति व्यक्त गर्ने बाहेक पुनः सोही विषय नदोहोर्‍याउनेतर्फ ध्यान दिनु पर्नेछ । बैठकमा बोल्दा कसैलाई व्यक्तिगत आक्षेप लगाउन, अशिष्ट, अश्लिल, अपमानजनक वा कुनै आपत्तिजनक शब्द बोल्न हुँदैन । सदस्यले बोल्न पाउने अधिकारलाई बैठकको कार्यमा वाधा पार्ने मनसायले दुरुपयोग गर्न पाइने छैन ।

४. बैठकको अवधिभर मोबाइल स्वीच अफ वा साइलेन्स वा भाइब्रेट मोडमा राख्नु पर्नेछ ।

५. बैठकमा छलफलका लागि पूर्वनिर्धारित विषय वा कुनै सदस्यबाट प्रस्तुत गरिएको विषय वा समितिलाई कुनै स्रोतबाट प्राप्त विषय बैठकमा छलफलको विषय हुन सक्नेछ ।

६. बैठकको छलफलको विषय समितिको कुनै सदस्यको निजी स्वार्थ वा संलग्नता गाँसिएको भएमा त्यस्तो विषयको छलफलमा सम्बन्धित सदस्य सहभागी नहुने र छलफलमा त्यस्तो सदस्यको उपस्थिति आवश्यक छ भन्ने लागेमा समिति वा समितिको सभापतिले त्यस्तो सदस्यलाई छलफलमा सहभागी गराउन सक्नेछ ।

७. बैठकका निर्णयहरु सकेसम्म सर्वसम्मतिबाट गरिनेछ र त्यसरी सर्वसम्मतिबाट हुन नसकेमा प्रतिनिधि सभा नियमावली बमोजिम गरिनेछ ।

८. समितिले आफ्नो कार्य सुव्यवस्थित, छिटोछरितो र प्रभावकारी रुपमा सम्पन्न गर्न कार्यक्षेत्र र कार्यावधि तोकी आवश्यकता अनुसार उपसमिति गठन गर्न सक्नेछ र यसरी गठित उपसमितिहरुले तोकिएको समयमा सो कार्य सम्पन्न गरी समितिमा प्रतिवेदन पेश गर्नु पर्नेछ ।

९. उपसमितिमा सहमति भै आएका विषयहरुमा उक्त उपसमितिमा रहेका सदस्यहरुले पुनः सोही विषयमा समितिको छलफलमा सहभागी हुन सक्नेछ ।

१०. प्रत्येक सदस्यले समितिको कार्यक्षेत्रभित्रका विषयवस्तुसंग सम्बन्धित आफूसंग भएका अध्ययन सामग्रीहरु सदस्यहरुका बीच आदानप्रदान गर्ने व्यवस्था मिलाइनेछ ।

११. सभापतिले बैठकलाई सम्बोधन गरिरहेको समयमा कुनै पनि सदस्यले स्थान छोड्नु हुँदैन र सभापतिले बोलेको कुरा ध्यानपूर्वक सुन्नु पर्नेछ । समितिको बैठक समापन नभै कुनै पनि सदस्यले बैठक कक्ष छाड्नु हुँदैन र बाहिर जानु पर्ने भए मा सभापतिको अनुमति लिएर जानु पर्नेछ । बैठक सञ्चालनमा समितिका सबै सदस्यहरुले सभापतिलाई सहयोग गर्नुपर्नेछ ।

१२. सभापतिले बैठकलाई मर्यादित बनाउन सदस्यहरुलाई आह्वान गर्नु पर्नेछ । अमर्यादित व्यवहार कुनै सदस्यबाट भएमा प्रतिनिधि सभा नियमावली अनुसार कारवाही हुनेछ ।

१३. समितिको बैठक बस्न तोकिएको दिन र समयमा सम्पूर्ण सदस्यहरु अनिवार्य रुपमा उपस्थित हुनु पर्नेछ । तोकिएको समयमा एकाउन्न प्रतिशत सदस्यहरुको उपस्थिति हुन नसकेमा सो दिनको बैठक सभापतिले स्थगित गरी अर्को कुनै दिन र समयमा बैठक बस्ने गरी तोक्न सक्नेछ ।

१४. समितिका सदस्यहरु समितिको बैठक चलिरहेको समयमा उपत्यका बाहिर जानु परेमा, विदेश जानु पर्ने भई वा अन्य कुनै कारणले समितिको बैठकमा उपस्थित हुन नसक्ने भएमा समिति सभापति वा सचिवालयलाई पूर्व जानकारी गराउनु पर्नेछ ।

१५. बैठकमा सामान्यतया प्रेस तथा नागरिकलाई प्रवेश दिइनेछ । प्रवेश दिने सम्बन्धी अन्तिम निर्णय गर्ने अधिकार समितिको सभापतिलाई हुनेछ ।

१६. समितिमा उपस्थित विशेषज्ञले आफ्नो तथ्य एवं आधारयुक्त धारणा शिष्टतापूर्वक राख्नु पर्नेछ ।

१७. बैठकमा पानी, चिया, खाजा र औषधी बाहेक अन्य पदार्थ ग्रहण गर्न पाइने छैन ।

१८. उपसमितिको संयोजक/अध्यक्षलाई सम्बन्धित उपसमितिको कार्य सञ्चालन गर्दा सभापतिलाई भए सरहको अधिकार हुनेछ ।

१९. समितिबाट खटिने विभिन्न भ्रमण टोलीका टोली प्रमुखलाई भ्रमण अवधिभर सभापतिलाई भए सरहको अधिकार हुनेछ ।

२०. समितिको कार्यतालिका पालना गर्नु सबै सदस्यहरुको कर्तव्य हुनेछ ।

२१. संघीय संसद, प्रतिनिधि सभा नियमावली, २०७५ मा उल्लेखित नियमहरुको पालना गर्नु सबै सदस्यहरुको कर्तव्य हुनेछ ।

२२. माथि उल्लेखित नियमहरुको पालना गर्ने गराउने सम्बन्धमा सभापतिको निर्णय अन्तिम हुनेछ ।

२३. समितिले आवश्यकतानुसार यस कार्यविधिमा आवश्यक परिमार्जन र संशोधन गर्न सक्नेछ ।

## समितिको मिति २०७६/०९/०७ गतेको निर्णयहरु:
## बैठक संख्या-४०

१. नेपालका विभिन्न सिमेन्ट उद्योगहरुबाट उत्पादित सिमेन्टको गुणस्तरको मापदण्डको दोस्रो पुनरिक्षण गर्ने गरी नेपाल गुणस्तर परिषद्ले विगतको मापदण्डभन्दा फरक र कमजोर हुनेगरी पारित गरेका IR (Insoluble residue) को हकमा २% बाट ४% र Mgo (Magnesium Oxide) को हकमा ५% बाट ६% तथा सेटिङ्ग समय ४५ मिनेटबाट ३० मिनेटमा कम गरिएको अवस्थामा यसले नेपाल जस्तो भुकम्पको जोखिम रहेको मुलुका पूर्वाधार निर्माणलाई थप कमजोर बनाउने र जोखिम बढाउने भएकोले नेपाल गुणस्तर पहिलो पुनरिक्षण २०५५/०२/०५ लाई लागू गर्न र सोही अनुसार सम्वन्धित निकायहरुलाई परिपत्र गर्न उद्योग मन्त्रालयलाई निर्देशन दिने ।

२. नेपाल गुणस्तर तथा नापतौल विभाबाट च.नं. १९३, मिति २०७६/०४/२७ मार्फत नेपाल गुणस्तर परिषद्को बैठकले OPC सिमेन्टको ने.गु.२०४९ को दोस्रो पुनरिक्षक भएको जानकारी र उक्त परिमार्जित ने.गु.२०४९ मा OPC सिमेन्ट अन्तर्गत विभिन्न Grading (३३, ४३ र ५३) लगायत कर प्रावधान समावेश भएको कुरालाई २०७६/०७/३० भित्र कार्यान्वयन गर्न गराउन भनी परिषद्को निर्णय मन्त्रिपरिषद्बाट स्वीकृति नभएको र नेपाल राजपत्रमा समेत प्रकाशित नभएको अवस्थामा अनधिकृत रुपमा लागू गर्न पत्राचार गर्ने गराउने उपर छानविन गरी आवश्यक कानूनी कारवाही गर्न र समितिलाई जानकारी गराउन उद्योग मन्त्रालयलाई निर्देशन दिने ।

३. गोकर्ण रिसोर्टको सम्झौता नविकरण, दरवारमार्ग स्थित जग्गामा भवन निर्माण गर्ने सम्वन्धमा भएको सम्झौता बारे नेपाल ट्रष्टको कार्यालयसँग विवरण तथा कागजात माग गर्ने र नेपाल सरकारले स्थापना गर्न लागेका सेक्युरिटी प्रेस सम्बन्धमा हालसम्म भए गरेको काम कारवाही बारे प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र सञ्चार तथा सूचना प्रविधि मन्त्रालयसँग विवरण र कागजातहरु माग गर्ने

## समितिको मिति २०७६/०९/२१ गतेको निर्णयहरु:
## बैठक संख्या-४१

१. नेपाल सरकारले अगाडि बढाएको सुरक्षण मुद्रण स्थापना सम्बन्धी विषयमा विज्ञहरुसँग छलफल गरियो ।

२. सुरक्षण मुद्रण सम्बन्धी आवश्यक कागजपत्रहरु सम्बन्धित निकायहरुबाट झिकाई थप अध्ययन तथा अनुसन्धान गर्ने निर्णय गरियो ।

## समितिको मिति २०७६/१०/१६ गतेको निर्णयहरु:
## बैठक संख्या-४२

१. गोकर्ण रिसोर्टको नवीकरण सम्झौता र दरबारमार्गस्थित जग्गामा भवन निर्माण लगायत नेपाल ट्रष्टको सम्पत्ति संरक्षण र सदुपयोग सम्बन्धमा मिति २०७६/१०/१६ गते बसेको समितिको बैठकमा उठेका विषयहरुबारे पर्याप्त गृहकार्य गरी सबुत प्रमाणसहित थप छलफल गर्न प्रधानमन्त्री तथा

**मन्त्रिपरिषद्को कार्यालय र नेपाल ट्रष्टका पदाधिकारीहरुलाई अर्को बैठकमा आमन्त्रण गर्ने र सो विषयमा थप अध्ययन गरी पुन: छलफल गर्ने निर्णय गरियो,**

२. **नेपाल दूरसञ्चार प्राधिकरणबाट फ्रिक्वेन्सी वितरण र एनसेलबाट लाभकर असुली सम्बन्धमा सम्बन्धित निकायका पदाधिकारीहरुलाई समितिमा आमन्त्रण गरी छलफल गर्ने निर्णय गरियो ।**

३. **सार्वजनिक लेखा समितिको वार्षिक प्रतिवेदन, २०७६ प्रतिनिधि सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने निर्णय गरियो ।**

## समितिको मिति २०७६/१०/१९ गतेको निर्णयहरु:

## <u>बैठक संख्या- ४३</u>

१. **दूरसंचार सम्बन्धी नीति २०७३ मा फ्रिक्वेन्सीका सम्बन्धमा ९०० मेगाहर्ज 2G र 3G, १८०० मेगाहर्ज 2G र 4G का लागि तथा २१०० मेगाहर्ज 3G का लागि उपयोगी मानिएको, तर 5G का लागि हाल सम्म कुनै व्यवस्था नगरिएको, ७००/२३००/२६०० मेगाहर्जका फ्रिक्वेन्सीहरू उपयोग हुने उपकरण बजारमा उपयोगमा ल्याउन र यसको उपयोग गर्न हालसम्म कुनै योजना नभएको, फ्रिक्वेन्सी विक्री भैसकेपछि सरकारलाई आवश्यक पर्दा र सुरक्षा/सामाजिक कार्यमा प्रयोग गर्ने कुनै व्यवस्था नभएको अवस्थामा फ्रिक्वेन्सी वितरण तथा सेवा संचालन सम्बन्धमा यो क्षेत्रमा तीव्र रूपमा भैरहेको प्रविधिको नवप्रवर्तनलाई विस्तृत रूपमा अध्ययन गरेर नीति, ऐन/कानुन र कार्यविधिमा आवश्यक पुनरावलोकन गरी लागु गर्न निर्देशन दिने ।**

२. **फ्रिक्वेन्सी वितरण गर्दा सार्वजनिक लेखा समितिले खुला प्रतिष्पर्धाबाट लिलाम बढाबढ गर्न निर्देशन दिएकोमा यसका लागि विभिन्न मेगा हर्जका फ्रिक्वेन्सीहरूको लिलाम बढाबढ गर्ने खाका (Road Map) तयार गर्न निर्देशन दिने । पहिलेनै उपलब्ध गराइएको फ्रिक्वेन्सीमा नयाँ प्रविधि प्रयोग गरी थप सुविधा प्रयोग गर्दा प्रतिष्पर्धा हुने वातावरण तय गर्न निर्देशन दिने ।**

३. **सार्वजनिक लेखा समितिको २०७३/३/२८ को निर्णयले नेपाल दूरसंचार प्राधिकरण मार्फत प्रतिष्पर्धात्मक रूपमा लिलाम बढाबढ गरी रेडियो फ्रिक्वेन्सी वितरण गर्ने व्यवस्था मिलाउन निर्देशन दिएको देखिन्छ । सोहि अनुसार नेपाल दूरसंचार प्राधिकरणले लिलाम बढाबढ गरी फ्रिक्वेन्सी वितरण गर्ने प्रक्रिया अघि बढाउने सन्दर्भमा कम्पनी छनोट गरी फ्रिक्वेन्सी वितरण गर्न बाँकी रहेको देखिन्छ । एनसेल प्रा. लि.ले दायर गरेको रिट निवेदनमा सर्बोच्च अदालतबाट २०७६/५/९ मा भएको आदेश बमोजिम आयकर ऐन २०५८ को दफा ११०क बमोजिम बक्यौता कर किस्ताबन्दीमा तिर्ने गरी मिति २०७६/९/१५ गते पहिलो किस्ता वापतको रकम रु. चार अरब पचास करोड सहित निवेदन दिएकोमा ठूला करदाता कार्यालयबाट मिति २०७६/९/१५ को पत्राचारबाट भुक्तानी तालिका माग भएको र सो बमोजिम एनसेल प्रा.लि. ले किस्ताबन्दीमा बुझाउने पूँजीगत लाभकर रकम र कर तिर्ने बुझाउने मिति एवं आयकर ऐन २०५८को दफा ११०क को व्यवस्था समेत प्रष्ट रूपमा खुलाई नेपाल दूर संचार प्राधिकरणलाई २०७६/१०/१६मा पत्राचार गरेबाट किस्ताबन्दीमा तिर्न पाउने एनसेल. प्रा.लि.को मागदावीलाई ठूला करदाता कार्यालयले स्वीकार गरेको देखिन्छ, नेपाल दूरसंचार प्राधिकरणले २०७५/९/४ मा ९००/१८००/२१०० मेगा हर्जको फ्रिक्वेन्सी लिलाम सम्बन्धी सूचना कार्यान्वयन नगर्न नगराउन**

सिजी टेलिकम्यूनिकेशनले दायर गरेको मिति २०७६/९/६ गतेको रिट निवेदन उपर सर्वोच्च अदालतको संयुक्त इजलासले मिति २०७५/१०/३ मा अन्तरिम आदेश खारेज गरेपछि नेपाल दूरसंचार प्राधिकरणले लिलाम प्रक्रिया अघि बढाएको देखिन्छ, त्यसैगरी नेपाल दूरसंचार प्राधिकरणले २०७६/९/२ मा गर्न लागेको लिलाम बढाबढ कार्य रोक्न सिजी कम्यूनिकेशनले २०७६/८/२६ मा दायर गरेको रिट निवेदन सर्वोच्च अदालतले लिलाम कार्य रोक्न उचित नदेखी खारेज गरेको र लिलाम बढाबढमा बढी कबोल गर्ने एनसेल प्रा.लि. लाई Successful Bidder घोषणा गरेको देखिन्छ । पूँजीगत लाभकरको दायित्व र असुल उपर सम्बन्धी विषय आयकर ऐन २०५८ अनुरुप कारबाही गरिने विषय भएको सन्दर्भमा ठूला करदाता कार्यालयले सो सम्बन्धमा आवश्यक कारवाही गरिरहेको र एनसेल प्रा.लि.ले पहिलो किस्ता बुझाई चालु आ.व. भित्र बाँकी किस्ता बुझाउने गरी भुक्तानी योजना समेत जारी भै सकेको अवस्थामा दूर संचार ऐन २०५३ बमोजिम बाँकी बक्यौतामा सिमित रहनु पर्ने नेपाल दूरसंचार प्राधिकरणले पूँजीगत लाभ करलाई आधार बनाई फ्रिक्वेन्सी लिलाम प्रक्रियालाई तार्किक निष्कर्षमा नपुर्याई लामो समयसम्म अनिर्णयको बन्दी बनी रोकी राख्नु र राज्यको राजश्व असुलीमा प्रतिकुल प्रभाव पार्नु मनासिब मान्न सकिने देखिएन, यस स्थितिमा सम्बन्धित कर दाता एनसेल प्रा.लि.ले बुझाएको भुक्तानी योजना बमोजिम पूँजीगत लाभकरको असुली साधिकार निकायबाट यथासमयमा नै हुने हुँदा २०७६/९/२ को लिलाम बढाबढ प्रक्रिया अनुरुप एनसेल प्रा.लि.लाई फ्रिक्वेन्सी प्रदान गर्न गराउन कुनै बाधा अवरोध देखिंदैन, लामो समयसम्म यो प्रक्रियालाई थाती राख्दा राज्यले पाउनुपर्ने राजश्व नपाएको र अदालतको आदेशको समेत पालना नभई नेपाल दूरसंचार प्राधिकरणलाई अपुरणीय क्षति भएको सन्दर्भलाई समेत विचार गरी तदनुरूप लाभ कर सम्बन्धमा कानुन अनुसार तिरिरहेको एकिन हुने नै हुँदा लिलाम बढाबढबाट छानिएका एनसेल प्रा.लि. तथा नेपाल टेलिकमलाई फ्रिक्वेन्सी वितरणको प्रक्रिया सम्पन्न गरी समितिलाई प्रतिवेदन गर्न निर्देशन दिने ।

४. समितिको बैठकका छलफलका क्रममा एनसेल प्रा. लि. र नेपाल टेलिकम बाहेकका अन्य दूरसंचार सेवा प्रदायक कम्पनीहरुले नेपाल दूरसंचार प्राधिकरणलाई विभिन्न शीर्षकमा तिर्नु पर्ने शुल्क दस्तुर लामो समयदेखि नतिरेकोमा चालु आ. व. भित्र असुल गर्न निर्देशन दिने र दूरसंचार सेवा प्रदान नगरी फ्रिक्वेन्सी ओगटेर राज्यलाई ठूलो नोक्सान पुऱ्याएको अवस्थामा ती फ्रिक्वेन्सीहरू प्रतिष्पर्धात्मक रूपमा उपयोगमा ल्याउन आवश्यक व्यवस्था गर्न निर्देशन दिने ।

## समितिको मिति २०७६/११/०८ गतेको निर्णयहरु:

## <u>बैठक संख्या- ४४</u>

१. सरकारले स्थापना गर्न लागेको सेक्यूरिटी प्रेसको सम्झौता, त्यसको लागि लाग्ने लागत, प्रतिस्पर्धाका आधारहरुको सम्बन्धमा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव र सुरक्षण मुद्रण केन्द्रका कार्यकारी निर्देशकसँग जानकारी लिइयो ।

२. सरकारले सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमार्फत सेक्यूरिटी प्रेस स्थापनाको कार्य गर्न लागेको अवस्थामा सार्वजनिक लेखा समितिले त्यस विषयमा अध्ययन गरिरहेकोले हाललाई उक्त कार्यको थप प्रक्रिया अघि नबढाउनको लागि पत्राचार गर्ने निर्णय गरियो ।

३. नेपाल विद्युत प्राधिकरणको डेडिकेटेड फिडर र ट्रंक लाइनको बक्यौता असुली सम्बन्धमा अध्ययन गर्न गठित अध्ययन उपसमितिको म्याद थप गरी आगामी बैठकमा प्रतिवेदन पेश गर्न निर्देशन दिने निर्णय गरियो ।

## समितिको मिति २०७६/११/३० गतेको निर्णयहरु:

## बैठक संख्या- ४५

१. मिति २०७६/०४/०५ मा गठित नेपाल विद्युत प्राधिकरणको डेडिकेटेड फिडर र ट्रंक लाइनको बक्यौता असुली सम्बन्धी अध्ययन उपसमितिले तयार पारेको प्रतिवेदन पेश गरियो र सो सम्बन्धमा आगामी बैठकमा छलफल गर्ने निर्णय गरियो,

२. नेपाल सरकारले सेक्यूरिटी प्रेस स्थापनाका लागि सरकार र सरकार (G to G) मार्फत अघि बढाएको खरिद कार्य रद्द गरी आवश्यक भए खुला प्रतिस्पर्धा गराई खरिद प्रक्रिया अगाडि बढाउन निर्देशन दिने,

३. नेपालमा सेक्यूरिटी प्रेस स्थापनाका सम्बन्धमा तत्कालीन सूचना तथा सञ्चार प्रविधि मन्त्रीबाट अख्तियारको दुरुपयोग भएको भनी सञ्चार माध्यममा अडियो टेप प्रशारण भएको र सम्बन्धित मन्त्रीले राजीनामा दिएको अवस्थामा आवश्यक छानबिन प्रक्रिया अघि बढाउन अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई निर्देशन दिने,

४. सरकारले अघि बढाएको सेक्युरिटी प्रेस स्थापना कार्यका लागि लागत अनुमान, परियोजना प्रस्ताव मूल्यांकन लगायतका कार्यमा संलग्न पदाधिकारीहरुका सम्बन्धमा कागजात माग गरी थप अध्ययन र छलफल गर्ने,

५. सरकार र सरकार (G to G) प्रक्रियाबाट वस्तु तथा सेवा खरिद गर्दा अपनाउनु पर्ने नीति र प्रक्रियाको सम्बन्धमा सम्बन्धित मन्त्रालय/निकायका पदाधिकारी, सार्वजनिक खरिद अनुगमन कार्यालयका पदाधिकारी लगायत सम्बन्धित सरोकारवालाहरुसँग छलफल गर्ने ।

६. बेरुजु सम्वन्धी छलफल गर्न गठित उपसमितिहरुमा माननीय सदस्यहरुको नाम हेरफेर गरी तोकिएको जिम्मेवारीलाई समितिले अनुमोदन गऱ्यो ।

## समितिको मिति २०७७/०३/०५ गतेको निर्णयहरु:

## बैठक संख्या- ४६

१. नेपालमा वैज्ञानिक वन व्यवस्थापन कार्यक्रमको सम्वन्धमा वन तथा वातावरण मन्त्रालयका सचिवसँग छलफल गरी वैज्ञानिक वनको हालको अवस्था, वन फडानी तीव्र हुनुको कारण, यसको प्रभाव र असरबारे छलफल गरियो ।

२. वैज्ञानिक वन व्यवस्थापन कार्यक्रमको सम्वन्धमा विस्तृत अध्ययन गरी समितिमा प्रतिवेदन पेश गर्न माननीय प्रदिप यादवको संयोजकत्वमा तीन(३) सदस्यीय छानविन उपसमिति गठन गरियो ।

| | |
|---|---|
| माननीय प्रदिप यादव | - संयोजक |
| माननीय प्रेमबहादुर आले | - सदस्य |
| माननीय मिना सुब्बा | - सदस्य |

**कार्यक्षेत्र र शर्तहरु:**

(क) राष्ट्रिय वनमा लागू भएको वैज्ञानिक वन व्यवस्थापन कार्यक्रमका कारण वन फँडानी भइरहेको सम्बन्धमा स्थलगत अध्ययन गर्ने,

(ख) महालेखापरीक्षकको ५६औं वार्षिक प्रतिवेदन, २०७५ मा उल्लेख भएबमोजिम वैज्ञानिक वन व्यवस्थापन कार्यक्रमबाट १ खर्ब राजश्व उठ्ने लक्ष्य रहेकोमा २ अर्ब मात्र उठेको, लक्ष्यभन्दा

बढी रुख कटान गरेको कारण व्यापक वन फँडानी भई वातावरणमा नकारात्मक प्रभाव समेत परेको अवस्थामा नेपालमा वैज्ञानिक वन व्यवस्थापन कार्यक्रम सञ्चालन भएपश्चात् हालसम्म भएका उपलब्धी, सरोकारवाला नागरिकहरुलाई पुगेको फाइदा/बेफाइदा, आगामी योजना र यसको वर्तमान अवस्थाको सम्बन्धमा अध्ययन गर्ने,

(ग) सो सम्बन्धमा सरोकारवालाहरुसँग छलफल र आवश्यक कागजात झिकाई अध्ययन गर्ने,

(घ) सार्वजनिक लेखा समितिको आन्तरिक कार्यविधि अनुसार कामकारवाही गर्ने,

(ङ) उपसमितिले कार्य प्रारम्भ गरेको मितिदेखि एक महिना (३० दिन) भित्र समितिमा प्रतिवेदन पेश गर्ने ।

## समितिको मिति २०७७/०३/०८ गतेको निर्णयहरु:
## बैठक संख्या- ४७

१. कोभिड-१९ को महामारी नियन्त्रणका लागि स्वास्थ्य सामग्री खरिद प्रक्रियामा भएको भनिएको अनियमितता, सार्वजनिक खरिद ऐन, नियमावलीको उल्लंघन, धेरै निर्णयहरु एकै दिनमा भएको विषय, अनधिकृत व्यक्ति वार्ता समितिमा रहेको सम्बन्धमा सार्वजनिक लेखा समितिले अध्ययन र छानबिन गरिरहेको अवस्थामा प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिव, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिव तथा स्वास्थ्य सेवा विभागका महानिर्देशकसँग छलफल गरी जानकारी लिइयो,

२. समितिमा माननीय सदस्यहरुले उठाउनु भएको प्रश्नहरुको सम्बन्धमा आगामी बैठकमा खरिद प्रक्रियासँग संलग्न सम्बन्धित पदाधिकारीहरुलाई आमन्त्रण गरी छलफल गर्ने निर्णय गरियो ।

## समितिको मिति २०७७/०३/३० गतेको निर्णयहरु:
## बैठक संख्या- ४८

१. कोभिड-१९ को महामारी नियन्त्रणका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले २०७६ चैत्र महिनामा अघि बढाएको स्वास्थ्य सामग्री खरिद प्रक्रियाका सम्बन्धमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका तत्कालीन सचिव, स्वास्थ्य सेवा विभागका तत्कालीन महानिर्देशक र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका जनस्वास्थ्य विज्ञ तथा स्वास्थ्य तथा जनसंख्या मन्त्रीका सल्लाहकारसँग जानकारी लिइयो ।

२. समितिको आगामी बैठकमा स्वास्थ्य तथा जनसंख्या मन्त्रीलाई आमन्त्रण गरी थप छलफल गरेर निष्कर्षमा पुग्ने निर्णय भयो ।

## समितिको मिति २०७७/०६/०८ गतेको निर्णयहरु:
## बैठक संख्या- ४९

१. वैज्ञानिक वन व्यवस्थापन कार्यक्रमका सम्बन्धमा अध्ययन गर्न गठित उपसमितिद्वारा तयार गरिएको अध्ययन प्रतिवेदन, २०७७ समितिमा पेश गरियो ।

२. सार्वजनिक लेखा समितिले नेपाल वायु सेवा निगमको वाइड बडी ए ३३०-२०० विमान खरिद र सेक्युरिटी प्रेसको खरिदका सम्बन्धमा गरेको निर्णयहरु कार्यान्वयनका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पठाइएकोमा हालसम्म पनि ती निर्णयहरु कार्यान्वयन सम्बन्धमा कुनै जानकारीहरु प्राप्त नभएकोले अख्तियार दुरुपयोग अनुसन्धान आयोगसँग निर्णय कार्यान्वयनको प्रगतिको अवस्था बारे जानकारी माग गर्ने निर्णय गरियो ।

३. मिति २०७७/०२/२८ गते नेपाल सरकार, मन्त्रिपरिषद्द्वारा वैज्ञानिक वन व्यवस्थापन कार्यक्रमका सम्वन्धमा गठित उच्चस्तरीय समितिद्वारा मिति २०७७/०५/२७ गते पेश गरिएको प्रतिवेदन माग गरी अध्ययन गर्ने निर्णय गरियो ।

## समितिको मिति २०७७/०९/०२ गतेको निर्णयहरु:

## बैठक संख्या- ५०

१. वैज्ञानिक वन व्यवस्थापन कार्यक्रम सम्बन्धमा अध्ययन गर्न गठित अध्ययन उपसमितिले मिति २०७७ असोज ८ गते समितिमा पेश गरेको प्रतिवेदन उपर छलफल गरियो ।

२. छलफलपछि समितिले विभिन्न निकायहरुलाई निम्नानुसारको निर्देशनहरु दिने निर्णय भयोः

क. तत्कालीन वन तथा भू-संरक्षण मन्त्रालयबाट मिति २०७१।७।२७ को सचिवस्तरीय निर्णयबाट वैज्ञानिक वन व्यवस्थापन कार्यविधि, २०७१ लागू गरिँदै आएको देखिएको हुँदा वैज्ञानिक वन व्यवस्थापन कार्यविधि, २०७१ विस्थापन गरी राष्ट्रिय वन नीति, २०७५ र वन ऐन, २०७६ को उद्देश्य अनुरुप वन क्षेत्रको आर्थिक, सामाजिक र वातावरणीय पक्ष समेत विचार गरी सहभागितामूलक रुपमा दिगो वन व्यवस्थापन गर्न आवश्यक पर्ने सूचकहरु सहितको राष्ट्रिय मापदण्ड तर्जुमा गरी लागू गर्न, वैज्ञानिक वन व्यवस्थापन कार्ययोजनाहरु तत्काल खारेज गरी एकिकृत वा प्रदेशगत तहमा वनसम्बन्धी रणनीतिक योजना तर्जुमा गरेर मात्र सामुदायिक वन र साझेदारी वन क्षेत्रमा वैज्ञानिक वन व्यवस्थापन कार्ययोजना तर्जुमा गर्न र त्यसलाई कार्यान्वयन गरी वन व्यवस्थापन गर्न नेपाल सरकारलाई निर्देशन दिने ।

ख. वातावरण संरक्षण ऐन, २०७६ को दफा ३० बमोजिम घोषणा गरिएको चुरे वातावरण संरक्षण क्षेत्रमा वातावरण संरक्षण नियमावली, २०७७ को नियम ३४ अनुसार कुनै पनि वनस्पति काट्न, ढाल्न, हटाउन, उखेल्न, फेर्न तथा वनस्पतिलाई हानि नोक्सानी पुऱ्याउन नपाइने व्यवस्था गरिएको, नेपाल सरकार मन्त्रिपरिषद्बाट मिति २०७२।१।२५ मा चुरे क्षेत्रमा १९ डिग्रीसम्मको भिरालो वनबाट ढलापडा, मरेको, मर्न लागेको, रोग लागेको, बाङ्गाटिङ्गा र बुढा रुखहरुबाट मात्र काठ दाउरा संकलन गर्न पाइने र काठ दाउरा संकलन गर्ने प्रयोजनका लागि चुरे क्षेत्रको वनमा बाटो बनाउन नपाईने निर्णय भएको र नेपाल सरकार मन्त्रिपरिषद्बाट स्वीकृत चुरे तराई मधेश संरक्षण तथा व्यवस्थापन गुरुयोजना, २०७४ मा १९ डिग्रीभन्दा बढी भिरालो वनमा संरक्षणमुखी वन व्यवस्थापन मात्र गर्न पाइने व्यवस्था गरेको अवस्थामा यीक्षेत्रमा लागू गरिएका वैज्ञानिक वन व्यवस्थापन कार्यक्रम रद्ध गरी दिगो वन व्यवस्थापन कार्ययोजनाहरु तर्जुमा गरी कार्यान्वयन गर्न वन तथा वातावरण मन्त्रालयलाई निर्देशन दिने ।

ग. वैज्ञानिक वन व्यवस्थापन कार्ययोजना अन्तर्गत हालसम्म कटान गरी अव्यवस्थित र असुरक्षित अवस्थामा रहेका र घाटगद्धी गरेका साल लगायतका काठहरुको स्पष्ट लगत सहित तत्काल सुरक्षित अवस्थामा राखी उक्त काठ दाउरा नेपाल सरकारले सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार ई-पोर्टल बनाई विद्युतीय बोलपत्र (ई-टेण्डर) का

माध्यमबाट लिलाम बढाबढ गरी बिक्री गर्न, यसरी बिक्री गर्दा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १२क अनुसार प्राप्त काठको मूल्य अभिवृद्धि कर अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ६ बमोजिम नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहमा बाँडफाँड गरी काठ बिक्रीबाट प्राप्त रकम मध्ये स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ख बमोजिम १० प्रतिशत रकम वन पैदावार शुल्कको रुपमा सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा जम्मा गरी बाँकी रकम सम्बन्धित वन उपभोक्ता समूहको बैंक खातामा जम्मा गर्न लगाई उक्त रकम वन ऐन, २०७६ को दफा २२ मा तोकिएका शीर्षकहरुमा मात्र खर्च गर्न र वन ऐन, २०७६ को दफा ३३ अनुसार उपभोक्ता समूहको एउटा मात्र कोष रहने व्यवस्था गरिएकोमा दुई वा सो भन्दा बढी कोष खडा गरी रकम दुरुपयोग गरेको देखिएकोले उपभोक्ता समूहहरुले सबै रकम तत्काल एउटा मात्र कोषमा राखी व्यवस्थापन गर्न गराउनका साथै वैज्ञानिक वन व्यवस्थापन कार्यक्रम लागू नभएका सामुदायिक र साझेदारी वनका वन पैदावार बिक्री वितरण खुला गर्न वन तथा वातावरण मन्त्रालयलाई निर्देशन दिने

घ. वैज्ञानिक वन व्यवस्थापन कार्यक्रम लागू गरिएका सामुदायिक वन उपभोक्ता समूहमा उपभोक्ता समूहका साधारण सदस्यहरु र पदाधिकारीहरुको किर्ते दस्तखत गर्ने, नक्कली वन उपभोक्ता घरधुरी खडा गर्ने र एउटै घरलाई एक भन्दा धेरै वन उपभोक्ता समूहमा सदस्य बनाई वैज्ञानिक वन व्यवस्थापन कार्यक्रम अन्तर्गत रुख कटान गर्नका लागि किर्ते कागजात तयार गर्ने, सामुदायिक वनको वन पैदावार संकलन तथा बिक्री वितरण निर्देशिका, २०७१ को दफा १४(२) विपरित विचौलिया र काठ व्यावसायीहरुबाट ऋणका रुपमा उच्च व्याजदर लिने दिनेगरी स्रोत नखुलेको रकम, लिए दिएको नदेखिने रकम, गैर बैंकिङ्ग कारोवारको रकम र अबैध रकम रुख कटानमा लगानी गरी उपभोक्ता समूहलाई निरन्तर रुपमा ऋणमा डुबाई हानी नोक्सानी गरेको देखिएकोले यस्ता कार्यहरुमा संलग्न रही अख्तियारको दुरुपयोग गरी भ्रष्टाचारमा संलग्न रहेका कैलाली, कञ्चनपुर र सिन्धुली जिल्लाहरुमा वैज्ञानिक वन व्यवस्थापन कार्ययोजना लागू गरेका सामुदायिक वन र साझेदारी वन उपभोक्ता समूहका पदाधिकारीहरु, प्रदेशका वन कार्यालयका पदाधिकारी, डिभिजनल वन कार्यालयका कर्मचारीहरु तथा कार्ययोजना बनाउने परामर्शदाताहरु र काठ कटानमा संलग्न व्यक्तिहरुको पहिचान र थप छानबिन गरी कानुनी कारबाही गर्न अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई निर्देशन दिने ।

ङ 'वन संरक्षण क्षेत्र' मा पर्ने सामुदायिक वनका वैज्ञानिक वन व्यवस्थापन कार्ययोजनाहरु तत्काल खारेज गरी दिगो वन व्यवस्थापन कार्ययोजना तर्जुमा गरी कार्यान्वयन गर्न र कैलालीको बसन्ता वन संरक्षण क्षेत्र, कञ्चनपुरको लालझाडी-मोहना वन संरक्षण क्षेत्र, शुक्लाफाँटा राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्र र डडेल्धुराको महाभारत क्षेत्रलाई एक आपसमा जोड्ने गरी वन ऐन, २०७६ को दफा १५ बमोजिम वन संरक्षण क्षेत्र घोषणा गरी उक्त वनहरुलाई संरक्षणमुखी सामुदायिक वनको रुपमा व्यवस्थापन गर्न गराउन नेपाल सरकारलाई निर्देशन दिने ।

च. वातावरण संरक्षण क्षेत्र घोषणा गरिएको चुरे र तराईको वनमा वैज्ञानिक वन व्यवस्थापन गर्ने भनी काठ कटान र संकलन गर्ने नाममा भू-क्षय हुनेगरी जतातत‍ै बाटो र ठूला तथा चौडा अग्निरेखाहरु निर्माण गरी व्यापक भू-क्षय गराई वातावरण संरक्षण ऐन, २०७६ को दफा ३० र वातावरण संरक्षण नियमावली, २०७७ को नियम ३४ विपरितको कार्य गरेको देखिन आएकोले यस कार्यमा संलग्नडिभिजनल वन अधिकृत, सामुदायिक वन उपभोक्ता समूहका पदाधिकारीहरु, वैज्ञानिक वन कार्ययोजना बनाउने परामर्शदाता र वन कटानको ठेक्का लिने ठेकेदारहरुको पहिचान गरी वातावरण संरक्षण ऐन, २०७६ को दफा ३५(३) बमोजिम कारवाही गर्न नेपाल सरकारलाई निर्देशन दिने ।

छ. कैलाली र कञ्चनपुर जिल्लामा वैज्ञानिक वन व्यवस्थापन कार्ययोजना लागू गरेका सामुदायिक वनहरु र साझेदारी वनहरुमा निर्धारित कटान प्लट भन्दा बाहिर गई अत्यधिक रुखहरु कटान गरेको देखिएकोले उक्त कार्यमा संलग्न सामुदायिक वन र साझेदारी वनका अध्यक्षहरु, रुख कटानमा संलग्न व्यक्तिहरु र कटान अनुगमन नगरी वा वेवास्ता गरी वन विनाशमा सघाउने डिभिजनल वन अधिकृतहरु र प्रदेश वन निर्देशक उपर छानबिन गरी वन ऐन, २०७६ को दफा ४९ बमोजिमको कसुर गरेको आधारमा उक्त ऐनको दफा ५० बमोजिमको सजाय हुनेगरी कानुनी कारवाही गर्न वन तथा वातावरण मन्त्राललाई निर्देशन दिने ।

ज. चुरे वातावरण संरक्षण क्षेत्रमा वैज्ञानिक वन व्यवस्थापन कार्यक्रम अन्तर्गत रुख कटान र निर्माणजन्य खनिज पदार्थको अबैध दोहनका कारण चुरे क्षेत्रको संरक्षणमा गम्भीर चुनौति सृजना भएको देखिएकोले चुरे वातावरण संरक्षण क्षेत्रमा प्रभावकारी संरक्षणका कदमहरु चाल्नका लागि राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समितिलाई निर्देशन दिने ।

झ. वैज्ञानिक वन व्यवस्थापन कार्ययोजना तर्जुमा गर्दा फलफूल तथा बीउ दिन नसक्ने गुणस्तरहीन माउ/बीउ राख्ने गरी कार्ययोजना तर्जुमा गरेको, वातावरणीय दृष्टिकोणले जोखिमपूर्ण क्षेत्रहरुमा कटान प्लट निर्धारण गरेको र काठ व्यावसायीसँग मिलेमतो गरी वनको वार्षिक वृद्धिदरभन्दा बढी र कटान गर्न मिल्ने भन्दा बढी रुख कटान गर्ने व्यवस्था समावेश गरेको कारण वन क्षेत्रमा अपुरणीय क्षति हुन गएकोले यसरी त्रुटीपूर्ण कार्ययोजना बनाएको विषयमा अनुगमन नगरी परामर्शदातालाई रकम भुक्तानी गर्ने डिभिजनल वन अधिकृत, तराई भू-परिधि परियोजनाका प्रमुख, रेड कार्यान्वयन केन्द्रका प्रमुख, कार्ययोजना सिफारिस गर्ने वन प्राविधिक कर्मचारी, त्रुटीपूर्ण कार्ययोजना स्वीकृत गर्ने डिभिजनल वन अधिकृत, सामुदायिक वनसम्बन्धी कार्यविधिहरुको पालना नगरी कार्ययोजना तर्जुमा गर्ने परामर्शदाता संस्था तथा व्यक्तिहरु, कार्ययोजना स्वीकृतिका लागि अनुरोध गर्ने सामुदायिक वनका पदाधिकारीहरु, कार्यविधिहरुमा उल्लिखित समयसीमा र प्रक्रियाहरुको पालना नगरी अवैध कटान आदेश प्रदान गर्ने डिभिजनल वन अधिकृत, त्रुटीपूर्ण कार्ययोजना र अवैध कटान आदेश प्रयोग गरी रुख कटान गर्ने ठेकेदारहरु र रुख कटान क्षेत्रहरुको अनुगमन नगर्ने वा अनुगमन गरेपनि वन विनाश रोक्न कुनै पहल नगर्ने प्रदेश वन निर्देशकहरुलाई थप छानबिन गरी कानुनी कारबाही गर्न नेपाल सरकारलाई निर्देशन दिने ।

ञ. गलत कार्ययोजना तर्जुमा गरी वन विनाशमा सघाउने परामर्शदाताहरुको पहिचान गरी कालो सूचीमा राखी कार्ययोजना तर्जुमा गर्ने कार्य गर्नमा रोक लगाउन र परामर्शदाताहरुको उपयोग सम्बन्धमा आवश्यक नीतिगत र कानुनी व्यवस्था गर्न वन तथा वातावरण मन्त्रालयलाई निर्देशन दिने ।

ट. वैज्ञानिक वन व्यवस्थापन कार्यक्रम लागू गरेका सिन्धुली, कैलाली र कञ्चनपुर जिल्लामा हाल कार्यरत डिभिजनल वन अधिकृतहरु, प्रदेश वन निर्देशकहरु, प्रदेशको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयका अधिकारीहरु र सामुदायिक वन उपभोक्ता समूहको पदाधिकारीका रुपमा रहेका निर्वाचित जनप्रतिनिधिहरु लगायत सबै जिम्मेवार व्यक्तिहरु उपर सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ बमोजिम पहिचान र सम्पत्ति छानबिन गरी आवश्यक कानुनी कारबाही गर्न नेपाल सरकारलाई निर्देशन दिने ।

ठ. तराईका सामुदायिक वन र साझेदारी वन तथा चक्ला वनहरुबाट रुख कटान गरी काठ संकलन गर्ने कार्ययोजना तर्जुमा गर्दा छनौट कटान विधि (Selection system) अवलम्वन गर्नेगरी दिगो वन व्यवस्थापन कार्ययोजना तर्जुमा गरी कार्यान्वयन गर्न, चुरे क्षेत्र बाहेक अन्यत्रका विभिन्न भौगोलिक क्षेत्रहरुमा १९ डिग्रीसम्मको भिरालो उत्पादनमूलक कुनै वनमा Shelter-Wood System लागू गर्ने भएमा उक्त वनको नमूना परीक्षण गरी प्राकृतिक पुनरुत्पादन भई सोको संरक्षण हुने

सुनिश्चित भएमा मात्र पुनरुत्पादन हुन सक्ने अरु यस्तै किसिमका प्लटमा सम्भाव्य भू-क्षयलाई न्यूनीकरण गर्नेगरी वन पैदावार उत्पादकत्व वृद्धिको उद्देश्य राखी छनौट कटान विधिअन्तर्गतको उपयुक्त वन सम्बर्द्धन प्रणाली (Silviculture System) को आधारमा उक्त प्रणाली लागू गर्न, राष्ट्रिय प्राथमिकता प्राप्त परियोजनाका लागि स्वीकृति प्राप्त गरेको निश्चित् वन क्षेत्रमा सरपट कटान गरिए वापत वातावरण संरक्षण नियमावली, २०७७ र स्वीकृत वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन एवं वातावरणीय व्यवस्थापन योजना बमोजिम क्षतिपूर्तिको रुपमा वृक्षारोपण गरी वन हुर्काउने व्यवस्था गर्न र क्षयीकरण भएका वन क्षेत्रहरुमा वृक्षारोपण र संरक्षणमुखी काम गरी हुर्काएको मानव निर्मित वनमा मात्र उक्त वन सम्बर्द्धन प्रणाली (Silviculture System) अवलम्वन गर्न वन तथा वातावरण मन्त्रालयलाई निर्देशन दिने ।

ड. नेपालमा रहेको वनको प्रकार र प्रकृति अनुसार फागुन/चैत्रदेखि जेठ/असारसम्म पालुवा पलाउने, मुना पलाउने, रुख बिरुवामा फलफूल लाग्ने र चराचुरुङ्गीले बच्चा हुर्काउने समय हुने भएकोमा वन नियमावली र वन सम्बन्धी विभिन्न कार्यविधिहरुमा जेठ मसान्तसम्म वन प्रवेश गरी रुख कटान गर्न अनुमति दिने व्यवस्था भएकोमा यसलाई सुधार गरी कात्तिक मसान्तदेखि मंसिर मसान्तसम्ममा कटान आदेश प्रदान गर्ने र माघ मसान्तसम्ममा रुख कटान गरी घाटगद्धी गरी सक्ने किसिमको कानुनी व्यवस्था गर्न नेपाल सरकारलाई निर्देशन दिने ।

ढ. सामुदायिक वन तथा साझेदारी वनबाट काठ बिक्री गर्दा अवलम्बनगर्नुपर्ने प्रकृया पारदर्शी नभई व्यवसायिक प्रयोजनका लागि सस्तो मूल्यमा काठ बिक्री गर्ने, मूल्य अभिवृद्धि कर छली गर्ने र काठ व्यावसायीले महंगो बजार मूल्य कायम गरी काठ बिक्री गर्ने प्रवृत्ति देखिएको र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ख मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपयोगसम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई स्थानीय तहबाट स्वीकृत गराउनु पर्ने व्यवस्था भएपनि सो नगराएको देखिएकोले अब आइन्दा दिगो वन व्यवस्थापन गरी संकलित काठ दाउरा बिक्री तथा उपयोग गर्नुपूर्व उपभोक्ता समूहले सोको बिक्री र सदुपयोग सम्बन्धी वार्षिक योजना बनाई सम्बन्धित स्थानीय तहको सभामा पेश गरी स्वीकृत भए अनुसार मात्र काठको बिक्री वितरण तथा सदुपयोग गर्ने व्यवस्था गर्न गराउन वन तथा वातावरण मन्त्रालयलाई निर्देशन दिने ।

ण. सामुदायिक वन, साझेदारी वन र सरकारी चक्ला वनहरुमा कटान भएका काठहरुको ठूलो परिमाण मौज्दात रही नोक्सान हुने अवस्था देखिएको र विभिन्न बहानामा नयाँ काठ कटान गरी नयाँ पुरानो काठ मिसाई व्यापक अनियमितता भइरहेको देखिएकोले पुरानो र मौज्दात काठ बोलपत्र आव्हान गरी बिक्री वितरण गरेर मात्र थप काठ संकलनका लागि कटान आदेश प्रदान गर्ने व्यवस्था गर्न वन तथा वातावरण मन्त्रालयलाई निर्देशन दिने ।

त. सामुदायिक वनहरुमा वैज्ञानिक वनका नाममा रुख कटान गर्न आधुनिक चेनसःहरुको दुरुपयोग गरी वन विनाश गरेको देखिएकोले सम्बन्धित स्थानीय तह र डिभिजन वन कार्यालयको संयुक्त अनुमतिपत्र नलिई कसैले पनि रुख कटान गर्ने आधुनिक चेनसःहरु खरिद गर्न, राख्न र रुख कटानका लागि प्रयोग गर्न नपाउने व्यवस्था गर्न गराउन वन तथा वातावरण मन्त्रालयलाई निर्देशन दिने ।

थ. सामुदायिक वन, साझेदारी वन र सरकारी वनबाट सर्वसाधारणको घरकाजका लागि भनी जिल्ला वन पैदावार आपूर्ति समितिलाई छुट्याएको २५ प्रतिशत काठ वर्षौंदेखि बिक्री वितरण नगरी सडीगली रहेको र उक्त आपूर्ति समिति प्रभावहीन देखिएकोले जिल्ला वन पैदावार आपूर्ति समिति खारेज गरी सम्बन्धित स्थानीय तहमा नै काठ बिक्री वितरण अनुगमन समिति गठन गरी सर्वसाधारण जनताको काठमाथिको पहुँच सुनिश्चित गर्नेगरी कानुनी व्यवस्था गरी कार्यान्वयनमा ल्याउन वन तथा वातावरण मन्त्रालयलाई निर्देशन दिने ।

द. वन पैदावारमा जीवन निर्भर रहेका विपन्न, एकल महिला, आदिवासी जनजाति, दलित आदि समुदायलाई वन पैदावारमाथिको पहुँचबाट वञ्चित गरिएको देखिएको र यसबाट वन पैदावारमा आधारित लघु उद्यमहरु समेत प्रभावित भएको देखिएकोले उनीहरुको पहुँचलाई प्राथमिकता प्रदान गर्ने व्यवस्था गर्न वन तथा वातावरण मन्त्रालयलाई निर्देशन दिने ।

ध. सामुदायिक वन र साझेदारी वनको साधारण सभा आयोजना गर्ने समयमा विभिन्न असम्बन्धित पक्षहरुले अनधिकृत समूह/व्यक्ति परिचालन गरी शक्तिको दुरुपयोग गर्ने, एक घरधुरी एकभन्दा बढी वन उपभोक्ता समूहको सदस्य भई विकृति सृजना गर्ने, भड्किलो रुपमा चुनाव प्रचार गरी साधारण सभा कब्जा गर्ने, किर्ते कागज खडा गर्ने र सामाजिक असुरक्षा पैदा गर्ने गरेको देखिएकोले उपभोक्ता समूहले सम्बन्धित सुरक्षा निकाय र स्थानीय तहसँग समन्वय गरेर मात्र साधारण सभाहरु आयोजना गर्न, कार्यसमितिको कार्यअवधि सकिएका सबै वन उपभोक्ता समूहका तत्काल साधारण गर्न, एक घरधुरी एउटा मात्र वन उपभोक्ता समूहमा सदस्य हुन र कुनै पनि पक्षबाट साधारण सभा कब्जा हुनबाट रोक्ने प्रबन्ध गरी सहभागितामूलक रुपमा निर्णय हुने वातावरणको सृजना गर्न गराउन वन तथा वातावरण मन्त्रालयलाई निर्देशन दिने ।

न. वन सम्बन्धी भरपर्दो एकिकृत सूचना व्यवस्थापन प्रणालीको व्यवस्था गर्न वन तथा वातावरण मन्त्रालयलाई निर्देशन दिने ।

प. वन ऐन, २०७६ र वन नियमावली, २०५१ एवं वन सम्बन्धी विभिन्न निर्देशिका र कार्यविधिहरुमा सामुदायिक वन र साझेदारी वनका कार्ययोजना तर्जुमा गर्दा वन कार्यालयले प्राविधिक सहयोग उपलब्ध गराउनु पर्ने व्यवस्था गरिएकोमा सो व्यवस्थालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न वन तथा वातावरण मन्त्रालयलाई निर्देशन दिने ।

## समितिको मिति २०७७/०९/०३ गतेको निर्णयहरु:

## बैठक संख्या- ५१

१. कोभिड-१९ को महामारी नियन्त्रण तथा रोकथामको लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले खरिद गरेको स्वास्थ्य सामग्रीको सम्बन्धमा माननीय स्वास्थ्य तथा जनसंख्या मन्त्री भानुभक्त ढकालसंग छलफल गरी जानकारी लिइयो ।

२. स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले कोभिड-१९ को रोकथाम तथा नियन्त्रणका लागि मिति २०७६/१०/२९ मा गोरखापत्रमा सूचना प्रकाशित गरी छिटो विधिबाट अत्यावश्यक स्वास्थ्य सामग्री खरिद गर्न अघि बढाएको प्रक्रिया नियमसंगत देखिएको तर सोही प्रकृतिका सामग्री खरिद गर्न मिति २०७७/१२/१२ मा प्रक्रिया अघि बढाउँदा विशेष परिस्थिति जनाई नोबल कोरोना रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समितिको मिति २०७६/१२/११ को निर्णयलाई आधार मानी बजेट तथा लागतको अनुमान तयार नगरी सार्वजनिक खरिद ऐन र सार्वजनिक खरिद नियमावली विपरित अख्तियार प्राप्त अधिकारीहरुले आफूमा निहित अधिकार प्रयोग नगरी अन्य व्यक्तिहरुलाई खरिद कार्यमा संलग्न गराई अख्तियारको दुरुपयोग गरेको, खरिद गरेका स्वास्थ्य सामग्रीको मूल्य पहिले खरिद गरेको भन्दा बढी पर्ने गरी सम्झौता गरेको, समय अगावै सम्झौता रद्द गरेतापनि उक्त कम्पनीका सामग्री उपयोगमा विरोधाभाष देखिएको र सार्वजनिक खरिद अनुगमन कार्यालयको मिति २०७७/०४/०७ को प्रतिवेदनबाट समेत खरिद प्रक्रियामा ऐन र नियमावलीको पूर्ण पालना नभएको निश्कर्ष देखिएकोले खरिद कार्यका लागि अख्तियारवाला पदाधिकारीहरु उपर अख्तियारको दुरुपयोग सम्बन्धमा विस्तृत

**छानबिन गरी दोषीलाई कानुनबमोजिम कारवाही गरी समितिलाई जानकारी दिन अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई निर्देशन दिने निर्णय गरियो ।**

## समितिको मिति २०७७/१२/१९ गतेको निर्णयहरुः

## बैठक संख्या- ५२

१. सार्वजनिक खरिद अनुगमन कार्यालयले खरिद ऐन २०६४ को दफा ६५ (१) को खण्ड (ख) ले ई.पि.सि. खरिद विधिका लागि निर्देशिका, कार्यविधि र प्राविधिक मार्गदर्शन जारी गर्नुपर्ने, सोही दफाको खण्ड (ग) अनुसार पूर्व योग्यता सम्बन्धी कागजात (Pre-Qualification (PQ) documents) को नमूना तयार गर्नुपर्ने व्यवस्था गरेकोमा हालसम्म निर्देशिका वा कार्यविधि वा मार्गदर्शन नबनाएको अवस्थामा न्यूनतम तीनवटा फर्म वा कम्पनीहरु पूर्व योग्यता परीक्षणबाट बोलपत्र तथा प्रस्तावको चरणमा प्रतिस्पर्धी हुने सुनिश्चितता गरी पूर्व योग्यता, बोलपत्र वा प्रस्ताव आव्हान सम्बन्धी उपयुक्त निर्देशिका, कार्यविधि वा मापदण्ड तयार गरी उपलब्ध गराउन सार्वजनिक खरिद अनुगमन कार्यालयलाई निर्देशन दिने ।

२. काठमाडौं-तराई Fast track को टनेल र ब्रिज (Expressway) को ई.पि.सि. Contract Pre-Qualification (PQ) प्रकरणका दुई प्याकेज मध्ये दोस्रो प्याकेजका सम्बन्धमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ को प्रस्तावना अनुसार प्रतिष्पर्धा, पारदर्शिता र मितव्ययिता सुनिश्चित हुने गरी खरिद प्रक्रिया सञ्चालन नभएकोले बोलपत्रमा प्रतिष्पर्धा निषेध गरेको देखिँदा पूर्व योग्यताको लागि अघि बढाइएको प्याकेज KTFT/ICB/PQ/TUNNEL/076/077-2 (ICB No.: KTFT/ICB/PQ/TUNNEL/076/077-2) को खरिद प्रक्रिया रद्द गरी पुनः नियमानुसार पूर्व योग्यताका लागि खरिद प्रक्रिया अघि बढाउन नेपाल सरकारलाई निर्देशन दिने ।

# खण्ड-३

# महालेखा परीक्षकको विभिन्न वार्षिक प्रतिवेदनहरुमा औंल्याइएका बेरुजुका सम्वन्धमा भएका काम कारवाहीहरुको विवरणहरु

## बेरुजु छलफल उपसमिति र माननीय सदस्यहरुको नामावली

## (उपसमिति गठन मितिः २०७५/०९/१८)

| क्र.सं. | मन्त्रालय/निकाय/सचिवालय | माननीय सदस्यहरुको नाम |
|---|---|---|
| १ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय<br>सञ्चार तथा सूचना प्रविधि मन्त्रालय<br>कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय<br>राष्ट्रपतिको कार्यालय | मा. धर्माशीला चापागाई संयोजक<br>मा. मोहन आचार्य सदस्य<br>मा. मैना कुमारी भण्डारी सदस्य |
| २ | अर्थ मन्त्रालय<br>संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय<br>परराष्ट्र मन्त्रालय<br>संघीय संसद् सचिवालय | मा. राजेन्द्र कुमार के.सी. संयोजक<br>मा. अमनलाल मोदी सदस्य<br>मा. चन्दा चौधरी सदस्य |
| ३ | कृषि तथा पशुपंक्षी विकास मन्त्रालय<br>उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय<br>युवा तथा खेलकुद मन्त्रालय<br>लोकसेवा आयोग<br>न्याय परिषद | मा. चक्रपाणी खनाल संयोजक<br>मा. मीना सुब्बा सदस्य<br>मा. विशाल भट्टराई सदस्य |
| ४ | गृह मन्त्रालय<br>महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय<br>रक्षा मन्त्रालय<br>अख्तियार दुरुपयोग अनुसन्धान आयोग | मा. विरोध खतिवडा संयोजक<br>मा. तेजुलाल चौधरी सदस्य<br>मा. रघुवीर महासेठ सदस्य |
| ५ | सर्वोच्च अदालत<br>भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | मा. पार्वती कुमारी विशुन्के संयोजक<br>मा. धनबहादुर बुढा सदस्य |

| | | |
|---|---|---|
| | भूमिसुधार, सहकारी तथा गरिबी निवारण मन्त्रालय | मा. मोहम्मद इश्तियाक राई सदस्य |
| | उपराष्ट्रपतिको कार्यालय | |
| ६ | राष्ट्रिय योजना आयोग | मा. पार्वता डि.सी चौधरी संयोजक<br>मा. विना देवी बुढाथोकी सदस्य<br>मा. सूर्य प्रसाद पाठक सदस्य |
| | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | |
| | वन तथा वातावरण मन्त्रालय | |
| | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | |
| | महालेखा परीक्षकको कार्यालय | |
| ७ | निर्वाचन आयोग | मा. कृष्ण लाल महर्जन संयोजक<br>मा. गंगा बहादुर तामाङ्ग सदस्य<br>मा. यज्ञबहादुर बोगटी सदस्य |
| | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | |
| | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | |
| | महान्यायाधिवक्ताको कार्यालय | |
| ८ | सहरी विकास मन्त्रालय | मा. मिनेन्द्र प्रसाद रिजाल संयोजक<br>मा. प्रदिप यादव सदस्य<br>मा. पुष्पा कुमारी कर्ण कायस्त सदस्य<br>मा. शरतसिंह भण्डारी सदस्य |
| | राष्ट्रिय सतर्कता केन्द्र | |
| | राष्ट्रिय मानव अधिकार आयोग | |
| | ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय | |

# प्रतिनिधि सभा
# सार्वजनिक लेखा समिति
# बेरुजु छलफल उपसमिति
# संघीय संसद सचिवालय
## महालेखापरीक्षकको ५६औं वार्षिक प्रतिवेदन २०७४/७५ उपर मिति २०७७/३/९ मा भएको छलफलका निर्णयहरु

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| १. | १ | **प्रोत्साहन भत्ता** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम १२३ मा कुनै पनि कार्यालयले थप सुविधा वृद्धि गरी आर्थिक दायित्व पर्ने निर्णय गर्दा अर्थ मन्त्रालयको पूर्व सहमति नलिई रु ३ करोड ६९ लाख १७ हजार प्रोत्साहन भत्ता लिएको । | सचिवालय संचालन तथा व्यवस्थापन समितिको ८२ औं बैठकको निर्णयको बुँदा नं २ बमोजिम मिति २०७४/१०/०८ देखि २०७५ असार मसान्तसम्म सचिवालयमा कार्यरत कर्मचारीहरुलाई महासचिवस्तरीय निर्णय अनुसार प्रदान गरिएको प्रोत्साहान भत्ता समर्थनको लागि अर्थ मन्त्रालयमा लेखी पठाउने भन्ने व्यहोरा अनुसार खर्च लेखी पठाएकोमा लेखापरीक्षणबाट बेरुजु औंल्याइएको विषयमा अर्थ मन्त्रालयको मिति २०७५/१२/१० को पत्रबाट सार्वजनिक लेखा समितिमा छलफल भई सो समितिको निर्देशन पश्चात् निष्कर्षमा पुग्न मनासिव हुने व्यहोरा प्राप्त भएकोमा विगतमा सोही प्रकृतिको प्रोत्साहन भत्ता सम्बन्धमा सार्वजनिक लेखा समितिबाट नीतिगत सहमित सहित अनुमोदन भएको देखिएको र प्रस्तुत बेरुजु सम्बन्धमा २०७४/१०/०८ अघिको सोही आ.ब. को प्रोत्साहान भत्तामा अर्थ मन्त्रालयको सहमति रहेको देखिनुका साथै त्यसकै निरन्तरता भएकोले सो आ.ब. को बाँकी अवधिभर भत्ता उपलब्ध गराएको नियम संगत नै देखिएको |

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| | | | हुँदा उल्लिखित रु ३ करोड ६९ लाख १७ हजार बेरुजु लगत हटाउने र आगामी दिनमा अर्थ मन्त्रालयको पूर्व सहमति लिएर प्रोत्साहन भत्ता उपलब्ध गराउने व्यवस्था गर्ने । |
| २. | २ | **खरिद** : रू. २० लाखभन्दा बढीको लागत अनुमान भएको खरिद कार्य बोलपत्रको माध्यमबाट गर्नुपर्ने रू. २ करोड ९७ लाखको मालसामान खरिद तथा मर्मत कार्य गरेको । | सचिवालयका नियमित काम कारवाहीमा नियमानुसार नै बोलपत्र मार्फत् प्रतिस्पर्धा गराई खरिद गर्ने गरेको देखिएको र आकस्मिक रुपमा पूर्व अनुमान गर्न नसकिने कार्यका लागि तत्काल कार्य सम्पन्न गर्न सिधै खरिद गरेको देखिएकोले उल्लिखित रु २ करोड ९७ लाख बेरुजु नियमित गर्ने र आगामी दिनमा मालसामान खरिद तथा मर्मत कार्य गर्दा नियमित तथा आकस्मिक कार्यको हकमा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम प्रतिस्पर्धा हुने गरी खरिद कार्य गर्न गराउन निर्देशन दिने । |

प्रतिनिधि सभा

सार्वजनिक लेखा समिति

बेरुजु छलफल उपसिमिति

# सर्वोच्च अदालत

## महालेखापरीक्षकको ५६औं वार्षिक प्रतिवेदन, २०७४/७५ उपर भएको छलफलको मिति २०७७/३/१५ का निर्णयहरु

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| १ | १ | **दरबन्दी र पदपूर्तिः** सर्वोच्च अदालत समेत ३ तहका अदालतमा न्यायाधीश तथा अन्य कर्मचारीसहित विभिन्न तहका ५ हजार ३५६ दरबन्दी रहेकोमा ३ हजार ८६८ पूर्ति भई १४८८ रिक्त रहेको । | रिक्त रहेका दरबन्दीलाई समयमै पदपूर्ती गरी अदालतको कामकारवाहीलाई व्यवस्थित गर्न निर्देशन दिने । |
| २ | २ | **मुद्दाको विवरण** : यस वर्ष सर्वोच्च अदालतमा गत वर्षको जिम्मेवारी समेत मुद्दा, रिट, प्रतिवेदन लगायत १२ किसिमका ३२ हजार ७१७ मुद्दा मध्ये १२ हजार ४१९ फछ्र्यौट भई २० हजार २९८ मुद्दा फछ्र्यौट गर्न बाँकी रहेको । | तीन तहका अदालतमा मुद्दा फछ्यौट गर्ने समयसीमा तोकी योजना अनुसार समयमै मुद्दा फछ्र्यौट सम्पन्न गर्न निर्देशन दिने । |
| ३ | ३ | **सवारी सुविधाः** सर्वोच्च अदालतका न्यायाधीशहरुको सेवा सर्त र सुविधा सम्बन्धि ऐन, २०६४ मा प्रधानन्यायाधीशलाई उपलब्ध गराएको सवारीसाधन सुविधा निजको कार्यकाल समाप्त भएपछि ७ दिन मात्र पाउने व्यवस्था भएपनि अवकाश प्राप्त एक | नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७७/३/२ को निर्णयले सर्वोच्च अदालतका पूर्व प्रधानन्यायाधिसहरुलाई आफ्नो जीवनकालसम्म सवारी साधन उपलब्ध गराउने निर्णय भएकोले उल्लेखित बेरुजु हटाउने र आगामी दिनमा सेवा सुविधा सम्वन्धमा कानूनमा व्यवस्था गर्न निर्देशन |

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| | | प्रधानन्यायाधीशले प्रयोग गरेको रु. १ करोड २९ लाख ६० हजार मूल्यको सवारीसाधन फिर्ता नगरेको । | दिने । |
| ४ | ४ | **खर्च शीर्षक :** आर्थिक कार्यविधि नियमावली, २०६४ मा जुन शीर्षकमा बजेट स्वीकृत भएको हो त्यही शीर्षकमा मात्र खर्च गर्ने व्यवस्था छ तर अदालतले यस वर्ष १० पदाधिकारी र १७ कर्मचारीलाई तलब खर्च शीर्षकवाट वैदेशिक भ्रमणको लागि पेश्की रु. १ करोड ५ लाख १६ हजार फछ्र्यौंट नभएको । | पेश्की रकम रु. १ करोड ५ लाख १६ हजार समयमै फछ्यौट गर्न निर्देशन दिने, अब आइन्दा स्वीकृत बजेट शीर्षकबाट मात्र खर्च लेख्न र स्रोत सुनिश्चितता गरेर मात्र विदेश भ्रमण लगायतका कार्य गर्न गराउन निर्देशन दिने । |

# प्रतिनिधि सभा
# सार्वजनिक लेखा समिति
# बेरुजु छलफल उपसमिति
# निर्वाचन आयोग
## महालेखापरीक्षकको ५६औं वार्षिक प्रतिवेदन, २०७४/७५ उपर भएको छलफलको मिति २०७७/३/४ का निर्णयहरु

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| १. | १ | **वैदेशिक सहायता** : युएनडिपीको सहयोगमा संचालित कार्यक्रमको रु. ४ करोड ३१ लाख १६ हजार लेखापरीक्षण नगराएको । | युएनडिपीको सहयोगमा संचालित कार्यक्रमको वित्तीय विवरण उपलब्ध गराई लेखापरीक्षणका लागि पेश गर्न र लेखापरीक्षण विवरण समितिमा पेश गर्न निर्देशन दिने । |
| २. | २ | **निर्वाचन खर्चको स्थिति** : स्थानीय तह, प्रतिनिधि सभा तथा प्रदेश सभा, राष्ट्रिय सभा र राष्ट्रपति तथा उपराष्ट्रपति निर्वाचन खर्चको स्थिति । | केही गर्नु नपर्ने । |
| ३. | ३ | **सुविधा** : संवैधानिक निकायका पदाधिकारीहरुको पारिश्रमिक, सेवाको शर्त र सुविधा सम्वन्धी ऐन, २०५३ को दफा ३(२) बमोजिम पदाधिकारीहरुलाई दिने थप सुविधा सम्बन्धमा नेपाल सरकारबाट निर्धारण गरी राजपत्रमा सूचना प्रकाशन गरेर लागू गर्नु पर्नेमा आयोगले आफै निर्धारण गरी रु. २३ करोड ७० लाख ४० हजार सुविधा भुक्तानी दिएको । | आइन्दा संवैधानिक निकायका पदाधिकारीहरुको पारिश्रमिक, सेवाको शर्त र सुविधा सम्वन्धी ऐन, २०५३ को दफा ३(२) बमोजिम नेपाल सरकारबाट निर्धारण गरी राजपत्रमा सूचना प्रकाशित गरेर मात्र नियमानुसार पाउने सुविधा उपलब्ध गराउन निर्देशन दिने। |

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| ४. | ४ | **बीमाः** प्रतिस्पर्धा बेगर बिमा भुक्तानी गरेको रु. २ करोड ७ लाख ८५ हजार बाट प्रतिष्पर्धा नगर्दा रु. १ करोड २७ लाख ६३ हजार थप व्ययभार परेको । | आइन्दा बीमा भुक्तानी गर्दा प्रतिष्पर्धा सुनिश्चित हुने गरी व्यवस्था गर्न निर्देशन दिने । |
| ५. | ५ | **मतदाता परिचयपत्र छपाई** : रु. ९.९९ मा कार्ड छाप्न कार्यादेश दिएकोमा कम्पनीको बोलपत्रमा रु. १४ कायम गरिदिन अनुरोध गरेकोमा रु. १३.५० मा छपाएको र पछि प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचनमा पनि रु. १३.५० मै छपाई गर्न दिएको । | अब आइन्दा बोलपत्र मार्फत् प्रतिष्पर्धा सुनिश्चित गराएर मात्र खरिद प्रक्रिया संचालन गर्न निर्देशन दिने । |
| ६. | ६ | **मतदाता शिक्षा कार्यक्रम** : स्थानीय निर्वाचनमा भन्दा १०% थप गरी प्रतिनिधि सभा र प्रदेश सभा निर्वाचनमा सामग्री छपाई गरेको, ब्याग टोपी र टिसर्ट को रु १०७०, १९२, ५०० बाट वृद्धि गरी रु. १२५०, २२५, र ६२५ मा खरिद गरेको मूल्य वृद्धि भएको कारण र प्रमाण नलिएको । | दररेट निर्धारणको आधार सहित खरिद कार्यको तीन महिनाभित्र छानविन गरी समितिमा प्रतिवेदन पेश गर्न निर्देशन दिने र आगामी दिनमा खरिद गर्दा प्रतिस्पर्धाका आधारमा र मूल्य निर्धारण गर्दा सार्वजनिक खरिद ऐन नियमावली अनुसार गर्न निर्देशन दिने। |
| ७. | ७ | **हेलिकोप्टर चार्टर खर्च** : सेनाले तोकिदिएको दरमा रु. ४ करोड १४ लाख १३ हजार चार्टर खर्च लेखेको मितव्ययी नभएको । | अब आइन्दा अनुगमनका लागि हेलिकोप्टर चार्टर गर्दा मूल्यमा प्रतिस्पर्धा गराई अनुगमन मितव्ययी बनाउन निर्देशन दिने। |
| ८. | ८ | **मतदाता शिक्षा सामग्री छपाई** : अदालतले आदेश दिएको २०७४/७/१ र २०७४/७/८ पछि पनि मतपत्र छुट्टै छाप्नु पर्नेमा निरन्तर छपाई गरी २०७४/७/१२ मा मात्र निर्णय गरेको पाइयो यसबाट रु ११ करोड ७२ लाखको सामग्री खर्च | मतपत्र छपाई सम्वन्धमा गरिएको निर्णय, पुनः छपाई गर्दाको निर्णय लगायत सम्वन्धित कागजातहरु झिकाई समितिमा छलफल गर्ने । आगामी दिनमा मतपत्र छपाईलाई मितव्ययी बनाउन निर्देशन दिने । |

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| | | लेखेको, सो सामग्री काम नलागी पुनः छपाई गर्दा रु ७ करोड ५४ लाख ४९ हजारको पुनः छपाई गरेको र सो पनि समय अभाव देखाई उपयोगमा नआएको । | |
| ९. | ९ | **निर्वाचन सामग्री खरिद एवम मौज्दात** : रु. ९६ लाख ६९ हजारको मौज्दात रहेको खरिदको तुलनामा ३४.८२ देखि ३९.६७ प्रतिशत मौज्दात रहेको । | निर्वाचनका लागि किनेको सामग्री आवश्यकताभन्दा बढी देखिएकोले अब आइन्दा मितव्ययिता अपनाई सामग्री खरिद गर्न निर्देशन दिने । |
| १०. | १० | **मतदाता शिक्षा सामग्री खरिद** : स्वीकृत परिमाणभन्दा ४९ लाख ९६ हजार थान बढी खरिद गरी रु. ५ करोड ९ लाख १७ हजार खर्च लेखेको । | अब आइन्दा आवश्यकता भन्दा बढी सामग्री खरिद नगर्न निर्देशन दिने। |
| ११. | ११ | **प्रिन्टर मेशिन खरिद** : आयोगले प्रतिस्पर्धा बेगर प्रिन्टर मेसिन सिधै खरिद गरी रु. २४ करोड ५३ लाख ९ हजार खर्च गरेको । | सार्वजनिक खरिद ऐन र नियमावली बाहिर गएर प्रतिस्पर्धा बेगर खरिद गर्ने सम्वन्धित पदाधिकारीलाई सचेत गराई आगामी दिनमा प्रतिस्पर्धा सुनिश्चित हुने गरी खरिद गर्ने व्यवस्था मिलाउन निर्देशन दिने । |
| | ११.१ | आयोगले प्रिन्टर मेसिन सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम प्रतिस्पर्धा नगरी सिधै खरिद गरेको । | खरिद कार्यलाई प्रतिस्पर्धात्मक बनाउन र प्रतिस्पर्धा गराउन सम्भव नहुने खरिद कार्यमा मात्र सोझै बजारबाट खरिद गर्न निर्देशन दिने । |
| | ११.२ | आयोगले तीव्र गति क्षमताको मेसिन खरिद गरे पनि प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन तर्फको मतपत्र छपाइ कार्य जनक शिक्षा सामाग्री केन्द्र लिमिटेडवाट गराएको । | खरिद गरिएको मेसिन उपयोगमा ल्याई मतपत्र छपाई मितव्ययी बनाउन निर्देशन दिने । |
| १२. | १२ | **सवारी साधन खरिद** : आवश्यकताको पहिचान नगरी सवारी साधन | सुझाव अनुसार गर्न निर्देशन दिने । |

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| | | खरिद गरिएकोले निर्वाचन सम्पन्न भएपछि ४० थान सवारी साधन अन्य निकायलाई वितरण गरिएकोले आवश्यकताको पहिचान गरी खरिद गर्नुपर्ने । | |
| **मुख्य निर्वाचन अधिकृतको कार्यालय र निर्वाचन अधिकृतको कार्यालयहरू** | | | |
| १३. | १३ | **निर्देशिकाको पालना :** | |
| | १३.१ | स्थानीय तह निर्वाचन (आर्थिक) निर्देशिका, २०७३ प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचन निर्देशिका, २०७४ ले तोकेको सीमा नघाई ११३ निर्वाचन अधिकृतको कार्यालयहरुले रु. ३ करोड ३४ लाख ६७ हजार बढी खर्च गरेको । | स्थानीय तह निर्वाचन (आर्थिक) निर्देशिका, २०७३ प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचन निर्देशिका, २०७४ ले तोकेको सीमा नघाई खर्च लेख्ने निर्वाचन अधिकृतहरुलाई सचेत गराउने, अब आइन्दा निर्देशिकाको पूर्ण रुपमा पालना गर्न निर्देशन दिने र बेरुजु लगत हटाउने । |
| | १३.२ | स्थानीय तह निर्वाचन (आर्थिक) निर्देशिका, २०७३ अनुसार खाजा खाना भत्ता र प्रोत्साहन भत्ता पाउने कर्मचारीले दैनिक भत्ता नपाउने व्यवस्था गरेको तथा प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचन निर्देशिका आर्थिक, २०७४ मतगणनानमा संलग्न कर्मचारीलाई दैनिक भत्ता दिने व्यवस्था नरहेकामा दोहोरो सुविधा वापत दिएको रु. १४ लाख ३६ हजार असुल गर्नुपर्ने । | स्थानीय तह निर्वाचन (आर्थिक) निर्देशिका, २०७३ प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचन निर्देशिका, २०७४ को पालना नगरी दोहोरो सुविधा लिएकोमा सम्वन्धितहरुबाट उक्त रकम रु. १४ लाख ३६ हजार असुल गर्न निर्देशन दिने । |
| | १३.३ | स्थानीय तह निर्वाचन (आर्थिक) निर्देशिका, २०७३ को बुँदा नं. १९ र प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचन (आर्थिक) निर्देशिका २०७४ को बुँदा नं २६ को २ ले तोकेको नर्म्स | अब आइन्दा स्थानीय तह निर्वाचन (आर्थिक) निर्देशिका, २०७३ र प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचन निर्देशिका, २०७४ को परिधि भित्र रही तोकिएको नर्म्सका आधारमा खर्च गर्न, विशिष्ट परिस्थिति उत्पन्न भएमा |

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| | | विपरित रु. ६९ लाख २६ हजार बढी खर्च गरेको । | आधार र प्रमाण समेत पेश गर्न निर्देशन दिने र बेरुजु लगत हटाउने । |
| | १३.४ | स्थानीय तह निर्वाचन (आर्थिक) निर्देशिका, २०७३ र प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचन (आर्थिक) निर्देशिका, २०७४ दुवै निर्देशिकामा कर्मचारीलाई दोहोरो सुविधा नपाउने उल्लेख भएपनि निर्वाचन अधिकृतको कार्यालयहरुले रु. १८ लाख ६३ हजार दोहोरो सुविधा दिएकोले असुल गर्नुपर्ने । | स्थानीय तह निर्वाचन (आर्थिक) निर्देशिका, २०७३, प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचन (आर्थिक) निर्देशिका, २०७४ को पालना नगरी दोहोरो सुविधा लिएकोमा सम्वन्धितहरुबाट उक्त रकम रु. १८ लाख ६३ हजार असुल गर्न निर्देशन दिने । |
| | १३.५ | प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचन (आर्थिक) निर्देशिका, २०७४ मा समानुपातिक तर्फको मतगणना सम्पन्न भएको १५ दिनसम्म मात्र भत्ता पाउने व्यवस्था भएकोमा केही निर्वाचन अधिकृतको कार्यालयहरुले त्यो भन्दा बढी दिनको भत्ता दिएकोले रु. ६ लाख ३२ हजार सम्बन्धित कर्मचारीबाट असुल गर्नुपर्ने । | तोकिएको भन्दा बढी दिनको भुक्तानी गरिएको निर्वाचन भत्ता रु. ६ लाख ३२ हजार असुलउपर गर्न निर्देशन दिने । |
| | १३.६ | रु. १ करोड ५ लाख ९८ हजार मतगणना भत्ता खर्चमा प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचन (आर्थिक) निर्देशिका, २०७४ पालना नभएकोले बढी भुक्तानी भएको रकम आयोगले यकिन गरी कारवाही तथा यकिन गर्नपर्ने । | प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचन (आर्थिक) निर्देशिका, २०७४ अनुरुप प्रमुख मतगणना अधिकारी प्रत्यक्ष संलग्न भएको सिफ्टको रु. २ हजार ५ सय र अप्रत्यक्ष संलग्न भएको सिफ्टको रु. ५ सयको दरले भुक्तानी भए नभएको छानविन गरी बढी भुक्तानी भएको रकम सम्वन्धितबाट असुलउपर गर्न निर्देशन दिने । |
| | १३.७ | प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचन (आर्थिक) निर्देशिका, २०७४ विपरित दैनिक भत्ता रु. २० लाख ४३ हजार बढी खर्च गरेकाले सो रकम सम्बन्धित निर्वाचन अधिकृत वा लेखा | प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचन (आर्थिक) निर्देशिका, २०७४ विपरित हुने गरी खर्च लेखेकको रु. २० लाख ४३ हजार असुलउपर गर्ने र सम्वन्धित निर्वाचन अधिकृत तथा लेखा प्रमुखलाई सचेत |

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| | | प्रमुखलाई जिम्मेवार बनाई सम्बन्धित कर्मचारीबाट असुल गर्नुपर्ने । | गराउने । |
| १४. | १४ | **कर कट्टीः** आयकर ऐन, २०५८ बमोजिम मतगणना भत्ता भुक्तानी गर्दा कर कट्टी नगरेकोले रु. १५ लाख ५८ हजार जिम्मेवार पदाधिकारीवाट असुल गर्नुपर्ने | कर कट्टी नगरेको रु. १५ लाख ५८ हजार असुलउपर गर्न निर्देशन दिने । |
| १५. | १५ | **बढी खर्च :** रु. ३४ लाख ९९ हजार संलग्न बिल भरपाईभन्दा बढी खर्च भएको देखिएकोले सो रकम असुल गर्नुपर्ने । | बिल भरपाईभन्दा बढी खर्च लेखेको रकम रु. ३४ लाख ९९ हजार असुलउपर गर्न निर्देशन दिने । |

# प्रतिनिधि सभा
# सार्वजनिक लेखा समिति
# बेरुजु छलफल उपसमिति
# अर्थ मन्त्रालय
## महालेखापरीक्षकको ५६औं वार्षिक प्रतिवेदन, २०७४/७५ उपर भएको छलफलको मिति २०७७/६/१२ का निर्णयहरु

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| | | **समष्टिगत आर्थिक स्थिति** | |
| १ | १ | **समग्र आर्थिक अवस्था-** मुद्रास्फीति दर तथा राजस्व वृद्धि लक्ष्यअनुसार भए तापनि चौधौं योजनाअनुसार आर्थिक वृद्धिदर ७.२ प्रतिशत पुर्याउने लक्ष्य रहेकोमा यस वर्ष ६.३० प्रतिशतमात्र रहेको; चालु खर्च र पुँजीगत खर्च कुल गार्हस्थ्य उत्पादनको २२ र १०.१२ प्रतिशत पुऱ्याउने लक्ष्य रहेकोमा चालु खर्च नियन्त्रण र पुँजीगत खर्च वृद्धि हुन नसकेका कारण क्रमशः २४.५७ र ७.८० प्रतिशत रहेको ; वैदेशिक अनुदान र ऋण अपेक्षा अनुरुप परिचालन हुन नसकेको कारण कुल गार्हस्थ्य उत्पादनको ३.७६ र ६.८५ प्रतिशत रहनुपर्नेमा क्रमशः १.४१ र २.८० प्रतिशत मात्र रहेको; समग्रमा बजेट घाटालाई कुल गार्हस्थ्य उत्पादनको ७ प्रतिशतभित्र राख्ने लक्ष्य भए पनि ८.९४ प्रतिशत रहेको; समग्रतामा अर्थतन्त्रका केही सूचकहरु सकारात्मक नदेखिएको, आयात नियन्त्रण, निर्यात प्रवर्द्धन, सरकारी खर्च व्यवस्थापन, उपभोग बचत लगानी विस्तार गर्न सरकारी तथा निजी क्षेत्रसमेतबाट समन्वयात्मक रुपमा प्रयास हुनु पर्ने । | सुझाव अनुसार गर्न निर्देशन दिने । |
| २ | २ | **मौद्रिक नीतिको कार्यान्वयन- तरलता तथा व्याजदर व्यवस्थापन** | |

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| | २.१ | **बैंकिङ्ग प्रणालीको निक्षेप तथा कर्जा -** २०७३।७४ मा कुल निक्षेप १२.६ प्रतिशतले बढेकोमा कुल कर्जा १८.१ प्रतिशतले बढेको; आर्थिक वर्ष २०७४।७५ मा पनि कुल निक्षेप १९.४ प्रतिशतले बढ्दा कुल कर्जा २२.० प्रतिशतले बढेको; आर्थिक वर्ष २०७४।७५ मा क्षेत्रगत कर्जा बिस्तार हेर्दा कृषि कर्जा ५०.८ प्रतिशतले बढेको; यो वृद्धिदर गत वर्षको १४.३ प्रतिशतको तुलनामा साढे तीन गुणा भन्दा बढी भएको र अधिकांश क्षेत्रका कर्जा बिस्तार दर पनि निक्षेपको वृद्धिदरभन्दा धेरै माथि रहेको । | बैंकिङ्ग प्रणालीको निक्षेप र कर्जा सन्तुलनमा राख्ने गरी आवश्यक नीतिहरु सुधार गर्ने । |
| | २.२ | **वित्तीय प्रणालीमा नगद /तरलता नियन्त्रण** - २०७२/७३ मा रु २ खर्ब ४९ अर्ब र २०७३/७४ मा रु ३ खर्ब ८९ अर्ब पुगेको; आर्थिक वर्ष २०७४/७५ यस्तो प्रवाह रु १ खर्ब भन्दा बढिले घटेर रु २ खर्ब ८३ अर्बमा रहेको ; यसबाट नेपालको तरलता व्यवस्थापन, वित्तीय अवस्था र अन्ततोगत्वा मौद्रिक स्थितिमा विदेशी मुद्राले निर्णायक प्रभाव पार्ने देखिएकोले यी तथ्यमा ध्यान दिई तरलता प्रशोचन एवं प्रवाहसम्बन्धी नीति निर्धारण गर्नुपर्ने । | सुझाव अनुसार गर्न निर्देशन दिने । |
| | २.३ | **पुनर्कर्जा आपूर्ति-** नेपाल राष्ट्र बैङ्कबाट प्राप्त गरेको तथ्याङ्क अनुसार प्रत्येक वर्ष मागको तुलनामा पुनर्कर्जाको आपूर्ति क्रमशः घट्दै गएको; बैङ्कले २०७२।७३ मा कुल मागको ९६.९ प्रतिशत आपूर्ति गरेकोमा पुनर्कर्जा आपूर्तिको यस्तो अंश क्रमशः घटेर २०७३।७४ मा ७६.५ प्रतिशत र २०७४।७५ मा ३४.३ प्रतिशत मात्र रहेको; उत्पादनशील क्षेत्रलाई उकास्न, निर्यात प्रवर्द्धन गर्न, भूकम्पपीडितलाई राहत प्रदान गर्न र हरेक वर्ष झन् झन् कसिलो हुँदै गएको तरलता न्यूनताको समस्या समाधान गर्न नेपाल राष्ट्र बैङ्कले पुनर्कर्जा प्रवाह व्यापकरुपले विस्तार गर्न आवश्यक रहेको । | सुझाव अनुसार गर्न निर्देशन दिने । |
| | २.४ | **कर्जा र निक्षेप विचको व्याजदर अन्तर -** मौद्रिक नीति २०७५।७६ ले अनिवार्य नगद अनुपात र वैधानिक तरलता अनुपात घटाएपनि वाणिज्य बैङ्कहरुको कर्जा र निक्षेपबीचको | नेपाल राष्ट्र बैङ्क र अर्थ मन्त्रालयको समन्वयमा वित्तीय संस्थाको प्रभावकारी अनुगमन गर्न निर्देशन |

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| | | भारित औसत ब्याजदर फरकमा अपेक्षित सुधार नदेखिएको; यस्तो फरक २०७५ आसार मसान्तको ५.९८ प्रतिशतबाट ०.२८ प्रतिशत बिन्दुले घटेर २०७५ मंसिरमा ५.७० प्रतिशत कायम रहेको; तथापि बैङ्कहरुले आफ्ना निक्षेपकर्ताहरुलाई दिने ब्याजदरभन्दा व्यवसायीलाई दिएको ब्याजदर भारित औसत ५.७० प्रतिशत बढी हुनु न्यायोचित नभएकोले वित्तीय संस्थाको प्रभावकारी अनुगमनमा नेपाल राष्ट्र बैङ्क र अर्थ मन्त्रालयले समन्वयकारी भूमिकाबाट कार्य अगाडि बढाउनुपर्ने । | दिने । |
| | | **राजश्व नीति तथा मार्गदर्शन** | |
| ३ | ३ | **श्रोतको प्रक्षेपण** | |
| | ३.१ | **करारोपणमा जटिलता -** अन्तर निकाय र अन्तरदेशीय सूचना आदान-प्रदान, दोहोरो कर मुक्तिको सम्झौता, बहुराष्ट्रिय कम्पनीहरुको विस्तारसँगै विद्युतीय व्यापार, मूल्य हस्तान्तरण, आयको खण्डीकरण, कराधार क्षेत्रलगायतका विषयले अन्तर्राष्ट्रिय कर र करारोपणमा जटिलता देखिएको । | अन्तर निकाय र अन्तरदेशीय सूचना आदान-प्रदान, दोहोरो कर मुक्तिको सम्झौता, बहुराष्ट्रिय कम्पनीहरुको विस्तारसँगै विद्युतीय व्यापार, मूल्य हस्तान्तरण, आयको खण्डीकरण, कराधार क्षेत्रलगायतका विषयले अन्तर्राष्ट्रिय कर र करारोपणमा पैदा गरेको जटिलता हटाउन कर नीतिमा आवश्यक सुधार गर्न निर्देशन दिने । |
| | ३.२ | **कर सहभागिता अन्तरः** मूल्य अभिवृद्धि करमा कर अन्तर अत्याधिक रहेकोमा चालु वर्षको बजेटले कर नीति अन्तरलाई घटाउन कर छुटको दायरा घटाई केही सम्बोधन गरेको तर पनि दायरा विस्तार र कर परिपालनामा उल्लेख्य सुधार नहुँदा कर सहभागिताको अन्तर उपर अझै सुधार हुन नसकेको। | करको दायरा विस्तार र कर परिपालनामा प्रभावकारिता ल्याउन आवश्यक नीतिगत र व्यवस्थापकीय सुधार गर्न निर्देशन दिने । |
| | ३.३ | **राजश्व प्रक्षेपणको आधारः** राजस्व प्रक्षेपणको आधार कुल गार्हस्थ्य उत्पादनसँग प्रत्यक्ष | मुलुकको यथार्थ राजश्व स्थिति चित्रण हुने गरी कुल |

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
| --- | --- | --- | --- |
| | | स्थापित गर्ने गरिएको; विश्वका विकसित देशले कुल गार्हस्थ्य उत्पादनको २० प्रतिशतको हाराहारीमा राजस्व सङ्कलन गर्दा आन्तरिक स्रोतको आधार मजवुत बनाएका छन् भने नेपालको परिवेशमा राजस्व सङ्कलन कुल गार्हस्थ्य उत्पादनको २४ प्रतिशतको हाराहारीमा रहेको; कुल गार्हस्थ्य उत्पादनको आधार वर्ष समसामयिक बनाउन नसकी सन् २००० को तथ्याङ्कलाई आधार लिनु परेकोले नवीनतम व्यावसायिक एवं उपभोग्य कार्यहरु कुल गार्हस्थ्य उत्पादनको दायरामा नआएकोले यसबाट राष्ट्रिय लेखाका सबै चरणहरु समेट्न नसकेको; यसरी गणना भएको कुल गार्हस्थ्य उत्पादनसँग राजस्व प्रक्षेपण र असुलीको आँकडा तुलना गर्दा भएका निष्कर्षहरुले मुलुकको यथार्थ अवस्था चित्रण हुन अझै बाँकी रहेको । | गार्हस्थ्य उत्पादनको आधार वर्ष समसामयिक बनाउन; नविनतम व्यसायिक एवं उपभोग्य कार्यहरु कूल गार्हस्थ्य उत्पादनको दायरा ल्याउन र राजश्व प्रक्षेपण तथा असुली व्यवस्थित गर्न निर्देशन दिने । |
| | ३.४ | **राजश्व असुली :** माल वस्तुको भन्सार महसुल असुली यथार्थ कारोबारमा आधारित बनाउन र बजारमा बिक्री वितरण हुने सामग्रीको यथार्थ बीजक जारी गरी व्यवसाय गर्न निजी क्षेत्रलाई उत्प्रेरित हुने वातावरण तयार गरेर राजस्व प्रशासनले जोखिममा आधारित अनुगमन प्रणाली पूर्ण रुपले कार्यान्वयन गर्न नसकेको; कर परिपालना अभिवृद्धि गरी राजस्व सङ्कलनका सबै क्षेत्रमा स्वयं कर प्रणाली लागू गरी तथ्याङ्कमा आधारित राजस्व प्रक्षेपण प्रणालीबाट राजस्व असुलीमा प्रभावकारिता ल्याउनुपर्ने । | जोखिममा आधारित अनुगमन प्रणाली पूर्ण रुपले कार्यान्वयन गर्न र कर परिपालना अभिवृद्धि गरी राजस्व सङ्कलनका सबै क्षेत्रमा स्वयं कर प्रणाली लागू गरी तथ्याङ्कमा आधारित राजस्व प्रक्षेपण प्रणालीबाट राजस्व असुलीमा प्रभावकारिता ल्याउन निर्देशन दिने । |
| | ३.५ | **राजश्व प्रक्षेपणको आधार :** मुलुक संघीय शासन प्रणालीमा रुपान्तरण भएपछि प्रदेश तथा स्थानीय तहबाट नागरिकलाई पुऱ्याउनुपर्ने सेवा प्रवाहको स्तर बढाउन ठुलो स्रोत खर्च गर्नु परेको परिवेशमा गैरकर राजस्वमा पुनरावलोकन गरी राजस्व प्रक्षेपण र असुली प्रभावकारी हुन नसकेको अवस्था विद्यमान रहेको; राजस्व प्रक्षेपण गर्दा विगतका राजस्व असुलीको आधारमा निश्चित बढोत्तरी गर्ने प्रक्रियामा सुधार गरी समष्टिगत आर्थिक परिसूचकहरु कुल गार्हस्थ्य उत्पादन, उपयोग, राष्ट्रिय आय, अर्थतन्त्रका नवीन क्षेत्रहरु, | सुझाव अनुसार गर्न निर्देशन दिने । |

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| | | मुद्रा स्फीति र सरकारको कर नीतिलाई समेत आधार लिनुपर्ने; संघको अतिरिक्त प्रदेश र स्थानीय तहबाट गरिने राजस्व प्रक्षेपणलाई समेत यथार्थतामा आधारित बनाउन निश्चित आधार तय हुने गरी राजस्व नीति र राजस्व प्रशासनको दक्षतामा सुधार गर्नुपर्ने । | |
| ४ | ४ | **राजश्व नीति :** संघीय संरचना अनुरुप संघ र प्रदेश, आर्थिक तथा योजना मन्त्रालयसम्म राजस्व प्रशासनका कर्मचारीको उपस्थिति रहने संरचना तयार भए पनि तीनै तहको राजस्व परिचालनमा प्रभावकारिता ल्याउने गरी नीतिगत व्यवस्था हुन अझै बाँकी रहेको : | संघीय संरचना अनुरुप तीनै तहको राजस्व परिचालनमा प्रभावकारिता ल्याउने गरी नीतिगत व्यवस्था गर्न निर्देशन दिने । |
| | ४.१ | **राजश्व अभिलेख :** कार्यसम्पादनमा सहजता र एकरुपता ल्याई राजस्व तथ्याङ्क संरक्षण गर्ने उद्देश्यले राजस्वसँग सम्बद्ध विद्युतीय सूचना प्रणालीलाई आन्तरिक राजस्व विभाग, भन्सार विभाग र राजस्व अनुसन्धान विभागलगायत अन्य सरोकारवाला निकायबीच आबद्धता गर्ने कार्य पूर्ण रुपमा हुन नसकेको; कम्पनी रजिष्ट्रार कार्यालय, सहकारी विभाग, गैरसकारी संस्था दर्ता निकाय र अन्य उद्योग, पेशा, व्यवसाय दर्ता गर्ने निकायहरुसँग समन्वय गरी मुलुकमा हुने समग्र व्यापार, पेशा, व्यवसायको अभिलेख तयार नगरेको । | राजस्वसँग सम्बद्ध विद्युतीय सूचना प्रणालीलाई आन्तरिक राजस्व विभाग, भन्सार विभाग र राजस्व अनुसन्धान विभागलगायत अन्य सरोकारवाला निकायबीच पूर्ण रुपमा आबद्धता गर्न; कम्पनी रजिष्ट्रार कार्यालय, सहकारी विभाग, गैरसकारी संस्था दर्ता निकाय र अन्य उद्योग, पेशा, व्यवसाय दर्ता गर्ने निकायहरुसँग समन्वय गरी मुलुकमा हुने समग्र व्यापार, पेशा, व्यवसायको अभिलेख तयार गर्न निर्देशन दिने । |
| | ४.२ | **मूल्य अभिवृद्धि करको हिस्सा :** मूल्य अभिवृद्धि करलाई आन्तरिक स्रोतको मेरुदण्डको रुपमा लिने नीति भए पनि कार्यान्वयन अवस्था विश्लेषण गर्दा दुई तिहाई अंश आयातमा आधारित रहेको; आन्तरिक रुपमा सङ्कलन गर्ने मूल्य अभिवृद्धि करको हिस्सा र यसको प्रभाव देखिने गरी राजस्व प्रक्षेपण एवं असुली हुन नसकेको । | आन्तरिक रुपमा सङ्कलन गर्ने मूल्य अभिवृद्धि करको हिस्सा र यसको प्रभाव देखिने गरी राजस्व प्रक्षेपण एवं असुली गर्न निर्देशन दिने । |

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| | ४.३ | **बैदेशिक व्यापारमा आधारित कर :** विश्वमा विकसित उदारीकरण तथा व्यापार सहजीकरण नीतिले वैदेशिक व्यापारमा आधारित कर घटाउँदै गए पनि हाम्रो मुलुकका लागि यसको योगदान घटाउन नसकेको; विश्व भन्सार संगठनले तर्जुमा गरेको हार्मोनाइज्ड कोड, सो कोड अनुसार लिने महसुल दरमा विभिन्न द्रष्टव्य र पटके निर्णय गरी कर छुट दिने परिपाटीमा अझै सुधार हुन बाँकी रहेको र यसको असर राजस्व प्रक्षेपण र असुली दुबैमा परेको । | विश्व भन्सार संगठनले तर्जुमा गरेको हार्मोनाइज्ड कोड, सो कोड अनुसार लिने महसुल दरमा विभिन्न द्रष्टव्य र पटके निर्णय गरी कर छुट दिने परिपाटीलाई सुधार गरी राजस्व प्रक्षेपण र असुली प्रभावकारी बनाउन निर्देशन दिने । |
| | ४.४ | **न्यून विजकीकरण :** - न्यून बीजकीकरण भएका वस्तुहरु खरिद गर्ने कार्यको लागि बजेट व्यवस्था गरिए तापनि खरिदको कार्य हुन नसकेको; त्यस्तै आन्तरिक राजस्व विभागतर्फ सो सम्बन्धी कार्यविधि तयार भए तापनि स्वीकृत हुन नसकेको, यस वर्ष न्यून बीजकीकरणका वस्तु खरिद गर्न रु.१ करोड बजेट व्यवस्था भए पनि न्यून बीजकीकरण भएका कुनै सामान खरिद नभएको, यसबाट न्यून बीजकीकरण रोक्ने नीतिगत प्रतिबद्धताको पालना भएको नदेखिएको । | न्यून बीजकीकरण रोक्ने नीतिगत प्रतिबद्धताको पूर्णपालना गर्न निर्देशन दिने । |
| ५ | ५ | **राजश्व असुली :** आर्थिक आधारको मेरुदण्डको रुपमा रहेको आयकर र मूल्य अभिवृद्धि कर लक्ष्यको तुलनामा करिब ९५ प्रतिशतमात्र असुली भएको; मूल्य अभिवृद्धि कर क्रेडिट २०७४।७५ को अन्त्यमा रु.३५ अर्ब ७१ करोड रहेको; जुन यथार्थमा आर्जन भइसकेको राजस्व नभै दायित्व मात्र रहेको; सरकारले अग्रिम रुपमा प्राप्त भएका यस्ता रकमलाई दायित्वमा देखाउने नगरेको जसले गर्दा राज्यको यथार्थ हिसाब अग्रिम प्राप्त नदेखिने हुँदा राजस्वलाई दायित्वमा लेखाङ्कन गर्ने व्यवस्था हुनुपर्ने । | सुझाव बमोजिम गर्ने । |
| ६ | ६ | **राजश्व छुट** | |
| | ६.१ | विशेष ऐन नियम वा सूचित आदेशअन्तर्गतको राजस्व छुट, द्विपक्षीय वा वहुपक्षिय ऋण/अनुदान, सहायता सम्झौता अन्तर्गतको राजस्व छुट तथा सामाजिक सेवा | सुझाव बमोजिम गर्ने । |

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| | | क्षेत्रलगायतलाई राजस्व छुट दिइने व्यवस्था गरेको; तोकिएको छुट सुविधा तोकिएको शर्तअनुसार सदुपयोग भएको सुनिश्चित हुने आधार नरहेकोले यस क्षेत्रमा प्रभावकारी अनुगमन गर्न संयन्त्रको व्यवस्था गर्नूपर्ने । | |
| | ६.२ | सरकारले आय-व्यय विवरणको अभिन्न अङ्गको रुपमा राजस्व छुटको विवरण बजेट वक्तव्यसँगै पेस गर्ने अन्तर्राष्ट्रिय असल अभ्यास रहेको; राजस्व छुटको उक्त विवरणमा भन्सार, मूल्य अभिवृद्धि कर र अन्तःशुल्क छुट दिएको कारण, सो छुटले राजस्वमा हुन गएको कमीको रकमगत अभिलेख तयार गर्नुपर्नेमा मन्त्रालयले छुटको अभिलेखका लागि सफ्टवयेर तयार गरेको भए पनि छुटको रकमगत विवरण उपलब्ध हुन नसकेको; लेखापरीक्षणको क्रममा भन्सार विभागको आसिकुडा, आन्तरिक राजस्व विभागको तथ्याङ्कलगायतबाट सङ्कलित सूचनाअनुसार यो वर्ष रु.४१ अर्ब २४ करोड राजस्व छुट दिएको देखिएको; यस्तो विवरण बजेटसँगै संघीय संसदमा पेस गर्नुपर्ने । | सुझाव बमोजिम गर्ने । |
| | ६.३ | कुल गार्हस्थ्य उत्पादनको एक तिहाई अंश कृषि क्षेत्रले ओगटेकोले कृषि उत्पादनलाई टेवा पुऱ्याउन कृषि विकास मन्त्रालयमार्फत यो वर्ष रु.८ अर्ब ७६ करोड र रासायनिक मलमा रु.४ अर्ब ५९ करोडसमेत कृषकलाई रु.१३ अर्ब ३५ करोड अनुदान उपलब्ध गराएको; कृषिजन्य पदार्थमा आत्मनिर्भर बनाउन यसप्रकारको अनुदान दिइरहेको अवस्थामा आयातमा पनि कृषि तथा पशुजन्य उत्पादन लगायतमा रु.२ अर्ब ४३ करोड भन्सार महसुल छुट दिएको; आन्तरिक उत्पादन वृद्धिमा प्रोत्साहन पुऱ्याउन अनुदान दिए पनि कृषि तथा पशुजन्य सामग्रीको आयातमा समेत राजस्व छुट दिएको, छुट रकमलाई लागतमा समावेश नगरेकोले सामग्रीको मूल्य निर्धारण र स्वदेशी उत्पादनमा पर्ने प्रभावबारे अध्ययन गर्नुपर्ने । | कृषिजन्य पदार्थमा आत्मनिर्भर बनाउन दिएको अनुदानमा राजस्व छुट दिएको; छुट रकमलाई लागतमा समावेश नगरेको अवस्थामा सामग्रीको मूल्य निर्धारण र स्वदेशी उत्पादनमा पर्ने प्रभाव मूल्यांकन गरी अनुदान, छुट तथा मूल्य निर्धारणलाई व्यवस्थित गराउन निर्देशन दिने । |
| | ६.४ | वैदेशिक सहायतामा सञ्चालन हुने आयोजनामा निर्माण कार्यका लागि सम्झौतामा व्यवस्था | सुझाव बमोजिम गर्ने । |

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| | | भएबमोजिम आयात गर्ने निर्माण सामग्रीमा नेपाल सरकारको निर्णयबाट भन्सार महसुल, कर, शुल्क छुट दिने व्यवस्था अनुसार यो वर्ष रु.६७ करोड ७८ लाख छुट दिएको; यस्ता सुविधामा आयात हुने सामग्रीमा लाग्ने राजस्व छुट रकमको अभिलेख र राजस्व छुट दिएको रकम आयोजनाको लगानी र उत्पादित वस्तुको लागतमा पनि समावेश गर्ने नगरेको; छुटमा आयातीत सामान सम्बन्धित आयोजनामा नै उपयोग भएको अनुगमन हुनुपर्ने । | |
| | ६.५ | वैदेशिक सहायतामा सञ्चालित आयोजनाले सम्झौतामा व्यवस्था भएबमोजिम भन्सारमा लगत राखी सवारीसाधन उपकरणहरु पैठारी गर्ने व्यवस्था रहेको; यो वर्ष लगतमा रु.१५ करोड ५६ लाख राजस्व छुट दिई पैठारी भएको; यस्ता सवारीसाधन तथा उपकरण प्रयोजन समाप्त भएपछि फिर्ता लैजानुपर्ने वा भन्सार महसुल तिर्नुपर्नेमा भन्सार विभाग, सम्बन्धित कार्यालय वा आयोजनाले लगत नराखेको; जसबाट राजस्व छुटका मालवस्तु तोकिएको अवधि पश्चात् पनि प्रयोग भैरहने स्थिति रहेको; राजस्व छुटको विषयमा भएको सुधारलाई निरन्तरता दिँदै आर्थिक ऐनको द्रष्टव्य र पटके निर्णयबाट दिइने छुटलाई क्रमशः घटाउँदै लैजानुको अतिरिक्त छुटको अभिलेख व्यवस्थित गरेर पारदर्शिता प्रवर्द्धन समेत गराउनुपर्ने । | राजस्व छुटको विषयमा भएको सुधारलाई निरन्तरता दिँदै आर्थिक ऐनको द्रष्टव्य र पटके निर्णयबाट दिइने छुटलाई निरुत्साहित गर्दै अतिरिक्त छुटको अभिलेखलाई व्यवस्थित र पारदर्शी बनाउन निर्देशन दिने । |
| ७ | ७ | **चिनी आयात एवं राजश्व छुटः** | |
| | ७.१ | अन्तर्राष्ट्रिय बजारमा २०७४।७५ मा चिनीको भाउ घटेको अवस्थामा चिनीको आयात बढ्दै गएको र देशभित्रका चिनी उद्योगको संरक्षण गर्न चिनीको पैठारी महसुल बढाउन २०७४।९।११ मा उद्योग व्यवसायी र अर्थ मन्त्रालयबीच सहमति भएको; तर तत्काल औपचारिक निर्णय नगरी २०७५।१।४ मा मात्र चिनीको भन्सार महसुल १५ प्रतिशतबाट ३० प्रतिशत वृद्धि गरेको; सो अवधिमा चिनीको पैठारी अत्यधिकरुपमा वृद्धि | चिनी आयात एवं राजश्व छुटका लागि सरकारले उद्योगी व्यवसायीसँग समय समयमा गरेको सहमति र प्रतिवद्धता तथा सार्वजनिक लेखा समितिले दिएको निर्देशनलाई पालना गर्न निर्देशन दिने । |

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
| --- | --- | --- | --- |
| | | भएको देखिएको; उपलब्ध आसिकुडा प्रणालीको तथ्याङ्कअनुसार २०७४।७५ मा २ लाख ३४ हजार मेट्रिक टन चिनी आयात भएको देखिन्छ । जुन गत वर्षको परिमाण ७१ हजार मेट्रिक टनभन्दा ३.३ गुणा बढी रहेको; वार्षिक करिब २ लाख ३० हजार मेट्रिक टन चिनीको खपत रहेकोमा करिब १ लाख ७५ हजार मेट्रिक टन चिनी स्वदेशमा उत्पादन हुने गरेको उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको अध्ययन प्रतिवेदनमा उल्लेख रहेको, उक्त तथ्याङ्कबाट मुलुकको यथार्थ आवश्यकताभन्दा बढी चिनी आयात गरी मौज्दात राखेको अवस्था रहेको; सरकारले उद्योगी व्यवसायीसँग सहमति गरेअनुरुप तत्काल भन्सार महसुल निर्धारण नगरी ४ महिना ढिलाइ गरेको कारण सो समयमामात्र रु.३ अर्ब ५७ करोड ८० लाख मूल्यको ७९ हजार ४४ मेट्रिक टन चिनी आयात हुँदा वृद्धि गरिएको महसुल दर ३० प्रतिशतलाई आधार लिँदासमेत रु.५३ करोड ६६ लाख ९५ हजार भन्सार राजस्वमा प्रभाव परेको देखिएको; नीतिगत सहमति वा निर्णय गरेको विषय तत्काल कार्यान्वयनमा नल्याउँदा यस्तो प्रभाव परेकोले यसतर्फ यथोचित ध्यान पुर्‍याउनुपर्ने । | |
| | ७.२ | अन्तर्राष्ट्रिय बजारमा चिनीको मूल्य सस्तो हुँदै गैरहेकोले पैठारीकर्ताले गत वर्ष प्रति किलोग्राम रु.४० देखि रु.५१ सम्ममा चिनी पैठारी गरेको देखिएको; भन्सार महसुल र मूल्य अभिवृद्धि कर समावेश गर्दा समेत आयातीत चिनीको लागत प्रति के.जी. रु.५२ देखि रु.५६ सम्म पर्ने देखियो । सरकारले चिनीको खुद्रा मूल्य प्रति के.जी. रु.६५ देखि रु.७० सम्म निर्धारण गरेको परिप्रेक्ष्यमा आयातित चिनीको बिक्री बढी नाफायुक्त देखिएको तर तोकिएको मूल्यमा चिनी बिक्री गर्दा उद्योगलाई नोक्सान पर्ने जनाई मूल्य बढाउन उद्योगहरुले पहल गरेको अवस्था रहेको; स्वदेशी उद्योगलाई संरक्षण गर्न सरकारले २०७५।५।३१ देखि चिनी आयातमा परिमाणात्मक बन्देज लगाएको तर | सुझाव बमोजिम गर्ने । |

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| | | पहिले नै आयात गरी मौज्दातमा रहेको चिनी बजारमा बिक्री भैरहेको; अन्तर्राष्ट्रिय बजारमा चिनीको उत्पादन लागत र मूल्य घटेको अवस्थामा समेत सोको फाइदा नेपाली उपभोक्ताले पाउन सक्ने नदेखिएको; नेपालका चिनी उद्योगहरुले अर्थतन्त्रमा गरेको योगदान र उत्पादन लागत घट्न नसक्नुको कारणबारे अध्ययन भएको समेत नदेखिएको र यस सम्बन्धमा अध्ययनको जरुरी देखिएको । | |
| | ७.३ | सरकारले चिनीको मूल्यमा स्थिरता कायम गर्न साल्ट ट्रेडिङ लिमिटेडलाई चिनी आयात गर्न भन्सार महसुल छुट दिएको; सोबमोजिम यो वर्ष सो संस्थाले ३७ हजार ५०८ मेट्रिक टन चिनी रु.२ अर्ब २८ करोड ६९ लाखमा आयात गर्दा मूल्य अभिवृद्धि करसमेत रु.३८ करोड ७६ लाख राजस्व छुट दिएको छ । आसिकुडा प्रणालीबाट प्राप्त तथ्याङ्क अध्ययन गर्दा अन्य पैठारीकर्ताले प्रति के.जी. रु.४० देखि रु.५१ सम्ममा चिनी पैठारी गरेकोमा सो संस्थाले प्रति के.जी. रु.६० मा पैठारी गरेको देखिएको; अन्य पैठारीकर्ताले ३० प्रतिशत भन्सार महसुल तिरेर पैठारी गर्दा भन्दा साल्ट ट्रेडिङ लिमिटेडले १ प्रतिशत भन्सार महसुल तिरेर पैठारी गरेको चिनी महंगो हुने देखिएको; भन्सार र मू.अ.करसमेत सो संस्थाले पैठारी गरेको चिनी प्रति के.जी. रु.६९ पर्ने देखिन्छ । जब कि सरकारले निर्धारण गरेको बिक्री मूल्य सोभन्दा कम देखिएको; अन्य पैठारीकर्ताको बिक्री मूल्यमा नाफासमेत समावेश रहेको, यसरी बजार मूल्यलाई स्थिर गर्ने उद्देश्यले दिएको छुटमा खरिद हुँदाको लागतभन्दा खुला बजारमा पैठारीकर्ताले आयात गरेको चिनी सस्तो हुने अवस्थाले उक्त राजस्व छुट रु.३८ करोड ७६ लाख औचित्यपूर्ण देखिएन । | सरकारले चिनीको मूल्यमा स्थिरता कायम गर्न साल्ट ट्रेडिङ लिमिटेडलाई चिनी आयात गर्न भन्सार महसुल छुट दिएको औचित्यपूर्ण नदेखिएकोले उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयसँगको समन्वयमा यसको अध्ययन गरी भन्सार महशुल छुटलाई व्यवस्थित गर्ने । |
| ८ | ८ | **साफ्टा छुट** : साफ्टाको सुविधा उपयोग गरी २०७४।७५ मा विभिन्न व्यवसायीहरुले सामान पैठारी गर्दा रु.२ अर्ब ८० करोड ५७ लाख भन्सार महसुल, सोको अन्तःशुल्क | अन्तर्राष्ट्रिय एवं क्षेत्रीय समूहसँग मुलुकले गरेको सहमति एवं सम्झौताबाट आयात निर्यातमा अधिकतम |

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| | | तथा मूल्य अभिवृद्धि कर रु.३५ करोड ८१ लाखसमेत रु.३ अर्ब १७ करोड २१ लाख राजस्व छुट भएको तर साफ्टा छुट लिएर सरकारले हालसम्म कुनै पनि मालवस्तु निकासी गरी फाइदा लिन सकेको छैन । फलस्वरुप अन्तर्राष्ट्रिय एवं क्षेत्रीय समूहसँग मुलुकले गरेको सहमति एवं सम्झौताबाट आयात निर्यातमा लिने महसुल दरहरुमा अझै कम हुनसक्ने र सोबाट राजस्व असुलीमा कमी हुने अवस्था छ । साफ्टा छुटबाट फाइदा लिन उपयुक्त रणनीति तयार गर्नुपर्दछ । विकास निर्माण तथा सेवा प्रवाहको लागि प्रत्येक वर्ष राजस्व वृद्धि हुनुपर्ने विषयमा सामञ्जस्यता ल्याउन नीतिगत रुपमा सुधार एवं पुनरावलोकन हुनुपर्ने । | लाभ लिन उपयुक्त रणनीति तयार गरी विकास निर्माण तथा सेवा प्रवाहको लागि प्रत्येक वर्ष राजस्व वृद्धिमा सामञ्जस्यता ल्याउन नीतिगत रुपमा सुधार एवं पुनरावलोकन गर्न निर्देशन दिने । |
| ९ | ९ | **राजश्व बक्यौता असुली** : बक्यौता अंकमा वृद्धि र असुली न्यूनता | |
| | ९.१ | सार्वजनिक संस्थान, समिति, बोर्ड र स्थानीय निकायमा गरेको ऋण लगानीको भाखा नाघेको साँवा रु.४५ अर्ब ७१ करोड १९ लाख र ब्याज रु.४७ अर्ब ६५ करोड ८२ लाखसमेत रु.९३ अर्ब ३७ करोड १ लाख राजस्व बक्यौता रहेको; सोमध्ये वीरगन्ज चिनी कारखानाको रु.५९ करोड, हरिसिद्धि ईँटा तथा टायल कारखानाको रु.२६ करोड, हिमाल सिमेन्टको रु.४८ करोड, ओरियन्ट म्याग्नेसाइटको रु.१ अर्ब ४६ करोड, हेटौंडा कपडाको रु.७९ करोड, बुटवल धागो कारखानाको रु.१ अर्ब २८ करोड, गोरखकाली रबर उद्योगको रु.१ अर्ब ४० करोड, जनकपुर चुरोट कारखानाको रु.२ अर्ब १९ करोड, जुट विकास संस्थानको रु.११ करोड, घरेलु शिल्पकलाको रु.२६ करोड, ६ धान चामल कम्पनीको रु.८५ करोड, यातायात संस्थानको रु.१ अर्ब २४ करोड र साझा यातायातको रु.२ अर्ब १२ करोडसमेत रु.१३ अर्ब ३ करोड रहेको छ । | सार्वजनिक संस्थान, समिति, बोर्ड र स्थानीय निकायमा गरेको ऋण लगानीको भाखा नाघेको, बक्यौता अंकमा वृद्धि र असुलीको प्रतिशतमा न्यूनता रहेकोले यसलाई कडाईका साथ नियन्त्रण गर्न र असुली कार्यलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न निर्देशन दिने । |
| | ९.२ | काठमाडौं महानगरपालिकासँग रु.८९ करोड, पोखरा महानगरपालिकासँग रु.३७ करोड, भरतपुर महानगरपालिकासँग रु.२८ करोड, हेटौंडा उप-महानगरपालिकासँग रु.१४ | सञ्चालनमा नरहेका, रहेर पनि घाटामा रहेका सार्वजनिक संस्थान, समिति, स्थानीय तह लगायतसँग |

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| | | करोड, उदयपुर सिमेन्ट कारखानासँग रु.३ अर्ब १६ करोड, नेपाल नागरिक उड्डयन प्राधिकरणसँग रु.४ अर्ब ५९ करोड, नेपाल दूरसञ्चार प्राधिकरणसँग रु.२ अर्ब ९ करोड, नेपाल विद्युत प्राधिकरणसँग रु.४९ अर्ब ९५ करोड, खानेपानी संस्थानसँग रु.५ अर्ब ५० करोड, काठमाडौं खानेपानी व्यवस्था बोर्डसँग रु.३ अर्ब ४८ करोड, साना किसान विकास बैङ्कसँग रु.१ अर्ब ३४ करोडसमेत रु.७१ अर्ब ७९ करोड भाखा नाघेको साँवा ब्याज रहेको; कतिपय संस्थाहरुले नाफा आर्जन गरिरहेको अवस्थामा पनि भाखा नाघेको ऋणको साँवा ब्याज नतिरेको; सञ्चालनमा नरहेका, रहेर पनि घाटामा रहेका सार्वजनिक संस्थान, समिति, स्थानीय तहलगायतसँग लिन बाँकी रहेको अर्बौं रकम असुलीका लागि सरकारले अभियानकै रुपमा कदम चालेर हिसाब राफसाफ गर्नुपर्ने । | लिन बाँकी रहेको अर्बौं रकम असुलीका लागि अभियानका रुपमा कदम चालेर हिसाब राफसाफ गरी समितिलाई जानकारी दिन निर्देशन दिने । |

# प्रतिनिधि सभा
# सार्वजनिक लेखा समिति
# बेरुजु छलफल उपसमिति
# अर्थ मन्त्रालय

## महालेखापरीक्षकको ५१औं वार्षिक प्रतिवेदनको बेरुजु दफा ४४ का सम्वन्धमा भएको छलफलको मिति २०७७/६/१२ को निर्णय

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| १ | ४४ | पूँजीगत लाभकर : एक ट्रेडिङ्ग कम्पनीले कर मुक्ति योजना गरी शेयर खरिद बिक्री बाट पूँजीगत लाभकर कम तिरेकोले छानविन गरी असुल गर्नुपर्ने । | सार्वजनिक लेखा समितिको २०७६/५/८ को निर्णय र प्रतिनिसभाबाट २०७६/११/६ मा स्वीकृत प्रतिवेदनमा उल्लिखित निर्देशन/निर्णय कार्यान्वयन नगरी यसको प्रतिकूल हुने गरी कर असुली गर्न २०७७/३/३० मा कर निर्धारण गरेको तथा सोही आधार बनाई २०७७/३/३१ मा महालेखापरीक्षकको कार्यालयले बेरुजु सम्परीक्षण गरेको देखिएकोले उक्त कर निर्धारणको निर्णय खारेज गरी समितिको निर्देशन कार्यान्वयन गर्न र समितिलाई त्यसको प्रतिवदेन गर्न निर्देशन दिने । |

# प्रतिनिधि सभा
# सार्वजनिक लेखा समिति
# बेरुजु छलफल उपसमिति
# गृह मन्त्रालय
## महालेखापरीक्षकको ५६औं वार्षिक प्रतिवेदन, २०७४/७५ उपर भएको छलफलका मिति २०७७/३/२४ का निर्णयहरु

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| १ | १ | **नीति तथा कार्यक्रम** – गृह प्रशासन सुधार कार्ययोजना, २०७४ मा उल्लेख भए अनुसार सुधार गर्नुपर्दछ । | गृह प्रशासन सुधार कार्ययोजना, २०७४ तथा विशिष्ट व्यक्तिहरुको सुरक्षा व्यवस्थापन कार्यविधि लागू गर्न निर्देशन दिने । |
| २ | २ | **कानून तर्जुमा** - गृह प्रशासन सम्बन्धी आवश्यक ऐन नियम समयमै तयार गर्नुपर्दछ । | सुझाव अनुसार गर्न निर्देशन दिने । |
| ३ | ३ | **केन्द्रीय आर्थिक विवरण** – मन्त्रालयले तयार गरेको केन्द्रीय आर्थिक विवरणले महालेखा नियन्त्रक कार्यालयले तयार गरेको विवरणभन्दा शुरु बजेट रु.१८ करोड ६२ लाख ७४ हजार बढी र खर्च ३७ करोड ८९ लाख ४८ हजार घटी देखाएको छ । कारोबारको यथार्थ अवस्था दर्शाउने गरी आर्थिक विवरण तयार गर्नुपर्दछ । | कारोबारको यथार्थ अवस्था दर्शाउने गरी आर्थिक विवरण तयार गर्न निर्देशन दिने । |
| ४ | ४ | **शान्ति सुरक्षा खर्च** - प्रत्येक वर्ष सुराकीलाई भुक्तानी खर्च बढ्दै गएकोमा वृद्धिको आधार पारदर्शी छैन । खर्च सम्बन्धी कार्यविधिसमेत तयार गरेको देखिएन । तत्कालीन शान्ति सुरक्षाको परिस्थितिमा गरिएको निर्णय परिवर्तित अवस्थामा पुनरावलोकन गर्नुपर्दछ । | खर्च सम्वन्धी कार्यविधि तय गरी सुझाव बमोजिम खर्चमा मितव्ययिता र पारदर्शिता कायम गर्न निर्देशन दिने । |

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| ५ | ५ | **आर्थिक सहायता** : यो वर्ष मन्त्रिपरिषद्को निर्णयबाट प्रति व्यक्ति रु. ५० हजारदेखि रु.२५ लाखसम्मका दरले २ हजार २३० जनालाई आर्थिक सहायता वितरण गरेको छ । | |
| | ५.१ | मन्त्रालयले २०७४।७५ मा ३१ करोड ८० लाख २७ हजार आर्थिक सहायता प्रदान गरेको छ । कार्यविधिको पालना साथै उपचार खर्च पुष्टि हुने गरी सहायता प्रदान गर्नुपर्दछ । | अब आइन्दा कार्यविधिको पूर्ण पालना गर्दै उपचार खर्च पुष्टि हुने गरी आर्थिक सहायतालाई कानून सम्मत र पारदर्शी बनाउन निर्देशन दिने । |
| | ५.२ | कार्यविधि विपरित रु.२५ लाखसम्म आर्थिक सहायता वितरण गरेको देखिन्छ । यसरी ३० व्यक्तिलाई रु.३ करोड ३३ लाख वितरण गरेको छ । मापदण्डभित्र रहने गरी आर्थिक सहायता वितरण गर्नुपर्दछ । | अब आइन्दा कार्यविधिको पूर्ण पालना गरी मापदण्ड भित्र रहेर मात्र आर्थिक सहायता वितरण गर्न निर्देशन दिने । |
| ६ | ६ | **व्यक्तिगत सुरक्षाकर्मी** - सर्वोच्च अदालतले २०६८।८।२२ मा कानूनमा व्यवस्था गरेर मात्र विशिष्ट व्यक्तिलाई सुविधा उपलब्ध गराउने आदेश दिएको छ । व्यक्तिगत काममा समेत लगाउने कार्य रोक्नुपर्ने व्यवस्था "गृह प्रशासन सुधार मार्गचित्र, २०७४" मा उल्लेख छ । मापदण्डभन्दा विपरीत उपलब्ध गराएको सुरक्षाकर्मी फिर्ता गर्नुपर्दछ । | सुझाब बमोजिम गर्न निर्देशन दिने । |
| **कारागार व्यवस्थापन विभाग** | | | |
| ७ | ७ | **सुधार योजना** - स्वास्थ्य मन्त्रालयबाट औषधि उपलब्ध भएको छैन । कार्यविधिको अभावमा खुल्ला कारागार व्यवस्थाअनुसार कैदीलाई | सुझाब बमोजिम गर्न निर्देशन दिने । |

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| | | विकास निर्माणका काममा संलग्न गराएको छैन । गृह प्रशासन सुधार कार्ययोजना, २०७४ अनुसार कारागार व्यवस्थापनमा सुधार गर्नुपर्दछ । | |
| ८ | ८ | **भौतिक सुधार -** कारागारको भौतिक र व्यवस्थापकीय पक्ष सुधार कार्यदलको प्रतिवेदन, २०६८ को सिफारिस कार्यान्वयन गर्न विभागले कार्य योजना तयार गरेको छैन । निर्माण तथा सुधारका कार्य सम्पन्न गरी कारागार व्यवस्थापन प्रभावकारी बनाउनु पर्दछ । | कारागारको भौतिक र व्यवस्थापकीय पक्ष सुधार कार्यदलको प्रतिवेदन, २०६८ लाई मध्यनजर गर्दै कारागारको भौतिक निर्माण र सुधारका कार्य समयमै सम्पन्न गरी कारागार व्यवस्थापन प्रभावकारी बनाउन निर्देशन दिने । |
| ९ | ९ | **कारागार क्षमता -** ११ हजार ७०० सम्म क्षमता रहेको ७४ कारागारमा १९ हजारभन्दा बढी कैदी रहेको अवस्था छ । कैलाली र बाँके कारागारमा क्षमताभन्दा ३०० प्रतिशत बढी हुने गरी कैदी राखेको देखिन्छ ।कारागार क्षमताका आधारमा बन्दी राख्नुपर्दछ । | सुझाव बमोजिम गर्न निर्देशन दिने । |
| | | **अध्यागमन विभाग** | |
| १० | १० | **प्रणाली सुधार —** गृह प्रशासन सुधार कार्ययोजनाले प्रविधियुक्त अभिलेख प्रणाली राख्ने उद्देश्य लिएपनि सीमा नियन्त्रण प्रणालीको स्थापना, स्मार्ट कार्डको व्यवस्था तथा इमिग्रेसन मोबाइल एप्लिकेसन तयार गरेको छैन । अध्यागमन विभाग र मातहतका कार्यालयको कार्य वातावरणमा सुधार गर्ने कार्ययोजना कार्यान्वयन गर्नुपर्दछ । | सुधारका लागि चालिएको कामहरुलाई निरन्तरता दिई अभिलेखहरुलाई अद्यावधिक बनाउन र मातहतका कार्यालयहरुको कार्य वातावरणमा सुधार गर्ने कार्ययोजना कार्यान्वयन गर्न निर्देशन दिने । |
| ११ | ११ | **भिसा स्टिकर** - विभागले यो वर्ष ५ लाख ६७ हजार ४७६ थान भिसा | १५ दिनभित्र भिसा स्टिकरको अध्यावधिक अभिलेख समितिमा पेश गर्न |

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| | | स्टिकर जिन्सी खाताबाट खर्च जनाएको छ तर कूटनैतिक नियोगलाई उपलब्ध गराएको भिसा स्टिकरको अभिलेख अद्यावधिक गरेको छैन । अभिलेख अद्यावधिक गरी राजस्व यकिन हुने गरी आय लेखाङ्कनमा सुधार गर्नुपर्दछ । | र राजस्व यकिन हुने गरी आय लेखांकनमा सुधार गर्न निर्देशन दिने । |
| १२ | १२ | **कारबाही तथा निष्काशन** – अध्यागमन कानून पालना नगर्ने र भिसाको म्याद थप नगरी नेपालमा बस्ने विदेशी नागरिकको यथार्थ अभिलेख तयार गरी तथ्याङ्क प्रणाली व्यवस्थित गर्नुपर्दछ । | अध्यागमन कानूनको पालना नगर्ने र भिसाको म्याद थप नगरी नेपालमा बस्ने विदेशी नागरिकलाई गरिएको कारवाही तथा निष्काशनको यथार्थ विवरण आउने गरी तथ्यांक प्रणाली व्यवस्थित गर्न निर्देशन दिने । |
| | | **राष्ट्रिय परिचयपत्र व्यवस्थापन केन्द्र** | |
| १३ | १३ | **परिचयपत्र वितरण** –वार्षिक कार्यक्रम, २०७४ बमोजिम केन्द्रले १२ जिल्लामा राष्ट्रिय परिचयपत्र वितरण गर्ने लक्ष्य बमोजिम हालसम्म रु. ६० करोड ७५ लाख ७५ हजार खर्च भएको छ । लक्ष्यअनुरुप परिचयपत्र वितरण गर्न नसक्दा लागतसमेत बढ्ने देखिन्छ । वार्षिक लक्ष्य अनुसार कार्य सम्पन्न गर्नुपर्दछ । | वार्षिक लक्ष्य अनुसार कार्य सम्पन्न गर्न निर्देशन दिने । |
| | | **नेपाल प्रहरी** | |
| १४ | १४ | **कार्यक्रम कार्यान्वयन** – अपराध अनुसन्धान प्रविधिमा आधारित, साइबर अपराध नियन्त्रणका लागि कानूनी व्यवस्था, आधुनिक उद्धार सामग्री व्यवस्था, सी.सी.टी.भी. चालु हालतमा राख्ने लगायतका कार्य सम्पन्न गरेको पाइएन । सुधार योजना कार्यान्वयनका लागि आवश्यक बजेट व्यवस्था गरी प्रहरी सेवालाई प्रभावकारी बनाउनुपर्दछ । | अपराध अनुसन्धान प्रविधिमा आधारित बनाई साइबर अपराध नियन्त्रणका लागि कानूनी व्यवस्था, आधुनिक उद्धार सामग्री व्यवस्था, सी.सी.टी.भी. चालु हालतमा राख्ने लगायत आवश्यक सुधारका लागि योजना तथा बजेट तय गरी प्रहरी सेवालाई प्रभावकारी बनाउन निर्देशन दिने । |

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| | | | |
| १५ | १५ | **मानव स्रोत व्यवस्थापन** - नेपाल प्रहरीको कुल दरबन्दी ७५ हजार ८१० दरबन्दी स्वीकृत भएको छ । आर्थिक वर्षको अन्तमा ४ हजार ८६० पद रिक्त रहेको देखिन्छ । प्रहरी सेवामा आकर्षण गर्न सक्ने गरी जनशक्ति व्यवस्थापन योजना तयार गर्नुपर्दछ । | स्वीकृत दरबन्दी बमोजिम समयमा नै पदपूर्तिको व्यवस्था मिलाई सेवा पलायनबाट रोक्न प्रहरी सेवालाई आकर्षक बनाउने गरी जनशक्ति व्यवस्थापन योजना तयार गरी लागू गर्न निर्देशन दिने । |
| १६ | १६ | **अपराध अनुसन्धान** — समग्ररुपमा संगठित तथा आर्थिक अपराध २९.५८, सामाजिक अपराध ४०.८९, महिला तथा बालबालिका सम्बन्धी ३३.४५ प्रतिशतले बढेको पाइयो । अपराधिक क्रियाकलाप बढ्नुका कारण पत्ता लगाई बढ्दो अपराधलाई रोकथाम गरी शान्ति सुव्यवस्था कायम गर्न आवश्यक कार्यक्रमहरु तर्जुमा गर्नुका साथै दर्ता भएका मुद्दाहरु समयमै फछ्र्यौट गर्नुपर्दछ । | सुझाव बमोजिम गर्न निर्देशन दिने । |
| | १७ | **ट्राफिक व्यवस्थापन** — उपत्यकाको ट्राफिक व्यवस्थापनको लागि थप ट्राफिक बत्ती, सडक बत्ती, अण्डरपास, फ्लाई ओभर, अकासेपुल आवश्यक रहेको औंल्याए तापनि त्यस्ता संरचना निर्माणको प्रक्रिया अगाडि बढाएको पाइएन । सडक, क्रसिङ र पार्किङस्थलको व्यवस्थापन, सवारी साधन दर्ता एवं सञ्चालन अनुमति, सवारी नियन्त्रण गर्ने निकाय बीच समन्वयको अभाव देखिएको छ । समन्वय गरी एकीकृत ट्राफिक व्यवस्थापन योजना लागू गर्नुपर्दछ । | सडक विभाग, यातायात व्यवस्था विभाग, महानगरपालिका, प्रदेश सरकार र उपत्यका ट्राफिक प्रहरीको आपसी समन्वयमा एकीकृत ट्राफिक व्यवस्थापन योजना लागू गर्न निर्देशन दिने । |
| १८ | १८ | **ट्राफिक बत्ती** —महानगरीय ट्राफिक महाशाखाले काठमाडौं उपत्यकाभित्र | सडक विभाग, यातायात व्यवस्था विभाग, महानगरपालिका, प्रदेश |

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| | | थप ३२ स्थानमा ट्राफिक बत्ती र थप ९ स्थानमा पैदलयात्री बत्ती व्यवस्था गर्नुपर्ने औँल्याएकोमा कार्यान्वयन गरेको पाइएन । सडक विभागसँग समन्वय गरी ट्राफिक बत्ती र पैदलयात्री बत्ति व्यवस्था गरी ट्राफिक व्यवस्थापन सुधार गर्नुपर्दछ । | सरकार र उपत्यका ट्राफिक प्रहरीको आपसी समन्वयमा ट्राफिक बत्ती र पैदलयात्री बत्ति व्यवस्था गरी ट्राफिक व्यवस्थापन सुधार गर्न निर्देशन दिने । |
| | १९ | **सडक सुरक्षा** – वार्षिक औसत ८ प्रतिशतका दरले दुर्घटनामा वृद्धि भएको देखियो । सवारी साधन र सडकको जीर्ण अवस्था, सवारीसाधनको चाप, पूर्वाधारबेगर सडक अनुमति दिनु, यात्रुको चाप, चालक अनुमतिपत्रमा नियमनको कमीका कारणले दुर्घटना बढेको अवस्था छ । सम्बन्धित निकायबाट सडक मर्मत, सडक बत्ती, ट्राफिक चिन्ह, सडक स्मार्ट चिह्न, प्रदूषण परीक्षण मेसिन लगायतको व्यवस्थापन गरी दुर्घटना न्यूनीकरण गर्नुपर्दछ । | सुझाव बमोजिम गर्न निर्देशन दिने । |
| | २० | **निर्माण स्थल** – निर्माण व्यवसायीलाई २०७५।३।२९ मा रु.४० लाख ६७ हजार मोबिलाइजेसन पेस्की भुक्तानी भएकोमा निर्माण स्थान उपलब्ध नगराएकोले कार्यारम्भ भएको छैन । निर्माण स्थल यकिन नगरी सम्झौता गर्नु र पेस्की उपलब्ध गराउनु उचित देखिएन । निर्माणस्थल उपलब्ध गराई सम्झौताअनुसारको कार्य सम्पन्न हुनुपर्दछ । | निर्माण स्थल यकिन नगरी सम्झौता गर्ने र पेस्की उपलब्ध गराउने पदाधिकारीलाई सचेत गराई सम्झौताअनुसारको कार्य सम्पन्न गर्न गराउन निर्देशन दिने । |
| | २१ | **स्रोत र सेवा प्रवाह** – नेपाल प्रहरीका जवानका लागि पर्याप्त आवास, मेस, पिउने पानी र शौचालय लगायत भौतिक पूर्वाधारको कमी रहेको छ । सवारी साधन, राडर गन, भेहिकल फिटनेस टेस्टिङ सेन्टर, सवारी प्रदूषण प्रशिक्षण मेसिनको कमी रहेको पाइयो । तोकिएको जिम्मेवारीको | सुझाव बमोजिम गर्न निर्देशन दिने । |

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| | | आवश्यकता अनुरुप स्रोतको व्यवस्था गरी प्रहरी सेवाको प्रभावकारिता वृद्धि गर्नुपर्दछ । | |
| | | **सशस्त्र प्रहरी बल नेपाल** | |
| | २२ | **औद्योगिक तथा राजस्व सुरक्षा** – "औद्योगिक करिडोर, क्षेत्र र प्रतिष्ठानहरु" को सुरक्षाका लागि सशस्त्र प्रहरी बल औद्योगिक सुरक्षा गणको व्यवस्था गरिएको छ । भन्सार नाका र राजस्व अनुसन्धानमा सशस्त्र प्रहरी बलको वेशक्याम्प राखी सुरक्षा राखिएको छ । सीमा नाकाहरुमा सघन गस्ती परिचालन गरी चोरी पैठारी नियन्त्रणमा प्रभावकारिता ल्याउनुपर्दछ । | सुधारका कार्यहरुलाई निरन्तरता दिई सीमा नाकाहरुमा सघन गस्ती परिचालन गरी चोरी पैठारी नियन्त्रणमा प्रभावकारिता ल्याउन समयमै कार्य सम्पन्न गर्न निर्देशन दिने । |
| | २३ | **अभिलेख सुरक्षा** – केन्द्रीय लेखाको भण्डारमा २०७४।९।४ गते राति १:३० बजे आगलागी हुँदा रु.९ अर्ब ७४ करोड १९ लाखका कारोबारसम्बन्धी प्रमाण कागजात क्षति भएको देखिएको छ । छानबिन समितिको कम्प्युटरमा आधारित लेखा तथा अभिलेख प्रणाली लागू गर्ने, जिन्सी व्यवस्थापन चुस्त बनाउने जस्ता सुझावसमेतका आधारमा सुधार गरी अभिलेख प्रणाली व्यवस्थित गर्नुपर्दछ । | सुधारका कार्यलाई निरन्तरता दिई अभिलेख प्रणाली व्यवस्थित गर्न निर्देशन दिने । |
| | २४ | **ठेक्का व्यवस्था** - आर्थिक वर्ष ०७४।७५ मा स्टेशनरी, मसलन्द तथा कार्यालय सञ्चालन लगायतका सामान खरिद गर्न रु.२२ करोड ३८ लाख ९१ हजार लागत अनुमानका १३ खरिद ठेक्कामा रु.१५ करोड ८२ लाख ४ हजारमा सामान आपूर्ति गर्ने गरी सम्झौता भएको छ । | सार्वजनिक खरिद ऐन र नियमावलीको पालना गरी आइन्दा वोलपत्रको माध्यमबाट मात्र प्रतिष्पर्धा गराइ खरिदकार्य गर्न र सम्झौताबमोजिम काम नगर्ने र नगराउनेलाई कारवाहीको दायरामा ल्याउन निर्देशन दिने । |

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| | | प्रस्तावित दर विश्लेषण गर्दा माग घटी हुने सामान न्यून मूल्यमा तथा अधिक माग हुने सामान उच्च मूल्यमा उपलब्ध गराउने गरी प्रस्ताव गरे पनि न्यून कबोल गरेको वस्तु आपूर्ति नगरेको साथै बोलपत्रमा उल्लेख भएभन्दा फरक किसिमका सामग्री प्रचलित बजार मूल्यमा उपलब्ध गराएको देखिन्छ । सम्झौताअनुसार आपूर्ति गर्ने गरी सुधार गर्नुपर्दछ । | |
| | २५ | **पोशाक वितरण** - यो वर्ष पोशाक खरिदको रु.५ करोड ८६ लाख १५ हजार खरिद कार्य नहुँदा फ्रिज भएको छ । कुल ३७ हजार ११७ सशस्त्र प्रहरी कार्यरत रहेकोमा पोशाक मौज्दात दरवन्दीको तुलनामा न्यून देखिन्छ । नियमावलीमा उल्लेख भए अनुसार पोशाक वितरण गर्नुपर्दछ । | सुझाव बमोजिम गर्न निर्देशन दिने । |
| **जिल्ला प्रशासन कार्यालयहरु** | | | |
| | २६ | **सेवा प्रवाह** - जिल्ला प्रशासन कार्यालयले अनलाइन निवेदन लिने तथा क्यू मेसिनमार्फत टोकन प्रणालीको शुरुवात गर्नुपर्नेमा गरेको छैन । सुधार कार्ययोजना कार्यान्वयन गराई सेवाको प्रभावकारिता बढाउनु पर्दछ। | सुधारका कार्यहरु सबै जिल्लाहरुमा पुऱ्याई सेवाको प्रभावकारिता बढाउन निर्देशन दिने । |
| | २७ | **राहत र क्षतिपूर्ति** - राहत र क्षतिपूर्तिका लागि निकासा रकम समयमै वितरण भएको छैन । राहत तथा क्षतिपूर्तिका लागि प्राप्त रकम समयमा बितरण गरी सेवाको प्रभावकारिता बढाउनुपर्दछ । | राहत र क्षर्तिपूर्तिलाई प्रभावकारी बनाउन समयमा नै प्राप्त रकम वितरण गर्न र सेवालाई प्रभावकारी बनाउन निर्देशन दिने । |
| **राष्ट्रिय विपद् व्यवस्थापन कोष** | | | |

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| | २८ | **क्षमता अभिवृद्धि** - क्षमता वृद्धिका लागि मन्त्रालयले विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति तर्जुमा गरी जनसेवा ब्यूरो गठन गरेको छ । योजनाअनुसार सञ्चालन केन्द्र स्थापना गरी भण्डारणको व्यवस्था गरेको छैन । साथै संघ, प्रदेश र स्थानीय निकायबाट राहत पुनर्स्थापना र पुनर्निर्माण दोहोरो नपर्ने गरी गर्नुपर्दछ । | सुझाव बमोजिम गर्न निर्देशन दिने । |
| | २९ | **राहत वितरण** — मन्त्रालयले यो वर्ष जिल्ला विपद् व्यवस्थापन कोषहरुलाई रु.१ अर्ब ९ करोड २० लाख २८ हजार निकासा गरेको छ । खाद्यान खरिदका लागि नगद वितरण कार्य बैकिङ्ग कारोबारमार्फत गरी स्रोतको दक्षतापूर्वक उपयोग गरी लक्षित समूह लाभान्वित हुने व्यवस्था गर्नुपर्दछ । | खाद्यान खरिदका लागि नगद वितरण कार्य बैकिङ्ग कारोबारमार्फत गरी स्रोतको दक्षतापूर्वक उपयोग गरी लक्षित समूह लाभान्वित हुने व्यवस्था गर्न निर्देशन दिने । |
| | ३० | **हेलिकोप्टर भाडा** — विपद् व्यवस्थापन कोषको रकम सुरक्षा गोष्ठीमा सहभागिता जनाउन हेलिकोप्टर प्रयोग गरी रु.८३ लाख ६० हजार भाडा खर्च लेखेको छ । असम्बन्धित कार्यमा प्रयोग भएको हेलिकोप्टर भाडा विपद् राहतको लागि निकासा भएको रकमबाट भुक्तानी गर्नु उचित देखिएन । विपद् व्यवस्थापन कोषको रकम सम्बन्धित कार्यमा मात्र खर्च गर्नुपर्दछ। | हेलिकोप्टर प्रयोग खर्च सम्बन्धी विस्तृत विवरण १५ दिनभित्र समितिमा पेश गर्न निर्देशन दिने । अब आइन्दा सम्बन्धित शीर्षकबाट मात्र खर्च गर्ने व्यवस्था गर्न निर्देशन दिने । |
| | ३१ | **कार्य सञ्चालन केन्द्र** — केन्द्रमा प्राकृतिक विपद्को बेला आवश्यक पर्ने राहत तथा उद्धार सामग्रीहरु भण्डारणको अद्यावधिक जिन्सी अभिलेख नराखेको, जिन्सी सामानको प्रकृति र प्रयोजनअनुरुप वर्गीकरण गरी | प्रदेश सरकार मातहत कार्य सञ्चालन केन्द्र व्यवस्थित गर्न निर्देशन दिने । |

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| | | सोहीअनुरुप आवश्यक स्थान व्यवस्था गरी भण्डारण नगरेको तथा सामान वितरणको लागि माग फाराम प्रयोग नगरेको अवस्था छ । कर्मचारी क्षमता वृद्धि गरी जिन्सी लगत अद्यावधिक गरी संरक्षणको उचित व्यवस्था गर्नुपर्दछ । | |
| **अन्य संस्था (कल्याण कोष तथा कल्याणकारी सेवा केन्द्र)** | | | |
| | ३२ | **व्यावसायिक क्रियाकलाप –** नेपाल प्रहरीको कल्याण कोष मातहत सञ्चालनमा रहेका ४ पेट्रोल पम्पमा ४५ प्रहरी, यसैगरी सशस्त्रका ३ पेट्रोल पम्पमा ४४ सशस्त्र प्रहरी कर्मचारी परिचालन गरेको पाइयो । छुट्टै अस्तित्वसहित दर्ता भएको संस्थामा कार्यरत कर्मचारीको तलब तथा पारिश्रमिक नेपाल सरकारको स्रोतबाट भुक्तानी गर्नु उचित देखिएन । व्यावसायिक क्रियाकलाप सञ्चालन गर्न छुट्टै व्यवस्था गरी आन्तरिक स्रोतबाट खर्च व्यवस्थापन गर्नुपर्दछ । | पेट्रोल पम्प संचालन जस्ता व्यवसायिक क्रियाकलाप सञ्चालन गर्न कल्याणकारी सेवा केन्द्रको आन्तरिक स्रोतबाट खर्च व्यवस्थापन गर्न निर्देशन दिने । |

# प्रतिनिधि सभा
# सार्वजनिक लेखा समिति
# बेरुजु छलफल उपसमिति
# रक्षा मन्त्रालय
## महालेखापरीक्षकको ५६औं वार्षिक प्रतिवेदन, २०७४/७५ उपर भएको छलफलको मिति २०७७/३/२८ का निर्णयहरु

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| १ | १ | **नीति कार्यान्वयन -** नेपाल सरकारको नीति तथा कार्यक्रममा नेपालको समग्र राष्ट्रिय हित प्रवर्द्धनका लागि राष्ट्रिय सुरक्षा नीति कार्यान्वयन गरिने उल्लेख भएपनि कार्यान्वयन देखिएन । नेपाली सेनालाई जिम्मा दिनुपर्ने सम्पदाहरुको विवरण तयार गरेको पाइएन । | सरोकारवाला निकायहरुसँग समन्वय गरी राष्ट्रिय सुरक्षा नीतिको कार्यान्वयन गर्न र बजेट वक्तव्यमा उल्लेखित कार्यहरु प्राथमिकतामा राखी सम्पन्न गर्न निर्देशन दिने । |
| **नेपाली सेना**<br>**सम्भार रथीको कार्यालय** | | | |
| २ | २ | **प्रतीतपत्र -** २०५७।५८ देखि २०७३।७४ सम्मको रु. ४ अर्ब २८ करोड २५ लाखको ८३ प्रतीतपत्र पेश्की फछ्र्यौट हुन बाँकी रहेकोले समयमा सामान प्राप्त नभएको तथा फछ्र्यौटसम्बन्धी कारबाही नगरेको अवस्था देखिन्छ । | निर्धारित समयमा मालसामान प्राप्त भए नभएको यकिन गरी मालसामान प्राप्त हुन नसकेका प्रतितपत्र बैंकसँगको समन्वयमा बन्द गरी पेश्की फछ्र्योंट गरेर ६ महिनभित्र समितिलाई जानकारी गराउने । |
| ३ | ३ | **सुरक्षा सामग्री खरिद -** सुरक्षा सामग्रीको लागि नेपाल राष्ट्र बैङ्कमा प्रतीतपत्र खोल्न रु.८६ करोड ४३ लाख ५५ हजार पठाएको, आर्थिक वर्ष समाप्त | सुरक्षा सामग्रीको खरिदमा सार्वजनिक खरिद ऐन र नियमावलीको पूर्ण पालना गरी अनिर्णित अवस्थामा रहेको कामलाई ६ महिनाभित्र टुङ्गो |

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| | | भएको ६ महिनाभन्दा बढी समय व्यतीत भैसक्दा पनि पेस्की अनिर्णित अवस्थामा रहनु नियमसम्मत देखिँदैन । | लगाई समितिलाई जानकारी गराउने । |
| ४. | ४ | **विनिमय दरमा वृद्धि** - भिभिआइपी मिडियम हेलिकोप्टरको खरिद प्रयोजनका लागि नेपाल राष्ट्र बैङ्कलाई २०७४।१०।१० मा रु.१ अर्ब ७० करोडको चेक पठाएकोमा शतप्रतिशत मार्जिन रकम नपुग भएको कारण कारबाही अघि नबढाएकोले २०७५।१।२० मा रु.१९ करोड १८ लाख थप गरेको देखिन्छ । यो अवधिमा युरोको विनिमय दर रु.११८।०९ बाट वृद्धि भै रु.१२८।३१ पुगेकोले सम्झौता रकम युरो १ करोड ४३ लाख ३४ हजारको लागि करिव रु.१४ करोड ६५ लाख थप व्ययभार पर्न गएको छ । | अब आइन्दा खरिद कार्यका सन्दर्भमा आर्थिक प्रस्ताव स्वीकृतिमा ढिला सुस्ती नगरी थप व्ययभार नपर्ने व्यवस्था गर्न निर्देशन दिने । |
| | | **इन्जिनियरिङ् विभाग**<br>**काठमाडौं - तराई / मधेश द्रुतमार्ग** | |
| ५. | ५ | **प्रगतिः** आयोजनाले यो वर्ष सडक निर्माणको लागि बोलपत्र प्रक्रियाबाट रु.१३ अर्ब २६ करोड ४९ लाखको २२ खरिद सम्झौता गरेकोमा रु.३ अर्ब ५८ करोड ७९ लाख खर्च भएको छ । अमानतबाट हुने निर्माणको लागि आवश्यक निर्माण उपकरण तथा सवारीसाधन भाडामा लिन रु.१ अर्ब ४४ करोड ४ लाखको ५ खरिद सम्झौता गरेकोमा रु.८५ करोड ९६ लाख खर्च गरेको छ । त्यसैगरी निर्माण उपकरण, सवारीसाधन, सञ्चार उपकरणलगायतका सामान आपूर्तिको लागि १४ खरिद सम्झौताको रु.२८ | खरिद सम्झौता गरेको मध्ये न्यून बजेट खर्च भएको देखिएकोले स्वीकृत बजेट तथा कार्यक्रम अनुरुप समयमै कार्य सम्पन्न गर्न समय सीमा निर्धारण गरी नियमानुसार खरिद प्रक्रिया संचालन गर्न निर्देशन दिने । |

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| | | करोड ३६ लाख, अमानतमा रुख काट्ने कार्यको लागि रु.४१ करोड ७५ लाख, दश स्थानमा क्याम्प र एक कार्यालय भवन निर्माणको लागि रु.४७ करोड ७२ लाख र जग्गा खरिद पेस्की रु.२ अर्बसमेत यस वर्ष रु.७ अर्ब ६२ करोड ५८ लाख भुक्तानी गरेको छ। | |
| ६. | ६ | **विस्तृत परियोजना प्रतिवेदन -** विस्तृत परियोजना प्रतिवेदन स्वीकृत नभैकनै रुख कटान, मुआवजा वितरण, माटो खन्ने पुर्ने, टेवा पर्खाल लगाउने लगायतका कार्यमा रु.१२ अर्ब ६५ करोड खर्च गरेको । | विस्तृत परियोजना प्रतिवेदन स्वीकृत भइसकेकोले केही गर्नु नपर्ने र बेरूजु लगत हटाउने । |
| ७. | ७ | **खर्च वर्गीकरण विपरीत खरिदः** नेपाल सरकारको खर्च शीर्षक वर्गीकरण र व्याख्या विपरित आयोजनाले निर्देशक समितिबाट कार्यक्रम स्वीकृत गराई सार्वजनिक निर्माण खर्च शीर्षकमा सवारीसाधन, भारी मेसिनरी उपकरण तथा सोको पार्टपुर्जा खरिदमा रु.२८ करोड ३७ लाख, सञ्चार उपकरण खरिदमा रु.२ करोड ४७ लाख, इन्जिनियरिङ उपकरण, विद्युतीय सामान, सुरक्षा उपकरण, कम्प्युटर तथा प्रिन्टर, फर्निचर फिक्सचरलगायत खरिदमा रु.९३ लाख समेत रु.३१ करोड ७७ लाख खर्च गरेको छ । | अब आइन्दा सार्वजनिक निर्माणका लागि विनियोजित रकम अन्य शीर्षकमा खर्च नगर्न निर्देशन दिने र आ.ब. २०७६/२०७७ बाट चालुतर्फ र पूँजीगततर्फ विभिन्न शीर्षकमा बजेट व्यवस्थापन गरिएकोले उल्लिखित बेरुजु लगत हटाउने । |
| ८ | ८ | **ठेक्का व्यवस्था र प्रतिस्पर्धाः** लागत अनुमान र सम्झौता रकम तुलना गर्दा १४ ठेक्कामा एक प्रतिशत र ३ ठेक्कामा एकदेखि पाँच प्रतिशतभन्दा घटी अन्तर रहेको पाइयो । सडक निर्माण समूहका ठेक्काहरुको बढी लागतका प्याकेजमा बोलपत्र दाखिला संख्या न्यून रहेको र लागत अनुमानकै हाराहारीमा खरिद सम्झौता भएको छ । खरिद कार्यको प्याकेज तय गर्दा | उल्लिखित ठेक्काहरुको पुनरावलोकन गरी खरिद कार्यको प्याकेज तय गर्दा पर्याप्त प्रतिस्पर्धा हुन सक्ने नसक्ने सुनिश्चितता गरी गराई अधिक संख्यामा बोलपत्र सहभागी हुने वातावरण मिलाउन र खरिद कार्यलाई मितव्ययी बनाउन निर्देशन दिने । |

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| | | पर्याप्त प्रतिस्पर्धा हुन सक्ने नसक्ने विषयमा ध्यान दिनुपर्ने देखिन्छ । | |
| ९ | ९ | **निर्माणस्थल विवादः** खोकना प्रवेश विन्दुदेखि डुकुछापसम्म ६.४ कि.मि. लम्बाइको क्षेत्रमा सडक रेखाङ्कन विवादको कारणले ४८.५ प्रतिशत स्थानीयले मुआब्जा नलिई अवरोध भएको कारण निर्माण कार्य शुरु हुन सकेको छैन । | समयमै विवाद अन्त्य गरी आयोजनालाई निर्वाध सञ्चालन गर्न पहल गर्न सम्बन्धित निकायलाई निर्देशन दिने । |
| १० | १० | **रूख कटानः** यो वर्ष रुख काट्नको लागि रु.३ करोड ९१ लाख ८९ हजार प्रत्यक्ष खर्च भएको भनिएकोमा भुक्तानीको कुल लागत यकिन गरेको छैन । खर्च यकिन गरी काठ दाउरा बिक्री लागतमा समावेश गर्नुपर्दछ । निर्माणको क्रममा काटिएका रुख बिरुवाको सट्टामा बृक्षारोपण गरी सक्नुपर्ने अवधि किटान नगरेको, जिल्ला वन कार्यालयले वृक्षारोपण स्थल नतोकेको र सोको लागि बजेट विनियोजन भएको पाइएन । | वृक्षारोपण सम्पन्न गर्न लाग्ने समय किटान, वृक्षारोपण स्थल निर्धारण लगायतका काम गरी सोका लागि पर्याप्त बजेट बिनियोजन गर्न र समझदारीपत्रको कार्यान्वयन गरी समयमा नै वृक्षरोपण कार्य सम्पन्न गर्न निर्देशन दिने । |
| ११ | ११ | **मेसिनरी भाडाः** आयोजनाले २ लाख ५७ हजार २५५ घण्टा विभिन्न मेसिनरी उपकरण भाडामा लिन रु.१ अर्ब ५७ करोड ७८ लाख ११ हजारको लागत अनुमान तयार गरी रु.१ अर्ब ४४ करोड ४ लाख २० हजारमा ५ ठेक्काबाट निर्माण उपकरण तथा मेसिनरी साधन भाडामा लिने सम्झौता गरेको छ । भाडामा लिएका सम्पूर्ण सामान पूर्ण क्षमतामा उपयोग भएको सुनिश्चित गरिनुपर्छ । | सुझाव अनुसार गर्न निर्देशन दिने । |
| १२ | १२ | **जग्गाको लगतः** मुआव्जा वितरणको लागि रु.३ अर्ब १० करोड ३५ लाख ६५ हजार खर्च गरेको छ । मुआवजा पाउने जग्गाधनी र मुआवजा नपाउने | आयोजनाको नाममा प्राप्त भएका जग्गाको प्रमाणपत्रको अभिलेख अद्यावधिक गरी त्यसको व्याकअप Government Integrated Data |

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| | | जग्गाधनीको विवरण कम्प्युटरमा राखे तापनि ती विवरणको सुरक्षा र व्याकअपसहितको सफ्टवेर प्रयोग नगरेको कारण जग्गाको अभिलेख सुरक्षित र भरपर्दो रहेको पाइएन । | Center (GIDC) मा समेत सुरक्षित राख्ने व्यवस्था मिलाउन निर्देशन दिने । |
| १३ | १३ | **सैनिक मुख्यालय भवनः** सैनिक मुख्यालय भवनको लागत अनुमान रु.३ अर्ब १३ करोड ३६ लाख भएकोमा रु.३ अर्ब ९ करोड १४ लाखको खरिद सम्झौता भएको छ । उक्त निर्माण कार्यमा सेरेमोनियल हल, छतमा हेलिप्याड, विद्युत, अग्नि सुरक्षा, फोहोर प्रशोधनलगायतको कार्य थप गरी १३.०६ प्रतिशतले हुने भेरिएसनको रु.४० करोड ३८ लाख ३३ हजारसमेत हालसम्म रु.२ अर्ब ९३ करोड ६२ लाख खर्च भएको छ । | निर्माण कार्य सम्पन्न भई सैनिक मुख्यालय भवनमा कार्य संचालन भैसकेकोले केही गर्नु नपर्ने । |
| **विकास निर्माण निर्देशनालय** | | | |
| १४ | १४ | **प्रगति स्थितिः** निर्देशनालयले हालसम्म २७ सडक आयोजनाको ट्र्याक निर्माण गर्ने जिम्मेवारी पाएकोमा गतवर्षसम्म २२ र यो वर्ष मैलुङ्ग स्याफ्रुवेसी सडकसमेत २३ आयोजना सम्पन्न गरी सडक विभागलाई हस्तान्तरण गरेको छ । आयोजनागत विस्तृत ड्रइङ डिजाइन तयार नभएको, आवश्यक बजेट आर्थिक वर्षको शुरुमा विनियोजन नगरी पटक पटक थप अख्तियारी प्रदान गरेको लगायत विगतमा औंल्याइएका व्यहोरामा सुधार भएको देखिएन । | भवन, सडक लगायतका पूर्वाधार निर्माणका सम्वन्धमा सम्वन्धित निकायसँग समन्वय गरी आयोजनागत विस्तृत ड्रइङ डिजाइन तयार गर्न, आवश्यक बजेट आ.ब. को शुरुमै विनियोजन गर्ने व्यवस्था मिलाउन र समयमै अख्तियारी प्रदान गरी विकास निर्माण कार्य व्यवस्थित बनाउन निर्देशन दिने । |
| **सैनिक सामग्री उत्पादन तथा यान्त्रिक सेवा महानिर्देशनालय** | | | |
| १५ | १५ | **प्लाण्ट खरिदः** महानिर्देशनालयले पर्याप्त बजेटको व्यवस्था नभई सैनिक सामग्री उत्पादन सम्बन्धी प्लाण्ट खरिद गर्न, प्रतीतपत्र खोल्न नेपाल राष्ट्र | उल्लिखित कार्य हुन नसकेकोमा सो रकम राजस्व दाखिला गर्न र अब आइन्दा स्रोत सुनिश्चित गरेर मात्र खरिद कार्य गर्न निर्देशन |

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| | | बैङ्कमा रु.१ अर्ब ५० करोड पठाएकोमा उक्त रकम मार्जिनसहित प्रतीतपत्र खोल्न अपर्याप्त भएको कारण प्रतीतपत्र नखुलेको र फ्रिज पनि नभएको स्थिति छ । | दिने । |
| **मैलुङ-स्याफ्रुबेंसी र खुलालु-लैफु-सिमकोट सडक निर्माण स्थिति** | | | |
| १६ | १६ | **योजना छनौट र लागत अनुमान** - सडक निर्माण योजना छनौट गर्दा छनौटका आधार र मापदण्ड पूरा नगरेको तथा पूर्व तयारीका कार्य हुन नसकेकोले निर्माण चरणमा समस्या भई नेपाली सेनालाई हस्तान्तरण गरे तापनि उक्त समस्या हस्तान्तरण पश्चात पनि यथावत् रहेको देखिन्छ । उक्त दुवै सडकको विस्तृत सर्भे, डिजाइन र लागत अनुमान तयार नगरी नेपाली सेनालाई निर्माणको जिम्मेवारी हस्तान्तरण गरेको तथा नेपाली सेनाले वार्षिक बजेटलाई आधार बनाई निर्माण कार्य गरेकोले कुल लागत र सम्पन्न गर्ने अपेक्षित अवधि यकिन हुन सक्ने अवस्था छैन । | उल्लिखित सडकको कूल लागत र सम्पन्न गरिने अवधि यकिन हुने गरी विस्तृत सर्भे डिजाइन लगायतका कामहरु सम्पन्न गरी निर्माण कार्य अघि बढाउन निर्देशन दिने । |
| १७ | १७ | **वातावरणीय प्रभाव मूल्याङ्कनः** आयोजना पहिले निर्माण गर्ने र वातावरणीय प्रभाव मूल्याङ्कनपछि गर्ने कार्यले वातावरणीय प्रभाव मूल्याङ्कनको औचित्य पुष्टि हुन सक्तैन । वातावरणीय पक्षलाई ध्यान दिई निर्माण पूर्व कानुनको प्रक्रिया पूरा गरी प्रारम्भिक वातावरणीय परीक्षण र वातावरणीय प्रभाव मूल्याङ्कन सम्पन्न गरी निर्माण कार्य गर्नुपर्दछ । | सुझाव बमोजिम गर्न निर्देशन दिने । |
| १८ | १८ | **विस्फोटक पदार्थको नर्म्स** - नेपाली सेनाद्वारा निर्मित मैलुङ-स्याफ्रुबेसी सडक र कर्णाली करिडोर खण्डमा नर्म्स भन्दा बढी विस्फोटक पदार्थको प्रयोग | सुझाव बमोजिम गर्न निर्देशन दिने । |

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| | | भएको छ । आवश्यकताभन्दा बढी भएमा वातावरणमा असर पुग्न जाने भएकोले अत्यावश्यकीय र कडा चट्टान फोर्नका लागि मात्र विस्फोटक पदार्थको प्रयोग गर्ने र नर्म्सको अधीनमा रही दक्षतापूर्ण ढङ्गले विस्फोटक पदार्थको उपयोग गर्नुपर्दछ । | |
| १९ | १९ | **सडक निर्माणको स्थिति -** | |
| | १९.१ | कर्णाली करिडोर सडकको घाटपारी चौर पश्चातको १८ किलोमिटर बाटो मोडयुक्त र कमजोर भू-बनोटमा रेखाङ्कन गरिएकोले उक्त सडक खण्डको रेखाङ्कन परिवर्तन गरी नदीको किनाराबाट सीधा रेखाङ्कन गर्दा हालको डिजाइनभन्दा ४.५ किलोमिटर सडक छोटो हुने, कुनै पनि घुम्ती नपर्ने भएकोले सम्भावित दुघर्टना न्यूनीकरण हुने र उक्त प्रस्तावित खण्डमा माटोको अवस्था तुलनात्मक रुपमा स्थिर रहेकोले भविष्यमा पहिरोको सम्भावना कम भई, मर्मत लागत कम हुनसक्ने भएकोले यस सम्बन्धमा थप अध्ययन गरी सम्बन्धित निकायद्वारा रेखाङ्कन सुधार हुनुपर्दछ । | उल्लिखित सडक रेखांकन सम्वन्धमा सम्वन्धित निकायको समन्वयमा थप अध्ययन गरी रेखांकन सुधार गर्न निर्देशन दिने । |
| | १९.२ | कर्णाली करिडोरअन्तर्गतको खुलालु-लैफु-सिमकोट सडक खण्डमा यातायात सञ्चालनका लागि ७ पुल आवश्यक रहेकोमा ३ स्थानमा बेलीब्रिज जडान गरी यातायात सञ्चालन गरेको र अन्य स्थानमा समेत पुल आवश्यक भएको देखिएको छ । सडक खण्डलाई सुचारु ढङ्गमा सञ्चालन गर्न उक्त सडकका आवश्यक स्थानमा पुल जडान गर्नुपर्दछ । | सडक विभागसँगको समन्वयमा पुलपुलेसा निर्माण गरी सडक सुचारु बनाउन निर्देशन दिने । |
| | | **निष्कर्षः** सडक निर्माण गर्नुपूर्व प्रारम्भिक वातावरणीय परिक्षण र वातावरणीय | सुझाव अनुसार स्पष्ट नीतिगत र कार्यविधिगत व्यवस्था गर्न निर्देशन |

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| | | प्रभाव मुल्यांकन, विस्तृत आयोजना प्रतिवेदन एवं ड्रइङ डिजाइन र लागत अनुमानको कार्य सम्पन्न गरी सेनालाई निर्माण कार्यको जिम्मेवारी दिने सम्वन्धमा नेपाल सरकारको स्पष्ट नीतिगत र कार्यविधिगत व्यवस्था गर्न आवश्यक देखिएको । | दिने । |
| | | **संस्था समितितर्फ**<br>**नेपाली सैनिक विमान चार्टर उडान विकास समिति** | |
| २० | २० | **बक्यौता असुली -** रु.४ करोड ३४ लाख ६० हजार हवाई भाडा उठ्न बाँकी रहेको छ । उक्त रकममध्ये ५० प्रतिशतले हुने रु.१ करोड ७९ लाख ७१ हजार सम्बन्धित कोष दाखिला गर्नुपर्ने व्यवस्था रहेकोले राजस्व असुलीमा समेत असर परेको छ । | बक्यौता असुली सम्बन्धमा अद्यावधिक विवरण समितिमा पेश गर्न निर्देशन दिने र बक्यौता असुलउपरका लागि केन्द्रीय तहशिल कार्यालयमा पठाउन निर्देशन दिने । |
| | | **नेपाली सैनिक कल्याणकारी कोष** | |
| २१ | २१ | **वित्तीय स्थितिः** कोषको रु.५४ अर्ब ६९ करोड ५४ लाखमध्ये चालु खर्चतर्फ रु.१२ अर्ब ४२ करोड ५५ लाख पुँजीगत खर्चतर्फ रु.९६ करोड ९० लाखसमेत रु.१३ अर्ब ३९ करोड ४५ लाख खर्च भई रु.४१ अर्ब ३० करोड ९ लाख मौज्दात रहेको छ । उक्त खर्चमध्ये शान्ति सेना सञ्चालनमा रु.९ अर्ब ७ करोड ९५ लाख, स्वास्थ्यमा रु.५६ करोड ९६ लाख, शिक्षामा रु. ७८ करोड ६४ लाख, मेडिकल कलेजमा रु.२९ करोड ६२ लाख पुरस्कार र छात्रवृत्तिमा रु.६५ लाख, राहतमा रु.१७ करोड ४१ लाख, निवृत्तभरणमा रु.३८ करोड ३१ लाख, पुँजीगत कार्यमा रु.९६ करोड ९० | केही गर्नु नपर्ने । |

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| | | लाख तथा प्रशासनिक खर्च ब्याज, कर, बीमा, आयमूलक आदि कार्यमा रु.१ अर्ब १३ करोड १ लाख खर्च गरेको छ। | |
| २२ | २२ | **निक्षेपः** कोषबाट प्राप्त विवरणअनुसार २०७५ असार मसान्तसम्म कुल निक्षेपमध्ये १ विकास बैङ्क र ३ वित्तीय संस्थाबाट २०७५ असार मसान्तसम्म प्राप्त हुनुपर्ने मुद्दती एवं बचत खाताको साँवा रु.५ करोड ३ लाख र ब्याज रु.१ करोड २४ लाखसमेत रु.६ करोड २७ लाख असुल नभई जोखिममा रहेको छ । उक्त रकम असुल गर्नुपर्दछ । | संकटग्रस्त वित्तीय संस्थाहरुबाट प्राप्त गर्नुपर्ने रकम यथाशीघ्र असुलउपर गरी त्यसको अद्यावधिक विवरण समितिमा पेश गर्न निर्देशन दिने । |
| २३ | २३ | **शोधभर्ना -** सैनिक कल्याणकारी नियमावली, २०६५ को नियम १८ मा मिसनमा खटाएबापत प्राप्त गर्ने भत्ता, मेसिनरी औजार तथा उपकरणको डिप्रिसिएबल बापत प्राप्त हुने शोधभर्ना रकमलगायतका अभिलेख शान्ति सेना सञ्चालन निर्देशनालयले राख्नुपर्ने उल्लेख छ । कोषबाट प्राप्त विवरणअनुसार २०६८।६९ देखि २०७४।७५ सम्ममा संयुक्त राष्ट्रसंघबाट रु.६७ अर्ब ९६ करोड प्राप्त भएको मध्ये रु.४१ अर्ब ९४ करोड खर्च भई रु.२६ अर्ब २ करोड बचत रहेको देखिन्छ । | सोधभर्ना रकम लगायतका अभिलेख व्यवस्थित र अद्यावधिक गरी सुरक्षित रुपमा राख्ने व्यवस्था मिलाउन निर्देशन दिने । |
| २४ | २४ | **पेश्की -** वित्तीय विवरणअनुसार २०७५ आषाढ मसान्तमा कोषअन्तर्गत फछ्र्यौट गर्न बाँकी पेस्की रु.८५ करोड ७६ लाख बाँकी छ । त्यसैगरी विदेशी मुद्रातर्फको पेस्कीमध्ये अमेरिकी डलर ३ करोड ३९ लाख १९ हजार फछ्र्यौट हुन बाँकी छ । | २०७७ असारसम्मको प्रगति (पेश्की फछ्यौटको विवरण) एक महिनाभित्र समितिमा पेश गर्न र पेश्की फछ्यौंटलाई व्यवस्थित गर्न निर्देशन दिने । |
| **इन्जिनियरिङ तथा निर्माण कार्यकारिणी समिति** | | | |

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| २५ | २५ | **प्रगतिः** नेपाली सैनिक कल्याणकारी कोषअन्तर्गतका निर्माण कार्य गर्न गठन भएको यो समितिले यो वर्ष ३० कार्यक्रम सञ्चालन गरी रु.१ अर्ब १२ करोड (९९.९० प्रतिशत) खर्च गरेकोमा भौतिक प्रगति विवरण तयार गरेको छैन । | भौतिक प्रगति विवरण सहित कार्य सम्पन्न विवरण समितिमा पेश गर्न निर्देशन दिने । |
| २६ | २६ | **घरजग्गाको लगतः** समितिबाट निर्माण गरिएका रु.१ अर्ब २ करोडमा ३४ भवन निर्माण तथा मर्मत कार्य सम्पन्न गरेकोमा सोको लगत राखेको छैन । लगत अद्यावधिक नहुँदा आगामी दिनमा संरचनाहरुको निर्माण तथा मर्मत सुधारसम्बन्धी योजना तयार गर्न कठिनाइ पर्ने देखिएकोले निर्माण गरिएका संरचनाहरुको यथार्थ लगत राख्नुपर्दछ । | सुझाव बमोजिम गर्न निर्देशन दिने । |

# प्रतिनिधि सभा
# सार्वजनिक लेखा समिति
# बेरुजु छलफल उपसमिति
# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
## महालेखापरीक्षकको ५६औं वार्षिक प्रतिवेदन, २०७४/७५ उपर भएका छलफलको मिति २०७७/०२/२९ मा भएका निर्णयहरु

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| १. | १ | **वार्षिक नीति तथा कार्यक्रम :** | |
| | १.१ | स्थानीयतह र प्रदेशमा हस्तान्तरित आयोजनाको अभिलेख नराखेको, आदिवासी जनजाति उत्थान प्रतिष्ठान, वादी समुदाय उत्थान समिति, उपेक्षित उत्पीडित र दलित वर्ग उत्थान विकास समितिलाई स्थानीय तहमा हस्तान्तरण गर्नुपर्नेमा नगरेको । | आ.व. २०७६/७७ भित्र स्थानीय तहमा हस्तान्तरण भएका आयोजनाको अध्यावधिक अभिलेख तयार गरी समितिमा पेश गर्न निर्देशन दिने। |
| | १.२ | साबिकका स्थानीय तहबाट संचालन भै अधुरा रहेका आयोजनाको अवस्था र सोको व्यवस्थापन बारे जानकारी नगराएको । | आ.व. २०७६/७७ भित्र प्रदेशमा हस्तान्तरण भएका आयोजनाको निर्माण सम्पन्न गरी सोको कार्यसम्पन्न प्रतिवेदन पेश गर्न निर्देशन दिने। |
| | १.३ | सामाजिक सुरक्षा भत्ता बैंकिङ्ग प्रणालीबाट वितरण नगरिएको र बैंकिङ्ग प्रणालीमा सुरु भएका स्थानीय तहमा पनि नगदमा वितरण गरेको । | अनिवार्य रूपमा बैंकिङ्ग प्रणाली मार्फत सामाजिक सुरक्षा भत्ता वितरण कार्य सुनिश्चित गर्न र चालु आ.व. भित्र सोको व्यवस्थापन गर्न निर्देशन दिने । |
| | १.४ | आयोजना र कार्यक्रमको विस्तृत क्रियाकलाप अवधि लागत उपलब्धि र जिम्मेवार कर्मचारीसहित भदौ १५ भित्र आयोजना स्थल र वेबसाइटमा | आयोजना र कार्यक्रमको विस्तृत क्रियाकलाप अवधि लागत उपलब्धि र जिम्मेवार कर्मचारीसहित भदौ १५ भित्र आयोजना स्थल र वेबसाइटमा |

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| | | सार्वजनिक नगरेको र आयोजना कार्यान्वयनका लागि कार्यविधि तथा निर्देशिका परिमार्जन तथा तयारी गर्ने काम नभएको । | सार्वजनिक नगर्ने पदाधिकारीलाई सचेत गराउने र अब आइन्दा अनिवार्य रुपमा सार्वजनिक गर्न निर्देशन दिने \| |
| | १.५ | चौधौं योजनाका एकीकृत ग्रामीण विकास, स्थानीय प्रविधिको पहिचान तथा प्रवर्द्धन, गरिब घर परिवारको पहिचान तथा परिचय पत्र वितरण, स्वास्थ्य विमा, एक विपन्न वेरोजगार घरधुरी एक रोजगारी, जेष्ठ नागरिक सम्बन्धी राष्ट्रिय नीति तर्जुमा, समय सापेक्ष ऐन कानूनको परिमार्जन, हिंसा तथा दुर्व्यवहारमा परेका ज्येष्ठ नागरिक संरक्षण लगायतका कार्यक्रम कार्यान्वयन हुन नसकेको। | वार्षिक नीति तथा कार्यक्रम कार्यान्वयनमा प्रभावकारिता ल्याई सेवा प्रवाहलाई व्यवस्थित तुल्याउन निर्देशन दिने । |
| २. | २ | **वार्षिक लक्ष्य प्रगति :** न्यून प्रगति भएका कार्यक्रम/आयोजना सम्बन्धमा कारबाही तथा मूल्यांकन गरी कार्यक्रममा सुधार गर्नुपर्ने। | न्यून प्रगति भएका कार्यक्रम र आयोजनाको तीन महिनाभित्र छानविन गरी समितिमा प्रतिवेदन पेश गर्न निर्देशन दिने \| |
| ३. | ३ | **व्यवस्थापन सर्वेक्षण :** तीनवटै तहमा सिर्जित दरबन्दीमा कार्यबोझको मूल्यांकन नगरी दरबन्दी कायम भएको र दोहोरोपन तथा काम खप्टिने र टुक्रिने गरी समानान्तर संरचना तयार गरेकोमा सुधार गर्नुपर्ने । | तीनवटै तहमा सिर्जित दरबन्दीमा कार्यबोझको मूल्यांकन गरी दरबन्दी कायम गर्न र दोहोरोपन तथा काम खप्टिने र टुक्रिने अवस्था नआउने गरी संरचना तयार गर्न निर्देशन दिने । |
| ४. | ४ | **कर्मचारी समायोजन :** रिक्त ३७ हजार ५८३ पदपूर्ति हुन बाँकी रहेको, कर्मचारी अभावले सेवा प्रवाह र विकासमा बाधा परेको । | तत्काल समायोजन प्रक्रिया टुंग्याई रिक्त स्थानमा पदपूर्ति गर्न निर्देशन दिने \| |
| ५. | ५ | **लेखापरीक्षण :** प्राप्त सहयोगको वित्तीय विवरण, भौतिक प्रगति र खर्च श्रेस्ता पेश नगरेको लेखापरीक्षण नगराएको, स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग अन्तर्गत र राष्ट्रिय ग्रामिण यातायात सुदृढीकरण कार्यक्रमको लेखा परीक्षण नभएको । | तीन महिनाभित्र लेखापरीक्षण गराई प्रतिवेदन समितिमा पेश गर्न निर्देशन दिने \| |

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| ६. | ६ | **केन्द्रीय लेखा** : कार्तिक मसान्तभित्र महालेखापरीक्षकको कार्यालयमा आर्थिक विवरण पेश नगरेको । | आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ८७ बमोजिम सयमभित्रै आर्थिक विवरण पेश गर्न निर्देशन दिने र समयमै पेश नगर्ने पदाधिकारीलाई सचेत गराउने । |
| ७. | ७ | **कार्यक्रम अनुगमन** : मातहतमा संचालित कार्यक्रमको प्रभावकारी अनुगमन र मूल्यांकन नभएको । | मातहतमा संचालित कार्यक्रमको प्रभावकारी अनुगमन र मूल्यांकन गरी प्रतिवेदन समितिमा पेश गर्न निर्देशन दिने । |
| ८. | ८ | **अन्य निकायको खर्च** : परामर्श सेवा तथा तालिम कार्यक्रमको लागि विनियोजित रु. ४६ लाख मध्ये रु. २२ लाख ५० हजार राष्ट्रिय योजना आयोगलाई भुक्तानी दिनुपर्नाको कारण पेश नभएको । | बहु क्षेत्रीय पोषण कार्यक्रम संचालन राष्ट्रिय योजना आयोगबाट भएको र सोही निकायबाट लेखापरीक्षण भई बेरुजु नदेखिएकोले उल्लिखित बेरुजु लगत हटाउने । |
| ९. | ९ | **अनुदान** : सरकारी वा गैर सरकारी संघ संस्थालाई उपलब्ध गराएको रु. १ करोड १८ लाख अनुदानको अनुगमन नगरेको । | सरकारी वा गैरसरकारी संघ संस्थालाई उपलब्ध गराएको रकमको खर्चको औचित्य हासिल भए नभएको सम्वन्धमा अनुगमन गरी एक महिना भित्र समितिमा प्रतिवेदन पेश गर्न निर्देशन दिने । |
| **स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग** | | | |
| १०. | १० | **प्रगति** : सडक मर्मत, पुल/कजवे निर्माण लगायतका राष्ट्रिय ग्रामिण यातायात सुदृढीकरण कार्यक्रम लक्ष्य अनुसार सम्पन्न नभएको । | अवधि समाप्त हुँदा समेत भौतिक प्रगति न्यून भएका आयोजनहरुको आयोजना प्रमुखलाई सचेत गराउने र समयमै लक्ष्य अनुरुप कार्यक्रम सम्पन्न गर्न निर्देशन दिने । |
| ११. | ११ | **पूर्वनिर्धारित क्षतिपूर्ति** : काभ्रेस्थित चौरी खोला पुलको रु. १७ लाख २० हजार, र झापाको किस्ने खोला पुलको रु. २६ लाख ४६ हजार पूर्व निर्धारित क्षतिपूर्ति असुल नगरेको, गोरखा र तनहुँको रु. २ करोड ९७ लाख ८८ हजार असुल गर्नुपर्ने । | एक महिनाभित्र पूर्व निर्धारित क्षतिपूर्ति रकम असुलउपर गर्न र तत्कालीन पदाधिकारीहरुलाई कानूनी कारवाही गरी समितिमा प्रतिवेदन पेश गर्न निर्देशन दिने । |

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| १२. | १२ | **मूल्य अभिवृद्धि कर** : निर्माण व्यवसायीलाई मूल्य अभिवृद्धि कर रु. ७५ लाख ७३ हजार भुक्तानी गरेकोमा कर समायोजन प्रमाण पेश नगरेको । | एक महिनाभित्र मूल्य अभिवृद्धि कर समायोजन गरेको प्रमाण झिकाई पेश गर्न निर्देशन दिने | |
| १३. | १३ | **धरौटी जफत** : त्रुटी नसच्याएको धरौटी रकम रु. १ करोड ३० लाख ६६ हजार जफत गरी संचित कोष दाखिला नगरेको । | एक महिनाभित्र धरौटी रकम जफत गरी संचित कोष दाखिला गर्न निर्देशन दिने | |
| १४. | १४ | **बढी भुक्तानी** : जिल्ला प्राविधिक कार्यालय १८ ले दिनुपर्ने भन्दा बढी भुक्तानी दिएको रु. ४५ लाख ८७ हजार, जिल्ला प्राविधिक कार्यालय ससरीले बढी भुक्तानी गरेको रु.३१ लाख ४१ हाजार असुल गर्नुपर्ने । | तीन महिनाभित्र असुलउपर गर्न र सम्बन्धित पदाधिकारीलाई कानूनी कारबाही गरी समितिलाई प्रतिवेदन पेश गर्न निर्देशन दिने | |
| १५. | १५ | **पेस्की जोखिम** : प्युठानको झिमरुक खोलाको पुल निर्माण गर्ने व्यवसायीको रु. ५० लाख ३२ हजारको पेश्की बाँकी रहेको, बैंक जमानत म्याद सकिएकोले जोखिममा परेको, उक्त रकम पेस्की व्याज सहित असुल गर्नुपर्ने । | छानविन गरी एक महिनाभित्र असुलउपर गर्न र समितिमा प्रतिवेदन पेश गर्न निर्देशन दिने | |
| १६. | १६ | **प्रोभिजनल खर्च तथा एज्बिल्ट ड्रइंग**: नक्सा तथा प्रोभिजनल समको बिल भरपाई पेश नगरी भुक्तानी दिएको रु. ७१ लाख ३१ हजार असुल गर्नुपर्ने । | तीन महिनाभित्र असुलउपर गरी सम्बन्धित पदाधिकारीलाई कानूनी कारबाही गर्न र सोको समितिमा प्रतिवेदन पेश गर्न निर्देशन दिने | |
| १७. | १७ | मूल्य समायोजन : अनियमित रूपमा मूल्य समायोजन भुक्तानी दिएको रु. ६२ लाख २४ हजार असुल गर्नुपर्ने । | अनियमित रूपमा मूल्य समायोजन भुक्तानी दिने पदाधिकारीलाई कानुनी कारबाही गर्ने र तीन महिनाभित्र असुलउपर गरी समितिमा प्रतिवेदन पेश गर्न निर्देशन दिने | |
| १८. | १८ | **म्याद थप** : कम अधुरो रहेको म्याद थप माग नगरेकोले पूर्व निर्धारित क्षतिपूर्ति असुल गरी निर्माण कार्य सम्पन्न गराउनु पर्ने । | पूर्व निर्धारित क्षतिपूर्ति असुलउपर गर्न र सम्बन्धित पदाधिकारीलाई कानूनी कारबाही गरी एक महिनाभित्र कार्य सम्पन्न प्रतिवेदन समितिमा |

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| | | | पेश गर्न निर्देशन दिने । |
| १९. | १९ | **ठेक्का अन्त्य :** | |
| | १९.१ | बझांगको सेती खोला पान्कोट पुल निर्माणको सम्झौता विपरित ठेक्का सम्झौता तोड्ने पदाधिकारीलाई कारबाही गर्नुपर्ने र निर्माण व्यवसायीबाट क्षतिपूर्ति असुल गर्नुपर्ने । | सम्झौता विपरित ठेक्का तोड्ने पदाधिकारीलाई एक महिनाभित्र कानूनी कारबाही गरी निर्माण व्यवसायीबाट क्षतिपूर्ति असुलउपर गर्न र सोको प्रतिवेदन समितिमा पेश गर्न निर्देशन दिने । |
| | १९.२ | पाल्पाको हरिआंप खोलामा पुल निर्माण गर्न गैरकानुनी रुपमा ठेक्का तोडेकोमा क्षतिपूर्ति असुलउपर गरी निर्माण व्यवसायीलाई कालोसूचीमा राख्नुपर्ने । | एक महिनाभित्र गैरकानुनी रुपमा ठेक्का तोड्ने पदाधिकारीलाई कारबाही गरी क्षतिपूर्ति असुलउपर गर्न र निर्माण व्यवसायीलाई कालोसूचीमा राखी समितिलाई प्रतिवेदन पेश गर्न निर्देशन दिने । |
| २०. | २० | **बीमाको लागत अनुमान :** बीमाको रकम प्रोभिजनल सममा राख्नुपर्ने। | अब आइन्दा बीमा रकमलाई प्रोभिजनल आइटममा राखी लागत अनुमान तयार गर्न निर्देशन दिने । |
| २१. | २१ | **असम्बन्धित खर्च :** निर्माण कार्यसँग असम्बन्धित कार्यमा भुक्तानी दिने पदाधिकारीलाई कारबाही गर्नुपर्ने । | सार्वजनिक लेखा समितिको मिति २०६९/०९/०२ बमोजिमको निर्णय कार्यान्वयन गर्न र निर्माण कार्यसँग असम्बन्धित कार्यमा भुक्तानी दिने पदाधिकारीलाई कानूनी कारबाही गरी समितिमा प्रतिवेदन पेश गर्न निर्देशन दिने । |
| २२. | २२ | **अग्रिम कर :** भुक्तानीमा अग्रिम कट्टी गर्नुपर्ने आयकर र बहाल कर रु. २४ लाख ७८ हजार असुल गर्नुपर्ने । | अग्रिम कट्टी गर्नुपर्ने आयकर र बहाल कर तीन महिनाभित्र असुलउपर गर्न र सम्बन्धित पदाधिकारीलाई सचेत गराई समितिमा प्रतिवेदन पेश गर्न निर्देशन दिने । |
| २३. | २३ | **सोझै खरिद :** जिल्ला प्राविधिक कार्यालय तेह्रथुम र प्युठानले टुक्रा पारी लागत अनुमान तयार गरेको नियन्त्रण हुनुपर्ने । | टुक्रा गरी खरिद गर्ने पदाधिकारीलाई सचेत गराई अब आइन्दा टुक्रा नपारी लागत अनुमान तयार गर्न निर्देशन दिने । |

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| २४. | २४ | **जिन्सी व्यवस्थापन :** सामग्री फिर्ता नगरेको । | एक महिनाभित्र सामान फिर्ता गरी/गराई जिन्सी व्यवस्थापन गर्न र समितिलाई जानकारी दिन निर्देशन दिने । |
| | | **स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम** | |
| २५. | २५ | **बजेट कार्यान्वयन :** बार्षिक बजेट र प्रगतिमा तादम्यता मिलेको देखिएन । | आगामी समयमा कार्यक्रम तय गर्दा सुझाव अनुसार गर्न निर्देशन दिने । |
| | | **सस्पेन्सन ब्रिज डिभिजन** | |
| २६. | २६ | **तुईन प्रतिस्थापन :** १३५ स्थानका मध्ये १०६ बनेको, २४ निर्माण हुँदै गरेको र अन्य निर्माण शुरु नभएको । | प्राथमिकतामा राखी सबै पुल एक वर्ष भित्रमा निर्माण गर्न निर्देशन दिने । |
| २७. | २७ | **मूल्य अभिवृद्धि कर:** रु. ३१ लाख २३ हजारको मूल्य अभिवृद्धि कर समायोजन गरेको प्रमाण पेश नगरेको | मूल्य अभिवृद्धि कर समायोजनको प्रमाण पेश गर्न निर्देशन दिने । |
| | | **फोहोरमैला व्यवस्थापन तथा प्राविधिक सहयोग केन्द्र** | |
| २८. | २८ | **आयोजना कार्यान्वयन :** आयोजनाको विस्तृत डिजाईन सर्भे प्रतिवेदन कार्यान्वयन गर्नुपर्ने । | केन्दले तयार गरेका विस्तृत डिजाईन सर्भे प्रतिवेदन स्थानीय तहमा पठाई त्यसको कार्यान्वयन गर्ने गराउने व्यवस्था गर्न निर्देशन दिने। |
| २९. | २९ | **फोहोर व्यवस्थापन :** बन्चरे डांडामा फोहोर व्यवस्थापन गर्ने कार्य २% मात्र भएकोमा समयमै भौतिक निर्माण पूरा गर्नुपर्ने । | छिटो छरितो रुपमा भौतिक निर्माण गरी फोहोरमैला व्यवस्थापन गर्न सम्वन्धित निकायलाई निर्देशन दिने । |
| | | **महिला विकास प्रशिक्षण केन्द्र** | |
| ३०. | ३० | **सम्पति व्यवस्थापन :** केन्द्रले ललितपुरको जग्गा सम्पत्ति सुरक्षा गर्नुपर्ने । | विवादित जग्गाको स्वामित्व कायम गरी गराई संरक्षण गर्न र सोको जानकारी समितिलाई दिन केन्द्रलाई निर्देशन दिने । |

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| | | **निजामति अस्पताल** | |
| ३१. | ३१ | **सेवा प्रवाह** : मेशिन मर्मत गर्नुपर्ने र सर्वसाधारणका अलावा कर्मचारीको सेवा व्यवस्थित गर्नुपर्ने । | मेशिनको संचालन र व्यवस्थापन नियमित रुपमा गरी सेवा प्रवाह थप व्यवस्थित बनाउन अस्पताललाई निर्देशन दिने । |
| ३२. | ३२ | **प्रोत्साहन भत्ता** : औषधि खरिद तथा व्यवस्थापन तर्फका कर्मचारीलाई दिइएको दोहोरो प्रोत्साहन भत्ता असुली गर्नुपर्ने । | औषधि खरिद तथा व्यवस्थापन तर्फका कर्मचारीलाई दोहोरो लेखांकन हुने गरी उपलब्ध गराएको प्रोत्साहन भत्ता एक महिनाभित्र असुलउपर गरी समितिमा प्रतिवेदन पेश गर्न निर्देशन दिने । |
| | | **जिल्ला समन्वय समितिहरू** | |
| ३३. | ३३ | **सुझाव र मार्ग निर्देशन सार्वजनिकीकरण** : जिल्ला समन्वय समितिहरूले विकास कार्यक्रमका लागि सुझाव र मार्ग निर्देशन सार्वजनिकीकरण नगरेको । | जिल्ला समन्वय समितिहरूलाई स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम सुझाव र मार्ग निर्देशन सार्वजनिकीकरण गरी यसको कार्यान्वयन र मूल्यांकन प्रणालीलाई व्यवस्थित गर्न जिल्ला समन्वय समितिलाई निर्देशन दिने । |
| ३४. | ३४ | **वातावरणीय परीक्षण तथा परिमाण नियन्त्रण :** | |
| | ३४.१ | जिल्ला समन्वय समितिको कार्यालय काठमाडौंले ढुंगा, गिटी, वालुवा निकासीको लागि गरेको ठेक्का सम्झौता गर्दा वातावरणीय प्रभाव मूल्यांकन नगरी न्यूनतम रु. २ करोडदेखि अधिकतम रु. ७ करोड ७७ लाखसम्मको निकासी शुल्कको ठेक्का सकार गरेको र सकार भएका सात नदीबाट निकासी भएको नदीजन्य पदार्थको परिमाणको अभिलेख नराखेको । | अब आइन्दा नदीजन्य पदार्थहरुको निकासी गर्दा त्यसको परिमाणको अभिलेख राखी व्यवस्थित गर्न निर्देशन दिने । |
| | ३४.२ | जिल्ला समन्वय समिति मकवानपुरले जिल्लाभरबाट निस्किएको नदीजन्य | अब आइन्दा नदीजन्य पदार्थको उत्खनन तथा निकासी गर्दा |

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| | | पदार्थको राजस्व संकलन गर्न रु. ७ करोड ५० लाख न्यूनतम अंक भएको ठेक्का रु. १७ करोड ९१ लाख ७८ हजारमा सम्झौता गरेको, बजार मूल्य र गत वर्षको जिल्ला भित्रको खपत परिमाण एवं निकासी परिमाण नखुलाई न्यूनतम ठेक अंक निर्धारण गरेको, नदीहरुको **IEE** प्रतिवेदन अनुसार १२ लाख ३४ हजार ४ सय ९ घनमिटर सामग्री संकलन गर्न सकिने आधारमा विभिन्न कर समेत रु. २४ करोड ६२ लाख ६६ हजार आय हुने देखिएकोमा कर समेत रु. ८ करोड ४७ लाख ५० हजार मात्र कायम गरेबाट न्यूनतम अंक यथार्थ रुपमा कायम नभएको । | वातावरणीय परीक्षण बमोजिमको परिमाणको अभिलेख राख्न निर्देशन दिने । |
| | ३४.३ | जिल्ला समन्वय समिति कास्कीले २ लाख ५९ हजार ७४५ घनमिटर गिटी वालुवा उत्खननको लागि ५ ठेक्काबाट रु. १७ करोड ५४ लाख १२ हजार प्राप्त गरेको छ । वातावरणीय परीक्षण बमोजिमको निकासी परिमाणको अभिलेख राखेको छैन । | वातावरणीय परीक्षण बमोजिमको निकासी परिमाणको अभिलेख राख्न निर्देशन दिने । |
| | ३४.४ | जिल्ला समन्वय समिति कैलालीले एक व्यवसायीसँग गरेको सम्झौता स्थानीयको अवरोधको कारण देखाई निमार्ण व्यवसायीलाई रकम बुझाउन ताकेता नगरेको र बैंक जमानतबाट रु. २ करोड ७० लाख ६६ हजार असुल समेत नगरेकोले कानूनी कारवाही गरी रकम असुल गर्नुपर्ने । | सम्झौता बमोजिम काम नगर्ने निर्माण व्यवसायीलाई कानूनी कारवाही गरी रकम असुलउपर गर्न निर्देशन दिने । |
| | ३४.५ | ठेक्काको लागि निकालिएको न्यूनतम मुल्यांकनमा समावेश भएको परीमाण र दर प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदनमा सिफारिस गरिएको भन्दा कम हुने गरी न्युनतम मुल्याँकन गरेबाट मूल्य अभिवृद्धि कर समेत रु. एक करोड चौतिस लाख एकसट्ठी हजार राजस्व कम भएको । | अब आइन्दा प्रतिवेदनमा सिफारिस गरिएको भन्दा कम नहुने गरी न्यूनतम मूल्याङ्कन गर्न निर्देशन दिने । |

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| | ३४.६ | जिल्ला समन्वय समिति पाल्पाले ७ कम्पनीसँग चुन, ढुङ्गा रोयल्टी वापत रु. पचपन्न लाख उनासी हजार आम्दानी गरेको कानूनी आधार नदेखिएको र सो सम्बन्धी अभिलेख नराखेको । | अब आइन्दा नदीजन्य पदार्थ, चुन, ढुङ्गालगायतबाट आम्दानी गर्दा कानूनी आधार प्रष्ट गर्न, त्यसको अभिलेख व्यवस्थित गर्न र वातावरणीय परीक्षणपश्चात् मात्र परिमाण यकिन गर्न निर्देशन दिने । |
| ३५. | ३५ | **कोषमा मौज्दात :** जिल्ला विकास समितिका कोषहरुमा मौज्दात रहेको रु. दश अर्ब सन्तानब्बे करोड बाह्र लाख चौवालीस हजार रकम परिचालन तथा वितरण सम्बन्धमा कार्यविधि तथा मापदण्ड नबनाएको । | कोषमा मौज्दात रहेको रकम परिचालन तथा वितरण सम्बन्धमा बनेको कार्यविधि तथा उपयोगको मापदण्ड अनुरुप कोष संचालन गर्न निर्देशन दिने । |
| ३६. | ३६ | **मूल्य अभिवृद्धि कर :** | |
| | ३६.१ | सरकारी आय ठेक्का बन्दोबस्त गर्दा मूल्य अभिवृद्धि करमा दर्ता भएको फर्म छनौट गर्नुपर्नेमा जिल्ला समन्वय समिति, काठमाडौले मूल्य अभिवृद्धि करमा दर्ता नभएको फर्मसँग सम्झौता गर्न नमिल्नेमा आयकर मात्र दर्ता भएको फर्म छनौट गरी रु. ४ करोड २० लाखमा सम्झौता गरेको । असुल नगरेको मूल्य अभिवृद्धि कर रु. ४८ लाख ३२ हजार असुल गरी दाखिला गर्नुपर्ने । | एक महिनाभित्र असुलउपर गरी दाखिला गरेको प्रतिवेदन समितिमा पेश गर्न निर्देशन दिने । |
| | ३६.२ | जिल्ला समन्वय समिति झापा, मकवानपुर, सर्लाही, रौतहट, कैलालीलगायत २१ कार्यालयले सम्झौता भएको आय ठेक्कामा रु. १० करोड ७० लाख ३२ हजार मूल्य अभिवृद्धि कर संघीय सञ्चित कोषमा समयमै दाखिला नगरेको । | एक महिनाभित्र असुलउपर गरी मूल्य अभिवृद्धि कर संघीय संचित कोषमा दाखिला गरेको प्रतिवेदन समितिमा पेश गर्न निर्देशन दिने । |
| | ३६.३ | जिल्ला समन्वय समिति महोत्तरी, सिन्धुली, दार्चुला, बाँके र ललितपुरले | एक महिनाभित्र समायोजन गरेको प्रमाण समितिमा पेश गर्न निर्देशन |

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| | | विभिन्न ठेक्का पट्टाको भुक्तानी गर्दा मूल्य अभिवृद्धि करमा ननफाइलर भएका कम्पनीलाई रु. ३३ लाख ७१ हजार मूल्य अभिवृद्धि कर भुक्तानी गर्दा समायोजन प्रमाण पेश नगरेको । | दिने । |
| | ३६.४ | मूल्य अभिवृद्धि कर निर्देशिका विपरीत जिल्ला समन्वय समिति, काठमाडौंले एक प्रा.लि. बाट ढुङ्गा, बालुवा लगायतको आय ठेक्का बमोजिम रु. १ करोड ८९ लाख २० हजार आय प्राप्त गरेकोमा उक्त प्रा.लि.ले सो खरिदबाट रु. १६ लाख ८५ हजार बिक्री गरेको आय वर्ष २०७४/७५ को कर चुक्ता प्रमाणको आधारमा व्यवसायीलाई धरौटी फिर्ता दिएको र कारोवारमा उत्पन्न हुने मूल्य अभिवृद्धि कर रु. २१ लाख ७७ हजारमा बिक्रीमा तिरेको कर रु. २ लाख १९ हजार समायोजन गर्दा निर्देशिकाको व्यवस्था अनुसार मूल्य अभिवृद्धि कर वापत छुट भएको १९ लाख ५८ हजार असुल  गर्नुपर्ने । | एक महिनाभित्र असुलउपर गरी समितिमा प्रतिवेदन पेश गर्न निर्देशन दिने । |
| ३७. | ३७ | **अतिरिक्त सुविधा :** ऐनले व्यवस्था गरेभन्दा १४ जिल्ला समन्वय समितिले पदाधिकारी तथा सदस्यलाई तलबमा रु. ४ लाख ७८ हजार भाडामा रु. १ लाख १५ हजार, बैठक भत्तामा रु. २२ लाख ४१ हजार, चाडपर्व खर्चमा रु. ४ लाख ६० हजार, संचार सुविधामा रु. ३ लाख ११ हजार र अनुगमन भत्तामा रु. ३ लाख ४ हजार समेत रु. ३९ लाख ७९ हजार बढी सुविधा उपलब्ध गराएको रकम असुल गर्नुपर्ने । | ऐनको व्यवस्था बेगर उपलब्ध गराएको तलव भत्ता तथा सुविधा एक महिनाभित्र असुलउपर गरी सोको प्रतिवेदन समितिमा पेश गर्न निर्देशन दिने । |
| ३८. | ३८ | **सम्झौताको कार्यान्वयन :** जिल्ला समन्वय समिति, हुम्लाले झोलुङ्गे पुलको स्टिल पाट्र्स ढुवानी गर्न २०७३ असारमा एक कार्गो सेवा सँग रु. ४३ | आयोजनाको निर्माण कार्यको स्थिति अनुगमन गरी एक महिनाभित्र समितिमा प्रतिवेदन पेश गर्न निर्देशन दिने । |

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| | | लाख ७० हजारमा २०७३ असोजसम्म कार्य सम्पन्न गर्ने गरी सम्झौता गरेकोमा रु. २६ लाख ७० हजार भुक्तानी भई सक्दा ४० प्रतिशत मात्र प्रगित भएको र कार्गो सेवाले ढुवानी नगर्नाले ४ आयोजनाको निर्माण कार्य अधुरो रहेको । | |
| ३९. | ३९ | **कार्यसम्पन्न प्रतिवेदन :** सम्झौता अनुसार ३ हजार ५ सय ४ मिटर सडक निर्माण गर्नुपर्नेमा ८३९ मिटर मात्र निर्माण गरी रु. ३७ लाख ५४ हजारको कार्य सम्पन्न प्रतिवेदन गरेको, सडक निर्माण कार्य २४ प्रतिशत सम्पन्न गरेकोमा ६७ प्रतिशत भुक्तानी भएको, कामको अनुपातमा बढी भुक्तानी गर्ने र कार्य सम्पन्न नहुँदै कार्य सम्पन्न प्रतिवेदन तयार गर्ने प्राविधिकलाई जिम्मेवार बनाउनु पर्ने । | कामको अनुपातमा बढी भुक्तानी गर्ने र कार्य सम्पन्न नहुँदै कार्य सम्पन्न प्रतिवेदन तयार गर्ने प्राविधिक लगायत सबै दोषीलाई कानूनी कारवाहि गरी एक महिनाभित्र समितिमा प्रतिवेदन पेश गर्न निर्देशन दिने । |
| ४०. | ४० | **आय दाखिला :** आर्थिक प्रशासन नियमावली, २०६४ बमोजिम आय ठेक्का सम्झौता गरेका जिल्ला समन्वय समिति धादिङ्ग, सुनसरी, महोत्तरी, कैलाली, गोरखा, कपिलवस्तु, सर्लाही लगायतका १४ कार्यालयले रु. २० करोड ३५ लाख ७० हजार असुल नगरेको । | एक महिना भित्र असुल उपर गरी समितिमा प्रतिवेदन पेश गर्न निर्देशन दिने । |
| ४१. | ४१ | **ठेक्का बन्दोबस्तको आधार :** जिल्ला समन्वय समिति, ललितपुरले निकासी हुने ढुङ्गा, गिटी, वालुवा र माटोको निकासी कर अघिल्लो वर्षभन्दा रु. १ करोड ६० लाख घटी लिने गरी निर्णय गरेको आधार नखुलाएको । | अब आइन्दा ठेक्का बन्दोबस्त गर्दा पर्याप्त आधार र कारण खुलाई व्यवस्थापन गर्न निर्देशन दिने । |
| ४२. | ४२ | **परिपत्र विपरित खर्च :** मन्त्रिपरिषद्को २०७४/२/१७ को निर्णयको परिपत्र बिपरित जिल्ला समन्वय समिति, मोरङले रु. २ करोड २ लाख १ | परिपत्र पालना नगरी खर्च गर्ने पदाधिकारीलाई कानूनी कारवाहि गरी तीन महिना भित्र विस्तृत प्रतिवेदन समितिमा पेश गर्न निर्देशन दिने । |

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| | | हजार, गोरखाले रु. २ करोड ५९ लाख ५ हजार, झापाले रु. ३ करोड ७१ लाख ५० हजार, महोत्तरीले रु. १ करोड ४ लाख १९ हजार समेत रु. ९ करोड ३६ लाख ७५ हजार खर्च गरेकाले जिम्मेवार बनाउनु पर्ने । | |
| ४३.. | ४३ | **वातावरणीय शुल्क** : जिल्ला समन्वय समिति, रुपन्देहीले सिमेन्ट, क्रसर, मदिरा, छड उत्पादन गर्ने एकसय चार उद्योगबाट रु. ६६ लाख २ हजार वातावरणीय शुल्क असुल नगरेको । | तीन महिनाभित्र असुलउपर गरी समितिमा प्रतिवेदन पेश गर्न निर्देशन दिने । |
| ४४. | ४४ | **पर्यटन शुल्क** : जिल्ला समन्वय समिति, सोलुखुम्वुले पर्यटन शुल्क वापतको रु. २२ करोड ३३ हजार जिल्लाको पूर्वाधारको लागि प्रयोग नगरी मौज्दात राखेकोले निष्क्रिय रहेको रकम संचित कोषमा दाखिला गर्नुपर्ने । | जिल्ला समन्वय समितिको मौज्दात कोष संचालन कार्यविधि अनुरुप खर्च व्यवस्थापन गर्न र खर्च नहुने स्थिति भएमा सञ्चित कोष दाखिला गर्न निर्देशन दिने । |
| ४५. | ४५ | **विल भरपाई** : जिल्ला समन्वय समिति सुनसरी, मकवानपुर र कञ्चनपुरले ठेक्काको प्रोभिजनल सममा राखेको रकम भुक्तानी गर्दा बिल भरपाई बमोजिम नगरेकोले रु. १५ लाख ११ हजार असुल गर्नुपर्ने । | सम्झौताको सर्त बिपरित भुक्तानी गरेको रकम असुलउपर गरी एक महिनाभित्र समितिमा प्रतिवेदन पेश गर्न निर्देशन दिने । |
| ४६. | ४६ | **बचत अनुदान** : सशर्त अनुदान तथा कार्यक्रममा बचत रहेको रकम जिल्ला समन्वय समितिको कार्यालय ओखलडंगा, स्याङजा र रौतहटले रु. ७९ लाख १६ हजार संघीय सञ्चित कोषमा दाखिला नगरी वर्षातमा मौज्दात राखेको रकम असुल गर्नुपर्ने । | वचत मौज्दातमा रहेको रकम एक महिनाभित्र सञ्चित कोष दाखिला गरी समितिलाई जानकारी गराउन निर्देशन दिने । |
| ४७. | ४७ | **जोखिममा रहेको कोष** : जिल्ला समन्वय समिति ओखलढुंगाले कर्मचारी | दोषी पदाधिकारीलाई कानूनी कारवाही गरी एक महिनाभित्र नेपाल राष्ट्र |

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| | | अक्षय कोषको रु. १९ लाख ६२ हजार बढी व्याज प्राप्त हुने उल्लेख गरी एक फाइनान्स कम्पनीमा मुद्दती खातामा लगानी गरेकोमा संस्था बन्द भएका कारण फिर्ता नभएको र कानूनी कारवाही समेत अगाडि नबढेको । | बैंक मार्फत रकम असुल गरेर समितिलाई जानकारी दिन निर्देशन दिने । |
| ४८. | ४८ | **कोष रकम ट्रान्सफर :** योगदानमा आधारित कोषको अवधारणा विपरित जिल्ला समन्वय समिति दैलेख, मनाङ, ओखलढुंगा, सिन्धुली, चितवन, स्याङ्जाले विगतदेखि रहेका विभिन्न कोष तथा अनुदानको रकम रु. १ करोड ८१ लाख ६५ हजार कर्मचारी कल्याण कोषमा ट्रान्सफर गरेको रकम फिर्ता गरी सञ्चित कोषमा दाखिला नगरेको । | एक महिनाभित्र रकम असुल गरी सञ्चित कोष दाखिला गर्न र सो को जानकारी समितिलाई दिन निर्देशन दिने । |
| ४९. | ४९ | **सम्झौताको अन्त्य :** निर्माण व्यवसायीसँग रु. २ करोड ८२ लाख ६२ हजारको खरिद सम्झौता गरेकोमा रु. १ करोड ९६ लाख २९ हजार भुक्तानी गरेको, निर्माण व्यवसायीको लापरवाहीका कारण काम हुन नसकेकी सम्झौताको अन्त्य गरेको, खरिद सम्झौता अनुसारको बाँकी कार्य निर्माण गर्न व्यवसायीबाट मूल्य अभिवृद्धि कर समेत रु १ करोड ३१ लाख ९२ हजार असुल गर्ने निर्णय गरेकोमा सो रकम असुल नगरेको र ठेक्का सम्झौता तोडिएपछि पूर्व निर्धिरत क्षतिपूर्ति असुल गर्ने तथा कालो सूचीमा राख्ने कार्य नगरेको । | पूर्व निर्धारित क्षतिपूर्ति असुल गर्न र निर्माण व्यवसायीलाई कालो सूचीमा राखी कारवाही गरी एक महिनाभित्र समितिलाई जानकारी गराउन निर्देशन दिने । |
| ५०. | ५० | **बैंक जमानत :** रु. २ करोडमा सम्झौता गरी तीन किस्तामा रकम प्राप्त गर्ने उल्लेख भएको, सम्झौता गर्न नआएका व्यवसायीले राखेका जमानत रु. ९ लाख २६ हजार जफत नगरेको, सम्झौता भएको व्यवसायीबाट पहिलो किस्तामा रु. ८० लाख प्राप्त गरेको तर पहिले किस्ताको मूल्य | एक महिनाभित्र सम्झौता गर्न नआउने व्यवसायीको जमानत जफत गर्न, सम्झौता गर्ने व्यवसायीबाट असुल गर्नुपर्ने रकम असुल गर्न, निजले पेश गरेको जमानत जफत गर्न र मूल्य अभिवृद्धि कर वापतको रकम असुली तथा बैंक जमानत समेत जफत गरी समितिलाई एक महिनाभित्र |

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| | | अभिवृद्धि कर रु. १० लाख ४० हजार, दोस्रो र तेस्रो किस्ता वापतको रु. १ करोड २० लाख र सो को मूल्य अभिवृद्धि कर रु. १५ लाख ६० हजार तथा ५ प्रतिशत धरौटी रु. १० लाख समेत रु. १ करोड ५६ लाख असुल नगरेको र गिटी, वालुवा लगायतको निकासी गर्ने निर्माण व्यवसायीबाट लिनुपर्ने किस्ता तथा मूल्य अभिवृद्धि कर वापतको रु. ३३ लाख समेत असुल नगरेको । | जानकारी दिन निर्देशन दिने । |
| ५१. | ५१ | **विशेष भत्ता :** कार्यविधि तथा मापदण्ड तयार नगरी तथा संघीय कानून विपरित जिल्ला समन्वय समितिको कार्यालय नवलपरासी (पश्चिम) ले विभिन्न १४ कर्मचारीलाई २ देखि १० महिनाको तलव बराबर रु. ७ लाख २० हजार विशेष भत्ता र जिल्ला प्राविधिक कार्यालयका ८ कर्मचारीलाई ८ महिनादेखि ५१ महिनासम्मको तलब बराबर रु. ११ लाख ३० हजार प्रोत्साहन भत्ता खर्च लेखेको। | कार्यविधि तथा मापदण्ड र संघीय कानून विपरित खर्च लेखेको रकम एक महिनाभित्र असुलउपर गरी समितिलाई जानकारी गराउन निर्देशन दिने । |
| ५२. | ५२ | **विदाको रकम :** जिल्ला समन्वय समितिको कार्यालय खोटाङ्गले रमाना लि सरुवा भई गएका र अविच्छिन्न रुपमा काम गरेको अवस्थामा बिदाको रकम भुक्तानी गर्न नमिल्ने भए पनि रु. १४ लाख ९२ हजार भुक्तानी गरेको । | कानून विपरित भुक्तानी गरेको रकम असुलउपर गरी एक महिनाभित्र समितिलाई जानकारी गराउन निर्देशन दिने । |
| ५३. | ५३ | **सामान फिर्ता :** जिल्ला समन्वय समिति झापाका १९ कर्मचारीसँग रहेका १५ मोटरसाइकल तथा ल्यापटप कम्प्यूटर, डिजिटल क्यामेरा लगायतका मूल्य नखुलेका सामन बरबुझारथ नगरी रमाना दिएको । | बरबुझारथ नगरी रमाना दिने पदाधिकारीलाई कानूनी कारवाही गरी मालसामान फिर्ता गरेर एक महिनाभित्र समितिलाई जानकारी गराउन निर्देशन दिने । |

# संघीय संसद सचिवालय
# सार्वजनिक लेखा समिति
# बेरुजु छलफल उपसमिति
# शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
## महालेखापरीक्षकको ५६औं वार्षिक प्रतिवेदन, २०७४/७५ उपर भएको छलफलको मिति २०७७/०३/०१, ०३, ११ र १९ गतेका निर्णयहरु

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| १. | १ | **नीति तथा कार्यक्रम** : चौधौं योजनाको लक्ष्य र उद्देश्य अनुरुप नीति तथा कार्यक्रम निर्धारण गरी संचालन गर्न र अपेक्षित उपलब्धि हासिल गर्न ध्यान दिनुपर्नेमा कक्षा १२ सम्म अनिवार्य र निःशुल्क तुल्याउने, आधारभूत तहको दरबन्दी संयोजन तथा माध्यमिक तहको शिक्षक विषयगत दरबन्दी एकिन गर्नुपर्ने, कक्षा ११ र १२ को अनौपचारिक तथा वैकल्पिक कक्षा संचालन हुन नसकेको । | नीति तथा कार्यक्रममा उल्लिखित कार्यक्रम संचालन गर्न निर्देशन दिने । |
| २. | २ | **संगठन संरचना** : संगठन संरचना तथा कार्यक्षेत्र सम्बन्धमा यकिन गरी स्थायित्व कायम हुनुपर्ने । | स्पष्ट कार्यक्षेत्र र नीति निर्धारण गरी तीनवटै तहका संगठन संरचना अनुरुप विद्यालय शिक्षाको व्यवस्थापन गर्न निर्देशन दिने । |
| ३. | ३ | **बजेट र खर्चको स्थिति** : पारिश्रमिक र अन्य सुविधामा खर्च ७०.२९% र अनुदान तथा अन्य खर्च २९.७१% रहेको, अनुदान निकासा महालेखापरीक्षकको कार्यालयले गर्ने गरेको तर अनुदान प्राप्त गर्ने निकायको | लक्षित कार्यक्रमको अपेक्षित प्रतिफल प्राप्त हुने गरी कार्यक्रम संचालन गर्न, अनुदान प्राप्त गर्ने निकायहरुको लेखापरीक्षण व्यवस्थित गर्न र खर्च तथा सशर्त अनुदानको उपयोग सम्बन्धमा अनुगमन गरी समितिमा |

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| | | लेखापरीक्षण व्यवस्थित नभएको । | प्रतिवेदन पेश गर्न निर्देशन दिने । |
| ४. | ४ | **विदेशी शिक्षण संस्थाबाट सम्बन्धन** : शिक्षण अनुमति प्राप्त ८७ संस्था मध्ये ८३ ले नवीकरण नगरेको, धरौटी रकम जफत गर्न सक्ने व्यवस्था नगरिएको, अनुगमन सूचक तयार नगरेको र प्रभावकारी अनुगमन तथा मूल्यांकन हुनुपर्ने । | नवीकरण नगर्ने संस्थाको सम्बन्धमा छानविन र स्थिति मूल्यांकन गरी कारवाही गर्न, नियमित र आकस्मिक अनुगमनका लागि आवश्यक सूचक तयार गरी प्रभावकारी अनुगमन तथा मूल्यांकन गर्न र प्रतिवेदन समितिमा पेश गर्न निर्देशन दिने । |
| ५. | ५ | **मनशाय पत्र** : स्नातक तहभन्दा माथि २०७३/४/३० देखि २०७४/२/१९ सम्ममा १३७ निवेदन परेकोमा ६७ लाई मनसाय पत्र दिएको तथा अन्यको निर्णय नगरेको । | मनसाय पत्रका सम्बन्धमा परेका निवेदनहरुको तीन महिनाभित्र निर्णय गरी समितिलाई जानकारी दिन निर्देशन दिने । |
| ६. | ६ | **शैक्षिक परामर्श संस्था** : २०६९ देखि २०७४/७५ सम्म परामर्श सेवा दिने प्रयोजनका लागि २१०६ निवेदन परेकोमा ६३३ आवेदन स्वीकृतिको प्रक्रियामा रहेको, यो वर्ष २०७४/७५ मा ४२७ ले नवीकरणको लागि निवेदन दिएकोमा निर्णय नभएको, अनुगमन तथा नियन्त्रण हुन नसकेको, २१ उजुरी परेकोमा छानबिन नभएको | एक महिनाभित्र परामर्श सेवा दिने प्रयोजनका लागि पेश भएका सबै निवेदनको सम्बन्धमा कारबाही सम्पन्न गर्न, नवीकरणको लागि निवेदन दिएको सम्बन्धमा तत्काल निर्णय गर्न, उजुरी छानविन गर्न र समितिमा प्रतिवेदन गर्न निर्देशन दिने । |
| ७. | ७ | **छात्रवृत्ति** : चिकित्सा शिक्षाको स्नातक बाहेक इन्जिनियरिंग, कृषि, वन आदिमा निजी लगानीमा संचालन हुने शिक्षण संस्थाले स्वदेशी लगानीकर्ताले १०% र विदेशी लगानी कर्ताले २०% उपलब्ध गराउनुपर्नेमा हालसम्म उपलब्ध गराएको नदेखिएको । | एक महिनाभित्र स्वदेशी तथा विदेशी लगानीकर्ताले उपलब्ध गराउनु पर्ने छात्रवृत्ति यकिन गरी वितरणको व्यवस्था गर्न र सोको जानकारी समितिमा गराउन निर्देशन दिने । |
| | ७.१ | २०७३ देखि २०७५ सम्म ९४०० विद्यार्थी विदेशमा अध्ययन गर्न गएको, २०६२ देखि कबुलितनामा गर्ने गरेको चिकित्सा शिक्षाका विद्यार्थीले प्रतिवेदन गर्ने गरेको, शर्त बमोजिम काम गरे नगरेको अभिलेख | विदेशमा छात्रवृत्तिमा अध्ययन गर्न गएका सबै विषयका विद्यार्थीसँग कबुलियतनामा अनुरुप प्रतिवेदन लिन र शर्त अनुसार सेवा गरे नगरेको अभिलेख राख्न तथा शर्त अनुसारका सेवा कार्यलाई तीन महिनाभित्र |

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| | | नराखेको । | व्यवस्थित गरी समितिलाई प्रतिवेदन गर्न निर्देशन दिने \| |
| | ७.२ | छात्रवृत्ति ऐन अनुरुप कवुलियतनामा गरी ५ वर्ष सेवा गर्नुपर्ने शर्त अनुसार २०१० देखि २०१२ सम्म रुस लगायत ५ देशमा अध्ययन गरेका विद्यार्थीबाट सेवा प्रदान नगरिएको । | उल्लिखित विद्यार्थीबाट लिनुपर्ने शर्त अनुसारका सेवा कार्यलाई तीन महिनाभित्र व्यवस्थित गरी समितिलाई प्रतिवेदन गर्न निर्देशन दिने \| |
| ८. | ८ | **अनुदान निकास** : सशर्त अनुदान रु १४ अर्ब ७३ करोड ६७ लाख निकासा गराएकोमा अनुदान नीति नबनाएको, आयव्यय विवरण, प्रगति विवरण र लेखापरीक्षण प्रतिवेदन प्राप्त गरी अनुगमन तथा मूल्यांकन गर्ने व्यवस्था नमिलाएको । | सशर्त अनुदान उपलब्ध गराउने सम्बन्धमा अनुदान नीति तर्जुमा गर्न, सम्बन्धित संस्थाबाट आयव्यय विवरण, प्रगति विवरण र लेखापरीक्षण प्रतिवेदन प्राप्त गरी अनुगमन तथा मूल्यांकन गर्ने व्यवस्था मिलाई समितिमा तीन महिनाभित्र प्रतिवेदन पेश गर्न निर्देशन दिने \| |
| | ८.१ | महालेखा नियन्त्रक कार्यालयले फ्रिज नहुने भनी तोकेको बाहेक सोही आर्थिक बर्षमा खर्च नभएको रकम रू ३ अर्ब ३७ करोड ४० लाख ५३ हजार मौज्दात संचित कोष दाखिला गर्न निर्देशन दिने । | उल्लिखित संस्थाहरुलाई चालु आ.व.को निकासा दिनु पूर्व संचित कोष दाखिला गराएर मात्र निकासा दिन र सोको जानकारी समितिलाई गराउन निर्देशन दिने \| |
| | ८.२ | त्रि.वि.वि. को पूँजीगत रु.३७ करोड १५ लाख समेत रु. ६ अर्ब ३५ करोड ८९ लाख, काठमाडौं विश्वविद्यालयलाइ दिएको रु. ८ करोड र पूर्वाञ्चल विश्वविद्यालयलाई दिएको रु. ६ करोड सशर्त अनुदान मध्ये बचत रकम संचित कोष दाखिला हुनुपर्ने । | दिइएको सशर्त अनुदान मध्ये बचत रकम एक महिनाभित्र संचित कोष दाखिला गर्न निर्देशन दिने । |
| | ८.३ | अनुदान नीति तर्जुमा नगरी द्वन्द्व पीडित परिवार शिक्षा कार्यक्रम अन्तर्गत गैरसरकारी संस्थालाई रू. १६ करोड २१ लाख २८ हजार अनुदान उपलब्ध गराएको उचित भएन । | अनुदान नीति तर्जुमा गरी द्वन्द्व पीडित परिवार शिक्षा कार्यक्रम व्यवस्थित गर्न निर्देशन दिने \| |
| ९. | ९ | **छात्रवृत्ति निकासा** : अनुदान नीति तर्जुमा नगरी पटके निर्णयको भरमा छात्रवृत्ति वितरण गर्न बुढानिलकण्ठ, गण्डकी र अन्य दुई संस्थालाई रु, ७ | अब आइन्दा अनुदान नीति तय गरेर मात्र अनुदानको व्यवस्था गर्न, लक्षित समुदायले छात्रवृत्ति पाए नपाएको अध्ययन गर्न र नियमित |

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| | | करोड ११ लाख अनुदान दिएको र छात्रवृत्ति दिए नदिएको अनुगमन तथा मूल्यांकन नगरेको । | अनुमगन तथा मूल्यांकन गर्न निर्देशन दिने । |
| १०. | १० | **छात्रा शिक्षा कोष :** २०६१/६२ देखि हाल सम्म ४८ करोड ८६ लाख ६९ हजार कोषमा मौज्दात रहेको समितिको २०७२/१०/२४ को निर्णय अनुरुप कार्यविधि बनाई खर्च गर्नुपर्नेमा नगरेको, संचित कोष दाखिला हुनुपर्ने | एक महिनाभित्र कोषको सदुपयोग हुने गरी आवश्यक कानूनी व्यवस्था सहित सम्बन्धित निकाय मार्फत् छात्रवृत्ति व्यवस्थापन गर्न गराउन निर्देशन दिने । |
| ११. | ११ | **लेखापरीक्षण :** मन्त्रालय र यूएनडिपी बीच सम्झौता भई प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम सम्बन्धी नीति सुधार गर्ने कार्यमा खर्च भएको रकम वार्षिक कार्यक्रममा समावेश नगरेको, लेखापरीक्षण प्रतिवेदन पेश नभएको । | मन्त्रालय र यूएनडिपी बीच सम्झौता भई प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम सम्बन्धी नीति सुधार गर्ने कार्यमा लाग्ने बजेट वार्षिक कार्यक्रममा समावेश गर्न र खर्च भएको रकमको लेखापरीक्षण प्रतिवेदन पेश गर्न निर्देशन दिने । |
| | | **शिक्षा तथा मानव श्रोत विकास केन्द्र** | |
| १२. | १२ | **वार्षिक लक्ष्य तथा प्रगति :** स्वीकृत कार्यक्रम मध्ये केन्द्रबाटै रु. ५ करोड ७९ लाख ७० हजारको ४१ क्रियाकलाप कार्यान्वयन नभएको । | लक्ष्य अनुरुप कार्यक्रम संचालन गरी उपलब्धि हासिल गर्ने तर्फ आवश्यक व्यवस्था गर्न निर्देशन दिने । |
| १३. | १३ | **कार्यक्रम कार्यान्वयन संयन्त्र :** दातृ निकायबाट सोध भर्ना लिने गरी संचालित विद्यालय क्षेत्र विकास कार्यक्रमको लागि तीनवटै तहबाट कार्यक्रम संचालन गरिने हुँदा प्रदेश र स्थानीय तहबाट केन्द्रमा खर्च तथा प्रगति प्रतिवेदन गर्ने संयन्त्र परिचालन गर्नुपर्ने । | विद्यालय क्षेत्र विकास कार्यक्रमका सम्बन्धमा खर्च रकम दातृ निकायबाट सोधभर्ना लिनुपर्ने भएकोले सोका लागि तीन महिनाभित्र प्रदेश र स्थानीय तहबाट केन्द्रमा खर्च तथा प्रगति प्रतिवेदन गर्ने संयन्त्र परिचालन गरी सोधभर्ना कार्यलाई व्यवस्थित गर्न निर्देशन दिने। |
| १४. | १४ | **शैक्षिक नक्सांकन :** नक्सामा खुल्ने गरी सूचना, तथ्यांक र विद्यालय स्थान राख्न वार्षिक बजेट राखेको तर हालसम्म एकिकृत खर्चको अभिलेख | तीनमहिना भित्र नक्सामा खुल्ने गरी सूचना, तथ्यांक र विद्यालय स्थान राख्न र हालसम्म भएको एकीकृत खर्चको अभिलेख राखी उपलब्धी |

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| | | नराखेको र उपलब्धि मूल्यांकन नगरेको । | मूल्यांकन गर्न निर्देशन दिने । |
| १५. | १५ | **परामर्श सेवा** : केन्द्रबाट रु. २ करोड ११ लाख १ हजार परामर्श सेवामा खर्च गरेको । | |
| | १५.१ | छात्रवृत्ति अध्ययन गर्न सेवा लिइएकोमा उद्देश्य अनुरुप प्रतिवेदन प्राप्त नभएको, प्रतिवेदन तथ्यांकमा आधारित नभएको र यसको उपयोग हुने स्थिति नरहेको । | लिएको सेवा सम्बन्धमा एक महिनाभित्र छानविन गरी समितिमा प्रतिवेदन पेश गर्न निर्देशन दिने । |
| | १५.२ | परामर्शदाता विज्ञ तथा फर्मको काम गरेको अवधिका आधारमा भुक्तानी गर्नुपर्ने सो नभई प्रतिशतका आधारमा भुक्तानी दिएको, विद्यमान कर्मचारीले गर्न सक्ने वित्तीय विवरण तथा प्रगति विवरण तयार गर्न पनि परामर्श सेवा लिइएको । | अब आइन्दा परामर्शदाता विज्ञ तथा फर्मको काम गरेको अवधिका आधारमा भुक्तानी व्यवस्था मिलाउन र वित्तीय विवरण तथा प्रगति विवरण तयार गर्ने जस्ता कार्य कार्यालय जनशक्तिबाटै गर्ने गरी नीतिगत व्यवस्था गर्न निर्देशन दिने । |
| १६. | १६ | **छात्रवृत्ति रकमको मौज्दात** : विद्यार्थी वित्तीय सहयोग कोष विकास समितिमा मौज्दात बाँकी रहेको रकम संचित कोष दाखिला हुनुपर्ने । | संचित कोष दाखिला गरी समितिलाई जानकारी गराउने । |
| १७. | १७ | **संस्थागत विद्यालयको शुल्क अनुगमन** : शुल्क निर्धारणका शर्त, नियमावली, निर्देशिका अनुसार मापदण्ड पूरा गरे नगरेको, अनुगमन तथा मूल्यांकन नगरेको र दोषीलाई कारबाही नगरेको । | शुल्क निर्धारण गर्दा शर्त, नियमावली, निर्देशिका र अघिल्लो वर्षको प्रगति समेतलाई आधार लिई मापदण्ड पूरा गरे नगरेको अनुगमन तथा मूल्यांकन गरी दोषीलाई कारबाही गर्ने व्यवस्था गर्न निर्देशन दिने । |
| १८. | १८ | शिक्षक दरबन्दी पुनर्वितरण : कार्यदलको सुझाव अनुसार उपयुक्त सुझाव कार्यान्वयन गर्नुपर्ने । | तीन महिनाभित्र शिक्षक दरबन्दी मिलान गर्न र समितिलाई प्रतिवेदन गर्न निर्देशन दिने । |
| १९. | १९ | **टेलिसेन्टर निर्माण** : टेलिसेन्टर निर्माणमा रु २ करोड ९० लाख ४९ हजार खर्च भएकोमा पानी चुहिएको र स्टुडियोका समान बिग्रने स्थिति रहेकोले संलग्न पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्ने । | एक महिनाभित्र भवन निर्माण कार्यको छानविन गरी दोषीलाई कारबाही गर्न र सोको प्रतिवेदन समितिमा पेश गर्न निर्देशन दिने । |

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| **शिक्षक सेवा आयोग** | | | |
| २०. | २० | **कार्य सम्पादन स्थितिः** खुल्ला, आन्तरिक प्रतिष्पर्धा तथा बढुवा सम्बन्धी कार्य गर्न क्यालेन्डर/कार्यतालिका तयार गरी लागू नगरेको । | खुल्ला तथा आन्तरिक प्रतिस्पर्धा तथा बढुवा सम्बन्धी कार्यका लागि एक महिनाभित्र वार्षिक क्यालेन्डर र कार्यतालिका तयार गरी लागू गर्न निर्देशन दिने। |
| २१. | २१ | **उत्तर पुस्तिका मौज्दात :** ठूलो परिमाणमा उत्तर पुस्तिका मौज्दात रहेको, बिग्रँदै गएकोले संरक्षण हुनुपर्ने । | मौज्दात रहेको उत्तरपुस्तिकाको संरक्षण गर्न र थप खरिद नगरी मौज्दातको उपयोग हुने व्यवस्था मिलाउन निर्देशन दिने । |
| **व्यावसायिक शिक्षा तथा तालिम अभिवृद्धि परियोजना** | | | |
| २२. | २२ | **तालिम संचालन :** उपत्यका बाहिर ४४ संस्थामार्फत तालिम संचालन सम्झौता भएकोमा १८ ले तालिम म्यादभित्र सुरु नगरेको, उपत्यकाभित्र ४७ संस्थासंग सम्झौता भएकोमा म्याद सकिंदा पनि ४२ संस्थाले तालिम सुरु गरी १०% भुक्तानी गरेको र ५ संस्थाले सुरु नै नगरेको। | उल्लिखित अनियमितता सम्बन्धमा छानबिन गरी एक महिनाभित्र मूल्यांकन तथा स्थिति प्रतिवेदन समितिमा पेश गर्न र अब आइन्दा निर्धारित समयभित्रै कार्यक्रम संचालन गर्न गराउन निर्देशन दिने। |
| २३. | २३ | **सीप परीक्षण :** सीप परीक्षणमा सहभागीले खर्च बेहोरेकोमा परियोजनाबाट पनि खर्च लेखेको दोहोरो परेको रकम खर्च लेख्न नमिल्ने । | परियोजनाले व्यहोरेको र दोहोरो नपरेको देखिएकोले बेरुजु लगत हटाउने। |
| | **परीक्षा नियन्त्रण कार्यालय** | | |
| २४. | २४ | **माध्यमिक शिक्षा परीक्षा :** लगानीको तुलनामा सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर न्यून रहेको र विगतमा औंल्याएकोमा सुधार नगरेको, अध्ययन नगरेको । | छ महिनाभित्र सामुदायिक विद्यालयको माध्यमिक शिक्षा परीक्षाको गुणस्तर सुधार गर्ने सम्बन्धमा अध्ययन गरी प्रतिवेदन समितिमा पेश गर्न निर्देशन दिने । |
| **शिक्षा विकास तथा समन्वय इकाईहरू** | | | |
| २५. | २५ | **भवन तथा अन्य निर्माण :** भवन र अन्य निर्माणका लागि उपलब्ध गराएको | आगामी आर्थिक वर्षभित्र कार्यसम्पादन गरी समितिमा प्रतिवेदन पेश गर्न र |

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| | | रु. ५ अर्व १० करोड ४० लाख ४४ हजारको कार्य सम्पन्न नगरेको । | अब आइन्दा समयमै कार्य सम्नपन्न नगर्नेलाई अनुदान नदिने गरी व्यवस्थापन गर्न निर्देशन दिने साथै पुस्तकालय व्यवस्थाका लागि र कम्प्यूटर ल्याव व्यवस्थापनका लागि उपलब्ध गराएको अनुदानको लक्ष्य बमोजिम कार्य सम्पन्न भएको प्रतिवेदन तीन महिनाभित्र समितिमा पेश गर्न निर्देशन दिने । |
| २६. | २६ | **निकासा रोक्का :** समयमा विद्यालय छनौट नगर्ने, विद्यालयलाई सुचित नगर्ने, सम्झौता नगर्ने र आषाढ अन्तिममा एकमुष्ट निकासा दिई निकासा रकम रोक्का राख्ने कार्यमा संलग्न पदाधिकारीलाई कारवाही हुनपर्ने । | समयमा विद्यालय छनौट नगर्ने, विद्यालयलाई सुचित नगर्ने, सम्झौता नगर्ने र आषाढ अन्तिममा एकमुष्ट निकासा दिई निकासा रकम रोक्का राख्ने कार्यमा संलग्न पदाधिकारीलाई एक महिनाभित्र कानूनी कारवाही गर्न र खर्च नभई बाँकी रहेको रकम संचित कोष दाखिला गरी समितिमा प्रतिवेदन पेश गर्न निर्देशन दिने । |
| २७. | २७ | **प्रौढ कक्षालाई अनुदान :** तोकिएको संख्याका विद्यार्थी नियमित रुपमा अध्ययनरत भए नभएको यकिन नगरी ३७ विद्यालयलाई रु. १ करोड २ लाख २२ हजार निकासा दिएको रकम संचित कोष दाखिला हुनुपर्ने । | उल्लिखित सम्बन्धमा छानविन गरी दोषी देखिएमा पदाधिकारीलाई कानूनी कारवाही गर्न र निकासा दिएको रकम संचित कोष दाखिला गर्न निर्देशन दिने । |
| २८. | २८ | **मर्मत सम्भार निकासा :** कार्यक्रम संशोधन तथ विभागीय निर्णय वेगर आ.ब. को अन्त्यमा एक कर्मचारीको पत्रको आधारमा विद्यालयलाई दिइएको रु. ३० लाख निकासा रकम असुल गर्नुपर्ने । | उल्लिखित सम्बन्धमा छानविन गरी दोषी कर्मचारीलाई कानूनी कारवाही गर्न र निकासा दिएको रकम असुलउपर गर्न निर्देशन दिने । |
| २९. | २९ | **गुणस्तर सुधार र व्यवस्थापन :** गुरुयोजना स्वीकृत नगरी नगराई ४६ जिल्लाका ९८ विद्यालयलाई रु. ८ करोड ६५ लाख ६० हजार अनुदान दिएकोमा गुरुयोजना कार्यान्वयन भएको प्रमाण पेश नभएको । | अनुदान उपयोग भए नभएको अनुगमन गरी एक महिनाभित्र समितिमा प्रतिवेदन पेश गर्न निर्देशन दिने । |

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| ३०. | ३० | **दिवा खाजा :** तोकिएका १४ जिल्ला वाहेक अन्य ९ जिल्लाका विद्यार्थीलाई दिवा खाजा उपलब्ध गराउन रु. ४ करोड २८ लाख अनुदान दिएको छानविन गरी यकिन गर्नुपर्ने, निर्देशिका विपरित झापाका विद्यार्थीहरुलाई दिवा खाजाको रकम उपलब्ध गराएको रु. ३ करोड ७४ लाख २५ हजार ७ सय असुलउपर गर्नुपर्ने । | दिवा खाजाको रकम निर्देशिका विपरित अनुदान उपलब्ध गराएको सम्बन्धमा छानविन गरी एक महिनाभित्र समितिमा प्रतिवेदन पेश गर्न निर्देशन दिने । |
| ३१. | ३१ | **शिक्षण सिकाई तथा प्रोत्साहान अनुदान :** वर्षातसम्म शिक्षक नियुक्त नगरिएको अवस्था, कम विद्यार्थी संख्या भएकोमा बढी देखाई अनुदान दिएको, शिक्षक शुन्य रहेको अवस्थामा पनि अनुदान उपलब्ध गराएको रकम फिर्ता गर्नुपर्ने । | तीन महिनाभित्र छानविन गरी अनुदान उपलब्ध गराउनु नपर्ने विद्यालय भए सोको अनुदान रकम फिर्ता गर्न र दोषी पदाधिकारीलाई कानूनी कारवाही गर्न निर्देशन दिने । |
| ३२. | ३२ | **छात्रवृत्ति वितरण :** छात्रवृत्ति वितरणको भरपाई वेगर ३७९ विद्यालयले रु. १ करोड ८७ लाख ९३ हजार भुक्तानी गरेको र २४१ विद्यालयले रु. ४ करोड ७५ लाख ८५ हजार छात्रवृत्ति वितरण गरेको अनुगमन नभएको । | छात्रवृत्ति वितरण भए नभएको सुनिश्चित गर्न अनुगमन प्रतिवेदन पेश गर्न निर्देशन दिने । |
| | | **शिक्षाका लागि खाद्य कार्यक्रम** | |
| ३३. | ३३ | **वस्तुगत अनुदान :** २०७४ पौषमा खाद्यान्न उपलब्ध नभएको र माघदेखि विद्यार्थीले ५०% मात्र खाद्यान्न उपलब्ध भएको । | सम्झौता अनुरुप खाजा उपलब्ध गराउने व्यवस्था गर्न निर्देशन दिने । |
| ३४. | ३४ | **घटी मौज्दात :** अछामको गोदाममा रू. ३२ लाख ६० हजार मूल्यका सामानको मौज्दात कम रहेको । | छानविन प्रतिवेदनबाट मौज्दात घटबढ नभएको देखिएकोमा केही गर्नु नपर्ने र बेरुजु लगत हटाउने । |
| | | **विज्ञान प्रविधि मन्त्रालय** | |
| ३५. | ३५ | **नीति कार्यान्वयन :** | |
| | ३५.१ | चौधौं योजनाका जैविक प्रविधि विकास सम्बन्धी सबै जसो नीति तथा | कार्यक्रम कार्यान्वयनका लागि ठोस योजना तीन महिनाभित्र समितिमा पेश |

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| | | कार्यक्रम कार्यान्वयन नभई जैविक प्रविधिको विकासबाट लाभ लिन नसकेको । | गर्न र सोही अनुसार कार्यक्रम संचालन गर्न निर्देशन दिने । |
| | ३५.२ | विज्ञान प्रविधिको विकासद्वारा गरिवी निवारण गर्ने कार्य प्रभावकारी कार्यान्वयन नभएको । | स्पष्ट कार्ययोजना तथा कार्यक्रम पेश गरी कार्यान्वयन गर्न निर्देशन दिने । |
| | ३५.३ | परमाणु उर्जा सम्बन्धी सूचना प्रणाली स्थापना गर्ने नीति कार्यान्वयन नभएको । | राष्ट्रिय पारमाणविक नीति, २०७४ कार्यान्वयनमा ल्याउन तीन महिनाभित्र योजना समितिमा पेश गर्न निर्देशन दिने । |
| ३६. | ३६ | **बजेट कार्यान्वयन :** विज्ञान सहर स्थापना र त्रि.वि.वि. का अनुसन्धान केन्द्रहरूको पुर्नगठन गरी राष्ट्रिय अनुसन्धान केन्द्रको रूपमा विकास गर्ने कार्यक्रम कार्यान्वयन नभएको । | बजेट वक्तव्यमा उल्लिखित कार्यक्रम कार्यान्वयन गर्न निर्देशन दिने । |
| ३७. | ३७ | **न्युक्लियर ऐन :** विगत ४ वर्षदेखि निर्माण प्रक्रियामा रहेको न्यूक्लियर ऐन सम्बन्धमा विगतमा पनि औंल्याईएको तर प्रगति नभएको । | संसदमा विचाराधीन रहेकोले हाल केही गर्न नपर्ने । |
| | | **संगठित संस्था** | |
| **विश्वविद्यालय अनुदान आयोग** | | | |
| ३८. | ३८ | **अनुदान :** अनुदान दिएको रकमको उपयोग र मौज्दातको यथार्थताको यकिन हुनुपर्ने | लेखापरीक्षण प्रतिवेदन पेश गर्न र तीन महिनाभित्र अनुदानको उपयोग/मौज्दातको स्थितिको अध्ययन गरी समितिमा प्रतिवेदन पेश गर्न निर्देशन दिने । |
| ३९. | ३९ | **अनुगमन :** त्रि.वि.वि. का लेखापरीक्षण नगराएका इकाईलाई अनुगमन गरी अनुदान रोक्का गर्नुपर्ने, स्वीकृत कार्यक्रम विपरित वालिंग क्याम्पसले रु. २ करोड अनुदान प्राप्त गरी व्यापारिक भवन बनाएकोमा कारबाही हुनुपर्ने | त्रि.वि.वि. का लेखापरीक्षण नगराएका इकाईलाई अनुगमन गरी लेखापरीक्षण नगराएसम्म अनुदान रोक्का गर्न, स्वीकृत कार्यक्रम विपरित वालिङ् क्याम्पसले रु. २ करोड अनुदान प्राप्त गरी व्यापारिक भवन बनाएकोमा एक महिनाभित्र कारबाही गरी समितिलाई जानकारी |

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| | | | गराउन विश्वविद्यालय अनुदान आयोगलाई निर्देशन दिने । |
| ४०. | ४० | **पूँजीगत अनुदान :** ९ विश्वविद्यालयलाई दिएको सशर्त पूँजीगत अनुदान सोही कार्यमा खर्च भए नभएको अनुगमन गरी बाँकी रकम संचित कोष दाखिला गर्न निर्देशन दिने । | एक महिनाभित्र योजना अनुरुप पूँजीगत कार्यमा खर्च भए नभएको अनुगमन गरी प्रतिवेदन पेश गर्न र खर्च नभई बाँकी रहेको रकम संचित कोष दाखिला गर्न निर्देशन दिने । |
| ४१. | ४१ | **संकाय अनुसन्धान अनुदान :** ५० मध्ये ४६ जनाले निर्धारित समयमा अनुसन्धान सम्पन्न नगरेकोले कार्यविधि र सम्झौता अनुरुप कारबाही हुनुपर्ने । | अनुसन्धान कार्य सम्पन्न नगर्नेलाई एक महिनाभित्र कार्यविधि र सम्झौता अनुरुप कारबाही गरी समितिमा प्रतिवेदन पेश गर्न निर्देशन दिने । |
| **त्रि. वि. उच्च शिक्षा सुधार परियोजना** | | | |
| ४२. | ४२ | **बढी निकासा :** वार्षिक बजेट तथा कार्यक्रम स्वीकृत नगरी अन्य निकासा सूचकमा व्यवस्था भएको रकमबाट स्वीकृत नगरी निकासा दिने र निकासाभन्दा बढी खर्च गर्ने कार्यमा नियन्त्रण हुनुपर्ने । | बजेट स्वीकृत नगरी निकासा दिने र निकासा भन्दा बढी खर्च गर्ने पदाधिकारीलाई कानूनी कारवाही गर्ने । अब आइन्दा वार्षिक बजेट तथा कार्यक्रम स्वीकृत गरेर मात्र रकम खर्च गर्न निर्देशन दिने । |
| ४३. | ४३ | **अनुगमनको प्रभावकारिता :** नतिजामूलक अनुगमन तह मूल्यांकन प्रणाली बनाउनुपर्ने, अनुदान रकमको सदुपयोग सम्बन्धमा अनुगमन हुनुपर्ने । | नतिजामूलक अनुगमन तह मूल्यांकन प्रणाली बनाउन र अनुदान रकमको सदुपयोग सम्बन्धमा अनुगमन गरी तीन महिनाभित्र प्रतिवेदन पेश गर्न निर्देशन दिने । |
| **राष्ट्रिय परीक्षा बोर्ड** | | | |
| ४४. | ४४ | **अक्षरांकन मूल्यांकन पद्दति :** बोर्डले अपनाएको अक्षरांकन मूल्यांकन पद्दतिमा न्यूनतम सीमा कायम गर्ने सम्बन्धमा पुनरावलोकन हुनपर्ने । | अक्षरांकन मूल्यांकन पद्दतिको न्यूनमत सीमा सम्बन्धमा पुनरावलोकन गर्न निर्देशन दिने । |
| ४५. | ४५ | **अक्षरांकन पद्धतिको नतिजा :** अक्षरांकन पद्दतिबाट मूल्यांकन गरिएको नतिजा अनुसार न्यून संख्यामा मात्र विद्यार्थीले राम्रो ग्रेड प्राप्त गरेको, कक्षा ११ मा उतीर्ण भएका मध्य १८.७५ प्रतिशतले बीचैमा पढाई छाडेकाले | अक्षरांकन पद्धतिको नतिजाको सम्बन्धमा राष्ट्रिय परीक्षा बोर्डबाट गरिएको अध्ययन, विश्लेषण एवं मूल्यांकनको प्रतिवेदन समितिमा पेश गर्न निर्देशन दिने । |

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| | | यसको अध्ययन तथा विश्लेषण हुनुपर्ने । | |
| ४६. | ४६ | **उत्तरपुस्तिका खपत** : विद्यार्थी संख्याको अनुपातमा बढी संख्यामा उत्तरपुस्तिका खपत भएको । | उत्तरपुस्तिका खपतमा मितव्ययिता अपनाई आवश्यक व्यवस्थापन गर्न निर्देशन दिने । |
| ४७. | ४७ | **शैक्षिक स्तर वृद्धि कोष** : शैक्षिक स्तर वृद्धि शुल्क र सम्बन्धन शुल्क समेत रु. ९ करोड २४ लाख ३१ हजार संघीय संचित कोष दाखिला गर्नुपर्ने । | उल्लिखित रकम संचित कोषमा दाखिला गरी एक महिनाभित्र समितिमा प्रतिवेदन पेश गर्न निर्देशन दिने । |
| **प्राविधिक शिक्षा तथा व्यवसायिक तालीम परिषद् :** | | | |
| ४८. | ४८ | **स्रोतको उपयोग** : कार्यक्रम कार्यान्वयनका लागि भएको लगानीको दक्षतापूर्वक परिचालन हुनुपर्ने, प्रशासनिक खर्चको तुलनामा पूँजीगत र कार्यक्रम खर्चमा लगानी बढाउनु पर्ने र आन्तरिक स्रोतको उपयोग बढाउनु पर्ने । | सुझाव बमोजिम गरी निरन्तर सुधार गर्न निर्देशन दिने । |
| ४९. | ४९ | **भौतिक पूर्वाधार निर्माण** : विद्यमान पूर्वाधारको मूल्यांकन गरी थप आवश्यक पूर्वाधारका लागि गुरुयोजना तयार गरी कार्यान्वयन गर्नुपर्ने । | सुझाव अनुसार गर्न निर्देशन दिने । |
| ५०. | ५० | **कार्यक्रम कार्यान्वयन** : क्षमता अनुसार शैक्षिक कार्यक्रम संचालन गर्नुपर्ने र शिक्षाको गुणस्तर वृद्धि गरी पढाई छाड्ने तथा अनुत्तीर्ण घटाउनु पर्ने । | सुझाव अनुसार गर्न निर्देशन दिने । |
| ५१. | ५१ | **सम्बन्धन अभिलेख** : दर्ता प्रमाणपत्र नवीकरण नगराएको, २०६८ साल अघि निवेदन दिएको २५ प्रस्ताव र २०६९ को १६९३ प्रस्ताव प्रक्रियामा रहेको निर्णय नगरेको अस्थाई स्वीकृति प्राप्त संस्थालाई २ वर्षभित्र स्थायी स्वीकृति दिने व्यवस्था भएको तर कुनैलाई पनि नदिएको, अभिलेख | सम्बन्धित निकायसँग परामर्श गरी गराई ३ महिनाभित्र सबै निवेदकहरूको कारवाही पूरा गर्न र अध्यावधिक अभिलेख तयार गरी समितिमा पेश गर्न निर्देशन दिने । |

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| | | अध्यावधिक हुनुपर्ने । | |
| ५२. | ५२ | **कर्मचारी व्यवस्थापन :** १२५ पद रिक्त रहेको, ३० कर्मचारी अन्यत्र दरबन्दी रही केन्द्रमा कार्यरत रहेको, केन्द्रीय कार्यालयमा दरबन्दी रहेका ६ जना अन्य कार्यालयमा कार्यरत रहेको, काजको अवधि खुल्ने विवरण नराखेको, करारमा १२४ नियुक्त गरेको । | अब आइन्दा करार नवीकरण नगर्न र स्थायी पद पूर्ति गरी काममा लगाउन तथा काजको व्यवस्था नियमानुसार गरी अभिलेख राख्न र अद्यावधिक विवरण समितिमा पेश गर्न निर्देशन दिने । |
| ५३. | ५३ | **विशेष छात्रवृत्ति :** विशेष छात्रवृत्ति कार्यक्रमको प्रभावकारिता घट्दै गएको । | बजेट पर्याप्त व्यवस्था गरी कार्यक्रम प्रभावकारी बनाउन र लाभान्वित संख्या बढाउँदै लैजान निर्देशन दिने । |
| ५४. | ५४ | **लेखापरीक्षण :** स्वीस सहयोगबाट संचालित कार्यक्रमको महालेखापरीक्षकबाट लेखापरीक्षण गराउनुपर्ने । | सुझाव बमोजिम तीन महिनाभित्र लेखापरीक्षण गराउन निर्देशन दिने । |
| ५५. | ५५ | **न्यून खर्च :** परिषद् र यूरोपियन युनियन बीच सम्झौता भै संचालित कार्यक्रमको न्यून खर्च भएको र प्रभावकारी रूपमा लक्ष्य प्राप्ति गर्ने गरी संचालन नभएको । | उल्लिखित सम्बन्धमा प्रभावकारी रूपमा कार्यक्रम संचालन गर्न र अद्यावधिक प्रतिवेदन समितिमा पेश गर्न निर्देशन दिने । |
| ५६. | ५६ | **अनुगमन :** मापदण्ड विपरित कार्य गर्ने निकायलाई कारवाही गर्नुपर्ने । | अनुगमन प्रतिवेदन अनुसार कानूनी कारवाही गरेको विवरण पेश गर्न निर्देशन दिने । |
| ५७. | ५७ | **उत्तर पुस्तिका खरिद :** उत्तरपुस्तिका खरिद गर्दा दर विश्लेष्ण नगरी सोझै खरिद गरेको, एस.ई.ई संचालन गर्ने पनिकाले पनि ढुवानीमा बढी व्ययभार तिरेको मितव्ययी नभएको । | आगामी दिनमा दर विश्लेषण, ढुवानीमा मितव्ययीता र बजार मूल्यमा फरक नपर्ने गरी खरिद गर्ने व्यवस्था गर्न परिषद् र परीक्षा नियन्त्रण कार्यालयलाई निर्देशन दिने । |
| **सीप विकास परियोजना** | | | |
| ५८. | ५८ | **लागत प्रतिष्पर्धा :** गुणस्तर विधिबाट सेवा प्रदायक छनौट गरेकोमा प्रतिष्पर्धा नभएको । | अब आइन्दा प्रतिस्पर्धा सुनिश्चित हुने गरी मात्र सेवा प्रदायक छनौट गरी कार्यक्रम संचालन गर्न निर्देशन दिने । |

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| ५९. | ५९ | **तालीम संचालन :** | |
| | ५९.१ | ४०% अर्थात ११२० महिला सहभागी गराउनुपर्नेमा ३१० लाई मात्र तालीम दिएको, लक्षित बर्गले सुविधा नपाएको । | अब आइन्दा लक्षित वर्गलाई सुविधा हुने गरी कार्यक्रम संचालन गर्न गराउन निर्देशन दिने । |
| | ५९.२ | दुर्गम जिल्लामा तालीम संचालन नगरी सुगममा मात्र गरेको । | अब आइन्दा सम्झौता अनुसारका सबै क्षेत्रमा सेवा पुग्ने गरी परियोजना संचालन गर्न  गराउन निर्देशन दिने । |
| ६०. | ६० | **सीप परीक्षण :** तालिममा निर्धारित प्रतिशतमा प्रशिक्षार्थी उत्तीर्ण नभएको, प्रमाणपत्र सम्म नपाउने अवस्था देखिएको र तालीम प्राप्त जनशक्तिले रोजगारी पाए नपाएको अनुगमन नभएको । | उल्लिखित सम्बन्धमा छानविन गरी सीप परीक्षण सम्बन्धी अद्यावधिक विवरण सहित एक महिनाभित्र समितिमा प्रतिवेदन पेश गर्न निर्देशन दिने । |
| **नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान :** | | | |
| ६१. | ६१ | **लगानी :** विज्ञान तथा प्रविधिको अनुसन्धान तथा विकासमा लगानी वृद्धि गर्ने नीति भए पनि कूल गार्हस्थ्य उत्पादनको ०.३८ प्रतिशत मात्र लगानी भएको । | सुझाव बमोजिम विज्ञान र प्रविधिको अनुसन्धान र विकासका क्षेत्रमा लगानी बढाउँदै लैजान निर्देशन दिने । |
| ६२. | ६२ | **शैक्षिक क्षेत्र विस्तार :** उच्च शिक्षा अध्ययन गर्ने विद्यार्थी ८ प्रतिशतभन्दा कम रहेकोले देशको विकासको गति कमजोर हुन सक्ने देखिएको । | उच्च शिक्षा अध्ययन गर्ने विद्यार्थीको आकर्षण बढ्ने गरी योजना तयार गर्न निर्देशन दिने । |
| ६३. | ६३ | **भूकम्पको पूर्व जानकारी :** तालुक मन्त्रालय, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय र नेपाल टेलिकम तथा एनसेल मार्फत भूकम्पको पूर्व सूचना एस.एम.एस. बाट प्राप्त गर्ने व्यवस्था मिलाउनु पर्ने । | तालुक मन्त्रालय, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय र नेपाल टेलिकम तथा एनसेल मार्फत भूकम्पको पूर्व सूचना एस.एम.एस. बाट प्राप्त गर्ने व्यवस्था मिलाउन निर्देशन दिने । |
| ६४. | ६४ | **नानो स्याटेलाइट :** सार्वजनिक खरिद ऐन तथा नियमावली विपरित नानो स्याटेलाइट जडान कार्य सोझै प्रस्तावको आधारमा प्रतिस्पर्धा नहुने गरी गरिएको । | सार्वजनिक खरिद ऐन तथा नियमावली विपरित नानो स्याटेलाइट जडान कार्य सोझै प्रस्तावको आधारमा प्रतिस्पर्धा नहुने गरी भुक्तानी गर्ने पदाधिकारीलाई एक महिनाभित्र कानूनी कारवाही गरी समितिमा प्रतिवेदन |

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| | | | पेश गर्न निर्देशन दिने । |
| त्रिभुवन विश्वविद्यालय | | | |
| ६५. | ६५ | **केन्द्रीय आर्थिक विवरण :** आर्थिक विवरण तोकिएको समयमा पेश नगरी २०७५/११/२८ मा मात्र पेश गरेको, सम्पत्तिको विस्तृत विवरण, पेस्की, दायित्व तथा धरौटी, केन्द्रीय कोषका खाता अध्यावधिक नगरेको, आर्थिक स्थिति एकिन गर्न नसकिने अवस्था रहेको । | समग्र आर्थिक स्थिति झल्किने गरी निर्धारित समयमा एकिकृत आर्थिक विवरण महालेखापरीक्षकको कार्यालयमा पेश गर्न निर्देशन दिने । |
| ६६. | ६६ | **लेखामान पालना :** विश्वविद्यालयको लेखा कार्यप्रणालीमा परिमार्जन गरी नेपाल सार्वजनिक क्षेत्र लेखमान अनुरुप सुधार हुनुपर्ने । | सुझावबमोजिम गर्न निर्देशन दिने । |
| ६७. | ६७ | **लेखापरीक्षण :** चालु तर्फका १३ निकाय र बक्यौता तर्फका ४५ निकायको २०० आर्थिक वर्षको अन्तरिक लेखापरीक्षण नगराएको र आर्थिक विवरण पेश नगर्दा लेखा परिक्षण हुन नसकेको, हाल अस्तित्वमा नरहेका तथा श्रेस्ता नस्ट भएको व्यहोरा जनाई ४ बजेटरी निकायको २१ ईकाई र अन्य कारोबारको ९६ इकाई समेत ११७ निकायको आर्थिक वर्षको लेखा श्रेस्ता फेला नपरेको । | चालु आर्थिक वर्षभित्र लेखापरीक्षण गरी गराई फरफारक गर्न र समितिमा प्रतिवेदन पेश गर्न निर्देशन दिने । |
| ६८. | ६८ | **आर्थिक विवरण तयारी खर्च :** केन्द्रीय हिसाव, सम्बन्धन कोष, ऋण सापटी हिसाव लगायत विगतमा लेखापरीक्षण नगराएका १२ कोषको विभिन्न आर्थिक वर्षको वित्तीय विवरण तयार गर्न रु. ६९ हजार ८ सय र रु. १ लाखका दरले तीन आर्थिक वर्षको खर्चमा प्रोत्साहान स्वरुप रु. ८२ लाख ३८ हजार खर्च गरेकोले जिम्मेवारी वहन नगरी समयमै वित्तीय विवरण तयार नगर्ने जिम्मेवार पदाधिकारी र कर्मचारीलाई प्रचलित ऐन र कानून | जिम्मेवारी वहन नगरी समयमै वित्तीय विवरण तयार नगर्ने जिम्मेवार पदाधिकारी र कर्मचारीलाई प्रचलित ऐन र कानून अनुसार कारवाही गरी तीन महिनाभित्र समितिमा प्रतिवेदन पेश गर्ने । अब आइन्दा समयमै वित्तीय विवरण तयार गर्न र यसकै लागि गैर कानूनी प्रोत्साहन भत्ताका नाममा खर्च नलेख्न निर्देशन दिने । |

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| | | अनुसार कारवाही नगरेको । | |
| ६९. | ६९ | **आन्तरिक आय दाखिला :** आम्दानीको १० प्रतिशतले हुने रकम जम्मा गर्नुपर्नेमा विश्वविद्यालयका ३० इकाईले रु. १ अर्ब ९ करोड ७२ लाखको १० प्रतिशतले हुने रु. १० करोड ९७ लाख २० हजार विश्वविद्यालय कोषमा जम्मा नगरेको । | तीन महिनाभित्र विश्वविद्यालय कोषमा रकम जम्मा गरी गराई सोको प्रतिवेदन समितिमा पेश गर्न निर्देशन दिने । |
| ७०. | ७० | **धरौटी :** १२५ निकायको धरौटी रु. ४ अर्ब ७६ करोड १८ लाख प्रयोजन समाप्त भएपछि पनि केन्द्रीय खातामा जम्मा गरी धरौटी स्रेस्ता व्यवस्थित नगरेको । | ६ महिनभित्र फरफारक गरी सोको प्रतिवेदन समितिमा पेश गर्न निर्देशन दिने । |
| ७१. | ७१ | **पेस्की :** ११७ निकायको पदाधिकारी, कर्मचारी र अन्य संस्थाको नाममा रु. १ अर्ब १५ करोड पेस्की असुल गर्नुपर्ने । | विश्वविद्यालयको आर्थिक व्यवस्थापन तथा खरिद सम्वन्धी नियम, २०५० बमोजिम तीन महिनाभित्र पेश्की असुलउपर गरी गराई समितिमा प्रतिवेदन पेश गर्न निर्देशन दिने । |
| ७२. | ७२ | **बढी खर्च :** स्वीकृत बेगर विनियोजित रकमभन्दा बढी र धरौटी रकमबाट खर्च गर्न नहुने । | केन्द्रीय कार्यालयको स्वीकृति बेगर बढी खर्च गर्ने पदाधिकारीलाई सचेत गराउने र अब आइन्दा धरौटी रकमबाट अन्य खर्च नगर्न नगराउन निर्देशन दिने । |
| ७३. | ७३ | **बैंक हिसाब मिलान :** नियमित बैंक हिसाब मिलान विवरण तयार नगर्दा मौज्दात रकम घटिबढी देखिएको । | एक महिनाभित्र २४ वटा निकायको बैंकमा घटी देखिएको र ६६ निकायको बढी देखिएको सम्बन्धमा छानविन गरी बैंक हिसाव मिलान विवरण तयार गरी समितिमा पेश गर्न निर्देशन दिने । |
| ७४. | ७४ | **भुक्तानीमा कर :** ६० निकायको रु. ७२ लाख ५९ हजार पारिश्रमिक कर, रु.७४ लाख ३२ हजार बहाल कर र अन्य कर रु. ९५ लाख १७ हजार समेत रु.२ करोड ४२ लाख ८ हजार भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने | तीन महिनाभित्र सुझाव बमोजिम कर असुल गरी गराई समितिमा प्रतिवेदन पेश गर्न निर्देशन दिने । |

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| | | । | |
| ७५. | ७५ | **शिक्षक विद्यार्थी अनुपात** : विद्यार्थी घट्दै गएकोले बढी भएका शिक्षकहरुलाई दरबन्दी मिलान गरी शिक्षक विधार्थी अनुपातमा सामन्जस्यता ल्याउनुपर्ने । | सुझाव अनुसार गर्न निर्देशन दिने । |
| ७६. | ७६ | **अनुगमन मूल्याङ्कन** : उच्च शिक्षाको शैक्षिक प्रशासनमा विस्तार, सुधार, नवप्रवर्तन र सुशासनलाई संस्थागत गर्न उचित रणनीति अपनाई कार्यान्वयन गर्नुपर्ने । | सुझाव अनुसार गर्न निर्देशन दिने । |
| ७७. | ७७ | **त्रिपुरेश्वर मलको भाडा** : सम्झौता अनुसारको भाडा रकम शुल्कसहित असुल हुनुपर्ने । | एक महिनाभित्र घर भाडा र विलम्व शुल्क समेत असुलउपर गरी वयवस्थित गर्न निर्देशन दिने । |
| ७८. | ७८ | **जग्गा संरक्षण** : विश्वविद्यालयको सम्पत्ति शैक्षिक प्रयोजनमा मात्र उपयोग गरी अन्य निकायलाई भोगचलन गर्न दिने कार्य नियन्त्रण गरी संरक्षण गर्नुपर्ने । | जग्गासम्बन्धी अद्यावधिक प्रतिवेदन समितिमा पेश गर्न निर्देशन दिने । |
| ७९. | ७९ | **ऋण तथा ब्याज बाँकी** : विश्वविद्यालयका शिक्षक तथा कर्मचारीले विभिन्न कोषबाट लिएको ऋणको साँवा तथा ब्याज तोकिएको समयमा चुक्ता गर्नुपर्ने । | तीन महिनाभित्र वक्यौता साँवा तथा व्याज असुलउपर गरी व्यवस्थित गर्न र सोको प्रतिवेदन समितिमा पेश गर्न निर्देशन दिने । |
| ८०. | ८० | **इन्टरनेट प्रोजेक्ट** : | |
| | ८०.१ | सर्भे डिजाइन स्वीकृत गरी सोको आधारमा लागत अनुमान तयार गर्नुपर्नेमा सर्भे डिजाइन नगरी लागत अनुमान स्वीकृत भई बोलपत्र माग गरेको देखिएको । | काम सम्पन्न भइसकेकोले केही गर्नु नपर्ने । |
| | ८०.२ | बोलपत्रमा स्वस्थ प्रतिस्पर्धा हुनुपर्ने । | अब आइन्दा बोलपत्र मूल्यांकन गर्दा आइटम नघटाई नियमानुसार गर्न |

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| | | | निर्देशन दिने । |
| | ८०.३ | लागत अनुमान सम्झौता गर्न सकिने र वास्तविक खर्चको आधारमा भुक्तानी गर्ने गरी सम्झौता गर्नुपर्नेमा लमसममा राखी गरेको सम्झौता औचितयपूर्ण नभएको । | **Tender Documents** समितिमा पेश गर्न निर्देशन दिने र अब आइन्दा वास्तविक खर्चको आधारमा भुक्तानी गर्ने गरी व्यवस्था गर्न निर्देशन दिने । |
| ८१. | ८१ | **मोही व्यवस्थापन** : मोही रकम समयानुकूल वृद्धि गर्नुपर्ने । | मोहीको लगत कट्टा गर्न कारवाही अघि बढाउन निर्देशन दिने । |
| **परीक्षा नियन्त्रण कार्यालय, बल्खु** | | | |
| ८२. | ८२ | **अभिलेखको सुरक्षा** : अभिलेखको उचित व्यवस्थापन तथा संरक्षण गरी सेवा प्रवाहमा सुधार गर्नुपर्दछ । | सुझाव अनुसार गर्न निर्देशन दिने । |
| ८३. | ८३ | **कार्यक्रम बजेट** : निश्चित कार्य गर्न प्राप्त रकम धरौटी खातामा राखी खर्च गर्दै जानु बजेट सिद्धान्त प्रतिकूल हुने । | अब आइन्दा बजेट सिद्धान्त अनुरुप खर्च गर्ने व्यवस्था गर्न निर्देशन दिने । |
| **चिकित्साशास्त्र अध्ययन संस्थान, डिनको कार्यालय** | | | |
| ८४. | ८४ | **सम्बन्धन** : नेपाल सरकारले निर्धारण गरे बमोजिम शुल्क भन्दा बढी शुल्क असुल गरेको सम्बन्धमा आवश्यक कारबाही गर्नुपर्ने, अभिलेख व्यवस्थित गरी दर्ता, नवीकरण, सञ्चालन अवस्था, थप कार्यक्रमको स्वीकृत आदि खुल्ने गरी अद्यावधिक गर्ने र सम्बन्धन अनुसार कार्यसञ्चालन भए/नभएको अनुगमन मूल्याङ्कन गरी देखिएका कमी कमजोरी सुधार गर्नुपर्ने । | आवश्यक दरबन्दीसहित नियमित नियमन गर्न र छ महिनाभित्र सुधारको कार्ययोजना पेश गर्न निर्देशन दिने । |
| ८५. | ८५ | **उत्तीर्ण स्थिति** : अपेक्षित नतिजा हासिल नगरेका सम्बन्धमा समिक्षा गरी सुधार गर्नुपर्ने । | लगानी अनुसार अपेक्षित नतिजा हासिल हुन नसकेको सम्वन्धमा समिक्षा गरी आवश्यक सुधार गर्न निर्देशन दिने । |
| **महाराजगन्ज चिकित्सा क्याम्पस** | | | |
| ८६. | ८६ | **खर्च एवं प्रगति** : कार्यक्रम स्वीकृत गरी बजेट प्रस्ताव गर्ने र सो अनुसार | सुझाव बमोजिम गर्न निर्देशन दिने । |

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| | | खर्च गर्नुपर्ने । | |
| ८७. | ८७ | **विकास बजेट :** खर्च नभएको रकम संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने । | खर्च नभएको रकम एक महिनाभित्र संचित कोष दाखिला गरी समितिमा प्रतिवेदन पेश गर्न निर्देशन दिने । |
| ८८. | ८८ | **नतिजा स्थिति :** शैक्षिक गुणस्तर सुधारमा ध्यान दिनुपर्ने । | सुझाव बमोजिम गर्न निर्देशन दिने । |
| **पोखरा नर्सिङ क्याम्पस** | | | |
| ८९. | ८९ | **जग्गा लिज :** सम्झौता बमोजिम जग्गा व्यवस्थापन गर्नुपर्ने । | सुझाव बमोजिम गर्न निर्देशन दिने । |
| **नेपाल संस्कृत विश्वविद्यालय** | | | |
| ९०. | ९० | **जग्गा अतिक्रमण :** अतिक्रमित जग्गा हकभोगमा ल्याई आयआर्जन गर्नुपर्ने । | सुझाव बमोजिम गर्न निर्देशन दिने । |
| ९१. | ९१ | **पेस्की :** १७ निकायका पदाधिकारी कर्मचारी र संस्थाको नाममा बाँकी रु. १ करोड ९० लाख पेस्की फछ्र्यौट हुनुपर्ने । | उल्लिखित पेस्की फछ्र्यौट तीन महिनाभित्र सम्पन्न गरी सोको प्रतिवेदन समितिमा पेश गर्न निर्देशन दिने । |
| **पोखरा विश्वविद्यालय** | | | |
| ९२. | ९२ | **सम्बन्धन :** शिक्षण संस्थाहरुलाई नियमावली अनुसार प्रत्येक वर्ष नवीकरण गराउनुपर्ने र स्थायी सम्बन्धन प्रदान गर्नुपर्ने । | शिक्षण संस्थाहरुलाई नियमावली अनुसार प्रत्येक वर्ष नवीकरण गर्ने गराउने तथा स्थायी सम्बन्धन प्रदान गर्ने कार्यलाई व्यवस्थित गर्न निर्देशन दिने । |
| **मध्यपश्चिमाञ्चल विश्वविद्यालय** | | | |
| ९३. | ९३ | **अनुदान :** अनुदानको अनुगमन तथा रकम फिर्ता लिनुपर्ने । | विश्वविद्यालय अनुदान आयोगबाट अनुदान उपयोग सम्वन्धमा अनुगमन गरी प्रतिवेदन पेश गर्न र वचत रकम फिर्ता गर्न निर्देशन दिने । |
| ९४. | ९४ | **भवन निर्माण :** सम्झौता बमोजिम पूर्वनिर्धारित क्षतिपूर्ति नलिने गरी म्याद थप गरेको म्याद थपको कारण निर्माण अवधि बढ्न गई परामर्श सेवामा | एक महिनाभित्र व्याज सहित पेस्की असुल गरी सम्झौताका सर्त बमोजिम निर्माण कार्य गर्न गराउन निर्देशन दिने । |

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| | | रु. १२ लाख ७३ हजार थप व्ययभार परेको र ८० प्रतिशत भुक्तानी गर्दा मोविलाइजेशन पेश्की फछ्र्यौट गर्नुपर्नेमा ८३.७५ प्रतिशत भुक्तानी भएपनि रु. ३२ लाख ७७ हजार पेश्की बाँकी रहेको र जमानतको म्याद समेत २०७३/४/१५ मा नै समाप्त भएकोले पेश्की जोखिममा रहेकोले उक्त पेश्की ब्याजसहित असुल गरी सम्झौताका शर्त बमोजिम निर्माण कार्य सम्पन्न हुनुपर्ने । | |
| **सुदूरपश्चिम विश्वविद्यालय** | | | |
| ९५. | ९५ | **लेखाप्रणाली** : विश्वविद्यालयको लेखामान अनुसार प्रोदभावी सिद्धान्तका आधारमा लेखाको ढाँचा तोकी कार्यान्वयन गर्नुपर्ने । | सुझाव अनुसार गर्न निर्देशन दिने। |
| ९६. | ९६ | **समाहित** : सिद्धनाथ विज्ञान क्याम्पस र सिद्धनाथ बहुमुखी क्याम्पसलाई विश्वविद्यालय मातहत ल्याउनुपर्ने । | सिद्धनाथ विज्ञान क्याम्पसलाई विश्वविद्यालय मातहत ल्याई आवश्यक व्यवस्थापन गर्न निर्देशन दिने । |
| ९७. | ९७ | **मूल्य समायोजन** : बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने । | एक महिनाभित्र बढी भुक्तानी दिएको मूल्य समायोजन वापतको रकम असुलउपर गरी समितिमा प्रतिवेदन पेश गर्न निर्देशन दिने । |
| ९८. | ९८ | **दरबन्दी व्यवस्थापन** : २१७ शिक्षक तथा कर्मचारी समायोजन र नियुक्तिको निर्णय प्रक्रिया सम्बन्धमा छानबिन गरी कारबाही गर्नुपर्ने । | क्याम्पस समाहित, दरबन्दी स्वीकृत एवं नियूक्ति प्रक्रिया सम्वन्धमा छानविन गरी तीन महिनाभित्र समितिमा प्रतिवेदन पेश गर्न निर्देशन दिने। |
| **कृषि तथा वन विज्ञान विश्वविद्यालय** | | | |
| ९९. | ९९ | **सम्बन्धन** : १४ संस्था/कलेजहरुले प्रस्ताव पेश गरेकोमा प्राज्ञिक परिषद्ले १० वटालाई सिफारिस गरेको तर ७ कजेललाई कृषि विज्ञान र १ कलेजलाई वन विज्ञानको अस्थायी सम्वन्धन प्रदान गरेको । | सहकारी तथा निजी संस्था/कलेजहरुलाई सम्वन्धन दिने सम्वन्धमा आवश्यक नीतिगत व्यवस्था गरी नियमित रुपमा नियमन गर्न निर्देशन दिने । |
| १००. | १०० | **कृषि फार्मको आय** : खर्चको तुलनामा आम्दानी न्यून भएकोले मितव्ययी | सुझाव अनुसार गर्न निर्देशन दिने । |

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| | | रुपमा खर्च व्यवस्थापन गर्नुपर्ने । | |
| **बी.पी. कोइराला मेमोरयल प्लानेटेरियम, अब्जरभेटरी र विज्ञान संग्रहालय विकास समिति** | | | |
| १०१. | १०१ | **मेसनरी उपकरणको उपयोगिता** : खरिद गरिएका सामान उपयोगमा ल्याउनुपर्ने । | उपकरणहरुलाई संग्राहालयको उद्देश्य अनुरुप उपयोगमा ल्याउन निर्देशन दिने । |
| **जनक शिक्षा सामग्री केन्द्र लिमिटेड, २०७४/७५** | | | |
| १०२. | १०२ | **वित्तीय स्थिति र सञ्चालन नतिजा** : केन्द्रको पूँजी र जगेडा कोष तथा संचित नोक्सानी सम्वन्धमा केन्द्र नोक्सानीमा संचालन भएको र वित्तीय तथा संचालन स्थित कमजोर रहेको । | केन्द्रको तत्कालीन मध्कालीन र दिर्घकालीन कार्ययोजना बनाई सकारात्मक नतिजा ल्याउने गरी कार्य संचालन व्यवस्थापन गर्न निर्देशन दिने । |
| १०३. | १०३ | **लागत विश्लेषण** : उत्पादनको लागत घट्ने प्रवृति रहेकोमा २०७३/०७४ मा मात्र अस्वभाविक रुपले वृद्धि भएको सम्वन्धमा छानविन गर्नुपर्ने । | एक महिनाभित्र विस्तृत छानविन गरी समितिमा प्रतिवेदन पेश गर्न निर्देशन दिने । |
| १०४. | १०४ | **कर्जा दायित्व** : केन्द्रले उठाउनु पर्ने रकम उठाउने, उत्पादन लागत घटाउने र प्रशासनिक खर्च कटौती गरी केन्द्रको वित्तीय र संचालन अवस्थमा सुधार गर्नुपर्ने । | केन्द्रले उठाउनु पर्ने रकम समयमै उठाउन, उत्पादन लागत घटाउन र प्रशासनिक खर्च कटौती गरी केन्द्रको वित्तीय र संचालन अवस्थमा सुधार ल्याउन निर्देशन दिने । |
| १०५. | १०५ | **ऋणात्मक नेटवर्थ** : निरन्तर घाटामा रहेको केन्द्रलाई नाफामा लैजान व्यवसायिक कार्ययोजना तयार गर्न विज्ञ समूह गठन गरी अध्ययन गराए तापनि प्रतिवेदन कार्यान्वयन नभएको । | केन्द्रलाई नाफामा लैजान तयार गरिएको व्यवसायिक कार्ययोजनाको पुनरावलोकन गरी कार्यान्वयनमा ल्याउन निर्देशन दिने । |

# प्रतिनिधि सभा
# सार्वजनिक लेखा समिति
# बेरुजु छलफल उपसमिति
# उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
## महालेखापरीक्षकको ५६औ वार्षिक प्रतिवेदन, २०७४/७५ उपर भएको छलफलको मिति २०७७/३/२९ को निर्णयहरु

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| १ | २२ | **नीति कार्यान्वयन** : निर्यात रणनीति तयार एवं कार्यान्वयन गरेको देखिएन । विश्वविद्यालयहरुका पाठ्यक्रममा विश्व व्यापार संगठन तथा नेपालका प्रमुख सन्धि, सम्झौता, कार्यप्रणाली लगायतका विषयहरु समावेश गर्न समन्वय गरिएको देखिएन । व्यापार प्रवर्द्धन प्रतिष्ठान स्थापना भएको देखिएन । नीतिमा उल्लेखित व्यहोरा कार्यान्वयनमा ध्यान नदिएको । | मन्त्रालय र मातहतका निकायबाट तयार गरिएको कार्यविधिको मस्यौदा समितिमा उपलब्ध गराउन र सुझाव अनुसार नीति कार्यान्वयनमा ल्याउन निर्देशन दिने । |
| २ | २३ | **लक्ष्य प्राप्तिः** चौधौं योजनाको उपलब्धि हासिल गर्न वार्षिक रु.१ खर्ब १२ अर्ब निकासी गर्ने लक्ष्यमा रु ८१ अर्ब ३३ करोड मात्र निकासी, कुल गार्हस्थ्य उत्पादनमा निकासी ३.८ प्रतिशत पुर्याउने लक्ष्यमा २.७ प्रतिशत भएको र निर्यात आयात अनुपात १:९.३ मा सीमित राख्ने लक्ष्य रहेकोमा सोको अनुपात १:१५.३ रहेको, व्यापार घाटा ३१.५ प्रतिशतमा सीमित राख्ने लक्ष्य रहेकोमा ३८.७७ प्रतिशत रहेको | लक्ष्य अनुसार प्रगति हासिल गर्न रणनीतिक योजना र व्यावसायिक योजना तयार गरी त्यसको कार्यान्वयनमा समन्वयात्मक रूपले कार्यसम्पादन गर्न गराउन निर्देशन दिने । |

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| ३ | २४ | **आयात निर्यात स्थितिः** व्यापार सन्तुलनमा प्रभाव पार्न ठूलो परिमाणमा निर्यात हुन सक्ने वस्तुको पहिचान गरी सोको उत्पादन तथा निकासीमा मन्त्रालयले ध्यान दिनुपर्ने देखिएको । | सुधार योजना तर्जुमा गरी व्यापार घाटा घटाउन र निर्यात बढाउन सुझाव अनुसार गर्न निर्देशन दिने । |
| | | **वाणिज्य विभागः** | |
| ४ | २५ | **फर्म दर्ता तथा नवीकरणः** विभागले हालसम्म खारेज फर्मको अभिलेख नराखेको, आ व. २०६९।७० देखि २०७४।७५ सम्म जम्मा २७६५० फर्म नवीकरण गरेकोमा यो कुल संख्याको २५ प्रतिशतमात्र रहेको । विभागले दर्ता खारेज भएका र नवीकरण नभएका फर्म यकिन गरी नियमानुसार कारवाही गर्नुपर्दछ। | दर्ता भएका, नवीकरण भएका र खारेज भएका सम्पूर्ण फर्महरुको अभिलेख राख्न र सोही अनुसार कारबाही गर्न गराउन तथा अनुगमन प्रभावकारी बनाउन निर्देशन दिने। |
| | | **व्यापार तथा निकासी प्रवर्द्धन** | |
| ५. | २६. | **कार्यक्रम कार्यान्वयनः** २०० किसानलाई २० हजार रुद्राक्षको, १ लाख कफीको बिरुवा वितरण, डोल्पा, मुस्ताङ् र मनाङमा च्याङ्ग्राको भुवा प्रशोधन मेसिन, छाला जुत्ता बनाउने मेसिन, अदुवाको बीउ, ड्रायर मेसिन वितरण, १२० थान सेलार तथा अलैंची भट्टी निर्माण गर्ने कार्यक्रम रहेको यसमा रु.३ करोड ५० लाख विनियोजन भएकोमा कुनै पनि कार्य भएको देखिँदैन ।कृषि उद्यम केन्द्रलाई प्रथम किस्ता बापतको रु.१ करोड ५० लाख उपलब्ध गराएकोमा उक्त संस्थाले तोकिएबमोजिमको काम गरेको नदेखिएकोले उक्त रकम फिर्ता गर्नुपर्ने देखिएको छ । | विनियोजित बजेट अनुसार निर्धारित कार्यक्रम समयमै कार्यान्वयन गर्न र बेरूजु देखिएको रू. १ करोड ५० लाख रकम नौ महिनाभित्र असुल उपर गरी समितिलाई जानकारी दिन निर्देशन दिने। |
| ६. | २७. | **उत्पत्ति प्रमाणपत्रः** केन्द्रले उत्पत्तिको प्रमाणपत्र जारी गरेबापत सङ्कलन | व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रका सम्बन्धमा तीन महिनाभित्र कार्यविधि |

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| | | हुने शुल्क आ.ब. २०६७।६८ देखि २०७४।७५ वैशाखसम्म रु.५३ करोड ९० लाख ७ हजार सङ्कलन भएको र उक्त रकमको ४.१७ प्रतिशतले हुने रु.२ करोड ७६ लाख २४ हजार केन्द्रले प्राप्त गर्नुपर्नेमा हालसम्म प्राप्त भएको छैन । | तयार गरी सोही अनुसार कार्यान्वयन गर्न, केन्द्रले प्राप्त गर्नुपर्ने रकम उठाउन ताकेता नगर्ने सम्बन्धित पदाधिकारीलाई कानुनी कारवाही गर्न तथा केन्द्रले प्राप्त गर्नुपर्ने रकम तीन महिनाभित्र असुल उपर गरी समितिलाई जानकारी दिन निर्देशन दिने । |
| ७ | २८. | **बैंक मौज्दातः** केन्द्रको १३ वटा बैंक खातामा ८ करोड ८४ लाख ६० हजार मौज्दात निष्क्रिय रहेको छ । ग्राहक पहिचान फाराम नभरेकै कारण वास्तविक बैंक मौज्दात यकिन नभएकोले प्रारम्भदेखि सञ्चालनमा रहेका बैंक खाताको कारोवार अवस्था, बन्द गरिएका वा चालु रहेको खाताको आयव्यय अवस्था सम्बन्धमा छानविन गरी यकिन गर्नुपर्ने । | बैंक मौज्दात र आय व्यय विवरण व्यवस्थित गर्ने कार्य सम्पन्न भएकोले बेरूजु लगत हटाउने । |
| **नेपाल भारत क्षेत्रीय व्यापार तथा पारवहन आयोजना** | | | |
| ८ | २९ | **प्रगतिः** नेपाल भारत क्षेत्रीय व्यापार तथा पारवहन आयोजना सन् २०१३ जुलाई ११ मा शुरु भई २०१९ डिसेम्बर ३१ मा सम्पन्न हुने लक्ष्य रहेको उपर्युक्त कामको लागि रु.१ अर्ब २९ करोड ४७ लाख बजेट व्यवस्था भएकोमा १०.९४ प्रतिशत मात्र कार्य भएको । त्यस्तै नेपाल व्यापार सूचना प्रणालीको सुदृढीकरणको लागि व्यापार पोर्टल निर्माण नभएको । निकासीजन्य वस्तुहरुको गुणस्तर प्रमाणीकरण गर्न प्रयोगशाला निर्माण गर्न रु.२० करोड ४० लाख ३१ हजार बजेट व्यवस्था भएकोमा १०.१२ प्रतिशतको मात्र कार्यसम्पन्न भएकोले सम्बन्धित पदाधिकारीलाई जिम्मेवार | लक्ष्य अनुसार कार्यक्रम कार्यान्वयन नगर्ने नगराउने सम्बन्धित पदाधिकारीलाई सचेत गराउने र अब आइन्दा लक्ष्य र उद्देश्य अनुरुप विनियोजित बजेट तथा कार्यक्रम कार्यान्वयन गरी परियोजना कार्यान्वयनमा सुझाव अनुसार सुधार गर्न निर्देशन दिने । |

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| | | बनाउनुपर्दछ । | |
| | | **आपूर्तितर्फः** | |
| ९ | ३० | **वार्षिक नीति/कार्यक्रम** - भण्डारण गृह निर्माण गर्ने कार्यक्रम लक्ष्य अनुसार नभएको, बजार अनुगमन प्रभावकारी नभएको । | लक्ष्य अनुसारको कार्य समयमै सम्पन्न गर्न र बजार अनुगमनको वार्षिक प्रतिवेदन समितिमा पेश गर्न निर्देशन दिने । |
| १० | ३१ | **खाद्यान्न वितरण प्रणाली** - दुर्गम जिल्ला तथा क्षेत्रमध्ये केहीमा सहुलियत दरमा चामल तथा नूनको आपूर्ति गर्ने व्यवस्था भएको र केहीमा सो व्यवस्था नभएको स्थिति देखियो । एउटै जिल्लाभित्र पनि फरक फरक देखियो। अतः सहुलियत दरमा नून तथा चामल वितरणको लागि हाल कायम भएका जिल्लाको यातायातको पहुँच, स्थानीय उत्पादनमा भएको वृद्धि, जनसंख्याको चाप, जीवनस्तर सूचकाङ्क आदिको आधारमा पुनरावलोकन हुनुपर्ने देखिन्छ । | सहुलियत दरमा नुन तथा चामल आपूर्ति गर्ने सम्बन्धमा यसको कार्यविधि तथा आधारहरू यथाशीघ्र पुनरावलोकन गरी सुझाव अनुसार कार्यान्वयन गर्न निर्देशन दिने । |
| ११ | ३२ | **जनसंख्या, कोटा र खपत** - क्षेत्र र जनसंख्या उल्लेख नगरी नुन वितरण गरेको कारण सम्बन्धित क्षेत्रको जनसंख्या अनुसार हुने कोटाभन्दा नुन बढी वितरण भएको स्थिति छ । यो वर्ष कोटाभन्दा बढी परिमाणमा ढुवानी तथा बिक्री देखाएकोले रु.३ करोड १७ लाख ४५ हजार बढी खर्च भएको छ । मन्त्रालयले सम्बन्धित डिपोको जनसंख्या अनुसारको कोटा, ढुवानी लागत, बढी बिक्री परिमाण सम्बन्धमा छानबिन गरी बढी खर्च भएको रकम फिर्ता गर्नुपर्दछ । | डिपोको जनसंख्या अनुसारको कोटा, ढुवानी लागत, बढी बिक्री परिमाण सम्बन्धमा छानबिन गरी उपलब्ध गराएको प्रतिवेदनबाट प्रचलित कानून अनुसार प्रतिस्पर्धात्मक बोलपत्र प्रकृयाको आधारमा नून ढुवानी कार्यक्रम कार्यान्वयन गर्ने गरेको, सम्बन्धित जिल्लाका प्रमुख अधिकारीको रोहवरमा जिल्ला प्रशासनको लिखित सिफारिसको आधारमा जिल्लाको समग्र कोटामा फरक नपर्ने गरी दुर्गम जिल्लाहरुमा नुन विक्री वितरण र कोटा थपघट गर्ने व्यवस्था मिलाउदै आएको, सम्बन्धित जिल्ला प्रशासनबाट तोकी आएको बमोजिमको कोटा अनुसार संचालक समितिको निर्णय पश्चात कोटा हेरफेर हुने गरेको र दुर्गम जिल्लामा राष्ट्र सेवक, सेना, प्रहरी कर्मचारीको |

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| | | | आवश्यकता र जिल्लाबाट जनताको मागका आधारमा परिमाण एकिन गरी कण्ठरोग नियन्त्रण कार्यक्रम संचालन समितिको निर्णय पश्चात् कोटा थपघट हेरफेर गर्ने गरिएको तथा जिल्ला प्रशासन कार्यालयको प्रतिनिधिको रोहबरमा नुन प्राप्त तथा बिक्री बितरण हुने गरेको अवस्थामा बढी खर्च भएको नदेखिएकेले रकम फिर्ता गर्नु नपर्ने हुँदा बेरुजु लगत हटाउने र अब आइन्दा नून ढुवानीको कोटा निर्धारणको वैज्ञानिक मापदण्ड बनाएर वितरण गर्ने व्यवस्था मिलाउन निर्देशन दिने । |
| **आपूर्ति तथा उपभोक्ता हित संरक्षण विभाग** | | | |
| १२ | ३३ | **बजार अनुगमन** - यो वर्ष ४ हजार ९१५ व्यापारिक संस्थाको अनुगमन गरेको मध्ये मूल्यसूची राख्न तथा अद्यावधिक गर्न निर्देशन दिएको ९१४, साइन बोर्ड राख्न निर्देशन दिएको ४९३, नाप तौलको प्रमाणपत्र पेस गर्न तथा नाप तौलको उपकरण राख्न निर्देशन दिएको १ हजार ३०२, खाद्य अनुज्ञापत्र पेस गर्न निर्देशन दिएको ३६, सरसफाईमा सुधार गर्न निर्देशन दिएको संख्या ४६३ तथा मूल्य अभिवृद्धि कर दर्ता वा स्थायी लेखा नम्बर प्रमाणपत्र लिन र बिल बीजक लिन दिन निर्देशन दिएको संख्या ७४९ रहेको छ । अनुगमन गरी दिएको निर्देशनअनुसार सुधार भए नभएको सम्बन्धमा बजार अनुगमनलाई प्रभावकारी बनाउनु पर्दछ । | विभागले बजार अनुगमन गरी दिएको निर्देशनअनुसार सुधार भए नभएको सम्बन्धमा सो को प्रतिवेदन समितिमा पेश गर्न र बजार अनुगमनलाई थप प्रभावकारी बनाउन निर्देशन दिने । |
| १३ | ३४ | **दूरसञ्चार सेवाको मूल्य नियमनः** विश्वका विभिन्न मुलुकहरुका दूरसञ्चार सेवा प्रदायकको सञ्चालन नाफा २४ देखि ३७.८ प्रतिशतसम्म | विश्वका विभिन्न मुलुकहरुका दूरसञ्चार सेवा प्रदायकको सञ्चालन नाफाभन्दा नेपालका सेवा प्रदायकको सञ्चालन नाफा अत्यधिक बढी रहेकोले नाफामा |

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| | | रहेकोमा नेपालका सेवाप्रदायकको सञ्चालन नाफा ५८ देखि ६२ प्रतिशतसम्म रहेको, नाफामा अत्याधिक अन्तर हुनुको औचित्यता सम्बन्धमा नियमनकारी निकायले विश्लेषण गरेका देखिदैन । मूल्य निर्धारणको आधारबारे सञ्चार तथा सूचना प्रविधि मन्त्रालय तथा नेपाल दूरसञ्चार प्राधिकरणको समन्वयमा निरन्तर अनुगमन गरी गुणस्तर र मूल्य नियमन गर्नुपर्ने देखिन्छ । | अत्यधिक अन्तर हुनुको औचित्यता सम्बन्धमा विश्लेषण गरी मूल्य निर्धारणको आधारबारे सञ्चार तथा सूचना प्रविधि मन्त्रालय तथा नेपाल दूरसञ्चार प्राधिकरणको समन्वयमा तीन महिनाभित्र मापदण्ड बनाई लागू गर्न र यसको निरन्तर अनुगमन गरी गुणस्तर र मूल्य नियमन गर्न निर्देशन दिने । |
| **नेपाल आयल निगम लिमिटेड, २०७४/०७५** | | | |
| १४ | ३६ | **वित्तीय स्थिति र सञ्चालन नतिजा** | केही गर्नु नपर्ने |
| १५ | ३७ | **अनुपात विश्लेषण** | केही गर्नु नपर्ने |
| १६ | ३८ | **अनुदान** - चीन सरकारले अनुदानमा दिएको पेट्रोलियम पदार्थको रकम रु.६ करोड २७ लाख नेपाल सरकारलाई फिर्ता गरी हिसाब राफसाफ नगरेको । | एक महिनाभित्र रकम नेपाल सरकारलाई रकम फिर्ता गरी हिसाब राफसाफ गर्न निर्देशन दिने । |
| १७ | ३९ | **कर्मचारी कल्याणकारी कोष** - निगमले २०६२।६३ देखि राष्ट्रिय कल्याणकारी कोषमा जम्मा गर्नुपर्ने रु.११ करोड ५१ लाख जम्मा नगरी व्यापारिक तथा अन्य भुक्तानी गर्नुपर्ने शीर्षकमा देखाएको छ। दायित्वमा देखाएको उक्त रकम कल्याणकारी कोषमा जम्मा गर्नुपर्दछ । | राष्ट्रिय कल्याणकारी कोषमा जम्मा गर्नुपर्ने रु.११ करोड ५१ लाख जम्मा नगरी व्यापारिक तथा अन्य भुक्तानी गर्नुपर्ने शीर्षकमा देखाएको रकम कल्याणकारी कोषमा एक महिना भित्र जम्मा गर्न निर्देशन दिने । |
| १८ | ४० | **पेट्रोलियम पदार्थ नोक्सानी** - सञ्चालक समितिले सिनामंगल डिपोमा हवाई इन्धनको नोक्सानी ०.६२ प्रतिशत तोकेकोमा कार्यकारी निर्देशकले समितिको स्वीकृति बेगर ०.८५ प्रतिशत तोकेको पाइयो | सञ्चालक समितिको अनुमति बेगर नोक्सानी दर तोक्ने कार्यकारी निर्देशकलाई कानुनी कारबाही गर्न र अब आइन्दा वैज्ञानिक मापदण्ड तयार गरी तीन महिना भित्र नोक्सानी दरमा पुनरावलोकन गर्न निर्देशन दिने र |

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| | | । बढी नोक्सानी देखाएको औसत बिक्री मूल्यअनुसार हुने रु.३ करोड ६५ लाख असुल गर्नुपर्दछ । | बेरुजु लगत हटाउने । |
| १९ | ४१ | **मूल्य स्थिरीकरण कोष** - सबै प्रकारका पेट्रोलियम पदार्थको बिक्री मूल्यको १ प्रतिशत बराबर हुन आउने रकम मूल्य स्थिरीकरण कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । कोषमा वर्षान्तमा रु.६ अर्ब ३४ करोड ५९ लाख मौज्दात रहेको छ । साथै नाफाको रकमबाट कोष खडा गर्नुपर्नेमा बिक्री मूल्यमा थप गरी प्राप्त रकमबाट कोष खडा गर्न उपयुक्त होइन । | सुझाव अनुसार नाफाको रकमबाट कोषमा रकम जम्मा गर्ने व्यवस्था मिलाई कार्यान्वयन गर्न निर्देशन दिने । |
| २० | ४२ | **बोनस व्यवस्था** - निगमले यो वर्ष खुद नाफाको १ प्रतिशतले हुन आउने रु.४ करोड ८० लाख बोनस व्यवस्था गरेको छ भने विगत २०६५।६६ देखिको व्यवस्था रु. ३ अर्ब १३ करोड ४३ लाख, अर्थ मन्त्रलायबाट २०७०।८।२४ र २०७३।३।३१ मा जारी गरेको निर्देशन पालना नभई वितरण गर्न नसकी दायित्वमा राखेको छ । बोनस ऐनअनुसार उक्त रकम हाल वितरण गर्न मिल्ने नदेखिएकोले पुनः निगमको आयमा लेखाङ्कन गर्नुपर्दछ । | सुझाव अनुसार सम्पूर्ण रकम निगमको आयमा लेखाङ्कन गर्न निर्देशन दिने। |
| | | **इन्टरमोडल यातायात विकास समिति** | |
| २१. | ४३. | **कार्यसम्पादन स्थिति** - समिति अन्तर्गत सुख्खा बन्दरगाहको सुधार एवं विस्तार, कार्यालय एवं आवास भवन निर्माण कार्य गर्न यो वर्ष रु.३८ करोड ८० लाख खर्च भएको । मल्टी मोडल ऐन निर्माण, ई.डी.आई. भवन, वीरगन्ज सुख्खा बन्दरगाहको रेलवे निर्माण गर्ने | लक्ष्य अनुसार समयमै कार्य सम्पादन गर्न र निर्माण सम्पन्न गरी उपयोगमा ल्याउन निर्देशन दिने । |

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| | | कार्यको कम्पनी छनौट हुन नसकेको, काँकडभिट्टा टर्मिनल मेनेजमेन्ट निर्माणमा २५ प्रतिशतमात्र प्रगति भएको, कोरोला नाकामा सुख्खा बन्दरगाहको सम्भाव्यता अध्ययनको प्रस्ताव मूल्याङ्कन भैरहेको छ । काठमाडौंको चोभारमा सुख्खा बन्दरगाह निर्माण कार्य ठेक्का भएको ८ महिना व्यतीत भई काम सम्पन्न गर्न १० महिना बाँकी रहँदा भरखर शिलान्यास गर्ने कार्य भएको छ । लक्ष्यअनुसार कार्यसम्पादन गर्नुपर्दछ । | |
| २२. | ४४. | **निष्क्रिय मौज्दात –** भौतिक संरचनाको भाडाबाट प्राप्त रकममध्ये १३ प्रतिशतसम्म मात्र खर्च भई यो वर्षको अन्त्यसम्म समितिको खातामा रु.१ अर्ब २६ करोड ७२ लाख बचत रहेको छ । प्राप्त आय समितिको खातामा निष्क्रिय रुपमा रहेको छ । समितिको आयबाट थप भौतिक संरचना निर्माण गर्ने वा प्राप्त आय नेपाल सरकारको राजस्व खातामा दाखिला गर्ने सम्बन्धमा स्पष्ट नीति बनाउनुपर्ने व्यहोरा गत वर्षको प्रतिवेदनमा समेत औंल्याएकोमा सुधार भएको छैन । | समितिको आयबाट थप भौतिक संरचना निर्माण गर्ने वा प्राप्त आय नेपाल सरकारको राजस्व खातामा दाखिला गर्ने सम्बन्धमा तीन महिनाभित्र स्पष्ट नीति बनाई लागू गर्न निर्देशन दिने । |

# प्रतिनिधि सभा
# सार्वजनिक लेखा समिति
# बेरुजु छलफल उपसमिति
# महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय
## महालेखापरीक्षकको ५६औं वार्षिक प्रतिवेदन, २०७४/७५ उपर भएको छलफलको मिति २०७७/३/१७ र १८ को निर्णयहरु

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| १ | १ | **नीति तथा कार्यक्रमः** चौधौं योजना अनुरुप जेष्ठ नागरिक नीति तर्जुमा ऐन परिमार्जन, सुविधाको मापदण्ड निर्धारण, प्रत्येक प्रदेशमा एक वृद्ध आश्रम निर्माण गरिने भनेको कार्यक्रममा समावेश नभएको । | एक महिनाभित्र हालको अद्यावधिक विवरण पेश गर्न र आवधिक योजना तथा बजेटले निर्धारण गरेको नीति अनुसारका कार्यक्रम तयार गरी कार्यान्वयन गर्न निर्देशन दिने । |
| २ | २ | **गैर सरकारी संस्थाको अनुगमनः** यस वर्ष २३ देशका ९८ गैरसरकारी संस्थाले विभिन्न क्षेत्रमा खर्च गर्ने गरी रु २१ अर्ब ६ करोड ७४ लाखको कार्यक्रम स्वीकृत गरेको देखिए तापनि अनुगमन गरी अभिलेख नराखेको । | स्वीकृत कार्यक्रमको निरन्तर अनुगमन तथा मूल्यांकन गरी अभिलेखलाई अद्यावधिक गर्न निर्देशन दिने । |
| ३ | ३ | **अनुदान वितरण ः** | |
| | ३.१ | राष्ट्रिय अपाङ्ग कोषको अनुदान रकमको खर्च पुष्टि हुने कागजात पेश नभएको । | खरिद विधि तथा सहायक सामग्री वितरण कार्यको नियमित अनुगमन गर्न, खर्च तथा वितरण व्यवस्था पारदर्शी र मितव्ययी बनाउन निर्देशन दिने । |
| | ३.२ | युसेपसँग भक्तपुर, विराटनगर र पोखरामा बाल सुधार गृह संचालन गर्न रु ४५ लाख ४३ हजार निकासा दिएकोमा क्षमताभन्दा बढी बालबालिका राखेको । | बालबालिका सम्बन्धी ऐन, २०७५ बमोजिम बालबालिकाहरुको न्यूनतम आधारभूत बाल अधिकार सुनिश्चित हुने गरी सुधार गृहको व्यवस्थापन गर्न तीन महिनाभित्र समितिमा कार्ययोजना पेश गर्न र थप |

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| | | | सुधार गृहहरुको व्यवस्थापन गरी क्षमता अनुसार मात्र संचालन गर्न निर्देशन दिने । |
| ४ | ४ | **कार्य संचालन कोष** : मन्त्रालयको नाममा दुई फरक फरक प्रकृतिका कार्यसंचालन कोष रहेको तथा छुट्टाछुट्टै बैङ्कमा कोष खाता कायम भई रकम मौंज्दात रहेको देखिएको । | सञ्चितकोष दाखिला गरेको जनाएकोले केही गर्नु नपर्ने । |
| **कार्यमूलक लेखापरीक्षण (गैरसरकारी संस्थाको कार्यसम्पादन स्थिति)** | | | |
| ५ | ५ | **संस्थादर्ता र नवीकरण** : दर्ता भएका संस्थाहरु मध्ये नवीकरण गराउने संस्था न्यून रहेको त्यसमा पनि वार्षिक प्रतिवेदन र लेखापरीक्षण प्रतिवेदन पेश गर्ने संस्था ज्यादै न्यून रहेकोमा अनुगमन गरी कारवाही नभएको । | अनिवार्य रुपमा वार्षिक प्रतिवेदन र लेखापरीक्षण प्रतिवेदन पेश गर्न लगाई संस्थाहरुको स्थिति अद्यावधिक गर्न र नियमित अनुगमन गरी अनियमित रुपमा संचालनमा रहेका संघ संस्थाहरुलाई कारवाहीको दायरामा ल्याउन निर्देशन दिने । |
| ६ | ६ | **परियोजना सम्झौता** : समाजकल्याण नियमावली २०४९ मा परिषद्सँग परियोजना सम्झौता गर्ने व्यवस्था भएपनि परियोजना स्वीकृत नगराई गत तीन आर्थिक बर्षमा भन्दा रु ६अर्ब ३८ करोड १८ लाख २० हजार सोझै दाता वा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थावाट सम्झौता गरी खर्च गरेको देखियो। परियोजना स्वीकृत नगराई नेपाल अपाङ्ग महिलासँग ए.जे.डब्लु.एस. (अमेरिका) वाट २०७४।०७५ मा रु ३ अर्ब ३७ करोड १४ लाख ४४ हजार संचालन गरेको देखियो पूर्व स्वीकृति नदिई कार्यक्रम संचालन गर्नेलाई दण्डात्मक कारवाही नभएको । | अब आइन्दा समाजकल्याण नियमावली, २०४९ को नियम १२ बमोजिम गर्न र अर्थ मन्त्रालयको सहायता व्यवस्थापन सूचना प्रणालीमा अनिवार्य रुपमा सहायता रकम देखाई दोहोरो नपर्ने गरी प्राथमिकता प्राप्त क्षेत्रमा मात्र लगानी हुने गरी गैरसरकारी संघ संस्था मार्फत् लगानी हुने वैदेशिक सहयोगको व्यवस्थापन गर्न निर्देशन दिने । |
| ७ | ७ | **सहायता रकम** : अर्थ मन्त्रालयवाट स्वीकृत भई ए.एम.पी. मा प्रविष्ट भएको रकमभन्दा रु. १ खर्ब १ अर्ब ८४ करोड ६६ लाख बढी र | समाज कल्याण परिषद्, अर्थ मन्त्रालय, नेपाल राष्ट्र बैंक र सम्बन्धित मन्त्रालय बीच समन्वय गरी एक महिनभित्र सहायता रकम |

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| | | परिषद्सँग सम्झौता गरेको रकम भन्दा रु ९५ अर्ब १३ करोड २० लाख बढी देखिएकाले कानूनको पालना नगरी सोझै गैरसरकारी संस्थाले सहायता प्राप्त गरेको । | वितरणसम्बन्धी अद्यावधिक विवरण समितिमा पेश गर्न निर्देशन दिने। |
| ८ | ८ | **राजश्व छुट** : रु. १ अर्ब ३८ करोड ५७ लाख ५५ हजारको सामान भन्सार छुटमा आयात गरेकामा त्यस्ता समानको स्वामित्व, बेचबिखन तथा उपयोग सम्बन्धमा समाजकल्याण परिषदले अभिलेख नराखेको । | भन्सार छुटमा आयात गरेका र संघ संस्था विघटन वा खारेज हुँदा बाँकी रहेको सम्पत्ति नेपाल सरकारमा हस्तान्तरण भएका विवरण अद्यावधिक गरी तीन महिनाभित्र समितिमा पेश गर्न निर्देशन दिने । |
| ९ | ९ | **संस्थाको उद्देश्य** : | |
| | ९.१ | नेपाल राष्ट्र बैंकले संस्था दर्ता ऐन, २०३४ र वित्तीय मध्यस्तताको काम गर्ने संस्था सम्बन्धि ऐन, २०५५ विपरित गैरसरकारी संस्थालाई व्यावसायिक र बैंकिङ्ग क्रियाकलाप गर्न स्वीकृति दिएको । | संस्था दर्ता ऐन, २०३४ र वित्तीय मध्यस्तताको काम गर्ने संस्था सम्बन्धि ऐन, २०५५ विपरित हुने गरी गैरसरकारी संस्थाहरुले संचालन गरेको व्यवसायिक र बैकिङ्ग क्रियाकलपा सम्बन्धमा अर्थ मन्त्रालय, नेपाल राष्ट्र बैंक, महिला बालबालिका तथा समाजकल्याण मन्त्रालयसँगको समन्वयमा छानविन गरी तीन महिनाभित्र समितिमा प्रतिवेदन पेश निर्देशन दिने । |
| | ९.२ | गैरसरकारी संस्थाले कमाएको मुनाफा, संचित गरेको जगेडा कोष लगायतको सम्पत्ति नेपाल सरकारमा फिर्ता ल्याउनुपर्ने । | एक महिनाभित्र सञ्चितकोष दाखिला गरी समितिलाई जानकारी गराउन निर्देशन दिने । |
| | ९.३ | संचित जगेडा कोषमा रु. १ अर्ब ३६ करोड ९ लाख मौज्दात रहेको । १० कम्पनीमा परिवर्तन भएको र उक्त जगेडा रकम संचित कोष दाखिला गर्नुपर्ने । | नाफा आर्जन नगर्ने गरी स्थापना भएका संस्थाले आर्जन गरेको नाफा सम्वन्धमा छानविन गर्न र जगेडा कोषको रकम तीन महिनाभित्र सञ्चित कोषमा दाखिला गरी समितिलाई जानकारी गराउन निर्देशन दिने । |
| | ९.४ | गैरसरकारी संस्थाले व्यावसायिक कारोबार गरेको अनुगमन प्रभावकारी नभएको । | संस्थाको लेखापरीक्षण प्रतिवेदन र अनुगमन तथा मूल्यांकन प्रतिवेदन समितिमा पेश गर्न निर्देशन दिने । |
| १० | १० | **अनुगमन मूल्यांकन खर्च** : परिषद्ले आवश्यक मापदण्ड बनाई एकमुष्ट रुपमा कोषमा रकम जम्मा गरी सोही कोषवाट भुक्तानी गर्नुपर्ने | सुझाव बमोजिम गर्न निर्देशन दिने । |

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| | | देखिएको । | |
| ११ | ११ | **कम्पनी दर्ता :** परोपकारी काम गर्न स्थापना भएका २१२४ कम्पनी मध्ये १५४ ले मात्र लेखापरीक्षण प्रतिवेदन र अन्य विवरण पेश गरेको र यस्ता कम्पनीमा आर्थिक अनुशासन कमजोर रहेको छ, ऐनको पालना हुनुपर्ने । | कारवाही गरिएका संस्थाहरु लगायत कम्पनी दर्ताको अद्यावधिक विवरण एक महिनाभित्र समितिमा पेश गर्न निर्देशन दिने । |
| १२ | १२ | **कम्पनीको जायजेथा :** ११ कम्पनी विघटन वा खारेज भएकोमा नेपाल सरकारमा सम्पत्ती आएको देखिएन । | कम्पनी रजिष्ट्रारको कार्यालयसँगको समन्वयमा एक महिनाभित्र नेपाल सरकारमा सम्पत्ति प्राप्त गरी गराई समितिलाई जानकारी गराउन निर्देशन दिने । |
| | | **संगठित संस्था (समाजकल्याण परिषद्)** | |
| १३ | १३ | **भाडा कर :** बुढानिलकण्ठ र भृकुटीमण्डपको बहालकर रु. ९७ लाख ९१ हजार नतिरेको । | एक महिनाभित्र नियमानुसार बहाल कर असुलउपर गरी समितिलाई जानकारी गराउन निर्देशन दिने । |
| १४ | १४ | **उपदान सुविधा :** नियममा नभएको उपदान सुविधा उपलब्ध गराएको। | छानविन गरी समितिमा एक महिनाभित्र प्रतिवेदन पेश गर्न निर्देशन दिने । |
| १५ | १५ | **पदाधिकारी पारिश्रमिक :** पदाधिकारीलाई कानूनमा नभएको सुविधा दिएको । | ऐन कानूनले तोकेको भन्दा बढी लिएको सुविधा असुलउपर गरी गराई समितिमा एक महिनाभित्र प्रतिवेदन पेश गर्न निर्देशन दिने। |
| १६ | १६ | **संघ संस्था छनौट :** आधार तयार नगरी ३३ संस्थालाई रु. ४९ लाख ८७ लाख अनुदान दिएको । | उपलब्ध गराएको अनुदानको विवरण, छनौटको आधार र कार्यविधि एक महिनाभित्र समितिमा पेश गर्न लगाउने । |
| १७ | १७ | **भाडा आय :** | |
| | १७.१ | समाजकल्याण परिषदको स्वामित्वमा रहेको जग्गा प्रदर्शनी क्षेत्र, पर्यटन बोर्ड, चमेना गृह र अन्य संस्थालाई भाडा लगाउदा प्रतिस्पर्धी विधि प्रयोग गरी भाडामा दिइएको देखिएन । | हालसम्म भाडामा लगाइएका सम्पत्ति तथा आय विवरण अध्यावधिक गरी एक महिनाभित्र समितिमा पेश गर्न र अब आइन्दा स्वामित्वमा रहेका सम्पत्ति भाडामा लगाउँदा प्रतिस्पर्धा सुनिश्चित हुने गरी व्यवस्था गर्न निर्देशन दिने । |

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| | १७.२ | बोलपत्र प्रकृया पूरा नगरी कार्य समितिको निर्णयवाट परिषद्को स्वामित्वमा रहेको जग्गा एक सहकारी संस्थालाई २५ बर्षका लागि मासिक रु. ११ लाख ९८ हजारमा प्रतिस्पर्धा नगरी भाडामा दिइएको देखियो । | प्रतिस्पर्धा सुनिश्चित हुने गरी भाडामा दिनलिन र आय संकलन प्रक्रिया पारदर्शी बनाउन निर्देशन दिने । |
| १८ | १८ | **बक्यौता असुली :** व्यक्ति, फर्म तथा संस्थावाट रु ४ करोड २५ लाख ६२ हजार वक्यौता असुल गर्न बाँकी देखिएको । | वक्यौता रकम तीन महिनाभित्र असुलउपर गरी गराई समितिलाई जानकारी गराउन निर्देशन दिने । |
| १९ | १९ | **उजुरी छानबिन** : वार्षिक प्रगति विवरण अनुसार परिषद्मा १२ राष्ट्रिय र ७ अन्तर्राष्ट्रिय गैरसरकारी संस्था विरुद्ध परेको उजुरी छानविन गरी सम्बन्धित निकायमा प्रतिवेदन पठाइएकोमा कारवाही नभएको । | उजुरी छानविन र निर्देशन कार्यान्वयन सम्वन्धी हालसम्मको प्रगतिको अद्यावधिक विवरण समितिमा पेश गर्न निर्देशन दिने । |
| २० | २० | **सम्झौता नवीकरण :** जेहोभाको बिटनेस सोसाइटीले क्रिश्चियन धर्मावलम्बीहरुको व्यवस्था प्रवर्द्धन गर्ने उदेश्यका साथ रु २६ करोड ४३ लाख ४२ हजारको योजना संकलन गरेको तथा बालबालिकालाई बाइबल शिक्षा दिने उदेश्यले रु ५६ लाख ९ हजार खर्च गरेको देखिएकोले यस्ता परियोजनाको सम्झौता नवीकरण नभएको । | धर्म, सम्प्रदाय विशेषलाई केन्द्रित गरी संचालन भएको गतिविधिबाट सामाजिक सद्भावमा नकारात्मक असर पर्ने स्थितिलाई मध्यनजर गर्दै उल्लिखित परियोजनाहरुको थप छानविन र त्यस्ता गतिविधि संचालन गर्ने संस्थाहरुको नवीकरण सम्वन्धमा अध्ययन गरी समितिमा प्रतिवेदन पेश गर्न र ती संस्थाहरुको नियमित अनुगमन गर्ने व्यवस्था गर्न निर्देशन दिने । |
| २१ | २१ | **लजिस्टिक सपोर्ट :** फिल्ड अवलोकन जाने टोलीको सम्पूर्ण खर्च सम्बन्धित संस्था स्वयम्ले भुक्तानी गर्नुपर्ने व्यवस्था रहेकोले यस्तो अनुगमन निष्पक्ष र पारदर्शी नभएको । | अब आइन्दा फिल्ड अवलोकन लगायत अनुगमन र मूल्यांकन खर्च सम्वन्धित संस्थाबाट परिषद्मा भुक्तानी गर्न लगाई परिषद्मार्फत मात्र खर्च गर्ने व्यवस्था गर्न निर्देशन दिने। |

# प्रतिनिधि सभा

# सार्वजनिक लेखा समिति

# बेरुजु छलफल उपसमिति

# वन तथा वातावरण मन्त्रालय

## महालेखापरीक्षकको ५३औं वार्षिक प्रतिवेदन, २०७१/०७२ उपर भएको छलफलका मिति २०७७/०३/१२ का निर्णयहरु

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| १. | १ | **अनुगमनः** विगतका बार्षिक प्रतिवेदनमा समावेश भएको व्यहोरा यो बर्ष पनि सुधार नभएको । | |
| | १.१ | वृक्षारोपण गरेको भए पनि संरक्षणका लागि आवश्यक व्यवस्था नभएको । | सुझाव अनुसार संरक्षणका लागि आवश्यक कार्यक्रम तथा बजेट व्यवस्था गरी नियमित अनुगमन गर्न निर्देशन दिने । |
| | १.२ | सामुदायिक वनले आर्जन गरेको २५ प्रतिशत रकम सामुदायिक वन विकास र सामुदायिक कार्यमा खर्च भए नभएको जिल्लागत एवं केन्द्रिय अभिलेख नराखेको । | सामुदायिक वनले आर्जन गरेको २५ प्रतिशत रकम सामुदायिक वन विकास र सामुदायिक कार्यमा खर्च भए नभएको जिल्लागत एवं केन्द्रिय अभिलेख तयार गरी तीन महिनाभित्र समितिमा प्रतिवेदन पेश गर्न निर्देशन दिने । |
| | १.३ | प्राविधिक सहायता अन्तर्गत संचालित कार्यक्रमहरुमा यो बर्ष सोझै खर्च भएको रु. २ अर्ब ३४ करोड ८४ लाखको लेखापरीक्षण नभएको । | प्राविधिक सहायता अन्तर्गत संचालित कार्यक्रमहरुको लेखापरीक्षण गरी गराई समितिमा प्रतिवेदन पेश गर्न निर्देशन दिने । |
| | १.४ | वन नियामावली, २०५३ को पालना नगरी एक उद्योगलाई अनुमति दिदा रु. ४ करोड ८४ लाख राजस्व नोक्सान भएको । | छानविन गरी तीन महिनाभित्र समितिमा प्रतिवेदन पेश गर्न निर्देशन दिने । |
| | १.५ | रक्तचन्दनको अवैध कारोवार गर्ने समूहवाट पटक-पटक बरामद भएको | तीन महिनाभित्र व्यवस्थापन गरी समितिलाई जानकारी गराउन निर्देशन |

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| | | रक्तचन्दन वन विभाग, वन अनुसन्धान विभाग र जिल्ला वन कार्यलयको गोदाम तथा कार्यालय परिसरमा रहेको । | दिने । |
| **वन विभाग :** | | | |
| २. | २ | **वन अतिक्रमणः** बढ्दो वन अतिक्रमण नियन्त्रण गर्न वन अतिक्रमण नियन्त्रण रणनीति, २०६८ तर्जुमा गरी कार्यान्वयनमा ल्याए पनि अतिक्रमण हटाउने कार्यमा उल्लेख प्रगति नभएको । | वन अतिक्रमण नियन्त्रण रणनीतिका आधारमा कार्यक्रम तथा वजेटको व्यवस्था गरी लक्ष्य अनुसार वन अतिक्रमण हटाउन निर्देशन दिने । |
| ३. | ३ | **जग्गाको प्रयोगः** मन्त्रिपरिषद्को निर्णयानुसार विभिन्न जिल्लाको वन क्षेत्रको जग्गा अन्य क्षेत्रको लागि उपलब्ध गराइएकोमा जुन क्षेत्रको लागि उपलब्ध गराएको हो सोही प्रयोजनमा वन क्षेत्र उपयोग भए नभएको अनुगमन गरी यकिन नगरिएको । | निर्धारित प्रयोजन अनुरुप वन क्षेत्रको उपयोग भए नभएको यकिन गरी समितिमा प्रतिवेदन पेश गर्न निर्देशन दिने । |
| | ३.१ | धनकुटाको एक सिमेन्ट उद्योगलाई उपलब्ध गराएको ४ हेक्टरमा ९७७ रुख क्षति भई सोको २५ गुणाले हुने २४ हजार ४२५ रुख रोपणको लागि आवश्यक पर्ने १५ हेक्टर जग्गा कार्यालयले हालसम्म उपलब्ध नगराएकोले रोपण हुन नसकेको । | क्षतिपूर्ति स्वरुप रुख रोपन कार्य सम्पन्न गरी गराई त्यसको संरक्षण गर्न निर्देशन दिने । |
| | ३.२ | तोकिएको समयमा काठ चट्टा दाउरा वन कार्यालयलाई हस्तान्तरण नगर्दा सोको बिक्रीवाट राजस्व प्राप्त हुन नसकेको । | हस्तान्तरण भएको विवरण समितिमा पेश गर्न निर्देशन दिने । |
| ४. | ४ | **काठ दाउराः** | |
| | ४.१ | गत बर्ष उपलब्ध गराइएको विवरण भन्दा यो बर्ष २२ हजार ३४६ घनफिट काठ र ६ चट्टा दाउरा बढी जिम्मेवारी देखाएकोमा सोको | बढी जिम्मेवारी देखाएको सम्वन्धमा विस्तृत विवरण समितिमा पेश गर्न निर्देशन दिने । |

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| | | पुष्ट्याईं उल्लेख नगरेको । | |
| | ४.२ | यो बर्ष ३ लाख ८ हजार ६४१ घनफिट काठ तथा चट्टा दाउरा बिक्री गरी रु २६ करोड ५१ लाख राजस्व सङ्कलन गरेकोमा काठ दाउराको ग्रेड र प्रजाति नखुलाइएको । | सुझाव अनुसार गर्न निर्देशन दिने । |
| | ४.३ | काठ दाउराको मौज्दात अत्यधिक भएकोले उत्पादित काठ दाउराको हैसियत खराव नहुदै लिलाम बिक्री नगरेकोले राजस्व कम हुन गएको । | सुझाव अनुसार गर्न निर्देशन दिने । |
| ५. | ५ | **काठ दाउराको लगतः** काठ दाउराको यथार्थ लगत राखी आर्थिक विवरणमा समावेश नगरेको । | काठ दाउराको यथार्थ लगत राखी आर्थिक विवरणमा एक महिनाभित्र समितिमा पेश गर्न निर्देशन दिने । |
| ६. | ६ | **मुद्दाको लगतः** आर्थिक नियमावली, २०६४ विपरित विभिन्न जिल्लाका वन कार्यालयले रु. २१ लाख र बर्दिया र चितवन राष्ट्रिय निकुन्ज कार्यालयले रु. १ करोड २४ लाख मुद्दाको लगत राजस्व आर्थिक विवरणमा नदेखाएको । | मुद्दाको लगत राजस्व विवरण आर्थिक विवरणमा समावेश गरी लेखापरीक्षण गराउन निर्देशन दिने । |
| ७. | ७ | **मुद्दा फछ्र्यौट :** वन ऐन, २०४९ ले मुद्दा फछ्र्यौट समय तोकिदिए पनि मुद्दाहरु तोकिएको समयमा फछ्र्यौट नगरेको । | समयमै मुद्दा फछ्र्यौट गर्ने गराउन व्यवस्था गर्न निर्देशन दिने । |
| **भू तथा जलाधार संरक्षण विभाग :** | | | |
| ८. | ८ | **तार र जालीको प्रयोगः** मौज्दात रहेको तार जालीको दुरुपयोग नहुने व्यवस्था मिलाई तार जाली प्रयोग प्राविधिक मूल्यांकन तयार नगरेको । | सुझाव अनुसार गर्न निर्देशन दिने । |

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| **राष्ट्रिय निकुञ्ज तथा वन्य जन्तु संरक्षण विभाग :** | | | |
| ९. | ९ | **कालोसूचीः** सार्वजनिक खरिद ऐन, २०६४ मा भएको खरिद सम्झौता बमोजिम आपुर्तकले सम्झौता कार्य पुरा नगरेकोले अतिरिक्त व्ययाभार परेको रु. २७ लाख असुल गरी आपूर्तिकर्तालाई कालो सूचीमा नराखेको । | असुलउपर भइसकेकोले केही गर्नु नपर्ने । |
| १०. | १० | **मुल्य अभिवृद्धि करः** विभागले ढिलो परिपत्र गरेकाले विभाग लगायत ६ कार्यालयवाट परिपत्र गरे भन्दा अगाडीको प्रवेश शुल्कमा रु. २ करोड ९७ लाख मुल्य अभिवृद्धि कर असुल गरेको देखिएन । | ढिला परिपत्र गरी राजस्व नोक्सान गराएकोमा छानविन गरी दोषी पदाधिकारीलाई सचेत गराउन तथा अब आइन्दा प्रवेश शुल्कमा मुल्य अभिवृद्धि कर असुल गर्न निर्देशन दिने र वेरुजु लगत हटाउने । |
| ११. | ११ | **रोयल्टी असुलीः** लाङटाङ्ग राष्ट्रिय निकुञ्ज क्षेत्रभित्र विभिन्न व्यक्तिवाट संचालित होटल लज रिसोर्ट तथा पसलवाट रोयल्टी वापत रु. ६२ लाख र सगरमाथा राष्ट्रिय निकुञ्जले हेलिकोप्टर अवतरण गर्न अनुमति दिए वापत रु. ८ लाख असुल नगरेको । | तीन महिनाभित्र असुल गरी गराई सोको जानकारी समितिलाई दिन निर्देशन दिने । |
| १२. | १२ | **वातावरणीय लेखापरीक्षण :**<br>**जिल्ला वन कार्यालय बारा, चितवन, नवलपरासी र रुपन्देही :**<br>**विरुवा उत्पादन र वृक्षारोपणः** वृक्षारोपण गरेको स्थान र परिमाण स्पष्ट हुने गरी अभिलेख नराखेकोले वितरित विरुवाको सदुपयोगको स्थितिको मूल्यांकन नभएको । | वृक्षारोपण गरेको स्थान र परिमाण स्पष्ट हुने गरी अभिलेख तयार गर्न र सोको संरक्षणका लागि कार्यक्रम तयार गरी व्यवस्थित गर्न निर्देशन दिने। |
| १३. | १३ | **क्षतिपुर्ति वृक्षारोपणः** हेटौडा बर्दघाट २२० के.भी. प्रसारण लाईन आयोजनावाट रकम प्राप्त भई क्षतिपूर्ती वृक्षारोपण गर्न चितवन जिल्लाले | कर्ययोजना बनाई क्षतिपूर्ति वृक्षारोपणलाई व्यवस्थित गर्न निर्देशन दिने । |

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| | | उत्पादन गरेका विरुवा रकम अभाव देखाई वृक्षारोपण नगरेको । | |
| १४. | १४ | **वन जग्गाको प्रयोगः** वन जग्गाको हस्तान्तरणवाट वन क्षेत्रमा ह्रास हुन गई वातवरणमा असर परेको । | सम्झौता बमोजिम जग्गा उपलब्ध गरी गराई वृक्षारोपण गरी त्यसको संरक्षण गर्न निर्देशन दिने । |
| १५. | १५ | **काठ दाउरा सङ्कलनः** नेपाल टिम्वर कर्पोरेशनले सम्झौता बमोजिम सङ्कलन गर्नुपर्ने रुख र हागाविगा वन क्षेत्रभित्रै छाडेका कारण राजस्वको नोक्सानी हुन गएकाले सम्झौता बमोजिम कार्य सम्पन्न नगरेकोमा सो वापत नोक्सानी हुने राजस्व असुल नगरेको । | सुझाव अनुसार गर्न निर्देशन दिने । |
| १६. | १६ | **ढुङ्गा गिट्टी सङ्कलनः** ढुङ्गा गिट्टी सङ्कलनमा वन व्यवस्थापन कार्ययोजनामा उल्लेख भए बमोजिम वाततवरण सुधारका उपायहरु अवलम्वन नगरेको । | सुझाव अनुसार गर्न निर्देशन दिने । |
| १७. | १७ | **द टिम्वर कर्पोरेशन अफ नेपाल लिमिटेडः**<br>**वित्तीय स्थिति तथा संचालन नतिजाः** गत बर्षको सञ्चिति नोक्सानी रु. १६ करोड ८७ लाख रहेकोमा यो बर्ष रु. ३ करोड ८४ लाख नाफा भई सञ्चिति नोक्सानी रु. १३ करोड ३ लाख पुगेको । | संचित कोषको नोक्सानी कम गर्ने गरी कार्ययोजना बनाई कार्यान्वयन गर्न निर्देशन दिने । |
| १८. | १८ | **आन्तरिक नियन्त्रण व्यवस्थाः** | |
| | १८.१ | सार्वजनिक खरिद ऐन तथा नियमावलीको विधि एवं प्रक्रिया अनुसार काठ दाउराको कटान पोल खरिद तथा काठ दाउराको चिरान कार्य प्रतिस्पर्धात्मक प्रक्रिया अकलम्बन नगरी स्थानीय पत्रपत्रिकामा ५ देखि १५ दिनको सुचना प्रकाशित गरी रु. २० करोड ८२ लाखको १ | राष्ट्रिय पत्रपत्रिकामा सूचना प्रकाशित गरेर प्रतिस्पर्धा सुनिश्चित हुने गरी कार्य परिमाणलाई टुक्रा नपारी लिलाम बढाबढ गर्न गराउन निर्देशन दिन। |

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| | | लाख २४ हजार ३६४ घनफिट गोलिया काठ बिक्री गरेको । | |
| | १८.२ | टिम्वर कर्पोरेशनमा २०७२ अषाढ मसान्तमा पेश्की सापटी धरौटी तथा असुल गर्न बाँकी रहेको रु. १५ करोड ५३ लाखको वर्णानुक्रमको विवरण तथा सम्बन्धित पक्षवाट मौज्दात समर्थन पत्र नलिएको । | सम्वन्धित पक्षबाट मौज्दात समर्थन पत्र लिई यथार्थ आर्थिक विवरण तयार गर्न र नियमित रुपमा अध्यावधिक गर्न निर्देशन दिने । |
| | १८.३ | रु. १ करोड ९३ लाखको असुल तर्फ कुनै कारवाही नभएको । | तीन महिनाभित्र फछ्र्यौट गरी गराई समितिलाई जानकारी गराउन निर्देशन दिने । |
| | १८.४ | टिम्वर कर्पोरेशनमा २०७२ आषाढ मसान्तको आर्थिक विवरण कम्पनीको दायित्व कारोवारको नतिजा तथा आर्थिक व्यवस्थाको सही चित्रण नगरेको । | बैंक र शाखा हिसाव मिलान गरी गराई तीन महिनाभित्र अध्यावधिक विवरण समितिमा पेश गर्न निर्देशन दिने । |
| | १८.५ | रु. ३ करोड ९२ लाखको आम्दानी बाँधी हिसाव मिलान गर्नुपर्नेमा दायित्व देखाउदै आएको दायित्व हिसाव मिलान नगरेको । | सुझाव अनुसार गर्न निर्देशन दिने । |
| | १८.६ | दाउराको मुल्य अभिवृद्धि कर विजक जारी नगरी माग फाराम तथा रसिद भरपाई नलिई जिल्ला वन कार्यालय र उपभोक्ता समितिलाई हस्तान्तरण गरेको । | प्रचलित ऐन नियमको पालना गरी काठ दाउरा हस्तान्तरण गर्न गराउन निर्देशन दिने । |
| | १८.७ | सवारी साधन तथा काठको अन्तिम मौज्दात रु १५ करोड ३५ लाखको जोखिम व्यवस्थापनका लागि बीमा नगराएको । | तीन महिनाभित्र बीमा व्यवस्थापन गरी समितिमा विवरण पेश गर्न निर्देशन दिने । |

# प्रतिनिधि सभा
# सार्वजनिक लेखा समिति
# बेरुजु छलफल उपसमिति
# वन तथा वातावरण मन्त्रालय
## महालेखापरीक्षकको ५४औं वार्षिक प्रतिवेदन, २०७२/०७३ उपर भएको छलफलको मिति २०७७/०३/१२ का निर्णयहरु

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| १. | ४.१ | **असुली** : वन तथा वातावरण मन्त्रालय अन्तर्गत असुल गर्न बाँकी रहेको बेरुजु रकम असुल गर्नुपर्ने । | वन तथा वातावरण मन्त्रालय अन्तर्गत असुल गर्न बाँकी रहेको बेरुजु रकम असुल गरी गराई तीन महिनाभित्र समितिमा विवरण पेश गर्न निर्देशन दिने । |
| २. | १३ | **प्राविधिक तथा अन्य सहायता** : मन्त्रालयले १३ वटा सम्झौताबाट रु. १४,२४,०८७/- (रु. हजारमा) को प्राविधिक सहायता सम्बन्धी विवरण केन्द्रीय आर्थिक विवरणमा समावेश नगरेकोले सरकारको आय व्ययको चित्रण हनु नसकेको र सार्वजनिक लेखा समितिले प्राविधिक सहायताको लेखापरीक्षण गराउन निर्देशन दिएको भए तापनि आर्थिक विवरण एवं स्रेस्ता पेश गरी लेखापरीक्षण नगराएको । | प्राविधिक सहायताको लेखापरीक्षण गराई आगामी प्रतिवेदनमा समावेश गर्न गराउन निर्देशन दिने । |
| ३. | ५९ | **राष्ट्रिय गौरवका आयोजना** : राष्ट्रपति चुरे-तराई मधेस संरक्षण विकास समितिको आ.ब. २०६७/६८ देखि २०७२/७३ सम्म रु. २९३/- (करोडमा) खर्च गरेको देखिएता पनि भौतिक प्रगति नदेखिएको । | हालसम्मको आर्थिक तथा भौतिक प्रगति समितिमा पेश गर्न निर्देशन दिने । |
| | ५९.१९ | राष्ट्रपति चुरे-तराई मधेस संरक्षण विकास समितिबाट संचालित | हालसम्म खर्च भएको बजेट तथा कार्यक्रमको एकीकृत प्रतिवेदन तयार |

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| | | आयोजनाहरुमा हालसम्म रु. २ अर्ब ९३ करोड खर्च भए पनि एकीकृत प्रतिवेदन तयार नगरेको, गुरुयोजना स्वीकृत नगराई रु. २ करोड ३९ लाख खर्च गरेको साथै ३१ जिल्लामा कार्यक्रम संचालन गर्न छनौट भएका गैरसरकारी संस्थाका लागि रु. २ करोड ७५ लाख भुक्तानी दिएको । | गर्न, गुरुयोजना स्वीकृत गरी लागू गर्न र सोको जानकारी समितिमा पेश गर्न निर्देशन दिने । |
| ४. | ७४ | **भेरिएसन खर्च** : मन्त्रालयले शुरु ठेक्का रकमको २ प्रतिशतभन्दा बढी हुने गरी काम गराई भुक्तानी हुने भएमा बढी परिमाणको भेरिएसन आदेश गारी गर्नुपर्नेमा नियम विपरित २ इकाईमा गरी रु. ५२ लाख भेरिएसन गरेको देखिएको । | नियम विपरित गरिएको भेरिएसन सम्वन्धमा छानविन गरी तीन महिनाभित्र समितिमा प्रतिवेदन पेश गर्न निर्देशन दिने । |
| ५. | १०१ | **हिमालको रोयल्टी** : मन्त्रालयको वातावरण संरक्षण कोषमा जनुपर्ने रु. ३५ लाख संघ आफैले खर्च गरी खर्चको लेखापरीक्षण प्रतिवेदन पेश नगरेको र असुल गरेको रोयल्टी खर्चको सम्बन्धमा मन्त्रालयबाट अनुगमन नभएको । | खर्च लेखेको सम्वन्धमा लेखापरीक्षण गराउन र मन्त्रालयबाट नियमित अनुगमन गर्न निर्देशन दिने । |
| ६. | १०८ | **बिल भरपाई बेगर खर्च** : मन्त्रालय र अन्तर्गतका १३ इकाईहरुले रु. १८ लाख बिल भरपाई बेगर खर्च लेखेकोले खर्च लेख्नेलाई जिम्मेवार बनाउनु पर्ने । | बिल भरपाई बेगर खर्च लेख्ने पदाधिकारीलाई कानूनी कारवाही गर्न र सो सम्वन्धमा छानविन गरी समितिमा प्रतिवेदन पेश गर्न निर्देशन दिने । |
| ७. | ११९ | **व्यवसायीलाई सुविधा** : | |
| | ११९.१ | वन क्षेत्र लिजमा दिदा केवलकार व्यवसायीलाई कम दरमा जग्गा लिजमा दिने कार्यले राज्यलाई नोक्सानी हुने भएकोले यसको छानविन | चन्द्रागिरी डाँडाको ३६ हेक्टर वन क्षेत्र न्यून रकममा लिजमा उपलब्ध गराएको र सम्झौताका सर्तहरु समेत पालना नगरी पुरातत्व विभागको |

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| | | हुनुपर्ने । | स्वीकृति बेगर निर्माण कार्यहरु गरेको सम्वन्मा विस्तृत छानविन गरी तीन महिनाभित्र समितिमा प्रतिवेदन पेश गर्न निर्देशन दिने । |
| ८. | १२२ | **वन अतिक्रमण** : राष्ट्रिय वन र निकुञ्ज तथा आरक्षको वन क्षेत्र अतिक्रमण गरी घर टहरा निर्माण गरेकोले अतिक्रमित क्षेत्र हटाउन वार्षिक करोडौ रकम खर्च भएता पनि निर्धारण गरेको लक्ष्य न्यून रहेको र हटाउने कार्यमा उल्लेख्य प्रगति नभएको । | सुझाव अनुसार गर्न निर्देशन दिने । |
| ९. | १२३ | **वन क्षेत्रको प्रयोग** : मन्त्रिपरिषद्को निणर्यानुसार वन क्षेत्रको १४ हजार २८ हेक्टर जग्गा विभिन्न ३४७ संघ संस्थालाई उपलब्ध गराएकोमा वन क्षेत्रको जग्गा अन्य प्रयोजनका लागि उपलब्ध गराउने कार्यविधि, २०६३ बमोजिम वृक्षारोपण नगरेको पाइएन, वन विभागले यसरी उपलब्ध गराएको जग्गाको अभिलेख पनि व्यवस्थित किसिमले राखेको नपाइएन । | विभिन्न संघ संस्थालाई उपलब्ध गराएको वन क्षेत्रको सम्वन्धमा अभिलेख व्यवस्थित गर्न निर्देशन दिने । |
| १०. | १२४ | **काठ मौज्दात** : तराई तथा भित्रीमधेश स्थित २६ जिल्लाका जिल्ला वन कार्यालय, दि टिम्बर कर्पोरेसन र वन पैदावार आपूर्ति समितिको काठको मौज्दात गतवर्ष १९ लाख ७३ हजार घनफिट रहेकोमा यस वर्ष ६ लाख ३३ हजार जिम्मेवारी सारेबाट १३ लाख ४० हजार घनफिट काठ घटी जिम्मेवारी देखाएको, विभागले २०६६।६७ देखि मौज्दात सार्ने क्रममा गलत काठ मौज्दात समावेश भएको उल्लेख गरेको, आर्थिक वर्ष २०७१।७२ को लिलामको औषत मूल्य प्रति घन | घटी मौज्दात देखाएको सम्वन्धमा छानविन गरी तीन महिनाभित्र समितिमा प्रतिवेदन पेश गर्न निर्देशन दिने । |

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| | | फिट रु.८५९।- लाई आधार मान्दा १३ लाख ४० हजार घनफिट काठको रु.१ अर्ब १५ करोड घटी मौज्दात सारेको देखिएकोले छानबिन हुनुपर्ने । | |
| ११. | १२५ | **वन दस्तुर :** जिल्ला वन कार्यालय, काठमाडौं र सुनसरीले पर्यापर्यटन वनजन्य उद्योग आदिको लागि ९ व्यवसायीलाई ३१८.७७ हेक्टर वन क्षेत्र उपलब्ध गराएकोमा वन निमायवली, २०५० बमोजिम लाग्ने दस्तुर रु.१६ लाख २ हजार असुल नगरेकोले उक्त दस्तुर यथाशीघ्र असुल गर्नुपर्ने । | एक महिनाभित्र नियम बमोजिम लाग्ने दस्तुर असुल उपर गरी समितिलाई जानकारी गराउन निर्देशन दिने । |
| १२. | १२६ | **खोटो संकलन :** | |
| | १२६.१ | खोटो सङ्कलनका लागि कैलाली स्थित एक प्रा.लि.सँग प्रतिस्पर्धा बेगर सीधै १० वर्षको लागि सम्झौता गरेकोमा सो सम्झौताको म्याद २०७३।११।१४ मा सकिएकोमा पुनः ७ वर्ष थप गरेको, सम्झौताबमोजिम सङ्कलनकर्ताले टेपिङ्ग गर्न पाएका क्षेत्रमा आगलागी हुन नदिने व्यवस्था गर्ने, वातावरण प्रभाव मूल्याङ्कन प्रतिवेदन तयार गरी स्वीकृतिको लागि पेस गर्नुपर्ने, जिल्ला वन कार्यालयले सम्झौताअनुसार गरेको कामहरुको वर्षमा कम्तीमा दुई पटक अनुगमन गरी प्रतिवेदन पेस गर्नुपर्ने उल्लेख गरेपनि ती काम भएका छैनन् । अतः सम्झौताको पालना हुनुपर्दछ । | सुझाव अनुसार गर्न निर्देशन दिने । |
| १३. | १२६.२ | प्रतिस्पर्धात्मक तरिकाले खोटो सङ्कलन कार्य नभएको कारण सबै | रोयल्टी दस्तुर सम्वन्धमा पुनरावलोकन गरी लागू गर्न निर्देशन दिने । |

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| | | व्यवसायीले रु. ८/- प्रति के.जी.का दरले रोयल्टी बुझाएका छन् । जुन दर समय सापेक्ष रुपमा पुनरावलोकन हुनुपर्ने । | |
| | १२६.३ | खोटो सङ्कलन निर्देशिकाअनुसार प्रति हेक्टर न्यूनतम ५ माउ रुख रहनुपर्ने, ती माउ रुखको छाती ३० से.मी.भन्दा बढी व्यास भएको हुनुपर्ने व्यवस्था छ । रुखको क्षमताअनुसार ताछेर खोटो निकाल्नुपर्नेमा सल्फुरिक एसिडको मात्रा बढाई एकै पटक बढी खोटो सङ्कलन गरी रुखमा रोग लागेको कारणले काठ समेत सडी भुसमा परिणत भएको पाइएकोले अनुगमन गरी उल्लिखित अवस्थामा सुधार गर्नुपर्ने । | सुझाव अनुसार गर्न निर्देशन दिने । |
| १४. | १४७ | **मन्त्रिपरिषद्को नीतिगत निर्णय कार्यान्वयन :** | |
| | १४७.२ | विभिन्न निकायहरु बीच नीतिगत निर्णयहरु कार्यान्वयनका लागि समन्वय संयन्त्र स्थापित नहुँदा कार्य सम्पादनममा ढिलाई भई आयोजना कार्यान्वयनमा असर पुग्ने, खर्च बढ्ने र भौतिक प्रगति न्यून हुने देखिएको । | सुझाव अनुसार गर्न निर्देशन दिने । |
| | १४७.६ | वन ऐन, २०४९ को दफा ६८(१) मा राष्ट्रिय प्राथमिकता प्राप्त योजना सञ्चालन गर्न वातावरणमा उल्लेखनीय प्रतिकूल असर नपर्ने भएमा वनको कुनै भाग प्रयोग गर्न स्वीकृति दिनसक्ने व्यवस्था भएअनुसार आयोजनाहरुलाई वनक्षेत्र प्रयोग गर्न दिदा वातावरणीय प्रभाव न्यूनीकरणको उपाय, वातावरणीय व्यवस्थापन योजना पालना, आयोजनाले ओगटेको क्षेत्रफल बराबर सट्टा भर्ना हुने गरी निजी जग्गा खरिद गरिदिने, हटाइएको रुखको १:२५ अनुपातका दरले वृक्षरोपण | अनुगमनबाट दिइएका सुझावहरुको कार्यान्वयन गर्न निर्देशन दिने । |

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| | | गर्ने र सोको अनुगमन समितिबाट हुने भनिए पनि अनुगमन प्रभावकारी नदेखिएको, मध्यमाञ्चल क्षेत्रीय वन निर्देशनालयले हेटौंडा-बर्दघाट २२० के.भी., एक हाइडेपावर र एक दर्शन प्रा.लि.लाई दिएको भोगाधिकार सम्बन्धमा अनुगमन गरी दिएको सुझावमा कुनै कारबाही नभएको । | |
| १५. | १४८ | **सन्धी सम्झौता कार्यान्वयन :** | |
| | १४८.२ | महासन्धिको प्रावधान अनुसार जलवायु परिवर्तनबाट परेको प्रभाव न्यूनीकरण गर्न र त्यसमा अनुकुलन हासिल गर्न प्राप्त भएको सहयोग रकम पूर्ण क्षमताका साथ खर्च हुन सकेको, अन्तर्राष्ट्रिय सन्धि सम्झौता लामो समयसम्म अनुमोदन नहुने, अनुमोदन भएका सन्धिको प्रावधानअनुरुप कार्यान्वयन नहुने, सन्धि प्रशासन गर्ने अन्तर्राष्ट्रिय निकायसँगको समन्वयको अभावमा प्राप्त हुनसक्ने प्राविधिक सहयोग उपयोग हुन नसक्ने तथा सन्धिको प्रावधान वमोजिम तयार गर्नुपर्ने आवधिक तथा निर्धारित प्रतिवेदन समयमै नवन्ने जस्ता अवस्था देखिएकोले सुधार गर्नुपर्दछ । | सुझाव अनुसार गर्न निर्देशन दिने । |
| १६. | १८७ | **चिरान ज्याला तथा मौज्दात :** द टिम्बर कर्पोरेसन अफ नेपालले चिरानको काम नगरेको आपूर्तिकर्तालाई बोलपत्रमा प्रकाशित परिमाणभन्दा न्यून परिमाणको ठेक्का सम्झौता गरी रु.४४ लाख चिरान ज्याला भुक्तानी गरेको, पशुपति लगायत ४ डिपोमा ७ हजार १०० क्विन्टल दाउरा बिक्रीको हुने रु.१ करोड ७ लाख गणनामा घटी देखिएकोमा छानबिन हुनुपर्ने । | बोलपत्रमा प्रकाशित परिमाणभन्दा न्यून परिमाणको ठेक्का सम्झौता गरी भुक्तानी दिने र डिपोमा हुने दाउरा बिक्री सम्वन्मा घटी रकम देखाएको सम्वन्धमा छानविन गरी तीन महिनाभित्रि समितिमा प्रतिवेदन पेश गर्न निर्देशन दिने । |

# प्रतिनिधि सभा
# सार्वजनिक लेखा समिति
# बेरुजु छलफल उपसमिति
# वन तथा वातावरण मन्त्रालय
## महालेखापरीक्षकको ५६औं वार्षिक प्रतिवेदन, २०७४/०७५ उपर भएको छलफलको मिति २०७६/११/१४ र १५ का निर्णयहरु

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| १. | १ | **योजना कार्यान्वयन :** वनजन्य क्रियाकलापबाट २०७४/०७५ मा ४ लाख श्रमदिन रोजगारी सिर्जना गर्ने उल्लेख भएकोमा २९ हजार ७ सय २६ श्रम दिन मात्र रोजगारी सिर्जना भएको, जोखिममा परेको प्रणालीको संरक्षण गर्ने लक्ष्य रहेकोमा ती कार्य नभएको, भुकम्पबाट ध्वस्त संरचनाको लक्ष्य अनुसार पुनर्निर्माण नभएको । | आवधिक योजनाको लक्ष्य अनुरुप कार्यक्रम तथा बजेटको व्यवस्थापन गरी प्रभावकारी रुपमा कार्यक्रम कार्यान्वयन गर्न निर्देशन दिने । |
| २. | २ | **बजेट कार्यान्वयन :** आर्थिक वर्ष २०७४/०७५ को बजेटमा उल्लिखित बिरुवा उत्पादन खरिद र वितरण गर्ने कार्यको ८१.५% मात्र उपलब्धी भएको, समुदायमा आधारित वन व्यवस्थापनबाट २६ लाख ४९ हजार घरधुरी लावान्वित हुने अपेक्षा गरेकोमा अभिलेख अध्यावधिक नगरेको । | स्वीकृत बजेट तथा कार्यक्रम अनुसार बिरुवा उत्पादन खरिद र वितरण तथा रोपण भएका बिरुवाको संरक्षण सम्बन्धमा आवश्यक व्यवस्था गरी वन व्यवस्थापनबाट प्राप्त उपलब्धीका सम्बन्धमा अभिलेख अध्यावधिक गर्न निर्देशन दिने । |
| ३. | ३ | **संगठन संरचना :** संघ, प्रदेश र स्थानीय तहले वन तथा वातावरण सम्वन्धी कार्य सम्पादन गर्दा दोहोरो नपर्ने गरी कार्यान्वयन गर्नुपर्ने । | सुझाव अनुसार गर्न निर्देशन दिने । |
| ४. | ४ | **काठको मूल्य निर्धारण :** वन नियमावली, २०५१ बमोजिम काठको बिक्री मूल्य बजार मुल्यसँग तादम्यता हुने गरी समय सापेक्ष रुपमा निर्धारण हुनुपर्ने | काठको बिक्री मुल्य बजार मुल्यसँग तादम्यता हुने गरी समय सापेक्ष रुपमा मुल्य निर्धारण गर्न निर्देशन दिने । |

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| | | । | |
| ५. | ५ | **भूकम्प पीडितलाई काठ वितरण :** भूकम्प पीडितलाई काठ वितरण गर्न टिम्वर कर्पोरेशनलाई १ लाख ५५ हजार ३ सय २८ घन फिट काठ उपलब्ध गराएकोमा उक्त काठ वितरणको अभिलेख राखी उपयोगको अवस्था यकिन गर्नुपर्ने । | सुझाव अनुसार गर्न निर्देशन दिने । |
| ६. | ६ | **वन अतिक्रमण :** अतिक्रमित वन क्षेत्र मुक्त गर्न प्रभावकारी कदम चाल्नुपर्ने। | सुझाव अनुसार गर्न निर्देशन दिने । |
| ७. | ७ | **वन क्षेत्रको प्रयोग :** वन क्षेत्रबाट २०७१ सालसम्ममा हटाउनु पर्ने रुख संख्या उल्लेख नभएको, ७ लाख ४ हजार रुख हटाउनु पर्नेमा हटाएको संख्यात्मक विवरण पेश नभएको, हटाउने रुखको १:२५ को दरले १ करोड ७६ लाख बिरुवा रोपण गर्नुपर्नेमा १५ निकायले १०१ हेक्टरमा मात्र गरेको, ५१६ मध्ये ४७५ निकायले राजस्व नबुझाएकोले राजस्व असुल गरी वृक्षारोपण गराउनु पर्ने । | तीन महिनाभित्र राजस्व असुल गरी गराई रुख कटान तथा वृक्षारोपण सम्बन्धमा अनुगमन गरी समितिमा अध्यावधिक प्रतिवेदन पेश गर्न निर्देशन दिने । |
| ८. | ८ | **सामुदायिक वन :** २२ हजार २२६ सामुदायिक वनमा संलग्न २९ लाख ८ हजार घरधुरीलाई २२ लाख ३८ हजार हेक्टर वन क्षेत्र हस्तान्तरण गरेकोमा हस्तान्तरित सामुदायिक वनबाट कार्ययोजनामा स्वीकृत कटान परिमाण, वास्तविक कटान परिमाण, आन्तरिक खपत, बिक्री र मौज्दातको परिमाण खुल्ने गरी काठ दाउराको केन्द्रीय अभिलेख नराखेको । | सामुदायिक वनको जिल्लागत अभिलेख तयार गरी गराई नियमित अध्यावधिक गर्न निर्देशन दिने । |
| ९. | ९ | **लेखापरीक्षण :** | |
| | ९.१ | वन तथा वातावरण मन्त्रालय र मातहतमा १६ निकायमा कार्यक्रम संचालन गर्न रु. २ करोड ८८ लाख ९४ हजार प्राविधिक सहायता प्राप्त हुने उल्लेख | प्राप्त भएको प्राविधिक सहायताको खर्च सम्वन्धमा लेखापरीक्षण गरी गराई समितिलाई जानकारी गराउन निर्देशन दिने । |

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| | | भएकोमा प्राप्ति र उपयोगको विवरण सहितको स्रेस्ता पेश गरी लेखापरीक्षण नगराएको । | |
| | ९.२ | जिल्ला वन कार्यालय रुपन्देही र ढोरपाटन शिकार आरक्षको रु. ४ करोड ९ लाख ५३ हजारको स्रेस्ता लेखापरीक्षणको लागि पेश नगरेको । | तीन महिनाभित्र लेखापरीक्षण गरी गराई सोको जानकारी समितिमा पेश गर्न निर्देशन दिने । |
| **वातावरण मन्त्रालयतर्फ** | | | |
| १०. | १० | **वातावरणीय प्रभाव मूल्यांकन :** विभिन्न मन्लायबाट **EIA** प्रतिवेदन स्वीकृतिको लागि पेश भएको ४० प्रस्ताव मध्ये मन्त्रालयले ३२ प्रस्ताव स्वीकृत गरेको, सोको अभिलेख विगतदेखि नराखेको, समयमा निर्णय नगर्दा सडक, सिंचाई, विद्युत, खानेपानी, भवन निर्माण लगायतको निर्माणमा ढिलाई भएको । | सुझाव अनुसार गर्न निर्देशन दिने । |
| ११. | ११ | **प्रदूषण नियन्त्रण शुल्क :** आर्थिक ऐन, २०६४ बमोजिम काठमाडौं उपत्यका भित्र बिक्री वितरण गर्ने पेट्रोल तथा डिजेलमा प्रदूषण शुल्क असुल गरी छुट्टै कोषमा जम्मा गरेर वातावरण संरक्षणको क्षेत्रमा खर्च गर्नुपर्नेमा उठेको रकम संचित कोष दाखिला गरेको । | प्रदूषण नियन्त्रण शुल्कलाई छुट्टै कोषमा राखी प्रदूषण नियन्त्रण एवं रोकथाम गर्ने कार्यमा खर्च गर्ने व्यवस्था गर्न निर्देशन दिने । |
| १२. | १२ | **निष्क्रिय मौज्दात :** मन्त्रालयको वातावरण संरक्षण कोषमा मौज्दात रहेको रु. ३ करोड १५ लाख ९७ हजार प्रदूषण रोकथाम र नियन्त्रणमा खर्च नभई मौज्दात रहेको हुँदा राजस्व दाखिला गर्नुपर्ने । | मौज्दात रहेको रकम राजस्व दाखिला भैसकेकोले बेरुजु लगत हटाउने । |
| **वातावरण विभाग :** | | | |
| १३. | १३ | **वायु प्रदूषण :** वायु प्रदूषण बढ्दै गएकोले प्रदूषण नियन्त्रण गर्न रणनैतिक योजना र कार्ययोजना बनाई कार्यान्वयन गर्नुपर्ने । | सुझाव अनुसार गर्न निर्देशन दिने । |
| १४. | १४ | **मापदण्ड र निर्देशिका :** वातावरण विभागले वातावरण संरक्षण नमूना संकलन, | ऐन तथा नियमावली अनुरुप वातावरण प्रदूषण नियन्त्रण नियमन |

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| | | नेपाल मापदण्ड निर्धारण, वातावरण प्रदूषण, क्षतिपूर्ति निर्धारण, नियन्त्रण, नियमन जस्ता कार्य गर्न निर्देशिका नबनाएको । | लगायतका विषयमा आवश्यक मापदण्ड निर्देशिका निर्धारण गरी कार्यान्वयनमा ल्याउन निर्देशन दिने । |
| **वन विभाग :** | | | |
| १५. | १५ | **काठ व्यवस्थापन :** | |
| | १५.१ | अघिल्लो वर्षको अन्तमा १३ लाख ८ हजार ६६४ घनफिट काठ र १०७० चट्टा दाउरा बाँकी देखाएकोमा यो वर्ष ४ लाख ५३ हजार ९१७ घनफिट काठ र २४३ चट्टा दाउरा घटी जिम्मबारी देखाएकोले छानविन हुनुपर्ने । | घटी जिम्मेवारी देखाएको सम्वन्धमा तीन महिनाभित्र छानविन गरी समितिमा प्रतिवेदन पेश गर्न निर्देशन दिने । |
| | १५.२ | मौज्दात काठको ग्रेड नखुलाउने, समयमै लिलाम बिक्री नगर्ने जस्ता कारणले काठको गुणस्तरमा ह्रास आई राजस्व संकलनमा नोक्सानी हुने देखिएको । | मौज्दात रहेका काठको ग्रेड खुलाई समयमै लिलाम बिक्री गराई त्यसको अध्यावधिक विवरण समितिमा पेश गर्न निर्देशन दिने । |
| | १५.३ | ढलापडा रुखको समयमै उचित व्यवस्थापन गरी काठ आयातमा कमी गर्न, काठको उपयोग बढाउन र राजस्व संकलनमा वृद्धि गर्न संकलित मौज्दात काठ समयमा बिक्री गर्ने व्यवस्था मिलाउनु पर्ने । | सुझाव अनुसार गर्न निर्देशन दिने । |
| | १५.४ | १२९ हेक्टरमा वृक्षारोपण गर्ने लक्ष्य रहेकोमा ३४.६० हेक्टरमा वृक्षारोपण गरेको, दिगो वन व्यवस्थापनमा ध्यान नदिइएको, विभिन्न जातका गोलिया काठ ७७०५ घनफिट, पोल ३ हजार ८ सय ८८ घनफिट र दाउरा ५.५० चट्टा समेत करिव रु. १ करोड १३ लाखको काठ हिनामिना भएकोमा सम्वन्धित पदाधिकारीलाई जिम्मेवार बनाउनु पर्ने विषय विगतमा उल्लेख भएकोमा सोको कार्यान्वयन हुनुपर्ने । | वन विकास परियोजना लक्ष्य अनुसार प्रभावकारी रुपमा संचालन गर्न र काठ हिनामिना भएको सम्वन्धमा तीन महिनाभित्र छानविन गरी समितिमा प्रतिवेदन पेश गर्न र दोषी पदाधिकारीलाई कारवाही गर्न निर्देशन दिने । |
| १६. | १६ | **बिरुवा उत्पादन तथा वृक्षारोपण :** विगत १० वर्षमा सरकारी निकायबाट १४ करोड ४५ लाख १९ हजार बिरुवा उत्पादन गरेको, २०% मृत्युदर कट्टा गर्दा | जिल्लागत रुपमा वृक्षारोपण गरिएका क्षेत्रहरुको नियमित अनुगमन गरी बिरुवा संरक्षण सम्वन्धमा नियमित रुपले अध्यावधिक विवरण |

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| | | ७२ हजार २५९ हेक्टर वृक्षारोपण हुने देखिन्छ तर वृक्षारोपण सम्वन्धमा अनुगमन नगरेकोले बिरुवाको उपयोग सुनिश्चित नभएको । | तयार गर्न निर्देशन दिने । |
| १७. | १७ | **काठ दाउरा उत्पादन** : यो वर्ष ३० लाख घनफिट काठ र ३ हजार ५ सय चट्टा दाउरा उत्पादन गर्ने लक्ष्य निर्धारण भएकोमा ११ लाख ३ हजार -(३९.१%) घनफिट काठ र १ हजार ५ सय २९ (४३.६८%) चट्टा दाउरा उत्पादन भएबाट वन क्षेत्रबाट लक्ष्य अनुरुप उत्पादन हुन नसकेको। | आवश्यक बजेट तथा जनशक्तिको व्यवस्था गरी कार्ययोजना बनाई वन क्षेत्रबाट लक्ष्य अनुरुप काठ दाउरा उत्पाद गर्न निर्देशन दिने । |
| | १७.१ | यो वर्ष २२ लाख ३८ हजार हेक्टर वन क्षेत्र हस्तान्तण भएकोमा सो क्षेत्रको सदुपयोग गर्ने गरी वैज्ञानिक वन व्यवस्थापन कार्यक्रम कार्यान्वियन गरिनुपर्ने । | समुदायलाई हस्तान्तरण भएको वनको संरक्षण तथा वन पैदावारको उत्पादन सम्वन्धमा दिगो वन विकास कार्यक्रम लागू गरी आवश्यक व्यवस्थापन गर्न निर्देशन दिने । |
| | १७.२ | वैज्ञानिक वन व्यवस्थापन कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वय नभएको । | वन व्यवस्थापनको लागि उपयुक्त कार्यक्रम तय गरी आवश्यक नीति निर्माण गरी व्यवस्थापन गर्न निर्देशन दिने । |
| | १७.३ | सात जिल्लाको १४ हजार ५ सय ७२ हेक्टर चक्ला वनको वैज्ञानिक व्यवस्थापन गरी वार्षिक रु. २७ करोड ११ लाख राजस्व आम्दानी गर्ने र ६ लाख ३४ हजारलाई रोजगारी दिने लक्ष्य निर्धारण गरे पनि प्रगति हासिल नभएको । | वन व्यवस्थापन सम्वन्धमा उपयुक्त नीतिगत व्यवस्था गरी वन पैदावारको सदुपयोग गर्ने गराउने कार्य अघि बढाउन निर्देशन दिने। |
| १८. | १८ | **काठ उत्पादन आयात र बिक्री** : विभागले अनुमानित माग र आवश्यकताको पहिचान गरी उत्पादन, आयात र मौज्दात व्यवस्थापन नगरेको । | अनुमानित माग र आवश्यकताको पहिचान गरी उत्पादन, आयात र मौज्दात व्यवस्थापन गर्न निर्देशन दिने । |
| | १८.१ | विभागले काठ आयात अनुमति दिदा आवश्यक विश्लेषण नगरेको, वन क्षेत्रमा १० लाख ९४ हजार घनफिट काठ वचत रहेकोमा सोको उपयोगको सुनिश्चतता नगरी आयात इजाजत दिने गरेको । | वचत रहेको काठको आँकलन गरी आवश्यकता विश्लेषण गरेर मात्र काठ आयातको अनुमति दिन निर्देशन दिने । |

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| | १८.२ | तोकिएको ढाँचामा वन कार्ययोजना तयार नगरेको । | तोकिएको ढाँचामा वन कार्ययोजना तयार गरी मन्त्रालयबाट स्वीकृत गराएर मात्र कार्यान्वयनमा ल्याउन निर्देशन दिने । |
| १९. | १९ | **खोटो संकलन :** २०६३/१०/१४ मा १० वर्षको करार सम्झौता गरे अनुरुप बैतडी, डोटी, अछाम र डडेल्धुराको राष्ट्रिय तथा सामुदायिक वनमा १० कम्पनीले खोटो संकलन गर्दै आएकोमा त्यसको अनुगमन नभएको, रुखको अवस्थाको अभिलेख नराखेको र वातावरणीय प्रभाव मूल्यांकन नगरेको । | खोटो संकलन सम्वन्धमा तीन महिनाभित्र स्थिति प्रतिवेदन तयार गरी समितिमा पेश गर्न र अनियमितता भएको पाइएमा कारवाही गर्न निर्देशन दिने । |
| २०. | २० | **मापदण्ड :** निर्धारित मापदण्ड विपरित खोटो संकलन कार्य गरेको । | अनियमितता गर्ने संस्थालाई कारवाही गरी तीन महिनाभित्र समितिमा जानकारी दिन निर्देशन दिने । |
| २१. | २१ | **वन पैदावारको बिक्रीदर :** जिल्ला वन कार्यालय, काठमाडौं र मुगुले बजार मुल्यको बेवास्ता गरी वन पैदावारको न्यून बिक्रीदर कायम गरेको । | अब आइन्दा बजार मुल्यलाई आधार लिई वन पैदावारको बिक्रीदर कायम गर्न निर्देशन दिने । |
| २२. | २२ | **वन क्षेत्रको आय :** | |
| | २२.१ | वन क्षेत्रको लगानी वृद्धि भएता पनि वन क्षेत्रबाट प्राप्त हुनु पर्ने आम्दानी विगत वर्षमा घटेको र हाल १५% रहेको । | वन क्षेत्रबाट आम्दानी वृद्धि गर्न उपयुक्त नीति निर्धारण गरी दिगो रुपमा वन व्यवस्थापन गर्न निर्देशन दिने । |
| | २२.२ | यो वर्ष ५३ जिल्लामा जडिबुटी विकास कार्यक्रमका लागि रु. २८ करोड २० लाख विनियोजन भएकोमा रु. १७ करोड ४५ लाख मात्र खर्च भएको, जडिबुटीको आय वृद्धि गर्न गुरुयोजना नबनाएको । | जडिबुटीको समुचित विकासको लागि पकेट क्षेत्रको पहिचान र विकास गरी आय वृद्धि गर्न गुरुयोजना तयार गरी विनियोजित रकम खर्च गर्ने व्यवस्था गर्न निर्देशन दिने । |
| | २२.३ | कार्वन व्यापारबाट सन् २०२३ सम्ममा लाभ लिन सक्ने गरी कार्यक्रम तय गरेकोमा यो वर्ष १४ कार्यक्रमको प्रगति शुन्य रहेको । | विद्यमान कानूनको समयानुकूल परिमार्जन गरी आवश्यक बजेट तथा कार्यक्रम सहित दक्ष जनशक्तिको व्यवस्था गरेर अपेक्षित आम्दानी प्राप्त गर्न निर्देशन दिने । |
| | २२.४ | अन्य निकाय संस्थालाई उपलब्ध गराएको जग्गाको रोयल्टी रु. २७ लाख | एक महिनाभित्र ब्याजसहित रोयल्टी असुलउपर गरी गराई समितिलाई |

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| | | ५० हजार ब्याज सहित असुल गर्नुपर्ने । | जानकारी गराउन निर्देशन दिने । |
| २३. | २३ | **राजस्व दाखिला :** जिल्ला वन कार्यालय जाजरकोट, दाङ र गोरखा समेत १७ ले काठ बिक्री वापत रु. ९ करोड ३१ लाख ३६ हजार विविध खातामा राखेको राजस्व खातामा दाखिला गर्नुपर्ने । | एक महिनाभित्र काठ बिक्री वापतको रकम राजस्व दाखिला गरी समितिलाई जानकारी गराउन निर्देशन दिने । |
| २४. | २४ | **वित्तीय विवरण :** जिल्ला वन कार्यालय तेह्रथुम, बारा, कैलाली र सुर्खेतले वित्तीय विवरणमा काठको मुल्य समावेश नगरेको । | अब आइन्दा मौज्दात रहेका काठ दाउराको मुल्य निर्धारण गरी वित्तीय विवरणमा समावेश गर्न निर्देशन दिने । |
| २५. | २५ | **द्रुत मार्गका काठ :** निजगढ काठमाडौं द्रुत मार्गमा पर्ने सामुदायिक वनको २८ हजार ९ सय ५१ क्यू फिट काठ र ८२ चट्टा दाउरा तथा सरकारी वनतर्फ ९ लाख ४० हजार काठ र १७ चट्टा दाउरा विगत एक वर्षदेखि किनारामा राखेको । | काटिएका काठ तथा दाउरालाई तीन महिनाभित्र लिलाम बिक्री गरी गराई समितिलाई जानकारी गराउन निर्देशन दिने । |
| २६. | २६ | **रुख कटान हिसाव :** द्रुत मार्गको वन क्षेत्रमा गरिएको कटान सम्वन्धमा नेपाली सेनाले देखाएको र वन विभागले देखाएको अभिलेखमा कटान गर्नुपर्ने रुखको संख्या भिडेको छैन, सोको यकिन गर्नुपर्ने । | द्रुत मार्ग आयोजनासँग समन्वय गरी कटान गर्नुपर्ने रुखहरुको यकिन गर्न र काटेको रुखको लिलाम बिक्री समयमै गरी व्यवस्थापन गर्न निर्देशन दिने । |
| | २६.१ | द्रुत मार्गमा कटान भएका रुख र घाटगद्दी गरिएका काठ र दाउराको लगत यकिन गरी मुचुल्का बनाई काठको अभिलेख एवं गणना नगरेको । | सुझाव अनुसार गर्न निर्देशन दिने । |
| | २६.२ | राष्ट्रिय गौरवको आयोजनामा कटान भएका सामुदायिक वनका काठहरु ५०% भुकम्प पीडितलाई उपलब्ध नगराएको । | भुकम्प पीडितलाई प्राथमिकतामा राखी काठ उपलब्ध गराउन निर्देशन दिने । |
| २७. | २७ | **कार्यक्रम बेगर सम्झौता :** स्वीकृत कार्यक्रम र बजेट नै नभएको अवस्थामा भवज निर्माणको लागि रु. ४५ लाख ३२ हजारमा सम्झौता गरी रु. ८ लाख कार्य संचालन कोषबाट मोविलाइजेसन पेश्की दिएको । | स्वीकृत कार्यक्रम र बजेट बेगर भवन निर्माण सम्झौता गर्ने पदाधिकारीलाई कानूनी कारवाही गरी एक महिनाभित्र समितिलाई जानकारी गराउने । |

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| २८. | २८ | **सामान मौज्दात :** आर्थिक वर्षको अन्त्यमा खरिद गरी उपयोगमा नल्याएको मोवाइल १०० थान, ल्यापटप ११ थान, ट्यावलेट ८ थानको रु. ३९ लाख ५० हजार खर्च लेख्ने पदाधिकारीलाई जिम्मेवार बनाउनु पर्ने । | खरिद कार्यको छानविन गरी दोषी पदाधिकारीलाई कारवाही गर्न र सोको जानकारी समितिलाई दिन निर्देशन दिने । |
| २९. | २९ | **काठको उपयोग :** जिल्ला वन कार्यालय रसुवाको ठिङ्गुरे र गोभ्रे सल्लाका काठ तथा दाउरा आगलागीका कारण कटान गरिएको भए पनि उपयोगमा नआएको । | तीन महिनाभित्र काठ दाउराको स्थिति अध्ययन गरी तत्काल उपयोगमा ल्याउन र समितिमा प्रतिवेदन पेश गर्न निर्देशन दिने । |
| ३०. | ३० | **धरौटी :** जिल्ला वन कार्यालय मोरङले पेश गरेको गोश्वारा धरौटी खातामा देखाएको मौज्दात भन्दा आर्थिक विवरणमा देखाएको मौज्दात रु. २७ लाख २३ हजार घटी भएकोले छानविन गरी यकिन गर्नुपर्ने । | एक महिनाभित्र छानविन गरी समितिलाई जानकारी दिन निर्देशन दिने । |
| ३१. | ३१ | **अमानत :** जिल्ला वन कार्यालय मोरङले रु. १ लाखभन्दा बढी रकमको ३६ वटा काम अमानतबाट गरी रु. २ करोड ५४ लाख खर्च देखाएको छानविन हुनपर्ने । | नियम विपरित अमानतबाट कार्य गराई खर्च लेखेको सम्वन्धमा एक महिनाभित्र छानविन गरी समितिमा प्रतिवेदन पेश गर्न निर्देशन दिने र सम्वन्धित पदाधिकारीलाई सचेत गराउने । |
| **राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग** | | | |
| ३२. | ३२ | **गुरुयोजना :** राष्ट्रिय प्राणी उद्यानको सर्भिस ट्रयाकको एलाइमेन्ट स्वीकृत नगरी २४५ हेक्टर वनको १४ कि.मी. साँध सिमाना छुट्टाउन ११ कि.मी. तारबार गर्ने लगायतका कार्य गरी रु. २ करोड ८० लाख खर्च गरे तापनि हालसम्म उक्त कार्य अधुरो रहेको । | गुरुयोजना तयार गरी अधुरो कार्यलाई समयमै सम्पन्न गर्न निर्देशन दिने । |
| ३३. | ३३ | **घटी राजस्व :** शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज क्षेत्रले ढुङ्गा गिट्टी बालुवाको रोयल्टी प्रति घनमिटर रु.११९/६० को दरले असुल गर्नुपर्नेमा रु.६०/- को दरले रु.३७ लाख ८८ हजार असुल गरेको देखियो । जनताको तटबन्ध | बुझाउन बाँकी रहेको राजस्व असुल गरी गराई समितिलाई जानकारी गराउन निर्देशन दिने । |

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| | | कार्यक्रमका एक निर्माण व्यवसायीले निकुञ्जभित्रबाट १९ हजार ३४६ घनमिटर ग्राभेल सङ्कलन गरी प्रति घनमिटर रु.११९/६० को दरले रु.२३ लाख १४ हजार रोयल्टी बुझाउनुपर्नेमा रु.११ लाख ६१ हजारमात्र बुझाएको देखिएकोले रु.११ लाख ५३ हजार असुल गर्नुपर्ने । | |
| ३४. | ३४ | **बक्यौता राजस्व :** लाङटाङ राष्ट्रिय निकुञ्ज, रसुवामा पहिलेदेखि सञ्चालनमा रहेका ५५ वटा होटल, लज तथा चिया पसलहरु यथावत् चलिरहेको स्थिति रहेको छ । प्रतिस्पर्धाको आधारमा सञ्चालन अनुमति दिइने व्यवस्थाको कार्यान्वयन नभएकोले कार्यालयले बक्यौता रहेको राजस्व रु.१ करोड ७१ लाख ५७ हजार असुल गर्नुपर्ने । | बक्यौता राजस्व सम्वन्धमा छानविन गरी असुल उपर गर्न गराउन र समितिमा जानकारी दिन निर्देशन दिने । |
| **भू तथा जलाधार संरक्षण विभाग** | | | |
| ३५. | ३५ | **शिरोभार खर्च :** पर्वतीय जलाधार संरक्षण आयोजना, अन्तर्गत भू-संरक्षण कार्यालय अछाम, बाजुरा, डोटी र बैतडीले मालसामान खरिदको लागि तयार गरेको लागत अनुमानमा १५ प्रतिशत ओभरहेड थप गरेको देखियो । नियमविपरीत लागत अनुमान स्वीकृत गरी आपूर्तकलाई रु.७५ लाख ४६ हजार ओभरहेड भुक्तानी भएको छ । नियमविपरीत लागत अनुमान तयार गरी खर्च लेख्ने पदाधिकारी र परामर्शदातालाई जिम्मेवार बनाई उक्त रकम असुल हुनुपर्दछ । | नियमविपरीत लागत अनुमान तयार गरी खर्च लेख्ने पदाधिकारी र परामर्शदातालाई सचेत गराउने र नियम विपरित भुक्तानी भएको रकम असुल उपर गर्न निर्देशन दिने । |
| ३६. | ३६ | **कार्य सम्पन्न प्रतिवेदन :** जिल्ला भू-संरक्षण कार्यालय, अछामले निर्माण भएको कार्यको कार्यसम्पन्न प्रतिवेदन, गुणस्तर परीक्षण प्रमाण र एज विल्ट नक्सा तयार नगरी रु.८ करोड ७३ लाख २३ हजार खर्च लेखेको नियमित | कार्यसम्पन्न प्रतिवेदन, गुणस्तर परीक्षण प्रमाण र एज विल्ट नक्सा पेश गर्न र अब आइन्दा भुक्तानी पूर्व आवश्यक कागजातहरु प्राप्त गरेपछि मात्र भुक्तानी गर्न निर्देशन दिने । |

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| | | देखिएन । | |
| **राष्ट्रिय निकुञ्ज तथा संरक्षित क्षेत्रको व्यवस्थापन** | | | |
| ३७. | ३७ | **निकुञ्ज व्यवस्थापन :** | |
| | ३७.१ | निकुञ्ज क्षेत्रमा घुम्न आउने पर्यटक/स्थानीय बासिन्दाबाट निष्काशन हुने फोहोरमैला व्यवस्थापन सम्बन्धमा कार्ययोजना नबनाएको । त्यसबाट वन्यजन्तु र निकुञ्ज क्षेत्र व्यवस्थापन प्रभावकारी हुन सकेको छैन । | फोहोरमैला व्यवस्थापन सम्वन्धमा कार्ययोजना बनाई वन्य जन्तु र निकुञ्ज क्षेत्र व्यवस्थापन प्रभावकारी बनाउन निर्देशन दिने । |
| | ३७.२ | १३ संरक्षण क्षेत्रमा व्यवस्थापन समिति गठन भएको मध्ये १२ समितिले एकरुपता हुने गरी कार्यविधि तयार नगरेकोले निकुञ्ज व्यवस्थापन समितिको कार्य प्रभावकारी देखिएको छैन । | सुझाव अनुसार कार्यविधि तय गरी व्यवस्थापन समितिको कार्यलाई प्रभावकारी बनाउन निर्देशन दिने । |
| | ३७.३ | २० संरक्षण क्षेत्रमध्ये चितवन राष्ट्रिय निकुञ्जले मात्र प्राणी अस्पताल स्थापना गरेको हुँदा लक्ष्य अनुसारको कार्य नभएको । | आवश्यकतानुसार संरक्षित क्षेत्रमा प्राणी अस्पताल स्थापन गरी व्यवस्थापन गर्न निर्देशन दिने । |
| ३८. | ३८ | **शिकार आरक्ष :** जंगलको अनुपातमा अधिक संख्यामा रहेका जीव र पन्छीहरु व्यवस्थापन गरी शिकार आरक्ष थप गरी आय व्यवस्थापन गर्न वैज्ञानिक सर्वेक्षण एवं वैकल्पिक व्यवस्थाहरुको अध्ययन गर्नुपर्दछ । | सुझाव अनुसार गर्न निर्देशन दिने । |
| ३९. | ३९ | **रोजगारी र आय :** यो वर्ष पर्यटकीय पूर्वाधारमा रु.१ करोड ९४ लाख, स्थानीय संस्कृति संरक्षण र संवर्द्धनमा रु. ५१ लाखसहित २० निकायबाट निकुञ्ज व्यावसायिक कार्यमा रु.१ अर्ब ५५ करोड खर्च गरेको छ भने निकुञ्जहरुबाट रु. ७० करोड राजस्व प्राप्त भएको छ । | रोजगारी र आयमा वृद्धि हुने सुनिश्चित गरी योजनावद्ध रुपमा पर्यटकीय पूर्वाधारमा लगानी गर्न निर्देशन दिने । |
| ४०. | ४० | **निकुञ्ज अतिक्रमण :** | |
| | ४०.१ | निकुञ्ज क्षेत्रको ३ हजार ८७६ हेक्टर वन अतिक्रमित भएको मध्ये मध्यवर्ती | ६ महिनाभित्र निकुञ्जको अतिक्रमित भएको क्षेत्रबाट बस्ती स्तान्तरण |

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| | | क्षेत्रमा ३ हजार ६९४ हेक्टर (९०.६ प्रतिशत) क्षेत्र अतिक्रमण भएको छ । यस आर्थिक वर्षमा २५ हेक्टरमात्र अतिक्रमण हटाए तापनि निकुञ्जभित्र रहेका बस्ती स्थानान्तरण नभएबाट वन्यजन्तुको प्राकृतिक वसोवास र आहार विहारमा असर परेको । | गरी गराई बन्यजन्तुको प्राकृतिक बसोबास र आहार बिहार व्यवस्थापन गरी समितिमा प्रतिवेदन पेश गर्न निर्देशन दिने। |
| | ४०.२ | वन्यजन्तुको चोरी निकासी र अवैध शिकार गर्ने पद्धतिले जीवजन्तुको अस्तित्वमा संकट पैदा भएकोले अतिक्रमण क्षेत्र हटाई निकुञ्ज व्यवस्थापन गरिनुपर्दछ । | सुझाव अनुसार गर्न निर्देशन दिने । |
| ४१. | ४१ | **मानव र वन्यजन्तु द्वन्द्व :** वन्यजन्तुबाट हुने क्षतिमा हालसम्म सरकारी निकायबाट क्षतिपूर्ति उपलब्ध गराए तापनि क्षति तथा द्वन्द्व न्यून गर्ने उपाय अबलम्वन गर्नुपर्ने । | सुझाव अनुसार गर्न निर्देशन दिने । |
| ४२. | ४२ | **निकुञ्जको जग्गा अन्य काममा प्रयोग :** ४ जलविद्युत आयोजनालाई उपलब्ध गराएको ५८ हेक्टर जग्गा शोधभर्ना गर्नुपर्नेमध्ये ४४ हेक्टरमा भौतिक संरचना निर्माण भएकोमा सो बराबरको जग्गा शोधभर्ना प्राप्त नभएको साथै अन्य कार्यमा प्रयोग भए बराबरको क्षेत्रमा वृक्षारोपण हुन नसकेको त्यस्तै अन्नपूर्ण संरक्षण क्षेत्रअन्तर्गत सार्वजनिक वन क्षेत्रमा अतिक्रमण गरी ११८ होटल सञ्चालन भएकोमा अतिक्रमण हटाउन कुनै प्रयास नभएकोले संरक्षित क्षेत्रले ओगटेको क्षेत्रफल, अतिक्रमण क्षेत्र भोगाधिकार दिएकोमा राजस्व असुली, अतिक्रमण हटाउन र लिजिङ व्यवस्था बमोजिम कानूनी दायरामा ल्याउनु पर्ने । | सुझाव अनुसार गर्न निर्देशन दिने । |
| ४३. | ४३ | **वन्यजन्तुको प्राकृतिक बाटो :** जनसंख्या एवं शहरीकरणले जंगल क्षेत्रमा भएको | वन्यजन्तुको प्राकृतिक बाटवको पहिचान व्यवस्थापन र संरक्षण गर्न |

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| | | बिनास र जंगल एक आपसमा नजोडिएको कारण बाटो मासिन गई वन्यजन्तुको परम्परागत आवतजावत प्रभावित भएको । | निर्देशन दिने । |
| ४४. | ४४ | **पर्यटन उद्योगबाट लाभ** : पर्यटकीय मनोरञ्जन, पूर्वाधार निर्माण, तालिम, आय आर्जन, दक्षता विकास, नयाँ प्रविधि क्षेत्रको खोज नहुँदा पर्यटकीय उद्योगबाट स्थानीय जनताले यथोचित लाभ प्राप्त गर्न नसकेको । | सुझाव अनुसार गर्न निर्देशन दिने । |
| **वैज्ञानिक वन व्यवस्थापन** | | | |
| ४५. | ४५ | **गार्हस्थ्य उत्पादनमा योगदान** : वैज्ञानिक वन व्यवस्थापन कार्यविधि, २०७१ बमोजिम वन क्षेत्रबाट वार्षिक १ खर्ब रुपैयाँ राजस्व सङ्कलन गर्न सकिने अनुमान गरे तापनि यो वर्ष रु.२ अर्ब (२ प्रतिशत) राजस्व सङ्कलन भएको देखिँदा कुल गार्हस्थ्य उत्पादनमा वन क्षेत्रको योगदान न्यून रहेकोले वैज्ञानिक वन व्यवस्थापनको आवधिक लक्ष्यसहितको कार्ययोजना बनाई प्रभावकारी कार्यान्वयन गर्नुपर्ने । | वन ऐन अनुरुप वन क्षेत्रको दिगो वन व्यवस्थापन कार्यक्रम निर्धारण गरी वन पैदावारको उपयोगलाई व्यवस्थापन गर्न निर्देशन दिने । |
| ४६. | ४६ | **कार्ययोजना** : वैज्ञानिक वन व्यवस्थापन कार्यविधि, २०७१ लागू भएपछि ३ वर्षमा रु.३७ करोड ६ लाख खर्च भएको स्थितिले वैज्ञानिक वन व्यवस्थापनको कार्यान्वयन स्थिति सुस्त रहेकोले उत्पादनशील वनको आवधिक लक्ष्य सहितको कार्ययोजना बनाई वैज्ञानिक वन व्यवस्थापनद्वारा अधिकतम लाभ लिन कार्यान्वयनमा दक्षता ल्याउनुपर्ने । | वन व्यवस्थापनद्वारा वन पैदावारबाट अधिकतम लाभ लिने र वनको दिगो संवर्द्धन र संरक्षण गर्ने कार्यमा दक्षता ल्याउन निर्देशन दिने । |
| ४७. | ४७ | **आय** : वन क्षेत्रको प्रभावकारी उपयोगका लागि वैज्ञानिक वन व्यवस्थापन कार्यक्रमलाई पूर्ण रुपमा लागू गर्दा वार्षिक रु.१ खर्ब राजस्व प्राप्त हुने प्रक्षेपण गरेकोमा २०६९/७० देखि २०७४/७५ सम्म वार्षिक औसत रु.१ अर्ब २२ | दिगो वन व्यवस्थापनबाट प्रक्षेपित आय प्राप्त हुने गरी दक्षतापूर्वक कार्यक्रम संचालन गर्न निर्देशन दिने । |

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| | | करोड (१.२२ प्रतिशत) मात्र प्राप्त भएको देखिएकोले वैज्ञानिक वन व्यवस्थापनबाट प्राप्त आय न्यून देखिएको । | |
| ४८. | ४८ | **लक्ष्य र उत्पादन :** कार्ययोजना अनुसार घटी वा बढी काठ उत्पादन हुनुको कारण पहिचान गरी सुधार गर्नुपर्ने । | वन व्यवस्थापनमा निर्धारित गरिएको लक्ष्य अनुसार उत्पादन सुनिश्चित हुने गरी वन व्यवस्थापन गर्न निर्देशन दिने । |
| ४९. | ४९ | **जग्गाको सट्टा भर्ना :** मन्त्रालयले वन क्षेत्रको जग्गा अन्य प्रयोजनका लागि दिएको सम्बन्धमा गरेको अनुगमन प्रतिवेदन, २०७५ अनुसार १६४ जलविद्युत आयोजना, २२ सिमेन्ट उद्योग, १९ पर्यापर्यटन उद्योगलाई क्रमशः ३ हजार २२३, ३९८.८५ र २१४.७४ हेक्टर जग्गा उपलब्ध गराएकोमा उक्त आयोजना र उद्योगले सट्टा जग्गा उपलव्ध नगराएको, वन क्षेत्रको दिगो विकासका लागि सट्टा जग्गा प्राप्त गरी वैज्ञानिक वन व्यवस्थापनको माध्यमद्धारा वन क्षेत्रको संरक्षण गर्नुपर्ने । | वन क्षेत्रको दिगो विकासका लागि सट्टा जग्गा प्राप्त गरी दिगो वन व्यवस्थापनको माध्यमद्धारा वन क्षेत्रको संरक्षण गर्न निर्देशन दिने। |
| ५०. | ५० | **पुनरोत्पादन :** वैज्ञानिक वन व्यवस्थापन कार्यक्रम लागू भएको वनको कटान क्षेत्रमा पुनरोत्पादन सुनिश्चितताका लागि माउ रुख संरक्षण र पुनरोत्पादन भए नभएको सम्बन्धमा अध्ययन अनुसन्धान गर्नुपर्ने । | सुझाव अनुसार गर्न निर्देशन दिने । |
| ५१. | ५१ | **वायुको गुणस्तर :** हालैको एक अध्ययनले नेपालका प्रमुख सहरहरुमा वायुको प्रदूषण पार्टीकुलर म्याटर (पी.एम.) १० को मात्रा अधिकतम १२० माईक्रो पर क्युविक मिटर हुनुपर्नेमा १९६ देखि २ हजार १०४ माइक्रो पर क्युविक मिटर देखिएकोले प्राणी जगतको स्वास्थ्यमा असर पर्ने भएकोले वैज्ञानिक वन व्यवस्थापनमार्फत् वायुको प्रदूषण न्यून गर्ने तर्फ ध्यान दिनुपर्ने । | दिगो वन व्यवस्थापन मार्फत् वायूको प्रदूषण न्यून गर्ने तर्फ व्षवस्थापन गर्न निर्देशन दिने । |
| ५२. | ५२ | **कार्वन सञ्चिति :** वैज्ञानिक वन व्यवस्थापनबाट वनको कार्बन सञ्चितिमा बढोत्तरी | सुझाव अनुसार गर्न निर्देशन दिने । |

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| | | भई कार्बन व्यापारमार्फत पुँजी वृद्धि हुने हुँदा रेड रणनीतिलाई कार्यान्वयनमा ल्याउन आवश्यक कानुन निर्माण गर्नुपर्ने र अन्तर्राष्ट्रिय समुदायसँग न्यायोचित सन्धि सम्झौता गरी कार्बन व्यापारबाट आय आर्जन गर्नुपर्ने । | |
| ५३. | ५३ | **काठ र फर्निचर आयात :** भन्सारको आसिकुडा तथ्याङ्कअनुसार विगत ३ वर्षमा विभिन्न देशबाट गोलिया, चिरान काठ ५६ लाख ६४ हजार ११७ घनफिट र फर्निचरसमेत आयात गरेको देखिन्छ । आयातीत काठको मूल्य रु.४ अर्ब ६५ करोड ७० लाख ९८ हजार र फर्निचरको मूल्य रु.३ अर्ब २६ करोड ३८ लाख ३२ हजारसमेत रु.७ अर्ब ९२ करोड ९ लाख ३० हजार बराबर विदेशी मुद्रा भुक्तानी गरेको अवस्था रहेकोले व्यापार सन्तुलनमा समेत असर परेकोले वैज्ञानिक वन व्यवस्थापनको प्रभावकारी कार्यान्वयन गरी काठको आन्तरिक मागअनुसार आपूर्ति गर्ने कार्ययोजना तयार गरी कार्यान्वयन गर्नुपर्ने । | दिगो वन व्यवस्थापनको प्रभावकारी कार्यान्वयन गरी काठको आन्तरिक माग अनुसार आपूर्ति गर्ने कार्ययोजना तयार गरी कार्यान्वयन गर्न निर्देशन दिने । |
| **राष्ट्रपति चुरे तराई मधेस संरक्षण विकास समिति** | | | |
| ५४. | ५४ | **आधार तथ्याङ्क :** आयस्तर वृद्धिमा प्राकृतिक स्रोत संरक्षण तथा व्यवस्थापनको योगदान, जैविक विविधताको अवस्था, वर्षात्मा नदीको धमिलोपना, नदीबगर फैलावट, गार्हस्थ्य ऊर्जा उपयोगमा नवीकरणीय ऊर्जाको अनुपात, राष्ट्रिय वन क्षेत्र, बाह्य क्षेत्र तराई मधेशमा रुख बाँसले ढाकेको क्षेत्रको अनुपात, बधुवा पशुपालनमा संलग्न कृषकलगायत विवरणको अभिलेख बेसलाइन (आधार) तयार गरेको छैन । आधार तथ्याङ्क तयार गरी उपलब्धिको मापन गर्नुपर्ने । | सुझाव अनुसार गर्न निर्देशन दिने । |
| ५५. | ५५ | **कार्य क्षेत्र बाहिरको खर्च :** बैकल्पिक उर्जा कार्यक्रम अनुसार सोलार बत्ती | चुरेको रकमबाट उद्देश्य विपरितको कार्य गराएको सम्वन्धमा |

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| | | जडान गर्न ५५ थान सोलार प्यानल, ब्याट्रीलगायत सामान खरिद गरी जडान गर्ने कार्यको लागि सम्झौता गरी जनसहभागिताबाट रु.७ लाख ८५ हजार र कार्यालयबाट रु. ५३ लाख ३७ हजार भुक्तानी दिएकोले उद्देश्य विपरीतको कार्य गराई खर्च लेख्ने पदाधिकारीलाई जिम्मेवार बनाइनुपर्ने । | छानविन गरी तीन महिनाभित्र समितिमा प्रतिवेदन पेश गर्न निर्देशन दिने । |
| ५६. | ५६ | **कार्य क्षेत्र र संगठन संरचना :** वन तथा वातावरण मन्त्रालय र समितिको कार्य क्षेत्र एकै प्रकारको रहेको देखिन्छ । समितिमा पर्याप्त कर्मचारी र संगठन संरचना नरहेकोले समितिको काममा प्रभावित हुने देखिएको छ । उद्देश्य प्राप्त गर्न संगठनात्मक संरचनाको पुनरावलोकन हुनुपर्ने । | सुझाव अनुसार गर्न निर्देशन दिने । |
| ५७. | ५७ | **अभिलेख :** समिति गठन भएदेखि २०७४/७५ सम्म ४ वर्षमा केन्द्र र मातहत निकायमार्फत रु.६ अर्ब १४ करोड खर्च भए तापनि त्यसबाट भएको उपलब्धिको एकीकृत अभिलेख राखी मूल्याङ्कन नगरेको । | समिति गठन भएदेखिको हालसम्मको उपलब्धिको एकीकृत अभिलेख तयार गरी तीन महिनाभित्र सोको मूल्यांकन प्रतिवेदन समितिमा पेश गर्न निर्देशन दिने । |
| **राष्ट्रिय प्रकृति संरक्षण कोष** | | | |
| ५८. | ५८ | **आय दाखिला :** राष्ट्रिय प्रकृति संरक्षण कोषअन्तर्गतका निकायले रु.४३ करोड ५२ लाख ८० हजार प्रवेश शुल्क जस्ता आय प्राप्त गरेकोमा कोष खातामा दाखिला गरी सञ्चालक समितिबाट बाँडफाँड गरी खर्च गरेको छ । संरक्षण क्षेत्रसम्बन्धी नियमावली बमोजिम प्राप्त रकम सञ्चित कोषमा जम्मा गरी विनियोजन ऐनमार्फत रकम प्राप्त गरी खर्च गर्नुपर्ने । | आगामी आर्थिक वर्षदेखि संरक्षण क्षेत्रसम्बन्धी नियमावली बमोजिम प्राप्त रकम सञ्चित कोषमा जम्मा गरी विनियोजन ऐनमार्फत रकम प्राप्त गरी खर्च गर्ने व्यवस्था गर्न निर्देशन दिने । |
| ५९. | ५९ | **औषधि व्यवस्थापन :** औषधि खरिद गर्दा लागत अनुमान तयार नगरेको, बोलपत्र माध्यमबाट खरिद नगरेको, गुणस्तर परीक्षण नगरेको, ८३ प्रतिशत मौज्दात रहेकोले आवश्यकता पहिचान गरी सम्बन्धित वर्ष नै खपत हुने गरी | अब आइन्दा आवश्यकता पहिचान गरेर खपत हुने गरी खरिद व्यवस्था मिलाउन निर्देशन दिने । |

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| | | खरिद व्यवस्था मिलाउनु पर्ने । | |
| ६०. | ६० | **चिडियाखाना व्यवस्थापन :** कोषले चिडियाखाना सञ्चालन सम्बन्धमा कार्यविधि, नियमावली, गुरुयोजना नबनाएको, चिडियाखाना विकास कोषसमेत स्थापना नभएकोले सम्झौताका सर्त बमोजिम चिडियाखाना व्यवस्थापन हुनुपर्ने । | सुझाव अनुसार गर्न निर्देशन दिने । |
| ६१. | ६१ | **बढी भुक्तानी :** कोष अन्तर्गतका ३ कार्यालयले कर्मचारीलाई भत्ता दिंदा सुरु तलव स्केलको आधारमा दिनुपर्नेमा ग्रेड समेत समावेश गरी भुक्तानी दिएकोले रु.३९ लाख २९ हजार बढी भुक्तानी भएको छ । बढी भुक्तानी दिएको रकम असुल गर्नुपर्ने । | कोषको ५७औं बैठकबाट उपलब्ध गराएको सुविधालाई अनुमोदन गरेकोले उल्लिखित बेरुजु लगत हटाउने र अब आइन्दा समितिले निर्धारण गरेर मात्र गर्न निर्देशन दिने । |
| ६२. | ६२ | **मूल्य अभिवृद्धि कर :** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को अनुसूची-१(ग) अनुसार राष्ट्रिय निकुञ्जको प्रवेश शुल्कमा मूल्य अभिवृद्धि कर लाग्ने व्यवस्था छ । सोबमोजिम अन्नपूर्ण संरक्षण क्षेत्र र मनासलु संरक्षण क्षेत्र योजना कार्यालयले २०७४ श्रावणदेखि २०७४ पौष १५ सम्म प्राप्त शुल्कमा मूल्य अभिवृद्धि कर रु.१ करोड ८० लाख ५४ हजार असुल नगरेकोले ऐनको व्यवस्था कार्यान्वयन गर्नुपर्ने । | अब आइन्दा निकुञ्जबाट लिने शुल्कमा मूल्य अभिवृद्धि कर असुल गर्ने व्यवस्था गर्न निर्देशन दिने र उल्लिखित बेरुजु लगत हटाउने। |

# प्रतिनिधि सभा
# सार्वजनिक लेखा समिति
# बेरुजु छलफल उपसमिति
# श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
## महालेखापरीक्षकको ५२औं वार्षिक प्रतिवेदन, २०७०/०७१ उपर भएका छलफलका मिति २०७६/०७/२८ का निणर्यहरु

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| सरकारी कार्यालयतर्फ | | | |
| १. | १ | **आन्तरिक लेखापरीक्षण** - मन्त्रालय अन्तर्गतका प्रत्याभूति आतङ्क पीडित कोष रु.१ करोड ३६लाख, बालविकास तथा पुनर्स्थापना कोष र बालश्रम निवारण कोष तथा मातहतका कार्यालय अन्तर्गतका कल्याणकारी कोषको समेत रु. ५ अर्ब ९६ करोड ५८ लाखको आलेप नगराएको । | तीन महिनाभित्र लेखापरीक्षण गरी गराई समितिलाई जानकारी गराउन निर्देशन दिने । |
| २. | २ | **लेखापरीक्षण** - मन्त्रालयको रोजगार प्रवर्द्धन कार्यक्रमको सोझै भुक्तानी तर्फको खर्च रु. १४ करोड ५१ लाख १५ हजारको लेखापरीक्षण नगराएको । | तीन महिनाभित्र लेखापरीक्षण गरी गराई समितिलाई जानकारी गराउन निर्देशन दिने । |
| ३. | ३ | **श्रम स्वीकृति** — श्रम विभागले विदेशी नागरिकलाई नेपालमा काम लगाउने स्वीकृति २०४८/०४९ देखि दिए पनि त्यसको अभिलेख नराखेको । | तीन महिनाभित्र अभिलेख अध्यावधिक गरी समितिलाई जानकारी गराउन निर्देशन दिने । |

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| ४. | ४ | **नर्म्स तयार नगरेको** — सीप विकास तालिम केन्द्रले नर्म्स वेगर तालीम सञ्चालन गरी रु. ९३ लाख ७८ हजार खर्च लेखेको र खर्च सम्वन्धी नर्म्स तयार नगरेको । | तालिम सञ्चालन गरी खर्च लेखेको सम्वन्धमा एक महिनाभित्र कागजात समितिमा पेश गर्न र अर्थ मन्त्रालयको स्वीकृति लिई नर्म्स तयार गरी तालीम सञ्चालन गर्न निर्देशन दिने । |
| ५. | ५ | **रोजगारी करारनामा** — कुबेत र संयुक्त अरब इमिरेट्सको हकमा रोजगारी करारनामा सम्बन्धी निर्णयको कार्यान्वयन नभएको । | सम्झौता भएका सबै १० वटै देशहरुमा अनलाइन मार्फत करारनामा गर्ने व्यवस्था गर्न निर्देशन दिने । |
| ६. | ६ | **अस्थायी कर्मचारी नियुक्ति** — नियम विपरित अस्थायी कर्मचारी नियुक्त गरी रु. ९२ लाख १३ हजार तलब खर्च लेखेको । | नियम विपरित अस्थायी कर्मचारी नियुक्त गरी खर्च लेख्ने पदाधिकारीलाई सचेत गराउने, अब आइन्दा नियम अनुसार मात्र कर्मचारी नियुक्त गर्न निर्देशन दिने र बेरुजु लगत हटाउने । |
| **अन्य संस्थातर्फ - वैदेशिक रोजगार प्रवर्द्धन बोर्ड** | | | |
| ७. | ७ | **कल्याणकारी कोष** — कल्याणकारी कोषको उद्देश्य र कार्य क्षेत्र विपरित गाडी खरिद गरेको, एक कर्मचारीलाई मलेसियास्थित नेपाली राजदुतावासमा श्रम सहचारीलाई सहयोग गर्न भनी पठाई रु. ८ लाख ८६ हजार खर्च लेखेको । | अनधिकृत रुपमा कर्मचारीलाई काजमा पठाई खर्च लेखेको रकम सम्वन्धित पदाधिकारीबाट असुल उपर गर्ने र अब आइन्दा कल्याणकारी कोषको उद्देश्य र क्षेत्र अन्तर्गत मात्र खर्च गर्ने व्यवस्था गर्न निर्देशन दिने । |
| ८. | ८ | **कार्यक्रम सञ्चालन** — तालिम लगायतका सीप विकासका कार्यक्रम तथा सचेतनामूलक कार्य गर्नका लागि दिइएको सुझावको कार्यान्वयन नभएको र रु. ३ करोड ९२ लाखको कार्यक्रम सञ्चालन नगरेको । | तालिम लगायतका सीप विकासका कार्यक्रम तथा सचेतनामुलक कार्य गर्नको लागि दिएको सुझाव कार्यान्वयन गर्न तथा विनियोजित बजेट र कार्यक्रम अनुरुप कार्यान्वयन गर्न निर्देशन दिने । |
| ९. | ९ | **राष्ट्रियस्तरको कल्याणकारी कोष** — दैवी प्रकोप र दुर्घटनाबाट पीडित कर्मचारी वा परिवारका सदस्यलाई आर्थिक सहायता, विद्यालय स्थापना र छात्रवृति, स्वास्थ्य उपचार केन्द्रको शुरुवात नगरेको, प्रतिष्ठानलाई | सुझाव अनुसार कार्ययोजना बनाई कार्यान्वयन गर्न निर्देशन दिने । |

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| | | पठाएको रकमको अलग-अलग लेखा नराखी बैंक स्टेटमेन्टका आधारमा लेखा राख्ने गरेको । | |
| १०. | १० | **सामाजिक सुरक्षा कोष –** सामाजिक सुरक्षा करबाट असुल भएको रकमबाट सामाजिक सुरक्षाका कार्यक्रम सञ्चालन गर्नुपर्नेमा सो कार्य नगरेको, तथ्याङ्क केन्द्रको स्थापना भएता पनि सञ्चालन नभएको, कोषले सञ्चालन गर्नुपर्ने ९ सामाजिक सुरक्षा कार्यक्रम मध्ये ४ को तयारी पूरा गरेको उल्लेख गरे पनि शुरु नगरेको । | सुझाव अनुसार एकीकृत सूचना प्रणाली र तथ्याङ्क केन्द्र सञ्चालनमा ल्याउन र सञ्चालन गर्नुपर्ने ९ सुरक्षा कार्यक्रमको कार्ययोजना बनाई कार्यान्वयनमा ल्याउन निर्देशन दिने । |

# प्रतिनिधि सभा
# सार्वजनिक लेखा समिति
# बेरुजु छलफल उपसमिति
# श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
## महालेखापरीक्षकको ५३ औ वार्षिक प्रतिवेदन, २०७१/०७२ उपर भएको छलफलका मिति २०७६/०७/२८ का निणर्यहरु

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| १. | १ | **अनुगमन** | |
| | १.१ | विभिन्न संस्थाबाट सिधै भुक्तानी भएको रु. २१ करोड ४२ लाखको लेखापरीक्षण नगराएको । | सबै वैदेशिक सहयोग रकमको स्रेस्ता पेश गरी लेखापरीक्षण गराउन निर्देशन दिने । |
| | १.२ | प्रत्येक कोषबाट प्राप्त हुनु पर्ने, प्राप्त भएको र प्राप्त हुन बाँकी भनी रकम खुलाई राख्नु पर्नेमा बोनसलाई समेत आम्दानी जनाइएको । | कोषमा रहेको रकमको स्पष्ट विवरण खुलाई लेखा राख्न, योजना एवं कार्यविधि बनाई उद्देश्य अनुरुप प्रभावकारी रुपमा परिचालन गर्न गराउन निर्देशन दिने । |
| | १.३ | सामाजिक सुरक्षा करबाट असुल भएको रकम उपलब्ध गराएकोमा सो रकम कोषमा निष्क्रिय रहेको । | सामाजिक सुरक्षा कोषमा जम्मा भएको रकम कोषको उद्देश्य अनुरुप तोकिएको कार्यमा परिचालन गर्न तथा सोको उपयोगिता सम्बन्धी नियमित अनुगमन गरी प्रतिवेदन तयार गर्न निर्देशन दिने । |
| **वैदेशिक रोजगार प्रवर्द्धन बोर्ड** | | | |
| २. | २ | **अभिलेख तथा खर्च :** प्रचलित कानून बमोजिम राख्नु पर्ने दैनिक आम्दानी खाता, रसिद नियन्त्रण खाता र बैंक दाखिला अभिलेख नराखी | अब आइन्दा उद्देश्य र कार्य क्षेत्र विपरित खर्च नगर्न र हालसम्मको कोष परिचालन विवरण तयार गरी तीन महिनाभित्र समितिमा पेश गर्न निर्देशन |

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| | | बैंक विवरणको आधारमा मात्र कोषमा आम्दानी देखाएकोले उद्देश्य र कार्यक्षेत्र विपरित खर्च गर्ने कार्य नियन्त्रण हुनु पर्ने । | दिने । |
| ३. | ३ | **लेखापरीक्षण** : बोर्डको २०७१/०७२ को विदेश भ्रमण, सवारी साधन खरिद, इन्धन खर्च र करारका कर्मचारीको नियुक्तिसँग सम्बन्धित रु. ६ करोड ३८ लाखको सक्कल स्रेस्ता पेश गरी लेखापरीक्षण नगराएको । | लेखापरीक्षण गरी गराई समितिमा जानकारी दिन निर्देशन दिने । |

# प्रतिनिधि सभा
# सार्वजनिक लेखा समिति
# बेरुजु छलफल उपसमिति
# श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
## महालेखापरीक्षकको ५४औं वार्षिक प्रतिवेदन, २०७२/०७३ उपर भएका छलफलका मिति २०७६/०७/२८ का निर्णयहरु

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| १. | | **लेखापरीक्षण :** मन्त्रालयको रोजगार प्रवर्द्धन कार्यक्रमतर्फ अन्तराष्ट्रिय श्रम संगठनका २ संस्थाबाट सोझै भुक्तानी भएको २५ करोड ५० लाख ४२ हजारको लेखापरीक्षण नगराएको । | वैदेशिक सहयोग रकमको स्रेस्ता पेश गरी लेखापरीक्षण गराउन निर्देशन दिने । |
| २. | १६७.१ | **राष्ट्रियस्तरको कल्याणकारी :** कोषले प्रत्येक प्रतिष्ठानबाट प्राप्त हुनु पर्ने, प्राप्त भएको र प्राप्त हुन बाँकी रकम खुलाई लेखा नराखेको, प्राप्त रकमको अनुगमन नगरेको, बैंक दाखिला भएको रकम अम्दानी देखाएको । | कोषमा रहेको रकमको स्पष्ट विवरण खुलाई लेखा राख्न, योजना एवं कार्यविधि बनाई उद्देश्य अनुरुप प्रभावकारी रुपमा परिचालन गर्न गराउन निर्देशन दिने । |
| **वैदेशिक रोजगार विभाग** | | | |
| ३. | | **मुद्दती निक्षेप :** रु. ७७ करोड ९७ लाखमध्ये सार्वजनिक सूचना प्रकाशन गरी बढी ब्याज कबोल गर्ने बैंकमा रकम जम्मा गर्नु पर्नेमा विभिन्न ६ बैंकमा विभिन्न ब्याजदरमा राखेको, धरौटीवापतको रकम प्रतिष्पर्धात्मक विधि अपनाई जोखिमरहित उच्च प्रतिफल हुने बैंकमा राख्नु पर्ने कार्यको | व्याज फरक पारी रु. ५ करोड बैंकमा सम्झौता गरेको सम्वन्धमा समितिमा कागजात पेश गर्न निर्देशन दिने । |

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| | | पालना नभएको, बैंकसँगको सम्झौता अनुसार बुझाउनु पर्ने ब्याज वैदेशिक रोजगार बोर्डको कल्याणकारी कोषको चल्ती खातामा जम्मा गर्नु पर्नेमा सो कार्य नगरेको । | |
| ४. | १४९ | **निःशुल्क हवाई टिकट भिसा** : श्रम तथा रोजगार राज्यमन्त्री स्तरको निर्णयबाट निःशुल्क हवाई टिकट तथा भिसा उपलब्ध हुने उल्लेख भएकोमा सोको प्रवर्द्धन खर्च तथा सेवा शुल्क वापत रु. १० हजारसम्म मात्र लिन पाउने प्रावधान रहेकोमा विभिन्न शीर्षकमा बढी रकम असुल गरेको अनुगमन हुनुपर्ने । | सम्बन्धित रोजगारदाता मुलुकसँग २०७२/०२/२६ को निर्णय बमोजिम कूटनीतिक पहल गरी निःशुल्क हवाई टिकट तथा भिसा सम्बन्धी व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्न र सोको अनुगमन प्रतिवेदन समितिमा पेश गर्न निर्देशन दिने । |
| **सामाजिक सुरक्षा कोष** | | | |
| ५ | १६७.२ | सामाजिक सुरक्षा करबाट असुल भएको ११ अर्ब ३५ करोड ५८ लाख कोषमा निष्क्रिय रहेको । | सामाजिक सुरक्षा कोषमा जम्मा भएको रकम कोषको उद्देश्य अनुरुप तोकिएको कार्यमा परिचालन गर्न तथा सोको उपयोगिता सम्बन्धी नियमित अनुगमन गरी प्रतिवेदन तयार गर्न निर्देशन दिने। |
| **सीप विकास तालिम केन्द्र** | | | |
| ६ | | **कर्मचारी दरबन्दी तथा नियुक्ति** : तालिम केन्द्रको दरबन्दी सामान्य प्रशासन मन्त्रालयमा दर्ता नभई अस्थायी रुपमा करारमा कर्मचारीहरुलाई प्रतिस्पर्धा विना काममा लगाएको र अर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिकालाई आधार मानी उपदान, संचित बिदा, औषधि उपचार वापत ६८ लाख ९९ हजार खर्च लेखेको । | अस्थायी कर्मचारी नियुक्ति सम्वन्धी कागजात र प्रतिस्पर्धा नहुनुको कारण खुलाई समितिमा पेश गर्न निर्देशन दिने । |

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| ७ | | **रोजगार अनुमति प्रणाली** : प्रशिक्षार्थीको नाम नामेसी विवरण र स्वीकृत ढाँचामा स्रेस्ता राख्नुपर्ने । | प्रशिक्षार्थीको नाम नामेसी विवरण र स्वीकृत ढाँचामा स्रेस्ता राख्न निर्देशन दिने । |
| **वैदेशिक रोजगार प्रवर्द्धन बोर्ड** | | | |
| ८ | ११५ | **अभिलेख तथा खर्च** : कोषबाट करारका कर्मचारीको तलबमा, नेपाली राजदूतावास कोरियामा गाडी खरिद, विदेश भ्रमण र राज्यमन्त्रीको विदेशमा होटल खर्च समेत रु. ६६ लाख ३९ हजार उद्देश्य र कार्य क्षेत्र विपरित खर्च गरेको नियन्त्रण हुनुपर्ने । | बोर्डको उद्देश्य विपरित खर्च गर्ने पदाधिकारीलाई सचेत गराउने र बोर्डको उद्देश्य तथा कार्य क्षेत्र अनुरुप खर्च व्यवस्थापन गर्न निर्देशन दिने । |

# प्रतिनिधि सभा
# सार्वजनिक लेखा समिति
# बेरुजु छलफल उपसमिति
# श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
## महालेखापरीक्षकको ५५औं वार्षिक प्रतिवेदन, २०७३/०७४ उपर भएका छलफलका मिति २०७५/१२/१ र १८ का निणर्यहरु

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| १. | १ | **नीति तथा कार्यक्रम** : कारखाना तथा कार्यस्थलमा श्रम परीक्षण अनिवार्य रुपमा गर्नुपर्ने, राष्ट्रिय रोजगार नीतिलाई कार्ययोजना बनाई कार्यान्वयन गर्ने आदि कार्य नभएकोले आवधिक योजना र बजेटले परिलक्षित गरेको नीति कार्यक्रम कार्यान्वयन हुनुपर्दछ । | योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रम यथाशीघ्र लागू गर्न, वैदेशिक रोजगारीमा जानेको हकहित संरक्षण तथा सुरक्षासँग सम्वन्धित कार्यक्रमहरु संचालन गर्न र श्रमिक कल्याणकारी कोषको उद्देश्य अनुरुप कार्यक्रम संचालन गर्न निर्देशन दिने । सामाजिक सुरक्षा कर वापतको एक प्रतिशत रकम सामाजिक सुरक्षा कोषमा तत्काल जम्मा गर्न अर्थ मन्त्रालयलाई निर्देशन दिने । |
| २. | २ | **वार्षिक लक्ष्य प्रगति** : वैदेशिक रोजगारका लागि सुरक्षित आप्रवासन परियोजना अन्तर्गत संचालित विभिन्न क्रियाकलापाहरु गर्ने उल्लेख भएकोमा प्रगति विवरण तथा आयोजनागत हिसाव तयार नगरेको, नेपाल सरकार स्वीस सरकारवीच भएको सम्झौता अनुरुप सोझै भुक्तानीतर्फ हालसम्म प्राप्त रकमको अभिलेख मन्त्रालयमा नरहेकोले आयोजना हिसाब तयार गरी सम्झौता बमोजिमका क्रियाकलाप सम्पादन भए नभएको यकिन गर्नुपर्ने । | वैदेशिक रोजगारका लागि सुरक्षित आप्रवासन परियोजना अन्तर्गत संचालित विभिन्न क्रियाकलापाहरु गर्ने उल्लेख भएकोमा प्रगति विवरण तथा आयोजनागत हिसाव तयार गर्न र वैदेशिक सहायता अन्तर्गत सन् २०१३ देखि २०१८ सम्मको सोझै भुक्तानी भएकोमा सोको हिसाव पेश गरी सम्परीक्षण गराउन निर्देशन दिने । |

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| ३. | ३ | **बैदेशिक सहायता** : मन्त्रालयले स्विस सहयोगतर्फ रु. २५ करोड २९ लाख ३२ हजार सोझै भुक्तानी अनुदान प्राप्त गर्दा सम्झौताको दफा ११ बमोजिम (क) वर्ग को लेखापरीक्षकबाट लेखापरीक्षण गराउने गरी सम्झौता भएको पाइयो । महालेखापरीक्षकको क्षेत्राधिकारलाई नै सीमित गरी वैदेशिक सहायता सम्बन्धी सम्झौता गर्ने पदाधिकारीलाई जिम्मेवार बनाई सोझै भुक्तानीतर्फको स्रेस्ता लेखापरीक्षणको लागि पेस हुनुपर्ने । | स्वीस सहयोग लगायत सबै वैदेशिक सहयोग रकमको स्रेस्ता पेश गरी लेखापरीक्षण गराउन निर्देशन दिने । |
| ४. | ४ | **निष्क्रिय कोष** : बालबालिका विकास तथा पुनः स्थापना कोषमा रु.२ करोड ५१ लाख २१ हजार मौज्दात रहेकोमा रु २१ लाख ८५ हजार खर्च भई रु.२ करोड २९ लाख ३६ हजार प्रत्याभूति र आतंक पीडितकोषमा रु.८१ लाख ९४ हजार, बालश्रम निवारण कोषमा रु.५६ लाख ४५ हजार र व्यवसायिक तथा सीप विकास तालिम केन्द्रको आन्तरिक कोषमा रु.६ करोड ९० लाख ७५ हजार गत विगत वर्षदेखि नै निष्क्रिय रहेकोले रकम सञ्चित कोषमा दाखिला हुनुपर्ने । | आवश्यक भएको कोषको रकम उद्देश्य अनुरुप कार्यक्रम संचालन गर्न उपयोग गर्न र अन्य कोषमा निष्क्रिय रहेको रकम संचित कोषमा दाखिला गर्न निर्देशन दिने । |
| **श्रम विभाग** | | | |
| ५. | ५ | **श्रम स्वीकृति** : श्रम स्वीकृति नलिई काम गर्ने तथा स्वीकृत लिएको अवधिभन्दा बढी बसेर गैरकानूनी गतिविधि सञ्चालन गर्ने कार्य रोक्न कठिनाइ परेकोले श्रम स्वीकृति सम्बन्धमा अनुगमन सुदृढ गर्नुपर्ने । | श्रम स्वीकृति प्राप्त श्रमिकको अवस्थाको अनुगमन कार्ययोजना बनाई कार्यान्वयन गर्न र सोको प्रतिवेदन समितिमा पेश गर्न निर्देशन दिने । |
| ६. | ६ | **श्रम ऐनको कार्यान्वयन** : श्रम ऐन, २०७४ मा श्रमिक आपूर्ति र दर्तासम्बन्धी कानूनी व्यवस्था गरे तापनि नियमावली र कार्यविधि नहुँदा कार्यान्वयन हुन नसकेको, विभागले स्वदेशमा श्रमिक जनशक्ति आपूर्ति | विद्यमान श्रम ऐन, कानूनमा भएको व्यवस्थामा आवश्यक परिमार्जन र नियमावली तथा कार्यविधि तय गरी कार्यान्वयनमा ल्याउन र स्वदेशमा श्रमिक जनशक्ति आपूर्ति गर्ने कम्पनीहरुले ऐन, नियम विपरीत कम |

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| | | गर्ने कम्पनीहरुले ऐन, नियमविपरीत कम सुविधा दिएको वा ऐन, नियमको शर्त विपरीत सम्झौता गरे नगरेको सम्बन्धमा अनुगमन हुनुपर्ने । | सुविधा दिएको वा ऐन, नियमको शर्त विपरीत सम्झौता गरे नगरेको सम्बन्धमा विभागबाट अनुगमन गरी गराई समितिमा प्रतिवेदन पेश गर्न निर्देशन दिने । |
| **वैदशिक रोजगार विभाग** | | | |
| ७. | ७ | **निःशुल्क टिकट तथा भिषा :** अनलाइन दर्ता गर्न, राहदानी बुझाउन, सङ्कलित राहदानी दूतावास पुऱ्याउन र अध्यागमन सुरक्षा जाँच प्रमाणित गर्न बेग्लाबेग्लै निकाय खडा गरी तोकिएको रकम लिने गरेको देखिएकोले उक्त कार्य सामान्यरुपमा रोजगारमा जाने व्यक्तिहरु स्वयंले गर्न सक्ने प्रकृतिको भएको र सो कार्यको लागतसमेत न्यून हुनेमा एजेन्ट खडा गरी बढी रकम असुल गर्ने गरेको सम्बन्धमा विभागले प्रभावकारी अनुगमन गर्न सकेको छैन । | सम्बन्धित रोजगारदाता मुलुकसँग २०७२/०२/२६ को निर्णय बमोजिम कूटनीतिक पहल गरी निःशुल्क हवाई टिकट तथा भिसा सम्बन्धी व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्न र सोको अनुगमन प्रतिवेदन समितिमा पेश गर्न निर्देशन दिने । |
| ८. | ८ | **वैदेशिक रोजगारी :** वैदेशिक रोजगारीको सम्बन्धमा राजदूतावासमार्फत सम्भाव्यता र उपयुक्तताको जानकारी लिई रोजगारीमा जाने व्यक्ति तथा व्यवसाय सञ्चालकलाई जानकारी दिने र अभिमुखीकरण गर्ने तथा सीपयुक्त एवं पेसागत जनशक्तिमार्फत वैदेशिक रोजगारीलाई सुरक्षित र मर्यादित बनाउनुपर्ने । | वैदेशिक रोजगार सम्बन्धी सेवा प्रवाहमा कार्ययोजना र कार्य विवरण लागू गर्नुका साथै **FEMIS** टोकन लागू गरी सीपयुक्त जनशक्तिमार्फत् वैदेशिक रोजगारीलाई सुरक्षित तथा मर्यादित तुल्याउन र वैदेशिक रोजगारीको सम्भाब्यता अध्ययन गरी कार्यान्वयनमा ल्याउन निर्देशन दिने । |
| ९. | ९ | **सेवा प्रवाह :** विभागबाट मातहत कार्यालयमा टोकन प्रणाली लागू गरी पहिले आउने सेवाग्राहीलाई पहिले सेवा पाउने व्यवस्था गर्नुपर्ने, सेवाग्राहीलाई सहजीकरणको व्यवस्था गर्नुपर्ने तथा सेवाग्राहीले सरकारले तोकेको सेवा शुल्क भन्दा बढी भुक्तानी गर्नुपर्ने अवस्था रहे नरहेको | सेवाग्राही मैत्री सेवा प्रवाह गर्नका निम्ति संस्थागत क्षमता अभिवृद्धि गर्दै जनशक्ति व्यवस्थापन गर्न र सोको प्रभावकारी अनुगमन तथा निरीक्षणको व्यवस्था मिलाउन निर्देशन दिने । |

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| | | सम्बन्धमा सेवाग्राहीलाई अनुभूति हुने गरी अनुगमन तथा निरीक्षणको व्यवस्था मिलाउनु पर्ने । | |
| १०. | १० | **उजुरी व्यवस्थापन** : वर्षमा कूल उजुरीको ५० प्रतिशत पनि कारवाही टुङ्गो नलागेकोले उजुरी फछ्र्यौट कार्य प्रभावकारी नदेखिएकोले सम्बन्धित वर्षमा फछ्र्यौट नभई बाँकी रहेका मुद्दाको जिम्मेवारी पछिल्लो वर्ष सारी मुद्दाको आयुगत वर्गीकरण गरी पुराना मुद्दालाई प्राथमिकता दिई फछ्र्यौट गर्नुपर्ने । | सेवाग्राहीको उजुरी सुन्ने प्रभावकारी संयन्त्रको विकास गर्न, उजुरी व्यवस्थापनका लागि दैनिक विवरण तयार गरी प्राथमिकताका आधारमा उजुरी फछ्र्यौट प्रणालीलाई प्रभावकारी बनाउन र उजुरी फछ्र्यौटको कार्ययोजना बनाई समितिमा पेश गर्न निर्देशन दिने । |
| ११. | ११ | **क्षर्तिपूर्ति** : संस्थागततर्फ पीडितबाट १ हजार ४५२ उजुरीबाट रु.४३ करोड ६० लाख ६५ हजार दाबी गरेकोमा रु ९ करोड ३ लाख १४ हजार (२०.७१ प्रतिशत) बिगो भराएको छ भने अदालतमा ५२ मुद्दा दर्ता गरी रु.१५ लाख दाबी गरेको छ । व्यक्तिगततर्फ पीडितको संख्याको आधारमा २८.४६ प्रतिशत र दाबी रकमको आधारमा ५१.७५ प्रतिशतको लागि अदालतमा मुद्दा दायर गरेकोमा संस्थागततर्फ संख्याको आधारमा ३.५८ प्रतिशत र बिगो दाबी रकमको आधारमा ०.३४ प्रतिशतको लागि अदालतमा मुद्दा दर्ता गरेको पाइयो । संस्थागततर्फ न्यून मात्रामा मुद्दा दायर गर्नुको कारण विभागले स्पष्ट पारेको छैन । बढी बिगो दाबी हुने संस्थागत मुद्दाहरुको फछ्र्यौटमा विभागले ध्यान दिनुपर्ने । | व्यक्तिगत तथा संस्थागततर्फ क्षतिपूर्ति वापतको बिगो दावी सम्वन्धी मुद्दा न्यून रहनुको कारण स्पष्ट पारी बढी बिगो दावी हुने संस्थागत मुद्दाहरुको फछ्र्यौट गरी समितिमा प्रतिवेदन पेश गर्न निर्देशन दिने । |
| १२. | १२ | **अनधिकृत काज** : दरबन्दीभन्दा बढी कर्मचारी राखी तथा कार्यविवरण बेगर खर्च लेखेको रकम नियमित देखिएन । दरबन्दी तथा कार्यविवरण | छानविन गरी अनधिकृत रुपमा काजमा खटाउने पदाधिकारीलाई कानूनी कारवाही गरी निजबाट असुल उपर गरी तीन महिनाभित्र समितिमा |

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| | | बेगर काज बसेको अवधिको तलब भत्ता रु.२४ लाख ४५ हजार निजामती सेवा ऐनअनुसार काजमा खटाउने पदाधिकारीलाई जिम्मेवार बनाई असुल गर्नुपर्ने । | जानकारी गराउन निर्देशन दिने । |
| १३. | १३ | **श्रमिकको मृत्यु :** कामदारको सुरक्षाको मुख्य जिम्मेवारी रोजगारदाताको भए तापनि श्रम सम्झौता गरी तेस्रो मुलुक गएका नागरिकको संरक्षण गर्नुपर्ने जिम्मेवारी नेपाल सरकारको पनि भएकोले कामदारको कार्य अवस्था, रोजगारी र जीवनको सुरक्षाका सम्बन्धमा नियमित अनुगमन गरी कामदारको आत्मसम्मानमा वृद्धि गर्ने सूचकहरुको पहिचान र प्रयोग गरी वैदेशिक रोजगारलाई सुरक्षित गर्नुपर्ने । | वैदेशिक रोजगारमा जाने कामदारको कार्यावस्था र रोजगारी एवं जीवनको सुरक्षा सम्बन्धमा नियमित अनुगमन गर्ने तथा राजदूतावासमार्फत् कामदारको आत्मसम्मानमा वृद्धि हुने सूचकहरुको पहिचान र प्रयोग गरी वैदेशिक रोजगारलाई सुरक्षित बनाउन निर्देशन दिने । |
| १४. | १४ | **पोशाक वितरण :** पोशाक वितरण गर्दा प्रवेशाज्ञा प्राप्त कामदारभन्दा १ हजार ३७७ जना बढीलाई बुझाई खर्च देखाएको प्रतिव्यक्ति रु.४ हजार ८६२ का दरले रु.६६ लाख ९५ हजार फरक परेको सम्बन्धमा हिसाब मिलान विवरण पेस गर्नुपर्ने । | फरक पर्न गएको रकमको सम्वन्धमा हिसाब मिलान विवरण एक महिनाभित्र समितिमा पेश गर्न निर्देशन दिने । |
| **ई.पी.एस. कोरिया शाखा (२०७२/०७३)** | | | |
| १५. | १५ | **पोशाक खरिद :** दक्षिण कोरियामा जाने कामदारको निम्ति २०७२/७३ मा ज्याकेट तथा टोपी खरिद गर्न रु.१ करोड ३२ लाख ६१ हजार लागत अनुमान तयार गरी बोलपत्र आह्वान गर्दा घटी अङ्क कबोल गर्ने एक आपूर्तकको रु.१ करोड २५ लाख ७७ हजार बोलपत्र स्वीकृत भएकोमा रु.१ करोड ४३ लाख ७३ हजार भुक्तानी भएकोले रु.१७ लाख ९६ हजार बढी भुक्तानी भएको असुल गर्नुपर्ने साथै कार्यालयले | बोलपत्रमा कबोल गरिएको भन्दा बढी भुक्तानी दिएको सम्वन्धमा छानविन गरी बढी भुक्तानी भएको भए असुलउपर गर्न गराउन र सोको जानकारी एक महिनाभित्र समितिलाई गराउन निर्देशन दिने । |

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| | | पोशाक खरिद गरी वितरण गर्ने व्यवस्था मनासिब नदेखिएकोले श्रमिक स्वयंले तोकिएको मापदण्डबमोजिमको पोशाक खरिद गर्ने व्यवस्था मिलाइनु पर्ने । | |
| १६ | १६. | **सवारी साधन खरिद :** ई.पी.एस. कोरिया शाखाले १ थान सवारीसाधन हुदाँहुदै राष्ट्रिय योजना आयोगबाट कार्यक्रम स्वीकृति नगराई १ थान स्कारपियो जिप खरिद गरी रु.५६ लाख ६० हजार खर्च लेखेकोमा कामदारको हकहितको लागि सङ्कलित रकमबाट तालुक निकायको लागि सवारी साधन खरिद गर्न मिल्ने नदेखिएको । | विनियोजन ऐन अनुरुप कार्यक्रम स्वीकृत नगराई खरिद गरेकोले सम्बन्धित पदाधिकारीलाई विभागीय कारबाही गर्न र अब आइन्दा वार्षिक कार्यक्रम स्वीकृत गरेर मात्र सवारी साधन खरिद गर्न गराउन निर्देशन दिने । |
| **राष्ट्रिय स्तरको कल्याणकारी कोष** | | | |
| १७. | १७ | **कोष परिचालन :** गत वर्षको मौज्दात, यो वर्ष प्राप्त रकम र उक्त रकममा वाणिज्य बैङ्कहरुबाट प्राप्त ब्याजसमेत कोषमा रु.१३ अर्ब २२ करोड ४७ लाख ६७ हजार मौज्दात रहेको छ । कोषको कार्यसञ्चालन कोषतर्फ गत वर्ष रु.४४ लाख १८ हजार मौज्दात रहेकोमा यो वर्ष रु.२२ लाख ८४ हजार खर्च भई रु.२१ लाख ३४ हजार बाँकी रहेको छ । हाल उक्त रकम सामाजिक सुरक्षा कोषमा जम्मा भएकोले योजना एवं कार्यविधि तयार गरी उद्देश्यअनुरुप कोष परिचालन गर्नुपर्ने । | कोषमा रहेको रकम योजना एवं कार्यविधि बनाई उद्देश्य अनुरुप प्रभावकारी रुपमा परिचालन गर्न गराउन निर्देशन दिने । |
| १८. | १८ | **लेखा व्यवस्था :** कोषले विभिन्न वाणिज्य बैङ्क तथा राष्ट्र बैङ्कबाट बैङ्क विवरण प्राप्त गरी मौज्दातको आधारमा आय व्यय विवरण तयार गरेको नदेखिएको, आंशिक लेखाको आधारमा पेस गरेको विवरणमा उल्लिखित रकमको यथार्थता जाँच गर्न नसकिएकोले सम्पूर्ण कारोबारको नेपाल | सम्पूर्ण कारोबारको नेपाल लेखामान बमोजिम लेखा राखी व्यवस्थित गर्न निर्देशन दिने । |

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| | | लेखामान बमोजिम भौचर उठान तथा लेजर प्रविष्टि गरी लेखा तयार गर्नुपर्ने । | |
| १९. | १९ | **अभिलेख व्यवस्था** : प्रत्येक प्रतिष्ठानबाट प्राप्त हुनुपर्ने, प्राप्त भएको र प्राप्त हुन बाँकी रकम खुलाई लेखा राख्नुपर्ने र रकम प्राप्त भए नभएको सम्बन्धमा अनुगमन गर्नुपर्ने । | कम्पनी तथा प्रतिष्ठानहरुको नाफा र बोनस सम्बन्धी रकम कोषमा दाखिला गरेको विवरण अद्यावधिक बनाइराख्न निर्देशन दिने । प्रत्येक वर्ष असार मशान्तभित्र लेखा व्यवस्थापन सम्बन्धी कार्य सम्पन्न गर्न निर्देशन दिने । कोषको दायरामा नआएका कम्पनी तथा प्रतिष्ठानहरुलाई दायरामा ल्याई विवरण अद्यावधिक गर्न निर्देशन दिने। |
| **सामाजिक सुरक्षा कोष** | | | |
| २०. | २० | **कोष व्यवस्थापन** : हालसम्म कोषमा रु.१६ अर्ब ७९ करोड जम्मा भएको रकमको कोषको उद्देश्य अनुसार तोकिएको कार्यमा खर्च भएको नदेखिएन कोषको उद्देश्य पूरा हुने गरी खर्च गर्नुपर्ने । | सामाजिक सुरक्षा कोषमा जम्मा भएको रकम कोषको उद्देश्य अनुरुप तोकिएको कार्यमा परिचालन गर्न तथा सोको उपयोगिता सम्बन्धी नियमित अनुगमन गरी प्रतिवेदन तयार गर्न निर्देशन दिने । |
| २१. | २१ | **कोषमा सहभागिता** : सरकारी तथा औद्योगिक प्रातिष्ठानमा कार्यरत सबै कर्मचारी कोषको दायराभित्र पर्ने उल्लेख भए तापनि कार्यालयबाट प्रकाशित वार्षिक प्रतिवेदन अनुसार हालसम्म सरकारी क्षेत्रको ८३ प्रतिशत, निजी क्षेत्रको १६ प्रतिशत र अन्य क्षेत्रको १ प्रतिशतमात्र योगदान रही कर असुली भएको विवरण प्राप्त भएकोले निजी क्षेत्र र अन्य क्षेत्रका कामदार एवं कर्मचारीलाई कोषमा सहभागी गराउन पहल गर्नुपर्ने । | निजी क्षेत्र तथा अन्य क्षेत्रका सबै कामदार एवं कर्मचारीलाई कोषमा सहभागी गराउन प्रभावकारी कार्ययोजना तयार गरी लागू गर्न निर्देशन दिने । |
| **वैदेशिक रोजगार प्रवर्द्धन बोर्ड** | | | |
| २२. | २२ | **आम्दानी उपयोग** : बोर्डको विगत ५ वर्षको आम्दानी खर्चको स्थिति | कार्यविधि बनाई कार्यक्रमको लागि आवश्यक पर्ने निश्चित प्रतिशत रकम |

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| | | विश्लेषण गर्दा आम्दानीको तुलनामा ७.७४ प्रतिशतदेखि १०.४४ प्रतिशतसम्म खर्च हुने गरेको देखिएकोले सो कार्यको लागि आवश्यक रकम निश्चित गरी बाँकी रहेको रु.४ अर्ब ३ करोड ४८ लाख ७५ हजार राजस्व दाखिला गर्नुपर्ने । | मौज्दात राखी बढी भएको रकम राजस्व दाखिला गर्न निर्देशन दिने । |
| २३. | २३ | **छात्रवृत्ति** : वैदेशिक रोजगार छात्रवृत्ति सञ्चालन कार्यविधि, २०७१ को बुँदा ११ अनुसार १२ जिल्ला शिक्षा कार्यालयमार्फत १ हजार २५५ लाई वैदेशिक रोजगार छात्रवृत्ति वितरण गरी रु.१ करोड ९ लाख ४४ हजार खर्च लेखेको देखिएको साथै छात्रवृत्ति छनौट र वितरणका सम्बन्धमा बोर्डले अनुगमन गरी अभिलेख राखेको नदेखिएको । | छात्रवृत्ति छनोट र वितरण सम्बन्धमा आवश्यक सोफ्ट्वेयर निर्माण गरी आईसीटी बेसमा आधारित छात्रवृत्ति वितरण प्रणाली लागू गर्न तथा सोको नियमित अनुगमन तथा मूल्याङ्कन गर्न निर्देशन दिने । |
| २४. | २४ | **तालिम केन्द्र** : व्यावसायिक तथा सीप विकास तालिम केन्द्रको दरबन्दी स्वीकृत भएको नदेखिएको, स्थायी संगठन एवं संरचना नबनाई अस्थायी रुपमा लामो समयसम्म सञ्चालन हुनु मनासिब नदेखिएको, कार्यालय दर्ता र स्वीकृत दरबन्दीबेगर तलब भत्तामा रु.२ करोड ४६ लाख १ हजार खर्च लेखेको र निजामती सेवा ऐन, २०४९ को दफा ७(२)ख बमोजिम तलबी प्रतिवेदनसमेत पारित नभएकोले उक्त खर्च कानूनसम्मत नभएकोले संगठनको औचित्य पुष्टि हुनुपर्ने । | स्थायी संगठन संरचना र स्वीकृत दरबन्दी भएकाको हकमा प्रमाण पेश गर्न र सो नभएकाको हकमा छानविन गरी सम्बन्धित पदाधिकारीबाट असुल उपर गरी गराई समितिलाई जानकारी गराउन निर्देशन दिने । |

# प्रतिनिधि सभा
# सार्वजनिक लेखा समिति
# बेरुजु छलफल उपसमिति
# श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
## महालेखापरीक्षकको ५६औं वार्षिक प्रतिवेदन, २०७४/०७५ उपर भएका छलफलका मिति २०७६/११/१२ का निणर्यहरु

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| १. | १ | **आवधिक योजना र बजेट कार्यान्वयन** : आवधिक योजना तथा बजेटमा समावेश भएबमोजिम व्यवसायजन्य स्वास्थ्य र सुरक्षा सम्बन्धी नीति निर्माण नभएको, सीप विकास तालिम केन्द्र स्थापना नभएको, विप्रेषणलाई भित्र्याउन वैदेशिक रोजगारीमा जानु अघि अनिवार्य रुपमा बैंक खाता खोल्नु पर्ने र सोही खातामा विप्रेषण पठाउने व्यवस्था नमिलाएको, आवधिक योजना एवं बजेट वक्तव्यमा उल्लिखित व्यहोरा कार्यान्वयन गर्नुपर्ने । | सुझाव अनुसार गर्न निर्देशन दिने । |
| सुरक्षित आप्रवासन परियोजना | | | |
| २. | २ | **लेखापरीक्षण** : रु. २० करोड १८ लाख १९ हजार सोझै भुक्तानी दिएको, संविधान र प्रचलित कानुनको विपरित हुने गरी वैदेशिक सहायता ग्रहण गर्न सम्झौता गर्ने पदाधिकारीलाई जिम्मेवार बनाई सोझै भुक्तानी गरेको रकमको लेखापरीक्षण गराउनु पर्ने । | संविधान र प्रचलित कानुनको विपरित हुने गरी वैदेशिक सहायता ग्रहण गर्न सम्झौता गर्ने पदाधिकारीलाई सचेत गराउने निर्देशन दिने र वैदेशिक सहायता लगायत सबै सार्वजनिक खर्चको लेखापरीक्षण गर्न गराउन निर्देशन दिने । |

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| **श्रम विभाग** | | | |
| ३. | ३ | **गैरनेपाली श्रमिक अनुगमन :** श्रम स्वीकृतिको अवधिभन्दा बढी काम गरे नगरेको सम्बन्धमा विभागबाट अनुगमन नभएको, विभिन्न प्रकृतिका भिसाको स्वीकृति दिने निकायहरु बीच समन्वय नभएको, अनौपचारिक क्षेत्रमा कार्यरत गैरनेपालीसमेतको अध्ययन एवं पञ्जीकरण गर्ने उद्देश्य राखे पनि त्यसको कार्यान्वयन नभएकोमा समन्वय एवं अनुगमन गर्नु पर्ने । | सुझाव अनुसार गर्न निर्देशन दिने । |
| **वैदेशिक रोजगार विभाग** | | | |
| ४. | ४ | **वैदेशिक रोजगारी स्थिति :** वैदेशिक रोजगारीको लागि मलेसिया र दक्षिण कोरियामा जानेको लागि शुन्य लागतमा सम्झौता भएकोमा अन्य सम्भाव्य देशमा समेत शुन्य लागतमा सम्झौता गर्न प्रयास गर्नु पर्ने । | थप मुलुकहरुमा शुन्य लागतमा वैदेशिक रोजगारीमा जाने व्यवस्थाका लागि काम कारवाही अघि बढाउन निर्देशन दिने । |
| ५. | ५ | **आय लेखांकन :** वैदेशिक रोजगारीमा जाने व्यक्तिलाई अनुमति प्रदान गर्दा लिइने दस्तुर ५ कार्यालयबाट असुल हुने व्यवस्था भएकोमा असुल गर्ने कार्यालयले आम्दानीको लेखा व्यवस्थित नराखेको । | आम्दानीको लेखा व्यवस्थित गरी नियमित रुपमा अध्यावधिक गर्न निर्देशन दिने । |
| ६. | ६ | **धरौटी :** रु. ७० करोड विभिन्न क वर्गका बैंकमा मुद्दती खातामा लगानी गरेकोमा लगानीबाट प्राप्त ब्याजको लेखाँकन भएको सुनिश्चित हुने अवस्था नभएको, धरौटी खातामा राख्नु पर्ने न्यूनतम रकमको अनुमान गरी बाँकी रकम परिचालन गर्नु पर्ने । | सुझाव अनुसार गर्न निर्देशन दिने । |
| ७. | ७ | **सेवा प्रवाह :** वैदेशिक रोजगारीमा जानेलाई स्वीकृति प्रदान गर्ने | वैदेशिक रोजगारीमा जानेलाई आवश्यक पर्ने सूचना तथा सेवा |

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| | | कार्यालयमा अव्यवस्थित भिड हुने गरेको, सेवा लिन पेश गर्नुपर्ने कागजात तथा शुल्क सम्बन्धमा कामदार सुसूचित नभएको, काठमाडौं कार्यालयमा सेवाग्राहीलाई सुविधा प्रदान गर्न टोकन प्रणाली व्यवस्थित नभएको । | सम्वन्धमा आधुनिक सूचना प्रविधिको उपयोग गरी व्यवस्थित रुपमा उपलब्ध गराउन निर्देशन दिने । |
| ८. | ८ | **फ्रि भिसा/फ्रि टिकट** : फ्रि भिसा/फ्रि टिकटको व्यवस्था मिलाए पनि यो प्रावधानको पूर्ण रुपमा कार्यान्वयन नभएको, रोजगार व्यवसायीले तोकिएको अतिरिक्त शुल्क लिने गरेको गुनासो आएको, कामदारको टिकट खर्च, बीमा खर्च र भिसा शुल्क रोजगार व्यवसायी वा रोजगारदाता कम्पनीले व्यहोरेको सम्बन्धमा विभागले अनुगमन नगरेको । | फ्रि भिसा/फ्रि टिकटको व्यवस्था र शुन्य लागतमा वैदेशिक रोजगारी सुनिश्चित गर्न आवश्यक पर्ने सबै प्रकारका नीतिगत र कानूनी प्रावधानहरुको कार्यान्वयन गर्न, आवश्यक सुधार गर्न र प्रभावकारी अनुगमन गर्न निर्देशन दिने । |
| **सामाजिक सुरक्षा कोष** | | | |
| ९. | ९ | **कानुनको पालना** : सामाजिक सुरक्षा कर वापत जम्मा भएको रकम सामाजिक सुरक्षा कोषमा जम्मा नगरी सञ्चित कोषमा जम्मा गरेकोले कानुनको पालना नभएको । | सुझाव अनुसार गर्न निर्देशन दिने । |
| **राष्ट्रियस्तरको कल्याणकारी कोष** | | | |
| १०. | १० | **कोषको उपयोग** : उद्योग प्रतिष्ठानमा काम गर्ने कर्मचारी मजदुरको हकहितमा कार्यक्रम सञ्चालन भएपनि उद्देश्य अनुरुप रकम परिचालन हुन नसकी मौज्दात रहने गरेको, राष्ट्रियस्तरको कल्याकारी कोषमा योगदान गरेको रकमबाट सञ्चयकर्ता वा प्रतिष्ठानका कर्मचारीको हकहित र सुविधाका कार्यक्रम मात्र सञ्चालन हुने अवस्था नदेखिएको, प्रतिष्ठानगत विवरण तयार नगरेको, सामाजिक सुरक्षा कोषमा राष्ट्रियस्तरको | सुझाव अनुसार गर्न निर्देशन दिने । |

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| | | कल्याणकारी कोषको रकम जम्मा गर्नु पर्ने व्यवस्था रहे पनि सो सम्बन्धमा केही उल्लेख नभएको र समयमै कानूनी र संरचनागत व्यवस्थामा सुधार गर्नुपर्छ । | |
| ११. | ११ | **आम्दानीको अभिलेख** : प्रतिष्ठानलाई कोषको दायरामा ल्याउन नसकेको, योगदान गरेनगरेको सम्बन्धमा आर्थिक वर्ष, रकमगत र प्रतिष्ठानअनुसार नेपालभरको अद्यावधिक अभिलेख नराखी रकम यकिन नगरी प्राप्त भएसम्मको रकम मात्र आम्दानी जनाउने गरेको । | अभिलेख राख्ने प्रक्रियालाई नियमित रुपमा अद्यावधिक गर्न र सबै प्रतिष्ठानहरुबाट रकम यकिन गरी प्राप्त गर्ने व्यवस्था मिलाउन निर्देशन दिने । |
| **वैदेशिक रोजगार प्रवर्द्धन बोर्ड** | | | |
| १२. | १२ | **निष्क्रिय बचत** : कोषमा रु. ४ अर्ब ९५ करोड ७९ लाख बचत निष्क्रिय रुपमा रहेको, प्राप्त रकमको अधिकतम परिचालन हुने गरी कार्यक्रम तर्जुमा र कार्यान्वयन गरी कामदारबाट लिने शुल्क पुनरावलोकन हुनु पर्ने । | विगत वर्षहरुको खर्चलाई मध्यनजर गरी अत्याधिक रकम निष्क्रिय रहेको अवस्थामा कामदारलाई बढी भार परेको देखिएकोले शुल्कमा पुनरावलोकन गर्न र संकलित रकमलाई वैदेशिक रोजगारमा गएका नेपाली कामदारको हितमा अधिकतम कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्न निर्देशन दिने । |
| १३. | १३ | **कामदारको मृत्यु र अंगभंग** : वैदेशिक रोजगारीमा जाने कामदारको सुरक्षा नभएको, व्ययभार बढेको हुँदा विदेशमा कामको सिलसिलामा हुने मृत्यु तथा अंगभंगको कारण र सोको न्यूनीकरणको लागि आवश्यक उपायको खोजी गरी निराकरण गर्नुपर्ने । | सुझाव अनुसार गर्न निर्देशन दिने । |
| **ई.पी.एस. कोरिया शाखा** | | | |
| १४. | १४ | **सेवा शुल्क** : दक्षिण कोरिया जाने कामदारसँग लिएको सेवा शुल्कबाट | कामदारसँग लिएको सेवा शुल्कबाट गरिएका कामहरुको छानविन |

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| | | कार्यालयले सरकारी भवन निर्माणका लागि ठेक्का सम्झौता गर्नु उपयुक्त नभएको, अभिमुखीकरण तालिमको लागि लिएको रकममध्ये रु.८ करोड ७१ लाख २० हजार व्यावसायिक सीप विकास तथा तालिम केन्द्रको खातामा मौज्दात रहेको, स्वास्थ्य परीक्षणको लागि लिइएको शुल्कको अभिलेख नराखेको, कामदारसँग लिएको सेवा शुल्कको आधार स्पष्ट नभएको । | गरी तीन महिनाभित्र समितिमा प्रतिवेदन पेश गर्न निर्देशन दिने । |
| १५. | १५ | **मौज्दात** : व्यावसायिक सीप तथा तालिम केन्द्रमा मौज्दात रहेको रु. १ करोड ८० लाख ४६ हजार राजस्व खातामा दाखिला गर्नुपर्ने, रोजगारीमा जानेसँग लिने सेवा शुल्क निर्धारण गर्दा लागत विश्लेषण गरी आवश्यक रकम मात्र लिने व्यवस्था गर्नुपर्ने । | सुझाव अनुसार गर्न निर्देशन दिने । |

# प्रतिनिधि सभा
# सार्वजनिक लेखा समिति
# बेरुजु छलफल उपसमिति
# सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
## महालेखापरीक्षकको ५१औं वार्षिक प्रतिवेदन, २०६९/०७० उपर भएको छलफलका मिति २०७६/०२/२८ का निणर्यहरु

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| १. | १ | **अनुगमन :** | |
| | १.१ | **वार्षिक विवरण तयार नगरेको :** | कामको प्रगति र खर्चको विवरण लिई अनुगमन गरी वार्षिक विवरण तयार गर्न निर्देशन दिने। |
| | १.२ | **अभिलेख तयार नपारेको :** | लोक कल्याणकारी विज्ञापन प्रशारण गरे वापत उपलब्ध गराइएको निकायहरुको अभिलेख तयार गरी रकम सदुपयोग भएक नभएको सम्वन्धमा तीन महिनाभित्र समितिमा प्रतिवेदन पेश गर्न निर्देशन दिने । |
| | १.३ | **हिसाव अद्यावधिक नगरेको :** | ६ महिनाभित्र लिनुदिनु पर्ने हिसाव अध्यावधिक गरी फरफारक गरेर समितिलाई जानकारी दिन निर्देशन दिने । |
| | १.४ | **हिसाव अद्यावधिक नगरेको :** | ऐन, कानून विपरित खर्च गर्ने पदाधिकारीलाई सचेत गराउने र अब आइन्दा निर्धारित सिमाभित्र रही ऐन, कानून अनुरुप मात्र खर्च लेख्न निर्देशन दिने । |
| २. | २ | **इजाजत पत्र नविकरण :** | टेलिभिजन, केवल नेटवर्क तथा एफ.एम. रेडियोहरुले इजाजत नविकरण गराए नगराएको निरीक्षण तथा छानविन गरी ३ महिनाभित्र समितिमा प्रतिवेदन पेश गर्न र नियमानुसार बुझाउनु पर्ने प्रशारण शुल्क असुल गरी यसको अध्यावधिक अभिलेख तयार गर्न निर्देशन |

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| | | | दिने। |
| ३. | ३ | **प्रसारण सेवा शुल्क :** | बुझाउन बाँकी रकम सम्वन्धमा छानविन गरी ३ महिनाभित्र समितिमा जानकारी गराउन निर्देशन दिने । |
| ४. | ४ | **रोयल्टी र फ्रिक्वेन्सी दस्तुर :** | हरेक वर्ष प्राप्त हुने राजस्वको यथार्थ विवरणको अभिलेख राख्न निर्देशन दिने । |
| ५. | ५ | **रकम उपयोग :** | प्राधिकरणले प्राप्त गरेको रकम उपयोग गर्ने सम्बन्धमा मन्त्रालयले ऐन तथा नियममा स्पष्ट व्यवस्था गरी रकम परिचालन गर्न निर्देशन दिने । |
| ६. | ६ | **थप खर्च :** | परामर्शदाताबाट सम्पन्न गरिसकेको काम पुनःनिर्माण कम्पनीबाट सम्झौता गरी दोहोरो खर्च भए नभएको सम्वन्धमा समितिमा कागजात पेश गर्न निर्देशन दिने । |
| ७. | ७ | **अग्रिम कर :** | मन्त्रिपरिषद्को २०७१/०३/२० को निर्णयले मिनाहा भैसकेकोले केही गर्न नपर्ने । |
| **हुलाक सेवा विभाग** | | | |
| ८. | ८ | **टेलिसेन्टर :** | टेलिसेन्टर खारेज भैसकेकोले बेरुजु लगत हटाउन निर्देशन दिने । |
| ९. | ९ | **पारिश्रमिक भुक्तानी :** | स्वीकृत संख्याभन्दा बढीलाई तलब भत्ता खर्च लेखेको सम्वन्धमा छानविन गरी दोषी देखिएमा सम्वन्धित पदाधिकारीलाई कानूनी कारवाही गर्न र अनधिकृत भुक्तानी भएको भए असुल उपर गरी समितिलाई जानकारी गराउन निर्देशन दिने । |
| **केन्द्रीय धनादेश कार्यालय** | | | |
| १०. | १० | **लेखापरीक्षण :** | सबै हुलाक कार्यालयको वचत बैंकको छ महिनाभित्र लेखापरीक्षण गरी गराई समितिलाई जानकारी दिन निर्देशन दिने । |
| ११. | ११ | **वित्तीय विवरण :** | हुलाक बचत बैंकको वर्तमान अवस्थाको अध्ययन तथा अनुगमन गरी यसलाई व्यवस्थित रुपमा संचालन गर्न वा हटाउन उपयुक्त सुझाव सहित तीन महिनाभित्र समितिमा प्रतिवेदन पेश गर्न निर्देशन दिने । |

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| १२. | १२ | **नगद मौज्दात :** | अब आइन्दा निर्देशिकाको पालना गरी तहबिल मौज्दात राख्ने कार्यमा नियन्त्रण गर्न निर्देशन दिने । |
| १३. | १३ | **सापटी :** | सापटी दिदा एकाउण्ट पेयी चेकबाट भुक्तानी गर्ने व्यवस्था मिलाउन र सापटी रकम व्यक्तिगत खातामा प्रविष्ट गरी आर्थिक विवरण अद्यावधिक राख्न निर्देशन दिने । |
| **नेपाल दूरसञ्चार प्राधिकरण** | | | |
| १४. | १४ | **वित्तीय स्थिति तथा संचालन नतिजा :** | - |
| १५. | १५ | **आन्तरिक नियन्त्रण व्यवस्था :** | आइन्दा बिल भरपाई राख्ने गरी काम कारवाही गर्न गराउन र सम्वन्धित कार्यको लेखापरीक्षण गराउन निर्देशन दिने । |
| १६. | १६ | **ग्रामिण दूरसंचार विकास कोष :** | असुल उपर गर्न बाँकी रहेको रकम असुल गर्न र कोषको रकम उद्देश्य अनुरुप दूरसञ्चारको गुणस्तर वृद्धि र दुर्गम क्षेत्रमा सेवा विस्तारमा उपयोग गर्न नीति निर्धारण गर्न निर्देशन दिने । |
| १७. | १७ | **सेवाबाट प्राप्त आम्दानी :** | असुल उपर गर्न बाँकी रहेको रकम असुल गर्न निर्देशन दिने । |
| १८. | १८ | **रोयल्टी :** | रोयल्टी नियमित असुल गर्न, सेवा संचालनको जानकारी अध्यावधिक अभिलेख राख्न निर्देशन दिने । |
| १९. | १९ | **फ्रिक्वेन्सी :** | |
| | १९.१ | **बाँकी दस्तुर असुल नभएको :** | कानूनी प्रक्रियाबाट कारवाही अगाडि बढाई असुलउपर गर्न गराउन निर्देशन दिने । |
| | १९.२ | **कारवाही नभएको :** | वक्यौता रकम असुलउपर गर्न र नियम अनुसार कारवाही प्रक्रिया तीन महिनाभित्र सम्पन्न गर्न निर्देशन दिने । |
| | १९.३ | **बाँकी दस्तुर असुल नभएको :** | कानूनी प्रक्रियाबाट कारवाही अगाडि बढाई चालु आ.ब. भित्र असुलउपर गर्न गराउन निर्देशन दिने । |
| | १९.४ | **बाँकी दस्तुर असुल नभएको :** | कानूनी प्रक्रियाबाट कारवाही अगाडि बढाई चालु आ.ब. भित्र असुलउपर गर्न गराउन निर्देशन |

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| | | | दिने । |
| **नेपाल टेलिभिजन** | | | |
| २०. | २० | **सञ्चालन नतिजा :** | संस्थाको आर्थिक स्थिति सुदृढ हुने गरी कार्ययोजना बनाई लागू गर्न निर्देशन दिने । |
| २१. | २१ | **आन्तरिक नियन्त्रण व्यवस्था :** | |
| | २१.१ | **शेयर पूँजी :** | सञ्चालक समितिमा प्रस्ताव गरी अधिकृत पूँजी र चुक्ता पूँजीको सन्तुलन मिलाउने । |
| | २१.२ | **मूल्य अभिवृद्धि कर :** | अब आइन्दा नियमानुसार सम्झौता गरेर मात्र छुट दिने व्यवस्था मिलाउने । |
| | २१.३ | **लोडसेडिङ सुविधा :** | लोडसेडिङ सुविधा समायोजन छुट दिने । |
| | २१.४ | **चेक मार्फत कारोवार :** | चेकको भुक्तानी भएको विवरण समितिमा पेश गर्न निर्देशन दिने । |
| | २१.५ | **कालो सूची :** | तीन महिनाभित्र वक्यौता रकम असुल उपर गरी यस्ता विज्ञापनदाताहरुलाई कालो सूचीमा राखी समितिलाई जानकारी गराउन निर्देशन दिने । |
| | २१.६ | **बाँकी पेश्की :** | पूर्व सञ्चालक तथा कर्मचारीहरुको नाममा रहेको पेश्की चालु आ.ब. को अन्तसम्ममा फछ्र्यौट गरी गराई समितिमा जानकारी गराउने । |
| | २१.७ | **लेखांकन उपयुक्त नभएको :** | प्रणालीमा सुधार गरी लेखांकन गर्न निर्देशन दिने । |
| | २१.८ | **कम कर कट्टी :** | कम कर कट्टी गरिएको रकम असुल उपर गरी सोको जानकारी समितिमा पेश गर्न निर्देशन दिने । |

# प्रतिनिधि सभा
# सार्वजनिक लेखा समिति
# बेरुजु छलफल उपसमिति
# सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
## महालेखापरीक्षकको ५२औं वार्षिक प्रतिवेदन, २०७०/०७१ उपर भएको छलफलका मिति २०७६/०२/२८ का निणर्यहरु

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| १. | १ | **अनुगमन :** | |
| | १.१ | समावेशी कार्यक्रम प्रशारण तथा प्रकाशन गरे वापत विभिन्न संस्थालाई उपलब्ध गराएको सशर्त अनुदानको कामको प्रगति र खर्चको विवरण लिई अनुगमन नगरेको र वार्षिक विवरण तयार नगरेको । | कामको प्रगति र खर्च सम्वन्धी विवरण लिई अनुगमन गरी वार्षिक विवरण समितिमा पेश गर्न निर्देशन दिने । |
| | १.२ | हुलाक सेवा विभाग र विश्व हुलाक संघ बीचको लिनु दिनु पर्ने रकम अध्यावधिक नगरेको । | ६ महिनाभित्र लिनुदिनु पर्ने हिसाव अध्यावधिक गरी फरफारक गरेर समितिलाई जानकारी दिन निर्देशन दिने । |
| | १.३ | आर्थिक ऐन अनुरुप चलचित्र विकास बोर्डलाई प्राप्त रकम नियम अनुसार प्रशासनिक खर्च गर्नुपर्नेमा रु. ४३ लाख ४५ हजार बढी खर्च गरेको । | ऐन, कानून विपरित खर्च गर्ने पदाधिकारीलाई सचेत गराउने र अब आइन्दा निर्धारित सिमाभित्र रही ऐन, कानून अनुरुप मात्र खर्च लेख्न निर्देशन दिने । |
| | १.४ | **टेलिसेन्टर :** टेलिसेन्टरको उपयोग, लागत, आम्दानी एवं स्थानीय तहमा सोको प्रभावको अनुगमन गरी यसको संचालन सम्वन्धमा पुनरावलोकन गर्न जरुरी देखिएको । | टेलिसेन्टर खारेज भैसकेकोले बेरुजु लगत हटाउन निर्देशन दिने । |

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| | १.५ | राष्ट्रिय प्रशारण नियमावली बमोजिम ३४२ संस्थाले २०७१ पौष मसान्तसम्म इजाजत नविकरण नगराएकोले नगराउने संस्थाहरुको छानविन गरी कानूनी कारवाही गर्नुपर्ने साथै कूल आम्दानीको २ प्रतिशत रकम प्रशारण शुल्क वापत बुझाउनु पर्नेमा संस्थाको अध्यावधिक अभिलेख नराखेकोले उठ्नु पर्ने राजस्वको वास्तविकता स्पष्ट नभएको । | टेलिभिजन, केवल नेटवर्क तथा एफ.एम. रेडियोहरुले इजाजत नविकरण गराए नगराएको निरीक्षण तथा छानविन गरी ३ महिनाभित्र समितिमा प्रतिवेदन पेश गर्न र नियमानुसार बुझाउनु पर्ने प्रशारण शुल्क असुल गरी यसको अध्यावधिक अभिलेख तयार गर्न निर्देशन दिने । |
| | १.६ | एक कम्पनीले फ्रिक्वेन्सी दस्तुर मध्ये बुझाउन बाँकी रु. ४३ करोड ६३ लाख २८ हजार दाखिला नभएको । | बुझाउन बाँकी रकम सम्वन्धमा छानविन गरी ३ महिनाभित्र समितिमा जानकारी गराउन निर्देशन दिने । |
| **सरकारी कार्यालय तर्फ** | | | |
| २. | २ | **रोयल्टी र फ्रिक्वेन्सी दस्तुर :** वार्षिक कुल आम्दानीको ४ प्रतिशतले हुने रकम रोयल्टीको बुझाउनुपर्ने व्यवस्था भएकोमा मन्त्रालयले यो वर्ष अन्य रोयल्टीबापत रु. ३ अर्ब ७ करोड ८ लाख ८९ हजार र फ्रिक्वेन्सी दस्तुर बापत रु.३ अर्ब ९ करोड ४३ लाख ४१ हजार राजस्व आर्जन गरेकोमा दूरसञ्चार सेवा सञ्चालन गर्ने ती निकायहरुले हरेक वर्ष नेपाल सरकारलाई बुझाउनुपर्ने रोयल्टी र फ्रिक्वेन्सी दस्तुरको अभिलेख तथा लगत नराखेकोले प्राप्त हुनुपर्ने राजस्वको यथार्थता स्पष्ट नदेखिएको । | हरेक वर्ष प्राप्त हुने राजस्वको यथार्थ विवरणको अभिलेख राख्न निर्देशन दिने । |
| ३. | ३ | **दूरसञ्चार सेवाको फ्रिक्वेन्सी :** | |
| | ३.१ | दूरसञ्चार ऐन र नियमावलीमा उल्लेख नै नभएको व्यवस्था प्रयोग गरी पटके निर्णयबाट नवीकरण दस्तुर उठाउने विरोधाभाषपूर्ण व्यवस्था उपर सार्वजनिक लेखा समितिबाट २०६८।९।२६ मा थप छानबिन गर्नुपर्ने | सार्वजनिक लेखा समितिबाट २०६८/९/२६ मा भएको निर्णयको कार्यान्वयन गर्न निर्देशन दिने । |

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| | | निर्णय गरेकोमा कारबाही नभएको । | |
| | ३.२ | दूरसञ्चार ऐन, २०५३ को दफा ३२ मा अनुमति प्राप्त व्यक्तिले रोयल्टी बुझाउनुपर्ने व्यवस्था अनुसार एक कम्पनीले डब्ले.एल.एल. प्रविधिबाट सञ्चालन गरिने सेवाको लागि कुल आम्दानीको ४ प्रतिशत वा कबुल गरेको रोयल्टीमध्ये जुन बढी हुन्छ सोही बुझाउने शर्त रहेकोमा कम्पनीले पहिलो नवीकरणको अवधिको लागि कबुल गरेको रोयल्टी रु.१ अर्ब २२ करोड ५१ लाख बुझाउन बाँकी नै रहेकोमा प्राधिकरणले ताकेता गरी असुल नगरेको । | ३ महिनाभित्र वक्यौता रकम असुल उपर गर्न र नियमित रुपमा असुल उपर गर्नुपर्ने रकम समयमै असुल उपर गर्न निर्देशन दिने । |
| | ३.३ | सेवा प्रदायकबाट अनिवार्य रुपमा आय व्यय विवरण लिई रोयल्टी रकम यकिन गरी नेपाल सरकारमा दाखिला गर्ने कार्य प्रभावकारी रुपमा नगरेको, लाइसेन्स वा प्रसारण इजाजत एक वर्षको हुने र इजाजतपत्र वा अनुमतिपत्र बहाल रहने अवधि अगावै नवीकरण गराई सक्नुपर्ने व्यवस्था रहेकोमा अद्यावधिक अभिलेख खडा नगरी इजाजत प्राप्त संस्था र व्यक्ति नवीकरण गर्न आएका बखत मात्र दस्तुर बुझ्ने तथा नवीकरण गर्ने गरेकोले कानूनी व्यवस्था अनुसार इजाजतपत्र दिने र नवीकरण गर्ने कार्य हुनुपर्ने । | कानूनी व्यवस्था अनुसार इजाजत पत्र दिने र नविकरण गर्ने कार्य गर्न निर्देशन दिने । |
| | ३.४ | २०७०/८/१४ को निर्णयअनुसार अनुमतिपत्र नवीकरण गराएकोमा फ्रिक्वेन्सी बापतको रु.६ करोड ४७ लाख ९८ हजार भुक्तानी लिन बाँकी रहेकोले रकम असुल गर्नुपर्ने । | ३ महिनाभित्र भुक्तानी लिन बाँकी रहेको रकम असुल गरी समितिलाई जानकारी गराउन निर्देशन दिने । |

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| | ३.५ | सार्वजनिक लेखा समितिबाट २०६८/९/२६ मा रेडियो फ्रिक्वेन्सी राष्ट्रिय सम्पत्ति रहेको र यसको परम्परागत ढाँचामा अवैज्ञानिक तरिकाबाट स्रोतको वितरण भइरहेको हुँदा वैज्ञानिक ढंगबाट रेडियो फ्रिक्वेन्सी वितरण गर्न आवश्यक पर्ने राष्ट्रिय नीति तय गर्न निर्देशन दिएकोमा एक उद्देश्यको लागि तोकिएको दस्तुर भिन्न सेवा प्रदायक वा सेवाको लागि समेत प्राधिकरणले सिफारिस गर्ने र समितिले स्वीकृति गर्ने गरेकोले दूरसञ्चार सेवाको लागि उक्त निर्देशन बमोजिम शुल्क र दस्तुर तोक्नुपर्ने । | सार्वजनिक लेखा समितिबाट २०६८/९/२६ मा दिएको निर्देशन अनुरुप फ्रिक्वेन्सी वितरण गर्न आवश्यक पर्ने राष्ट्रिय नीति तय गरी सोही बमोजिम शुल्क र दस्तुर निर्धारण गर्न निर्देशन दिने । |
| | ३.६ | जी.एस.एम. १८०० बयाण्डतर्फ न्यूनतम फ्रिक्वेन्सी २x९ मेगाहर्ज हुने गरी तोकिएकोमा सो नीति विपरीत एक सेवा प्रदायकलाइं नेपाल दूरसञ्चार प्राधिकरणको २०७०।१।३ र २०७०।६।१६ को निर्णयले क्रमशः जि.एस.एम. ९०० र १८०० को २x२ तथा २x१२ मेगाहर्ज उच्च मूल्य दरको फ्रिक्वेन्सी वितरण गरेकोले यसबाट बढाबढ गरी दिने र न्यूनतममात्र दिने व्यवस्था विपरीत फ्रिक्वेन्सी वितरण गरेको सम्बन्धमा छानविन हुनुपर्ने । | सार्वजनिक लेखा समितिबाट २०६८/९/२६ मा दिएको निर्देशन बमोजिम बोलकवोल प्रक्रिया अपनाएर मात्र फ्रिक्वेन्सी वितरण गर्ने व्यवस्था गर्न निर्देशन दिने । |
| | ३.७ | नीति विपरित प्रतिस्पर्धा वेगर १८०० व्याण्ड फ्रिक्वेन्सी भन्दा बढी बाँडफाँड गरेकोले यसै वर्षको लाग्ने थप दस्तुर रु. १२ लाख असुल गर्नुपर्ने र तोकिएका प्रक्रिया पूरा नगरी प्रतिस्पर्धा वेगर फ्रिक्वेन्सी उपलब्ध गराउन नमिल्ने देखिएको । | नीति विपरित प्रतिस्पर्धा वेगर १८०० व्याण्ड फ्रिक्वेन्सी भन्दा बढी बाँडफाड गरेकोले यसै वर्षको लाग्ने थप दस्तुर रु. १२ लाख असुल उपर गर्न र तोकिएका प्रक्रिया पूरा गरी प्रतिस्पर्धा गराएर मात्र फ्रिक्वेन्सी उपलब्ध गराउन निर्देशन दिने । |

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| | ३.८ | फ्रिक्वेन्सीको प्रयोग र सोबाट आर्जन हुने दस्तुर असुली र फ्रिक्वेन्सीको सदुपयोग भए नभएको सम्बन्धमा मन्त्रालयबाट नियमित र प्रभावकारी अनुगमन नभएको । | फ्रिक्वेन्सीको प्रयोग र सोबाट आर्जन हुने दस्तुर असुली र फ्रिक्वेन्सीको सदुपयोग भए नभएको सम्बन्धमा मन्त्रालयबाट नियमित र प्रभावकारी अनुगमन गर्न निर्देशन दिने । |
| ४. | ४ | **रकम उपयोग** : प्राधिकरणले प्राप्त गरेको रकम उपयोग गर्ने सम्बन्धमा मन्त्रालयले ऐन तथा नियममा स्पष्ट व्यवस्था गरी रकम परिचालन गर्नुपर्ने । | प्राधिकरणले प्राप्त गरेको रकम उपयोग गर्ने सम्बन्धमा मन्त्रालयले ऐन तथा नियममा स्पष्ट व्यवस्था गरी रकम परिचालन गर्न निर्देशन दिने । |
| **सासेक सूचना राजमार्ग आयोजना** | | | |
| ५. | ५ | **समय तथा लागत वृद्धि** : एसियाली विकास बैंकसँग २०६५/१०/२६ मा अमेरिकी डलर ९० करोडको अनुदान सहायता सम्झौता भएकोमा सम्झौता अनुसार सन् २००९ डिसेम्बरदेखि २०१० जूनसम्म निमांण कायं सम्पन्न गनुंपनेंमा २०७१/९/१६ सम्म म्याद थप भए तापनि कार्य पूरा नभएको, आयोजनाले परामर्श सेवा लिन एक विदेशी कम्पनीसँग अमेरिकी डलर २ लाख २४ हजार र नेपाली रु.२ करोड ५१ लाख ८४ हजारमा २१ महिनासम्म सेवा लिने गरी सम्झौता गरेकोमा २८ महिना समय थप भई नेपाली रुपैयाँतर्फ रु.१ करोड ४७ लाख ४० हजार र अमेरिकी डलरतर्फ ७६ हजार ३६२ वृद्धि भएको र अवधि समेत समाप्त भइसकेकोमा परामर्शदाताले गर्नुपर्ने आयोजनाको सिभिल वर्क्सतर्फको कार्य बाँकी रहेकोले अझै लागत वृद्धि हुने देखिएको। | निर्माण कार्यको अनुगमन गरी तीन महिनाभित्र समितिमा प्रतिवेदन पेश गर्न निर्देशन दिने । |

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| ६. | ६ | **भेरियसन स्वीकृति :** सम्झौता मूल्यको पन्ध्र प्रतिशतभन्दा बढीको भेरिएसन मन्त्रिपरिषद्बाट गर्नुपर्नेमा आयोजनाले परामर्शदातासँग भएको शुरु सम्झौता मूल्यको अमेरिकी डलरतर्फ २९ प्रतिशत र नेपाली रुपैयाँतर्फ ३२ प्रतिशतले वृद्धि गरी क्रमशः अमेरिकी डलर ६० हजार ३५८ को हुने रु. ५९ लाख १ हजार र नेपाली रुपैयाँतर्फ ८८ लाख ३९ हजार थप गरेकोमा मन्त्रिपरिषद्बाट स्वीकृत नगरेको । | दातृ निकायको खरिद प्रक्रिया अनुसार भएको देखिएकोले यसमा केही गर्नु नपर्ने र बेरुजु लगत हटाउने । |
| ७. | ७ | **सम्झौताको सर्त पालना :** सम्झौताको सर्त विपरित मेसिनरी उपकरण साइडमा ढुवानी नै नगराई यो वर्ष अमेरिकी डलर ४ लाख २४ हजार रकम भुक्तानी गरेकोले सम्झौताको सर्त पालना नभएको । | छानविन गरी मेसिनरी उपकरण ढुवानी भए नभएको अनुगमन गरी एक महिनाभित्र समितिमा प्रतिवेदन पेश गर्न निर्देशन दिने । |
| ८. | ८ | **कर कट्टी वेगर भुक्तानी :** भुक्तानीमा रु. १५ लाख १६ हजार कर कट्टी नगरेकोले उक्त रकम असुल गरी सञ्चित कोष दाखिला गर्नुपर्ने । | एक महिनाभित्र कर कट्टी रकम असुल उपर गरी सञ्चित कोषमा दाखिला गर्न र समितिलाई जानकारी दिन निर्देशन दिने । |
| **हुलाक सेवा विभाग** | | | |
| ९. | ९ | **नपाउने तलव भत्ता :** कामकाज नगरेको अवधिको सुविधा नपाउने गरी पुनर्वहाली गर्ने निर्णय भएकोमा सो विपरित रु. १३ लाख ७८ हजार भुक्तानी लिएकोले आर्थिक कार्यविधि ऐन, २०५५ को दफा २६.२ बमोजिम कारवाही गरी असुल गर्नुपर्ने । | निर्णय विपरित भुक्तानी लिएको रकम एक महिनाभित्र असुल उपर गरी समितिलाई जानकारी गराउन निर्देशन दिने । |
| १०. | १० | **बढी भुक्तानी :** जिल्ला हुलाक कार्यालय, दैलेखमा हुलाक प्रतिनिधि, डाँक बाहाक र पत्र वितरकको स्वीकृत संख्या २९९ रहेकोमा ३९३ जनाको भुक्तानी गरी स्वीकृत संख्याभन्दा ९४ जना बढीलाई रु. १२ लाख ४३ | स्वीकृत संख्याभन्दा बढीलाई तलब भत्ता खर्च लेखेको रकम एक महिनाभित्र असुल उपर गरी समितिलाई जानकारी गराउन निर्देशन दिने । |

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| | | हजार तलब भत्ता खर्च लेखेको असुल गर्नेपर्ने । | |
| ११. | ११ | **राजस्व हिनामिना :** जिल्ला हुलाक कार्यालय, बाँकेले संकलन गरेको राजस्व रु. ४ लाख तोकिएको अवधिमा दाखिला नगरेकोले २५ प्रतिशतले हुने जरिवाना समेत रु. ८ लाख ४० हजार राजस्व हिनामिना गर्ने कर्मचारीबाट असुल उपर नगरेको । | राजस्व हिनामिना मस्यौट गर्ने कर्मचारीलाई कानूनी कारवाही गरी रकम असुल उपर गरेर एक महिनाभित्र समितिलाई जानकारी दिन निर्देशन दिने । |
| १२. | १२ | **निर्माण कार्य अधुरो :** निर्माण व्यवसायीले पटक-पटक गरी २०७१ साल मंसीरसम्म म्याद थप गरेकोमा यो वर्षसम्म सम्झौता रकमको ५३.९४ प्रतिशत मात्र कार्य गरेकोले तोकिएको समयमा कार्य सम्पन्न नगर्ने जिम्मेवार व्यक्ती उपर कारवाही हुनुपर्ने । | समयमै काम सम्पन्न नगर्ने निर्माण व्यवसायी र सम्वन्धित पदाधिकारीलाई कानूनी कारवाही गर्न निर्देशन दिने । |
| १३. | १३ | **सेवा करार :** टेलिसेन्टरमा सपोर्ट, मर्मत सम्भार र तालीम प्रदान गर्न सेवा प्रदायकसँग खरिद सम्झौता गरेकोमा खटिएको स्थान र तोकिएको कार्य सम्पादन भए नभएको प्रमाण पेश नगरी रकम भुक्तानी गरेको । | खटिएको स्थान र तोकिएको कार्य सम्पादन सम्वन्धमा प्रमाण पेश गर्न निर्देशन दिने । |
| **मुद्रण विभाग** | | | |
| १४. | १४ | **सुरक्षण मुद्रण :** अत्याधुनिक सुरक्षण मुद्रण सम्वन्धी उपकरण जडान गरी सुरक्षण मुद्रणको कार्य प्रारम्भ गर्ने भनी बजेट वक्तव्यमा उल्लेख भएको र सोको लागि रु. ४ करोड विनियोजन भएकोमा मेसिन खरिद नभएको तर वैदेशिक तालिम अवलोकन भ्रमणमा रु. १२ लाख खर्च गरेको, घोषित नीति अनुरुप वार्षिक लक्ष्य हासिल गर्ने गरी कार्यक्रम सञ्चालन गर्नुपर्ने । | अब आइन्दा घोषित नीति अनुरुप वार्षिक लक्ष्य हासिल गर्ने गरी मात्र कार्यक्रम संचालन गर्न निर्देशन दिने । |

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| १५. | १५ | **वक्यौता :** गत वर्षको तुलनामा वक्यौता रकममा ५९ प्रतिशातले वृद्धि भएको र रु. १ करोड ६९ लाख ४५ हजार उठाउन बाँकी रहेको । | उठाउन बाँकी रहेको वक्यौता रकम तीन महिनाभित्र असुल उपर गरी समितिलाई जानकारी गराउन निर्देशन दिने । |
| १६. | १६ | **छपाई कार्य र मौज्दात :** रु. ७६ लाख ५९ हजार मूल्यका कागज तथा स्टीकर सिट खपत नगरी मौज्दात राखेको र विभागले वार्षिक कार्ययोजना सहित पूर्ण क्षमतामा छपाई सम्वन्धी कार्य संचालन गर्नुपर्ने । | सुझाव अनुसार गर्न निर्देशन दिने । |
| १७. | १७ | **भेरियसन वेगरको खरिद :** विभागले ९ प्रकारका छपाई सम्वन्धी कागज खरिद गर्दा सम्झौता मूल्यभन्दा रु. ३६ लाख ८९ हजार (३८.८७%) को कागज बढी खरिद गरी नियमावली तोकिएको समितिबाट भेरियसन स्वीकृत नगराएको । | भेरियसन स्वीकृत नगराई खरिद सम्झौतामा उल्लेख भएको रकमभन्दा बढी कागज खरिद गर्ने पदाधिकारीलाई कानूनी कारवाही गर्न र अब आइन्दा खरिद सम्झौता बमोजिम गर्न गराउन निर्देशन दिने । |
| **सूचना विभाग** | | | |
| १८. | १८ | **बिल वेगर भुक्तानी :** मूल्य अभिवृद्धि करमा दर्ता भएका सञ्चार गृहसमेतलाई बिल बीजक वेगर रु. ८५ लाख २१ हजार भुक्तानी गरेको र यस्तो कार्यले मूल्य अभिवृद्धि करसमेत प्रभावित हुने देखिएकोले बिल बेगरको भुक्तानी रकमको छानविन हुनुपर्ने । | तीन महिनाभित्र छानविन गरी सोको प्रतिवेदन समितिमा पेश गर्न निर्देशन दिने । |
| १९. | १९ | **वर्गीकरण :** लोककल्याणकारी विज्ञापन वापतको सुविधा प्रदान गर्दा तोकिएको प्रक्रिया पूरा गरेर मात्र भुक्तानी गर्नुपर्ने । | लोककल्याणकारी विज्ञापन वापतको सुविधा प्रदान गरेका संस्थाहरुको प्रक्रिया पुगे नपुगेको सम्वन्धमा विस्तृत छानविन गरी तीन महिनाभित्र समितिमा प्रतिवेदन पेश गर्न निर्देशन दिने । |
| **केन्द्रीय धनादेश कार्यालय** | | | |

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| २०. | २० | **वित्तीय विवरण** : हुलाक वचत बैंक संचालन गर्न दक्ष जनशक्ति नरहेको, केही वर्षदेखि हिसाव दुरुस्त नरहेको, आलेप र मलेप सम्पन्न हुन नसकेको र केन्द्रीय तहबाट छानविन गर्दा रकम हिनामिना समेत भएको देखिएकोले कारोवारको वृद्धि तथा जटिलताका कारण वचत बैंक संचालन हुन नसक्ने अवस्था रहेको । | हुलाक बचत बैंकको वर्तमान अवस्थाको अध्ययन तथा अनुगमन गरी यसलाई व्यवस्थित रुपमा संचालन गर्न वा हटाउन उपयुक्त सुझाव सहित तीन महिनाभित्र समितिमा प्रतिवेदन पेश गर्न निर्देशन दिने । |
| २१. | २१ | **लेखापरीक्षण** : वचत बैंकको लेखापरीक्षण नगराएको । | सबै हुलाक कार्यालयको वचत बैंकको लेखापरीक्षण गरी गराई समितिलाई जानकारी दिन निर्देशन दिने । |
| २२. | २२ | **नगद मौज्दात** : हुलाक वचत बैंक १० ले आर्थिक वर्षको अन्त्यमा निर्देशिकामा उल्लेख भए विपरित तहबिल रकम शुन्य गराउन पर्नेमा रु. ३७ लाख ४ हजार नगद मौज्दात राखेको । | अब आइन्दा निर्देशिकाको पालना गरी तहबिल मौज्दात राख्ने कार्यमा नियन्त्रण गर्न निर्देशन दिने । |
| २३. | २३ | **कर्मचारी सेवा सर्त** : ऐन तथा सेवा सुविधा सम्वन्धी नियमावली वेगर चलचित्र विकास बोर्डमा ३१ कर्मचारी नियुक्त गरी तलव भत्ता तथा अन्य सुविधामा रु. ८४ लाख ४७ हजार खर्च लेखेकोमा कानूनी व्यवस्था मिलाएर मात्र खर्च गर्नुपर्ने । | ऐन तथा सेवा सुविधा सम्वन्धी नियमावली वेगर ३१ कर्मचारी नियुक्त गरी तलव भत्ता तथा अन्य सुविधामा रु. ८४ लाख ४७ हजार खर्च लेख्ने पदाधिकारीलाई सचेत गराउने र अब आइन्दा कानूनी व्यवस्था गरेर मात्र खर्च लेख्ने गर्न निर्देशन दिने । |
| | | **संगठित संस्था तर्फ** | |
| **गोरखापत्र संस्थान** | | | |
| २४. | २४ | **वित्तीय स्थिति तथा संचालन नतिजा** : गत वर्ष सञ्चित नोक्सानी रु. ४ करोड ८२ लाख ६३ हजार रहेकोमा यस वर्ष रु. १५ करोड ७ लाख ७२ हजार खुद नाफा भएको । | ----- |

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| २५. | २५ | **आन्तरिक नियन्त्रण व्यवस्था :** | |
| | २५.१ | नेपाल लेखामान १ वित्तीय विवरणको प्रस्तुती, ४ मौज्दात मूल्याङ्कन, ६ प्रोपटी प्लान्ट एण्ड इक्यूपमेन्ट, र ८ सापटी लागत लगायतका मानहरु पूर्ण पालना नभएको । | नेपाल लेखामान १ वित्तीय विवरणको प्रस्तुती, ४ मौज्दात मूल्याङ्कन, ६ प्रोपटी प्लान्ट एण्ड इक्यूपमेन्ट, र ८ सापटी लागत लगायतका मानहरु पूर्ण पालना गर्न निर्देशन दिने । |
| | २५.२ | कर्मचारी दायित्वमा पर्याप्त रकम व्यवस्था नगरेको, असुल हुने सम्भावना न्यून भएका ५ वर्ष पुराना आसामी रु. ९ करोड ५३ लाख रहेको, ऋणको व्याज खर्च लेखाङ्कन नगरेको र यसले संस्थानको सञ्चित नाफामा असर पर्ने देखिएको । | सुझाव अनुसार गर्न निर्देशन दिने । |
| | २५.३ | संस्थानले पत्र पत्रिका उत्पादन गर्दा खपत हुने सामान कच्चा पदार्थको उत्पादन सम्वन्धी नर्म्स र जर्ती नोक्सानी सम्वन्धी मापदण्ड तयार गर्नुपर्ने। | सुझाव अनुसार गर्न निर्देशन दिने । |
| | २५.४ | नेपाल बंगालादेश बैंकको ऋण स्टेटमेण्ट अनुसार यस वर्षको अन्तमा रु. २ करोड २३ लाख बाँकी देखिएकोमा संस्थानको वित्तीय विवरणमा रु. २० लाख २३ हजार बढी देखिएको समायोजन हुन पर्ने। | सुझाव अनुसार गर्न निर्देशन दिने । |
| | २५.५ | वार्षिक खरिद गुरुयोजना/खरिद योजना नबनाई खरिद कार्य गरेको । | खरिद योजना/वार्षिक खरिद गुरुयोजना वेगर खरिद कार्य गर्ने पदाधिकारीलाई सचेत गराउने र अब आइन्दा वार्षिक खरिद गुरुयोजना/खरिद योजना बनाएर मात्र खरिद कार्य गर्न निर्देशन दिने। |
| | २५.६ | विज्ञापन संकलन प्रकाशन एवं विज्ञापन सम्वन्धी निर्देशिका अनुरुप धरौटी भन्दा बढी विज्ञापन छाप्न नमिल्ने अवस्थामा फुटकर विक्री एजेण्टसँग | तीन महिनाभित्र फुटकर बिक्री एजेण्टसँग लिनु पर्ने रकम असुल उपर गरी समितिलाई जानकारी गराउन निर्देशन दिने । |

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| | | लिनुपर्ने रु. १ करोड ५५ लाख ५१ हजार असुल गर्नुपर्ने। | |
| | २५.७ | संस्थानको वासलात अनुसार आयकर पेश्की रु. १ करोड ९९ लाख ३३ हजार देखाइएको तर आन्तरिक राजस्व कार्यालयमा बुझाउने आय विवरणको अनुसूची १० मा रु. ५ लाख ३० हजार दावी गरेको पाएकोले फरक परेको सम्वन्धमा छानविन गरी असुल गर्नुपर्ने । | फरक परेको रकम सम्वन्धमा छानविन गरी तीन महिनाभित्र असुल उपर गरी समितिलाई जानकारी गराउन निर्देशन दिने । |
| **नेपाल टेलिभिजन** | | | |
| २६. | २६ | **वित्तीय स्थिति तथा सञ्चालन नतिजा :** | ----- |
| २७. | २७ | **आन्तरिक नियन्त्रण व्यवस्था :** | |
| | २७.१ | विज्ञापन प्रशारण वापत एक एजेन्सीलाई नियम अनुसार रु. १३ लाख ४ हजार विलिङ्ग हुन पर्नेमा नगरेको, विभिन्न संस्थासँग लिनुपर्ने रु. १ करोड ६३ लाख ७५ हजार, एजेन्सीसँग लिनुपर्ने रु. २५ करोड ३३ लाख ४२ हजार, सरकारी निकायसँग लिनुपर्ने रु. ४० लाख ३७ हजार र विदेशी संघ संस्थासँग लिनुपर्ने रु. ४८ लाख १८ हजार असुल उपर गर्नुपर्ने । | तीन महिनाभित्र वक्यौता रकम असुल उपर गरी समितिलाई जानकारी गराउन निर्देशन दिने । |
| | २७.२ | सञ्चालक र कर्मचारीलाई दिएको पुरानो पेश्की रु. ४ लाख ३६ हजार हालसम्म पनि फछ्र्यौट नभएको । | तीन महिनाभित्र पेश्की फछ्र्यौट गरी गराई समितिलाई जानकारी निर्देशन दिने । |
| | २७.३ | संस्थानको अभिलेख अनुसार रु. ७ लाख ३५ हजार तिर्नुपर्ने देखिएता पनि मूल्य अभिवृद्धि कर विवरणमा रु. १ करोड ३१ लाख ९५ हजार देखिएकोले फरक रु. १ करोड २४ लाख ६० हजारको आन्तरिक | सुझाव अनुसार गर्न निर्देशन दिने । |

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| | | राजस्व कार्यालयमा विवरण पेश गरी हिसाव मिलान गर्नुपर्ने। | |
| **नेपाल दूरसञ्चार प्राधिकरण** | | | |
| २८. | २८ | **वित्तीय स्थिति तथा संचालन नतिजा :** | ------ |
| २९. | २९ | **अनुत्पादक कोष तथा मौज्दात :** दूरसंचार ऐनको दफा ४५(३) बमोजिम प्राधिकरणलाई कार्यसंचालन गर्न नपुग भए नेपाल सरकारसँग माग गर्न सक्ने उपलब्ध रकम बढी भए नेपाल सरकारलाई बुझाउनु पर्ने व्यवस्था रहेकोमा प्राधिकरणको ग्रामिण दूरसंचार विकास कोषमा रु. ७ अर्ब ९७ करोड ४८ लाख र जगेडा कोषमा रु. १६ अर्ब ३७ करोड रहेकोले सो रकमहरु नेपाल सरकारको सर्वसञ्चित कोषमा जम्मा गर्नुपर्ने । | सुझाव अनुसार गर्न निर्देशन दिने । |
| ३०. | ३० | **नविकरण दस्तुर :** नेपाल दूरसञ्चार कम्पनी लि. लाई मोवाइल सेवा सञ्चालन गर्न दूरसञ्चार ऐन, २०५३ को दफा २५ वमोजिम बढाबढ गर्नुपर्नेमा नगरेको र रु. १८ करोड ९० लाख मात्र लिएर नविकरण गरेकोले लिनुपर्ने बाँकी रकम रु. १९ अर्ब ८१ करोड १० लाख असुल गर्नुपर्ने । | तीन महिनाभित्र वक्यौता रकम असुल उपर गरी समितिलाई जानकारी दिन र अब आइन्दा बढाबढ गरेर मात्र सेवा सञ्चालन अनुमति दिन निर्देशन दिने । |
| ३१. | ३१ | **जरिवाना वक्यौता :** दुई सेवा प्रदायकबाट ग्रामिण दूरसञ्चार विकास शुल्कको रकम असुलीमा मात्र जरिवाना गणनाको कारणले रु. ४४ लाख ६७ हजार प्राधिकरणलाई प्राप्त हुनुपर्ने भन्दा कम असुल हुन गएको । | सेवा प्रदायकले रकम भुक्तानी गर्दा साँवा व्याज हिसाव गरी असुल गर्न र व्याज वक्यौताको सट्टा नपुग रकम साँवा वक्यौता कायम गरी असुल उपर गर्न र कम असुल भएको रकम असुल गर्न निर्देशन दिने । |
| ३२. | ३२ | **रोयल्टी :** प्राधिकरणले सेवा प्रदायकलाई इजाजत दिएको मध्ये | प्राधिकरणले सेवा प्रदायकलाई इजाजत दिएको मध्ये लेखापरीक्षण |

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
| --- | --- | --- | --- |
| | | लेखापरीक्षण प्रतिवेदन पेश नगरेको, रोयल्टी नतिर्ने र सेवा संचालनको जानकारी नदिने सेवा प्रदायको अभिलेख नराखेको र एक सेवा प्रदायकबाट रोयल्टी असुल गर्न छुट भएको रकम यकिन गरी असुल गर्नुपर्ने । | प्रतिवेदन पेश गर्न, रोयल्टी नियमित असुल गर्न, सेवा संचालनको जानकारी अध्यावधिक अभिलेख राख्न र एक सेवा प्रदायकबाट रोयल्टी असुल गर्न छुट भएको रकम तीन महिनाभित्र असुल उपर गरी समितिलाई जनकारी दिन निर्देशन दिने । |
| ३३. | ३३ | **फ्रिक्वेन्सी :** फ्रिक्वेन्सी दस्तुर तथा जरिवाना समेत रु. ७७ करोड ६७ लाख ६६ हजार असुल गर्नुपर्ने । | तीन महिनाभित्र फ्रिक्वेन्सी दस्तुर तथा जरिवाना असुल उपर गरी समितिमा प्रतिवेदन पेश गर्न निर्देशन दिने । |

# प्रतिनिधि सभा
# सार्वजनिक लेखा समिति
# बेरुजु छलफल उपसमिति
# सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
## महालेखापरीक्षकको ५३औं वार्षिक प्रतिवेदन, २०७१/०७२ उपर भएको छलफलका मिति २०७६/०२/३० का निणर्यहरु

| क्र.सं | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निणय |
|---|---|---|---|
| १. | १ | **अनुगमन :** | |
| | १.१ | **संचित कोष :** | प्राधिकरणको कोषमा जम्मा भएको रकम उपयोग गर्न उपयुक्त नीति निर्धारण गर्न निर्देशन दिने । |
| | १.२ | **समावेशी कार्यक्रम प्रसारण बापतको अनुदान :** | कामको प्रगति र खर्च सम्वन्धी विवरण लिई अनुगमन गरी वार्षिक विवरण समितिमा पेश गर्न निर्देशन दिने । |
| | १.३ | **हिसाव अध्यावधिक नभएको :** | ६ महिनाभित्र लिनुदिनु पर्ने हिसाव अध्यावधिक गरी फरफारक गरेर समितिलाई जानकारी दिन निर्देशन दिने । |
| | १.४ | **कानून विपरित प्रशासनिक खर्च बढी गरेको :** | ऐन, कानून विपरित खर्च गर्ने पदाधिकारीलाई सचेत गराउने र अब आइन्दा निर्धारित सिमाभित्र रही ऐन, कानून अनुरुप मात्र खर्च लेख्न निर्देशन दिने । |
| | १.५ | **सासेक सूचना राजमार्ग :** | अब आइन्दा निर्माण खर्चको तुलनामा परामर्श सेवामा खर्च नियन्त्रण गर्न निर्देशन दिने र बेरुजु लगत हटाउने । |
| | १.६ | **लाईसेन्स नवीकरण :** | तीन महिनाभित्र छानविन गरी समितिमा प्रतिवेदन पेश गर्न निर्देशन दिने । |

| क्र.सं | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निणय |
|---|---|---|---|
| | १.७ | **प्रसारण शुल्क :** | कानून बमोजिम उठ्नु पर्ने प्रसारण शुल्क समयमा असुल उपर गर्न गराउन निर्देशन दिने । |
| | १.८ | **रोयल्टी र फ्रिक्वेन्सी दस्तुर :** | दूरसञ्चार सेवा सञ्चालन गर्ने निकायले बुझाउनु पर्ने रोयल्टी र फ्रिक्वेन्सी दस्तुरको अभिलेख राखी प्राप्त हुनुपर्ने राजस्व असुल उपर गर्न निर्देशन दिने । |
| | १.९ | **नीति निर्धारण र पालना :** | सुझाव अनुसार जारी भएको नीति तथा ऐनको पालना गर्न र रेडियो फ्रिक्वेन्सी सम्बन्धी आवश्यक व्यवस्था गर्न निर्देशन दिने । |
| | १.१० | **नीतिको पूर्ण पालना :** | सार्वजनिक लेखा समितिको २०६७/०९/२९ को निर्णय अनुसार फ्रिक्वेन्सी वितरण सम्बन्धी नीति, दूरुपयोग नियन्त्रण र रोयल्टी असुली लगायतका विषयमा आवश्यक व्यवस्था गर्न निर्देशन दिने । |
| | १.११ | **कानूनी व्यवस्था बेगर कर्मचारी भर्ना :** | ऐन तथा सेवा सुविधा सम्वन्धी नियमावली वेगर कर्मचारी नियुक्त गरी तलव भत्ता तथा अन्य सुविधामा खर्च लेख्ने पदाधिकारीलाई सचेत गराउने र अब आइन्दा कानूनी व्यवस्था गरेर मात्र खर्च लेख्ने गर्न निर्देशन दिने । |
| | १.१२ | **भुक्तानी बाँकी :** | लिनुपर्ने रकम समयमै लिइ हिसाब अध्यावधिक राख्न निर्देशन दिने । |
| २. | २ | **लोककल्याणकारी विज्ञापन :** | लोककल्याणकारी विज्ञापन वापतको सुविधा प्रदान गरेका संस्थाहरुको प्रक्रिया पुगे नपुगेको सम्वन्धमा विस्तृत छानविन गरी तीन महिनाभित्र समितिमा प्रतिवेदन पेश गर्न निर्देशन दिने । |
| ३. | ३ | **राजस्वको लगत :** | राजस्वको अभिलेख व्यवस्थित गर्न निर्देशन दिने । |
| ४. | ४ | **फ्रिक्वेन्सी नीति र बाँडफाँड :** | सार्वजनिक लेखा समितिबाट २०६८/९/२६ मा दिएको निर्देशन बमोजिम बोलकवोल प्रक्रिया अपनाएर मात्र फ्रिक्वेन्सी वितरण गर्ने व्यवस्था गर्न निर्देशन दिने। |

| क्र.सं | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निणय |
|---|---|---|---|
| ५. | ५ | **फ्रिक्वेन्सीको प्रतिस्पर्धा :** | प्रतिस्पर्धा मार्फत वढाबढ गराई फ्रिक्वेन्सी वितरण गर्न निर्देशन दिने । |
| ६. | ६ | **टेलिभिजनको फ्रिक्वेन्सी :** | प्रसारण इजाजत नलिएका र म्याद पूरा भइसकेकाहरुको फ्रिक्वेन्सी रद्द गर्न निर्देशन दिने । |
| ७. | ७ | **एफ.एम. सेवाको फ्रिक्वेन्सी :** | लाइसेन्स खारेज भएका एफ.एम. हरुको फ्रिक्वेन्सी फिर्ता लिइ लगत कट्टा गर्न निर्देशन दिने । |
| ८. | ८ | **दूरसंचार रोयल्टी :** | |
| | ८.१ | मोबाइल सेवा प्रदायकहरुले प्रत्येक वर्ष बुझाउनु पर्नेमा यो वर्ष भन्दा अघिका रोयल्टी मात्र बुझाएको । | नविकरण गर्दा अब आइन्दा सम्पूर्ण दस्तुर र जरिवाना असुल उपर गरेर मात्र नविकरण गर्ने व्यवस्था गर्न निर्देशन दिने । |
| | ८.२ | अनुमति पत्र नविकरण गर्दाकै वखत बुझाउनु पर्ने रकम मन्त्रिपरिषद्ले किस्तावन्दी सुविधा दिने र सेवा प्रदायकले सर्त अनुसार नबुझाउने कार्यमा नियन्त्रण गर्नुपर्ने । | सुझाव अनुसार गर्न निर्देशन दिने । |
| ९. | ९ | **घटी रोयल्टी :** | |
| | ९.१ | अन्य सेवातर्फ ४५ सेवा प्रदायकले रोयल्टी बुझाउनु पर्ने उल्लेख भएकोमा एक मोवाइल सेवा प्रदायक र १३ अन्य सेवा प्रदायकले आय व्यय विवरणनै नबुझाएको र तीन सेवा प्रदायकको बिक्री कारोवार नभएको उल्लेख गरेको, एक प्रा.लि. ले रु. २४ लाख खर्च जनाएकोमा १९ लाख मात्र राजस्व दाखिला गरेकोले बाँकी दाखिला हुनुपर्ने । | सेवा प्रदायकसँग समयमै आय व्यय विवरण लिई राजस्व असुल गर्न निर्देशन दिने। |
| | ९.२ | आय व्यय विवरण पेश नगरेको र बिक्री नै नदेखाएको | सुझाव अनुसार गर्न निर्देशन दिने । |

| क्र.सं | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निणय |
|---|---|---|---|
| | | अवस्थामा प्राधिकरणबाट छानविन नगरेको, हरेक वर्ष समयमै रोयल्टी दाखिला गर्न र ढिला दाखिला गरेमा थप दस्तुर असुल गर्ने व्यवस्था गर्नुपर्ने । | |
| १०. | १० | **थप दस्तुर :** | |
| | १०.१ | ५ सेवा प्रदायकले फ्रिक्वेन्सी दस्तुर थप बुझाउनु पर्ने रु. ५ करोड ३ लाख असुल गर्नुपर्ने । | तीन महिनाभित्र असुल उपर गरी समितिलाई जानकारी गराउन निर्देशन दिने । |
| | १०.२ | अघिल्ला वर्ष खर्च जनाएको | खर्च जनाइसकेको दाखिला गर्न बाँकी रकम र लाग्ने थप दस्तुर सहित तीन महिना भित्र असुल उपर गर्न निर्देशन दिने । |
| | १०.३ | **कानुनत तोकिएको म्यादभित्र बुझाउनुपर्ने रकम नबुझाएको र अनुमति खारेज नगरेको ।** | असुल गर्नुपर्ने रकम तीन महिना भित्र असुल उपर गरी समितिलाई जानकारी गराउन निर्देशन दिने । |
| **सासेक सूचना राजमार्ग आयोजना** | | | |
| ११. | ११ | **निर्णय कार्यान्वयन :** | निर्णय अनुसार असुल गर्नुपर्ने रकम तीन महिना भित्र असुल उपर गरी समितिलाई जानकारी गराउन निर्देशन दिने । |
| १२. | १२ | **भेरियसन आदेश :** | भेरियसन स्वीकृत नगराउने सम्बन्धित पदाधिकारीलाई सचेत गराउने र अब आइन्दा स्वीकृत नगरी भेरियसन नगर्न नगराउन निर्देशन दिने । |
| १३. | १३ | **परामर्शदाताको भुक्तानी :** | तीन महिना भित्र छानविन गरी खर्चको बिल भरपाई बेगर भुक्तानी माग गर्ने र दिने दुवै पक्षलाई कानुनी कारबाही गर्न र समितिलाई जानकारी दिन निर्देशन दिने । |
| **सार्क विकास कोष** | | | |

| क्र.सं | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निणय |
|---|---|---|---|
| १४. | १४ | **सूचना केन्द्र :** | हस्तान्तरण गरिएका उपकरणहरूको यथार्थ अवस्था संकलन गरी सोको संरक्षण गर्न र विवरण समितिमा पेश गर्न निर्देशन दिने । |
| **हुलाक सेवा विभाग** | | | |
| १५. | १५ | **टेलिसेन्टर :** | टेलिसेन्टर खारेज भै सकेकोले केहि गर्न नपर्ने । |
| १६. | १६ | **हुलाक टिकट मौज्दात :** | अत्यधिक मौज्दात नरहने गरी विभागबाट आवश्यकताको निर्धारण गरी छपाई कार्यको आदेश दिने व्यवस्था गर्न निर्देशन दिने । |
| **राष्ट्रिय सूचना आयोग** | | | |
| १७. | १७ | **सहायता सम्झौता :** | अब आइन्दा बजेटमा समावेश गरेर मात्र खर्च गर्न र सम्पूर्ण खर्च रकमको लेखापरीक्षण गर्न र समितिमा जानकारी पेश गर्न निर्देशन दिने । |
| **केन्द्रीय धनादेश कार्यालय** | | | |
| १८. | १८ | **वित्तीय विवरण :** | सुझाव अनुसार गर्न निर्देशन दिने । |
| १९. | १९ | **व्याज दायित्व वृद्धि :** | सुझाव अनुसार गर्न निर्देशन दिने । |
| २०. | २० | **नगद मौज्दात :** | सुझाव अनुसार गर्न निर्देशन दिने । |
| २१. | २१ | **लेखापरीक्षण :** | समयमै लेखा परीक्षण गर्न गराउन निर्देशन दिने । |

# प्रतिनिधि सभा
# सार्वजनिक लेखा समिति
# बेरुजु छलफल उपसमिति
# सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
## महालेखापरीक्षकको ५५औं वार्षिक प्रतिवेदन, २०७३/०७४ उपर भएको छलफलका मिति २०७६/०२/३० का निणर्यहरु

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| १. | १ | **योजना नीति र बजेट कार्यान्वयन :** | सुझाव अनुसार गर्न गराउन निर्देशन दिने । |
| २. | २ | **फ्रिक्वेन्सी नीति :** | फ्रिक्वेन्सी वितरण सम्बन्धी आवश्यक नीति, ऐन नियममा समयानुकुल परिवर्तन गरी गराई फ्रिक्वेन्सी व्याण्डहरू बढाबढ गरी सेवा प्रदायकहरूलाई वितरण गर्न निर्देशन दिने । |
| ३. | ३ | **बढाबढ :** | फ्रिक्वेन्सी सेवालाई प्रतिष्पर्धा हुने गरी वितरण गर्ने व्यवस्था गर्न निर्देशन दिने। |
| ४. | ४ | **न्यूनतम फ्रिक्वेन्सी दस्तुर :** | अब आइन्दा जी.एस. एम. मोबाइल सेवाको निम्ति छुट्याइएको न्यूनतम फ्रिक्वेन्सी दस्तुर एकमुष्ट रूपमा सो सेवा प्रदायकको बार्षिक कुल आम्दानीको ०.४ प्रतिशत रकम कायम गरिने नीतिगत व्यवस्थामा रहेको अस्पष्टतालाई तत्काल आवश्यक कानुनी व्यवस्था गरी दस्तुर निर्धारण गर्न निर्देशन दिने । |
| ५. | ५ | **फ्रिक्वेन्सी दस्तुर :** | चालु आर्थिक बर्ष भित्र असुल उपर गर्न बाँकी फ्रिक्वेन्सी दस्तुरमा थप दस्तुर समेत असुल उपर गरी समितिलाई जानकारी दिन निर्देशन दिने । |
| ६. | ६ | **दूरसंचार रोयल्टी :** | असुल गर्न बाँकी रोयल्टी तीन महिना भित्र असुल गरी समितिलाई जानकारी दिन |

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| | | | निर्देशन दिने । |
| ७. | ७ | **रोयल्टी तथा फ्रिक्वेन्सी :** | असुल गर्न बाँकी रोयल्टी तथा फ्रिक्वेन्सी दस्तुर व्याज सहित तीन महिना भित्र असुल गरी समितिलाई जानकारी दिन निर्देशन दिने । |
| ८. | ८ | **रोयल्टी ढिला दाखिला :** | समयमा दस्तुर नबुझाउने उपर आवश्यक कानुनी व्यवस्था गरी थप दस्तुर समेत लिई उठाउनु पर्ने रोयल्टी असुल उपर गर्न निर्देशन दिने । |
| ९. | ९ | **राजस्व वक्यौता :** | नियमानुसार राजश्वको लगत अध्यावधिक गरी चालु आ.व. भित्र बक्यौता असुल उपर गरेर समितिलाई जानकारी गराउन निर्देशन दिने । |
| १०. | १० | **सञ्चिती :** | सुझाव अनुसार गर्न निर्देशन दिने । |
| ११. | ११ | **सटही सुविधा :** | अब आइन्दा सिफारिस प्रक्रियामा बढी सटही सिफारिस नहुने सुनिश्चितता गरी प्रक्रियामा नियन्त्रण गर्न निर्देशन दिने । |
| १२. | १२ | **विज्ञापन रहित नीति :** | सुझाव अनुसार गर्न निर्देशन दिने । |
| १३. | १३ | **डिजिटल प्रविधिमा परिवर्तन :** | डिजिटल प्रणालीमा गइसकेकोले केहि गर्नु नपर्ने । |
| १४. | १४ | **अनुगमन :** | नियमावलीको व्यवस्था अनुरुप निरीक्षण र अनुगमन गर्न निर्देशन दिने । |
| १५. | १५ | **पत्रकार कल्याण कोष :** | पत्रकार कल्याण कोष गठनको उद्देश्य अनुरुप दुवै कोषको आवश्यक कार्यविधि बनाई चालु आ.व. भित्र कार्यान्वयन गर्न निर्देशन दिने । |
| **सासेक सूचना मार्ग आयोजना** | | | |
| १६. | १६ | **परामर्श खर्च :** | म्यानुअल तयार गरी आयोजनाको कार्य समेत सम्पन्न भै सकेकोले केहि गर्न नपर्ने । |
| १७. | १७ | **अप्टिकल फाइवर :** | सम्झौतामा उल्लिखित प्रावधान अनुसार मात्र काम गर्न गराउन र आवश्यक परे |

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| | | | भेरियसन स्वीकृति गरी गराई कार्य गर्न गराउनक् र विस्तृत कार्य सम्पन्न प्रतिवेदन समितिमा पेश गर्न निर्देशन दिने, । |
| १८. | १८ | **रिटेन्शन मनी :** | नेपाल सरकारलाई आर्थिक दायित्व पर्ने गरी निर्माण व्यावासीसंग सम्झौता गर्ने र प्रोजेक्ट अवधि भित्र Final Acceptance Certificate लिने कार्य नगर्ने पदाधिकारीलाई कानुनी कारवाही गरी समितिलाई जानकारी गराउन निर्देशन दिने । |
| १९. | १९ | **पूर्व निर्धारित क्षतिपूर्ति :** | असुल गर्न बाँकी रहेको रकम तिन महिना भित्र असुल उपर गरी समितिलाई जानकारी दिन निर्देशन दिने । |
| २०. | २० | **आयोजना संचालन :** | सुझाव अनुसार गर्न गराउन निर्देशन दिने । |
| **हुलाक सेवा विभाग** | | | |
| २१. | २१ | **इजाजत :** | स्वदेशी तथा विदेशी संस्थालाई हुलाक सेवा संचालन गर्न दिंदा इजाजत दस्तुर, नवीकरण दस्तुर र रोयल्टी लिने व्यवस्था गरी हुलाक सेवा संचलान व्यवस्थित गर्न निर्देशन दिने । |
| २२. | २२ | **हुलाक सेवा संचालन :** | हुलाक सेवाको पुनः संरचना गर्न र हुलाक सेवाको विविधिकरण तथा आधुनिकीकरण गरी समय सापेक्ष बनाउन निर्देशन दिने । |
| २३. | २३ | **चिठ्ठीपत्र/पार्सल ढुवानी :** | सुझाव अनुसार गर्न गराउन निर्देशन दिने । |
| २४. | २४ | **टर्मिनल ड्यूज :** | हुलाक सेवा विभाग र विश्व हुलाक सेवा वीच लिनु दिनु पर्ने हिसाब फरफारक गर्न निर्देशन दिने । |
| २५. | २५ | **भवन निर्माण :** | सुझाव अनुसार गर्न निर्देशन दिने । |

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| २६. | २६ | **हुलाक वचत बैंक :** | सुझाव अनुसार गर्न निर्देशन दिने । |
| २७. | २७ | **टेलिसेन्टर :** | टेलिसेन्टर खारेज भै सकेकाले केहि गर्न नपर्ने । |
| **सूचना विभाग** | | | |
| २८. | २८ | **लोक कल्याणकारी विज्ञापन :** | लोककल्याणकारी विज्ञापन वापतको सुविधा प्रदान गरेका संस्थाहरुको प्रक्रिया पुगे नपुगेको सम्वन्धमा विस्तृत छानविन गरी तीन महिनाभित्र समितिमा प्रतिवेदन पेश गर्न निर्देशन दिने । |
| **केन्द्रीय टिकट भण्डार** | | | |
| २९. | २९ | **टिकट मौज्दात :** | मौज्दात र खर्चको विश्लेषण गरी अत्यधिक मौज्दात नरहने गरी विभागबाट आवश्यकताको निर्धारण गरी छपाई कार्यको आदेश दिने व्यवस्था गर्न निर्देशन दिने । |
| ३०. | ३० | **हुलाक टिकट ठेक्का :** | सुझाव अनुसार गर्न निर्देशन दिने । |
| **संस्था र समिति**<br>**रेडियो प्रसार विकास समिति (२०७३/०७४)** | | | |
| ३१. | ३१ | **आय व्यय स्थिति :** | - |
| ३२. | ३२ | **जग्गा भाडा :** | बजार मूल्यको आधारमा प्रतिष्पर्धा नगराई भाडा सम्झौता गर्ने पदाधिकारीलाई कानुनी कारबाही गर्न र अब आइन्दा प्रतिष्पर्धा गराएर मात्र भाडामा लिन दिन आवश्यक व्यवस्था गर्न निर्देशन दिने । |
| **२०७२/०७३** | | | |
| ३३. | ३३ | **संचालन स्थिति :** | रेडियो प्रसार विकास समिति आत्मनिर्भर हुने तर्फ आबश्यक कार्य योजना बनाई लागु |

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| | | | गर्न निर्देशन दिने । |
| ३४. | ३४ | **करार कर्मचारी :** | समयमै स्थायी दरबन्दीमा जनशक्ति पूर्ति गर्न, कानुन बमोजिम तोकिएको सिमा र अवधी भन्दा बढी कर्मचारी भर्ना नगर्न निर्देशन दिने । |
| २०७१/०७२ | | | |
| ३५. | ३५ | **लगानी स्थिति :** | सुझाव अनुसार गर्न निर्देशन दिने । |
| ३६. | ३६ | **निवृत्तिभरण दायित्व :** | स्वीकृति बेगर खर्च गर्ने कार्यमा नियन्त्रण गर्न निर्देशन दिने । |
| **गोरखापत्र संस्थान** (२०७२/०७३) | | | |
| ३७. | ३७ | **वित्तीय स्थिति तथा संचालन नतिजा :** | - |
| ३८. | ३८ | **संस्थान संचालन :** | सुझाव अनुसार गर्न निर्देशन दिने । |
| ३९. | ३९ | **शंकास्पद असामी :** | आसामी सम्बन्धमा आवश्यक निर्णय लिई असुल उपर गरी तिन महिना भित्र समितिमा जानकारी गराउन निर्देशन दिने । |
| | ३९.१ | **आयकर पेश्की :** | आयकर पेश्की रकम सम्बन्धमा छानविन गरी एक महिना भित्र समितिमा प्रतिवेदन गर्न निर्देशन दिने । |

# प्रतिनिधि सभा
# सार्वजनिक लेखा समिति
# बेरुजु छलफल उपसमिति
# सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
## महालेखापरीक्षकको ५६औं वार्षिक प्रतिवेदन, २०७४/०७५ उपर भएको छलफलका मिति २०७६/०२/३० का निणर्यहरु

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| १. | १ | **योजना नीति र बजेट कार्यान्वयन :** | आवधिक योजना र बजेट बक्तव्यमा समावेश भएका कार्यक्रम समयमै कार्यान्वयन गर्न निर्देशन दिने । |
| २. | २ | **ब्रोडव्याण्ड नीति :** | सुझाव अनुसार गर्न गराउन निर्देशन दिने । |
| ३. | ३ | **क्लाउड कम्प्युटिंग :** | सुझाव अनुसार गर्न गराउन निर्देशन दिने । |
| ४. | ४ | **फ्रिक्वेन्सी पुनर्वितरण :** | सुझाव अनुसार गर्न गराउन निर्देशन दिने । |
| ४. | ५ | **न्यूनतम फ्रिक्वेन्सी दस्तुर :** | नियमानुसार बुझाउनुपर्ने दस्तुर बुझाउन बाँकी नदेखिएकोले बेरुजु लगत हटाउन निर्देशन दिने । |
| ५. | ६ | **फ्रिक्वेन्सी दस्तुर असुली :** | असुल गर्नुपर्ने दस्तुर र थप दस्तुर समेत तीन महिना भित्र असुल गरी गराई समितिलाई जानकारी गराउन निर्देशन दिने । |
| ७. | ७ | **दूरसंचार रोयल्टी :** | दूर संचार रोयल्टी बुझाउनुपर्ने ३ सेवा प्रदायक मध्ये ब्रोड लिंक नेटवर्क एण्ड कम्युनिकेशनले बुझाइसकेकोले उक्त कम्पनीको नाममा रहेको बेरुजु लगत हटाउने र बाँकी २ कम्पनि संग तीन महिना भित्र असुल उपर गरी समितिलाई जानकारी गराउन निर्देशन दिने । उल्लिखित २० सेवा प्रदायकको हकमा दूरसंचार नियमावली, २०५४ को नियाम २६ र अनुशूची ६ (क) |

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| | | | अनुसार Support Charge, Annual Maintenance, Technical Charge,र Monitoring Charge जस्ता गैर दूरसंचार सेवामा RTDF र रोयल्टी नलाग्ने देखिएकोले बेरुजु लगत हटाउन निर्देशन दिने । |
| ८. | ८ | **किस्तावन्दीको रोयल्टी :** | बुझाउन बाँकी रोयल्टी तथा फ्रिक्वेन्सी दस्तुरको किस्ता ब्याज सहित तीन महिना भित्र असुल उपर गर्न निर्देशन दिने । |
| ९. | ९ | **थप दस्तुर :** | असुल उपर भै सकेकोले बेरुजु लागत हटाउन निर्देशन दिने । |
| १०. | ९ | **सञ्चिती :** | सुझाव अनुसार गर्न निर्देशन दिने । |
| ११. | ११ | **सशर्त अनुदान :** | सुझाव अनुसार गर्न निर्देशन दिने । |
| **हुलाक सेवा विभाग** | | | |
| १२. | १२ | **इजाजत :** | स्वदेशी तथा विदेशी संस्थालाई हुलाक सेवा संचालन गर्न दिंदा इजाजत दस्तुर, नवीकरण दस्तुर र रोयल्टी लिने व्यवस्था गरी हुलाक सेवा संचलान व्यवस्थित गर्न निर्देशन दिने । |
| १३. | १३ | **हुलाक सेवा सञ्चालन :** | हुलाक सेवाको पुनः संरचना गर्न र हुलाक सेवाको विविधिकरण तथा आधुनिकीकरण गरी समय सापेक्ष बनाउन निर्देशन दिने । |
| १४. | १४ | **टर्मिनल ड्यूज :** | हुलाक सेवा विभाग र विश्व हुलाक सेवा वीच लिनु दिनु पर्ने हिसाब फरफारक गर्न निर्देशन दिने । |
| १५. | १५ | **चिठ्ठीपत्र व्यवस्थापन :** | सुझाव अनुसार गर्न गराउन निर्देशन दिने । |
| १६. | १६ | **डाँक ढुवानी :** | कारोबारसँग सम्बन्धित सेवा प्रदायकको विल बिजक एवं ठेगाना छानविन नगरी भुक्तानी पठाएको सम्बन्धमा अध्ययन गरी तयार गरेको प्रतिवेदन समितिमा पेश गर्न निर्देशन दिने । |
| १७. | १७ | **भवन निर्माण :** | सर्वोच्च अदालतमा मुद्दा विचाराधीन रहेको जनाएकोले फैसला पछि सोहि अनुसार गर्न निर्देशन |

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| | | | दिने । |
| १८. | १८ | **हुलाक वचत बैंक :** | सुझाव अनुसार गर्न निर्देशन दिने । |
| १९. | १९ | **हुलाक बचत बैंकको ऋण :** | निर्देशिका बमोजिम कारबाही गरी तीन महिना भित्र सावाँ व्याज असुल उपर गर्न र सो को जानकारी समितिलाई दिन निर्देशन दिने । |
| २०. | २० | **तहविल मौज्दात :** | निर्देशिका बमोजिम तहबिल रकम बर्षको अन्तमा शून्य गराउन र न्यूनतम तहविल रकम कायम गर्न निर्देशन दिने । |
| २१. | २१ | **लेखापरीक्षण :** | समयमै आ.ले.प. गर्ने व्यवस्था मिलाउन र नियमानुसार लेखापरीक्षण नियमित गरी गराई बचत बैंकको कारोबार अध्यावधिक गराउन निर्देशन दिने । |
| **सूचना तथा प्रशारण विभाग** | | | |
| २२. | २२ | **प्रविधिगत सम्मिलन :** | राष्ट्रिय आमसञ्चार नीति, २०७३मा आवश्यक परिमार्जान गरि सोहि अनुसार कानुन निर्माण प्रक्रिया अघि बढाउन निर्देशन दिने । |
| २३. | २३ | **प्रेस प्रतिनिधि प्रमाणपत्र :** | सुझाव अनुसार गर्न गराउन निर्देशन दिने । |
| २४. | २४ | **फ्रिक्वेन्सी वितरण :** | राष्ट्रिय आमसंचार नीति, २०७३ को प्रावधान अनुरुप प्रतिष्पर्धाका आधारमा फ्रिक्वेन्सी वितरण गर्न गराउन निर्देशन दिने । |
| **सूचना प्रविधि विभाग** | | | |
| २५. | २५ | **जग्गाधनी प्रमाणपुर्जा :** | सुरक्षण मुद्रण विकास समितिलाई हस्तान्तरण भएको देखिएकोले सोहि अनुसार जग्गाधनी प्रमाणपुर्जा बनाई जग्गाको सुरक्षा तथा सदुपयोग गर्न निर्देशन दिने । |
| २६. | २६ | **तथ्याङ्क भण्डारण :** | सुझाव अनुसार गर्न गराउन निर्देशन दिने । |

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| २७. | २७ | **सफ्टवेयर प्रमाणीकरण :** | सुझाव अनुसार गर्न गराउन निर्देशन दिने । |
| **प्रमाणीकरण नियन्त्रकको कार्यालय** | | | |
| २८. | २८ | **सफ्टवेयर लाइसेन्स उपयोग :** | सफ्टवेयर लाइसेन्स खरिद र उपयोग सम्बन्धमा छानविन गरि एकमहिना भित्र समितिमा प्रतिवेदन पेश गर्न निर्देशन दिने । |
| २९. | २९ | **डिजिटल हस्ताक्षर :** | सुझाव अनुसार गर्न गराउन निर्देशन दिने । |
| **केन्द्रीय टिकट भण्डार** | | | |
| ३०. | ३० | **टिकट मौज्दात :** | मौज्दात र खर्चको विश्लेषण गरी अत्यधिक मौज्दात नरहने गरी विभागबाट आवश्यकताको निर्धारण गरी छपाई कार्यको आदेश दिने व्यवस्था गर्न निर्देशन दिने । |
| **संगठित संस्था र समिति** | | | |
| **रेडियो प्रसार सेवा विकास समिति (२०७३/०७४)** | | | |
| ३१. | ३१ | **सार्वजनिक प्रशारण संस्था :** | बजेट बक्तव्यमा उल्लेख भए अनुरुप रेडियो नेपाल र नेपाल टेलिभिजनलाई सार्वजनिक प्रशारक संस्थाको रूपमा परिवर्तित प्रविधिको उपयोग गरी संचालन गर्न गराउन निर्देशन दिने । |
| ३२. | ३२ | **जग्गाधनी प्रमाण पुर्जा तथा भाडा :** | सबै जग्गाको जग्गाधनी प्रमाणपुर्जा लिन, बजार मूल्यको आधारमा प्रतिष्पर्धा नगराई भाडा सम्झौता गर्ने पदाधिकारीलाई कानुनी कारबाही गर्न, सम्झौता अनुसार भाडा असुल गर्न र अब आइन्दा प्रतिष्पर्धा गराएर मात्र भाडामा लिन दिन आवश्यक व्यवस्था गर्न निर्देशन दिने । |
| **नेपाल दूरसंचार प्राधिकरण** | | | |
| ३३. | ३३ | **सञ्चालन नतिजा :** | - |
| ३४. | ३४ | **मोवाइल सेवा नवीकरण :** | निर्धारित समयमै बक्यौता असुल उपर गर्न गराउन निर्देशन दिने । |

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| ३५. | ३५ | **बक्यौता :** | तीन महिना भित्र बक्यौता रकम असुल उपर गरि गराई समितिलाई जानकारी दिन निर्देशन दिने । |
| ३६. | ३६ | **सेवा सञ्चालन :** | उल्लिखित सेवा प्रदायक कम्पनीले छुट्टै अनुमति लिएर शाखा कर्यालय संचालन गरेको नभई केन्द्रिकृत रुपमा बिलिंग गरी सोहि अनुसार आय विवरण पेश गरी सेवा संचालन गरेको देखिएकोले बेरुजु लगत हटाउने । |
| ३७. | ३७ | **परामर्श सेवा :** | सुझाव अनुसार गर्न गराउन निर्देशन दिने । |
| ३८. | ३८ | **ग्रामिण दूरसंचार विकास कोष :** | |
| | ३८.१ | **अप्टिकल फाइबर नेटवर्कमा लागत निर्माणको आधार नभएको :** | भू बनोटको भिन्नता, DWDM को क्षमता र ढुवानी मूल्यमा फरक पर्ने देखिएकोले केहि गर्न नपर्ने । |
| | ३८.२ | **प्रतिष्पर्धा नगराई बार्ताद्वारा निर्माण कार्य गराएको :** | अब आइन्दा प्रतिष्पर्धा गराई निर्माण कार्य गर्न गराउन निर्देशन दिने । |
| | ३८.३ | **सेवा संचालन नभएको :** | नियमित अनुगमन गर्न र सेवा संचालन नगरेको समयको भुक्तानी असुल उपर गर्ने गराउने व्यवस्था गर्न निर्देशन दिने । |
| | ३८.४ | **बोलपत्रको त्रुटिपूर्ण मूल्यांकन** | छानविन गरी तीन महिना भित्र समितिमा प्रतिवेदन पेश गर्न निर्देशन दिने । |
| | ३८.५ | **योग्यता नपुगेको र बक्यौता बाँकी रहेको कम्पनी सँग खरिद सम्झौता गरेको छानविन हुनुपर्ने :** | छानविन गरी तीन महिना भित्र समितिमा प्रतिवेदन पेश गर्न निर्देशन दिने । |
| **नेपाल टेलिभिजन, २०७४/७५** | | | |

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| ३९. | ३९ | **वित्तीय स्थिति र संचालन नतिजा :** | - |
| ४०. | ४० | **व्यापार समायोजन हिसाब :** | सुझाव अनुसार गर्न गराउन निर्देशन दिने । |
| ४१. | ४१ | **बक्यौता :** | तीन महिना भित्र बक्यौता असुल उपर गर्न र लिनुदिनु पर्ने हिसाब अध्यावधिक राखी समितिलाई विस्तृत विवरण उपलब्ध गराउन निर्देशन दिने । |
| नेपाल दूर संचार कम्पनि लिमिटेड ( नेपाल टेलिकम), २०७४/७५) | | | |
| ४२. | ४२ | **वित्तीय स्थिति तथा संचालन नतिजा :** | - |
| ४३. | ४३ | **लागत लाभ विश्लेषण :** | सुझाव अनुसार गर्न गराउन निर्देशन दिने । |
| ४४. | ४४ | **प्रति ग्राहक आम्दानी :** | सुझाव अनुसार गर्न गराउन निर्देशन दिने । |
| ४५. | ४५ | **कोष व्यवस्थापन :** | लगानीका बैकल्पिक उपायहरूको अवलम्वन गरी कोष व्यवस्थापन गर्न निर्देशन दिने । |
| ४६. | ४६ | **एफ.टि.टी.एच. सेवा :** | एफ.टि.टी.एच. सेवा विस्तारमा ग्राहकको चाहना र माग अनुसार गुणस्तरीय सेवा उपलब्ध गराउन रणनीतिक योजना बनाई कार्यान्वयन गर्न निर्देशन दिने । |
| ४७. | ४७ | **वाई म्याक्स योजना :** | स्पष्ट व्यापारिक योजना बनाई अन्य सेवासँग दोहोरो नपर्ने गरी सेवाको व्यवस्थापन गर्न निर्देशन दिने । |
| ४८. | ४८ | **फोर जि/एल.टि.ई. सेवा :** | निर्धारित समय भित्रै फोर जि/एल.टि.ई. सेवा विस्तार गरी देशभर गुणस्तरीय सेवा प्रदान गर्न निर्देशन दिने । |
| ४९. | ४९ | **ब्याण्ड विथ खरिद :** | स्याटेलाइट ब्याण्ड विथका लागि निजी सेवा प्रदायकहरुले भुक्तानी गरे अनुरुप बढी नहुने गरी वैदेशिक मुद्रा भुक्तानी गर्ने व्यवस्था मिलाउन र आफ्नै स्याटेलाइट राख्ने तर्फ आवश्यक व्यवस्था गर्न निर्देशन दिने । |

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| ५०. | ५० | **एक्सचेन्जहरुको ट्राफिक व्यवस्थापन :** | कम्पनीको क्षेत्रीय कार्यालय अन्तर्गत रहेका वेस स्टेशन र उपकरणको बढीभन्दा बढी उपयोग गरी नेटवर्क अप्टीमाइजेशन गर्न निर्देशन दिने । |
| ५१. | ५१ | **अन्तर्राष्ट्रिय कल ट्राफिक :** | अन्तर्राष्ट्रिय कल आम्दानीमा भएको कमीलाई पूरा गर्न नयाँ व्यापार रणनीति बनाई लागू गर्न निर्देशन दिने । |
| ५२. | ५२ | **योजना कार्यान्वयन :** | सुझाव अनुसार गर्न निर्देशन दिने । |
| ५३. | ५३ | **के.पी.ई. परिपालना :** | सुझाव अनुसार गर्न निर्देशन दिने । |
| ५४. | ५४ | **निर्णय र निर्देशन कार्यान्वयन :** | एफ.टि.टी.एच., फोरजि/एल.टी.ई. र ग्रामिण दूरसञ्चार विकास परियोजनाका विषयमा परियोजनाहरुको विश्लेषण गरी गुणस्तरीय सेवा उपलब्ध गराउन कार्ययोजना बनाई कार्यान्वयन गर्न निर्देशन दिने । |
| ५५. | ५५ | **क्षमता अभिवृद्धि योजना :** | सुझाव अनुसार गर्न निर्देशन दिने । |
| ५६. | ५६ | **अनुसन्धान तथा विकास :** | सुझाव अनुसार गर्न निर्देशन दिने । |
| ५७. | ५७ | **आसामी :** | संसदीय समितिको निर्देशन कार्यान्वयन नगरी सम्झौताका सर्त बमोजिम सेवा प्रदायकबाट असुल गर्नुपर्ने रकम असुल उपर नगर्ने पदाधिकारीलाई सचेत गराउन र तीन महिनाभित्र वक्यौता रकम असुल उपर गरी समितिलाई जानकारी गराउन निर्देशन दिने । |

## खण्ड-४

# उपसमितिका प्रतिवेदनहरु

संघीय संसद

प्रतिनिधि सभा

# सार्वजनिक लेखा समिति

## वैज्ञानिक वन व्यवस्थापन कार्यक्रमका सम्बन्धमा अध्ययन गर्न गठित उपसमितिद्वारा तयार गरिएको अध्ययन

## प्रतिवेदन, २०७७

### प्रस्तुतकर्ता

| | | |
|---|---|---|
| माननीय प्रदिप यादव | - | संयोजक |
| माननीय प्रेमबहादुर आले | - | सदस्य |
| माननीय मिना सुब्बा | - | सदस्य |

### समिति सचिवालय

| | | |
|---|---|---|
| डा. रोजनाथ पाण्डे | - | समिति सचिव |
| प्रदिपकुमार नेपाल | - | उपसचिव |
| सरस्वती मरहट्टा | - | शाखा अधिकृत |
| रामप्रसाद सापकोटा | - | नायब सुब्बा |

२०७७ भाद्र

# मन्तब्य

**माननीय सभापतिज्यू,**
**सार्वजनिक लेखा समिति ।**

समितिको मिति २०७७ असार ५ गतेको बैठकको निर्णयानुसार वैज्ञानिक वन व्यवस्थापन कार्यक्रमका विषयमा अध्ययन गरी समितिमा प्रतिवेदन पेश गर्न गठित यस उपसमितिले प्राप्त कार्यादेश बमोजिम जिम्मेवारी निर्वाह गर्ने क्रममा सिन्धुली, सर्लाही, रौतहट, बारा, पर्सा, नवलपरासी, कपिलबस्तु, बाँके, कैलाली र कञ्चनपुर जिल्लाहरुको सामुदायिक, साझेदारी र कबुलियती वनमा वैज्ञानिक वन व्यवस्थापन कार्यक्रम लागू गर्ने क्रममा भएका वन फँडानी तथा आर्थिक अपचलनका सम्बन्धमा स्थलगत अध्ययन तथा अनुसन्धान गरी प्राप्त कागजात र त्यसमा उल्लिखित घटनाक्रमका अतिरिक्त संलग्न विवरणका सम्बन्धमा विस्तृत छलफल गरेको थियो । त्यस्तै सम्बन्धित मन्त्रालय, विभाग, वन उपभोक्ता महासंघ लगायतबाट आवश्यक विवरण समेत माग गरी त्यसका विविध पक्षमा छलफल, अध्ययन र विश्लेषण गरेको थियो । यसै क्रममा जिल्ला वन कार्यालय तथा सम्बन्धित सामुदायिक वन उपभोक्ता समितिहरुबाट उपलब्ध कागजातहरुलाई अध्ययन गर्नुका साथै स्थलगत अवलोकन तथा अन्तरक्रिया समेत गरेको थियो । विभिन्न स्रोतबाट प्राप्त जानकारीहरुको अध्ययन, अनुसन्धान र विश्लेषणका आधारमा यो प्रतिवेदन तयार गरी प्रस्तुत गरिएको व्यहोरा अनुरोध गर्दछु ।

विशेष गरी सालको वन फँडानीबाट प्रभावित व्यक्ति तथा समुदायहरुको समस्या र सरोकारवालाहरुको हितलाई यथाशीघ्र सम्बोधन हुनु अत्यन्त जरुरी रहेको सन्दर्भलाई मध्यनजर गरी प्रतिवेदनमा सिफारिस गरिएका विषयवस्तुहरुमाथि समितिले उपयुक्त निर्णय लिने कुरामा उपसमिति विश्वस्त रहेको छ । समस्या समाधानका लागि समितिका तर्फबाट निम्नलिखित निर्देशनहरु दिन उपयुक्त देखिएको कुरा जानकारी गराउन चाहन्छु :

**(क) नीतिगत एवं कानुनी सुधारका लागि दिनुपर्ने निर्देशनहरु**

१. नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ को नियम ५ (अनुसूची २ को १(८)) अनुसार संघीय मन्त्रालयहरुले तर्जुमा गर्ने निर्देशिका र कार्यविधिहरु मन्त्रिपरिषद्बाट स्वीकृत गराउनु पर्ने व्यवस्था रहेको र वन ऐन, २०७६ को दफा ८४ मा वन ऐन र वन नियमावलीको कार्यान्वयनका लागि आवश्यक पर्ने निर्देशिका र कार्यविधिहरु नेपाल सरकारले पारित गर्नुपर्ने व्यवस्था रहेकोमा तत्कालीन वन तथा भू-संरक्षण मन्त्रालयबाट मिति २०७१।७।२७ को सचिवस्तरीय निर्णयबाट वैज्ञानिक वन व्यवस्थापन कार्यविधि, २०७१ लागू गर्दै आएको देखिएको हुँदा वैज्ञानिक वन व्यवस्थापन कार्यविधि, २०७१ खारेज गरी राष्ट्रिय वन नीति, २०७५ र वन ऐन, २०७६ को उद्देश्य अनुरुप वन क्षेत्रको आर्थिक, सामाजिक र वातावरणीय पक्ष समेत विचार गरी सहभागितामूलक रुपमा दिगो वन व्यवस्थापन गर्न आवश्यक पर्ने सूचकहरु सहितको राष्ट्रिय मापदण्ड तर्जुमा गरी लागू गर्न नेपाल सरकारलाई निर्देशन दिने ।

२. वन ऐन, २०७६ को दफा ११ बमोजिम वन क्षेत्रका लागि एकिकृत वा प्रदेशगत र डिभिजनल तहमा समेत वनसम्बन्धी रणनीतिक योजना तर्जुमा गरी सोही अनुसार वन व्यवस्थापन गर्ने व्यवस्था भएकोमा सो नगरी प्राकृतिक वनमा रहेको विशेष गरी सालका रुख कटानमा केन्द्रित भई वैज्ञानिक वन व्यवस्थापन कार्ययोजनाहरु मात्र तर्जुमा गरी कार्यान्वयन गर्दा वन तथा वातावरणको विनाश र आर्थिक क्षति हुन गएको देखिएकोले वैज्ञानिक वन व्यवस्थापन कार्ययोजनाहरु तत्काल खारेज गरी

वन ऐन, २०७६ को दफा ११ बमोजिम वन तथा वातावरण मन्त्रालयको संयोजनमा आर्थिक, सामाजिक र वातावरणीय पक्षको समेत विचार गरी एकिकृत वा प्रदेशगत तहमा वनसम्बन्धी रणनीतिक योजना तर्जुमा गरी सोही अनुसार सामुदायिक वन र साझेदारी वनसम्बन्धी दिगो वन व्यवस्थापन कार्ययोजना तर्जुमा गर्न र त्यसलाई कार्यान्वयन गरी वन व्यवस्थापन गर्न नेपाल सरकारलाई निर्देशन दिने ।

३. वातावरण संरक्षण ऐन, २०७६ को दफा ३० बमोजिम घोषणा गरिएको चुरे वातावरण संरक्षण क्षेत्रमा वातावरण संरक्षण नियमावली, २०७७ को नियम ३४ अनुसार कुनै पनि वनस्पति काट्न, ढाल्न, हटाउन, उखेल्न, फेर्न तथा वनस्पतिलाई हानि नोक्सानी पुऱ्याउन नपाइने व्यवस्था गरिएको, वातावरण संरक्षण क्षेत्रको आधिकारिक निकायको रुपमा रहेको राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समितिले वन कार्यालयहरुलाई रुख कटान गर्ने गरी कार्ययोजना बनाउन अनुमति वा स्वीकृति नदिएको, नेपाल सरकार मन्त्रिपरिषद्बाट मिति २०७२।१।२५ मा चुरे क्षेत्रमा १९ डिग्रीसम्मको भिरालो वनबाट ढलापडा, मरेको, मर्न लागेको, रोग लागेको, बाङ्गाटिङ्गा र बुढा रुखहरुबाट मात्र काठ दाउरा संकलन गर्न पाइने र काठ दाउरा संकलन गर्ने प्रयोजनका लागि चुरे क्षेत्रको वनमा बाटो बनाउन नपाईने निर्णय भएको र नेपाल सरकार मन्त्रिपरिषद्बाट स्वीकृत चुरे तराई मधेश संरक्षण तथा व्यवस्थापन गुरुयोजना, २०७४ मा १९ डिग्रीभन्दा बढी भिरालो वनमा संरक्षणमुखी वन व्यवस्थापन मात्र गर्न पाइने व्यवस्था गरेको अवस्थामा यीक्षेत्रमा लागू गरिएका वैज्ञानिक वन व्यवस्थापन कार्यक्रम रद्ध गरी दिगो वन व्यवस्थापन कार्ययोजनाहरु तर्जुमा गरी कार्यान्वयन गर्न वन तथा वातावरण मन्त्रालयलाई निर्देशन दिने ।

४. सार्वजनिक लेखा समितिद्वारा गठित वैज्ञानिक वन व्यवस्थापन कार्यक्रम अध्ययन तथा छानबिन उपसमितिलाई स्थलगत अध्ययन, अनुसन्धान र अवलोकन क्रममा वन तथा वातावरण मन्त्रालय, प्रदेशमा रहेको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, प्रदेश वन निर्देशनालय, वन कार्यालयहरु र वन उपभोक्ता समूहहरुले आवश्यक कागजातहरु उपलब्ध नगराउने, माग गरेका कागजातहरु लुकाउने वा नष्ट गर्ने, झुट्ठा र किर्ते विवरण उपलब्ध गराउने, आवश्यक कागजात वा विवरण उपलब्ध गराउन अटेर गर्ने र कैयौं जिल्लाबाट हालसम्म पनि माग गरिएका कागजात र विवरणहरु उपलब्ध गराउन नसकेको अवस्थामा बन सम्बन्धी भरपर्दो एकिकृत सूचना व्यवस्थापन प्रणालीको व्यवस्था गर्न वन तथा वातावरण मन्त्रालयलाई निर्देशन दिने ।

५. वन ऐन, २०७६ र वन नियमावली, २०५१ एवं वन सम्बन्धी विभिन्न निर्देशिका र कार्यविधिहरुमा सामुदायिक वन र साझेदारी वनका कार्ययोजना तर्जुमा गर्दा वन कार्यालयले प्राविधिक सहयोग उपलब्ध गराउनु पर्ने व्यवस्था गरिएकोमा सो नगरी सामुदायिक वन र साझेदारी वनका कार्ययोजनाहरु तर्जुमा गर्दा अस्वाभाविक रुपमा लाखौं रकम परामर्शदाताहरुलाई उपलब्ध गराउँदै आएको, परामर्शदाताहरुले फिल्डमा गई कम्तीमा ६ महिना लगाएर तयार गर्नुपर्ने कार्ययोजना काठमाण्डौ र होटलमा बसी किर्ते र नक्कल गरी त्रुटीपूर्ण कार्ययोजना तयार गर्ने गरेको, सामुदायिक वनका कार्ययोजना वनाउने कार्यमा संलग्न परामर्शदाताको योग्यता र जवाफदेहिता नतोकिएको र परामर्शदाताका कारण हुन गएको वन विनाश वा वातावरणीय क्षति वापत क्षतिपूर्ति भराउने विषयमा कुनै व्यवस्था नगरिएकोले उक्त कार्य रोकी सामुदायिक वन र साझेदारी वनका कार्ययोजना तर्जुमा गर्दा वन कार्यालयले नै प्राविधिक सहयोग उपलब्ध गराउनु पर्ने व्यवस्थालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न र वन कार्यालयको प्राविधिक क्षमताले नभ्याउने भई परामर्शदाता लिनु पर्ने अवस्था भएमा नेपाल वन प्राविधिक परिषद्को स्थापना गरी सो परिषद् मार्फत सामुदायिक वन तथा साझेदारी वनका कार्ययोजना बनाउनमा प्राविधिक सहयोग गर्ने

परामर्शदाताहरुको योग्यता एवं जवाफदेहिता, परामर्शदाता छनौट तथा पारिश्रमिकको सीमा र परामर्शदाताले बनाएको वन व्यवस्थापन कार्ययोजनाका कारण वनमा क्षति भएमा क्षतिपूर्ति भराउने विषयमा आवश्यक कानूनी व्यवस्था गर्न वन तथा वातावरण मन्त्रालयलाई निर्देशन दिने ।

६. वन संरक्षण क्षेत्रको वन विनास हुने गरी वैज्ञानिक वन व्यवस्थापनका आधारमा रुख कटान गर्ने कार्य जैविक मार्ग संरक्षणमा घातक हुने भएको र उक्त कार्ययोजनाहरु वन ऐन, २०७६ को दफा १५ विपरित भएकोले 'वन संरक्षण क्षेत्र' मा पर्ने सामुदायिक वनका वैज्ञानिक वन व्यवस्थापन कार्ययोजनाहरु तत्काल खारेज गरी दिगो वन व्यवस्थापन कार्ययोजना तर्जुमा गरी कार्यान्वयन गर्न र कैलालीको बसन्ता वन संरक्षण क्षेत्र, कञ्चनपुरको लालझाडी-मोहना वन संरक्षण क्षेत्र, शुक्लाफाँटा राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्र र डडेल्धुराको महाभारत क्षेत्रलाई एक आपसमा जोड्ने गरी वन ऐन, २०७६ को दफा १५ बमोजिम वन संरक्षण क्षेत्र घोषणा गरी उक्त वनहरुलाई संरक्षणमुखी सामुदायिक वनको रुपमा व्यवस्थापन गर्न गराउन नेपाल सरकारलाई निर्देशन दिने ।

**(ख) कानुनी कारबाहीका लागि निर्देशनहरु**

७. वातावरण संरक्षण ऐन, २०७६ को दफा ३० बमोजिम सिमाना निर्धारण गरी वातावरण संरक्षण क्षेत्र घोषणा गरिएको चुरे र तराईको वनमा वैज्ञानिक वन व्यवस्थापन गर्ने भनी काठ कटान र संकलन गर्ने नाममा भू-क्षय हुने गरी जताततै बाटो र ठूला तथा चौडा अग्निरेखाहरु निर्माण गरी व्यापक भू-क्षय गराई वातावरण संरक्षण ऐन, २०७६ को दफा ३० र वातावरण संरक्षण नियमावली, २०७७ को नियम ३४ विपरितको कार्य गरेको देखिन आएकोले यस कार्यमा संलग्न अनुशूची ६, ७ र ८ मा उल्लिखित समेत सबै दोषी डिभिजनल वन अधिकृत, सामुदायिक वन उपभोक्ता समूहका पदाधिकारीहरु, वैज्ञानिक वन कार्ययोजना बनाउने परामर्शदाता र वन कटानको ठेक्का लिने ठेकेदारहरुको पहिचान गरी वातावरण संरक्षण ऐन, २०७६ को दफा ३५(३) बमोजिम कारवाही गर्न नेपाल सरकारलाई निर्देशन दिने ।

८. वैज्ञानिक वन व्यवस्थापन कार्यक्रम लागू गरिएका सामुदायिक वन उपभोक्ता समूहमा उपभोक्ता समूहका साधारण सदस्यहरु र पदाधिकारीहरुको किर्ते दस्तखत गर्ने, नक्कली वन उपभोक्ता घरधुरी खडा गर्ने र एउटै घरलाई एक भन्दा धेरै वन उपभोक्ता समूहमा सदस्य बनाई वैज्ञानिक वन व्यवस्थापन कार्यक्रम अन्तर्गत रुख कटान गर्नका लागि किर्ते कागजात तयार गर्ने कार्यहरुमा संलग्न रही अख्तियारको दुरुपयोग गरी भ्रष्टाचारमा संलग्न रहेका कैलाली, कञ्चनपुर, कपिलवस्तु, नवलपुर, सिन्धुली, लगायतका जिल्लाहरुमा वैज्ञानिक वन व्यवस्थापन कार्ययोजना लागू गरेका सामुदायिक वन र साझेदारी वन उपभोक्ता समूहका अनुसूची ६, ७ र ८ मा उल्लिखित समेत सबै दोषी पदाधिकारीहरु, प्रदेशका वन कार्यालयका पदाधिकारी, डिभिजनल वन कार्यालयका कर्मचारीहरु तथा कार्ययोजना बनाउने परामर्शदाताहरु र काठ कटानमा संलग्न व्यक्तिहरुको पहिचान र थप छानबिन गरी कानुनी कारबाही गर्न अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई निर्देशन दिने ।

९. सामुदायिक वनको वन पैदावार संकलन तथा बिक्री वितरण निर्देशिका, २०७१ को दफा १४(२) मा सामुदायिक वनमा रुख कटान, मुछान तथा संकलन गर्दा उपभोक्ता समूहले आफ्नै खर्च र जिम्मेवारीमा आर्थिक तथा मानवीय स्रोत परिचालन गरी गर्नुपर्ने र यसका लागि कुनै व्यक्तिबाट सापटी वा काठ दाउरा व्यवसायमा संलग्न व्यक्ति, फर्म, कम्पनी वा उद्योगबाट अग्रिम लगानीका रुपमा रकम लिन नपाइने व्यवस्था गरिएको भएपनि वैज्ञानिक वन व्यवस्थापन कार्यक्रम लागू गर्न भनी विभिन्न विचौलिया र काठ व्यावसायीहरुबाट ऋणका रुपमा उच्च व्याजदर लिने दिनेगरी स्रोत नखुलेको रकम, लिए दिएको नदेखिने रकम, गैरबैंकिङ्ग कारोवारको रकम र अबैध रकम रुख

कटानमा लगानी गरी उपभोक्ता समूहलाई निरन्तर रुपमा ऋणमा डुबाई हानी नोक्सानी गरेको देखिएकोले यस्तो कार्यमा संलग्न सामुदायिक वन उपभोक्ता समूहका अनुसूची ६, ७ र ८ मा उल्लिखित समेत सबै दोषी पदाधिकारीहरुलाई थप छानबिन गरी कानुनी कारबाही गर्न अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई निर्देशन दिने ।

१०. कैलाली र कञ्चनपुर जिल्लामा वैज्ञानिक वन व्यवस्थापन कार्ययोजना लागू गरेका सामुदायिक वनहरु र साझेदारी वनहरुमा निर्धारित कटान प्लट भन्दा बाहिर गई अत्यधिक रुखहरु कटान गरेको देखिएकोले उक्त कार्यमा संलग्न सामुदायिक वन र साझेदारी वनका अध्यक्षहरु, रुख कटानमा संलग्न व्यक्तिहरु र कटान अनुगमन नगरी वा वेवास्ता गरी वन विनाशमा सघाउने अनुसूची ६ मा उल्लिखित समेत सबै दोषी डिभिजनल वन अधिकृतहरु र प्रदेश वन निर्देशक उपर छानबिन गरी वन ऐन, २०७६ को दफा ४९ बमोजिमको कसुर गरेको आधारमा उक्त ऐनको दफा ५० बमोजिमको सजाय हुने गरी कानुनी कारवाही गर्न वन तथा वातावरण मन्त्राललाई निर्देशन दिने ।

११. वैज्ञानिक वन व्यवस्थापन कार्ययोजना तर्जुमा गर्दा फलफूल तथा बीउ दिन नसक्ने गुणस्तरहीन माउ/बीउ राख्ने गरी कार्ययोजना तर्जुमा गरेको, वातावरणीय दृष्टिकोणले जोखिमपूर्ण क्षेत्रहरुमा कटान प्लट निर्धारण गरेको र काठ व्यावसायीसँग मिलेमतो गरी वनको वार्षिक वृद्धिदरभन्दा बढी र कटान गर्न मिल्ने भन्दा बढी रुख कटान गर्ने व्यवस्था समावेश गरेको कारण वन क्षेत्रमा अपुरणीय क्षति हुन गएकोले यसरी त्रुटीपूर्ण कार्ययोजना बनाएको विषयमा अनुगमन नगरी परामर्शदातालाई रकम भुक्तानी गर्ने डिभिजनल वन अधिकृत, तराई भू-परिधि परियोजनाका प्रमुख, रेड कार्यान्वयन केन्द्रका प्रमुख, त्रुटीपूर्ण कार्ययोजना सिफारिस गर्ने वन प्राविधिक कर्मचारी, त्रुटीपूर्ण कार्ययोजना स्वीकृत गर्ने डिभिजनल वन अधिकृत, सामुदायिक वनसम्बन्धी कार्यविधिहरुको पालना नगरी कार्ययोजना तर्जुमा गर्ने परामर्शदाता संस्था तथा व्यक्तिहरु, त्रुटीपूर्ण कार्ययोजना स्वीकृतीका लागि अनुरोध गर्ने सामुदायिक वनका पदाधिकारीहरु, कार्यविधिहरुमा उल्लिखित समयसीमा र प्रक्रियाहरुको पालना नगरी अवैध कटान आदेश प्रदान गर्ने डिभिजनल वन अधिकृत, त्रुटीपूर्ण कार्ययोजना र अवैध कटान आदेश प्रयोग गरी रुख कटान गर्ने ठेकेदारहरु र रुख कटान क्षेत्रहरुको अनुगमन नगर्ने वा अनुगमन गरेपनि वन विनाश रोक्न कुनै पहल नगर्ने अनुसूची ६ मा उल्लिखित समेत सबै दोषी प्रदेश वन निर्देशकहरुलाई थप छानबिन गरी कानुनी कारबाही गर्न नेपाल सरकारलाई निर्देशन दिने ।

१२. गलत कार्ययोजना तर्जुमा गरी वन विनाशमा सघाउने परामर्शदाताहरुको पहिचान गरी कालो सूचीमा राखी कार्ययोजना तर्जुमा गर्ने कार्य गर्नबाट रोक लगाउन र परामर्शदाताहरुको उपयोग सम्बन्धमा आवश्यक नीतिगत र कानुनी व्यवस्था गर्न वन तथा वातावरण मन्त्रालयलाई निर्देशन दिने ।

१३. वैज्ञानिक वन व्यवस्थापन कार्यक्रम संचालनमा अनियमितता गरी विभिन्न व्यक्तिहरुले अस्वाभाविक उच्च जीवनस्तर यापन गर्दै आएको देखिएकोले वैज्ञानिक वन व्यवस्थापन कार्यक्रम लागू गरेका जिल्लामा तत्कालीन समयदेखि हालसम्म कार्यरत डिभिजनल वन अधिकृतहरु, प्रदेश वन निर्देशकहरु, प्रदेशको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयका अधिकारीहरु र सामुदायिक वन उपभोक्ता समूहको पदाधिकारीका रुपमा रहेका निर्वाचित जनप्रतिनिधिहरु लगायत सबै जिम्मेवार व्यक्तिहरु उपर सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ बमोजिम पहिचान र सम्पत्ति छानबिन गरी आवश्यक कानुनी कारबाही गर्न नेपाल सरकारलाई निर्देशन दिने ।

**(ग) चुरे क्षेत्रको संरक्षण सम्बन्धमा दिनुपर्ने निर्देशनहरु**

१४. राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समिति मार्फत चुरे वातावरण संरक्षण क्षेत्रका लागि वार्षिक १ अर्ब ५५ करोड बजेट विनियोजन हुँदै आएता पनि चुरे वातावरण संरक्षण क्षेत्रमा

वैज्ञानिक वन व्यवस्थापन कार्यक्रम अन्तर्गत रुख कटान र निर्माणजन्य खनिज पदार्थको अबैध दोहनका कारण चुरे क्षेत्रको संरक्षणमा गम्भीर चुनौति सृजना भएको देखिएकोले चुरे वातावरण संरक्षण क्षेत्रमा प्रभावकारी संरक्षणका कदमहरु चाल्नका लागि राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समितिलाई निर्देशन दिने ।

१५. तराईको जलाधार क्षेत्रको रुपमा चुरे क्षेत्र, जलस्रोतको मुख्य आधारको रुपमा रहेका सिमसार क्षेत्रहरु र वन ऐन, २०७६ को दफा १५ बमोजिम घोषणा गरिएका वन संरक्षण क्षेत्रहरुमा रहेका सामुदायिक वनहरुमा वैज्ञानिक वन व्यवस्थापन कार्यक्रम सञ्चालन गर्दा वन्यजन्तुहरुको वासस्थानमा गम्भीर प्रभाव परी वन्यजन्तुको विनाश र मानव-वन्यजन्तु द्वन्द्व वृद्धि भई राज्य र प्रभावित जनताको ठूलो आर्थिक क्षति र मानव सुरक्षामा समेत चुनौति थपिएकोले जलाधार क्षेत्र, सिमसार क्षेत्र, वन संरक्षण क्षेत्र र वन्यजन्तुको जैविक मार्गमा रहेका सामुदायिक वन तथा साझेदारी वनहरुमा संरक्षणमुखी दिगो वन व्यवस्थापन कार्ययोजनाहरु तर्जुमा गरी कार्यान्वयन गर्न निर्देशन दिने ।

१६. तराई र चुरे क्षेत्रमा विगतमा त्रुटीपूर्ण रुपमा र सालको रुख कटानमा केन्द्रित गरी बनाइएका वैज्ञानिक वन व्यवस्थापन कार्ययोजना बमोजिम आगामी वर्षहरुमा कटान गर्नका लागि लाखौं रुखहरुलाई नम्बरिङ्ग गरिसकिएको र सोही अनुसार उक्त रुखहरु कटान गरिएमा तराई र चुरे क्षेत्रमा रहेको बाँकी प्राकृतिक वन छिट्टै समाप्त हुने अवस्था देखिएकोले वन ऐन, २०७६ को दफा ७७ अनुसार निर्णय गरी तराई र चुरे क्षेत्रमा उमेर नपुगेका साल लगायतका महत्वपूर्ण प्राकृतिक रुखहरु कटानमा प्रतिबन्ध लगाउन र वैज्ञानिक वन कार्यक्रमका लागि विनियोजन गरिएको बजेट निकासा नगर्न नगराउनका नेपाल सरकारलाई निर्देशन दिने ।

**(घ) दिगो वन व्यवस्थापनका लागि दिनुपर्ने निर्देशनहरु**

१७. तराईका सामुदायिक वन र साझेदारी वन तथा चक्ला वनहरुबाट रुख कटान गरी काठ संकलन गर्ने कार्ययोजना तर्जुमा गर्दा छनौट कटान विधि (Selection system) अवलम्वन गर्ने गरी दिगो वन व्यवस्थापन कार्ययोजना तर्जुमा गरी कार्यान्वयन गर्न, चुरे क्षेत्र बाहेक अन्यत्रका विभिन्न भौगोलिक क्षेत्रहरुमा १९ डिग्रीसम्मको भिरालो उत्पादनमूलक कुनै वनमा Shelter-Wood System लागू गर्ने भएमा उक्त वनको कुनै एउटा नमूना परीक्षण प्लटमा कम्तिमा १० वर्ष परीक्षण गरी प्राकृतिक पुनरुत्पादन भई सोको संरक्षण हुने कुरा सुनिश्चित भएमा मात्र पुनरुत्पादन हुन सक्ने अरु यस्तै किसिमका प्लटमा सम्भाव्य भू-क्षयलाई न्यूनीकरण गर्ने गरी वन पैदावार उत्पादकत्व वृद्धिको उद्देश्य राखी छनौट कटान विधि अन्तर्गतको उपयुक्त वन सम्बर्द्धन प्रणाली (Silviculture System) को आधारमा उक्त प्रणाली लागू गर्न सकिने कुरा नयाँ तर्जुमा गरिने दिगो वन व्यवस्थापन मापदण्डमा समावेश गर्न, राष्ट्रिय प्राथमिकता प्राप्त परियोजनाका लागि स्वीकृति प्राप्त गरेको निश्चित् वन क्षेत्रमा सरपट कटान गरिए वापत वातावरण संरक्षण नियमावली, २०७७ र स्वीकृत वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन एवं वातावरणीय व्यवस्थापन योजना बमोजिम क्षतिपूर्तिको रुपमा वृक्षारोपण गरी वन हुर्काउने कुराको सुनिश्चितता गर्नुपर्ने कुरा सम्बन्धित कार्यविधिहरुमा उल्लेख गर्न र क्षयीकरण भएका वन क्षेत्रहरुमा वृक्षारोपण र संरक्षणमुखी काम गरी हुर्काएको मानव निर्मित वनमा मात्र उपयुक्त वन सम्बर्द्धन प्रणाली (Silviculture System) अवलम्वन गर्न दिगो वन व्यवस्थापन मापदण्डमा आवश्यक व्यवस्था गर्न वन तथा वातावरण मन्त्रालयलाई निर्देशन दिने ।

१८. वन सम्बर्द्धन प्रणाली (Silviculture System) अवलम्वन गरी वन व्यवस्थापन गर्दा वन सम्बर्द्धनका आधारभूत प्राविधिक पक्षहरु (जस्तै : बीउ/माउ रुख छनौट, बीउ तथा बिरुवा वा मुना उत्पादन, पुनरुत्पादन संरक्षण, वृद्ध तथा रोगी रुखहरु पहिचान गर्ने आधुनिक प्रविधिको प्रयोग, रुख कटानका

लागि किफायति र आधुनिक प्रविधि र औजारहरुको समुचित प्रयोग, कटान गरिएका काठको सुरक्षा र गुणस्तर कायम, प्राविधिक ज्ञानको सृजना र हस्तान्तरण जस्ता कार्यमा न्यूनतम दक्षता कायम गर्नुपर्ने विषयहरु दिगो वन व्यवस्थापन सम्बन्धी राष्ट्रिय मापदण्डमा उल्लेख गरी कार्यान्वयन गर्न वन तथा वातावरण मन्त्रालयलाई निर्देशन दिने ।

१९. नेपालमा रहेको वनको प्रकार र प्रकृति अनुसार फागुन/चैत्रदेखि जेठ/असारसम्म पालुवा पलाउने, मुना पलाउने, रुख बिरुवामा फलफूल लाग्ने र चराचुरुङ्गीले बच्चा हुर्काउने समय हुने भएकोमा वन नियमावली र वन सम्बन्धी विभिन्न कार्यविधिहरुमा जेठ मसान्तसम्म वन प्रवेश गरी रुख कटान गर्न अनुमति दिने व्यवस्था भएकोमा उक्त व्यवस्था प्राकृतिक वनको संरक्षणका दृष्टिकोणले अनुपयुक्त र घातक भएको हुँदा वन नियमावलीमा भएको उक्त व्यवस्थामा सुधार गरी सामुदायिक वन, साझेदारी वन र सरकारी वनमा कार्ययोजना बमोजिम छनौट विधि (Selection System) अवलम्वन गरी कटान आदेश प्रदान गर्ने भएमा कात्तिक मसान्तदेखि मंसिर मसान्तसम्ममा कटान आदेश प्रदान गर्ने र माघ मसान्तसम्ममा रुख कटान गरी घाटगद्धी गरी सक्ने किसिमको कानुनी व्यवस्था गरी कार्यान्वयन गर्न गराउन वन तथा वातारण मन्त्रालयलाई निर्देशन दिने ।

२०. वैज्ञानिक वन व्यवस्थापन कार्ययोजना अन्तर्गत हालसम्म कटान गरी अव्यवस्थित र असुरक्षित अवस्थामा रहेका र घाटगद्धी गरेका साल लगायतका काठहरुको स्पष्ट लगत सहित तत्काल सुरक्षित अवस्थामा राखी उक्त काठ दाउरा नेपाल सरकारले सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार ई-पोर्टल बनाई विद्युतीय बोलपत्र (ई-टेण्डर) का माध्यमबाट लिलाम बढाबढ गरी बिक्री गर्न, यसरी बिक्री गर्दा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १२क अनुसार प्राप्त काठको मूल्य अभिवृद्धि कर अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ६ बमोजिम नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहमा बाँडफाँड गरी काठ बिक्रीबाट प्राप्त रकम मध्ये स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ख बमोजिम १० प्रतिशत रकम वन पैदावार शुल्कको रुपमा सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा जम्मा गरी बाँकी रकम सम्बन्धित वन उपभोक्ता समूहको बैंक खातामा जम्मा गर्न लगाई उक्त रकम वन ऐन, २०७६ को दफा २२ मा तोकिएका शीर्षकहरुमा मात्र खर्च गर्न र वन ऐन, २०७६ को दफा ३३ अनुसार उपभोक्ता समूहको एउटा मात्र कोष रहने व्यवस्था गरिएकोमा दुई वा सो भन्दा बढी कोष खडा गरी रकम दुरुपयोग गरेको देखिएकोले उपभोक्ता समूहहरुले सबै रकम तत्काल एउटा मात्र कोषमा राखी व्यवस्थापन गर्न गराउन वन तथा वातावरण मन्त्रालयलाई निर्देशन दिने ।

२१. सामुदायिक वन तथा साझेदारी वनबाट काठ बिक्री गर्दा अवलम्बन गर्नुपर्ने प्रकृया पारदर्शी नभई व्यवसायिक प्रयोजनका लागि सस्तो मूल्यमा काठ बिक्री गर्ने, मूल्य अभिवृद्धि कर छली गर्ने र काठ व्यावसायीले महंगो बजार मूल्य कायम गरी काठ बिक्री गर्ने प्रवृत्ति देखिएको र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ख मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपयोगसम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई स्थानीय तहबाट स्वीकृत गराउनु पर्ने व्यवस्था भएपनि सो नगराएको देखिएकोले अब आइन्दा दिगो वन व्यवस्थापन गरी संकलित काठ दाउरा बिक्री तथा उपयोग गर्नुपूर्व उपभोक्ता समूहले सोको बिक्री र सदुपयोग सम्बन्धी वार्षिक योजना बनाई सम्बन्धित स्थानीय तहको सभामा पेश गरी स्वीकृत भए अनुसार मात्र काठको बिक्री वितरण तथा सदुपयोग गर्ने व्यवस्था गर्न गराउन वन तथा वातावरण मन्त्रालयलाई निर्देशन दिने ।

२२. कागजमा काठ देखिने तर स्थलगत रुपमा काठ नहुने र स्थलगत रुपमा काठ हुने तर कागजमा नदेखिने अवस्थाका कारण तराई, चुरे र भित्री मधेशमा वैज्ञानिक वन व्यवस्थापन लागू गरी सामुदायिक वन, साझेदारी वन र सरकारी चक्ला वनहरुमा कटान भएका काठहरुको ठूलो परिमाण

मौज्दात रही नोक्सान हुने अवस्था देखिएको र विभिन्न बहानामा नयाँ काठ कटान गरी नयाँ पुरानो काठ मिसाई व्यापक अनियमितता भइरहेको देखिएकोले उक्त पुरानो काठ मौज्दात रहेका सामुदायिक वन, साझेदारी वन र सरकारी वनहरुमा पुरानो र मौज्दात काठ बोलपत्र आव्हान गरी बिक्री वितरण गरेर मात्र थप काठ संकलनका लागि कटान आदेश प्रदान गर्ने व्यवस्था गर्न वन तथा वातावरण मन्त्रालयलाई निर्देशन दिने ।

२३. सामुदायिक वनहरुमा वैज्ञानिक वनका नाममा रुख कटान गर्न आधुनिक चेन सः हरुको दुरुपयोग गरी वन विनाश गरेको देखिएकोले सम्बन्धित स्थानीय तह र डिभिजन वन कार्यालयको संयुक्त अनुमतिपत्र नलिई कसैले पनि रुख कटान गर्ने आधुनिक चेन सःहरु खरिद गर्न, राख्न र रुख कटानका लागि प्रयोग गर्न नपाउने व्यवस्था गर्न गराउन वन तथा वातावरण मन्त्रालयलाई निर्देशन दिने ।

२४. सामुदायिक वन तथा साझेदारी वनको मुख्य उद्देश्य वन उपभोक्ताहरुको वन पैदावारमा आधारित आधारभूत आवश्यकता परिपूर्ति गर्ने भएकोले उपभोक्ता समूहको मागका आधारमा वार्षिक रुपमा संकलन गर्नुपर्ने काठको परिमाण एकिन गरी उक्त परिमाण उपभोक्ता समूहको साधारण सभाबाट पारित गराई सोही परिमाण बराबरको काठ दाउरा मात्र संकलन गर्न र दिगो वन व्यवस्थापन गरी संकलन गरिएका काठ दाउरा उपभोक्ता समूहमा बिक्री वितरण गरी बाँकी रहेको अवस्थामा मात्र बोलपत्र आव्हान गरी समूह बाहिर बिक्री गर्न पाइने स्पष्ट व्यवस्था गर्न वन तथा वातावरण मन्त्रालयलाई निर्देशन दिने ।

२५. सामुदायिक वन, साझेदारी वन र सरकारी वनबाट सर्वसाधारणको घरकाजका लागि भनी जिल्ला वन पैदावार आपूर्ति समितिलाई छुट्याएको २५ प्रतिशत काठ वर्षौंदेखि बिक्री वितरण नगरी सडीगली रहेको र उक्त आपूर्ति समिति प्रभावहीन देखिएकोले जिल्ला वन पैदावार आपूर्ति समिति खारेज गरी सम्बन्धित स्थानीय तहमा नै काठ बिक्री वितरण अनुगमन समिति गठन गरी सर्वसाधारण जनताको काठमाथिको पहुँच सुनिश्चित गर्ने गरी कानुनी व्यवस्था गरी कार्यान्वयनमा ल्याउन वन तथा वातावरण मन्त्रालयलाई निर्देशन दिने ।

२६. निर्वाचित जनप्रतिनिधि, काठ व्यावसायीहरु, विभिन्न निकायमा कार्यरत बहालवाला सरकारी कर्मचारी र शिक्षकहरुले सामुदायिक वन उपभोक्ता समूहको नेतृत्व कब्जा गरी निहित स्वार्थ बाझिने गरी आफनो पक्षमा निर्णय गर्ने गराउने कार्य गरी सामुदायिक वनको दुरुपयोग गर्दै आएको देखिएकोले वन तथा वातावरण मन्त्रालयले वन नियमावलीमा निर्वाचित जनप्रतिनिधि, काठ व्यावसायीहरु, विभिन्न निकायमा कार्यरत बहालवाला सरकारी कर्मचारी, कुनै पनि तहको सञ्चित कोषबाट सुविधा पाएको व्यक्ति र शिक्षकहरु सामुदायिक वन उपभोक्ता समूहको कार्यसमितिमा पदाधिकारी हुन नपाउने व्यवस्था गर्न गराउन निर्देशन दिने ।

२७. वन पैदावारमा जीवन निर्भर रहेका विपन्न, एकल महिला, आदिवासी जनजाति, दलित आदि समुदायलाई वैज्ञानिक वन व्यवस्थापन कार्यक्रमका नाममा वन पैदावारमाथिको पहुँचबाट वञ्चित गरिएको देखिएको र यसबाट वन पैदावारमा आधारित लघु उद्यमहरु समेत प्रभावित भएको देखिएकोले वन पैदावारमाथिको यी समुदायको पहुँचलाई पहिलो प्राथमिकता प्रदान गर्ने व्यवस्था गर्न वन तथा वातावरण मन्त्रालयलाई निर्देशन दिने ।

२८. सामुदायिक वन र साझेदारी वनको साधारण सभा आयोजना गर्ने समयमा विभिन्न असम्बन्धित पक्षहरुले अनधिकृत समूह/व्यक्ति परिचालन गरी शक्तिको दुरुपयोग गर्ने, एक घरधुरी एकभन्दा बढी वन उपभोक्ता समूहको सदस्य भई विकृति सृजना गर्ने, भड्किलो रुपमा चुनाव प्रचार गरी साधारण सभा कब्जा गर्ने, किर्ते कागज खडा गर्ने र सामाजिक असुरक्षा पैदा गर्ने गरेको

**देखिएकोले उपभोक्ता समूहले सम्बन्धित सुरक्षा निकाय र स्थानीय तहसँग समन्वय गरेर मात्र साधारण सभाहरु आयोजना गर्न, कार्यसमितिको कार्यअवधि सकिएका सबै वन उपभोक्ता समूहका तत्काल साधारण सभा गर्न, एक घरधुरी एउटा मात्र वन उपभोक्ता समूहमा सदस्य हुन र कुनै पनि पक्षबाट साधारण सभा कब्जा हुनबाट रोक्ने प्रबन्ध गरी सहभागितामूलक रुपमा निर्णय हुने वातावरणको सृजना गर्न गराउन वन तथा वातावरण मन्त्रालयलाई निर्देशन दिने ।**

**अन्त्यमा, उपसमितिको कार्यमा मार्ग दर्शन गर्नु हुने माननीय सभापतिज्यू, माननीय सदस्यज्यूहरु, उपसमितिको काममा समन्वयात्मक सहयोग पुर्‍याउने समिति सचिवालय परिवार, विषय विज्ञहरु र उपसमितिको यस कार्यमा प्रत्यक्ष र अप्रत्यक्ष सहयोग पुर्‍याउनु हुने सबैमा उपसमितिको तर्फबाट म हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु ।**

**धन्यवाद ।**

**मितिः २०७७ भाद्र**

**मा. प्रदिप यादव**
**(संयोजक)**
**वैज्ञानिक वन व्यवस्थापन सम्बन्धमा**
**अध्ययन गर्न गठित उपसमिति**

# परिच्छेद एक
# प्रारम्भिक

## १.१ अध्ययनको पृष्ठभूमि :-

सरकारलाई संघीय संसदप्रति उत्तरदायी र जवाफदेही बनाउन, सरकारबाट भए गरेका काम कारवाहीको अनुगमन र मूल्याङ्कन गरी आवश्यक निर्देशन वा राय सल्लाह समेत दिनका लागि नेपालको संविधानको धारा ९७ बमोजिम संघीय संसदमा विभिन्न विषयगत समितिहरु रहने व्यवस्था संघीय संसद, प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १६९ ले गरेको छ । सोही नियमावलीको नियम १७५ मा विषयगत समितिहरुको काम, कर्तव्य र अधिकार सम्बन्धमा विस्तृतीकरण गरिनुका साथै उपनियम (४) मा सार्वजनिक लेखा समितिको थप क्षेत्राधिकार बारेमा उल्लेख गरिएको छ ।

नियमावलीले निर्दिष्ट गरेको जिम्मेवारी पूरा गर्नको लागि समितिले विषय अनुसार विभिन्न उपसमितिहरु गठन गरी सो मार्फत् कार्य सम्पादन गर्दै आएको छ । यसै क्रममा समितिको २०७७ असार ५ गतेको बैठकले समितिमा महालेखापरीक्षकको वार्षिक प्रतिवेदनमा औंल्याइए बमोजिम वैज्ञानिक वन व्यवस्थापन कार्यक्रम सम्बन्धमा उपसमिति गठन गरी अध्ययन तथा अनुगमन कार्य अगाडि बढाउने निर्णय गरेको थियो । विभिन्न जिल्लाका वन उपभोक्ता समूहहरुले वैज्ञानिक वन व्यवस्थापन कार्यक्रम लागू गरी सिन्धुली, सर्लाही, रौतहट, बारा, पर्सा, नवलपरासी, कपिलवस्तु, बाँके, कैलाली, कञ्चनपुर लगायतका जिल्लाहरुमा व्यापक रुपमा सालको वन फँडानी गरेको हुँदा सो सम्बन्धमा आवश्यक छानबिन गरी दोषीलाई कारवाही गरी पाउँ भनी समितिमा उजुरी दर्ता गरेको र महालेखापरीक्षकको ५६औं वार्षिक प्रतिवेदनमा वैज्ञानिक वन व्यवस्थापन कार्यक्रमका सन्दर्भमा भएका अनियमितताका सम्बन्धमा समितिमा छलफल भई उक्त वन क्षेत्रहरुको स्थलगत अध्ययन गरी नेपाल सरकार लगायतका निकायहरुलाई आवश्यक सुझाव एवं निर्देशन दिन आवश्यक देखिएकोले यो अध्ययन, छानबिन तथा अनुगमनको कार्य गरिएको थियो ।

## १.२ अध्ययन अनुसन्धानको विषय, उद्देश्य, कार्यक्षेत्र र शर्तहरु :-

यस उपसमितिको अध्ययनको मुख्य विषय महालेखापरीक्षकको छपन्नौं वार्षिक प्रतिवेदन, २०७५ को पृष्ठ ३११ मा संलग्न गरिएको वैज्ञानिक वन व्यवस्थापन, २०७४/७५ अन्तर्गत बुँदा नं. ४५ देखि ५३ सम्ममा उल्लिखित वैज्ञानिक वन व्यवस्थापनसँग सम्बन्धित रहेको छ (अनुसूची १) । यसै विषयलाई अध्ययन तथा अनुसन्धानको मुख्य आधार मानेर सार्वजनिक लेखा समितिले उपसमिति मार्फत विस्तृत अध्ययन गरी आवश्यक निर्णय लिने योजना बनाएको थियो । समितिको ४६औं बैठकले गरेको निर्णय अनुसार वैज्ञानिक वन व्यवस्थापनको विषयमा अध्ययन गरी समितिमा प्रतिवेदन पेश गर्ने सम्बन्धमा गठित उपसमितिको उद्देश्य र कार्यक्षेत्र देहाय बमोजिम रहेको थियो :

(क) राष्ट्रिय वनमा लागू भएको वैज्ञानिक वन व्यवस्थापन कार्यक्रमका कारण वन फँडानी भइरहेको सम्बन्धमा स्थलगत अध्ययन गर्ने,

(ख) महालेखापरीक्षकको ५६औं वार्षिक प्रतिवेदन, २०७५ मा उल्लेख भए बमोजिम वैज्ञानिक वन व्यवस्थापन कार्यक्रमबाट १ खर्ब राजश्व उठ्ने लक्ष्य रहेकोमा २ अर्ब मात्र उठेको, लक्ष्यभन्दा बढी रुख कटान गरेको कारण व्यापक वन फँडानी भई वातावरणमा नकारात्मक प्रभाव समेत परेको अवस्थामा नेपालमा वैज्ञानिक वन व्यवस्थापन कार्यक्रम सञ्चालन भए पश्चात् हालसम्म भएका

उपलब्धी, सरोकारवाला नागरिकहरुलाई पुगेको फाइदा/बेफाइदा, आगामी योजना र यसको वर्तमान अवस्थाको सम्बन्धमा अध्ययन गर्ने,

(ग) सो सम्बन्धमा सरोकारवालाहरुसँग छलफल र आवश्यक कागजात झिकाई अध्ययन गर्ने,

(घ) सार्वजनिक लेखा समितिको आन्तरिक कार्यविधि अनुसार कामकारवाही गर्ने,

(ङ) उपसमितिले कार्य प्रारम्भ गरेको मितिदेखि एक महिना (३० दिन) भित्र अध्ययन अनुसन्धान गरी समितिमा प्रतिवेदन पेश गर्ने ।

उपसमितिले कार्यक्षेत्रभित्रको प्राप्त जिम्मेवारी निर्वाह गर्ने क्रममा प्रारम्भिक बैठकबाट के-कस्तो विधि र प्रक्रिया अवलम्बन गरी कार्य सम्पादन गर्ने भन्ने तय गरेको थियो । उपसमितिलाई प्राप्त सूचना र त्यसमा उल्लेख भएका घटनाक्रमका अतिरिक्त उपलब्ध भएका कागजात सम्बन्धमा विस्तृत छलफल भएको थियो । त्यस्तै सम्बन्धित मन्त्रालयहरु, विभागहरु लगायतका निकायबाट आवश्यक विवरण समेत माग गरी त्यसका विविध पक्षमा अध्ययन र विश्लेषण तथा उक्त निकायका पदाधिकारीहरुसँग छलफल गरिएको थियो ।

छलफलको क्रममा सम्बन्धित निकायका पदाधिकारीहरुलाई आमन्त्रण गरी वैज्ञानिक वन व्यवस्थापनका विषयमा व्यापक छलफल गरिएको थियो । त्यसैगरी वन मन्त्रालयका सचिव लगायत अन्य उच्च पदस्थ कर्मचारीहरुसँग पनि छलफल गरिएको थियो । तत्पश्चात् उपसमितिको निर्देश अनुरुप निर्धारित समयभित्रै सचिवालयबाट तयार मस्यौदा विवरणहरुमा विस्तृत छलफल गरेको थियो । विभिन्न स्रोतबाट प्राप्त जानकारीको अध्ययन, अनुसन्धान, विश्लेषण र छलफललाई आफ्नो कार्यसम्पादनको मुख्य विधि तय गरेको उपसमितिले यो प्रतिवेदन कार्यान्वयनका लागि समिति समक्ष प्रस्तुत गरेको थियो ।

यस स्थलगत अध्ययनको क्षेत्र सिन्धुली, सर्लाही, रौतहट, बारा, पर्सा, नवलपरासी, कपिलवस्तु, बाँके, कैलाली, कञ्चनपुर लगायतका जिल्लाहरुमा केन्द्रित रहेको थियो । त्यसै गरी उपसमितिको कार्य क्षेत्र वैज्ञानिक वन व्यवस्थापन कार्यक्रमसम्बन्धी कागजातहरु, भविष्यको कार्य योजना लगायतका विषयमा अध्ययन गरी प्रतिवेदन पेश गर्ने रहेको थियो ।

## १.३ अध्ययनको विधि :-

वैज्ञानिक वनसम्बन्धी अध्ययन तथा छानबिन उपसमितिले यो प्रतिवेदन तयारीका लागि निम्न अनुसारको विधि अवलम्वन गरेको थियो:

**स्थलगत रुपमा वन क्षेत्र र वन उपभोक्ता समूहहरुको अध्ययन:** वैज्ञानिक वन कार्यक्रम लागू गरिएका जिल्लाहरु मध्ये खासगरी २०७६ मा व्यापक वन फडानी भएका कैलाली र कञ्चनपुर, सिन्धुली, कपिलवस्तु लगायतका तराई र चुरे क्षेत्रमा पर्ने जिल्लाहरुलाई स्थलगत अध्ययनका लागि छनौट गरिएको थियो । उक्त जिल्लाहरुमा दुई चरणमा स्थलगत अध्ययन गरिएको थियो । यी जिल्लामा कटान भएका वन क्षेत्रहरुको अध्ययन अवलोकन गर्दा र वन उपभोक्ता समूहको कार्यालयमा छलफल गर्दा प्रत्येक समूहमा कम्तिमा १५ जना र बढीमा २५ जना भन्दा धेरै मानिसहरुको सहभागिता रहँदै आएको थियो । सहभागीहरुसँग छलफलका लागि अनुसूची २ मा निर्धारण गरिएका प्रश्नावलीहरुमा आधारित रही छलफलहरु गरिएको थियो । छलफलका अडियो र भिडियोहरु रेकर्ड गरी त्यसका आधारमा प्रतिवेदनमा समावेश गरिएको छ ।

**वन कार्यालयमा डिभिजनल वन अधिकृत र कर्मचारीहरुसँग छलफल:** प्रत्येक जिल्लामा वैज्ञानिक वन कटान गरिएका विभिन्न वन क्षेत्र तथा ब्लकहरु, घाटगद्धी र छरपष्ट अवस्थामा काठहरु रहेका क्षेत्रहरुको स्थलगत अध्ययन अवलोकन गरे पश्चात् सम्बन्धित डिभिजन वन कार्यालयका डिभिजनल वन अधिकृत र कर्मचारीहरुसँग वैज्ञानिक वन कटान कार्यक्रम र यसका विभिन्न फाइदा र बेफाइदा र प्रभावहरुका विषयमा छलफलहरु गरिएको थियो ।

**स्थानीय तह र सरोकारवालाहरुसँग छलफल:** वैज्ञानिक वन कटानबाट प्रभावित भएका स्थानीय तहका मेयर तथा अध्यक्ष लगायतका पदाधिकारी र वडा अध्यक्षहरुले वैज्ञानिक वन कार्यक्रमको प्रभावका बारेमा व्यापक सरोकार व्यक्त गरेका थिए । त्यसैले वैज्ञानिक वन कटानबाट प्रभावित विभिन्न स्थानीय तहका प्रतिनिधिहरुसँग छलफल गरी समस्या समाधानका विषयमा छलफल गरिएको थिए ।

**कागजातहरुको अध्ययन अनुसन्धान:** यस अध्ययन तथा छानबिन उपसमितिले छानबिनका क्रममा वन कार्यालय र वन उपभोक्ता समूहसँग आवश्यक कागजातहरु माग गरी अध्ययन तथा छानबिन गर्ने जिम्मेवारी पाएकोले सम्बन्धित वन कार्यालय र वन उपभोक्ता समूहहरुसँग अनुसूची ३ मा उल्लिखित कागजातहरु उपलब्ध गराउन अनुरोध गरी उक्त कागजातहरुको विस्तृत अध्ययन गरिएको थियो । उपलब्ध कागजातहरुको अध्ययनका आधारमा पनि यो उपसमिति निष्कर्षमा पुगेको थियो ।

**सम्बन्धित नीति तथा कानून र कार्यक्रमहरुको समीक्षा:** उपसमितिले यस विषयमा अध्ययन गर्ने क्रममा अनुसूची ४ मा उल्लिखित नीति तथा कानूनहरुको अध्ययन गरी उक्त व्यवस्थाहरुको पालना भए नभएको बारेमा निश्कर्षमा पुगिएको थियो । उक्त नीति तथा कानूनको अध्ययन र समीक्षा गरी सोही अनुसार सुधारका लागि विभिन्न सुझाव समेत प्रस्तुत गरिएको छ ।

**सम्बन्धित निकायका प्रतिवेदनहरुको अध्ययन:** यस विषयमा अध्ययन र छानबिनका लागि आवश्यक पर्ने तथ्याङ्क तथा विवरणहरु प्राप्त गर्नका लागि सम्बन्धित निकायहरुबाट प्रकाशित प्रतिवेदनहरुको अध्ययन गरिएको थियो । उक्त प्रतिवेदनहरुको अध्ययनले यस समितिलाई विषयवस्तुसँग सम्बन्धित आधिकारिक तथ्याङ्क वा विवरणहरु प्राप्त गर्नमा सघाउ पुगेको थियो ।

**सार्वजनिक लेखा समितिमा परेका उजुरी तथा सुझावहरुको अध्ययन:** वैज्ञानिक वन व्यवस्थापन कार्यक्रम अन्तर्गत गरिएका व्यापक रुख कटानका कारण प्रभावित हुने विभिन्न स्थानीय समुदाय र स्थानीय तहले यस समिति समक्ष पेश गरेका उजुरी तथा सुझावहरुको पनि अध्ययन गरी विभिन्न प्रभावहरुको बारेमा जानकारीहरु प्राप्त गरिएको थियो ।

**उपसमितिको सार्वजनिक अपिल र सञ्चार माध्यमबाट प्राप्त सूचना तथा सुझावहरुको अध्ययन:** वैज्ञानिक वन व्यवस्थापन कार्यक्रम अन्तर्गत गरिएका रुख कटानका कारण परेको प्रभाव वा यससँग सम्बन्धित विषयमा कुनै पनि सरोकारवालले २०७७ साल श्रावण १५ गतेसम्म सुझावहरु पेश गर्न पाउने गरी प्रतिनिधि सभाको वेबसाइटमा अनुसूची ५ मा उल्लिखित सार्वजनिक सूचना प्रकाशन गरिएको थियो । उक्त माध्यमबाट प्राप्त सुझावहरुको पनि अध्ययन गरी निष्कर्षहरु निकालिएको थियो ।

यसका अलावा माननीय सांसदहरुले सदन र समितिमा उठाएका विषयहरुलाई पनि यो प्रतिवेदनको आधार बनाइएको छ ।

## १.४ स्थलगत अध्ययन टोली :-

वैज्ञानिक वन व्यवस्थापन कार्यक्रमको विषयमा अध्ययन गरी समितिमा प्रतिवेदन पेश गर्ने मुख्य उद्देश्य लिई मिति २०७७/०३/०५ गते बसेको समितिको बैठकले प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १८२ बमोजिम माननीय प्रदिप यादवको संयोजकत्वमा देहाय बमोजिम तीन सदस्यीय उपसमिति गठन गरेको थियो ।

उपसमितिको कार्य अवधि काम सुरु गरेको मितिले एक महिना तोकिएको थियो । स्थलगत अध्ययन टोलीमा उपसमितिका मा. सदस्यहरु, समिति सचिव, समिति सचिवालयका ३ (तीन) जना कर्मचारी र दुई विषय विज्ञहरु सहित ९(नौ) सदस्यीय तपशील बमोजिमका व्यक्तिहरु सम्मिलित थिए ।

| क्र.सं. | नाम, थर | पद |
|---|---|---|
| १. | माननीय प्रदिप यादव | संयोजक |
| २. | माननीय प्रेमबहादुर आले | सदस्य |
| ३. | माननीय मिना सुब्बा | सदस्य |
| ४. | डा. रोजनाथ पाण्डे | समिति सचिव |
| ५. | श्री प्रदिपकुमार नेपाल | उपसचिव |
| ६. | श्री सरस्वती मरहट्टा | शाखा अधिकृत |
| ७. | श्री रामप्रसाद सापकोटा | नायब सुब्बा |

यस अध्ययन उपसमितिमा विषय विज्ञका रुपमा श्री दिलराज खनाल र सुभाष चन्द्र देवकोटा संलग्न हुनुहुन्थ्यो ।

## १.५ प्रतिवेदनको संरचना :-

प्रस्तुत प्रतिवेदनलाई चारवटा परिच्छेदमा विभाजन गरिएको छ । परिच्छेद-१ मा प्रारम्भिक खण्ड अन्तर्गत पृष्ठभूमि, गठन र उद्देश्य एवं कार्यविधि तथा कार्यक्षेत्र उल्लेख गरिएको छ । परिच्छेद-२ मा माननीय सांसदहरुले प्रतिनिधि सभा र समितिमा वैज्ञानिक वन व्यवस्थापन कार्यक्रमका सम्बन्धमा उठाएका विषयहरु, स्थलगत अध्ययनबाट प्राप्त विवरण तथा संचार माध्यमबाट प्राप्त सूचना तथा विभिन्न मितिमा भएका छलफल र उपलब्ध कागजातहरुबाट प्राप्त विवरणहरु समावेश गरिएको छ । परिच्छेद-३ मा उपसमितिमा विभिन्न मितिमा भएका छलफल, स्थलगत भ्रमणबाट प्राप्त तथ्यांक तथा अनुसन्धानबाट प्राप्त विवरणको विश्लेषण प्रस्तुत गरिएको छ भने परिच्छेद-४ मा निष्कर्ष तथा सुझाव एवं निर्देशन उल्लेख गरिएको छ । अन्तमा अनुसूचीहरु समावेश गरिएका छन् ।

# परिच्छेद दुई

# वैज्ञानिक वन व्यवस्थापन कार्यक्रम कार्यान्वयनका सम्बन्धमा प्राप्त सूचना एवं विवरणहरु

## २.१ वैज्ञानिक वन व्यवस्थापन :-

नेपालको कूल वन क्षेत्र (५९ लाख ६२ हजार हेक्टर) मध्ये २२ लाख ३७ हजार हेक्टर वन क्षेत्र सामुदायिक वनको रुपमा र ७६ हजार हेक्टर वन क्षेत्र साझेदारी वनको रुपमा रहेको छ भने १ करोड ९० लाख हेक्टर वन सरक्षण क्षेत्रको रुपमा रहेको छ । वनसम्बन्धी कानून बमोजिम स्थानीय समुदायलाई सामुदायिक वन वा साझेदारी वनको रुपमा हस्तान्तरण हुन बाँकी रहेका वनहरु सरकारद्वारा व्यवस्थित वनको रुपमा रहँदै आएका छन् । यी सबै वन व्यवस्थापन प्रणालीहरु संरक्षित क्षेत्रभन्दा बाहिर रहेकोले वन नीति, २०७५ र वन ऐन, २०७६ बमोजिम नियमन हुँदै आएका छन् ।

सामुदायिक वन र साझेदारी वनको मुख्य उद्देश्य सामुहिक हितका लागि वन उपभोक्ताहरुको वन पैदावारसम्बन्धी आवश्यकता परिपूर्ति गरी अर्थतन्त्रका साथै जीविकोपार्जनमा सुधार ल्याउनु रहेको छ । यसका लागि वन नीति, २०७५ र वन ऐन, २०७६ मा वातावरणीय, आर्थिक र सामाजिक पक्षका बीचमा सन्तुलन कायम गरी दिगो वन व्यवस्थापनको पद्धति अवलम्बन गर्नुपर्ने व्यवस्थाहरु गरिएको छ (वन ऐन, २०७६ को दफा १८, २२, २३, ३१ र ३४) । सामुदायिक वन र साझेदारी वनमा लामो समयसम्म सोही रुपमा नै दिगो वन व्यवस्थापन पद्धति अवलम्बन गरी काठ लगायतका वन पैदावार सदुपयोग गरिँदै आएको थियो । यसरी दिगो वन व्यवस्थापन भइरहेकै अवस्थामा सामुदायिक वन र साझेदारी वनमा वैज्ञानिक वन व्यवस्थापन गर्ने भनी व्यापारिक प्रयोजनका लागि काठ कटान गरी व्यावसायीकरण गर्ने माध्यमका रुपमा वैज्ञानिक वन व्यवस्थापन कार्यविधि, २०७१ लागू गरिएपछि वन तथा वातावरण विनास, आर्थिक स्रोतको अनियमितता, वनसम्बन्धी कानूनहरुको उल्लंघन र सामाजिक तथा लैङ्गिक हिंसा समेत भएको भन्ने कुरा सार्वजनिक हुँदै आएको पाइयो।

## २.२ महालेखापरीक्षकको छपन्नौं वार्षिक प्रतिवेदनमा उल्लिखित लेखापरीक्षण बेरुजु :-

महालेखापरीक्षकको छपन्नौं वार्षिक प्रतिवेदन, २०७५ मा वैज्ञानिक वन व्यवस्थापन सम्बन्धमा भएको अनियमितताको विषयमा सार्वजनिक लेखा समितिले उपयुक्त निर्णय लिन आवश्यक भएकोले सो सम्बन्धमा विस्तृत अध्ययन तथा अनुसन्धान गरी यो प्रतिवेदन तयार गरिएको छ । वैज्ञानिक वन व्यवस्थापन कार्यविधि, २०७१ बमोजिम वन क्षेत्रबाट वार्षिक एक खर्ब राजश्व आर्जन हुने अनुमानका साथ कार्यविधि बनाई कार्यान्वयनमा ल्याएको भएतापनि आ.ब. २०७४/७५ मा रु.२ अर्ब (२ प्रतिशत) राजश्व सङ्कलन भएको देखिँदा कूल गार्हस्थ्य उत्पादनमा वन क्षेत्रको योगदान न्यून रहेको, कार्यविधि तयार गर्दा तत्काल कायम रहेको वन क्षेत्र ४२ लाख ७५ हजार हेक्टर (५१ प्रतिशत) को हुने २१ लाख ८० हजार हेक्टर वनक्षेत्र उत्पादनमूलक वैज्ञानिक वन व्यवस्थापन गर्न योग्य रहेको उल्लेख छ । कार्यक्रम लागू भएको ६ वर्ष बितिसक्दा जम्मा ८४ हजार ३३४ हेक्टर (३.९० प्रतिशत) मा मात्र वैज्ञानिक वन व्यवस्थापन कार्ययोजना स्वीकृत गरी लागू गरेको र वैज्ञानिक वन व्यवस्थापन कार्यविधि, २०७१ लागू भएपछि ३ वर्षमा रु.३७ करोड ६ लाख खर्च भएको स्थितिले वैज्ञानिक वन व्यवस्थापनको कार्यान्वयनमा विभिन्न समस्याहरु विद्यमान रहेको देखियो । वैज्ञानिक वन व्यवस्थापन कार्यक्रमलाई पूर्ण रुपमा लागू गर्दा वार्षिक रु.१ खर्ब राजस्व प्राप्त हुने प्रक्षेपण गरेकोमा २०६९।७० देखि २०७४।७५ सम्म वार्षिक औसत रु.१ अर्ब २२ करोड (१.२२ प्रतिशत) मात्र प्राप्त भएको देखिएकोले वैज्ञानिक वन व्यवस्थापनबाट प्राप्त आय न्यून

देखिएको छ । यसका साथै वैज्ञानिक वन व्यवस्थापन कार्यविधि, २०७१ अनुसार काम नगरेको अवस्था विद्यमान रहेको छ ।

महालेखापरीक्षकको प्रतिवेदनले कैलाली जिल्लाको काठ उत्पादन लक्ष्य वार्षिक १ लाख ५१ हजार घनफिट रहेकोमा २०७४।७५ मा ४ लाख ४१ हजार घनफिट (२९२ प्रतिशत बढी) उत्पादन गरेको छ । बाँके जिल्लाको वार्षिक लक्ष्य ६५ हजार घनफिट रहेकोमा १ लाख ५० हजार घनफिट उत्पादन गरेको पाइयो । मन्त्रालयले वन क्षेत्रको जग्गा अन्य प्रयोजनका लागि दिएको सम्बन्धमा गरेको अनुगमन प्रतिवेदन, २०७५ अनुसार १६४ जलविद्युत आयोजना, २२ सिमेन्ट उद्योग, १९ पर्यापर्यटन उद्योगलाई क्रमशः ३ हजार २२३, ३९८.८५ र २१४.७४ हेक्टर जग्गा उपलब्ध गराएकोमा उक्त आयोजना र उद्योगले सट्टा जग्गा उपलव्ध गराएको देखिएन । वैज्ञानिक वन व्यवस्थापन कार्यविधि २०७१ अनुसार वनको पुनरोत्पादन सुनिश्चितताका लागि प्रति हेक्टर १५ देखि ३० माउ रुख राख्ने प्रावधान छ । वनमा बीउको अभाव हुन नदिन र पुनरुत्पादन सुनिश्चित गर्न उक्त व्यवस्था गरेको देखिन्छ । रुख कटान गरेको स्थानमा माउ रुखको संरक्षण गरी पुनरोत्पादन भए नभएको सम्बन्धमा अनुगमन नगरेको कारण वनक्षेत्रमा ठूलो वातावरणीय र आर्थिक नोक्सानी भएको देखिएको छ । त्यसैले वैज्ञानिक वन व्यवस्थापनका नाममा भ्रष्टाचार तथा अनियमितता भए/नभएको सम्बन्धमा तथ्यहरु विश्लेषण गरी निष्कर्षमा पुग्न अपरिहार्य भएको छ ।

यसै क्रममा महालेखापरीक्षकको ५६औं प्रतिवेदन, २०७५ मा वैज्ञानिक वनबाट लक्ष्य अनुसार राजस्व नउठेको र विभिन्न जिल्लाहरुमा निर्धारित लक्ष्यभन्दा बढी वा घटी रुख कटान गरेको कुरा औंल्याइएको (पृष्ठ ३११ र ३१२) छ भने वैज्ञानिक वन कटानका कारण व्यापक रुपमा वन विनास गरी आर्थिक अनियमितता भएको भनी विभिन्न जिल्लाहरुबाट सार्वजनिक लेखा समिति समक्ष उजुरीहरु पर्न आएका थिए । यसै विषयलाई अध्ययन तथा अनुसन्धानको प्रस्थान विन्दु मानेर सार्वजनिक लेखा समितिले उपसमिति मार्फत् विस्तृत अध्ययन गरी निर्णय लिने रणनीति बनाएको हो । त्यसैले सार्वजनिक लेखा समितिको मिति २०७७।३।५ गते सम्पन्न ४६औं बैठकले वैज्ञानिक वन व्यवस्थापनका विषयमा विस्तृत अध्ययन तथा छानबिन गरी समितिमा प्रतिवेदन पेश गर्नका लागि छानबिन उपसमिति गठन गरेको थियो । यस छानबिन उपसमितिको गठन गर्दा तोकिएको कार्य क्षेत्र र शर्तहरु अन्तर्गत रही यो प्रतिवेदन तयार गर्ने क्रममा देखिएका मुख्य समस्याहरु, सोको समाधानका उपायहरु र अनियमिततामा संलग्नहरुलाई कारबाहीका लागि सिफारिस समेत गर्ने गरी यो प्रतिवेदन तयार गरिएको छ ।

## २.३ वैज्ञानिक वन व्यवस्थापन कार्यक्रमका सम्बन्धमा संघीय संसदमा उठेका विषयहरु :-

संघीय संसदमा आ.ब. २०७७/७८ को बार्षिक कार्यक्रम तथा विनियोजित बजेटका सम्बन्धमा वन तथा वातावरण मन्त्रालय अन्तर्गत विनियोजन शीर्षकमा छलफल गर्नेक्रममा २०७७।२।२४ गते वैज्ञानिक वन व्यवस्थापन कार्यक्रमका सम्बन्धमा माननीय सदस्यहरुले व्यक्त गर्नुभएका धारणाहरु निम्न अनुसार रहेका थिए:

१. वैज्ञानिक वन व्यवस्थापनका नाममा सिन्धुली लगायत सुदूरपश्चिममा व्यापक वन अतिक्रमण र विनाश भयो, फँडानी भयो भनेर संसदमा पनि कुरा उठ्यो, मन्त्रिपरिषद्ले पनि रोक लगायो भन्ने विषय उठाउँदै मन्त्रीले के कारबाही गर्नुहुन्छ ? भनी मा. राजेन्द्र कुमार के.सी. ले प्रश्न गर्नुभएको थियो ।

२. वैज्ञानिक वन व्यवस्थापनका नाममा मेचीदेखि महाकालीसम्म ५६ लाख क्युफिट काठ बराबर फँडानी भएको, फँडानी काठको मुल्य २८ अर्ब बराबर भएको र यसमा मन्त्रालयका माथिदेखि

**तल्ला तहसम्मको र वन तस्करको मिलेमतो रहेको सत्य हो वा होइन र लकडाउनका बेलामा पनि खुल्ला सीमानाबाट काठ तस्करी भएको सत्य हो कि होइन भनी मा. प्रेम सुवालले जानकारी माग गर्दै वैज्ञानिक वनका कारण हरियो वन तस्करको धन भइरहेको छ, त्यसलाई रोक्नुपर्दछ भनी आफ्नो धारणा व्यक्त गर्नुभएको थियो ।**

३. **मा. दिलेन्द्र प्रसाद बडुले वन वास्तवमा हाम्रो अत्यन्तै ठूलो धन हो भन्दै हरियो वन नेपालको धन युक्ति नै थियो तर अहिले यसको अवस्था के हो ? अहिले हामी वनको ४० प्रतिशत कभरेज छ भन्छौ, त्यो यथार्थ हो कि होइन ? भनी प्रश्न गर्नुभयो । उहाँले नक्सामा एउटा कुरा छ भने त्यहाँ अहिले अतिक्रमित बस्ती/गाउँ बसेको छ तर पनि हामी वन भनेर भनिरहेका छौ । यसको पुनः सर्वेक्षण आवश्यक छ, किनभने संरक्षित र सामुदायकि वनहरुले वनको रक्षा गरेको अवस्था थियो तर अहिले वैज्ञानिक वन व्यवस्थापनका नाममा यस्ता वनको व्यापक विनाश हुँदैछ । बुढा रुखहरुको व्यवस्थापन गर्ने भन्यौं बुढा रुखहरुको परिभाषा के हो ? मापदण्ड खै ? जुन राम्रा रुखहरु छन्, त्यसलाई कटानी गर्दै व्यापार भएको, तस्करीको बाटो खुलेको अहिले देखिएको कुरा बताउनुभयो । वनक्षेत्रको व्यवस्थापन गर्ने हो भने अहिले पनि सामुदायिक वनहरुले वनको संरक्षण निम्ति गरेको व्यावस्थापन अत्यन्त्यै राम्रो थियो तर अहिले वैज्ञानिक वन व्यवस्थापनका नाममा वन विनास भयो, अहिले यो कार्यक्रम वन्द गर्नुपर्दछ र अहिलेसम्मको काम भएको छ व्यवहारमा त्यसको निरीक्षण गरिएको छ, छैन भन्दै त्यसमा गलत भएको जिकिर गर्नुभयो । यदि वनको ठीक व्यवस्थापन गर्ने हो भने वैज्ञानिक वनको पुनर्विचार गर्नुपर्ने र मापदण्ड पुनर्निर्धारण गर्न जरुरी रहेको धारणा राख्नुभयो ।**

४. **थुप्रै सामुदायिक वन, राष्ट्रिय वन, साझेदारी वनलाई वैज्ञानिक वन व्यवस्थापन कार्यक्रमका नाममा रुखहरु काट्ने काम भइरहेको छ, अवैधानिक रुपमा रुखहरु कटान भइरहेको छ, जसका लागि नेपाल सरकारले जंगल कटान रोक्न आदेश भएको छ तर जिल्ला तहका विभिन्न वन माफियाहरुको मिलोमतोमा यसलाई रोक्न ध्यान दिएको छैन, यो वन जोगाउने हैन, वन र वातावरण मास्ने कामलाई तुरुन्तै रोक्नु पर्दछ भनी मा. नारद मुनी रानाले माग गर्नुभयो ।**

५. **मा. रंगमती शाहीले वैज्ञानिक वन व्यवस्थापन भनेको के हो ? मैले बुझ्न सकिन भन्दै वैज्ञानिक वनको नाममा फँडानी गर्ने हो कि संरक्षण गर्ने हो ? दिगो वनलाई विस्थापित गरेर वैज्ञानिक वनका नाममा बजेट आएको छ, यसलाई दिगो वनमा परिणत गरियोस् भन्ने माग गर्नुभयो ।**

६. **हरियो वन, नेपालको धन भन्ने मान्यतालाई स्थापित गर्न सर्वप्रथम वन र वन पैदावर जोगाउन जरुरी छ, वैज्ञानिक वनका नाममा पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मका रुखहरु फँडानी गरी हजारौं हेक्टर जमिन नाश भएको छ र यसलाई रोक्नुपर्छ भन्दै मा. मोहन बाँनियाले आफ्नो धारणा राख्नुभयो ।**

७. **मा. चाँद तारा कुमारीले वन कटानीलाई रोक्नमा विशेष ध्यान दिनुपर्छ, वैज्ञानिक वन व्यवस्थापन कार्यक्रमका नाममा कटानी गर्दा वन नै नासिने समस्या रहेको छ, यसमा विशेष पहल गरेर रोक्नु पर्दछ भन्ने सुझाव दिनुभयो ।**

८. **देशभरी वैज्ञानिक वन व्यवस्थापनको नाममा जंगलहरु फँडानी भएको, आज जल, जगंल, जमिनसँग जोडिएका मान्छेहरु कुनै न कुनै रुपमा जंगल फँडानी हुँदा कुनै न कुनै रुपमा संसदमा मात्र होइन हरेक ठाउँमा सरकारका मन्त्री, साथी वा सम्बन्धित साथीहरुको कतै मिलोमतो त छैन भन्ने प्रश्न उठेको छ भन्दै मा. अमनलाल मोदीले वैज्ञानिक वन रोक्नु पर्दछ भन्ने माग राख्नुभयो ।**

९. मा. राम बहादुर विष्टले सरकारले ल्याएको वैज्ञानिक वनको नीतिका कारण वन सखाप हुन थाल्यो, कञ्चनपुर र कैलालीमा त रुखहरु कटान गरेर जंगल नांगो भएको अवस्था छ । यो कस्तो नीति ल्याएको हो सरकारले ? क्याविनेटले रोक्ने निर्णय गरेपनि अझै रोकिएको छैन । **हरियो वन नेपालको धन** भन्ने कथन अहिले **सुख्खा वन चिन्तित मन** भएको अवस्था छ भन्दै यसमा ठूलो चलखेल भएर वन मासिएको अवस्था रहेको बताउनुभयो ।

१०. मा. लक्ष्मी कुमारी चौधरीले वनलाई उत्पादनसँग जोडिनुपर्छ भन्दै कैलालीमा पिच रोडमा सुकेका रुखहरु छन् त्यसलाई कसरी व्यवस्थापन गर्ने ? बाटो त सधैंका लागि हो । यसलाई किन व्यवस्थापन गर्न सकेका छैनौं ? भन्ने प्रश्न गर्नुभयो । उहाँले वैज्ञानिक वन व्यवस्थापनका नाममा वन फँडानी भएको हामी दिनदिनै सुनिरहेका छौ, सत्य के हो ? भन्दै यसमा ध्यानार्कषण गराउनुभयो ।

११. पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म वैज्ञानिक वन व्यवस्थापनका नाममा वन फँडानी भइरहको भन्ने गुनासो आइरहेको कुरा राख्दै मा. हितबहादुर तामाङ्गले त्यतातिर मन्त्रीज्यूको ध्यानार्कषण गराउँदै वनलाई दिगो उत्पादनसँग केन्द्रित गरी त्यसको उपयोग गरिनुपर्ने सुझाव दिनुभयो ।

१२. वैज्ञानिक वन व्यवस्थापनका नाममा देशैभरी वन फँडानी भईरहेको कुरा सामाजिक सञ्जाल लगायत विभिन्न मिडियामा व्यापक रुपमा आइरहेको कुरा राख्दै मा. नरबहादुर धामीले सो सम्बन्धमा वन तथा वातावरण मन्त्रालयले विशेष छानबिन समिति गठन गरोस् भन्ने माग गर्नुभयो ।

१३. मा. श्याम कुमार श्रेष्ठले हरियो वन, नेपालको धन भनिन्छ तर अहिले वैज्ञानिक वन व्यवस्थापनका नाममा जसरी वन फँडानी भईरहेको छ, त्यसलाई रोक्नुपर्छ भन्दै अन्तराष्ट्रिय क्षेत्रमा कार्वन उत्सर्जनबाट नेपाललाई प्राप्त हुने लाभमा संकुचन हुने तर्फ माननीय मन्त्रीको ध्यानार्कषण गराउनु भयो ।

१४. प्रत्येक वर्ष बाढी, पहिरोले गर्ने अर्बौ धनजनको क्षतीबारे पूर्व अनुमान थाहा हुन्न भन्न सुहाउँदैन, पहिरोको मुख्य कारण चुरेका वैज्ञानिक वन व्यवस्थापनका कारण वन विनाश भएको, अव्यवस्थित बसोवास, ढुंगा, गिट्टी, वालुवाको चरम दोहन र तस्करी तथा ठोस रुपमा ठुला नदीहरुमा तटवन्ध र सिंचाईको समुचित व्यवस्था नगरेकै कारणले प्रत्येक वर्ष वरदानका रुपमा रहेका खोलानालाले ताण्डव मच्चाउने गरेको छ । तसर्थ यसपालीका लागि आजै भोलिबाट आवश्यक ठाउँहरुमा तटवन्ध निर्माण, मर्मत तथा दीर्घकालिन रुपमा चुरेको संरक्षण, नदी दोहन र नियन्त्रण तथा एकिकृत चुरे संरक्षण, नदी नियन्त्रण तथा सिंचाई प्राधिकरणको गठन गर्न म सरकारसँग माग गर्दछु भन्दै मा. ईन्दु कुमारी शर्माले आफ्नो धारणा व्यक्त गर्नुभयो।

१५. वैज्ञानिक वन व्यवस्थापन कार्यक्रमका कारण व्यापक वन विनाश भएको अवस्थामा माननीय अर्थमन्त्रीज्यूले बजेट वक्तव्यमा वैज्ञानिक वन व्यवस्थापनका नाममा बजेट विनियोजन गर्नुभएको छ, जसमा मेचीदेखि महाकालीसम्म वन फँडानी भइरहेको छ, यसलाई बजेटबाट हटाउन र वन संरक्षण गर्न मन्त्रीज्यूले के सोच राख्नु भएको छ ? भनी मा. प्रेमबहादुर आलेले जिज्ञासा राख्नुभएको थियो ।

१६. वन तथा वातावरण मन्त्री मा. शक्ति बहादुर बस्नेतले नीतिगत रुपमा वैज्ञानिक वन व्यवस्थापन सम्बन्धमा र राष्ट्रिय वन सम्बन्धमा वन तथा वातावरण मन्त्रालयले काम गरिरहेको बताउनु भयो । उहाँले प्रदेशभित्रको वनको व्यवस्थापन प्रदेशले गरेको, वन तथा वातावरण मन्त्रालय, मन्त्रिपरिषद्को कार्यालय, मुख्यमन्त्रीको कार्यालय हुँदै त्यहाँ पुग्ने किसिमको संघीय व्यवस्था र अभ्यास भएको र वन व्यवस्थानमा संघीय मन्त्रालयको सहभागिता छैन भन्दै, अरु के कुरामा

सहभागिता हुने ? भन्दै प्रश्न गर्नुभयो । उहाँले माननीयज्यूहरुले आशंका गर्नुभएको विषय, गलत रहेको जिकिर गर्दै नेपाल सरकारले प्राकृतिक स्रोतको संरक्षणमा जोड दिएको र प्रर्याप्त ध्यान दिएको जानकारी दिँदै अनियमितता भएमा उपयुक्त ढंगले छानबिन गरी समस्याको समाधान गर्ने, व्यवस्थापनका अन्य विषयमा सरकोरवालासँग आवश्यक समन्वय गर्ने र कहिं कतै गलत भएको छ भने वन तथा वातावरण मन्त्रालयले सुधार गर्न आवश्यक समन्वय गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

१७. वैज्ञानिक वन व्यवस्थापन विश्वमा एउटा मान्यता प्राप्त विधि हो । वृक्षारोपण गर्दै जाने हुर्केका बिरुवा काट्दै जाने र काटेका ठाउँमा नयाँ रोप्दै हाम्रो आन्तरिक काठको आपूर्ति समाधान गर्दै जाने अनि वनक्षेत्र घट्न नदिने हो । तर यसको नाममा सामुदायिक वन र साझेदारी वनमा जथाभावी रुखहरु काट्दै जाने, आरक्ष, निकुञ्ज प्रवेश गर्ने अथवा एउटा रुख हुर्काउन ५०/६०/१०० वर्ष लाग्ने रुखहरु पनि काट्दै जाने कुरालाई व्यवस्थापन गर्नुपर्दछ । वैज्ञानिक वन व्यवस्थापन कार्यक्रम र अहिले जुन वन फँडानी भएको कुरा उठाउनु भएको छ माननीय सदस्यहरुले, यो जोडिएको विषय त हुन् तर वैज्ञानिक वन व्यवस्थापन भनिएको कारणले त्यो गर्नु भनिएको होइन बजेटमा, जसमा हामी स्पष्ट हुनुपर्दछ । त्यहाँ भित्र कार्यक्रमका नाममा अत्याधिक फँडानी भइरहेको छ भने त्यसलाई सरकारले रोक्छ  र यसमा छानबिन गर्ने पनि निर्णय गरिसकेको छ, यसमा सम्माननीय सभामुखमार्फत माननीय सदस्यहरुलाई जानकारी गराउन चाहेको भनाइ मा. अर्थमन्त्री युवराज खतिवडाले राख्नुभयो ।

सदनका अलावा सार्वजनिक लेखा समिति र कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिमा समेत विभिन्न संघसंस्थाबाट वैज्ञानिक वन व्यवस्थापन कार्यक्रमका सम्बन्धमा उजुरी र व्यापक गुनासो प्राप्त भई यसको अध्ययन तथा अनुसन्धान कार्य अघि बढेको थियो ।

## २.४ वन तथा वातावरण मन्त्रालयका पदाधिकारीसँग गरिएको छलफलबाट प्राप्त विवरण :-

उपसमितिका माननीय सदस्यहरु र समितिका सचिवको उपस्थितिमा मिति २०७७/०४/०५ गते वन तथा वातावरण मन्त्रालयका सचिव, वन तथा भू-संरक्षण विभागका महानिर्देशक, मन्त्रालयका सहसचिवहरु लगायतसँग वैज्ञानिक वन व्यवस्थापन कार्यक्रमका सम्बन्धमा छलफल गरिएको थियो । उक्त छलफलमा मन्त्रालयका तर्फबाट वैज्ञानिक वन व्यवस्थापन कार्यक्रम प्रदेश मातहत कार्यान्वयनमा ल्याइएको, संघीय सरकारको तर्फबाट कुनै पनि भूमिका नभएको र संघीय राज्य पुनर्संरचना र कर्मचारी समायोजन गर्दा प्रदेश मन्त्रालय अन्तर्गत परेकोले अनुगमन तथा तथ्यांक संकलनको लागि कठिनाई भएको जानकारी गराइयो । उपसमितिको तर्फबाट माग गरिएका कागजातहरु उपलब्ध गराउन असमर्थ भएपछि मन्त्रीस्तरीय निर्णय गरी प्रदेश स्थित निकायहरुलाई कागजातहरु उपलब्ध गराउन पत्राचार गरिएको जानकारी प्राप्त भयो ।

## २.५ स्थलगत अवलोकन तथा छलफलबाट प्राप्त विवरणहरु :-

वैज्ञानिक वन व्यवस्थापन कार्यक्रमका बारेमा अध्ययन अनुसन्धान तथा छानबिन गरी प्रतिवेदन तयार पार्नका लागि सार्वजनिक लेखा समितिबाट गठित उपसमितिले २०७७।३।२१ देखि २६ सम्म कैलाली, कञ्चनपुर, बाँके, कपिलवस्तु र नवलपुर जिल्लामा र मिति २०७७।४।१४ देखि १८ गतेसम्म सिन्धुली, सर्लाही, रौतहट, बारा पर्सा, चितवन, नवलपुर जिल्लाका विभिन्न सामुदायिक वन, साझेदारी वन, डिभिजन वन कार्यालयहरु र स्थानीय तहमा स्थलगत अध्ययन, अवलोकन र छलफल गरेको

थियो । उक्त स्थलगत अध्ययनका क्रममा प्राप्त विवरण र छलफलका क्रममा विभिन्न व्यक्तिहरुले व्यक्त गरेका धारणाहरु र स्थलगत रुपमा प्राप्त विवरण निम्न अनुसार रहेका छन्:

## १. कैलाली :-

जाल्पा सामुदायिक वन उपभोक्ता समूह, मोहन्याल-७, कैलालीको सामुदायिक वनमा फँडानी भएको वनको स्थलगत निरीक्षणको क्रममा भिडियो अडियो लिनुका साथै कटानी फँडानी भएको क्षेत्र तथा घाटगद्दीको तस्वीरहरु लिई उपभोक्ता समूहको अध्यक्षसँग छलफल गरी आवश्यक जानकारी लिइएको थियो । समूहको अध्यक्षको भनाई अनुसार सामुदायिक वनको कार्ययोजना मुताविक वार्षिक रुपमा रुख कटान गरिएको, उपभोक्ताको माग पनि रहेको, कटान रजिष्टर अनुसार साल ३२ सय सीएफटी नापजाँच भएको र उपभोक्तालाई बाँडेपछि बाहिर बिक्री गर्ने योजना रहेको पाइयो । वन कार्यालयबाट दिएको आदेश अनुसार कटान र बिक्री गरेको, काठ बिक्रीका लागि सूचना निकालेर उपभोक्तालाई निवेदनका आधारमा बिक्री वितरण गर्ने योजना रहेको, काठ काट्नु भन्दा अघि उपभोक्ताको माग संकलन गर्ने नगरेको र काठ काटेपछि मात्र माग संकलन गर्ने गरेको र स्थानीय तहबाट काठ विक्रीका लागि स्वीकृति नलिएको जानकारी प्राप्त भयो ।

त्यसैगरी मुक्त कमैया सामुदायिक वन उपभोक्ता समूह, लम्कीचुहा-३, कैलालीको सामुदायिक वनमा स्थलगत अवलोकन गरी उपभोक्ता समूहको अध्यक्षसँग छलफल गर्दा अध्यक्ष हितु चौधरीको जानकारी र स्थलगत निरीक्षणमा निम्न तथ्यहरु प्राप्त भएको थियो "३० हजार क्यूफीट काठ कटान गरिएको छ (लकडाउनको समयमा पनि रुख कटान गरेको) । सामुदायिक वनको कार्ययोजना डिभिजन वन कार्यालयले लगेको कारण दिन नसकेको । सालको काठ समूह बाहिर बिक्री गर्दा टेण्डर अनुसारको दर प्रति क्युफीट १,१२०/- पर्न आएको । कटानी लगायत कार्य गर्न रु ४० लाख खर्च लागेको तर यो रकम उपभोक्ताहरुबाट ऋण उठाएर प्रयोग गरिएको । (ऋण लिएको कुनै पनि कागजात नभेटिएको र उपभोक्ता घरधुरीबाट ऋण लिएको भनिए पनि उक्त रकम काठका ठेकेदारहरुसँग लिएको र ठेकेदारको नाम भन्न अस्वीकार गरेको) । उपभोक्ता समूहले काठ कटानमा संलग्न मजदूरलाई ज्यालाको रुपमा दिनुपर्ने रु.५० लाख ऋणको रुपमा रहेको । सामुदायिक वनको वैज्ञानिक कार्ययोजना वनाउन रु.७ लाख रुपैया खर्च भएको । कार्ययोजना बनाउन वन कार्यालयले खोजेको प्राविधिकलाई जिम्मा दिएको र परामर्शदाताको नाम थाहा नभएको । साधारण सभाको निर्णय पुस्तिका र बैंकको स्टेटमेण्ट लगायत कागजात माग गरिएकोमा केही सीमित कागजातहरु मात्र देखाएको र बाँकी कागजातहरु डिभिजन वन कार्यालयले लगेको भनी नदेखाएको ।"

महिला जागरण सामुदायिक वन उपभोक्ता समूह, लम्कीचुहा, कैलालीमा वन क्षेत्रको स्थलगत अवलोकन पछि सामुदायिक वनको अध्यक्ष जलपादेवी विष्टसँग छलफल गरिएको थियो । अध्यक्षको जानकारी अनुसार वैज्ञानिक वन नबनाएसम्म मौजुदा सामुदायिक वनको कार्ययोजनाका आधारमा वन पैदावरहरु जस्तैः ढलापडा रुखहरुको उपयोग गर्न नदिने भनी वन कार्यालयले रोकेको कारण वाध्य भएर वैज्ञानिक वन व्यवस्थापन कार्ययोजना बनाएको, चारवर्षदेखि उपभोक्ताहरुले वन पैदावारहरु उपयोग गर्न नपाएको देखियो । यस समूहमा केही वन उपभोक्ताहरुसँग पनि छलफल गरिएको थियो । सो मध्येका कल्पना तिमिल्सिनाका अनुसार सामुदायिक वनलाई वैज्ञानिक वन व्यवस्थापन गर्नको लागि १५ देखि १८ लाख ऋण लागेको, रुख कटान र तारवार तथा नाला निर्माणमा ठूलो रकम खर्च भएको, कार्ययोजना निर्माणको लागि तराई भू-परिधि परियोजनाबाट रु ५ लाख र डिभिजन वन कार्यालबाट ७४ हजार प्राप्त भएको देखियो । अर्का वन उपभोक्ता ज्ञानु बुढा थापा (सहजकर्ता) का अनुसार उपभोक्ता समूह काठ

ठेकेदार चुडामणी भण्डारी र जय मातादी फर्निचर उद्योगबाट रु १५ लाख ऋण लिएर परामर्शदातालाई दिई वैज्ञानिक कार्ययोजना बनाउने, रुख कटान गर्ने गरेको र हाल बैंक खातामा जम्मा रु १ लाख मौज्दात रहेको जानकारी प्राप्त भयो ।

ऐश्वर्य सामुदायिक वन उपभोक्ता समूह जानकी गा.पा.-८, कैलालीमा वन क्षेत्रको अवलोकन पछि उपभोक्ता समूहका अध्यक्ष र विभिन्न सदस्यहरुसँग छलफल गरिएको थियो । अध्यक्ष केशव शाहीका अनुसार वैज्ञानिक वनको कार्ययोजना बनाउन डिभिजन वन कार्यालयले रु ५ लाख सिधै खर्च गरेको कुरा जानकारी गराएको हो । रुख कटान गर्न गाउँपालिकाको स्वीकृति लिने कुरा कार्ययोजनामा नलेखेको हुनाले लिइएको छैन भन्ने जानकारी प्राप्त भयो । वन कार्ययोजना साथमा भए पनि साधारण सभाको निर्णय पुस्तिका र बैक भौचर लगायतका कागजात वन कार्यालयले लगेको भनी कुनै पनि कागजातहरु प्राप्त भएन । त्यसैगरी उपभोक्ता समूहको पूर्व अध्यक्ष तिर्थराज उपाध्यायका अनुसार शुरुदेखि नै यो वैज्ञानिक वन व्यवस्थापन ठीक छैन भनेको, अध्यक्ष र कार्यसमितिको विरोध गरेको हैन, तर उपभोक्ताहरुको असहमति हुँदा हुँदै यसको प्रकृया र विधि अध्यक्षले आफ्नो ढंगले गर्नु भएको हो, प्रदेशको प्राकृतिक स्रोत साधन समितिमा एउटा निवेदन दिएको जानकारी प्राप्त भयो । उहाँले त्यसको प्रतिलिपि हस्तान्तरण गर्नुभयो । अन्य वन उपभोक्ताहरुका अनुसार ठेकेदार, कार्यसमितिका पदाधिकारी र वन कर्मचारीको मिलमतोमा अत्यधिक रुखहरु कटानी गरिएको देखियो ।

बरगदा सामुदायिक वन उपभोक्ता समूह, मोहन्याल गा.पा-७, कैलालीको नदी काटानसँग जोडिएको यो वन चुरे क्षेत्र र वातावरणीय हिसावले अत्यन्त जोखिम क्षेत्रमा पर्ने देखियो । वन उपभोक्ताहरुको भनाई अनुसार मौजुदा कार्ययोजनाको समय अवधि नपुग्दै थन्क्याएर वैज्ञानिक वन व्यवस्थापन कार्य योजना बनाइएको, म्याद छँदै नयाँ कार्ययोजना बनाउँदा सामुदायिक वनका नियमहरु पालना नगरिएको, एउटै घरका सदस्यहरु एक भन्दा बढी (४ वटासम्म) सामुदायिक वनको सदस्य बनेको पाइयो । समूहका अध्यक्ष राजेन्द्र मुड्भरीको भनाई अनुसार कार्ययोजना निर्माण खर्च मध्ये वन कार्यालयले रु ५ लाख लगानी गरेको छ भने अपुग रकम समूहले लगानी गरेको (कति लगानी गरेको हो भन्ने बारेमा बताउन अस्वीकार गरेको), कार्ययोजना बनाउन परामर्शदाता धनुषा र काठमाण्डौबाट आएको, सामुदायिक वनको वैज्ञानिक कार्ययोजना कार्यान्वयनका लागि कार्यसमिति र ठेकेदार चुडामणी भण्डारीबाट रु ३ लाख ऋण सापटी लिइएको छ । वन कार्ययोजना साथमा भएपनि साधारण सभाका निर्णय पुस्तिका र अन्य कागजातहरु डिभिजन वन कार्यालयले लगेको भनी उपलब्ध गराउन नसकेको अवस्था रह्यो । स्थलगत अवलोकनबाट चुरे क्षेत्रको वातावरणीय अवस्थाको ख्याल नगरी रुख कटान गरेको, खोला किनारा नजिक भएको कारण बाढी पहिरोको जोखिम बढेको र रुखको कटान गर्दा करीव ३ फिट माथिबाट कटान गरेर स्रोतको नोक्सानी गरेको देखियो ।

चेतना सामुदायिक वन, बलिया-८, मोहन्याल गाविस, कैलालीमा समूहको अध्यक्ष लक्ष्मण वटालाले कार्य योजना निर्माण गर्दा लगेको खर्च रु १४ लाख वन कार्यालय र उपभोक्ता समूहबाट लगानी गरिएको बताउनुभयो । यस उपभोक्ता समूहका विभिन्न उपभोक्ताहरुले जानकारी गराए अनुसार यो सामुदायिक वनसँग २ वटा कार्ययोजना छ । एउटा वैज्ञानिक कार्ययोजना र अर्को सामान्य कार्ययोजना जुन २०७३ मा नवीकरण गरिएको थियो । वैज्ञानिक कार्ययोजना बनाउने नाममा यसलाई स्थगित गरिएको छ । तर २०७४ मा वैज्ञानिक वन व्यवस्थापन कार्ययोजना सामुदायिक वन उपभोक्ता समूहका केही पदाधिकारीको मिलेमतोमा बनाए पनि आम भेलाबाट अनुमोदन गरिएको छैन । समय अवधि नपुग्दै मौजुदा कार्ययोजनालाई थन्क्याएर वैज्ञानिक वन व्यवस्थापन कार्य योजना बनाइयो । पुरानो कार्य योजनाको म्याद छदै नयाँ कार्ययोजना बनाउँदा सामुदायिक वनका प्रचलित नियमहरु पालना गरिएको देखिएन ।

**उपभोक्ताहरुको वार्षिक काठको माग १५००० क्युफिट छ तर वैज्ञानिक वन व्यवस्थापनको नाममा ३१ हजार क्युफिट कटानी गरिएको देखियो । विभिन्न उपभोक्ताहरु मध्ये लक्ष्मी शाहीका अनुसार वैज्ञानिक वन व्यवस्थापनको कार्य योजना बनाउँदा उपभोक्ताहरुको आम भेलामा छलफल तथा अनुमोदन गरिएको छैन । सानो भेलाको नाममा आफ्ना अनुकूलका उपभोक्ताहरु जम्मा गरेर निर्णय गराउने काम भएको छ । दिनभरी उपभोक्ताहरुले समातेर बचाएका रुखहरु रातको समयमा काटियो । डिभिजन वन कार्यालयबाट कस्तो कटान आदेश आयो भन्ने कुरा उपभोक्ताहरुले देख्न नै पाएनन् । यसको बारेमा वन कार्यालय तथा समितिका अध्यक्षले जवाफ दिन सकेका छैनन् । कार्ययोजना कहाँ गएर बनाइयो भन्ने बारेमा अधिकाँश उपभोक्ताहरु अनभिज्ञ छन् । वन कार्ययोजना साथमा भए पनि साधारण सभाको निर्णय पुस्तिका र अन्य कुनै पनि कागजातहरु देखाउन नमानेको पाइयो । अधिकांश उपभोक्ताहरुको व्यापक विरोध हुँदाहुँदै रातको समयमा कटान प्लट बाहिर गएर २५ वटा रुखहरु काटिएको देखियो । वन ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय सरकारसँग समन्वय गरी काठ कटान गर्न सहमति लिएको पनि देखिएन ।**

**चुरे मालिका सामुदायिक वन उपभोक्ता समूह, मोहन्याल गाविस ३, कैलालीका समूहका अध्यक्ष र पदाधिकारीहरु सम्पर्कमा आउन चाहेनन् । त्यसैले विभिन्न समूहका विभिन्न उपभोक्ताहरुसँग छलफल गरिएको थियो । उपभोक्ता मध्येका सुरेन्द्र जैशीका अनुसार सामुदायिक वनको लागि उपभोक्ता समूह वनेको कसैलाई पनि थाहा छैन र कार्यसमितिमा बसेका व्यक्तिहरुलाई समेत थाहा छैन । उपभोक्ता समूहहरुको साधारण सभा सदरमुकामको कुनै होटलमा बसेको हुनुपर्दछ । सामुदायिक वनका अध्यक्ष वनेकी मीना कुमारी जैशी २ वर्षदेखि भारतको वैंगोलरमा बसोवास गर्दै आएकी छन् । तर यहाँ उनको किर्ते हस्ताक्षर गरिएको छ । उनको आफ्नो समेत किर्ते हस्ताक्षर गरिएको जानकारी गराउनु भयो । उपभोक्ता समूहमा बहुमत सदस्यहरु नै नक्कली बनाइएको छ । रुख कटानी भन्दा पहिले साधारण सभाबाट स्वीकृति लिइएको छैन । कटान भएको ठाउँमा कुनै पनि पुनरोत्पादन भएको छैन । वनको वैज्ञानिक व्यवस्थापन कार्ययोजना कसले कसरी बनायो, डिभिजन वन कार्यालयले कसरी स्वीकृति दियो यसमा स्पष्ट रुपमा काठका ठेकेदार कर्ण कुँवर भन्ने व्यक्ति र वन कार्यालयको मिलेमतो रहेको जानकारी गराउनु भयो । कार्यसमितिका पदाधिकारी मध्ये काशीराम चौलागाईका अनुसार गणपूरक संख्या नपुऱ्याई साधारण सभा गरेको देखियो । वनमा ६ हजार क्यूफिट काठ काटेको छ । ४० घरधुरी रहेका मध्ये काठका लागि कसैको निवेदन लिएको छैन र गाउँपालिकाको स्वीकृति पनि लिएको देखिएन ।**

**जनकल्याण सामुदायिक वन, मोहन्याल गाविस, कैलालीका समूह अध्यक्ष जय गिरी (जनक) का अनुसार वैज्ञानिक वन व्यवस्थापन अन्तर्गत यो वर्ष १२ हजार क्युफिट काठ कटानी गरिएको छ र कार्ययोजना वनाउन ६ लाख लगानी गरेको छ, वन व्यवस्थापनका लागि १० लाख र तारवारको लागि मात्र ३ लाख खर्च भएको छ, उपभोक्ता समूहको वैंक खाता आज सम्म खोलिएको छैन । काटिएका काठको घाटगद्धी सामुदायिक वनको कार्यालयमा गरिएको छ, कार्य योजना निर्माण ग्रिन इनिसियटिभ नेपाल प्रा.लि.ले वनाएको हो । समूहका अध्यक्षले सबै कागजातहरु वन कार्यालयले लगेको भनी माग गरेका कागजातहरु उपलब्ध गराइएन । अन्य उपभोक्ताहरुको भनाई अनुसार २०७६ मा वैज्ञानिक वन व्यवस्थापन कार्ययोजना केही सामुदायिक वन उपभोक्ता समूहका पदाधिकारीको सहयोगमा बनाए पनि साधारण सभाबाट अनुमोदन गरिएको छैन, समय अबधि नपुग्दै मौजुदा कार्ययोजना थन्क्याएर वैज्ञानिक वन व्यवस्थापन कार्य योजना बनाइयो, म्याद छँदै नयाँ कार्ययोजना बनाउँदा सामुदायिक वनका नियमहरु पालना गरिएको देखिएन, उपभोक्ताहरुको वार्षिक काठको मागको कुनै जानकारी छैन, वैज्ञानिक वनको प्लटभन्दा बाहिर पनि बाटोका छेउछाउमा २४ वटा सालका रुखहरु काटिएको देखिन्छ, वैज्ञानिक वनको कटान कुप**

भित्र नम्बरिंग रुख समेत हराएको देखिन्छन्, वैज्ञानिक वन व्यवस्थापनको कार्य योजना बनाउँदा उपभोक्ता समूहहरुको साधारण भेलाबाट अनुमोदन गरिएको छैन, कमसल कमजोर रुखहरु मात्र माउ रुखको रुपमा छनोट गरिएको र वातावरणीय तथा जैविक विविधताको कुनै ख्याल गरिएको देखिएन ।

यस सामुदायिक वनका अध्यक्षले विगतमा अवैध रुपमा रुख कटानी गरेका कारण हाल मुद्दा खेपिरहेको देखियो । अनुसन्धान समितिका सदस्यहरुका प्रश्नहरुलाई उनले सहजताका साथ उत्तर दिने प्रयास गरेको पनि देखिएन । उनले कार्ययोजना, आमभेलाका निर्णयहरु, कटान तेरिज, कटान आदेश लगायत कुनै पनि कागजातहरु देखाउन आनाकानी गरेर देखाउँदै देखाएनन् । यत्रो पैसाको कारोवार गर्ने सामुदायिक वनको नाममा बैंक खाता समेत नखोलेको कुरा गरेर अध्यक्षले आर्थिक कारोवारको अपारदर्शिता प्रष्ट पारेका छन् । वडा अध्यक्ष नन्दलाल गिरिको भनाइमा वैज्ञानिक वनको कार्ययोजना निर्माण तथा कार्यान्वयनमा स्थानीय सरकारसँग कुनै किसिमको समन्वय गरिएको छैन र स्वीकृति लिएको पनि छैन ।

सामुदायिक वन अभियानकर्मी तथा वन उपभोक्ता सदस्य, मोहन्याल गाउँपालिका, कैलालीका कर्ण बहादुर रावलका अनुसार "गाउँपालिका लगायत कैलालीमा रहेका सामुदायिक वनहरुमा वैज्ञानिक वन कार्यक्रम लागू भएपछि वनमा व्यापक अनियमिता शुरु भएको हो । मोहन्याल गाउँपालिका चुरे क्षेत्रमा पर्ने र यस क्षेत्रका सालका राम्रा रुखहरु भएकोले वन कर्मचारी र वनका ठेकदारहरुको मिलेमतोमा व्यापक वन फँडानी भइरहेको छ । कैलालीको डिभिजन वन कार्यालय पहलमानपुरका हालका डिभिजन वन अधिकृतको यस जिल्लामा आउनु भन्दा सामान्य आर्थिक हैसियत भएपनि यस डिभिजन वन कार्यालयमा आएको छोटो अवधीमा नै विभिन्न ठाउँमा जग्गाहरु खरिद गर्ने, प्रत्येक महिना नयाँ र महंगा मोबाइल फोन प्रयोग गर्ने, सर्वसाधारण वन उपभोक्ताको सम्पर्कमा नआउने, दिनभर काठ ठेकेदारसँग बस्ने र कार्यालय समयपछि कार्यालयमा आएर कागजात मिलाउने काम गर्ने र अत्यन्त विलासी जीवन विताउने गरेका छन् । यो सबै गर्नका लागि वैज्ञानिक वन व्यवस्थापनका नाममा वन विनाश गरी बिक्री गरेको काठबाट अबैध रकम जम्मा गरिएको छ भन्ने कुरा हामी सबैले देख्दै आएका छौ, त्यसैले निजको सम्पत्ति छानबिन हुनुपर्दछ । यसका साथै कैलालीको डिभिजन वन कार्यालयका हालका डिभिजन वन अधिकृतले पनि सो डिभिजन वन कार्यालयमा आएपछि सःमिलका व्यावसायीहरु मिली घर जग्गा खरिद तथा व्यावसाय गर्ने, विलासी जीवन विताउने र वन उपभोक्ताहरुको सम्पर्कमा नआउने र ठूला परिमाणमा काठ कटानका लागि कटान आदेश दिई सेटिङ्गमा काठ ठेकदारहरुलाई उपलब्ध गराउन भूमिका खेली सम्पत्ति आर्जन गर्दै आएका छन् ।" त्यस्तै कैलालीका पत्रकार विरेन्द्र रावलका अनुसार कैलाली जिल्लामा आउने प्राय सबै वन अधिकृत र क्षेत्रीय/प्रदेश वन निर्देशकहरुले अकुत सम्पत्ति आर्जन गरी जाने गरेको कुरा सबैलाई थाहा छ । वन निर्देशकहरुले वन नै निरीक्षण तथा अनुगमन नगरी किर्ते प्रतिवेदन तयार गर्ने र काठ व्यावसायीसँगको साठगाँठमा रुख कटान गराउन वैधानिक कागजात खडा गरी अनुचित लाभ लिने कार्य गर्दै आएका छन् र हाल सुदूरपश्चिम प्रदेश वन निर्देशनालयमा रहेका निर्देशकले पनि यही कार्यलाई निरन्तरता दिई विलासी जीवन विताउने र सम्पत्ति जोड्ने कार्य मात्र गर्दै आएका छन् । त्यसैले कैलालीको वन तीव्र रुपमा फडानी भइरहेको छ ।

घोडाघोडी नगरपालिकाका मेयर ममता प्रसाद चौधरीको भनाई अनुसार यहाँ ३५ वटा सामुदायिक वनहरुले यो वैज्ञानिक वन कार्यक्रम लागू गरेका छन् । २७ वटा सामुदायिक वनहरुमा रुख काटियो र अहिले केही रोकिएको छ । उहाँका अनुसार सिद्धान्ततः यो राम्रो होला तर यो व्यवहारमा कतै पनि राम्रो देखिएन । वैज्ञानिक वन बनाउने कुरा व्यवहारमा विलकूलै राम्रो देखिएन । जहाँ जहाँ राम्रो सालका रुखहरु र गोलीयाहरु छन त्यहाँ मात्रै कटान भएको छ । राम्रा सालका रुख भएकालाई मात्र वैज्ञानिक वन बनाउने

यसको उद्देश्य देखियो । वुट्यान वा हैसियत विग्रेको वनलाई वैज्ञानिक वन बनाउनु पर्ने तर त्यतातिर ध्यान छैन । उहाँले सामान्यतया साधारण सभा गर्ने तर साधारण सभामा केही टाठाबाठाहरुले माइन्यूट उठाउने र त्यसपछि बाँकी सबै काम वन कार्यालयहरुले गर्ने गरेको जानकारी गराउनुभयो । कार्ययोजनादेखि लिएर सवैकुरा पारित गर्ने, कन्भिन्स गर्ने, उपभोक्तालाई राखेर यति पैसा आउँछ यति करोड आउँछ, तपाईको जनजीवनमा परिवर्तन आउँछ, बाटोघाटो बन्छ, पुल पुलेसो बन्छ, यो पैसाले तपाईहरु के हेरेर बस्नु भएको छ ? यो सबै सुकेर धोध्रो भएर जाने हो भन्ने खालको कन्भिन्स गर्ने काम भएको छ स्थानीय तहसँग सरसल्लाह गर्ने, हामीसँग छलफल गर्ने कुनै काम भएको छैन । वनलाई विकास गर्ने कुरा हामी सरोकार राख्छौ । संरक्षणको कुरा हाम्रो दायित्व भित्र पनि पर्छ तर हामीसँग कहिले पनि सरसल्लाह भएको छैन । यही तरिकाले रुख कटान गर्ने हो भने कैलाली छिटै नै मरुभूमिकरण हुँदैछ । उहाँले प्रतिप्रश्न गर्दै भन्नुभयो रुख काटिएको वनमा हुर्काउने कुराको कसले जिम्मेवारी लिन्छ ? यसको सुनिश्चितता कसले गर्छ ? व्यवहारिक रुपमा अप्ठेरो प्रश्न उठेको छ । उहाँले वैज्ञानिक वनलाई पुनर्विचार गर्नुपर्ने सुझाव दिंदै उहाँको पालिकाले पनि वैज्ञानिक वन लागू हुनु हुँदैन भनेर सुझावहरु पठाइसकेको जानकारी दिनुभयो ।

छलफलका क्रममा घोडाघोडी तालको सिमसार क्षेत्रका वैज्ञानिक वन कटान गरिएका विभिन्न सामुदायिक वनका कटान प्लटहरुको अवलोकन गरिएको थियो, जहाँ पुनरुत्पादन शुन्य देखियो ।

धनगढी उपमहानगरपालिका-१८, वडा कार्यालयमा विभिन्न सामुदायिक वन र साझेदारी वनमा लागू गरिएको वैज्ञानिक वन कार्यक्रमबाट प्रभावित वन उपभोक्ता र जनप्रतिनिधिहरु भेला भई उपसमितिलाई ज्ञापन पत्र बुझाउनुका साथै निम्न अनुसार संक्षिप्त अवधारणा राखेका थिए :

१. फूलवारी गाउँपालिका पूर्व अध्यक्ष दिनेशचन्द्र सुवेदीका अनुसार स्थानीय सरकारका प्रतिनिधिहरुसँग समन्वय र सहकार्य विना कार्यान्वयनमा ल्याइएको वैज्ञानिक वन व्यवस्थापनको मोडालिटि नै गलत छ । वैज्ञानिक वन व्यवस्थापन गरिएका सामुदायिक वन तथा साझेदारी वनका समितिहरुले समानान्तर सरकार चलाएका छन् । त्यहाँ गैह्रकानुनी आर्थिक चलखेल बढेको छ । वैज्ञानिक वन व्यवस्थापन गरिएका सामुदायिक वन तथा साझेदारी वनका अध्यक्षहरुलाई शुरु मै ठेकेदारहरुले मोटरसाईकल किनेर दिने गरेका छन्, जसले गर्दा ठेकेदारहरुलाई वनमा चलखेल गर्न सजिलो हुन्छ । शुरु मै वैज्ञानिक वनको कार्ययोजना निर्माण गर्न भनेर ठेकेदारहरुले १५ लाख लगानी गर्दछन् । वैज्ञानिक वन व्यवस्थापनको विरुद्ध संघर्ष समिति समेत बनेको छ । हामीले १५ सय जनाको हस्ताक्षर गरेर प्रदेशदेखि केन्द्रसम्म ज्ञापन पत्र दिएका छौ । यति गर्दा पनि सुनुवाइ भएको छैन ।

२. वैज्ञानिक वन व्यवस्थापन विरुद्ध विरुद्ध संघर्ष समितिका अध्यक्ष सूर्य प्रसाद शर्माका अनुसार कैलाली जिल्लामा भरताल क्षेत्रका सामुदायिक वनहरुमा वैज्ञानिक वन व्यवस्थापनले पर्यावरणमा असर परेको छ । गिद्ध लगायत चराहरु बसोवास गर्ने रुखहरु समेत कटान गरिएको छ । हिजो सिमलका रुखहरु काटिएका कारण आज गिद्ध लोप भयो । लाखौ करोडौको काठ बेच्ने, राजस्व छल्ने र सिधै राज्यलाई दोहन गर्ने काम भइरहेको छ । सर्वसाधारण जनताले काठ पाइराखेका छैनन् । ठेकेदारहरुलाई मात्रै वन हो कि आम जनताको निम्ति पनि वन हो ? यहाँ ६-७ जना ठेकेदारहरु छन्, उनीहरुले सामुदायिक वनको अध्यक्षलाई लगानी गरेका छन् । हामीलाई रेखदेख गर्न दिइदैन उच्छिखल व्यक्तिहरु लगाइन्छ ।

३. वडा नं. १८ का वडा अध्यक्ष, मुरारी अधिकारीका अनुसार हरेक सामुदायिक वनले वार्षिक १० प्रतिशत कर वुझाउने बारे छलफल भयो, यो वैज्ञानिक वनमा जाने क्रममा न वडालाई जानकारी छ न स्थानीय तहको कार्यपालिकालाई जानकारी छ । उपभोक्तालाई कुनै जानकारी छैन ।

भारताल क्षेत्रका सामुदायिक वन र साझेदारी वनका अध्यक्षहरु एकल तरिकाले हिड्नु भएको छ । स्थानीय सरकारका प्रतिनिधिहरुसँग समन्वय र सहकार्य विना कार्यान्वयनमा ल्याइएको वैज्ञानिक वन व्यवस्थापन गलत छ र यो खारेज हुनुपर्छ । यस क्षेत्रको भारताल साझेदारी वन र बाह्य वन साझेदारी वनमा वैज्ञानिक वन व्यवस्थापन गर्ने भनी व्यापक वन विनाश हुने गरी वन फडानी भएको छ । साझेदारी वनको रुख कटानका विषयमा निरीक्षण गर्ने दायित्व वन निर्देशकको हो । तर प्रदेश वन निर्देशकको नै काठ व्यवसायीसँग मिलेमतो भएकोले वन निरीक्षण गरेजस्तो गरी रुख कटानमा अनियमितता गरिएको छ ।

यसैगरी नवदूर्गा सामुदायिक वन र रानीफाँटा सामुदायिक वन, कैलालीका वनहरुमा स्थलगत अवलोकन गर्दा स्थानीय वन उपभोक्ता समूहका पदाधिकारी र साधारण सदस्यहरुले वैज्ञानिक वनको कार्ययोजना बनाउन १५ लाखसम्म खर्च भएको र वैज्ञानिक वनका कारण समूहमा द्वन्द्व सृजना भएको बताए । सामुदायिक वन र साझेदारी वन अन्तर्गतका वैज्ञानिक वनमा खर्च गर्दा वनको आम्दानी र खर्च बराबर भई ठेकेदारहरुलाई मात्र फाइदा भएको कुरा बुझिन आयो । उनीहरुले सामुदायिक वनमा वैज्ञानिक वनका कारण ९५ प्रतिशत कामहरु गलत भएको बताए । यस क्रममा सरोकारवालाहरुसँग छलफल गर्दा कैलालीका रामजानकी सामुदायिक वन, अमरावती सामुदायिक वन, मातृभूमि सामुदायिक वन, कर्णाली करिडोर सामुदायिक वन, रानीजरुवा सामुदायिक वन, लालीगुँरास सामुदायिक वन लगायतका सामुदायिक वनहरुका समेत व्यापक वन विनाश र अनियमितता भएको कुरा अवगत भयो ।

डिभिजन वन कार्यालय, पहलमानपुर, कैलालीमा भएको छलफलमा डिभिजनल वन अधिकृत कृष्णदत्त भट्टले वैज्ञानिक वन कार्यक्रम नेपाल सरकारले बनाएको कार्यविधि अनुसार नै काम गरेको र कार्ययोजना तर्जुमा र कार्यान्वयनमा कुनै कमजोरी नभएको कुरा बताउनु भयो । छलफल पश्चात् अध्ययन अनुसन्धानका लागि आवश्यक पर्ने कागजातहरुको सूची उपलब्ध गराइयो र सोही अनुसारको कागजात उपलब्ध गराउने प्रतिवद्धता व्यक्त भएको थियो ।

छलफलका क्रममा डिभिजनल वन अधिकृत रामचन्द्र कंडेलले व्यक्त गरेको भनाई : भारताल साझेदारी वनको क्षेत्रफल २६०० हेक्टर क्षेत्रफलमा फैलिएको छ । यो वर्ष ७०, ८० हजार क्युफिट काठ काटिएको छ । वैज्ञानिक वन कार्ययोजना स्वीकृत भएका सा.व. संख्या ४७ वटा छ । साझेदारी वनको कार्य योजना वनाउन रु ३०/४० लाख र सामुदायिक वनको कार्य योजना निर्माणको लागि ५ लाखसम्म लगानी गरिएको छ । पुनरुत्पादन र पोल साइजका बिरुवाहरुलाई बढ्न दिनेगरी कार्ययोजना कार्यान्वयन गरिएको छ । काठको ठेक्कालाई पारदर्शी तथा प्रतिश्पर्धी बनाउँन इ-टेण्डर प्रकृयामा जानु उपयुक्त हुन्छ । सामुदायिक वनमा वैज्ञानिक वन लागू गर्दा कमजोरी भएपनि सुधारका प्रयासहरु भइरहेका छन् । छलफल पश्चात् उपसमितिको अध्ययनका लागि आवश्यक पर्ने कागजातहरुको सूची उपलब्ध गराइको थियो र डिभिजनल वन अधिकृतले सो अनुसारका कागजातहरु उपलब्ध गराउने प्रतिवद्धता व्यक्त गर्नु भएको थियो ।

**२. कञ्चनपुर :-**

यस जिल्लाको श्रीकृष्ण सामुदायिक वन उपभोक्ता समूह, शुक्लाफाँट नगरपालिका-११ को सामुदायिक वनको कटान प्लट अवलोकन गरेपछि अध्यक्ष र पदाधिकारीहरुसँग छलफल गरिएको थियो । समूहका अध्यक्ष दान बहादुर बोहराका अनुसार यस वनमा अघिल्लो वर्षमा पनि रुख काटिएको थियो । डिभिजन कार्यालयबाट जम्मा २२८ रुख र १३,००० क्युफिट कटान आदेश आएको छ । कति काटियो एकिन भएको छैन । फायरलाइनको ३१ रुख, पुर्नउत्पादन क्षेत्रको १६१ रुख (१७ रुख बाँकी),

ढलापडा ३५ रुख काटिएको छ । अहिले नाप भएको ४६ सय क्यूफिट र अरु नापजाँच गर्न बाँकी देखियो । कार्ययोजना निर्माणका लागि रेड कार्यान्वयन केन्द्रले परामर्शदातालाई रकम उपलब्ध गराएको देखियो । रुख कटानी तथा अन्य व्यवस्थापनको लागि ५ लाख भन्दा बढी खर्च भएको छ । मजदुरहरुलाई रकम तिर्न बाँकी छ । हाल सरकारको निर्णय अनुसार रुख कटान रोकिएको छ । काटिएका काठको घाट गद्दी सामुदायिक वनको कार्यालयमा गरिएको छ । स्थानीय सरकार सञ्चालन ऐन अनुसार स्थानीय सरकारसँग कुनै अनुमोदन नलिइकन कटान गरिएको छ ।

अन्य उपस्थित उपभोक्ताहरुको भनाई अनुसार केही सीमित पदाधिकारी र वन कार्यालयको मिलोमतोमा सामदायिक वनको वैज्ञानिक वन व्यवस्थापन कार्ययोजना बनाए पनि साधारण सभाबाट अनुमोदन गरिएको छैन । २०० भन्दा बढी उपभोक्ता सदस्यहरुले साधारण सभामा वैज्ञानिक वन रोक्न माग गरे पनि त्यसको सुनुवाई गरिएन । कार्यसमितिमा भएका १५ जना मध्ये १२ जनाले वैज्ञानिक वन व्यवस्थापनको विरोध गर्दै राजीनामा दिएका छन् । तर पनि कार्य समितिका अध्यक्ष यस कुरालाई स्वीकार्न तयार छैनन् । समय अवधि नपुग्दै मौजुदा कार्ययोजना थन्क्याएर वैज्ञानिक वन व्यवस्थापन कार्य योजना बनाएको पाइयो । कुनै प्रतिष्पर्धा नै नगरी टेकराज पन्तलाई काठ कटान तथा काठको ठेक्का दिइएको देखियो ।

उपस्थित वन उपभोक्ता मध्ये टेक वहादुर हमालका अनुसार वैज्ञानिक वन व्यवस्थापन नगरे सामुदायिक वनको दैनिकी कार्य गर्न नदिने र उपभोक्ताहरुलाई अप्ठेरोमा पार्ने गरिएको छ । वैज्ञानिक वन व्यवस्थापनको नाउँमा साना-साना बोट विरुवाहरु पनि बाँकी राखिएन । माउ रुखको छनौटमा अनियमितता गरिएको छ । राम्रा र स्वस्थ रुख कटान गरियो र अस्वस्थ रुख माउ रुखको रुपमा राखिएको छ । यसमा जैविक विविधता व्यवस्थापन गर्ने विषयलाई बेवास्ता गरिएको छ । उपभोक्ताहरुलाई खुशी पार्न लाथ्राहरुलाई दाउराको रुपमा बाढिएको छ । यसको लागि कुनै आधिकारिक निर्णय गरिएको छैन । ७०० उपभोक्ता मध्ये सबैलाई एकैचोटी काठ चाहिदैन र चाहिने भनेको अहिले ५०-६० जनालाई हो तर अहिले कटानी भएको हेर्ने हो भने २० हजार क्यूफिट भन्दा बढि काटिएको छ यो कसका लागि हो ? यहाँका जनतालाई ५ हजार सीएफटी बाँडेर बाँकी ठेकेदार कहाँ जान्छ । उनले थप जानकारी दिँदै भने "हामीले पैसाका लागि यो वन बनाएका हैनौ र पैसासँग मात्रै यो वन जोडिएको कुरो हैन, हामीले लामो समयसम्म घरबाट चामल दिएर वन हेरालु पालेका छौ । वन माफियाहरुलाई कडा भन्दा कडा कारवाही होस् ।"

त्यसैगरी उपस्थित मध्ये महिला वन उपभोक्ता सदस्य पशुपति ऐरको भनाई अनुसार विगत २५ वर्ष देखि उपभोक्ताहरुले मायाँ गरेर हुर्काएका रुख विरुवाहरु उपभोक्ताहरुको सहमति बेगर छिनभर मै ठेकेदार र वन कर्मचारीहरुको मिलेमतोमा सखाप पारिएको छ । साधारण सभा नगरी उपभोक्ता समूहहरुको घरघरमा गएर वार्षिक काठको माग संकलन गरिको थियो । उपभोक्ताहरुले यसलाई सामान्य रुपमा लिएर आफूलाई चाहिने वार्षिक काठ दाउराको लागि निवेदन दिएका थिए । तर त्यही माग गरिएको निवेदनलाई वैज्ञानिक वन व्यवस्थापनको लागि उपभोक्ताहरुले अनुमोदन गरेको प्रचार गरिएको छ । यसबाट उपभोक्ताहरुको अधिकारको हनन भएको छ । वैज्ञानिक वन विल्कूलै बेठीक छ । उपभोक्ताहरुलाई वार्षिक लगभग जम्मा ५००० क्युफिटको मात्र आवश्यकता पर्ने देखिन्छ तर वनमा २० हजार क्युफिट काठ काटिएको छ । यो काठ कहाँ कसरी कसले लैजान्छ उपभोक्ताहरुलाई जानकारी छैन । उहाँले थप जिकिर गर्दै भन्नुभयो स्थानीय महिला तथा वन उपभोक्ताहरुको व्यापक विरोध पछि रोकिएको रुख कटानको कार्यलाई सिडियो र डिभिजन वन अधिकृतको निर्देशन र मिलेमतोमा रुख कटान गरिएको हो ।

शुक्लाफाँटा नगरपालिका, कञ्चनपुरकी उपमेयर तुलसी देवी हमालका अनुसार वैज्ञानिक वन व्यवस्थापनको कार्यप्रति स्थानीय सरकारको कुनै समर्थन छैन । नगरपालिकाले वैज्ञानिक वन व्यवस्थापन कार्य रोक्न वडाहरुलाई परिपत्र दिएको छ । वैज्ञानिक वन व्यवस्थापन कार्यक्रमहरु स्थानीय सरकारको अनुमोदन तथा स्वीकृति बेगर कार्यान्वयनमा आएका छन् । यस बारेमा डिभिजन वन कार्यालयले नगरपालिकासँग कुनै समन्वय र सरोकार राखेको छैन । कटान रोकी दिनु पर्‍यो भनेर २ सय भन्दा धेरैको निवेदन परेको छ । उनीहरुले आफ्ना बच्चाहरुलाई हेरविचार गरे जसरी नै वन हुर्काएका छन् । कटान रोक्नुपर्छ भनेर डिभिजन वन कार्यालयमा चिठी पठाइएको छ । माथिबाट जुन जस्तो अवस्थामा छ त्यही अवस्थामा रोक्नु भनेर निर्देशन आयो, अनि रोकियो । हामीहरु बीचमा पनि यो वन प्रदेशले मात्रै हेर्ने भन्ने परेको थियो । जनतासँग हामी ठोकिएका छौं, त्यसैले वैज्ञानिक वन व्यवस्थापनको प्रकृया एकदमै गलत छ । वैज्ञानिक वनको नाउँमा यसरी सर्पट कटान गरियो कि भविष्यमा जंगल नै मासिने सम्भावना बढेर गएको छ । जनताले मन नपराएको यो कार्य तत्काल रोकिनु पर्छ ।

केही सीमित पदाधिकारी र वन कार्यालयको मिलोमतोमा बनाइएको सामुदायिक वनको वैज्ञानिक वन व्यवस्थापन कार्ययोजना उपभोक्ता समूहरुको आम भेलामा छलफल तथा अनुमोदन गरिएको देखिएन । २०० भन्दा बढी उपभोक्ता सदस्यहरुले वैज्ञानिक वन व्यवस्थापनका विषयमा छलफल गर्न साधारण सभा आयोजना गर्न लिखित माग गरे पनि त्यसको सुनुवाई आजसम्म गरिएको देखिएन । कार्यसमितिमा भएका १५ जना मध्ये १२ जनाले वैज्ञानिक वन व्यवस्थापनको विरोध गर्दै राजीनामा दिएका छन् तर पनि कार्यसमितिका अध्यक्ष यस कुरालाई स्वीकार्न तयार नभएको देखियो् ।

बैजनाथ सामुदायिक वन, शुक्लाफाँट नगरपालिका-८, कञ्चनपुरका समूहका पदाधिकारीहरुसँग छलफल गर्नुपूर्व कटान भएको वन क्षेत्र अवलोकन गरिएको थियो । वन क्षेत्र अवलोकनका क्रममा उपस्थित विभिन्न उपभोक्ताहरुको भनाई अनुसार केही सीमित पदाधिकारी र वन कार्यालयको मिलोमतोमा सामुदायिक वनको वैज्ञानिक वन व्यवस्थापन कार्ययोजना बनाइए पनि साधारण सभाबाट अनुमोदन गरिएको छैन, वनका अध्यक्ष नै वडा अध्यक्ष भएको कारण जसले वैज्ञानिक वन व्यवस्थापन र अध्यक्षको मनपरीको विरोध गर्छ उसलाई सामुदायिक वनभित्र प्रवेश गर्न नै दिइन्न, यसको अलावा वडा कार्यालयबाट प्राप्त हुने सेवा सुविधाहरुबाट समेत वञ्चित गरिने गरिएको छ, सामान्य उपभोक्ताहरुलाई अध्यक्षको अनुमति बेगर वनभित्र प्रवेश गर्न मनाही गरिएकोले वनभित्र गरिएका काम कार्वाहीहरु हेर्न देख्नबाट बञ्चित गरिएको छ । २३१ घरधुरीले हस्ताक्षर गरेको जिल्ला वन कार्यालयमा विरोध पत्र दिएको छ । अहिले बनाएको कार्ययोजना उनीहरुले हेर्न पनि नपाएको र डिएफओलाई यस बारेमा सोध्दा ५१ प्रतिशत घरधुरीको निवेदन ल्याउनुस म अहिले नै यो कार्यसमिति विघटन गरेर साधारण सभा बोलाई दिन्छु भन्ने कुरा गर्नु भएको जानकारी प्राप्त भयो । उहाँहरुले कुरा सुन्न संसदीय समिति आएकोमा आभार प्रकट गर्नुभयो । अहिले ६५० घरधुरी सदस्य राखिएको भन्ने सुनिएको छ । तर उक्त घरधुरी अन्यत्रको सामुदायिक वनमा सदस्य भएका घरधुरीलाई पनि दोहोरो घरधुरी बनाइएको छ । भगवती सामुदायिक वनमा पनि यहीका उपभोक्ताहरु छन् । लगानी गर्न केन्द्रबाट बजेट ल्याएका हौं भन्दै दोहोरो घरधुरी राखिएको छ । जनतालाई वनमा आउन निषेध छ । पत्रकार आउँदा हातपात भयो । अनधिकृत समूह राखेर वन उपभोक्तालाई सामुदायिक वनमा प्रवेश गर्न दिइदैन । दाउराको लागि पुर्जी माग्न आउँदा पुर्जी दिइएन । विरोध गरे वापत दाउरा समेत दिएन ।

वर्तमान उपाध्यक्ष चन्य महाराका अनुसार पोहर साल भदौ २८ गते भएको साधारण सभामा हामीले सहभागितामूलक रुपमा कार्यसमिति गठन गरौं भन्दा म वडा अध्यक्ष हुँ वडाको अधिकारमा काम हुन्छ, तपाई बाहिर जानुस, तपाईहरु जस्ता कति मान्छे राख्न सक्छु भनी अध्यक्षले बाहिर निकालिदिए ।

वैज्ञानिक वन नबनाउ भन्दा मलाई कार्यसमितिमा बस्न नै दिइएन तर मैले राजीनामा पनि गरेको छैन । वैज्ञानिक वन खारेज हुनुपर्छ । वडा अध्यक्ष र सामुदायिक वनको अध्यक्ष एउटै व्यक्ति हुनु हुदैन ।

वैजनाथ सामुदायिक वनको भूपु अध्यक्ष प्रकाश कडायतका अनुसार रुख काटिएकोमा दुःख लागेको र निज अध्यक्षमा आउँदा १३ हजार एउटा खातामा अर्कोमा १७ हजार रकम थियो, मेरो कार्यकालको अन्त्यमा ५ लाख सम्मको व्यालेन्स राखेर बरबुझारथ गरेको तर अहिले रजिष्टर हेर्न नदिएको जानकारी गराउनुभयो । उहाँले थप्नुभयो "हाम्रो माग यो वैज्ञानिक वन खारेज हुनुपर्छ र काटेको काठ उपभोक्तालाई बाँडिनु पर्छ भन्ने हो । पत्रकारलाई पनि वनमा प्रवेश गर्न दिएको थिएन । क्यामरा तल गर भनेका थिए । हामीले जंगल बचाउनु पर्छ भन्दा हामीलाई कारवाही हुन्छ भनेर डर त्रास सृजना गरेका छन् । लकडाउनको बेला सशस्त्र प्रहरीको गाडी आएको थियो र यहाँ मासुभात खुवाइएको थियो । उनीहरुलाई वनमा राखी जनता प्रवेश गर्न नदिई ३ दिनसम्म लगातार सबै रुख कटान गरिएको हो । जेठ १५ गते केन्द्रले निर्णय गरेपछि पनि यहाँ जेष्ठ २०-२२ गतेसम्म जवरजस्ती रुख काट्ने काम भएको छ । जनताहरु लकडाउनमा भएको स्थितिमा माफियाहरुले वन भित्र पसेर वन विनास गरेका छन् । उपभोक्ता समितिका पदाधीकारी र वन कार्यालयका अधिकृतहरु यसमा संलग्न छन् । उनीहरुको मिलोमतोमा यो काम भइरहेको छ । सिडियो र डिभिजन वन अधिकृतको निर्देशनमा र मिलेमतोमा रुख कटान गरिएको हो ।"

वैज्ञानिक वन व्यवस्थापनको कार्यप्रति स्थानीय सरकारको कुनै समर्थन देखिएन । नगरपालिकाले वैज्ञानिक वनको व्यवस्थापन कार्य रोक्न वडाहरुलाई परिपत्र दिएको छ । वैज्ञानिक वनका नाममा रुख काट्ने कार्य स्थानीय सरकारको अनुमोदन तथा स्वीकृति बेगर कार्यान्वयनमा आएका छन् । यसबारेमा डिभिजन वन कार्यालयले नगरपालिकासँग कुनै समन्वय र सरोकार राखेको छैन । चुरे क्षेत्रमा रहेको यो वन क्षेत्रमा यस्तो किसिमले वन कटान गर्नुले वातावरणीय सन्तुलनमा असर त पार्छ नै साथै तल्लो तटीय भेगमा बसोवास गर्नेहरु बाढी, पहिरो लगायत प्राकृतिक विपत्तिको मारमा पर्ने स्थिति पैदा भएको छ ।

अध्यक्ष वहादुर सिं महराका अनुसार सामुदायिक वनको कोषमा १ लाख ५0 हजार थियो । वन व्यवस्थापन कार्य विशेष गरी काठ कटान तथा मुछानको लागि ८ लाख रुपैयाँ खर्च भएको छ । सामुदायिक वनको कोषबाट अपुग भएको रकम उपभोक्ता सदस्यहरुबाट ऋण उठाएर खर्च चलाइएको छ । अहिले नयाँ काटेको काठ १८ हजार क्यूफिट छ । सामुदायिक वन उपभोक्ता समितिका सदस्य र पूर्व अध्यक्षहरुले लगाएको आरोप झुटो हो ।

सामुदायिक वनमा नियमितता र पारदर्शिताको कुरा गरे पनि अध्यक्षले वन कार्ययोजना, साधारण सभा, निर्णय पुस्तिका, कटान आदेश र बैक स्टेटमेन्ट लगायत कुनै पनि कागजातहरु देखाउन मानेनन् । यो सामुदायिक वनका उपभोक्ता समितिका पदाधिकारीहरुको कार्य प्रणाली सामुदायिक वनको वास्तविक मर्म अनुसार सञ्चालन भएको देखिएन र अध्यक्षको इच्छा अनुसार सामुदायिक वनको कोष सञ्चालन गरेको देखियो । वनभित्र प्रवेश गर्ने प्रवेश द्वारमा नै चेक पोष्ट राखी सर्वसाधारण वन उपभोक्तालाई घाँस दाउरा संकलनबाट रोक लगाइको देखियो । वन प्रशासनले समेत सामुदायिक वनका अध्यक्षको मनोमानी रोक्न तथा नीति नियम पालना गराउनमा मौन रहेको पाइयो । अध्यक्षले अनुसन्धान समितिका सदस्यहरुका प्रश्नहरुलाई सहजताका साथ उत्तर दिने प्रयास गरेको देखिएन । ठूलो रकमको कारोवार गर्ने सामुदायिक वनको नाममा रहेको बैंक मौज्दात रकमका बारेमा कुनै भरपर्दो कागजात प्रस्तुत गर्न सकेनन् । सामुदायिक वन आमसहमतिमा चल्नुपर्ने संस्था हो तर यस समुदायमा उपभोक्ताह बीच विभेद गरेको स्पष्ट देखियो । असहमति जनाउने उपभोक्ता सदस्यहरुलाई वनभित्र छिर्न नदिने, उनीहरुका दैनिक आवश्यकताका वन पैदावर संकलनमा समेत रोक लगाउनुले सामुदायिक वनको मर्मप्रति नै कुठाराघात गरेको देखियो ।

छलफलका क्रममा डिभिजन वन कार्यालय, कञ्चनपुरका डिभिजनल वन अधिकृत अजय विक्रम मानन्धरले सामुदायिक वनको रुख कटान, मुछान लगायतका कार्यहरुमा ठेकेदारहरुको लगानी निषेध गरिएको जानकारी दिनुभयो । वैज्ञानिक व्यवस्थापनको कार्य योजना निर्माणमा सामुदायिक वन उपभोक्ता समूहरुको लगानी छैन भन्ने जिकिर गर्दै उहाँले कार्ययोजना निर्माणमा संघीय सरकार र प्रदेश सरकारले लगानी गरेको, कञ्चनपुरमा प्रति क्युफिट सालको काठमा २६७८।- सम्म टेण्डर लागेको, इ-टेण्डर गरेर काठको बिक्रीको व्यवस्था गर्नु सबै भन्दा उपयुक्त रहेको, वैज्ञानिक वन व्यवस्थापनको कार्यविधिमा केही कमी कमजोरी देखिएको र यसमा सुधार गर्नुपर्दछ भन्नुभयो । उहाँले उदाहरण दिँदै भन्नुभयो पोल साइजका रुख वा ३० से.मी. गोलाईका रुख पनि काट्नु राम्रो होइन । छलफल पश्चात् उपसमितिको अध्ययनका लागि आवश्यक पर्ने कागजातहरुको सूची उपलब्ध गराइएको थियो र डिभिजनल वन अधिकृतले सो अनुसारका कागजात उपलब्ध गराउने प्रतिवद्धता व्यक्त गर्नु भएको थियो ।

### ३. बाँके :-

राप्ती सोनारी गाँउपालिका-२ र ८, बाँकेमा गरिएको सरकारी चक्ला वनमा वैज्ञानिक वन व्यवस्थापन सम्बन्धमा अनुगमन गर्दा निम्नअनुसारको जानकारी उपलब्ध भयो:

डिभिजन वन कार्यालय, बाँकेका डिभिजनल वन अधिकृत, मोहन श्रेष्ठका अनुसार लकडाउनको कारण प्राविधिक सहयोग तथा अनुगमन गर्न नसक्ने हुँदा सामुदायिक वनमा वैज्ञानिक वन व्यवस्थापनको काम रोकिएको छ । यो चक्ला वन २५७८ हेक्टर क्षेत्रफमा फैलिएको छ । आ.व. २०७३/०७४ देखि २०८२/०८३ सम्मको कार्ययोजना छ र पुनरुत्पादन राम्रो देखिएको छ । वैज्ञानिक वन व्यवस्थापनको कार्ययोजना निर्माणको समय र खर्च, वनको क्षेत्रफल अनुसार पनि फरक हुन्छ । तर एक सामुदायिक वनको लागि ४ लाख खर्च गर्ने गरिएको छ र समय ६ महिना लाग्छ । सरकारी वनको हकमा प्रदेश वन निर्देशनालयबाट कटान तथा काठको ग्रेडिङ् तथा चेकिङ् पास भएपछि मात्र टेण्डर प्रकाशित गरिन्छ । वैज्ञानिक वन व्यवस्थापन अनुसन्धानमा आधारित कार्यक्रम हो तर दिगो वन व्यवस्थापनका मापदण्ड र सूचकहरुको आधारमा अध्ययन गरिएको छैन । वैज्ञानिक वन व्यवस्थापन पश्चात् मानव वन्यजन्तु असमझदारी र द्वन्द्व बढेको छ । काठको ठेक्का पट्टालाई पारदर्शी तथा प्रतिस्पर्धी बनाउँन इ-टेण्डर प्रकृयामा जानु उपयुक्त हुन्छ ।

### ४. कपिलवस्तुः-

गौतम बुद्ध डिभिजन वन कार्यालय, कपिलवस्तुका डिभिजनल वन अधिकृत, दुर्गा बहादुर कार्की र कपिलवस्तु डिभिजन वन कार्यालयका डिभिजनल वन अधिकृत, इश्वरी पौडयालसँग भएको छलफलबाट निम्न तथ्यहरु उपलब्ध भए :-

दुबै डिभिजनल वन अधिकृतहरुका अनुसार विभिन्न सामुदायिक वन र साझेदारी वनहरुमा विभिन्न मितिहरुमा वैज्ञानिक वनका कार्ययोजनाहरु स्वीकृत गरी लागू गरिएको छ । केही समूहहरुमा विवाद भएपनि समाधान भएका छन् । अनियमितता हुन दिइएको छैन । वनमा कुकाठ बढि भएको कारण काठ बिक्री गर्न सजिलो छैन । कतिपय वनहरुमा अतिक्रमण बढेको छ र नियन्त्रणका प्रयास भएका छन् ।

तिलौराकोट साझेदारी वन, बुद्धभूमि नगरपालीका ४, कपिलवस्तुका अध्यक्ष जय प्रकाश पाण्डे तथा सदस्यहरु वसन्त गिरी र शिवलाल यादवको धारणा निम्न अनुसार रहेको पाइयो : यस साझेदारी

**वनमा रहेको घाटगद्दी र कटान प्लटहरु अवलोकन पछि पदाधिकारीहरुसँग छलफल गरिएको थियो । यस साझेदारी वन उपभोक्ता समूहले पाँचवटा गाँउपालिका समेटेको छ । वैज्ञानिक वन व्यवस्थापनको काम शुरु गरेको १० वर्ष भयो । अहिले सम्म ९ औं प्लटमा कटान गरी सकिएको छ । वन क्षेत्रमा अतिक्रमण बढेको छ । वनमा कुकाठ बढि भएको कारण काठ बिक्री गर्न सकिएको छैन । यस वर्ष ७० हजार क्युफिट काठ कटान गरिएको छ । उपभोक्तालाई काठ वितरण गर्नमा प्राथमिकता दिइएको छ र बाँकी काठ मात्र बाहिर बेचिएको छ ।**

**घाटगद्दी अवलोकन गर्दा बर्षौदेखिका काठहरु उपभोक्ता घरधुरीलाई वितरण नगरी र बाह्य रुपमा पनि बिक्री नगरी राखेको देखियो । कटान प्लटमा प्राकृतिक पुनरुत्पादन भएको भनिए पनि निकै कम मात्रामा पुनरुत्पादन भएको र सोको सुरक्षाका लागि प्रभावकारी उपाय अवलम्वन गरेको देखिएन ।**

**यसैगरी सामुदायिक वनहरुको अवलोकन गर्ने क्रममा कपिलवस्तुको बाडगंगा नगरपालिका अन्तर्गत पर्ने विभिन्न सामुदायिक वनहरुमा स्थलगत अवलोकन गरी सरोकारवालाहरुसँग संक्षिप्त छलफल गरिएको थियो ।**

## ५. नवलपुर :-

**जनजागरण सामुदायिक वन उपभोक्ता समूह, मध्यविन्दू नगरपालिका-१, नवलपुरका पदाधिकारीहरुसँग छलफल हुँदा अध्यक्ष विमला सापकोटाबाट निम्न विवरणहरु प्राप्त भए : वैज्ञानिक वन व्यवस्थाको कार्य २०७२ मा सुरु गरिएको हो । वैज्ञानिक वन व्यवस्थापनको १० वर्षे कार्ययोजना छ । वैज्ञानिक वन व्यवस्थापनबाट उत्पादित काठ, दाउरा उपभोक्ताहरुको माग पुरा गरेपछि अन्यत्र बिक्री वितरण गरिन्छ । गत वर्ष ५६०० (पाँचहजार छ सय) क्युफिट काठ कटान गरिएको थियो भने यस वर्ष ४००० (चारहजार) क्युफिट काठ कटान गरिएको छ । गत वर्ष काठ बिक्रीबाट सामुदायिक वनको खातामा ६२ लाख रुपैयाँ जम्मा भएको थियो । यस वर्ष काठ कटान तथा मुछानको लागि ४ लाख खर्च सामुदायिक वनको कोषबाट गरिएको छ । यस वर्ष काठ घाटगद्धि गरेर मात्र राखिएको छ । गत वर्ष काठको टेण्डर गर्दा अधिकतम मूल्य प्रति क्युफिट सालको काठको लागि रु २६००।- परेको थियो । वैज्ञानिक वन व्यवस्थापनमा कटान आदेश लिँदा र अनुगमन गर्दा वन कर्मचारीलाई प्रत्येक पटक रु १५ हजार रुपैयाँ दिने गरिन्छ ।**

**छलफलको अन्त्यमा काठको ठेक्का पट्टालाई पारदर्शी तथा प्रतिस्पर्धी बनाउँन इ-टेण्डर प्रकृयामा जानु उपयुक्त हुने कुरामा त्यहाँ उपस्थित सबै उपभोक्ताहरुको राय रहेको थियो । त्यसैगरी विभिन्न वन उपभोक्ताहरुले कार्ययोजना बनाउन महंगो परेको, काठ कटानमा कर्मचारी र ठेकेदारको दवावले गर्दा उपभोक्ताको मागभन्दा ठेकेदारको माग बमोजिम काठ कटान गर्नुपरेको कुरा बताए । यसका साथै कटान आदेश लिँदा वन कर्मचारीले समूह बाहिर काठ व्यवसायीलाई काठ बिक्री गर्ने भए मात्र कटान आदेश दिने नत्र नदिने भनी समस्यामा पारेका कुरा बताए ।**

**वैज्ञानिक वन कटान क्षेत्रहरु अलकोलन गरेपछि सयपत्री हरियाली सामुदायिक वनमा भएको छलफलमा विभिन्न उपभोक्ताहरुले व्यक्त गरेका भनाईहरु निम्न अनुसार रहेका छन्: :-**

**उपभोक्ता सदस्यका सुशील पौडयालका अनुसार पहिला राज्यले चुरे संरक्षणको नीति ल्याएर सामान्य वन कार्ययोजना अनुसार ढला पढा, सुकेका बृद्धि रोकिएका रुख निकाल्न पनि रोक लगायो । अहिले वैज्ञानिक वन व्यवस्थापनका नाउँमा जतातत्तै रुख काटिएका छन् र चुरेको कलिलो भूगोल क्षत्विक्षत**

परिएको छ । यसबाट वैज्ञानिक वन व्यवस्थापनका नाउँमा वन विनास गर्न राष्ट्रियस्तर कै चलखेल भएको बुझिन्छ । नवलपुमा ७०.६३ हेक्टरको सामुदायिक वनमा समेत वैज्ञाकि वन व्यवस्थापन गरिएको छ । यसको कटान प्लट ०.८८ हेक्टर छ । जहाँबाट कटान गर्दा ७, ८ वटा रुखहरु पनि पर्दैनन् जवकी उपभोक्ताहरुको घर धुरी ३५० छन् । यसरी गरिएको वैज्ञानिक वन व्यवस्थापनले उपभोक्ताहरुको माग कसरी पूरा गर्दछन् ? डिभिजन वन कार्यालयले आन्तरिक खपतको कोटा घटाएर टेण्डरमा बढी परिमाणको काठ पठाउने गरेको छ । डिएफओ विजय सुवेदीको निर्देशन तथा कर्मचारीको रोहवरमा अग्निरेखा निर्माण गरिएको थियो । तर पुनः तीनै कर्मचरीहरुको मिलेमतोमा अग्निरेखा निर्माणको बेला रुख ढालिएको नाउँमा अख्तियार र जिल्ला अदालतमा मुद्दा हलिएको छ । यसरी कर्मचारी र काठ ठेकेदारले आर्थिक फाइदा र चलखेले गर्ने तर कारवाहीको भागेदारी उपभोक्ता हुनुपर्ने देखिएको छ ।

उपभोक्ता सदस्य सिता खड्काका अनुसार वैज्ञानिक वन व्यवस्थापन गरेको वनमा सालको पात टिप्न पनि दिइएको छैन, जसले गर्दा दुना टपरी उद्यममा काम गर्दै आएका महिलाहरुको रोजगारी र आम्दानीमा असर पुगेको छ । जिल्लामा ३०८ वटा सामुदायिक वनहरु भएका मध्ये ४८ वटामा वैज्ञानिक वन व्यवस्थापन गरिएको छ । अन्य सामुदायिक वनमा वैज्ञानिक वन व्यवस्थापन नगरिएको कारण डिभिजन वन कार्यालयले सामुदायिक वनको कार्ययोजना नवीकरण गर्दैन । साथै वनबाट कार्ययोजना बमोजिम काठ पात झिक्न समेत दिदैनन् । वैज्ञानिक वनको नाउँमा सामुदायिक वनलाई विस्थापित गर्ने काम भएको छ । उपभोक्ताहरुलाई काठको माग पूरा भएको छैन तर काठ ठेकेदारहरुलाई बेच्ने गरिएको छ । यसबाट वैज्ञानिक वन व्यवस्थापन ठेकेदार र काठ माफियाको लागि राम्रो भएको छ ।

सयपत्री हरियाली सामुदायिक वन उपभोक्ता समूह, कावासोती नगरपालिका, नवलपुरका अध्यक्ष वागवीर सुनारका अनुसार वैज्ञानिक वन व्यवस्थापन भनिए पनि यसको वैज्ञानिक विश्लेषण नगरी लागू गरिएको छ । वैज्ञानिक वन व्यवस्थापन गरिएको प्लटमा बिरुवाहरु उम्रिएका देखिँदैनन् । उम्रिएका पनि कसले, कसरी संरक्षण गर्ने भन्ने कुनै योजना देखिँदैन । हामीले आज काटेको ठाँउमा ३० वर्ष पछि फेरि अहिलेकै स्तरमा वन बनाउन सक्छौं भन्ने लाग्दैन । आज हामीले वन सकेपछि भोलिका छोरा नातीलाई के छोडेर जाने हो ? यसबारे सोच्नु पर्दछ । दिगो वन व्यवस्थापनको माध्यमबाट, सुकेका, ढलापडा, उमेर पुगेका, अस्वस्थ रुखहरु निकालेर वन पैदावरहरुको प्रशस्त आपूर्ति गर्न सकिन्छ । आजको ढाँचाले वन व्यवस्थापन गर्दै जाने हो भने अबको ५ बर्षमा नै हामीले वन उजाड गरिसक्ने छौ ।

यसैगरी पूर्व अध्यक्ष रेकमबहादुरका अनुसार वन अधिकृतको निर्देशन तथा डिजाइनमा वनमा अग्निरेखा बनाउँदा रुख ढलेको नाउँमा तीन जनालाई अदालतमा मुद्धा परेको छ । अग्निरेखा ४३०० मिटर सोझो बनाउनु पर्छ भन्ने वन कर्मचारीको निर्देशनमा काम गर्दा प्लट बाहिरका ७ वटा कु-काठ र १७ वटा साल काटिएका कारण अख्तियारमा मुद्धा परेको छ । वैज्ञानिक वन व्यवस्थापनमा ठेकेदार र वन कर्मचारीको मिलेमतो हुने तर कारवाही समितिलाई हुने रहेछ ।

पूर्व कोषाध्यक्ष कृष्ण श्रेष्ठका अनुसार ए ग्रेडको काठ आन्तरिक खपतको लागि प्रति क्युफिट रु.११००। मा वितरण गरिन्छ । कोटेशनमा प्रति क्युफिट रु.१५००। मा बिक्री गरिएको छ । तर बजार मूल्य रु ५०००। सम्म पर्दछ । कोटेशन माग गर्दा ३ वटामात्र कोटेशन परेको छ । गत वर्ष काठ कटानको लागि रु.१२ लाख लागेको छ । यो रकम उपाभेक्ता समूहरुबाट ऋणको रुपमा उठाइएको छ । तीन टोल छ, हरेक टोलबाट रु.४ लाखका दरले उठाइएको छ । काठ बिक्री वितरण गरेर रु.७४ लाख आम्दानी भएको थियो तर उक्त रकम लगानीका रुपमा खर्च हुन्छ । यो वर्ष करिव ११०००।

क्युफिट कटान गरिएको छ । यस वर्ष कटानको लागि ऋण लिनु परेको छैन तर २२ लाख रुपैयाँ कटान, मुछान गरेको ऋण तिर्नु पर्ने बाँकी छ । वैज्ञानिक वनको कार्ययोजना विधान बनाउन हरेक ५७६ घरधुरीबाट रु १ हजारका दरले जम्मा रु ५ लाख ७६ हजार उठाएको थियो । वन कार्यालयले उपभोक्ताहरुको काठको माग कटौती गरेर टेण्डरमा व्यापारीहरुलाई बिक्री गर्ने गरेको छ । वन कार्यालयले उपभोक्ताको लागि, आपूर्तिको र टेण्डरको काठ छुट्याई दिए अनुसार काम गर्नुपर्ने हुन्छ । उपभोक्ताहरुको काठको माग आपूर्ति नगरी व्यापार गर्ने गरी वन कार्यालयबाट दवाव आउँछ । माऊ रुखहरु छनौट गरेको अस्वस्थ छ । प्रति हेक्टर २५ प्रतिशत राख्नु पर्ने भए पनि त्यो देखिदैन ।

समितिका सचिब गोमा पौड्यालका अनुसार वैज्ञानिक वन व्यवस्थापन गरेको वनमा सालको पात टिप्न नपाइने हुदाँ दुना टपरी उद्यममा काम गर्दै आएका महिलाहरुको रोजगारी र आम्दानीमा असर पुगेको छ । वैज्ञानिक वन गरिबको हितमा छैन र यो खारेज गर्नुपर्छ ।

सयपत्री हरियाली सामुदायिक वन, कावासोती नगरपालिका १४ र १६ का कार्यसमिति सदस्य वसन्त गौतमका अनुसार हाल बैंक खातामा ३०,३२ लाख रुपैयाँ मौज्दात भए पनि रु २५, ३० लाख रुपैया तिर्न बाँकी छ । वैज्ञानिक वन व्यवस्थापनको नाउँमा जुन तरिकाले रुखहरुको कटान गरिएको छ, माऊ रुखहरुको स्वास्थ र हैसियत हेर्दा ८० वर्षको कटान चक्रमा पुग्दा सालको वन नै रहँदैन जस्तो लाग्छ । उपभोक्ताहरुको काठको मागको आपूर्ति भएपछि मात्र वाह्य काठ बिक्री वितरण गर्नुपर्ने भए पनि डिभिजन वन कार्यालयले नै पहिल्यै उपभोक्ताहरुको लागि र बिक्रीको लागि काठको लगत छुट्याउने गरेको छ । यसले गर्दा उपभोक्ताहरुलाई काठको आपूर्ति नहुने तर धेरै काठ ठेकेदारलाई दिने प्रवृत्तिले आर्थिक चलखेल बढेको छ । काठ बिक्रीको लागि टेण्डरको सूचना निकाल्दा समेत नामै नचलेका पत्रिकामा निकालेर कानुनी प्रकृयाको रीत पुऱ्याउने गरिएको छ । मिलेमतोमा कोरम पुऱ्याउन तीनबटा टेण्डरहरु दर रेट मिलाएर हालिन्छन् । यस्तो कार्यमा डिभिजन वन कार्यालय, ठेकेदार र सामुदायिक वनका नै नेतृत्वहरु मिलेका हुन्छन् । काठको टेण्डरमा दर रु. ११ सय देखि रु १२ सय प्रति क्युफिट मिलाइएको हुन्छ जवकी त्यै काठको स्थानीय बजार मूल्य रु.४५००।०० प्रति क्युफिट पर्दछ । सबै भन्दाबढी चलखेल यही मार्जिनमा हुने गरेको छ । यो भन्दा अघिल्लो कार्यसमितिका अध्यक्ष, कोषाध्यक्ष, सहसचिव र एक जना सदस्यलाई अग्निपथ बनाउँदा २६ वटा सालका रुखहरु अनुमति विना काटेको नाउँमा ढिभिजन वन कार्यालयले मुद्दा लगाएको छ । जवकि सबै काम वन कार्यालयको प्राविधिकको सहयोगमा गरिएको थियो । वैज्ञानिक वन व्यवस्थापनले आर्थिक चलखेल बढाएको छ । यति बोलेको कारण धेरै जनाहरुलाई जवाफ दिनुपर्ने हुन सक्छ । यो व्यवस्थापनले दिगो वन व्यवस्थापनका मान्यता र सूचकहरुलाई बेवास्ता गरेको छ । र वन विनास तिर अग्रसर देखिन्छ । यो वैज्ञानिक वन व्यवस्थापनले वन, वातावरण, राष्ट्रिय अर्थतन्त्र कतै पनि मद्दत गर्न सक्दैन ।

## ६. सिन्धुलीः-

सिन्धुली जिल्लामा वैज्ञानिक वन व्यवस्थापन कार्यक्रम कार्यान्वयनका कारण व्यापक वन विनाश भएको देखिएकोले यस जिल्लाको चुरे क्षेत्रमा कटान भएका विभिन्न प्लटहरु, घाटगद्दी गरिएका स्थानहरु र काठ छरपष्ट अवस्थामा रहेका क्षेत्रहरुको स्थलगत अवलोकन गरे पश्चात् दुधौली नगरपालिका, वार्ड नं. ३ मा रहेको विकासपुर सामुदायिक वनमा छलफल कार्यक्रम आयोजना गरिएको थियो । उक्त छलफलमा विभिन्न व्यक्तिहरुले वैज्ञानिक वनका बारेका व्यक्त गरेका भनाईहरु निम्न अनुसार रहेका छन् :

प्रतिनिधि सभाका सदस्य गणेश पहाडीका अनुसार वैज्ञानिक वन व्यवस्थापन भनेको सालको रुखहरु मात्र काट्ने देखिएको छ । ८० वर्षको कार्ययोजना बनाएर सालको रुख काटिएको छ, तर ८० वर्षको

कटान साइकल भएकोले कटान गरिएका क्षेत्रको संरक्षण सम्बर्द्धनको योजना भने देखिएन । सिन्धुली जिल्ला कमलो चुरे तथा महाभारतको वातावरणीय संवेदनशील क्षेत्र भित्र अवस्थित छ । वर्षेनि पहिरो र बाढीको चपेटामा परेर बस्तीहरु विस्थापित हुने गरेका छन् । यस्तो संवेदनशीलतालाई बेवास्ता गरेर वैज्ञानिक वनको नाउँमा वन काटेर उजाड बनाउन दिनु हुँदैन । वैज्ञानिक वन व्यवस्थापनले वनका सबै प्रजातिहरु, त्यहाँको भूगोल तथा पारिस्थितिकीय प्रणालीको समेत व्यवस्थापन गर्ने हुनु पर्ने हो । तर यी सबै कुराहरुको बेवास्ता गरेर छानी छानी सालका राम्रा रखहरु मात्र काटिएका छन् । यसबाट वैज्ञानिक वन व्यवस्थापनको नियत कतातिर छ भन्ने स्पष्ट हुन्छ । वनहरुमा भएका उमेर पुगेका, ढलापडा रुखहरु निकाल्ने तथा दिगो वन व्यवस्थापनका आधारमा वनको व्यवस्थापन गर्ने हो भने पनि नेपालको काठको आपूर्ति गर्न सकिन्छ । तर वन तथा वातावरण मन्त्रालयले त्यता तिर किन ध्यान दिदैन । वनमा काठ खेर जाने तर वैज्ञानिक वन व्यवस्थापनको नाउँमा जथाभावी सालका रुखहरु काटिएको छ । रुखहरु काट्ने तर यसको कारण जोखिममा पर्न सक्ने स्थानीय सरकार, स्थानीय समुदायसँग कुनै सरोकार र समन्वय गरिएको छैन । सालको ए ग्रेडको काठ ठेकेदारलाई प्रतिक्युफिट रु १३००। बिक्री गरेपनि उपभोक्ताहरुले रु ७०००। मा किन्नु पर्ने देखिन्छ । यस बीचको मार्जिन कसले खान्छ यसको छानबिन गर्नु पर्दछ ।

बाग्मती प्रदेशका प्रदेश सभा सदस्य प्रदीप कटुवालका अनुसार लगातार ३, ४ वर्षदेखि वैज्ञानिक वन व्यवस्थापनका नाममा रुख काटिएको छ । काटिसकेका रुख तथा घाटगद्धीमा रोकिएका काठहरुको व्यवस्थापनको छिटो व्यवस्थापन गर्नसके काठ नोक्सान हुनबाट बचाँउन सकिन्छ । सचिव स्तरीय निर्णयबाट कार्यान्वयनमा ल्याइएको वैज्ञानिक वन व्यवस्थापन कार्यविधि नै ऐन विपरित छ । काठ बिक्री वितरणका लागि सेटिंगमा गरिने टेण्डर प्रकृयाले उपभोक्ता त ठगिए कै छन्, राजस्वमा समेत अरबौं रुपैयाँ घाटा पुगेको छ । तसर्थ स्वस्थ प्रतिस्पर्धाको लागि इ-विडिंग प्रकृया अपनाउनु उपयुक्त देखिन्छ ।

चुरे बचाउ अभियान अभियानकर्मी लिला वहादुर श्रेष्ठका अनुसार वनको हैसियत बिग्रिएको ठाउँमा वनको हैसियत उकास्ने, नाङ्गा क्षेत्रहरुमा वृक्षारोपण गर्ने, पहिरो बाढी गएको ठाउँमा वैज्ञानिक व्यवस्थापन गरेर वनको अवस्था परिवर्तन गर्ने तिर ध्यान दिइएको छैन । भूगोल तथा वातावरणीय संवेदनशिलता र जोखिमको कुनै ख्याल नगरी जहाँ जहाँ राम्रा सालका रुखहरु छन्, ट्रक तथा टयाक्टर जान्छन् ती ठाउँमा वैज्ञानिक वन व्यवस्थापन गरिएको छ । ठेकेदारहरुलाई लगाएर वन उपभोक्ता समितिका पदाधिकारीहरुलाई वैज्ञानिक वन व्यवस्था गर्न दवाव दिइने गरिन्छ । बाढी पहिरोको जोखिम भएका कमलामाई तथा मरिन क्षेत्रहरुमा वैज्ञानिक वन व्यवस्थापन गर्दा चुरे तथा महाभारत र तल्लो तटीय क्षेत्रमा रहेका बस्तीहरुको अस्तित्वमा संकट पैदा भएको छ । वैज्ञानिक वन व्यवस्थापनमा हरेक वर्ष कटान गर्ने प्लट निर्धारण गरिएको हुन्छ तर राम्रा रुखको लागि वार्षिक निर्धारण गरिएको प्लट भन्दा पनि बाहिर रुखहरु काटिएका छन् । यसको लागि वन कर्मचारी नै संलग्न हुन्छन् । वैज्ञानिक वन व्यवस्थापन नीतिगत भ्रष्टाचारको बाटो हो । वैज्ञानिक वन व्यवस्थापनका लागि वन छनौट, खर्च व्यवस्थापन तथा रुख मुछान, कटान, तथा ओसारपसार तथा बिक्री वितरणका कुनै पनि चरणहरुमा स्थानीय सरकारसँग समन्वय र सहकार्यहरु गरिएको छैन । वैज्ञानिक वन व्यवस्थापन बारे सरोकारवालाहरुसँग अन्तरक्रिया तथा सार्वजनिक सुनुवाइहरु कहिल्यै गरिएको छैन । सेटिंगमा दरहरु मिलाएरु तीन जना ठेकेदारहरुको टेण्डर हाल्न लगाइन्छ । दरहरु रु ९००, रु १००० र रु ११०० मा हाल्न लगाइन्छ र सबै भन्दा धेरै रेट भनेर रु ११००लाई टेण्डर पारिन्छ । तर टेण्डर प्रकृयामा स्थानीय सरकारलाई संलग्न गराईदैन । समग्रमा भन्नु पर्दा यो नीति नै गलत छ । यो तत्काल खारेज नगरे यसले ल्याउने वातावरणीय विनास तथा सामाजिक द्वन्द्व भयावह हुने देखिन्छ । एउटा सामुदायिक वनको वैज्ञानिक कार्ययोजना बनाउन १० लाखदेखि १५ लाख रुपैयाँसम्म जिल्ला डिभिजन वन कार्यालयले माग गरेको छ । यसको लागि उपभोक्ताहरुले महंगो व्याजमा

ऋण लिनु पर्दछ । काठका ठेकेदार र वन कार्यालयले खटाएका कार्ययोजना बनाउने प्राविधिकहरुको मिलेमतोमा रुखको कटान परिमाण निर्धारण गरिने गरिन्छ । अर्थात् ठेकेदारहरुबाट पैसा लिएर ठेकेदार कै इच्छा मुताविक राम्रा रुखहरु कटानको लागि छनौट गरिन्छ, ठेकेदारले भने बमोजिम कटान परिमाण पनि बढाइन्छ । यहाँ वैज्ञानिक वन व्यवस्थापनको कार्यविधि, सिद्धान्त लागू गरिदैन । कार्ययोजना निर्माणमा मात्र नभएर, कटान मुछान, तथा बिक्री वितरणको बेलामा पनि वन कर्मचारीलाई पैसा बुझाउनु पर्दछ । वैज्ञानिक वन व्यवस्थापन गर्दा सामुदायिक वन उपभोक्ता समूहका आर्थिक कोषहरुको व्यवस्थापनमा पारदर्शिता छैन । अनेक शीर्षकहरु बनाएर खर्च गरिएको छ ।

दुधौली नगरपालिकाका मेयर घनश्याम रावतका अनुसार चुरे र महाभारतको कमजोर भू-वनोटमा सालका रुखहरु खोज्दै वैज्ञानिक वन व्यवस्थापन गरिएको छ । माथिबाट बगाएर ल्याएको ढुंगामाटोका कारण कमलामाई नदीको सतह माथि बढेको कारण बस्तीहरु विस्थापित भएका छन् । वैज्ञानिक वन व्यवस्थापनले यो जोखिम झन् बढाएको छ । वनको हैसियत बिग्रिएको ठाउँमा वनको हैसियत उकास्ने, नांगा क्षेत्रहरुमा बृक्षारोपण गर्ने, पहिरो बाढी गएको ठाउँमा वैज्ञानिक व्यवस्थापन गरेर अवस्थाको परिवर्तन तिर ध्यान दिइएको छैन । ८० वर्षको कटान साइकल भनिएको छ । तर काटिएको ठाँउमा पुनरुत्पादन भएको देखिदैन । यस्तो अवस्थामा भावी पुस्तालाई के दिएर जाने ? कटान गरिएका क्षेत्रमा संरक्षण सम्वर्द्धनको योजना नै छैन । वैज्ञानिक वन व्यवस्थापनको योजना तथा कार्यान्वययनका विषयमा स्थानीय सरकारसँग सरोकार राखिएको छैन । वैज्ञानिक वन व्यवस्थापनका लागि कुन वन छनौट गरियो, कुन कुन आधारहरुमा छनौट गरियो, कार्ययोजना कसरी कस्तो बनाईयो, यसको कार्यान्वयन कसरी गरिन्छ, कति रुख काटिन्छ, दर रेट निर्धारण कसरी हुन्छ, टेण्डर लगायतका प्रकृयाहरुमा स्थानीय सरकारलाई संलग्न गराइएको छैन । यसको कारण पनि स्थानीय सरकारले अनुगमन गर्न सकेको छैन ।

कमलामाई नगरपालिकाका मेयर खड्ग क्षेत्रीका अनुसार लेखपढ गरेका भनिएका मान्छेहरुले सामान्य उपभोक्ता तथा जनप्रतिनिधिहरुलाई गुमराहमा पारेको महसुस भएको छ । पहिलेदेखि नै गर्दै आएको दिगो वन व्यवस्थापन गरेर ढलापडा, बुढा पुराना रुखहरु मात्रै पनि निकाल्ने हो भने देशको काठको माग पुरा गरेर पनि अरबौं रुपैयाँ आम्दानी गर्न सकिन्छ । तर वैज्ञानिक वन व्यवस्थापनका नाउँमा जहाँ सालका रुखहरु राम्रा छन् त्यहाँ आँखा लगाउने कारण नियत नै राम्रो नभएर हो । वैज्ञानिक वन व्यवस्थापनका नाममा नेपालमा वनको दोहन गर्ने काम भएको छ । स्थानीय उपभोक्ता, राजनीतिक दल तथा स्थानीय सरकारहरु कोही पनि यस्तो किसिमको व्यवस्थापनबाट सन्तुष्ट र सहमत देखिदैनन् । माथिबाट लादिएको कार्यक्रम भएको हुँदा स्थानीय जनप्रतिनिधि तथा जनता राखेर कहिल्यै छलफल गरिएको छैन र राय लिने काम गरिएको छैन ।

दुधौली नगरपालीकाका वडा अध्यक्ष अमर बस्नेतका अनुसार कमला खोँच, चुरेको कोखलाई क्षतविक्षत पारेर गरिएको वैज्ञानिक वन व्यवस्थापनले निकट भविष्यमा हुने वातावरणीय क्षतिको भरपाई गर्न कदापी सक्दैन । कमलामाई खोचमा बसोवास गर्नेहरु बस्तीहरु, खेतबारीहरु जोखिममा परेका छन् । त्यसैले यस्तो वैज्ञानिक वन व्यवस्थापन कार्यक्रममा हाम्रो सहमति छैन ।

वन सुरक्षा समन्वय समितिका जिल्ला संयोजकका अनुसार जिल्लामा वन सुरक्षा समन्वय समिति छ । नेपाल सरकारबाट कसरी वैज्ञानिक वनको अवधारणा आयो र यसको कार्यान्वयन भयो यो बुझ्न सकिएन । समन्वय समितिले स्थानीय सरकारसँग समन्वय सहकार्य नगरेको देखेपछि प्रमुख जिल्ला अधिकारी र म स्वंयमले स्थानीय सरकारसँग समन्वय गरेर मात्र प्रस्ताव ल्याउनु भनेर डिभिजन वन प्रमुखलाई निर्देशन दिएपछि वैज्ञानिक वन व्यवस्थापनका कार्यक्रमहरु अनुमोदनका लागि ल्याउने काम नै

बन्द गरिएको छ । तर सामुदायिक वनमा वैज्ञानिक वन व्यवस्थापनका कामहरु भने रोकिएका छैनन् । सिन्धुली जिल्लामा काठको व्यापार गर्ने काष्ठ व्यवसायीहरुको संगठन छ । कुन ठाँउमा कुन सामुदायिक वनमा कुन व्यवसायीले काठको काम गर्ने हो उनीहरुले पहिल्यै भाग लगाएका हुन्छन् । यसरी भाग लगाएको तत्तत ठाँउमा ठेकेदार, वन कर्मचारी वा उनीहरुले तोकेका प्राविधिक र सामुदायिक वन समितिका केही टाठाबाठा पदाधिकारीहरुको संलग्नतामा कार्ययोजना बनाईन्छ, रुख कटानी गरिन्छ, घाटगद्यी गरेपछि मात्र वैज्ञानिक वनको कार्यक्रम अनुमोदनका लागि समन्वय समितिमा ल्याउने काम भएको छ । त्यसैले वैज्ञानिक वन व्यवस्थापन कार्यक्रम खारेज हुनु पर्दछ ।

दुधौली नगरपालिका वडा कमिटिका राम बहादुर श्रेष्ठका अनुसार वैज्ञानिक वन व्यवस्थापनका नाउँमा त्यतिका संख्यामा रुखहरु काट्दा किन वातावरणीय पक्ष हेरिएन ? वातावरण व्यवस्थापन योजना बनाउनु पर्दैन ? वातावरण विनाश गर्ने योजना प्रति हाम्रो सहमति हुँदैन ।

पूर्व सांसद गंगा नेपालका अनुसार हाम्रो भूगोल हाम्रा नदी खोला तथा खोल्सा खोल्सीको कमलो प्रकृतिमा वैज्ञानिक वन व्यवस्थापनले जोखिम बढाएको छ । यसले धनुषा, महोत्तरी जिल्लामा समेत बाढी पहिराको जोखिम बढाएको छ । वन ऐन अनुसार क्यविनेटबाट पारित गरेर कायान्वयन गर्नुपर्ने कार्यविधि सचिव स्तरमा निर्णय गरेर कार्यान्वयनमा ल्याइएको छ । तसर्थ वैज्ञानिक वन व्यवस्थापनको कार्यविधिमाथि वैधानिक प्रश्न उब्जिएको छ ।

तीनपाटा गाउँपालिकाका अध्यक्ष, दुर्गाबहादुर रावतका अनुसार पातलो माटो र ढुंगाका चेप फोरेर उम्रिएर हुर्किएका सयौ वर्ष पुराना सालका रुखहरु काटेपछि फेरि त्यो ठाँउमा पुनरुत्पादन हुने कुरामा कसले ग्यारेन्टी गर्न सक्छ ? त्यहाँ रुख बिरुवा उम्रिएन भने, पुनः वन निर्माण भएन भने हामीले हाम्रा भावी सन्तानलाई कस्तो वन दिने ? यसको जिम्बेवारी कसले लिने ? कमजोर भौगोलिक संरचना भएको कारण हाम्रा खेती किसान, तथा चरिचरण समेत जोखिम बढिरहेको भनेर भनिएकोमा वैज्ञानिक वन व्यवस्थापनको कामले झन् जोखिम बढाएको छ । वैज्ञानिक वन व्यवस्थापन कार्य भूगोलको प्रकृति अनुसार हुनुपर्नेमा यसरी जथाभावी गर्ने यस्तो वैज्ञानिक व्यस्थापन वन कार्यालयले कुन देशबाट ल्याएको होला । सबै सामुदायिक वनमा वैज्ञानिक वन व्यवस्थापन गर्ने कुरा आएको छ । अहिलेसम्म ५, ६ सामुदायिक वनहरुमा वैज्ञानिक वनको नाउँमा भटाभट रुखहरु काटिएका छन् ।

विकासपुर सामुदायिक वन उपभोक्ता समूह, दुधौली नगरपालीका ३ का अध्यक्ष दान बहादर बस्नेतका अनुसार वन हस्तान्तरण २०५१ सालमा भएको हो । वैज्ञानिक कार्ययोजना निर्माण २०७५ मा भएको हो । गत वर्षको कटान २८०० क्युफिट हो र यस वर्षको कटान ३०६८ क्युफिट हो । वैज्ञानिक वन व्यवस्थापनको कार्ययोजना निर्माण तथा कार्यान्वयन प्रकृयामा वन कार्यालय बाहेक स्थानीय तह तथा सरोकारवालाहरुसँग कुनै सरोकार राखिएको छैन । उपभोक्ता सदस्यहरुसँग काठ मागको निवेदन संकलन गरिएको छैन । कटान गरिएको काठ मध्ये २५ प्रतिशत आपूर्ति समितिलाई दिनु पर्दछ तर ७५ प्रतिशत टेण्डरका लागि खुला गरिन्छ । कटान खर्च रु १२ लाख लाग्यो । यो सबै पैसा ऋणमा लिएको छ । यस मध्ये तीन लाख रुपैयाँ तीन प्रतिशत व्याज तिर्नेगरी ऋण लिइएको हो । कामदारहरुलाई पैसा तीर्न बाँकी छ । स्थानीय बोडिङ् स्कूल समेतबाट ऋण लिइएको छ । हाल सामुदायिक वन उपाभोक्ता समूहको बैंक खातामा रु १ लाख ६५ हजार मौज्दात छ । कार्ययोजना निर्माणमा रु ९ लाख ५० हजार लाग्यो, जसमध्ये रु.५ लाख डिभिजन वन कार्यालयले दियो ।

वैज्ञानिक वन कटान भएका प्लटहरुको स्थलगत अवलोकन र सरोकारवालाहरुसँग छलफल पश्चात् डिभिजन वन कार्यालय, सिन्धुलीमा छलफल गरिएको थियो । छलफलका क्रममा डिभिजनल वन अधिकृत

नारायण श्रेष्ठका अनुसार २०७२।०७३ बाट वैज्ञानिक वन व्यवस्थापनको काम सुरु भएको हो । यो कार्यक्रम हाल ३८ सामुदायिक वनमा लागू गरिएको जसमध्ये चार सामुदायिक वनहरुमा आन्तरिक खपतमा सीमित छ । कार्ययोजना निर्माणको अवधि लगभग २ महिना लाग्छ । रुख कटानको लागि आधुनिक चेनसः प्रयोग गरिन्छ । उपभोक्ता समूहहरुसँग भएका यस्ता चेनसःहरु डिभिजन वन कार्यालयमा दर्ता गर्नु पर्दैन । काठ बिक्रीका लागि इ-टेण्डर सबै भन्दा राम्रो कुरा हो । सार्वजनिक खरिद ऐनमा घटाघटको मात्र व्यवस्था गरेको छ तर काठमा बढाबढ गर्नुपर्ने हुदाँ यसमा संशोधन गरिनु पर्दछ । यो वर्ष काठ उत्पादन ५ लाख क्युफिट गर्ने लक्ष्य छ । कोटेशनमा प्रति क्युफिट रु १३५० देखि रु.१४००। पर्ने गरेको छ । वनको रुख धितो राखेर वित्तीय संस्थाहरुबाट ऋण लिन सकिन्छ । विकासपुर सामुदायिक वनको अध्यक्ष दानबहादुरले ७ रुख अनुमति बेगर काटेकोले रु ४ लाख विगो बराबरको अदालती कारबाहीको प्रकृयामा राखिएको छ । जिल्ला अदालतले सहमति नदिएको कारण कारबाही बढाउन मुस्किल परेको छ । सरकारले वैज्ञानिक वन कार्ययोजना लागू गर्न यो वर्ष रु ५ लाख र ०७५/०७६ मा रु ८ लाख र ०७२/०७३ मा १० लाख दिएको थियो । यो वर्ष प्रदेश सरकारले सिन्धुली जिल्लाको यो डिभिजन वन कार्यालयलाई रु १ करोड रुपैयाँ वैज्ञानिक वनमा कटान मुछानका लागि व्यवस्था गरेको छ । यो रकम काम सकिएर आम्दानी गरेपछि तुरुन्त उपभोक्ता समूहरुले फिर्ता गर्नु पर्दछ ।

**७. सर्लाही :-**

यस जिल्लामा फूलजोरबाबा साझेदारी वन क्षेत्र अवलोकन गरेपछि विभिन्न सरोकारवालाहरुसँग छलफल गरिएको थियो । उक्त छलफलमा विभिन्न सरोकारवालाहरुले व्यक्त गरेका भनाईहरु निम्न अनुसार रहेका छन् :

हरिवन नगरपालिका-७का वडा अध्यक्ष सिताराम पोख्रेलका अनुसार वैज्ञानिक वनको जनताबाट व्यापक विरोध भएपछि यो वर्ष सामुदायिक वनमा कटान गरिएको छैन । एक दुईवटा बांगाटिंगा रुखहरुलाई बिउ रुखको रुपमा राखेर अरु सबै राम्रा रुखहरु काटिएका छन् । एक हिसावले वन खौरिए जस्तो पारिएको छ । चुरे जस्तो संवेदनशील क्षेत्रमा वैज्ञानिक वन व्यवस्थापन गर्नु नै अवैज्ञानिक कार्य हो । चुरे क्षेत्रमा वन काटिए पछि तल्लो भेगमा बाढी बढेको छ । पानीको सतह गहिरो हुँदै गएको छ । साना ठूला सबै रुख काटिए पछि भविष्यका लागि कहाँबाट वन ल्याउने ? यस्तो किसिमको वन व्यवस्थापन सामाजिक र वातावरणीय दुवै हिसाबले अनुउपयुक्त छ । यसको तत्काल खारेज गर्नु पर्दछ । काठका ठेकेदारहरुले सामुदायिक वनका पदाधिकारी नै परिवर्तन गराएका छन् । यसकारण अब वनहरु तस्करहरुको हातमा जादै छन । गत वर्ष जानकीनगर साझेदारी वनमा सयौंका संख्यामा चेनसः प्रयोग गरेर रुख काटिएको छ । यसरी रुख कटानी गर्दा ठेकेदारहरुबाट सयौं अनधिकृत व्यक्तिहरुलाई सेन्ट्री राखेर वनमा सर्वसाधारणलाई छिर्न समेत रोक लगाइन्छ । वैज्ञानिक वन कार्ययोजना नबनाएका सामुदायिक वन नविकरण नै रोकिएको छ ।

सामुदायिक वन अभियानकर्मी, सर्लाहीका उत्तर मैनालीका अनुसार सर्लाही जिल्लामा भएका ८२ वटा सामुदाकि वन मध्ये ६ वटामा वैज्ञानिक वन व्यवस्थापन लागू गरिएको छ । लकडाउनले मात्र रुख काट्न रोकिएको हो । साझेदारी वनको व्यवस्थापन समितिको चुनावमा विभिन्न समूहहरु खडा हुन्छन् । प्रत्येक समूहले चुनाव जित्न रु १ करोड भन्दा बढि खर्च गर्दछन् । यसको अर्थ वन स्रोतको नै हो । वैज्ञानिक वन व्यवस्थापन वातावरण तथा जनता कसैको लागि पनि उपयुक्त विधि होइन । सामान्य सामुदायिक वनको कार्ययोजना वनाउन ४५,०००। जति खर्च लाग्ने गरेको छ । तर वैज्ञानिक वनको

**कार्ययोजना निर्माणमा कति लाग्छ त्यसवारे सार्वजनिक गरिदैन र ४० लाखसम्म खर्च भएको छ । नक्कली, किर्ते सबै हस्ताक्षर गरेर बैठक तथा भेलामा कोरम पुऱ्याउने चलन छ ।**

**वन अधिकारकर्मी, सर्लाहीका कृष्णा पौडेलले वैज्ञानिक वन व्यवस्थापनले नेपालको वन र हरियाली जोगाउन सक्दैन, यसले नेपालको हित गर्दैन र यो कार्यक्रम खारेज गर्नुपर्दछ भनी आफ्नो धारणा राख्नुभयो ।**

**त्यसैगरी, प्रदेश सभा सदस्य, प्रदेश नं. २ का डिल्ली उप्रेतीका अनुसार वैज्ञानिक भनिए पनि यो व्यवस्थापन अवैज्ञानिक छ । जिल्लाका केही भ्रष्ट कर्मचारी, ठेकेदार र सामुदायिक तथा साझेदारी वनका नेतृत्वसँग साठगाँठ गरेर वनमा भएका राम्रा, ठूला सालका रुखहरु सबै काटिएका छन् । जंगल भित्र कसैले नदेख्ने, र पुग्न गाह्रो हुने क्षेत्रमा वैज्ञानिक वनका कटान प्लटहरु बनाइएको छ । वैज्ञानिक वनका काटिएका प्लटहरुमा पुनरुत्पादन भएको छैन । त्यसकारण आज कटान गरिएका प्लटहरु भोलि वनमा रुपान्तरित हुन्छन् भन्ने कुरामा कसैले ग्यारेन्टी दिन सक्ने अवस्था छैन । वैज्ञानिक वन व्यवस्थापन मार्फत चुरेको वातावरणीय अवस्था विगार्ने र यसको फेदमा भएका बसोवासलाई विस्थापित गर्ने एउटा योजनाबद्ध अभियान हो ।**

**प्रदेश सभा सदस्य, प्रदेश नं. २ का वेचु लुंघेलीका अनुसार वैज्ञानिक वन व्यवस्थापनको नाँउमा राम्रा रुखहरु काटिएको छ तर पुनरुत्पादनको कुनै संभावना देखिदैन । वैज्ञानिक वन व्यवस्थापनको अपारदर्शी तथा गैह्रजिम्वेवारीपूर्ण व्यवहारले विस्तारै जनताहरु बीच द्वन्द्व बढेको छ । वैज्ञानिक वन व्यवस्थापनले वातावरणीय विनासमा भूमिका खेलेको छ । तर माथि देखिको नेटवर्किङ्को कारण नै वैज्ञानिक वन व्यवस्थापन लागू भएको हो । प्रदेश सरकारले पनि यसका लागि पैसा लगानी गरेको छ, यो बन्द हुनु पर्दछ । यसबाट सरकारको राजस्व पनि बढेको देखिदैन भने यो ठेक्कापट्टा गर्ने र केही कर्मचारीहरुलाई आर्थिक रुपबाट उभो लगाउने उपाय मात्र हो । चुरेका काखमा जनजाति लगायत सोझासाझा जनताहरुको बसोवास क्षेत्र हो । त्यस क्षेत्रमा जनताको सरलपनको फाइदा उठाउँदै वैज्ञानिक वन व्यवस्थापनको कार्यक्रमहरु त्यही केन्द्रित गरिएको छ । यो रोक्नु पर्दछ ।**

**प्रतिनिधि सभा सदस्य प्रमोद साहका अनुसार वैज्ञानिक वन व्यवस्थापन ठीक छैन । साझेदारी वनमा नीति नियमहरुको पालना नहुँदा समस्याहरु देखिएका छन् । यसरी रुखहरु दिनदहाडै काटिदा पनि स्थानीय सरकार, प्रदेश सरकार कसैले सरोकार देखाउँदैनन् । दिन दहाडै वनमा अबैध रुखहरु काटेको भेटिन्छन् । वैज्ञानिक वन हटाउनु पर्छ ।**

**डिभिजन वन कार्यालय, सर्लाहीका डिभिजनव वन अधिकृत माधवप्रसाद देवका अनुसार वन क्षेत्रको अवलोकन र सरोकारवालाहरुसँग छलफल गरे पश्चात् वन कार्यालयमा छलफल गरिएको थियो । डिभिजन वन अधिकृतका अनुसार वैज्ञानिक वन व्यवस्थापन ६ वटा सामुदायिक वन र ३ वटा साझेदारी वनमा लागू गरिएको छ । वैज्ञानिक वन व्यवस्थापन भनेको नांगो क्षेत्रमा रुख रोपण गर्नु वनको अवस्था हेरी पत्ल्याउने, लख्याउने, गोडमेल पनि गर्नु हो । नियम अनुसार फागुन मसान्तपछि कटान आदेश दिइएको छैन् । कार्ययोजनामा रुख कटानको तथ्यांक गलत राख्ने कन्स्लट्यान्टलाई कालो सूचीमा राखिएको छ । कार्ययोजनामा गलत गरिएको कुरा फिल्ड अनुगमन मार्फत पहिचान गरिन्छ । कन्स्लट्यान्ट, ठेकेदार तथा कर्मचारी समेत कटान गर्ने रुखको संख्या तलमाथि गर्न सक्दा रहेछन् भन्ने कुरा थाहा भएको छ । छलफलको अन्त्यमा समितिको अध्ययन र छानबिनका लागि आवश्यक कागजात उपलब्ध गराउन अनुरोध गरिएको थियो र उक्त सबै कागजात उपलब्ध गराउने कुरामा डिभिजनल वन अधिकृतबाट प्रतिवद्धता व्यक्त भएको थियो ।**

## ट. रौतहट :-

यस जिल्लामा नमुना सामुदायिक वन लगायतका वनहरुमा वैज्ञानिक वन कटान र घाटगद्धी तथा काठहरु छरपष्ट रहेका क्षेत्रमा स्थलगत अवलोकन गरिएको थियो । वर्षौ पहिला सामुदायिक वनमा वैज्ञानिक वन कटान गरी निकालिएका रुखहरु ठेकेदारको द्वन्द्व र वन कार्यालयको अवरोधका कारण बिक्री वितरण हुन नसकी नदी तथा खोलानाला र जंगलमा हजारौं सीएफटी काठ सडेर गएको देखियो । सो पश्चात् केही सरोकारवालाहरु र वन कार्यालयसँग छलफल गरिएको थियो । छलफलका क्रममा निम्न जानकारीहरु उपलब्ध भएका थिए:

चन्द्रनिगाहपुर नगरपालिका, रौतहटका सामुदायिक वन उपभोक्ता टिका आचार्यका अनुसार वनमा काटेका रुखहरु सढेर गएका छन् । नांगो ठाउँमा वन वनाउने काम गरिँदैन, जहाँ सालको वन छ, त्यहाँ मात्र वैज्ञानिक वन व्यवस्थापन गरिएको छ । वनमा ठेकेदारहरुको हालीमोली बढेको छ ।

चन्द्रनिगाहपुर नगरपालिकाका सदस्य काजीमान माझीका अनुसार कटान गरिएको २, ३ वर्ष बितिसक्दा पनि पुनरुत्पादन भएको छैन । वन नांगो छ । स्थानीय तहलाई कार्ययोजना निर्माण र कार्यान्वयनमा वास्ता गरिएको छैन । वैज्ञानिक वन व्यवस्थापनको सरकारी नीति कानुनी भ्रष्टाचार हो, यो रोकिनु पर्दछ ।

चन्द्रनिगाहपुर नगरपालिकाका सामुदायिक वनका पदाधिकारी राम बहादुर घलानका अनुसार वैज्ञानिक वन व्यवस्थापनले गर्दा स्थानीय रुपमा विवादहरु बढेका छन् । आर्थिक चलखेलमा वृद्धि भएको छ । वन विनाश भएको छ । त्यसैले यो रोकिनु पर्दछ ।

चन्द्रनिगाहपुर नगरपालिकाका सामुदायिक वन अधिकारकर्मी प्रमिला रानाका अनुसार सालको वनमा मात्र किन वैज्ञानिक वन व्यवस्थापन गरेको भन्ने कुरालो नै यसको नियत स्पष्ट छ । तर सालको वन नभएको सामुदायिक वनको भने नवीकरण पनि गरिँदैन । वैज्ञानिक वनका कारण धेरै सामुदायिक वन उपभोक्ता समूहहरु समस्यामा परेका छन् ।

नमुना सामुदायिक वन उपभोक्ता समूह, चन्द्रनिगाहपुर नगरपालिका २ का वन उपभोक्ता तथा वन हेरालु लक्ष्मी दासका अनुसार वन हस्तान्तरण ०६५।०६६ मा भएको हो । घर धुरी २४७ छन् र वन क्षेत्र १९९ हेक्टर छ । वैज्ञानिक वन व्यवस्थापन ०७५।०७६ मा शुरु भएको हो । रुख छपान, मुछान, कटान तथा घाटगद्धी गर्दा खर्च भएको १२ लाख रुपैया तिर्न बाँकी छ । वैज्ञानिक वन व्यवस्थापन कार्ययोजना बनाउन लागेको भनिएको रु. १५ लाखको हिसाब किताब देखाउन नसक्दा विवाद निस्किएको हो । लेनदेनमा ताल नमिल्दा ४ वर्षदेखि काठ त्यत्तिकै सडेर गएको छ । काठहरु पानीमा बगिरहेका छन् । अख्तियारमा समेत मुद्दा परेको छ । नयाँ कार्यसमिति बनेको एक वर्ष भैसक्दा पनि व्यवस्थापन हुन सकेको छैन ।

डिभिजन वन कार्यालय, रौतहटका डिभिजनल वन अधिकृत बिनोद सिंहका अनुसार ७ वटा सामुदायिक वन, तीन वटा साझेदारी वन र २ वटा चक्ला वनमा वैज्ञानिक वन व्यवस्थापन गरिएको छ । रेड कार्यक्रमबाट ०७४।०७५ मा ४ सामुदायिक वनको कार्य योजना बनाएको छ । सामुदायिक वनलाई शुरुमा ऋण लागे पनि पछि फाइदा हुने देखिन्छ । वन व्यवस्थापनका लागि सामुदायिक वनहरुले वित्तीय संस्थाहरुबाट ऋण लिन सक्छन् । वैज्ञानिक वन व्यवस्थापनको लागि १० लाख अनुदान दिइएको छ । वैज्ञानिक वनको अभ्यासमा केही समस्याहरु देखिएकोले सुधारका प्रयासहरु भइरहेका छन् ।

## ९. बारा :-

बारा जिल्लामा हलखोरिया साझेदारी वन लगायतका वनहरुको स्थलगत अवलोकन गरे पश्चात् विभिन्न सरोकारवाला र वन कार्यालयमा छलफल गरिएको थियो । छलफलका क्रममा सरोकारवाला र डिभिजनल वन अधिकृतले व्यक्त गरेका मुख्य भनाइहरु निम्न अनुसार रहेका छन् :

निजगढ नगरपालिका वाड नं. ७ का वडा अध्यक्ष रामजी बजगाईंका अनुसार वैज्ञानिक वन व्यवस्थापन वातावरणीय, आर्थिक तथा सामाजिक हिसाबले उपयुक्त छैन । वैज्ञानिक वन व्यवस्थापनको योजना तथा कार्यान्वययनका विषयमा स्थानीय तहसँग सरोकार राखिएको छैन । वैज्ञानिक वनका कारण सामुदायिक वन उपभोक्ता समूहका वन कर्मचारीको हस्तक्षेप र ठेकेदारको दवावका कारण द्वन्द्वहरु सृजना भएका छन् । त्यसैले वैज्ञानिक वन खारेज गर्नु पर्दछ ।

अमलेखगञ्ज, बाराका पूर्व गाउँ विकास समितिका अध्यक्ष भरत बहादुर घलेका अनुसार वैज्ञानिक वन व्यवस्थापन वातावरणीय, आर्थिक तथा सामाजिक हिसावले उपयुक्त छैन । चुरे क्षेत्रमा वैज्ञानिक वनका नाममा वन विनाश गरेको हुनाले यो तत्काल रोक्नु पर्दछ ।

हलखोरिया साझेदारी वन व्यवस्थापन समूह, बाराका पूर्व अध्यक्ष राज कुमार अर्यालका अनुसार वैज्ञानिक वन व्यवस्थापन गरेको हलखोरिया साझेदारी वनमा पुनरुत्पादन भएको छैन । यसको लागि वन कार्यालय र समितिले कुनै पहल गरेको देखिँदैन । वैज्ञानिक वन व्यवस्थापन गर्दा सिमसार र पानीका मुहानमा नकारात्मक असर परेको छ । वन पैदावार बिक्री वितरणमा वन कार्यालय र ठेकेदारका हस्तक्षेपका कारण साझेदारी वनहरुमा विवाद भएका छन् । साधारण सभा बस्न सकेको छैन । वन विभागबाट पत्र ल्याएर कार्यसमितिले काम गरेको छ ।

वन उपभोक्ता, गढीमाई साझेदारी वन व्यवस्थापन समूहका राकेश पाण्डेका अनुसार हत्तपत्त कसैले पनि देख्न, जान नसक्ने ठाउँमा वैज्ञानिक वनको व्यवस्थापन गरिएको छ । निर्धारित प्लटहरु भन्दा बाहिर गएर रुखहरु काटिएका छन् । वैज्ञानिक वनले गर्दा वन सखाप भएको छ, पुनरुत्पादन भएको छैन । साझेदारी वनका समितिका पदाधिकारीहरु म्याद सकिसकेपछि पनि अबैध रुपमा काम गरिरहेका छन् । कसैले नपढ्ने पत्रिकामा टेण्डर प्रकाशित गरिन्छ । आषाढ १५ गतेपछि पनि पटक-पटक टेण्डर निकालिएको छ । उपभोक्तहरुसँग वार्षिक रुपमा आवश्यक काठको मागको लागि भनेर निवेदन लिने गरिन्छ । उपभोक्ताहरुले प्रकृया पुर्‍याएर दिएको निवेदनमाथि पुनः नक्कली हस्ताक्षर गरेर काठका ठेकेदारहरुलाई ३० हजार सम्ममा बेचिन्छ । टाढाका वन उपभोक्ताहरुलाई यो कुरा थाहा नै हुँदैन । उनीहरुले काठ पाउनका लागि पेश गरेको नागरिकता र जग्गाधनी प्रमाणपूर्जाहरु समेत वन कर्मचारी र वनको कार्यसमितिले दुरुपयोग गरेर तराईका सोझा-साझा जनताले समस्या व्यहोरेका छन् । नक्कली बिल भर्पाइ बनाएर दोहोरो रकम लिने गरिन्छ । यतिसम्म हुन्छ कि उपभोक्ताहरुका पुराना निवेदनहरुबाट आवश्यक कागजात निकालेर साझेदारी वन समिति र वन कर्मचारी मिलेर दुरुपयोग गर्ने गरिन्छ । उपभोक्ताहरुलाई बी, सी ग्रेडको काठ दिएर मिलेमतोमा ए ग्रेडको काठ बेचिन्छ ।

डिभिजन वन कार्यालय, बाराका डिभिजनल वन अधिकृत मञ्जुर अहमदका अनुसार बारा जिल्लामा जम्मा ३७ हजार हेक्टर वन क्षेत्र छ, जसमध्ये ३१,३२ हजार हेक्टर वन क्षेत्र डिभिजन वन कार्यालयले व्यवस्थापन गर्दछ । सामुदायिक वन ४१ मध्ये ११ वटामा वैज्ञानिक वन व्यवस्थापन कार्ययोजना बनाइएको छ । साझदारी वन ४ वटा छन् जसमा ३ वटामा वैज्ञानिक वन व्यवस्थापन कार्ययोजना निर्माण भएर कार्यान्वयनमा ल्याइएको छ । यस पटक सामुदायिक वनमा वैज्ञानिक वन व्यवस्थापनको कुनै काम

भएको छैन । २ वटा साझेदारी वनमा ३१ हजार क्युफिट काठ काटिएको छ । विभागीय परिपत्रको आधारमा साझेदारी वन व्यवस्थापन समूहको कार्यसमिति परिचालन गरिएको छ । साझेदारी वनको वैज्ञानिक कार्ययोजना नगेद्र यादवले कन्स्लट्यान्टको रुपमा बनाउनु भएको हो । सामुदायिक वनको वैज्ञानिक वन व्यवस्थाका चार कार्ययोजना रेड इकाई काठमाण्डौबाट बनेको हो भने बाँकी कार्ययोजना यहीका अधिकृतहरुले रु ५ लाखमा बनाउनु भएको हो । कोटेशन गर्दा सालको काठको प्रति क्युफिट काठको मूल्य रु २७००।०० सम्म परेको छ । जिल्लामा करिव ५० हजार काठ मौज्दात छ । काठबिक्रीका लागि इ-विडिंग गर्न सकिए सबै भन्दा राम्रो हुन्छ । यसले निश्पक्षता, पारदर्शिता बढाउनुको साथै काठको मूल्यमा पनि वृद्धि हुन्छ ।

**१०. पर्सा :-**

पर्सामा सबैया साझेदारी वनको स्थलगत अवलोकन गरेपछि कार्यसमितिका सदस्यहरुसँग छलफल गरिएको थियो । सबैया साझेदारी वन व्यवस्थापन समूहका संयोजक लखन लाल साहका अनुसार वनको क्षेत्रफल ३१८८.५९ हे. छ, यसमा १५ गाउँपालिका र १ उपमहानगरपालिका क्षेत्रका वन उपभोक्ताहरु रहेका छन्, जसमा घरधुरी संख्या ३९७७४ छ (०७१।०७२) । वैज्ञानिक वनको कार्ययोजना स्वीकृत भएको छ तर अग्निरेखा मात्र बनेको छ । प्राविधिकको कमिका कारण कटान गरिएको छैन । प्लट सी २ र सी ३ को बीच अग्निरेखा बनाउदा ४२५ रुख अर्थात ५००० क्युफिट काठ निकालिएको छ । ढलापढा, सुकेका काठहरु निकालिएको छ । ए ग्रेड काठ प्रति क्युफिट रु १६८०।००, वी ग्रेड काठ प्रति क्युफिट रु १३४०।०० मा बिक्री वितरण गरिन्छ । हामीले पहिलो प्राथमिकता उपभोक्ताहरुलाई दिन्छौं । ०७४/७५ मा ९ सय घरधुरीले काठको माग गरेका थिए । हामीले काठा माग गर्ने घरधुरीलाई १५ देखि २० क्युफिट काठ दिएका छौ । समूहको खातामा हाल १ कारोड ३९ लाख १६ हजार रुपैयाँ मौज्दात छ ।

**११. मकवानपुर :-**

यस जिल्लामा हात्तीचरण सामुदायिक वन, लालीगुँरास सामुदायिक वन र पशुपति सामुदायिक वनमा स्थलगत अवलोकन गरेपछि विभिन्न सरोकारवालाहरुसँग छलफल गरिएको थियो । विभिन्न सरोकारवालाहरुको भनाई निम्न अनुसार रहेको छ :

वगीया गाउँपालिकाका अध्यक्ष भक्त बहादुर खत्रीका अनुसार चुरे क्षेत्रको संवेदनशिलतामा वैज्ञानिक वन व्यवस्थापन ठीक छैन । स्थानीय सरकारसँग कुनै समन्वय, सहकार्य गरिएको छैन । उपभोक्ताहरुमा वनमाथिको अपनत्व घट्दै गएको छ । वैज्ञानिक वन व्यवस्थापनको कारण सामुदायिक वन उपभोक्ताहरुको नभएर ठेकेदारहरुको व्यवस्थापनमा चलेका छन् । उपभोक्ताहरुको काठको आवश्यकता नपुऱ्याई टेण्डर गरेर बिक्री वितरण गर्ने गरिएको छ, जसले गर्दा पैसाको चलखेल बढेको छ । सेटिंगमा कोटेशन माग गरिन्छ र तीनवटा कोटेशन मिलेमतोमा हाल्न लगाएर काठ बिक्री वितरण गरिँदै आएको छ । यस क्षेत्रमा प्रति क्युफिट रु १३००/- मा काठ बेचिएको छ ।

मकवानपुरका सामुदायिक वन अभियानकर्मी साधुराम चौलागाईंका अनुसार वैज्ञानिक वन व्यवस्थापन कार्यक्रम कार्यान्वयन गर्न विदेश गएका, मरेका, बसाईं सरेकाहरुको नाउमा समेत हस्ताक्षर गरेर गणपूरक संख्या पुऱ्याउने काम गरिएको छ । कार्ययोजना निर्माण, काठ कटान मुछान गरेर सबै पैसा सकिन्छ । समूहहरु सबै ऋणमा परेका छन् ।

पिप्ले पोखरा सामुदायिक वन उपभोक्ता समूह, मकवानपुरका अध्यक्ष रामहरी चौलागाईंका अनुसार ९० प्रतिशत वन उपभोक्ता समूहहरु यो वैज्ञानिक वन व्यवस्थापन बारे अनभिज्ञ छन् । विधान

कार्यायोजना वन कर्मचारीहरुले नै बनाउँछन् । एउटा वन कार्ययोजना बनाउन रु १० लाख भन्दा बढी खर्च गरिएको छ । यो रकम शुरुमा वन उपभोक्ता समूहको खातामा हाल्छन् । अनि कार्ययोजना निर्माण गर्ने भनेर कर्मचारीहरुले नै लैजान्छन् । वन कर्मचारी, रिटायर्ड वन कर्मचारीहरुको मिलेमतोमा काम गरिएको छ ।

लालिगुराँस सामुदायिक वन उपभोक्ता समूहका पूर्व अध्यक्ष मानबहादुर वाइवाका अनुसार यो वर्ष वैज्ञानिक वन व्यवस्थापनको कार्ययोजना बने पनि अधिकांश उपभोक्ताहरुलाई यो कस्तो हो ? के-के गर्ने हो त्यसबारे कुनै जानकारी दिइएको छैन । वास्तवमा भन्ने हो र अन्यत्र गरिएका गतिविधि हेर्दा वैज्ञानिक वन व्यवस्थापनले उपभोक्ताहरलाई फाइदा देखिँदैन । यसबाट कर्मचारी र ठेकेदारलाई मात्र फाइदा देखिन्छ । कार्ययोजना बनाउन कति पैसा आयो, कसले बनायो त्यसको थाहा छैन ।

पशुपति सामुदायिक वन उपभोक्ता समूह, मकवानपुरका अध्यक्ष रघुनाथ लामाका अनुसार २०६१ सालमा वन हस्तान्तरण भएको हो । वैज्ञानिक वन निर्माण २०७१ मा गरिएको हो वन क्षेत्र २८२ हेक्टर र घरधुरी संख्या ३५७ छ । वार्षिक कटान पहिलो वर्ष १३०० सिएफटी थियो । वरीपरिका सबै सामुदायिक वनहरुले वैज्ञानिक वन व्यवस्थापन गरे पछि वन उपभोक्ताहरुको दवावमा परेर वैज्ञानिक वन व्यवस्थापन गरेको हो । पुनरुत्पादन बिउ र जरा दुवैबाट छ तर जराबाट उम्रिएकाको भविष्य राम्रो हुँदैन । टेण्डर लगायतका सामुदायिक वनका निर्णय गर्दा स्थानीय निकायसँग समन्वय गरिएको छ । जिल्ला वन पैदावार आपूर्तिलाई छुट्याएको काठ विगत दुई वर्षदेखि लगेको छैन र सडेर जान लागेको छ । वैज्ञानिक वनको कार्ययोजना निर्माण गर्न रु ७ लाख रुपैयाँ लाग्यो । कार्ययोजना वन कर्मचारीहरुले कामदार लगाएर गरेका हुन । हामीले लागेको खर्चको बिल भर्पाइ बनाएर कामदारहरुलाई भुक्तानी गरेको हो । कार्ययोजना तयारीको लागि ३ महिना लाग्यो । गत वर्ष कटान काठ मध्ये ३७०० क्युफिट उपभोक्ताहरुलाई सरदर प्रति क्युफिट रु ४१० मा बिक्री गरिएको हो । बाँकी रहेको ६००० क्युफिटको टेण्डर गर्दा प्रतिस्पर्धामा सरदर प्रति क्युफिट रु १३००। मा बिक्री गरिएको हो । कटान मुछान प्रतिस्पर्धामा प्रति क्युफिट रु.१७१ देखि रु. १३५ सम्म गरिएको छ । यस कार्यको लागि करिब २३ लाख रुपैयाँ लागेको छ । जुन ऋणको रुपमा रहेको छ । काठ बिक्रीबाट रु. ४५ लाखसम्म फायदा हुने अनुमान गरिएको छ । हाल कोषमा रु ४ लाख मौज्दात छ । वन कर्मचारीलाई अनुगमन वापत प्रति क्युफिट रु २६० का दरले खर्च भएको छ ।

मनोहरी गाउँपालिका, मकवानपुरका अध्यक्ष एकराज उप्रेतीका अनुसार उहाँ सामुदायिक वनको संस्थापक अध्यक्ष हो । पहिले पनि वनको सर्भे र वन गणना गरेर काम गरिएको थियो । आज किन वैज्ञानिक वन व्यवस्थापन चाहियो भनेर उहाँले पटक-पटक विरोध गर्नुभएको थियो । आज काठ बेचेर धेरै पैसा आउने कुरा गरिएको छ । विदेशबाट आयातित काठ रोक्न वैज्ञानिक वन व्यवस्थापनको कुरा गरिएको छ । तर यसको कारण बाढी पहिरो, पानीको मुहान सुक्यो भने जैविक विविधता नष्ट भयो भने यसको भरपाई कसरी गर्न सकिन्छ ? पैसाले किन्न सकिन्छ ? सामुदायिक वनको मर्म अनुसार काम हुन अब गाह्रो छ । स्थानीय सरकार सञ्चालन ऐन अनुसार स्थानीय तहहरुसँग कुनै समन्वय र सहकार्य छैन । सामुदायिक वनको समितिको चुनाव हुँदा प्रशस्त चलखेल हुने गरेको छ । यसको कारण भनेको वनको स्रोतमाथिको चलखेल नै हो । टेण्डर कहाँ कसरी निकालिन्छ, त्यसको कुनै जानकारी हुँदैन तर कानुनी प्रक्रिया पूरा गरिन्छ । उहाँको गाउँपालिकका सामुदायिक वनहरुमा ३०, ४० हजार क्युफिट रुख काटिएको छ भनिन्छ । तर यसबारे स्थानीय सरकारलाई जानकारी छैन । काठको दररेटमा एउटै गाउँपालिकामा पनि फरक-फरक देखिन्छ । प्रतिक्युफिट १३००। देखि रु २१००। मा बिक्री गरिएको छ । विकासमा डुप्लिकेसन भएको छ । समुहको लगानीका कामहरुको गुणस्तर नियन्त्रण कसले गर्ने ? यो प्रश्न गम्भीर छ

। समुहले वन मै लगानी गर्नु पर्दछ । कार्ययोजना निर्माण, कटान मुछान आदिमा ठूलो खर्च हुने हुँदा अधिकांश समूहहरु ऋणमा परेका छन् ।

**१२. चितवन :-**

यस जिल्लामा विभिन्न सामुदायिक वनहरुको स्थलगत अवलोकन गरेपछि वन उपभोक्ता समूहका सरोकारवालाहरुसँग छलफल गरिएको थियो । कोरोना भाइरसको प्रभावका कारण डिभिजन वन कार्यालयमा छलफल गरिएन । विभिन्न सरोकारवालाहरुले वैज्ञानिक वनका बारेमा व्यक्त गरेको विवरणहरु निम्न अनुसार रहेका छन् :

सामुदायिक वन अभियानकर्मी, चितवनका भरत ढुंगानाका अनुसार वैज्ञानिक वन व्यवस्थापनको वर्तमान ढाँचा कर्मचारी र ठेकेदारमुखी छ । जनमुखी छैन । वैज्ञानिक वनको नाउँमा ३० से.मी. व्यास सम्मका सबै रुखहरु काटिन्छ । पहिलो चरणमा काटिएको प्लटमा ८० वर्षपछि पुग्दा राम्रा कटान योग्य रुखहरु हुने कल्पना गरिएको छ । तर यसको कुनै ग्यारेन्टी गर्ने आधारहरु छैन । आगलागी, रोगव्याधी आदि कारणले नोक्सान गर्दा यसको संरक्षणको उपायहरु के हुने ? यी प्रश्नहरको कुनै उत्तर छैन । जबकी अहिले कटान गरिएका प्लटहरुमा पुनरुत्पादनको अवस्था त्यसै पनि राम्रो छैन । दिगो वन व्यवस्थापन अन्तर्गत उमेर पुगेका, पुराना, कार्वन संचित गर्न नसक्ने, बीउ उत्पादन नगर्ने जस्ता रुखहरु निकाल्दा पनि देशको आवश्यकता पूरा गर्ने सम्भावना छ । वैज्ञानिक वन व्यवस्थापन ठीक छैन । सामान्यत कार्ययोजना निर्माणको लागि ५० हजार रुपैयाँसम्म लाग्छ । तर वैज्ञानिक कार्ययोजना बनाउन रु ५ लाख देखि १० लाख खर्च भएको छ । तर यो पैसा उपभोक्ताको खातामा हाल्न भन्दा अगाडि नै डिभिजन वन कार्यालयका कर्मचारीलाई अग्रिम चेक काटेर दिनु पर्दछ ।

उदयपुर सामुदायिक वन उपभोक्ता समूह, चितवनका अध्यक्ष केशव लामाका अनुसार सोझा उपभोक्ता भएको ठाउँमा वैज्ञानिक वन व्यवस्थापन गरिएको छ । ठेकेदारहरुको हालिमुली छ । वैज्ञानिक वन व्यवस्थापनको विरोध गर्ने समूहहरुलाई बैठकमा वन कार्यालयले बोलाउँदैन र कार्ययोजना पनि नवीकरण गर्न मानेको छैन ।

धारापानी सामुदायिक वन उपभोक्ता समूह, चितवनका कार्यालय सचिव राजेन्द्र ढुंगानाका अनुसार कार्ययोजना बनाउनको लागि वन कार्यालयले ३ लाख दिएको छ । तर ७ लाख लाग्ला जस्तो छ । अहिले चितवन वन प्राविधिक समाजले १ लाख १७ हजारमा वन कार्ययोजना बनाउने भएको छ । यसबाट उपभोक्ता समूहमा विवाद उत्पन्न भएको छ ।

सातकन्या सामुदायिक वन उपभोक्ता समूह, चितवनका अध्यक्ष रामहरि पनेरुका अनुसार वैज्ञानिक वन व्यवस्थापनको वर्तमान ढाँचा कर्मचारी र ठेकेदारमुखी छ । जनमुखी छैन । वन कर्मचारी, ठेकेदार र गलत मनसाय भएका वन समितिका मान्छेहरुको मिलेमतोमा काम भएको छ । वैज्ञानिक वनमा जान नचाहने सामुदायिक वनका काठहरु पनि रोकिएको अवस्था छ । यो कुरामा उपर्युक्त निर्णय हुने अपेक्षामा उहाँहरु हुनुहुन्छ ।

वैज्ञानिक वनका लागि विभिन्न उपभोक्ता समूहको साधारण सभामा किर्ते दस्तखत गरेका कागजातहरु, वन विनास हुने गरी जेठ महिनामा दिएका कटान आदेशका केही प्रमाणहरु र वैज्ञानिक वनका विषयमा विभिन्न पक्षहरुले दिएका ज्ञापनपत्रहरु अनुसूचीमा समावेश गरिएका छन् ।

**२.६ वैज्ञानिक वनका सम्बन्धमा विभिन्न सञ्चार माध्यमहरुबाट प्राप्त जानकारी :-**

**विभिन्न प्रिन्ट तथा विद्युतीय सञ्चार माध्यमहरुमा वैज्ञानिक वन व्यवस्थापन कार्यक्रमका सम्बन्धमा उठेका विषयहरु र जानकारीमूलक सूचनाहरु उपसमितिले संकलन गरी अध्ययन गरेको थियो । यी मध्ये प्रकाशित केही प्रमुख समाचारहरु निम्न रहेका छन् ।**

**विद्युतीय माध्यमबाट प्रकाशित वेष्टर्न खबरको ७ जेठ २०७७ मा वैज्ञानिक वन खारेज गर्न र कैलालीको लम्कीचुहा नगरपालिकाको चेतना सामुदायिक वनका उपभोक्ताहरुले वैज्ञानिक वन खारेज गर्नु पर्ने भन्दै डिभिजन वन कार्यालय लम्की, कैलालीमा नाराबाजी गरेको खबर प्रकाशित गरेको थियो । त्यसै गरी अन्नपूर्ण पोष्टले ३० असार २०७७ मा कैलालीको चुरेमालिका सामुदायिक वन उपभोक्ता समूहमा मृत्यु भएका व्यक्तिको नाम समेत राखी वैज्ञानिक वन व्यवस्थापन कार्यक्रम लागू गरी वन फँडानी गरेको विस्तृत रिपोर्ट प्रकाशित गरेको थियो ।**

**Prime TV ले असार ३२, २०७७ मा वैज्ञानिक वन व्यावस्थापनका नाममा वन माफियाको रँजाई शीर्षकमा कैलाली र कञ्चनपुरमा वनको तीव्र दोहन गरिएको, सम्बन्धित निकाय मौन रहेको सन्दर्भमा संघीय संसद सार्वजनिक लेखा समितिले उपसमिति गठन गरी वैज्ञानिक वन कार्यक्रम लागू भएका जिल्लाको अनुगमन र निरीक्षण गर्दै गरेको समाचार प्रशारण गरेको थियो । साथै AP1 TV ले पनि असार २६, २०७७ मा वैज्ञानिक वन व्यवस्थापनका नाममा कैलाली र कञ्चनपुरमा अवैध वन फँडानी गरेको सूचनामूलक समाचार प्रशारण गरेको थियो ।**

**News24 TV ले प्रशारण गरेको समाचारमा विशेषतः वैज्ञानिक वन व्यवस्थापन कार्यक्रम कार्यान्वयनका सन्दर्भमा देखिएका विकृतिहरुको उजागर गरेको थियो ।**

**कान्तिपुर दैनिकको असार २८, २०७७ मा प्रकाशित समाचार अनुसार संसदीय छानबिन टोलीको कामकारवाहीका सन्दर्भमा भ्रामक सूचनाहरु समावेश गरी प्रक्रियागत र समितिका कार्यक्षेत्रका बारेमा प्रश्न उठाइएको थियो । समितिको कार्यक्षेत्र सम्बन्धमा सार्वजनिक लेखा समिति र कृषि, सहकारी तथा प्राकृतिक स्रोत समिति बीच आपसी छलफल भई समन्वयात्मक रुपमा दुवै समितिले अध्ययन अनुसन्धान गरिरहेको कुरा उल्लेखनीय छ । उपसमितिका टोलीमा कुनै पनि निहित स्वार्थको द्वन्द्व रहेका व्यक्ति वा संस्थाहरु सहभागी नभएको र सञ्चार मिडियामा उल्लेख भएजस्तो विवादास्पद व्यक्ति सहभागी भएका थिएनन् ।**

# परिच्छेद-तीन

# अध्ययन अनुसन्धानबाट प्राप्त तथ्यांक तथा सूचनाहरुको विश्लेषण

## ३.१ वैज्ञानिक वनका सन्दर्भमा देखिएका कानूनी र प्राविधिक समस्याहरु :-

यस अन्तर्गत वैज्ञानिक वन व्यवस्थापन कार्यक्रम तर्जुमा र कार्यान्वयनका सन्दर्भमा गरिएका नीतिगत निर्णयहरु तथा कानूनी प्रावधानहरुको विश्लेषण गरिएको छ ।

### (१) वैज्ञानिक वन व्यवस्थापन कार्यविधि, २०७१ को कार्यान्वयनमा प्रश्न

तत्कालीन वन ऐन, २०४९ र वन नियमावली, २०५१ मा सामुदायिक वन तथा साझेदारी वन लगायतका कुनै पनि वनमा वैज्ञानिक वन व्यवस्थापन गर्ने भन्ने व्यवस्था गरिएको पाईदैन । वन नियमावली, २०५१ को नियमा २८ मा सामुदायिक वनको कार्ययोजनामा समावेश गर्नुपर्ने विषयहरु तोकिएको भए पनि यी विषयहरु अन्तर्गत वैज्ञानिक वन व्यवस्थापनको विषयवस्तु समावेश भएको छैन । वन ऐन, २०४९ को दफा २४क अनुसार साझेदारी वनको उद्देश्य दिगो वन व्यवस्थापन गर्नु रहेको छ र वैज्ञानिक वन व्यवस्थापन गर्ने व्यवस्था गरिएको देखिदैन । वन नियमावली, २०५१ को नियम ६७ मा वन नियमावलीको उद्देश्य पूरा गर्नका लागि मन्त्रालयले निर्देशिकाहरु तर्जुमा गर्न पाउने व्यवस्था गरिएको भए पनि मन्त्रालयले कार्यविधि तर्जुमा गर्ने विषयमा कुनै व्यवस्था गरिएको छैन । यद्यपि, वन तथा वातावरण मन्त्रालयले वनसम्बन्धी विभिन्न विषयका कार्यविधिहरु तर्जुमा गरी कार्यान्वयन गर्दै आएको पाइयो । यसै क्रममा २०७१।७।२७ गते तत्कालीन वन तथा भू-संरक्षण मन्त्रालयको सचिवस्तरीय निर्णयबाट वैज्ञानिक वन व्यवस्थापन कार्यविधि, २०७१ स्वीकृत गरी लागू गर्दै आएको देखिन्छ । नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७४ को नियम ५ सँग सम्बन्धित अनुसूची २ को १(८) अनुसार संघीय निर्देशिका र कार्यविधिहरु समेत मन्त्रिपरिषद्बाट स्वीकृति गराउनु पर्ने व्यवस्था भएको संघीय मन्त्रालयको रुपमा रहेको वन तथा वातावरण मन्त्रालयबाट तर्जुमा गरिने निर्देशिका र कार्यविधिहरु पनि मन्त्रिपरिषद्बाट अनुमोदन हुनुपर्नेमा सो नगराई वन तथा वातावरणमा गम्भीर जोखिम उत्पन्न हुन सक्ने खालको कार्यविधि लागू गर्नुले नीति तथा कानून निर्माण प्रकृयामा नै गम्भीर प्रश्न रहेको देखिन्छ ।

२०७१ मा वैज्ञानिक वन व्यवस्थापन कार्यविधि तर्जुमा गर्नुको मुख्य आधारको रुपमा राष्ट्रिय वन नीति, २०३३, वन विकास गुरुयोजना, २०४५ र वन नीति, २०५७ लाई लिइएको देखिन्छ । यद्यपि, राष्ट्रिय वन नीति, २०३३ को २०४५ सालमा र वन विकास गुरुयोजना, २०४५ को २०६८ सालमा नै अवधि समाप्त भएको थियो। यसरी तत्काल प्रचलनमा नरहेका नीतिहरुलाई आधार मानी वैज्ञानिक वन व्यवस्थापन कार्यविधि तर्जुमा गरेको देखिँदा वन सम्बन्धी विद्यमान नीति र कानूनसँग तालमेल खाएको छैन ।

नेपाल सरकारको तेह्रौ योजना (२०७०-२०७३) र चौंधौं योजना (२०७४-२०७६) मा वनको दिगो र वैज्ञानिक व्यवस्थापन गरिने कुरा उल्लेख गरिएको तर पन्ध्रौं योजना (२०७६-२०८०) मा दिगो वन व्यवस्थापन गरिने व्यवस्था गरिएको सन्दर्भमा नेपाल सरकारले संसद समक्ष पेश गर्ने बजेट वक्तव्यमा वैज्ञानिक वन व्यवस्थापन कार्यक्रमका लागि मात्र बजेट विनियोजन गरी दिगो वन व्यवस्थापनका लागि आवश्यक बजेट व्यवस्था गरेको छैन । यसबाट पनि नेपाल सरकारको आवधिक विकास योजना र बजेट वक्तव्यमा समावेश गरिने वन व्यवस्थापन सम्बन्धी कार्यक्रमहरुका बीचमा तालमेलको कमीका भई वन विनाश र वातावरणीय तथा आर्थिक क्षति भएको देखिन आयो ।

वन ऐन, २०७६ को दफा ८४ मा "वन ऐन र नियमावलीको कार्यान्वयन गर्नको लागि नेपाल सरकारले आवश्यक निर्देशिका र कार्यविधि बनाई लागू गर्न सक्ने" व्यवस्था गरिएको र यस व्यवस्था अनुसार वनसम्बन्धी निर्देशिका तथा कार्यविधिहरु मन्त्रिपरिषद्बाट स्वीकृत गराउनु पर्ने हुन्छ । यस्तो अवस्थामा २०७१।७।२७ गते वन तथा वातावरण मन्त्रालयको सचिवस्तरीय निर्णयबाट स्वीकृत भएको वैज्ञानिक वन व्यवस्थापन कार्यविधि, २०७१ मन्त्रिपरिषद्बाट अनुमोदन गराई कानूनसम्मत रुपमा कार्यान्वयनमा आएको अवस्था देखिदैन । यसरी वैज्ञानिक वन व्यवस्थापन कार्यविधि एकातर्फ निकै विवादास्पद् रहेको र अर्कोतर्फ विद्यमान कानून बमोजिम उक्त कार्यविधि मन्त्रिपरिषद्बाट स्वीकृत पनि नभएको अवस्था विद्यमान रहेकोले वैज्ञानिक वन व्यवस्थापन कार्यविधिको वैधतामाथि प्रश्नचिन्ह उठेको छ ।

**(२) एकिकृत वा प्रदेशगत वन व्यवस्थापन रणनीतिक योजना तर्जुमा नगरी वैज्ञानिक वन व्यवस्थापनका कार्ययोजनाहरुको स्वीकृति**

वन ऐन, २०७६ को दफा ११ मा "नेपाल सरकारले प्रदेशभित्रको राष्ट्रिय वनको व्यवस्थापनका लागि प्रदेश सरकारसँग परामर्श गरी एकीकृत वा प्रदेशगत रणनीतिक योजना बनाउनु पर्ने" व्यवस्था गरिएको छ । वन ऐन, २०७६ लागू भएपछि हालसम्म पनि यस्तो रणनीतिक योजना तर्जुमा गरेको पाइएन । त्यस्तै उक्त ऐनको दफा ११ मा "डिभिजनल वन अधिकृतले यस ऐनको अधीनमा रही सहभागितामूलक रुपमा आफ्नो कार्य क्षेत्रभित्रको राष्ट्रिय वनको रणनीतिक योजना तयार गरी स्वीकृत गराई कायान्वयन गर्नुपर्ने" व्यवस्था गरिएको भएपनि वन ऐन, २०७६ लागू भएपछि कुनै पनि डिभिजनल वन अधिकृतले वन व्यवस्थापनको रणनीतिक योजना तर्जुमा गरी प्रदेश सरकार वा वन तथा वातावरण मन्त्रालयबाट स्वीकृत गराएको पाइएन । त्यसैगरी प्रदेशगत र डिभिजनल तहमा वन व्यवस्थापन रणनीतिक योजना नै नबनाई वन तथा भू-संरक्षण विभागबाट समेत बाँके र दाङ जिल्लामा सरकारी वन अन्तर्गतको चक्ला वनमा वैज्ञानिक वन व्यवस्थापन गर्ने भनी योजना स्वीकृत गरी सिमसार क्षेत्र, नदी किनार र कृषि जमिनमा समेत असर पर्ने गरी प्लट निर्धारण गरी रुख कटान गरेको देखियो । यसरी संघीय कानूनले तोकेको दायित्व पूरा नगरी सामुदायिक वन, साझेदारी वन र चक्ला वन अन्तर्गत वैज्ञानिक वनका कार्ययोजना स्वीकृत गरी कटान आदेश दिएको देखिएकोले उक्त कार्य संघीय वन ऐनसँग नमिल्ने देखिएकोले वन ऐन, २०७६ लागू भएपछि डिभिजनल वन अधिकृत र वन विभागले स्वीकृत गरेका वैज्ञानिक वन व्यवस्थापन कार्ययोजनाहरुको औचित्य र वैधानिकता पुष्टि भएको देखिदैन।

**(३) काठ कटानको वार्षिक योजना स्थानीय तहबाट स्वीकृति नगराइनु**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ख मा "सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपयोगसम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई गाउँपालिका तथा नगरपालिकाबाट स्वीकृति गराउनु पर्नेछ" भन्ने व्यवस्था गरिएको छ, जस अनुसार सामुदायिक वनको काठ कटान गरी बिक्री गर्ने वार्षिक योजना सम्बन्धित स्थानीय तहबाट स्वीकृत गराउनु पर्ने हुन्छ । वैज्ञानिक वन कार्यक्रम लागू गरेका कुनै पनि सामुदायिक वन उपभोक्ता समूहको कार्यसमितिले उक्त वार्षिक योजना स्वीकृतिका लागि स्थानीय तहमा पेश गरेको देखिँदैन । उक्त कानूनी व्यवस्था अनुसार स्थानीय तहबाट वार्षिक काठ कटान तथा बिक्री सम्बन्धी कार्ययोजना नै स्वीकृत नराई काठ बिक्रीका लागि कटान गर्ने कायहरु स्वतः अवैध रहेका छन् । त्यसैले स्थानीय तहको स्वीकृति नलिई कटान गरिएका काठहरुको बिक्री तथा सदुपयोग योजना सम्बन्धित स्थानीय तहको सभाबाट स्वीकृत गराई स्थानीय तहको रोहबरमा नै प्रतिष्पर्धाको माध्यमबाट बिक्री गरी प्राप्त रकम मध्ये स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा

६२ख(२) अनुसार १० प्रतिशत वन पैदावार शुल्क सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा जम्मा गरी बाँकी रकम सम्बन्धित उपभोक्ता समूहको बैंक खातामा रहेको कोषमा जम्मा गर्ने व्यवस्था कार्यान्वयन गरेको देखिँदैन ।

**(४) उत्पादनमूलक वनको पहिचानमा त्रुटी**

वन नीति, २०७५ र वन ऐन, २०७६ को एउटा उद्देश्य उत्पादनमूलक वनहरुमा वनको उत्पादकत्व बढाउनु पनि हो । यसका लागि सही किसिमले उत्पादनमूलक वनको पहिचान गर्नुपर्ने हुन्छ । सन् १९९८ को वन स्रोत सर्वेक्षण प्रतिवेदनले ४५ डिग्री भिरालो भित्र पर्ने वनलाई पहुँच योग्य वन (Reachable Forest) को रुपमा परिभाषा गरेको र सो समयमा कूल वन क्षेत्रको लगभग ५२ प्रतिशत वन क्षेत्र पहुँचयोग्य वनको रुपमा रहेको देखिन्छ । यसैलाई आधार मानी वैज्ञानिक वन व्यवस्थापन कार्यविधि, २०७१ मा नेपालमा २१ लाख ८० हजार हेक्टर (कूल वन क्षेत्रको लगभग ५१ प्रतिशत) वन क्षेत्र उत्पादनमूलक वन (Productive Forest) को रुपमा रहेको आंकलन गरिएको छ । नेपाल जस्तो पहाडी र कमलो भू-भाग भएको देशमा रहेको सबै पहुँचयोग्य वन (Reachable Forest) लाई उत्पादनमूलक वन (Productive Forest) को रुपमा लिई रुख कटान गर्ने योजना अगाडि सार्नु नै वैज्ञानिक वन कार्यविधिको मुख्य त्रुटी रहेको छ । पहुँच योग्य वनको अधिकांश हिस्सा तराई र चुरे क्षेत्रमा रहेको भएपनि हाल उक्त वनहरु विभिन्न किसिमका सरक्षित क्षेत्रहरु (चुरे वातावरण सरक्षण क्षेत्र, राष्ट्रिय निकुञ्ज, मध्यवर्ति क्षेत्र र वन संरक्षण क्षेत्र) मा परिणत भइसकेका छन्, जसले गर्दा सामुदायिक वन र साझेदारी वनको रुपमा संरक्षित क्षेत्रभन्दा बाहिर बाँकी रहेका वनहरुलाई उत्पादनमूलक वनको रुपमा लिई रुख कटानका लागि बढी दवाव सृजना गरिएको देखिन्छ ।

**(५) काठ उत्पादनको तथ्याङ्क तथा विवरणको विश्वसनीयतामा प्रश्न**

नेपालको वन क्षेत्रबाट वार्षिक रुपमा उत्पादन हुने वा उत्पादन गर्न सकिने काठको परिमाण वा तथ्यांकहरुका बीचमा ठूलो भिन्नता रहेको देखियो । वैज्ञानिक वन व्यवस्थापन कार्यविधि, २०७१ मा प्रतिवर्ष ६ देखि १२ करोड घनफिट काठ उत्पादन हुने कुरा उल्लेख गरिएको छ । तर सोही वर्षदेखि लागू गरिएको तेह्रौं योजना (२०७०/७१-२०७२/०७३) मा वार्षिक ४५ लाख ७५ हजार घनफिट काठ उत्पादन हुने कुरा उल्लेख गरिएको छ भने चौधौं योजना (२०७४-२०७६) मा वार्षिक ६० लाख घनफिट काठ उत्पादन हुने कुरा उल्लेख गरिएको छ ।

आर्थिक सर्वेक्षण २०७५/०७६ मा आर्थिक वर्ष २०७४/०७५ मा १ करोड ७५ लाख २५ हजार घन फिट काठ संकलन भएकोमा सो मध्ये वैज्ञानिक वन कटानबाट ३२ लाख १३ हजार ६ सय ८४ घन फिट काठ उत्पादन भएको व्यहोरा उल्लिखित छ । तर पन्ध्रौं योजना (२०७५/०७६-२०८०/०८१) मा हाल प्रतिवर्ष १ करोड ९४ लाख घनफिट काठ उत्पादन हुँदै आएको र पन्ध्रौ योजनाको अन्त्य सम्ममा प्रतिवर्ष ३ करोड घनफिट काठ उत्पादन हुने आंकलन गरिएको छ (पृष्ठ १५१) । यसरी नेपाल सरकारका विभिन्न दस्तावेजहरुमा काठको वार्षिक उत्पादन परिमाण बारे अलग-अलग तथ्यांक र विवरण उल्लेख हुनुले नेपालमा काठ उत्पादनको यथार्थ विवरण पुष्टि हुन सकेन। यस्तो अवस्थामा वैज्ञानिक वन व्यवस्थापन कार्यविधि, २०७१ मा वार्षिक ६ देखि १२ करोड घन फिट काठ उत्पादन हुने भनी उल्लेख गर्नु आफैमा वन विनाश हुनेगरी धेरै रुख कटान गर्ने नियत राखी कार्यविधि बनाएको आशंका गर्न सकिन्छ। उक्त कार्यविधि सामुदायिक वन र साझेदारी वनका रुख कटानको दृष्टिकोणले उपयुक्त देखिदैन र नयाँ वन नीति, २०७५ र वन ऐन, २०७६ एवं पन्ध्रौं योजनाका आधारमा नयाँ दिगो वन व्यवस्थापन कार्यविधि तर्जुमा गर्नुपर्ने आवश्यकता देखिन्छ ।

## ३.२ वैज्ञानिक वन व्यवस्थापन कार्यक्रमको व्यवस्थापकीय समस्याहरु :–

### १ जोखिमपूर्ण र अनुपयुक्त वन सम्बर्द्धन पद्धतिको सिफारिस र अवलम्वन

सामुदायिक वनको स्रोत सर्वेक्षण मार्गदर्शन, २०६१ को अनुसूची ५.१ मा भू-क्षयको सम्भावना भएका क्षेत्र र खोला तथा नदी किनारका वन क्षेत्रहरुमा रुख कटान गर्ने गरी कार्ययोजना बनाउन नहुने कुरा उल्लेख गरिएको छ भने वन सम्बर्द्धनका लागि छनौट कटानीको विधि (Selection system) अवलम्वन गर्न सिफारिस गरेको छ । सामुदायिक वन विकास कार्यक्रमको मार्गदर्शन, २०७१ मा पनि सामुदायिक वनको कार्ययोजना तर्जुमा गर्दा वातावरणीय, सामाजिक र आर्थिक पक्षमा ध्यान दिनुपर्ने व्यवस्था गरिएको छ र प्राकृतिक वनमा मौज्दात रुख संख्याको आधारमा पत्ल्याउने पद्धति (Thining Regime) लागू गरी वार्षिक रुपमा हटाउनु पर्ने रुखको संख्या निर्धारण गर्नुपर्ने व्यवस्था गरेको छ (बुँदा नं.४.६) । स्वयं वैज्ञानिक वन व्यवस्थापन कार्यविधि, २०७१ मा पनि वातावरणीय दृष्टिकोणले संवेदनशील क्षेत्र, भिरालो जमिन, भू-क्षय हुने सम्भावना रहेको जमिन र कमलो भू-बनोट भएको वन क्षेत्रमा रुख कटान गर्दा छनौट विधि (Selection system) अवलम्वन गर्नुपर्ने व्यवस्था गरेको छ (बुँदा नं. २.९) । उक्त कार्यविधिमा प्राकृतिक रुपमा पुनरुत्पादन हुन सक्ने वनमा मात्र Irregular Shelter-Wood System लागू गर्ने भनेकोमा प्राकृतिक रुपमा पुनरुत्पादन हुन नसक्ने ठूलो क्षेत्रमा रहेका वनहरु र संवेदनशील क्षेत्रमा रहेका वनहरुमा समेत सोही Irregular Shelter-Wood System अवलम्न गरी रुख कटान गर्ने कार्ययोजना स्वीकृत गरिएकोले वैज्ञानिक वन व्यवस्थापन कार्यत्रम अन्तर्गत कटान भएका सामुदायिक वन र साझेदारी वन क्षेत्रहरु मध्ये अधिकांश वनहरुमा पुनरुत्पादन नभई वन विनाशको अवस्थामा पुगेको र विगतमा सालका रुखहरु भएको वनमा वैज्ञानिक वन व्यवस्थापन कार्ययोजना अनुसार रुख कटान पश्चात् वनमारा र झारपात फैलिएको देखिन्छ । वैज्ञानिक वन व्यवस्थापनका नाममा अवलम्बन गरिएको वन सम्बर्द्धन पद्धति नै नेपालको चुरे तथा तराईका संवेदनशील वन र पुनरुत्पादन हुन नसक्ने वनहरुमा जोखिमका कारक भएकाले वैज्ञानिक वन व्यवस्थापन कार्ययोजनाहरु खारेज गरी छनौट कटानीको विधि (Selection system) अवलम्बन गर्ने गरी नयाँ दिगो वन व्यवस्थापन कार्ययोजना तर्जुमा गर्नुपर्ने आवश्यकता रहेको देखिन्छ । वैज्ञानिक वन व्यवस्थापन कार्ययोजना बमोजिम आगामी वर्षहरुमा कटान गर्नका लागि लाखौं रुखहरुलाई नम्बरिङ्ग गरिसकिएको अवस्थामा सोही अनुसार उक्त रुखहरु कटान गरिएमा तराई र चुरे क्षेत्रमा रहेको बाँकी प्राकृतिक वन छिट्टै समाप्त हुने अवस्था देखिएकोले नेपाल सरकार, मन्त्रिपरिषद्बाट वन ऐन, २०७६ को दफा ७७ अनुसार निर्णय गरी तराई र चुरे क्षेत्रमा उमेर नपुगेका साल लगायतका प्राकृतिक रुखहरु कटान गर्न प्रतिवन्ध लगाउने निर्णय गर्नुपर्ने देखिन्छ ।

### २ त्रुटीपूर्ण कार्ययोजनाहरुको तयारी, सिफारिस र स्वीकृति

सामुदायिक वन र साझेदारी वनका वैज्ञानिक वनसम्बन्धी कार्ययोजनाहरुको तर्जुमा गर्दा नेपाल सरकार, तराई भू-परिधि परियोजना र रेड कार्यान्वयन केन्द्रको आर्थिक स्रोत खर्च गरेर बाह्य परामर्शदाताहरु परिचालन गरेको देखियो । रुख कटान गर्ने अधिकांश प्लटहरु वातावरणीय दृष्टिकोणले जोखिमपूर्ण क्षेत्रमा छनौट गरेको, प्लट छनौटका विषयमा वन उपभोक्ताहरुलाई अवगत नै नगराएको, सालका रुखहरु बढी भएका स्थानमा मात्र रुख कटानका लागि प्लट छनौट गरेको र माउ रुखका रुपमा राख्नुपर्ने रुखहरु नै नराखेको र राखिए पनि फल वा फूल उत्पादन दिन नसक्ने र गुणस्तरहीन रुख मात्र माउ रुखको रुपमा राखेको देखियो । स्वयं डिभिजनल वन अधिकृतहरु र सामुदायिक वनका पदाधिकारीहरुले नै परामर्शदाताबाट त्रुटीपूर्ण कार्ययोजना तर्जुमा गरेको कुरा स्वीकार गरेका छन् । यी कार्ययोजनाहरु खारेज नगरिएमा थप वन विनाश हुने उच्च जोखिम रहेकोले वैज्ञानिक वन व्यवस्थापनका

कार्ययोजनाहरु खारेज गर्नुपर्ने हुन्छ । यसैगरी त्रुटीपूर्ण कार्ययोजना बनाएको विषयमा अनुगमन नगरी परामर्शदातालाई रकम भुक्तानी गर्ने तराई भू-परिधि परियोजना र रेड कार्यान्वयन केन्द्रका प्रमुख, त्रुटीपूर्ण कार्ययोजना सिफारिस गर्ने वन प्राविधिक कर्मचारी, त्रुटीपूर्ण कार्ययोजना स्वीकृत गर्ने डिभिजनल वन अधिकृत र सामुदायिक वनसम्बन्धी कार्यविधिहरुको पालना नगरी कार्ययोजना तर्जुमा गर्ने परामर्शदाता संस्था र व्यक्तिहरु माथि थप छानबिन गरी दोषीलाई कानुनी कारबाही गर्नुपर्ने देखिन्छ ।

### ३ अवैध कटान आदेश प्रदान गरिनु

सामुदायिक वनको वन स्रोत सर्वेक्षण मार्गदर्शन, २०६१ मा सामुदायिक वनबाट वार्षिक रुपमा संकलन गरिने काठको परिमाण निर्धारण गर्नका लागि वार्षिक वृद्धिदरलाई आधार मान्नु पर्ने व्यवस्था गरिएको छ (बुँदा नं.४.२.१, पृष्ठ संख्या ५१) । उक्त मार्गदर्शन अनुसार सामुदायिक वनको रुपमा हस्तान्तरण भएका वनहरु कमजोर अवस्थामा रहेका र यस्ता वनहरुबाट वार्षिक वृद्धिदरको बढीमा ४० प्रतिशतसम्म मात्र कटान गर्न सकिने कुरा उल्लेख छ । तर वन क्षेत्रबाट उत्पादन हुन सक्ने वार्षिक वृद्धिदर र उत्पादन परिमाणभन्दा अस्वभाविक रुपमा बढी र लगभग सबै रुख कटान गर्ने कार्ययोजना बनाएको पाइयो, जसका कारण सामुदायिक वनहरुमा अस्वभाविक रुपमा बढी रुखहरु कटान गरी वन विनाश गरेको अवस्था छ । यसका साथै वैज्ञानिक वन व्यवस्थापन कार्यविधि, २०७१ को कानूनी हैसियतमा नै प्रश्न रहेका र तर्जुमा गरिएका कार्ययोजनामा किर्ते हस्ताक्षर गरेका, अवैध रुपमा समूहका जिम्मेवारी लिएका र प्रक्रिया नपुऱ्याएका कार्ययोजना बमोजिम डिभिजनल वन अधिकृतबाट सामुदायिक वन उपभोक्ता समूहलाई दिइएका रुख कटान आदेशहरु पनि अवैध रहेको देखिन आउँछ । सामुदायिक वनको वन पैदावार संकलन तथा बिक्री वितरण निर्देशिका, २०७१ को दफा ६(२) मा सामुदायिक वनबाट संकलन गर्ने वन पैदावारको विवरण माघ मसान्तभित्र साधारण सभाबाट पारित गरी वन कार्यालयमा जानकारी गराउनु पर्ने व्यवस्था गरिएको छ भने वैज्ञानिक वन व्यवस्थापन कार्यविधि, २०७१ को बुँदा नं. ३.११ मा पनि फागुन महिनामा रुख बिरुवाको मुना पलाउने भएकोले माघ मसान्तभित्रमा रुख कटान गरी सक्नुपर्ने व्यवस्था गरिएको छ । तर वैज्ञानिक वन कार्यक्रम लागू भएका जिल्लाहरुमा डिभिजनल वन कार्यालयहरुले चैत्र, वैशाख र जेठ महिनामा समेत कटान आदेश दिएको देखिएकोले पनि उक्त कटान आदेशहरु अबैध रहेको देखिन आएकोले अवैध कटान आदेशबारे थप छानबिन हुनु पर्ने देखिन्छ ।

### ४ माउ रुख छनौटमा अस्वाभाविक र गम्भीर त्रुटी

जुनसुकै किसिमको वन सम्वर्द्धन कार्यक्रम लागू गरिएका वनहरुमा पनि माउ/बीउ रुख राख्नुपर्ने कुरालाई अनिवार्य गरिएको हुन्छ । सामुदायिक वनको स्रोत सर्वेक्षण मार्गदर्शन, २०६१ को अनुसूची ५.१ ( बुँदा नं ५) मा यदि वनमा प्राकृतिक पुनरुत्पादनलाई बढावा दिने गरी वन सम्वर्द्धन गर्न भएमा अनिवार्य रुपमा बीउ रुखको रुपमा माउ रुख राख्नुपर्ने व्यवस्था गरेको छ । सामुदायिक वन विकास कार्यक्रमको मार्गदर्शन, २०७१ मा बीउ रुखको रुपमा माउ रुख राख्दा सबै प्रजातिका रुखहरुबाट माउ रुख राख्नुपर्ने व्यवस्था गरेको छ । वैज्ञानिक वन व्यवस्थापन कार्यविधि, २०७१ (बुँदा नं. २.९, पृष्ठ ११) मा सालको वनमा Shelter-Wood Systemलागू गरी वन सम्बर्द्धनका कार्यहरु गर्दा प्रति हेक्टर १५-३० वटा (वा लगभग २५ प्रतिशत) उच्च गुणस्तरका माउ/बीउ रुखहरु राख्नु पर्ने व्यवस्था गरिएको छ । तर वैज्ञानिक वन व्यवस्थापन कार्यक्रम अन्तर्गत कटान भएका सामुदायिक वन र साझेदारी वनको स्थलगत अवलोकन गरी प्राविधिक रुपमा नापजाँच गर्दा मापदण्ड पूरा गरी माउ/बीउ रुख छनौट गरी राखेको देखिएन । यस्तो अवस्था वैज्ञानिक वन व्यवस्थापन लागू गरिएका सबै वनहरुमा विद्यमान रहेको पाइयो । माउ/बीउ रुखको रुपमा छोडिएका केही रुखहरु पनि बीउ दिन नसक्ने र गुणस्तरहीन रुख राखेको देखियो । बीउ

दिन सक्ने स्वस्थ रुख पहिचानका लागि परम्परागत ज्ञान पनि रहेको र विभिन्न प्रविधिहरुको विकास पनि भइसकेको अवस्थामा बीउ रुख पहिचानका लागि परम्परागत ज्ञान र आधुनिक प्रविधि दुबै प्रयोग गरेको देखिएन । माउ/बीउ रुख राख्दा पनि सालका मात्र राखेको र अन्य प्रजातिका माउ/बीउ राखेको देखिएन । यसबाट प्राकृतिक वनमा रहेका विभिन्न किसिमका रुख तथा वनस्पति र जैविक विविधताको पुनरुत्पादन हुन नसक्ने अवस्थाको सृजना भई जैविक विविधतामा गम्भीर नकारात्मक असर पर्ने देखिन्छ ।

**५ पुनरुत्पादनको कमी र वन विनासको उच्च जोखिम**

प्राकृतिक पुनरुत्पादनको सुनिश्चितता गर्नु वन सम्बर्द्धन प्रणालीहरुको एउटा मुख्य उद्देश्य हुनु पर्दछ भन्ने कुरालाई सामुदायिक वन स्रोत सर्वेक्षण मार्गदर्शन, २०६१, सामुदायिक वन विकास कार्यक्रमको मार्गदर्शन, २०७१, वन नियमावली, २०५१ को नियम २८ र वैज्ञानिक वन व्यवस्थापन कार्यविधि, २०७१ मा विशेष महत्व दिइएको छ । यी सबै दस्तावेज अनुसार पुनरुत्पादनको सम्भावना नभएका क्षेत्रमा Shelter-Wood System लागू नगरी छनौट विधि (Selection System) अवलम्वन गरी वन सम्वर्द्धनका कार्यहरु गर्नुपर्ने देखिन्छ । वैज्ञानिक वन व्यवस्थापन अन्तर्गत कटान गरेका क्षेत्रहरुमा पुनरुत्पादन नभई वन विनाश भएको देखिन्छ । अपवादका रुपमा रौतहटको हातेमालो सामुदायिक वनको एउटा प्लट र कपिलवस्तुको तिलौराकोट साझेदारी वनको एउटा प्लटमा वैज्ञानिक वन व्यवस्थापनका कारण नभई वातावरणीय अनुकूलनका कारण राम्रो पुनरुत्पादन भएको पाइयो यस सम्बन्धमा थप अध्ययन गरी भविष्यमा बनाइने कार्ययोजनामा सुधार ल्याउन जरुरी देखिएको छ । यस उपसमितिले विभिन्न स्थानहरुमा विगतका वर्षहरुमा भएका वैज्ञानिक वन व्यवस्थापन अन्तर्गत रुख कटान गरिएका क्षेत्रहरुको स्थलगत अवलोकन गर्दा अधिकांश प्लटहरुमा साल लगायत कुनै पनि वनस्पतिको पुनरुत्पादन नभएको र वनमारा तथा मिचाहा प्रजाति फैलिएको अवस्था देखियो । यसबाट हालको व्यवस्थाबाट वैज्ञानिक वन व्यवस्थापन कार्यक्रम कार्यान्वयन गर्दा विद्यमान साल लगायतका प्राकृतिक वनहरुको विनाश मात्र हुने र प्राकृतिक पुनरुत्पादनको सुनिश्चितता नभएको देखिएकोले प्राकृतिक पुनरुत्पादन हुन नसक्ने वनहरुमा रुख कटान तत्काल बन्द गर्नुपर्ने देखिन्छ ।

**६ पुनरुत्पादन भएका रुख बिरुवाको गुणस्तरमा अनिश्चितता**

वैज्ञानिक वन व्यवस्थापनको कारणले भन्दा पनि वातावरणीय अनुकूलनका कारण आफै पुनरुत्पादन भएका रौतहटको हातेमालो सामुदायिक वनको एउटा प्लट र कपिलवस्तुको तिलौराकोट साझेदारी वनको एउटा प्लटमा सालको पुनरुत्पादनको अवस्था राम्रो देखिए पनि सालको बीउबाट भन्दा जरा वा ठुटाबाट बढी विरुवाहरु/मुनाहरु (coppice) पुनरुत्पादन भएको देखिएकाले यसरी हुर्किएका रुखहरु गुणस्तरयुक्त नहुने देखिन्छ । वैज्ञानिक वन व्यवस्थापन कार्यविधि, २०७१ अनुसार प्राकृतिक रुपमा पुनरुत्पादन गराउने गरी रुख कटान गराउने भएमा माघ महिनाभित्र नै रुख कटान गरी फागुन महिनामा पुनरुत्पादन गराउनु पर्ने (बुँदा नं. ३.११) मा सो नगरी वैशाख जेठ महिनामा कटान आदेश दिई रुखहरु कटान गरेको कारण पुनरुत्पादनमा गुणस्तरीयता नरहेको र यसबाट वन विनाश हुँदै गएको देखियो । त्यसैले गुणस्तरीय पुनरुत्पादनको सुनिश्चितता नहुने अवस्था रहेकोले सबै सामुदायिक वन तथा साझेदारी वनहरुमा वैज्ञानिक वन व्यवस्थापन कार्यक्रम अन्तर्गत रुख कटान गर्ने कार्य रोक्नु आवश्यक देखिएको छ । सामुदायिक वन तथा साझेदारी वनहरुमा प्राकृतिक पुनरुत्पादन गराउने भएमा स्थानीय ज्ञानको प्रयोग गरी केही सीमित क्षेत्रमा मात्र माघ मसान्तभित्र छनौट विधिका माध्यमबाट रुख कटान गरी फागुन महिना भित्रमा प्राकृतिक पुनरुत्पादन गराउने गरी परीक्षणका रुपमा कार्ययोजना स्वीकृत गर्ने व्यवस्था गर्नुपर्ने देखिन्छ ।

**७ पुनरुत्पादन भएका रुख बिरुवाको संरक्षणको अभाव**

तराई, भावर र चुरे क्षेत्रको वनमा खासगरी आगलागी र खुल्ला चरिचरणका कारण प्राकृतिक पुनरुत्पादन भएका रुख बिरुवाहरुको संरक्षण निकै चुनौतिपूर्ण रहेको तथ्य विभिन्न अध्ययन अनुसन्धानबाट पुष्टि भइसकेको पाइयो । वन उपभोक्ता समूहका सदस्यहरुसँगको छलफलमा पनि पुनरुत्पादन भएका सालका बिरुवाहरु आगलागी र खुल्ला चरिचरणका कारण नोक्सान भई वैज्ञानिक वनका नाममा रुख कटान भएका ठाउँहरुमा वन विनाश भएको जानकारी प्राप्त भयो । पुनरुत्पादन भएका नयाँ बिरुवाहरुको संरक्षणका लागि कुनै योजना र आर्थिक स्रोतको व्यवस्था गरिएको देखिएन । यसरी वन कटान गरेपछि वनमा प्राकृतिक पुनरुत्पादन हुने र वनको विकास हुने स्थितिको अनिश्चिततामा पुनरुत्पादन भएका रुख बिरुवाको संरक्षणको सुनिश्चितता नगरी वैज्ञानिक वन व्यवस्थापन कार्यक्रम लागू गर्न नहुने देखिन्छ ।

**८. कटान गरेका काठ, ढलापडा काठ र उमेर पुगेका रुखहरुको नोक्सानी**

सामुदायिक वन स्रोत सर्वेक्षण मार्गदर्शन, २०६१, सामुदायिक वन विकास कार्यक्रमको मार्गदर्शन, २०७१ र वन नियमावली, २०५१ को नियम २८ बमोजिम सामुदायिक वन र साझेदारी वन उपभोक्ता समूहका पदाधिकारी र वन उपभोक्ताहरुका अनुसार सामुदायिक वनको दिगो वन व्यवस्थापन कार्ययोजना तर्जुमा गरी वन कार्यालयमा पेश गरेका कार्ययोजनाहरु डिभिजनल वन अधिकृतबाट स्वीकृत गर्न अस्वीकार गरिएको देखियो । दिगो वन व्यवस्थापन योजनामा वन उपभोक्ताहरुको मागका आधारमा नियमित रुपमा संकलन हुन सक्ने ढलापडा, सुखड खडा, रोग लागेका, हावाहुरीले ढालेका, बाढी पहिरोले बगाएका, बाङ्गाटिङ्गा र उमेर पुगेका रुखहरुबाट काठ दाउरा संकलन हुने अवस्था हुँदाहुँदै पनि सामुदायिक वनका दिगो वन व्यवस्थापन योजना स्वीकृत नगरी वैज्ञानिक वन व्यवस्थापन कार्यक्रममा मात्र प्राथमिकता दिइ रुख कटानमा केन्द्रित भएको पाइयो । यसले गर्दा एकातर्फ सामुदायिक वनमा काठहरु सडेर गइरहेको र अर्कोतर्फ वन उपभोक्ताहरुको आवश्यकता पनि पूर्ति नभएको देखियो । त्यस्तै वैज्ञानिक वन व्यवस्थापन कार्यक्रम लागू गरिएका सामुदायिक वनहरुमा पनि रुख कटान गर्न निर्धारण गरिएको प्लट बाहेक बाँकी भागमा रहेका ढलापडा, सुखड खडा, रोग लागेका, हावाहुरीले ढालेका, बाढी पहिरोले बगाएका, बाङ्गाटिङ्गा र उमेर पुगेका बुढा रुख तथा काठहरु संकलन गर्न सहमति नदिइएको कारण सामुदायिक वन क्षेत्रमा काठहरु सडेर गइरहेको अवस्था देखियो । यसरी वैज्ञानिक वन व्यवस्थापन कार्यक्रमका कारण वनमा रहेका ढलापडा, सुखड खडा, रोग लागेका, हावाहुरीले ढालेका, बाढी पहिरोले बगाएका, बाङ्गाटिङ्गा र उमेर पुगेका रुखहरु संकलनमा अवरोध सृजना गरेकोले वैज्ञानिक वन व्यवस्थापनको नाममा सालका हरिया रुखहरु कटान गर्नुको सट्टामा उक्त किसिमका काठहरुको संकलन र बिक्री वितरणमा प्राथमिकता दिनु पर्ने आवश्यकता देखियो । यसैगरी वैज्ञानिक वन व्यवस्थापनका कार्ययोजना अनुसार कटान गरेका काठहरुको बिक्रीका विषयमा समूहभित्रको विवाद, काठ व्यावसायीहरु बीचको विवाद, काठ बिक्रीमा वन कर्मचारीबाट असहयोगका कारण घाटगद्धीको पनि व्यवस्थित विवरण नराखेको, कटान भएका काठहरु समेत वर्षौंदेखि बिक्री वितरण नभई सडेर गएको, झाडीमा पुरिएको, पानीमा डुबेको, आगलागी भएको, चोरी निकासी भएको र न्यून मूल्यमा समेत बिक्री हुन नसक्ने अवस्थामा पुगेको कारण राज्य र समुदायलाई ठूलो आर्थिक नोक्सानी भएको देखियो । यस्ता काठहरु बिक्री वितरण गर्न तत्काल कदम चाल्न जरुरी देखिन्छ ।

**३.३ वैज्ञानिक वनका कारण सृजित वातावरणीय विनाससम्बन्धी समस्याहरु :-**

**(१) चुरे वातावरण संरक्षण क्षेत्रमा अनधिकृत कार्यक्रम सञ्चालन**

तत्कालीन वातावरण संरक्षण ऐन, २०५३ को दफा १० (वातावरण संरक्षण ऐन, २०७६ को दफा ३०) बमोजिम तराई-मधेश र चुरे क्षेत्रमा पर्ने ३६ वटा जिल्ला (हाल ३७ जिल्ला कायम भएको) मा रहेको चुरे क्षेत्रलाई समेटी नेपालको कूल भू-भागको १२.७८ प्रतिशत भू-भागलाई नेपाल सरकार, मन्त्रिपरिषद्बाट मिति २०७१।३।२ गते चुरे वातावरण संरक्षण क्षेत्रको रुपमा घोषणा गरिएको छ । वातावरण संरक्षण क्षेत्रको रुपमा घोषणा गरिएको क्षेत्रमा वातावरण संरक्षण नियमावली, २०७७ को नियम ३४(१)(झ) अनुसार कुनै पनि वनस्पति काट्न, ढाल्न, हटाउन, उखेल्न, फेर्न तथा वनस्पतिलाई हानी-नोक्सानी पुऱ्याउन नपाइने व्यवस्था गरिएको छ भने नियम ३४(२) मा वातावरण संरक्षण क्षेत्रमा वातावरण संरक्षण क्षेत्रको व्यवस्थापन तथा विकासको लागि त्यस्तो क्षेत्रभित्र सम्बन्धित सरोकारवाला निकायले स्वीकृति प्रदान गरे बमोजिमका कार्यहरु सञ्चालन गर्न सकिन्छ । स्थलगत अवलोकनका क्रममा वैज्ञानिक वन कार्यक्रमका नाममा सबै भन्दा धेरै रुख कटानको कार्यहरु चुरे क्षेत्र अन्तर्गतको भिरालो र संवेदनशील क्षेत्रमा भएको देखियो । चुरे वातावरण संरक्षण क्षेत्रका लागि सम्बन्धित सरोकारवाला निकायको रुपमा राष्ट्रपति तराई-मधेश संरक्षण विकास समिति रहेको र यसले चुरे वातावरण संरक्षण क्षेत्रमा वैज्ञानिक वन कार्यक्रमका लागि रुख कटान गर्नेगरी कुनै पनि अनुमति प्रदान गरेको वा स्वीकृति दिएको पाइएन ।

> **चुरे वातावरण संरक्षण क्षेत्रमा पर्ने ३७ जिल्लाहरु**
>
> *इलाम, झापा, मोरङ, सुनसरी, सिराहा, सप्तरी, भोजपुर, धनकुटा, उदयपुर, धनुषा, सिन्धुली, काभ्रे, ललितपुर, सर्लाही, महोत्तरी, रौतहट, बारा, पर्सा, मकवानपुर, चितवन, तनहुँ, नवलपुर, नवलपरासी, रुपन्देही, पाल्पा, कपिलवस्तु, अर्घाखाँची, दाङ, सल्यान, प्यूठान, बाँके, सुर्खेत, बर्दिया, कैलाली, डोटी, कञ्चनपुर, डडेलधुरा*

यसरी सरोकारवाला निकायको अनुमति वा स्वीकृति नै नलिई वन कार्यालयहरुले चुरे वातावरण संरक्षण क्षेत्रमा रहेका सामुदायिक वनको दिगो वन व्यवस्थापन कार्ययोजना हटाई वैज्ञानिक वन व्यवस्थापन कार्ययोजना स्वीकृत गरी सालका रुख कटान गरिएको देखिएकोले वातावरण संरक्षण ऐन, २०७६ को दफा ३० र वातावरण संरक्षण नियमावली, २०७७ को नियम ३४ विपरित चुरे क्षेत्रमा भइरहेका उक्त कार्यहरु तत्काल रोकी यस्तो कार्यमा संलग्न सामुदायिक वनका मुख्य जिम्मेवार व्यक्तिको रुपमा रहेका प्रदेश तहका संलग्न पदाधिकारीहरु, कर्मचारीहरु, उपभोक्ता समूहका पदाधिकारीहरु लगायत अन्य संलग्न व्यक्ति तथा संस्थाहरुलाई वन तथा वातावरण मन्त्रालयले वातावरण संरक्षण ऐन, २०७६ को दफा ३५(३) बमोजिम कारवाही गर्नुपर्ने देखियो ।

### (२) नेपाल सरकारको चुरे क्षेत्रसम्बन्धी निर्णयको उल्लंघन

नेपाल सरकारले २०७१।३।२ मा चुरे वातावरण संरक्षण क्षेत्र घोषणा गरे पश्चात् चुरे क्षेत्रका सामुदायिक वनबाट काठ संकलनमा समस्या भएकोले वन तथा वातावरण मन्त्रालयले मिति २०७१।९।१ मा चुरे वातावरण संरक्षण क्षेत्रमा रहेका सामुदायिक वन उपभोक्ता समूहको आन्तरिक माग आपूर्तिका लागि वन व्यवस्थापन कार्ययोजनामा उल्लेख भए अनुसार ढलापडा काठ दाउरा संकलन गर्ने, त्यसबाट माग पूरा नभएमा ४५ डिग्रीभन्दा कम भिरोलो क्षेत्रबाट सुखड खडा रुखहरु मात्र संकलन गर्ने र यसबाट समेत अपुग भएमा ३० डिग्रीभन्दा कम भिरोलो क्षेत्रबाट 4D (Dead, Dying, Diseased and Deformed) रुखहरु संकलन गर्ने र काठ दाउरा संकलन गर्ने तथा सो प्रयोजनका लागि चुरे क्षेत्रमा रहेको वन क्षेत्रमा बाटो बनाउन नपाईने निर्णय गरेको थियो । यसैगरी नेपाल सरकार, मन्त्रिपरिषद्बाट मिति २०७२।१।२५ मा चुरे वातावरण संरक्षण क्षेत्रका सामुदायिक वनहरुमा ढलापडा रुखहरुबाट मात्र काठ दाउरा संकलन गर्ने र यसरी संकलन हुने काठ तथा समूहको आन्तरिक खपत नभई घाटगद्धीमा बाँकी रहेका काठ दाउरा व्यावसायिक प्रयोजनका लागि समेत बिक्री गर्न सकिने र कुनै सामुदायिक वन उपभोक्ता समूहको आन्तरिक

माग ढलापडा रुखहरुबाट मात्र पूरा हुन नसक्ने भएमा त्यस्ता उपभोक्ता समूहले १९ डिग्रीभन्दा कम भिरोलो वन क्षेत्रबाट मरेको, मर्न लागेको, रोग लागेको र बाङ्गाटिङ्गा ( 4D) रुखहरुबाट समेत काठ दाउरा संकलन गर्न सकिने तथा उक्त काठ दाउरा संकलन गर्दा चुरे क्षेत्रको वनमा बाटो बनाउन नपाइने निर्णय गरिएको थियो ।

यसरी नेपाल सरकार, मन्त्रिपरिषद् र वन तथा वातावरण मन्त्रालयबाट वातावरण संरक्षण ऐन, २०७६ को दफा ३० र वातावरण संरक्षण नियमावली, २०७७ को नियम ३४ का आधारमा पटक पटक चुरे क्षेत्रबाट सुखड खडा, ढलापडा, मरेको, मर्न लागेको, रोग लागेको र बाङ्गाटिङ्गा रुखहरुबाट मात्र काठ दाउरा संकलन गर्न पाइने निर्णय तथा परिपत्र गरिएको भएपनि चुरे क्षेत्रले ओगटेका डिभिजन वन कार्यालयका डिभिजनल वन अधिकृतहरुले वैज्ञानिक वन कार्ययोजना स्वीकृत गरी चुरे वातावरण संरक्षण क्षेत्रका अत्यन्त संवेदनशील क्षेत्र, जोखिमपूर्ण क्षेत्र र अत्यन्त्र भिरालो वन क्षेत्रमा समेत कटान प्लट निर्धारण गरी वनको सरपट कटान गर्ने कटान आदेश प्रदान गरी वन विनाश गरेको र वैज्ञानिक वनको काठ संकलन र ओसार पसारका लागि मात्र भनी चुरे र तराईको वनमा भू-क्षय हुने गरी जताततै डोजर प्रयोग गरी बाटो तथा ठूला र चौडा अग्निरेखाहरु निर्माण गरी व्यापक भू-क्षय र वन विनाश गराएको देखियो । वैज्ञानिक वन व्यवस्थापन कार्यविधि, २०७१ बमोजिम गरिएको भनी चुरे र तराईका जिल्लाहरुमा राजमार्ग भन्दा फराकिला सयौं अग्निरेखा निर्माण गरी कटान प्लटमा भन्दा धेरै वन क्षेत्र विनाश गरेको देखिएकोले सो कार्य तत्काल रोकी पुनरावलोकन गर्नुपर्ने देखियो । चुरे वातावरण संरक्षण क्षेत्रमा वातावरण संरक्षण ऐन, २०७६ को दफा ३० र वातावरण संरक्षण नियमावली, २०७७ को नियम ३४ विपरितको कार्य गरेको देखिन आएकोले यस कार्यमा संलग्नहरुलाई पहिचान गरी वन तथा वातावरण मन्त्रालयले वातावरण संरक्षण ऐन, २०७६ को दफा ३५(३) बमोजिम बमोजिम कारवाही गर्नुपर्ने देखिन्छ ।

**(३) चुरे गुरुयोजनाको उल्लंघन**

नेपाल सरकारले स्वीकृत गरेको चुरे तराई मधेश संरक्षण तथा व्यवस्थापन गुरुयोजना, २०७४ मा ८.५ डिग्री भन्दा कम भिरालो भएका वन उत्पादकत्व वृद्धिको उद्देश्य राखी उपयुक्त वन सम्बर्द्धन प्रणाली (Silviculture System) को आधारमा कार्ययोजनमा बनाई सोही अनुसार कार्यान्वयन गरिनेछ भने ८.५ डिग्रीभन्दा बढी र १९ डिग्रीभन्दा कम भिरालो भएको वनमा सम्भाव्य भू-क्षयलाई न्यूनीकरण गर्नेगरी उत्पादकत्व वृद्धिको उद्देश्य राखी उपयुक्त वन सम्बर्द्धन प्रणाली (Silviculture System) को आधारमा कार्ययोजनमा बनाई सोही अनुसार कार्यान्वयन गरिनेछ भन्ने व्यवस्था गरिएको छ (पृष्ठ ६५) । यसबाट चुरे गुरुयोजनाले ८.५ डिग्री भन्दा बढी र १९ डिग्री भन्दा कम भिरालो जमिनमा रहेको वनमा पनि भू-क्षय हुन्छ भन्ने कुरा स्पष्ट पारेको छ । त्यसैले यस किसिमको भिरालो वनमा रुख कटान गर्दा भू-क्षय नहुने कुराको सुनिश्चितता हुनुपर्दछ । तर चुरे क्षेत्रमा गरिएको स्थलगत अवलोनकन, सामुदायिक वनका कार्ययोजनाहरुको अध्ययन र वन प्राविधिकहरुसँगको छलफलका आधारमा चुरे क्षेत्रमा वैज्ञानिक वनका नाममा चुरे तराई मधेश संरक्षण तथा व्यवस्थापन गुरुयोजना २०७४ र नेपाल सरकारको २०७२।१।२५ निर्णय विपरित ४५ डिग्रीभन्दा पनि बढी भिरालो वन क्षेत्रमा प्लट वनाई सरपट कटान गरिएको देखियो । यसरी चुरे क्षेत्रमा लागू गरिएका वैज्ञानिक वनसम्बन्धी सबै कार्ययोजनाहरु चुरे तराई मधेश संरक्षण तथा व्यवस्थापन गुरुयोजना, २०७४ र नेपाल सरकारको २०७२।१।२५ निर्णय विपरित भएकाले उक्त कार्ययोजनाहरु खारेज गरी सामुदायिक वन र साझेदारी वनका लागि उपयुक्त वन सम्बर्द्धन प्रणाली (SilvicultureSystem) को आधारमा दिगो वन व्यवस्थापनसम्बन्धी नयाँ कार्ययोजनमा तर्जुमा गर्नुपर्ने आवश्यकता देखियो । त्यसैगरी चुरे तराई मधेश संरक्षण तथा व्यवस्थापन गुरुयोजना, २०७४ र नेपाल सरकारको २०७२।१।२५ निर्णय विपरित ८.५ डिग्रीभन्दा बढी भिरालो वन क्षेत्रमा समेत वैज्ञानिक वनका

नाममा रुख कटान गर्ने गरी कार्ययोजना स्वीकृत गर्ने र कटान आदेश प्रदान गर्ने सम्बन्धित पदाधिकारीलाई सचेत गराउनुपर्ने देखिन्छ ।

**(४) घोषित 'वन सरक्षण क्षेत्र'को अनधिकृत दोहन**

तत्कालीन वन ऐन, २०४९ को दफा २३ (वन ऐन, २०७६ को दफा १५) बमोजिम नेपाल सरकारले २०६८।११।१५ गते नेपाल राजपत्रमा सूचना प्रकाशन गरी कञ्चनपुरको लालझाडी-मोहना क्षेत्रमा २९,६४२ हेक्टर वन क्षेत्र, कैलालीको बसन्ता क्षेत्रमा ६९,००१ हेक्टर वन क्षेत्र, बर्दियाको खाता क्षेत्रमा ४,५०४ हेक्टर वन क्षेत्र र चितवनको बरण्डाभार क्षेत्रमा १०,४६६ हेक्टर वन क्षेत्रलाई संरक्षित वन (हाल वन संरक्षण क्षेत्र) घोषणा गरिएको थियो । वन ऐन, २०७६ को दफा १५ बमोजिम यी वनहरु राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दृष्टिकोणले वातावरणीय, पारिस्थितिकीय, वैज्ञानिक वा सांस्कृतिक महत्वका हुनुको साथै जलाधार संरक्षणको दृष्टिकोणले संवेदनशील र संरक्षित क्षेत्रभन्दा बाहिर रहेका वन, वनस्पति तथा वन्यजन्तुको संरक्षण तथा व्यवस्थापनको लागि आवश्यक रहेका छन् । यी वन संरक्षण क्षेत्रमा रहेका वनहरु सामुदायिक वनको रुपमा संरक्षण हुँदै आएको भएता पनि वन संरक्षण क्षेत्रमा रहेका सामुदायिक वनहरुमा समेत वैज्ञानिक वनको कार्ययोजना लागू गरी व्यापक रुपमा रुख कटान गरिएको देखियो । यी सबै वन संरक्षण क्षेत्रहरु वन्यजन्तुको जैविक मार्गको रुपमा रहेका र जैविक विविधताको संरक्षणका दृष्टिकोणले पनि निकै महत्वपूर्ण रहेका छन् । यस्ता वन संरक्षण क्षेत्रमा समेत वैज्ञानिक वन व्यवस्थापनका नाममा प्लट बनाई वन क्षेत्रको व्यापक कटानी गरेकोले वन्यजन्तुहरुको वासस्थान नष्ट र अवरुद्ध भएको कुरा स्थानीय स्तरमा भएको छलफलबाट स्पष्ट हुन आएको छ । वन संरक्षण क्षेत्रको वन विनास हुने गरी वैज्ञानिक वन व्यवस्थापनका नाममा रुख कटान गर्ने कार्य जैविक मार्ग संरक्षणमा घातक हुने भएको र उक्त कार्ययोजनाहरु वन ऐन, २०७६ को दफा १५ विपरित भएकोले वन संरक्षण क्षेत्रमा पर्ने सामुदायिक वनका वैज्ञानिक वन व्यवस्थापन कार्ययोजनाहरु तत्काल खारेज गरी दिगो वन व्यवस्थापन कार्ययोजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्ने आवश्यकता देखियो । यसैगरी कैलालीको बसन्ता वन संरक्षण क्षेत्र, कञ्चनपुरको मोहना-लालझाडी वन संरक्षण क्षेत्र, शुक्लाफाँटा राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्र र डडेल्धुराको महाभारत क्षेत्रलाई एक आपसमा जोड्ने गरी वन ऐन, २०७६ को दफा १५ बमोजिम वन संरक्षण क्षेत्र घोषणा गरी उक्त वनहरुलाई संरक्षणमुखी सामुदायिक वनको रुपमा व्यवस्थापन गर्न आवश्यक देखिन्छ ।

**(५) वन्यजन्तुका वासस्थानहरुको विनास र मानव-वन्यजन्तु द्वन्द्वको सृजना**

नेपाल सरकारले लागू गर्दै आएका जैविक विविधता रणनीति र कार्ययोजना (सन् २०१४-२०२०), तराई भू-परिधि रणनीति तथा कार्ययोजना (सन् २०१५-२०२५) र चुरे तराई मधेश संरक्षण तथा व्यवस्थापन गुरुयोजना २०७४ ले तराई र चुरेमा रहेको प्राकृतिक वन क्षेत्रलाई संकटापन्न वन्यजन्तुको वासस्थानको रुपमा संरक्षण गर्ने उद्देश्य लिएको छ । तराई र चुरे क्षेत्रका स्थानीय वासिन्दाहरुसँग गरिएको छलफलबाट तराई र चुरे क्षेत्रमा रहेको प्राकृतिक वनमा वैज्ञानिक वन कार्यक्रम लागू गरी प्राकृतिक वन विनाश गरिएकोले वन्यजन्तुको वासस्थान लोप हुन गई संकटापन्न वन्यजन्तुहरु लोप भएको, मानव-वन्यजन्तु द्वन्द्वमा व्यापक वृद्धि भएको र रुख कटान भएका क्षेत्रहरुमा अतिक्रमण र बसाई-सराई भई सामाजिक द्वन्द्व समेत वृद्धि भएको देखियो । कैलाली र कञ्चनपुरको प्राकृतिक वनलाई वैज्ञानिक वन व्यवस्थापनका नाममा विनाश र वन अतिक्रमण गरिएको कारण तराई र चुरे क्षेत्रमा पाइने पाटे बाघ तथा बंगाल टाइगर डडेल्धुराको महाभारत लेकमा पुगेको कुरा डडेलधुरामा गरिएको क्यामेरा ट्रेपिङ्ग तथा विभिन्न प्रतिवेदन र सञ्चार माध्यमबाट स्पष्ट हुन आएको छ । त्यसैगरी रौतहटको जंगल, बाराको

हलखोरीका जंगल र पर्साको जंगलमा साझेदारी वन अन्तर्गत गरिएको वैज्ञानिक वन कटानका कारण जंगली हात्तीको वासस्थान र बिचरण क्षेत्र नष्ट भएकोले जंगली हात्तीले मानव बस्ती र कृषि क्षेत्रमा व्यापक क्षति गरेको व्यहोरा उक्त क्षेत्रका स्थानीय बासिन्दाहरुसँग भएको छलफलबाट स्पष्ट हुन आएको छ । यसरी संकटापन्न वन्यजन्तुको वासस्थान नै मासिने गरी वैज्ञानिक वनका नाममा रुख कटान गर्ने हो भने यसबाट नेपालले वन्यजन्तु संरक्षणको क्षेत्रमा ठूलो आर्थिक र वातावरणीय नोक्सानी व्यहोर्नु पर्ने, मानवीय र आर्थिक क्षति वापत क्षतिपूर्तिका रुपमा ठूलो आर्थिक लगानी लगाउनु पर्ने, वन्यजन्तुमा आधारित पर्यापर्यटनमा असर परी ठूलो संख्यामा रोजगारी गुम्ने कुरा निश्चित् देखिएकोले प्राकृतिक वनमा वैज्ञानिक वन कार्यक्रम लागू गरी प्राकृतिक रुख कटान गर्ने कार्य तत्काल बन्द गर्नुपर्ने देखिन्छ ।

### (६) चराचुरुङ्गीहरुको विचरण र प्रजनन प्रणालीमा नकारात्मक प्रभाव

तराई तथा चुरे क्षेत्र चराचुरुङ्गीहरुको मुख्य वासस्थान र विचरण क्षेत्र हो । चराचुरुङ्गीहरुले बच्चा हुर्काउने मुख्य समय चैत्रदेखि असारसम्म भएकोले उक्त समयमा प्राकृतिक वनमा प्रवेश गरी रुख कटान गर्नु चराचुरुङ्गीहरुको लागि निकै घातक हुन्छ । सामुदायिक वनको वन पैदावार संकलन तथा बिक्री वितरण निर्देशिका, २०७१ को दफा ६(२) मा सामुदायिक वनबाट संकलन गर्ने वन पैदावारको विवरण माघ मसान्तभित्र साधारण सभाबाट पारित गरी वन कार्यालयमा जानकारी गराउनु पर्ने व्यवस्था गरिएको छ भने वैज्ञानिक वन व्यवस्थापन कार्यविधि, २०७१ को बुँदा नं. ३.११ मा पनि फागुन महिनामा रुख बिरुवाको मुना पलाउने भएकोले माघ मसान्तभित्रमा रुख कटान गरी सक्नुपर्ने व्यवस्था गरिएको छ । यसरी वनमा रुख कटान गर्ने कार्य फागुनभित्र नै गरी सक्नुपर्ने हुन्छ । वन पैदावार संकलन तथा बिक्री वितरण निर्देशिका, २०७३ को दफा १० बमोजिम सामुदायिक वन बाहेक अन्य वनबाट रुख कटानका लागि कात्तिकदेखि फागुन मसान्तभित्र वन प्रवेश गरी रुख कटान गर्ने पूर्जी लिइसक्नु पर्ने व्यवस्था गरिएको छ । उक्त मापदण्डहरुको पालना नगरी प्रायः चैत्र तथा वैशाखमा रुख कटानका आदेशहरु दिइएको र जेठ तथा असार महिनामा प्राकृतिक वनहरुमा रुख कटान गरी असार महिनामा वन क्षेत्रमा प्रवेश गरी काठ घाटगद्दी गराएको देखियो । यसबाट रुख विरुवाको मुना पलाउने, फलफूल लाग्ने र चराचुरुङ्गीहरुको वासस्थान र प्रजनन तथा बच्चा हुर्काउने प्रणाली पूर्ण रुपमा क्षतविक्षत भएको देखियो, जसका कारण नेपालले चराचुरुङ्गीहरुको संख्या तीब्र रुपमा गुमाइरहेको कुरा स्पष्ट हुन आएको छ । यसबाट पनि नेपालले ठूलो आर्थिक र पर्यावरणीय नोक्सानी व्यहोर्नु पर्ने अवस्था सृजना भएकोले प्राकृतिक वनहरुमा वैज्ञानिक वन व्यवस्थापनका नाममा रुख कटान गर्ने लगायत अन्य कार्य गर्न फागुन मसान्तदेखि कात्तिक मसान्तसम्म वन प्रवेश कार्यमा पूर्ण प्रतिवनध लगाउनु पर्ने देखियो । यसका साथै वन नियमावली, २०५१ को नियम १६ मा कात्तिकदेखि जेठमसान्तसम्म वन प्रवेश गरी काठ दाउरा संकलन गर्न पाइने व्यवस्था गरिएकोमा एकातर्फ उक्त व्यवस्थाको पनि पालना नभई आषाढ महिनामा वन प्रवेश गरी रुख कटान गरेको पाइयो भने अर्कोतर्फ उक्त व्यवस्था प्राकृतिक वनका हकमा उपयुक्त नभएकोले सो व्यवस्था संशोधन गरी प्राकृतिक वनमा कार्तिक मसान्तदेखि माघ मसान्तसम्म मात्र दिगो वन व्यवस्थापनका आधारमा रुख कटान गर्न पाइने र ढलापडा रुखको हकमा कार्तिक मसान्तदेखि जेठमसान्तसम्म संकलन गर्न पाइने व्यवस्था गर्नुपर्ने देखियो ।

### (७) जैविक विविधता, जलाधार क्षेत्र र सिमसार क्षेत्रहरुको विनाश

सामुदायिक वनको वन पैदावार संकलन तथा बिक्री वितरण निर्देशिका, २०७१ को दफा ७(२) मा वन पैदावार संकलनका लागि प्लट निर्धारण गर्दा पानी मुहान, खोला र नदी किनारको क्षेत्र, भू-क्षय तथा बाढी पहिरो वरिपरिको भू-भाग, चुरे क्षेत्रमा अति संवेदनशील भू-भाग भनी किटान भएको क्षेत्र, अति भिरालो क्षेत्र, जैविक विविधता र सांस्कृतिक दृष्टिकोणले संरक्षण गरिनु पर्ने रुखहरु सहितको क्षेत्र र

अध्ययन अनुसन्धान गर्ने क्षेत्रलाई समावेश गर्न नहुने व्यवस्था गरिएको छ । चुरे क्षेत्र तराई-मधेशका लागि अति संवेदनशील जलाधार क्षेत्र हो भने तराईको वनक्षेत्रमा पनि महत्वपूर्ण पानीका मुहान भएका सिमसार क्षेत्रहरु रहेका छन् । स्थलगत अवलोकनका क्रममा वैज्ञानिक वन व्यवस्थापनका नाममा रुख कटान गर्नका लागि चुरे क्षेत्रको संवेदनशील र अत्यन्त भिरालो जंगलमा समेत प्लट निर्धारण गरी प्राकृतिक वन कटान गरिएको देखियो भने कैलालीको घोडाघोडी सिमसार क्षेत्र, बाराको हलखोरिया सिमसार क्षेत्र लगायतका कैयौं महत्वपूर्ण सिमसार क्षेत्रमा रहेका प्राकृतिक वनहरुमा प्लट निर्धारण गरी सरपट कटान गरेको देखियो । यसबाट एकातर्फ सामुदायिक वनको वन पैदावार संकलन तथा बिक्री वितरण निर्देशिका, २०७१ को दफा ७(२) को उल्लंघन भएको र अर्कोतर्फ जलाधार क्षेत्र र सिमसार क्षेत्रहरुमा गम्भीर असर परी उक्त क्षेत्रहरुको पुनर्स्थापनका लागि ठूलो आर्थिक नोक्सानी व्यहोर्नु पर्ने भएकोले तराईको जलाधार क्षेत्रको रुपमा चुरे क्षेत्रमा, घोषित रामसार क्षेत्र र तराईका सिमसार क्षेत्रलाई प्रभाव पर्ने गरी लागू गरिएको वैज्ञानिक वन व्यवस्थापन कार्यविधि, २०७१ तथा सो अन्तर्गत तर्जुमा गरिएका वैज्ञानिक वन व्यवस्थापन कार्ययोजनाहरु तत्काल खारेज गर्नुपर्ने देखिन्छ । वैज्ञानिक वन व्यवस्थापनका नाममा साल केन्द्रित व्यवस्थापन पद्धति अवलम्बन गरी अन्य सबै प्रजाती हटाउने कार्य गर्दा सालको एकल प्रजातिको वन (Monoculture) मात्र सृजना गर्दा एकातर्फ अन्य प्रजातिहरु लोप भई जैविक विविधतामा गम्भीर असर पर्ने र अर्कोतर्फ एकल प्रजातिको वनमा कुनै रोग किरा वा प्रकोप आइलागेमा सबै वन एकैपटक सखाप हुन सक्ने भएकोले एकल प्रजातिको वन जैविक विविधता संरक्षणको दृष्टिकोणले घातक सिद्ध हुने देखियो ।

**(८) कृषि भूमि, मत्स्यपालन र भौतिक पूर्वाधारहरुमा नकारात्मक प्रभाव**

वैज्ञानिक वन कार्यक्रम लागू भएका क्षेत्रहरु भू-क्षयका दृष्टिकोणले संवेदनशील क्षेत्रहरु भएकोले व्यापक रुपमा भू-क्षय भई तराई क्षेत्रका कृषि जमिनहरु बगरमा परिणत भएको कुरा प्राय सबै ठाउँमा भएका स्थलगत अवलोकन र छलफलबाट स्पष्ट हुन आएको छ । तराईका प्राकृतिक वनमा रहेका सिमसार क्षेत्रहरुलाई असर गर्ने गरी वैज्ञानिक वनका नाममा रुख कटान गरिएको कारण सतहको पानी तथा भूमिगत पानीको स्रोतहरु सुक्न गई नकारात्मक असर परेकोले पूर्वी तथा मध्य तराईका किसानहरुले वैज्ञानिक वनका विरुद्धमा नारा जुलुस गरेको देखियो । त्यस्तै वैज्ञानिक वन कटानका कारण भू-क्षय भई तराईको पूर्व-पश्चिम राजमार्ग, चुरे क्षेत्रमा रहेको मदन भण्डारी लोकमार्ग, ठूला विद्युत प्रसारण लाईन र तराईका नहरहरुमा व्यापक क्षति पुगेको कुरा स्थलगत अवलोकनबाट स्पष्ट रुपमा देखियो । वैज्ञानिक वन व्यवस्थापनबाट राज्यलाई आर्थिक रुपमा लाभ नभएको तर वैज्ञानिक वन कटानका कारण भू-क्षय र बाढी पहिरो आई कृषि भूमि, मत्स्यपालन र भौतिक पूर्वाधारहरुमा व्यापक क्षति भई अकल्पनीय आर्थिक क्षति व्यहोर्नु पर्ने अवस्था सृजना भएकोले वैज्ञानिक वन कार्यविधि, २०७१ खारेज गरी तराईको वन व्यवस्थापनका लागि दिगो वन व्यवस्थापन पद्धति अवलम्वन गर्नुपर्ने आवश्यकता देखियो ।

**(९) स्वच्छ र स्वस्थ्य वातावरणमा बाँच्न पाउने मौलिक हकमा प्रभाव**

नेपालको संविधानको धारा ३० मा प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हक हुने र वातावरणीय प्रदूषण वा ह्रासबाट हुने क्षतिवापत् पीडितलाई प्रदूषकबाट कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुने व्यवस्था गरिएको छ । तराई तथा चुरे क्षेत्रको प्राकृतिक वनलाई वैज्ञानिक वन कटान गरी विनाश गर्ने र काठ कटानका लागि जताततै बाटो निर्माण गरी भू-क्षय भएका कारण मानव बस्तीहरु समेत जोखिम परेको कुरा स्थलगत अवलोकनबाट स्पष्ट रुपमा देखियो । यसबाट संविधानले प्रदान गरेको स्वच्छ र स्वस्थ्य वातावरणमा बाँच्न पाउने मौलिक हकमा समेत प्रभाव परेको वैज्ञानिक वन

व्यवस्थापनका कारण मानव बस्ती स्थानान्तरण गर्नुपर्ने भएमा ठूलो आर्थिक क्षति व्यहोर्नुपर्ने अवस्था सृजना हुने भएकोले वैज्ञानिक वन व्यवस्थापन कार्यविधि, २०७१ र सो अन्तर्गत तर्जुमा गरिएको वैज्ञानिक वन कार्ययोजना खारेज गर्नुपर्ने देखिन्छ ।

## ३.४ वैज्ञानिक वन व्यवस्थापन कार्यक्रम कार्यान्वयनमा देखिएका आर्थिक अनियमितता:-

### (१) कार्ययोजना तर्जुमाका लागि अस्वभाविक रुपमा बढी रकम लगानी

अध्ययनका क्रममा सामुदायिक वनका कार्ययोजना तर्जुमा गर्दा के कति रकम खर्च लाग्छ भन्ने बारेमा कुनै पनि सरकारी दस्तावेजहरुमा लागत निर्धारण गरिएको पाइएन । यद्यपि, नेपाल सरकारले सामुदायिक वनको कार्ययोजना तर्जुमा वा संशोधनका लागि २०७१ सालपूर्वसम्म बढीमा २५ हजार रुपैयाँसम्म विनियोजन गर्ने गरेको देखिन्छ । तर वैज्ञानिक वन व्यवस्थापन कार्यविधि लागू गरेपछि नेपाल सरकार, तराई भू-परिधि परियोजना र रेड कार्यान्वयन केन्द्रले प्रति कार्ययोजना निर्माणका लागि पाँच लाखदेखि १५ लाखसम्म रकम विनियोजन गर्ने गरेको र सामुदायिक वन उपभोक्ता समूहको कोषबाट सोही अनुपातमा रकम खर्च गर्न लगाई सामुदायिक वनमा वैज्ञानिक वन कार्ययोजना बनाउनको लागि परामर्शदाताहरुलाई रकम उपलब्ध गराउँदै आएको देखियो । वन कर्मचारी र वन प्राविधिकहरुसँग गरिएको छलफलमा वैज्ञानिक वनको कार्ययोजना तर्जुमा गर्न वनको क्षेत्रफलका आधारमा बढीमा १ लाखसम्म लाग्ने कुरा व्यक्त गरिएको भएपनि अस्वाभाविक र ठूलो रकम कार्ययोजना तयारीमा खर्च देखाएको पाइयो । यसरी वैज्ञानिक वनको कार्ययोजना तर्जुमाका नाममा रकम निकाशा गर्दा वन तथा वातावरण मन्त्रालय अन्तर्गत विभिन्न तहमा कार्यरत सरकारी कर्मचारीका परिवारका सदस्यहरुले खोलेका परामर्शदाता संस्थालाई रकम निकासा गरेको देखियो । यसका साथै डिभिजनल वन अधिकृतहरुले तोकेको परामर्शदातालाई नै वैज्ञानिक वनको कार्ययोजना तर्जुमा गर्न दिनुपर्ने भनी सामुदायिक वन उपभोक्ता समूहलाई बाध्य पारिएको कुरा पनि उपभोक्ता समूहका पदाधिकारीहरुसँग भएको छलफलबाट खुल्न आएको छ । त्यसैले कार्ययोजना तर्जुमा गर्नका लागि लाग्ने वास्तविक खर्चको आंकलन नगरी हचुवाका भरमा र अस्वाभाविक रुपमा रकम निकासा दिने पदाधिकारीलाई थप छानबिन गरी कारबाहीको दायरामा ल्याउनुपर्ने देखिन्छ ।

### (२) कार्ययोजना तयारीका लागि परामर्शदाता छनौटमा अनियमितता

वन ऐन, २०७६ को दफा १८, वन नियमावली, २०५१ नियम २८, सामुदायिक वन स्रोत सर्वेक्षण मार्गदर्शन, २०६१ र सामुदायिक वन विकास कार्यक्रमको मार्गदर्शन, २०७१ मा सामुदायिक वनको कार्ययोजना सामुदायिक वन उपभोक्ता समूहले आफै तर्जुमा गर्नुपर्ने र यसका लागि वन कार्यालयले आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउनु पर्ने व्यवस्था गरिएको छ । तर उक्त व्यवस्था विपरित वैज्ञानिक वन व्यवस्थापन कार्यविधि, २०७१ मा सामुदायिक वनका वैज्ञानिक वन व्यवस्थापन कार्ययोजनाहरु बाह्य परामर्शदाताबाट तर्जुमा गर्नुपर्ने व्यवस्था गरिएको पाइयो । यसरी बाह्य परामर्शदाता छनौटका लागि सामुदायिक वन उपभोक्ता समूह र वन कार्यालयले रोष्टर खडा गर्ने र सोही रोष्टरमा रहेका योग्य परामर्शदाताबाट छनौट गर्नुपर्नेमा सो को कार्यान्वयन गरिएको देखिएन र परामर्शदाताको योग्यता निर्धारण गरिएको पनि पाइएन । यसैगरी छनौट गरिएका परामर्शदाताहरुको कुनै योग्यता नतोकिएको कारण गलत कार्ययोजना तर्जुमा भई सोही अनुसार प्लट निर्धारण गरी रुख कटान गर्दा व्यापक रुपमा वन विनाश भएको र माउ तथा बीउ रुख छनौटमा गम्भीर त्रुटीहरु भएको कुरा छलफलका क्रममा स्वयं वन अधिकृतहरु र वन उपभोक्ता समूहका पदाधिकारीहरुले स्वीकार गरेको पाइयो । गलत कार्ययोजना तर्जुमा

गरी वन विनाशमा सघाउने परामर्शदाताहरुको पहिचान गरी कालो सूचीमा राखी कार्ययोजना तर्जुमा गर्ने कार्य गर्नबाट रोक लगाउन निर्देशन दिनुपर्ने देखिन्छ ।

**(३) कटान गरेका रुखका काठहरुको घाटगद्धी व्यवस्थापन र सुरक्षाको अभाव**

स्थलगत अवलोकनका क्रममा वैज्ञानिक वन कार्यक्रम अन्तर्गत तराई, चुरे र मध्य पहाडका जिल्लाहरुमा समेत जेठ र असार महिनामा कटान गरिएको करोडौं घनफिट काठ छरपष्ट, अव्यवस्थित र असुरक्षित अवस्थामा रहेको देखियो । उक्त काठहरु मध्ये निकै कम काठ मात्र घाटगद्धी गरिएको र बाँकी काठ असुरक्षित अवस्थामा रही चोरी निकासी हुने, अधिकांश काठ चुरे क्षेत्रका खोला र नदी किनारमा रहेकोले बाढीले बगाउने र माटो तथा झारपातले पुरी नोक्सान हुने अवस्थामा रहेको देखियो । यस्तो अवस्थामा रहेका काठहरुलाई तत्काल सुरक्षित अवस्थामा राखी अभिलेख कायम गर्नका लागि सम्बन्धित वन उपभोक्ता समूह र डिभिजन वन कार्यालयलाई वन तथा वातावरण मन्त्रालयबाट निर्देशन हुनुपर्ने देखिन्छ । यसैगरी सामुदायिक वन, साझेदारी वन र सरकारी वनको काठ बिक्री गर्दा जिल्ला वन पैदावार आपूर्ति समितिलाई छुट्टाएको २५ प्रतिशत काठ अन्तर्गत जम्मा भएको लाखौं सीएफटी काठ वर्षौंदेखि बिक्री वितरण नगरी अलपत्र राखेको कारण ठूलो राजस्व रकम गुम्ने गरी काठ नोक्सान भएको देखियो । यसरी उक्त जिल्ला वन पैदावार आपूर्ति समिति प्रभावहीन देखिएकोले उक्त आपूर्ति समिति खारेज गरी सम्बन्धित स्थानीय तहमा नै काठ बिक्री वितरण अनुगमन समिति गठन गरी सर्वसाधारण जनताको काठमाथिको पहुँच सुनिश्चित गर्ने गरी वन तथा वातावरण मन्त्रालयले वन नियमावलीमा स्पष्ट व्यवस्था गर्नुपर्ने देखिन्छ ।

**(४) काठको माग निर्धारणमा अनियमितता र चेन स:को दुरुपयोग**

सामुदायिक वनको वन पैदावार संकलन तथा बिक्री वितरण निर्देशिका, २०७१ को दफा ५ मा उपभोक्ता समूहको वार्षिक साधारण सभा हुनुपूर्व माघ मसान्तभित्रमा नै उपभोक्ता घरधुरीलाई आवश्यक पर्ने काठको माग संकलन गरी उक्त माग अनुसारको विवरणलाई वार्षिक साधारण सभाबाट अनुमोदन गराउनु पर्ने व्यवस्था गरिएको छ । यसरी अनुमोदन भएको मागलाई उक्त निर्देशिकाको दफा ६ अनुसार लगत तयार गरी कार्यायोजना अनुसार निकाल्न मिल्ने काठसँग भिडाई उपभोक्तालाई आवश्यक पर्ने काठको विवरणबारे वन कार्यालयलाई जानकारी गराउनु पर्ने व्यवस्था गरिएको छ । यसरी उपभोक्तालाई आवश्यक पर्ने काठ सामुदायिक वनमा रहेका ढलापडा, सुखड खडा, मर्न लागेका, रोग लागेका, बाङ्गोटिङ्गो र अति बुढो रुखहरुबाट संकलन गर्न प्राथमिकता दिनुपर्ने बारेमा उक्त निर्देशिकको दफा ८ मा स्पष्ट व्यवस्था गरिएको छ । उक्त रुखहरुबाट उपभोक्ता समूहको आन्तरिक खपत नपुग्ने भएमा निर्धारित प्लटबाट विभिन्न उमेर समूहका रुख बिरुवाको वृद्धि विकासमा अवरोध गरिरहेका रुखहरु मध्येबाट छनौट विधि अवलम्वन गरी रुख कटान गर्न सकिने व्यवस्था गरिएको छ । यी व्यवस्थाहरुको पालना नगरी उपभोक्ता घरधुरीको माग संकलन र साधारण सभाबाट अनुमोदनविना नै प्लट निर्धारण गरी रुख कटान गरेको देखिन आयो । यसै गरी काठका ठेकेदारहरुले कुनै पनि निकायको स्वीकृति नलिई छोटो समयमा ठूला र धेरै रुख कटान गर्न मिल्ने आधुनिक चेन:सहरु प्रयोग गरी रुख कटान गरेको देखियो । रुख कटान गर्न चेन:सहरुको दुरुपयोग गरी वन विनाश गरिएको देखिएकोले सम्बन्धित स्थानीय तह र डिभिजन वन कार्यालयको संयुक्त सहमति नलिई आधुनिक चेन:सहरु खरिद गर्न, राख्न र रुख कटानका लागि प्रयोग गर्न नपाउने कानूनी व्यवस्था गर्नका लागि निर्देशन दिनु पर्ने आवश्यकता देखियो ।

**(५) रुख छपान तथा कटानको अनुगमनमा सरकारी कर्मचारीका लागि समूहको रकम लगानी**

सामुदायिक वनको वन पैदावार संकलन तथा बिक्री वितरण निर्देशिका, २०७१ को दफा १० मा रुख छपानको कार्य सम्पन्न भएपछि इलाका वा सेक्टर वन कार्यालयले २५ प्रतिशत छपान चेक गर्नुपर्ने र सोको प्रतिवेदनका आधारमा डिभिजन वन कार्यालयले १० प्रतिशत छपान चेक गर्नुपर्ने व्यवस्था गरिएको छ । सो पश्चात् रुख कटान, मुछान एवं काठ दाउरा ढुवानी र घाटगद्धी तथा नापजाँचका विषयमा इलाका वा सेक्टर वन कार्यालयले २५ प्रतिशत र डिभिजन वन कार्यालयले ५ प्रतिशत र कम्तिमा एक पटक प्लट निरीक्षण गर्नुपर्ने व्यवस्था गरिएको छ । वन कार्यालयले यसरी चेकजाँच नगरी वन कर्मचारीहरुलाई चेकजाँच तथा निरीक्षणका नाममा नगद रकम उपलब्ध गराउनु पर्ने र उक्त रकम उपलब्ध नगराएमा कटान आदेश नै रोकिदिने गरेकोले प्रति महिना कम्तिमा २५ हजारका दरले इलाका तथा सेक्टर वन कार्यालयका कर्मचारी र डिभिजनल वन अधिकृतलाई विना भौचर नगद रकम उपलब्ध गराउँदै आएको कुरा सरोकारवालाहरुबाट जानकारी प्राप्त भयो । रुख कटान भएका विभिन्न वन क्षेत्रहरुको स्थलगत अवलोकन गर्दा रुख कटानका लागि निर्धारित प्लटभन्दा बाहिर सयौंको संख्यामा रुखहरु कटान भएको देखियो । यद्यपि, सो विषयमा डिभिजन वन कार्यालयबाट अनुगमन गरी दोषी उपर कारवाही भएको देखिएन ।

**(६) रुख कटानमा स्रोत नखुलेको रकम लगानी**

सामुदायिक वनको वन पैदावार संकलन तथा बिक्री वितरण निर्देशिका, २०७१ को दफा १४(२) मा "सामुदायिक वनमा रुख कटान, मुछान तथा संकलन गर्दा उपभोक्ता समूहले आफ्नै खर्च र जिम्मेवारीमा आर्थिक तथा मानवीय स्रोत परिचानल गरी गर्नुपर्नेछ र यसका लागि कुनै व्यक्तिबाट सापटी वा काठ दाउरा व्यवसायमा संलग्न व्यक्ति, फर्म, कम्पनी वा उद्योगबाट अग्रिम लगानीका रुपमा रकम लिन

पाइने छैन" भन्ने व्यवस्था गरिएको छ । उक्त व्यवस्था भएपनि छलफलका क्रममा र लगानीको स्रोतको विषयमा सोधिएको प्रश्नको जवाफ दिने क्रममा वैज्ञानिक वन व्यवस्थापन कार्यक्रम लागू गरेका सबै सामुदायिक वन उपभोक्ता समूहका अध्यक्षले सामुदायिक वनमा रुख कटान, मुछान तथा संकलनका लागि १५ लाखदेखि बढीमा ४० लाखसम्म ऋण लिएको र उक्त ऋण हालसम्म पनि तिर्न नसकेको बताए । केही सामुदायिक वनका अध्यक्षहरुले उक्त ऋण रकम उपभोक्ता समूहका घरधुरी सदस्यबाट सापटी लिएको बताएपनि वास्तविकता बुझ्दा उक्त रकम कुनै पनि स्रोत नखुलेको रकमका रुपमा विभिन्न काठ व्यावसायीहरुले लागानी गरेको बुझिन आयो । यसरी ऋणका रुपमा ३६% सम्म उच्च व्याजदर लिने दिनेगरी स्रोत नखुलेको रकम, लिए दिएको नदेखिने रकम, गैरबैकिङ्ग कारोवारको रकम र अबैध रकम लगानी गरी रुख कटानी गर्ने कार्यमा संलग्नहरुको पहिचान गरी थप अनुसन्धान गर्नुपर्ने देखिन्छ ।

यसरी वैज्ञानिक वन कार्यक्रम लागू गरेका सबै सामुदायिक वन उपभोक्ता समूहहरु एकातर्फ ठूलो ऋण रकममा डुबेका छन् भने अर्कोतर्फ कुन व्यक्तिबाट कति ऋण रकम लिएको हो भन्ने कुरा उपभोक्ता समूहको अध्यक्ष बाहेक अरुलाई अवगत छैन र ऋण रकमको अभिलेख पनि नराखिएको अवस्था छ । वन ऐन, २०७६ को दफा २२ अनुसार उपभोक्ता समूहले कार्ययोजना बमोजिम आर्जन गरेको वार्षिक आयबाट कम्तीमा २५ प्रतिशत रकम वनको विकास, संरक्षण र व्यवस्थापनमा खर्च गरी बाँकी रहेको रकमको कम्तिमा ५० प्रतिशत रकम सम्बन्धित स्थानीय तहसँग समन्वय गरी गरिबी न्यूनीकरण, महिला सशक्तीकरण तथा उद्यम विकासमा खर्च गर्नुपर्ने र बाँकी रकम उपभोक्ता समूहको हितमा प्रयोग गर्नुपर्ने व्यवस्था गरेको छ । यस्तो अवस्थामा वैज्ञानिक वनका नाममा कटान भएका रुखहरु बिक्री गर्दा प्राप्त भएको रकम सामुदायिक वन उपभोक्ता समूहको कोषमा जम्मा हुने व्यवस्था कडाइका साथ लागू नगराई सो रकम ऋण भुक्तानीका नाममा व्यापक दुरुपयोग हुने र वन ऐन, २०७६ को दफा २२ लागू नै नहुने स्थिति रहेको छ । त्यसैले सामुदायिक वनको वैज्ञानिक वन व्यवस्थापनका नाममा कटान भएका रुखहरुको काठ उपभोक्ता समूहको घरधुरी सदस्यलाई बिक्री वितरण गर्दा वा बोलपत्र आव्हान गरी बाह्य बिक्री गर्दा अनिवार्य रुपमा उपभोक्ता समूहको बैंक खातामा रकम जम्मा गरेपछि मात्र काठ उपलब्ध हुने व्यवस्था गर्न आवश्यक देखिन्छ । यसका साथै सामुदायिक वनको काठ दाउरा र वन पैदावार बिक्रीबाट प्राप्त रकम वन ऐन, २०७६ को दफा २२ मा तोकिएका विषय बाहेक ऋण रकम भुक्तानी वा अन्य विषयमा खर्च गर्नबाट रोक लगाउने गरी परिपत्र हुन पनि आवश्यक देखिन्छ ।

**(७) लाभभन्दा लागत बढी हुने अवस्था**

वैज्ञानिक वन कार्यक्रम लागू भएका सामुदायिक वनबाट काठ संकलन र बिक्री वितरणका लाखौ करोडौं रकमको कारोवार भएको देखिए पनि उपभोक्ता समूहलाई लाभभन्दा लागत धेरै हुने भएकोले निरन्तर रुपमा ऋणमा रहनु परेको कुरा छलफलबाट अवगत भयो । वैज्ञानिक वन व्यवस्थापन कार्यविधि, २०७१ को बुदा नं. २.११ मा प्रतिफल नआउने अवस्था भएका वैज्ञानिक वन व्यवस्थापनको कार्ययोजना लागू गर्न नहुने कुरा स्वीकार गरिएको छ । वैज्ञानिक वन कार्यक्रम कुनै निजी वन वा वृक्षारोपण गरेर हुर्काएको वनमा लागू गरेको नभई कुनै परीक्षणविना नै जोखिमयुक्त र प्राकृतिक वनमा लागू गरिएको कारण यसबाट सृजना हुने वातावरणीय क्षति, कृषि जमिनको क्षति र भौतिक पूर्वाधारहरुमा पर्ने क्षतिको कुनै मूल्यांकन नै भएको भएको छैन, जसमा राज्यको अधिक लगानी लगाउनु पर्ने अवस्था सृजना भएको छ ।

वैज्ञानिक वन कार्यक्रम लागू गर्दा परामर्शदातालाई लाखौं रकम खर्च गरी कार्ययोजना बनाउने, तराईको वन तथा चुरे क्षेत्रमा डोजर लगाई बाटो खन्ने, क्रेन र आधुनिक चेनसःहरु प्रयोग गरी रुख कटान

गर्ने, चरिचरण नियन्त्रणका नाममा वन क्षेत्रभित्र सिमेन्टका पोल प्रयोग गरी तारजाली लगाउने, ठूला ट्रकहरु प्रयोग गरी काठ ढुवानी गर्ने र कर्मचारीलाई अनुगमन र निरीक्षणका नाममा नगद रकम उपलब्ध गराउने, काठ व्यावसायी संरक्षित विभिन्न उच्छृङ्खल समूहलाई दैनिक रुपमा खाना तथा यातायातको व्यवस्था गर्ने, काठ टेण्डर गर्दा महिनौंसम्म महंगा होटलहरु रिजर्भ गर्ने, उपभोक्ता समूहका अध्यक्ष लगायतका पदाधिकारीका लागि विलासिताका गाडी र मोटरसाईकल खरिद गर्ने जस्ता कार्यहरुमा व्यापक रकम खर्च गरिँदै आएको देखियो । यसरी काठ बिक्रीबाट उपभोक्ता समूहको कोषमा रकम जम्मा नहुने, उपभोक्ता समूहले वन ऐन, २०७६ को दफा २२ को कार्यान्वयन नगर्ने र निरन्तर रुपमा ऋणमा सञ्चालन हुने अवस्था सृजना भएको र यसबाट निरन्तर रुपमा वन विनास भई राज्य र समुदायलाई कुनै लाभ नहुने स्थिति पैदा भएकोले वैज्ञानिक वन व्यवस्थापन कार्यविधि, २०७१ खारेज गर्नुपर्ने देखिन्छ ।

**(८) सामुदायिक वनका विभिन्न कोषहरुको स्थापना र त्यसको दुरुपयोग**

वैज्ञानिक वन कार्यक्रम लागू भएका सामुदायिक उपभोक्ता समूहका लागि डिभिजन वन कार्यालयहरुले विभिन्न खाता खोल्न लगाएको र वन ऐन, २०७६ को दफा २२ बमोजिम वन व्यवस्थापनका लागि खर्च गर्नुपर्ने रकम अलग्गै खातामा जम्मा गर्न लगाई उक्त रकम वन कार्यालयले आफ्नै किसिमले खर्च गर्न लगाएको पाइयो । सामुदायिक वन उपभोक्ता समूहको आम्दानी एउटै बैंक खाता र एउटै कोषमा राख्ने व्यवस्था गरी उक्त रकम वन ऐन, २०७६ को दफा २२ बमोजिम उपभोक्ता समूहको साधारण सभाले स्वीकृत गरेको वार्षिक कार्यक्रममा मात्र खर्च गर्ने र लेखापरीक्षण गर्ने व्यवस्था गरी सामुदायिक वनको आर्थिक कार्यविधि निर्देशिका, २०७३ को पूर्ण परिपालना गर्न लगाउनु पर्ने देखिन्छ ।

**(९) काठ बिक्री र टेण्डर प्रकृयामा चरम अनियमितता**

सामुदायिक वनमा वैज्ञानिक वन कटानबाट संकलित काठ कब्जाका लागि विभिन्न जिल्ला तथा क्षेत्रमा रहेका काठ व्यावसायी, काठका ठेकेदार र बिचौलियाहरुले आ-आफ्ना भागमा सामुदायिक वन र साझेदारी वन भागबण्डा लगाएर लिलाम प्रकृया नियन्त्रण गरेको भन्ने कुरा सबै जिल्लाका सरोकारवालाहरुले छलफलका क्रममा व्यक्त गरे । यसका साथै काठको टेण्डर कब्जाका लागि उच्छृङ्खल समूह परिचालन गर्ने गरेको देखियो । सामुदायिक वनको वन पैदावार बिक्री वितरण निर्देशिका, २०७१ को दफा ३३ मा राष्ट्रिय दैनिक पत्रिकामा लिलामको सूचना प्रकाशन गर्नुपर्ने व्यवस्था गरिएको भएपनि उक्त बोलपत्र स्थानीय पत्रिकामा एकपटक प्रकाशन गर्ने र यसरी टेण्डर प्रकाशन भएका दिनको उक्त पत्रिकाको सबै प्रति काठका ठेकेदारले एकमुष्ट खरिद गरी टेण्डरको सूचना सार्वजनिक हुन नदिने र विभिन्न कार्यालयमा टेण्डरको सूचना प्रकाशन गर्नुपर्ने भनिए पनि उक्त कार्यालयहरुमा प्रकाशन नै नगरी टेण्डर कब्जा गरी औपचारिकताका लागि मिलेमतोमा औपचारिकताका लागि तीनवटा मात्र टेण्डर हाली काठ कब्जा गर्दै आएको देखियो ।

यसरी काठका ठेकेदारहरु, सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष र डिभिजनल वन अधिकृतको आपसी मिलेमतोमा टेण्डर कब्जा गरेपछि न्यून मूल्यमा टेण्डर हाली महंगो मूल्यका सालका काठ सस्तो मूल्यमा कब्जा गरी वन विनाश गर्ने कार्य गरेको देखियो । त्यसैले हालसम्म वैज्ञानिक वनका नाममा कटान गरेका सालका काठहरु बिक्री गर्दा सम्बन्धित स्थानीय तहका अध्यक्षको निगरानी तथा रोहबर र जिल्ला समन्वय समिति एवं डिभिजन वन कार्यालयको संयुक्त प्राविधिक सहयोग अनिवार्य रुपमा विद्युतीय लिलाम प्रक्रियाका माध्यमबाट काठ बिक्री गर्ने व्यवस्था मिलाउन निर्देशन दिनुपर्ने देखिन्छ । सो बाहेक सामुदायिक वनको दिगो व्यवस्थापन गरी नियमित रुपमा सुखड खडा, ढलापडा, मरेको, मर्न लागेको, रोग लागेको, बाङ्गाटिङ्गा र बुढा रुखहरुबाट संकलन गरेका काठहरुको बिक्रीका लागि गरिने

नियमित बोलपत्र आव्हानको कार्यविधि पनि संशोधन गरी सस्तो मूल्यमा काठ कब्जा गर्ने परिपाटीको अन्त्य गर्नका लागि निर्देशन दिनुपर्ने आवश्यकता देखिएको छ ।

**(१०) काठको राजस्व दर र बजार मूल्यमा असीमित भिन्नता र राजस्व चुहावट**

सामुदायिक वन उपभोक्ता समूहको आर्थिक कार्यविधि निर्देशिका, २०७३ को दफा ३५(३) अनुसार उपभोक्ता समूहले बोलपत्र आव्हान गरी व्यापारिक प्रयोजनका लागि बिक्री गर्ने काठको न्यूनतम मूल्य निर्धारण गर्दा सरकारी राजस्व दर र स्थानीय बजार भाउ समेतलाई आधार मानी न्यूनतम् मूल्य निर्धारण गर्नुपर्ने व्यवस्था गरेको छ । वैज्ञानिक वन व्यवस्थापन कार्यक्रम लागू गरी रुख कटान गरेका सबैजसो उपभोक्ता समूहले जुनसुकै ग्रेडको काठ पनि न्यूनतम सरकारी मूल्यमा बोलपत्र आव्हान गरेको र काठ व्यावसायीले मिलेमतोमा स्थानीय बजार मूल्यभन्दा निकै कम मूल्यमा काठ सकारेको देखियो । यस आधारमा हेर्दा सालको ए ग्रेडको काठ प्रति घनफिट रु. १००० माखरिद गरी बजारमा प्रति घनफिट रु. ५००० भन्दा बढी मूल्यमा बिक्री गरेको पाइयो । यसबाट मिलेमतोमा काठको सकार मूल्य कम कायम गरी गराई मूल्य अभिवृद्धि ऐन, २०५२ को दफा १२क मा गरिएको व्यवस्थाको समेत छली भएको देखिन्छ । मूल्य अभिवृद्धि कर छल्ने उद्देश्यले काठको मूल्य कम कायम गराई लिलाम गराउनमा भूमिका खेल्ने सामुदायिक वनका अध्यक्ष, मिलेमतोमा कम मूल्यदरमा काठ खरिद गर्ने कार्यमा संलग्न काठ व्यावसायी र यस्तो कार्यलाई प्रोत्साहन गर्ने पदाधिकारीहरुको पहिचान गरी कानुनी कारबाही गर्नुपर्ने देखिन्छ ।

### ३.५ वैज्ञानिक वन व्यवस्थापन कार्यक्रम कार्यान्वयनमा देखिएका व्यवस्थापकीय अनियमितता :-

**(१) वैज्ञानिक वनका कार्ययोजना तर्जुमा गर्दा कार्यविधि र मार्गदर्शनहरुको उल्लंघन**

सामुदायिक वन विकास कार्यक्रमको मार्गदर्शन, २०७१ र सामुदायिक वनको स्रोत सर्वेक्षण मार्गदर्शन, २०६१ मा सामुदायिक वनको कार्ययोजना तर्जुमा गर्दा टोल भेला, विभिन्न हित समूहको भेला, सरोकारवाला निकायहरुसँगको छलफल, साधारण सभामा छलफल लगायतका १२ वटा चरणहरु पूरा गर्नुपर्ने व्यवस्था गरिएको छ भने वैज्ञानिक वन व्यवस्थापन कार्यविधि, २०७१ को बुँदा नं. २.३ मा वैज्ञानिक वनको कार्ययोजना तर्जुमा गर्दा सामुदायिक वन उपभोक्ताहरुसँग छलफल गर्ने, राजनीतिक दलहरुसँग अन्तरकृया गर्ने, पत्रकारहरुसँग अन्तरक्रिया गरी जानकारी गराउने, जिल्ला वन समन्वय समितिसँग छलफल गरी सहमति गर्ने र कार्ययोजना कार्यान्वयनका क्रममा यी सबै सरोकारवालाहरुसँग छलफल गरी नियमित रुपमा स्थलगत अवलोकन गराउने र सल्लाह सुझाव लिनुपर्ने व्यवस्था गरिएको छ । वन अधिकृतहरु, वन उपभोक्ता समूहका पदाधिकारी र वन उपभोक्ताहरुसँग छलफल गर्दा सामुदायिक वन र साझेदारी वनमा लागू गरेका वैज्ञानिक वनका कार्ययोजनाहरु बाह्य परामर्शदाताहरुद्वारा एकल रुपमा प्रक्रिया अवलम्बन नगरी तयार गर्न लगाई लागू गरिएको देखियो, जस अनुसार वैज्ञानिक वनका कार्ययोजनाहरु तर्जुमा गर्ने क्रममा सामुदायिक वनका मार्गदर्शन र कार्यविधिहरुमा उल्लेख गरिएका कुनै पनि प्रक्रियाहरु पालना गरेको देखिएन । यसरी विद्यमान कार्यविधिहरु नै पालना नगरी तर्जुमा गरेका वैज्ञानिक वनका कार्ययोजनाहरु स्वतः अवैध रहेकोले उक्त कार्ययोजनाहरु खारेज गर्नका लागि निर्देशन दिन आवश्यक देखिन्छ ।

**(२) अवैध साधारण सभा/कार्यसमिति र किर्ते दस्तखतको प्रयोग**

वन कार्यालय, परामर्शदाता र काठ व्यावसायीहरुको दवावमा बाह्य पक्षबाट सामुदायिक वनहरुमा वैज्ञानिक वन कार्यक्रम लागू गरिएका कारण वन तथा वातावरण, उपभोक्ता समूहको स्वायत्तता र सामाजिक-आर्थिक पक्षमा व्यापक नकारात्मक प्रभावहरु देखिएपछि वन उपभोक्ता समूहका घरधुरी

**सदस्यहरुले वैज्ञानिक वन व्यवस्थापन प्रक्रियाको व्यापक विरोध गर्न शुरुआत गरेको देखिन आयो । सामुदायिक वनसम्बन्धी कार्यविधि र मार्गदर्शनहरुमा सामुदायिक वनको कार्ययोजना, वार्षिक काठ कटानको योजना र वार्षिक कार्यक्रमहरु साधारण सभाबाट अनुमोदन गराउनु पर्ने व्यवस्था गरिएकोले यसका लागि उपभोक्ता समूहबाट व्यापक दवाव भएपछि वन कार्यालय र उपभोक्ता समूहका केही पदाधिकारीहरुले नाम मात्रका साधारण सभा राखी निर्णय पुस्तिकाहरुमा वैज्ञानिक वनको विरोध गर्नेलाई धम्काई दस्तखत गर्न लगाउने, कतिपय घरधुरीका सदस्यहरुलाई ललाईफकाई दस्तखत गराउने र साधारण सभाको बहुमतले वैज्ञानिक वन व्यवस्थापनको कार्ययोजना र वार्षिक काठ कटानको योजना पारित गरेको देखाउनका लागि अधिकांश वन उपभोक्ता सदस्यहरुको किर्ते दस्तखत गराउने गरेको कुरा उपलब्ध निर्णय पुस्तिकाहरुको अध्ययन गर्दा स्पष्ट रुपमा देखिन्छ ।**

**किर्ते कागजातहरु तयार गर्ने क्रममा कैलाली जिल्लाको मोहन्याल गाउँपालिकामा रहेको चुरेमालिका सामुदायिक वनको अध्यक्ष विगत २ वर्षदेखि भारतको बैंगलोरमा बस्दै आएकोमा उनको नाममा समेत उपभोक्ता समूहका अन्य पदाधिकारीहरुले किर्ते दस्तखत गरी वैज्ञानिक वनको कार्ययोजना स्वीकृत गराई रुख कटान गर्दै आएको पाइयो । त्यसैगरी धेरैजसो सामुदायिक वनका कार्यसमितिका पदाधिकारी र सदस्यहरुले वैज्ञानिक वनप्रति असहमति देखाउँदै राजीनामा दिएको कारण सामुदायिक वनका कार्यसमितिहरुमा गणपुरक संख्या पुग्न सक्ने अवस्था नरहेपछि कार्यसमितिको गणपुरक संख्या नै नपुगी गरिएका निर्णयहरुलाई आधार मानी डिभिजनल वन अधिकृतहरुले रुख कटान आदेश दिँदै आएको देखियो । त्यस्तै सामुदायिक वनका वास्तविक उपभोक्ता घरधुरीका सदस्यहरुले साधारण सभामा असहमति जनाई दस्तखत गर्न नमानेकामा घरधुरी नै नभएका नक्कली घरधुरी तयारी गर्न र एउटै घरधुरीलाई कैयौं सामुदायिक वन उपभोक्ता समूहको साधारण सदस्य बनाई निर्णय पुस्तिका तयार गर्ने गरेको समेत पाइयो । समयमा साधारण सभा नै आयोजना नगरेको कारण साझेदारी वन उपभोक्ता समूहका कार्यसमितिहरुको पदावधि समाप्त भएकोमा वन तथा भू-संरक्षण विभागबाट पत्र लेखी सबै कार्यसमितिको पदावधि एक वर्षका लागि बढाएको देखियो । कैलालीको भारताल साझेदारी वन र बाह्रवन साझेदारी वनमा वैज्ञानिक वनमा किर्ते कागजात खडा गरी वन विनाश भएकाले रोकी पाउँ भनी १५ सय जना वन उपभोक्ताहरुले दस्तखत गरी प्रदेशको उद्योग, पर्यटन, वन तथा वातावरण र प्रदेश वन निर्देशनालय समक्ष निवेदन दिएकोमा मन्त्रालय र प्रदेश वन निर्देशकबाट कुनै सुनुवाई नभई निरन्तर वन विनाश भएको देखियो । यसबाट खासगरी प्रदेश वन निर्देशकले वन पैदावार बिक्री वितरण निर्देशिका, २०७३ को दफा १२(१) र दफा १५ मा तोकिएको दायित्व पालना नगरी आफूलाई प्राप्त अख्तियारको दुरुपयोग गरेको देखियो । यसरी वैज्ञानिक वन व्यवस्थापन कार्यक्रम लागू गरिएका सामुदायिक वन उपभोक्ता समूह र साझेदारी वन उपभोक्ता समूहमा उपभोक्ता समूहका साधारण सदस्यहरु र पदाधिकारीहरुको किर्ते दस्तखत गर्ने, नक्कली उपभोक्ता घरधुरी खडा गर्ने र एउटै घरलाई एक भन्दा धेरै वन उपभोक्ता समूहमा सदस्य बनाउने कार्यहरु गरिँदै आएकोले विकृति सृजना भएको देखियो । मुख्य रुपमा कैलाली, कञ्चनपुर, कपिलवस्तु, नवलपुरर सिन्धुलीमा किर्ते कागजात खडा गर्नमा संलग्न सामुदायिक वन र साझेदारी वन उपभोक्ता समूहका पदाधिकारीहरु, वन कार्यालयका कर्मचारीहरु र काठ कटानमा संलग्नहरुको पहिचान र छानबिन गरी प्रचलित कानून बमोजिम कारबाहीका लागि निर्देशन दिनु आवश्यक रहेको छ ।**

**(३) सामुदायिक वन उपभोक्ता समूहको निर्णय प्रकृयामा अनुचित प्रभाव**

**वन ऐन, २०७६ को दफा ३२ अनुसार सामुदायिक वन उपभोक्ता समूह एक अविच्छिन्न, उत्तराधिकारवाला, स्वशासित र संगठित संस्था हो । त्यसैगरी वन ऐन, २०७६ को दफा १८ अनुसार उपभोक्ता समूहलाई सामुदायिक वनको विकास, संरक्षण, उपयोग र व्यवस्थापनका साथै स्वतन्त्र रुपमा वन**

पैदावारको मूल्य निर्धारण गरी बिक्री वितरण पाउने अधिकार रहेको छ । उक्त व्यवस्थाहरु भएपनि डिभिजनल वन अधिकृतहरुले सामुदायिक वनमा वैज्ञानिक वन व्यवस्थापन लागू गरी प्राकृतिक रुखहरु कटान गर्ने भए कार्ययोजना स्वीकृत गरी रुख कटान गर्न कटान आदेश दिने अन्यथा कार्ययोजना नै स्वीकृति नगर्ने र ढलापडा काठहरु समेत संकलन गर्न नदिने कार्य गरेकोले उपभोक्ता समूहको स्वायत्ततामा समेत प्रभाव पर्नेगरी वैज्ञानिक वनको कार्ययोजना लागू गर्दै आएको कुरा उपभोक्ता समूहका पदाधिकारीहरुसँगको छलफलबाट स्पष्ट हुन आएको छ । सामुदायिक वनको निर्णय प्रक्रिया र काठको मूल्य निर्धारण प्रकृयामा वन कार्यालयहरु र काठका ठेकेदारहरुबाट हुने हस्तक्षेप बन्द गर्नका कदम चाल्नुपर्ने देखिएको छ ।

**(४) निहित स्वार्थको द्वन्द्व**

सामुदायिक वनको रुख कटान तथा काठ खरिदमा सलग्न हुने व्यक्ति तथा काठ व्यावसायीहरु सामुदायिक वन उपभोक्ता समूहको कार्यसमितिमा पनि पदाधिकारीको रुपमा रहदा स्वार्थ बाझिने अवस्था सृजना हुन्छ । त्यसैले सामुदायिक वनका विभिन्न निर्देशिका, कार्यविधि र मार्गदर्शनहरुमा सामुदायिक वनको रुख कटान तथा काठ खरिदमा उपभोक्ता समूहको कार्यसमिति भन्दा बाहिरका व्यक्तिहरु संलग्न हुने सक्ने व्यवस्था गरेको छ । तर स्थलगत छलफलहरुबाट एउटै व्यक्ति सामुदायिक वन उपभोक्ता समूहको कार्यसमितिमा पदाधिकारी भई सोही सामुदायिक वनको वैज्ञानिक वनका रुख कटान र काठको खरिद बिक्रीमा समेत संलग्न हुँदै आएको देखियो । यसबाट सामुदायिक वनको नेतृत्व नै कब्जा गरी सामुदायिक वनमा रुख कटानका लागि वैज्ञानिक वन व्यवस्थापन कार्यक्रम लागू गरी स्वार्थ बाझिने किसिमले काम गर्दै आएको देखिएकोले रुख कटान र काष्ठ व्यवसायमा संलग्न व्यक्ति सामुदायिक वनको पदाधिकारी हुन नपाउने बारेमा स्पष्ट व्यवस्था गर्नका लागि निर्देशन दिनु पर्ने आवश्यकता देखियो ।

**(५) अस्वाभाविक जीवनशैली**

२०७१ सालदेखि सामुदायिक वन तथा साझेदारी वनमा वैज्ञानिक वन व्यवस्थापन कार्यक्रम लागू गरिएका तराई, चुरे क्षेत्र र भित्री मधेशमा पर्ने जिल्लाहरुमा जिल्ला वन अधिकृत र हाल डिभिजनल वन अधिकृत भएका व्यक्तिहरुले अस्वाभाविक उच्च जीवनस्तर यापन गर्दै आएको भन्ने कुरालाई छलफलका क्रममा खासगरी सरकारी वन प्राविधिहरु, स्थानीय तहका प्रतिनिधिहरु र वन उपभोक्ता समूहले समेत उठाएको पाइयो । सामुदायिक वन विकास कार्यक्रमको मार्गदर्शन, २०७१ अनुसार सामुदायिक वनका पदाधिकारीहरु पनि सार्वजनिक पद धारण गरेको व्यक्ति सरह मानिन्छन् । कतिपय निर्वाचित वडा अध्यक्ष नै वैज्ञानिक वन कार्यक्रम लागू गरेको सामुदायिक वन उपभोक्ता समूहमा अध्यक्ष भएको र उक्त व्यक्तिहरुले समेत अस्वाभाविक उच्च जीवनस्तर यापन गर्दै आएको कुरा स्थलगत छलफलबाट थाहा हुन आयो । यसरी वैज्ञानिक वनका नाममा अनियमितता गरी अस्वाभाविक उच्च जीवनस्तर यापन गर्दै आएको देखिएकोले वैज्ञानिक वन कार्यक्रम लागू गरेका जिल्लाहरुका तत्कालीन समयमा कार्यरत पदाधिकारीहरु, सामुदायिक वनको समेत पदाधिकारी भएका निर्वाचित जनप्रतिनिधिहरु र वैज्ञानिक वन व्यवस्थापन कार्यक्रम लागू गरेका सामुदायिक वन उपभोक्ता समूहका पदाधिकारीहरुको पहिचान गरी थप अनुसन्धान गर्नुपर्ने देखिन्छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले तयार गरेको नेपालमा भ्रष्टाचार र सुशासनको अवस्थासम्बन्धी अध्ययन, २०७५ मा भ्रष्टाचार बढी हुने कार्यालयहरू मध्ये वन कार्यालयहरु पनि पर्ने भएकोले यी कार्यालयहरुमा ई-सफ्टवेयर प्रोग्रामिङको विकास गर्ने र ई-हाजिरी गर्ने व्यवस्था लागू गर्ने भनी सुझाव दिएकोले उक्त सुझाव कार्यान्वयन गर्नका लागि व्यवस्था गर्न आवश्यक देखिन्छ ।

## ३.६ वैज्ञानिक वनका कारण सिर्जित सामाजिक असरहरु

### (१) काठ कब्जाका लागि सामाजिक असुरक्षा र लैङ्गिक हिंसा

सामुदायिक वनमा वैज्ञानिक वन व्यवस्थापन कार्यक्रम लागू गर्नका लागि उपभोक्ता समूहको साधारण सभा र कार्यसमितिको बैठकहरुमा काठ व्यवसायी संरक्षित अनधिकृत समूहहरु परिचालन गरिएको भनी विभिन्न सामुदायिक वनका पूर्वपदाधिकारीहरुले छलफलमा चिन्ता व्यक्त गर्दै वैज्ञानिक वन कार्यक्रम हटाइदिनका लागि अनुरोध गरे । विभिन्न उपभोक्ता समूहमा भएका छलफलबाट प्राप्त जानकारी अनुसार वैज्ञानिक वनका कारण खासगरी कैलाली र कञ्चनपुरका सामुदायिक वनमा भएका साधारण सभाहरु विचौलिया र अवैध लगानीकर्ताद्वारा परिचालित अनधिकृत समूहहरुबाट कब्जा हुने र हिंसात्मक झडपमा परिणत भई कैयौं वन उपभोक्ताहरु घाइते भई अस्पतालमा उपचाररत रहेको पनि पाइयो । सामुदायिक वनको साधारण सभामा वैज्ञानिक वन व्यवस्थापनको विरोध गर्ने वा प्रश्न उठाउने महिलाहरु माथि समेत महिला हिंसाका घटनाहरु भएको व्यहोरा अवगत भयो । कञ्चनपुरको शुक्लाफाटा-८ मा रहेको बैजनाथ सामुदायिक वन लगायतका कतिपय सामुदायिक वनहरु वडा अध्यक्षले उपभोक्ता समूहका पदाधिकारी हटाई आफै अध्यक्ष भई कार्यसमिति कब्जा गरेको देखियो । सिन्धुलीमा वैज्ञानिक वनको विरोध गर्ने व्यक्तिलाई कुटपिट गरिएको कारण २०७१ सालमा मृत्यू भएको समेत जानकारी हुन आएको छ । यसरी वैज्ञानिक वनका कारण सामाजिक असुरक्षा, हिंसा, द्वन्द्व र लैंगिक हिंसा समेत हुँदै आएकोले यस्तो किसिमको वन व्यवस्थापन प्रणालीमा पुनर्विचार गर्न आवश्यक रहेको देखियो ।

### (२) वन क्षेत्र कब्जा गरी विपन्न र सीमान्तकृत वर्गलाई वन पैदावारको पहुँचबाट बञ्चितीकरण

स्थलगत अवलोकनका क्रममा वैज्ञानिक वन कार्यक्रम लागू गरिएका सामुदायिक वनहरुको मुख्य प्राकृतिक वनहरुमा प्लट निर्धारण गरी रुखहरु कटान गरिदै आएको देखियो । उक्त कार्यहरुको वन उपभोक्ताहरु र सरोकारवालाहरुबाट अवलोकन भएका विरोध हुन सक्ने र अनियमितता समेत बाहिर आउने डरले रुख कटान क्षेत्रहरुमा निजी कम्पनीका वनहरुमा जस्तै गरी सर्वसाधारणलाई वन प्रवेश गर्नबाट रोक लगाइएको देखियो । यसबाट खासगरी वनमा चरिचरण गराउने, वनबाट घाँस दाउरा ल्याउने, पात संकलन गर्ने र वन पैदावारमा जीवन निर्भर रहेका विपन्न, सीमान्तकृत र आदिवासी जनजातिहरु वन पैदावारको पहुँचबाट वञ्चित भएको देखियो । यसबाट वन पैदावारमा आधारित लघु उद्यमहरु समेत प्रभावित भएको देखियो । यसैगरी वैज्ञानिक वन लागू गर्ने नाममा सर्वसाधारण नागरिकहरुलाई सांस्कृतिक प्रयोजनका लागि वन पैदावार संकलन गर्नमा समेत रोक लगाइएकोले सांस्कृतिक अधिकारमा समेत असर परेको गुनासाहरु छलफलका क्रममा व्यक्त भएका थिए । सामुदायिक वनको मुख्य उद्देश्य गरिबी न्यूनीकरण गर्नु रहेकोमा सोको विपरित गरिबलाई वन प्रवेश गर्नबाट नै रोक लगाउने किसिमको वैज्ञानिक वन व्यवस्थापन कार्यक्रम दीर्घकालिन रुपमा स्थानीय समुदायका लागि लाभदायी नहुने भएकोले उक्त कार्यक्रम अनुपयुक्त देखिएको छ ।

# परिच्छेद-चार

# अध्ययनको निश्कर्ष तथा सुझाव एवं निर्देशनहरु

## ४.१ अध्ययन तथा अनुसन्धानको निश्कर्ष :-

सार्वजनिक लेखा समिति अन्तर्गत गठित यस उपसमितिले वैज्ञानिक वन व्यवस्थापन कार्यक्रमका बारेमा समितिको बैठकबाट निर्दिष्ट गरिएको शर्त र सीमाभित्र रही वैज्ञानिक वन व्यवस्थापन कार्याक्रमका विभिन्न पक्षहरुमा अध्ययन अनुसन्धान, स्थलगत अवलोकन र छलफलहरुका आधारमा वैज्ञानिक वन व्यवस्थापन कार्यक्रमले वातावरणीय, आर्थिक र सामाजिक पक्षमा नकारात्मक र प्रतिकूल प्रभाव पारेको निष्कर्षा निकालेको छ । वैज्ञानिक वन व्यवस्थापनको कानूनी र नीतिगत आधार अध्ययन गर्दा वैज्ञानिक वन व्यवस्थापन कार्यविधि, २०७१ तर्जुमा गर्ने क्रममा उत्पादनमूलक वनबाट काठ उत्पादन र राजस्व संकलनका लागि विभिन्न प्रक्षेपणहरु गरिएको र सोको लागि खासगरी पुराना वन नीतिहरुको आधार लिएको अवस्थामा आवश्यक प्रक्रिया पूरा गरी लागू गरेको पाइएन र हालको परिवर्तित सन्दर्भमा परिमार्जन गरिएको छैन । उक्त कार्यविधिको कार्यान्वयनका क्रममा खासगरी तराई तथा चुरे क्षेत्र र अन्य विभिन्न संवेदनशील क्षेत्रहरुमा वन विनाश भई गम्भीर वातावरणीय जोखिमहरु उत्पन्न भएको छ । उक्त कार्यविधि नेपालको संविधान, नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७४, वन नीति, २०७५, वन ऐन, २०७६ र वातावरण संरक्षण ऐन, २०७६ र वातावरण संरक्षण नियमावली, २०७७ तर्जुमा भइसकेपछि उक्त कानूनी दस्तावेजहरुसँग तामलेल नखाई कार्यविधिको कार्यान्वयमा नै प्रश्नचिन्ह उठेको छ ।

उक्त वैज्ञानिक वन व्यवस्थापन कार्यविधि, २०७१ का आधारमा तर्जुमा गरी लागू गरिएका सामुदायिक वन र साझेदारी वन तथा सरकारी वनका वैज्ञानिक वन व्यवस्थापन कार्ययोजनाहरुको तर्जमा प्रक्रिया र कार्यान्वयनमा भएका त्रुटीका कारण तराई, चुरे क्षेत्र, जलाधार क्षेत्र, सिमसार क्षेत्र, वन्यजन्तुको जैविक मार्ग र भू-क्षयको दृष्टिकोणले संवेदनशील क्षेत्रहरुमा वन विनाश भई गम्भीर वातावरणीय समस्या उत्पन्न हुनुका साथै तराई र भित्री मधेशका कृषि भूमि, जैविक विविधता, जीविकोपार्जन र भौतिक पूर्वाधारमा समेत नकारात्मक असर परेको देखिँदा उक्त कार्यविधि र सो अन्तर्गत तर्जुमा गरिएका वैज्ञानिक वन व्यवस्थापन कार्ययोजनाहरु खारेज गर्नुपर्ने निश्कर्षमा उपसमिति पुगेको छ ।

वैज्ञानिक वनका माध्यमबाट आर्थिक क्षेत्र र सरकारी राजस्व संकलनका लागि गरिएको प्रक्षेपण हचुवा रहेको छ । सुशासनका कमजोरी, निरन्तर रुपमा प्राकृतिक वनको अनधिकृत दोहन र वन पैदावारको व्यापक दुरुपयोग, आर्थिक अनियमितता, रुख कटान गरिएका क्षेत्रमा पुनरुत्पादनको न्यूनताका कारण दिगोपनाको अभाव, राज्य र समुदायको व्यापक लगानीका बाबजुद जोखिमपूर्ण र त्रुटीपूर्ण कार्ययोजनको तयारी र कार्यान्वयनका कारण लक्ष्य हासिल नभई समुदायमा उच्च आर्थिक नोक्सानी भएको अवस्था छ । वैज्ञानिक वन व्यवस्थापनका नाममा अनियमिता गर्ने व्यक्ति र संस्थालाई आवश्यक कानुनी कारबाही गरी सुशासनको प्रत्याभूति गर्नुपर्ने देखिएको छ । सामुदायिक वन उपभोक्ता समूहरु निरन्तर रुपमा उच्च व्याजदरको गैरबैंकिङ्ग ऋणमा सञ्चालन भई स्थानीय समुदायमा जोखिमहरु उत्पन्न हुनुका साथै वनमा जीवन निर्भर रहेका विपन्न वर्गको लागि वैज्ञानिक वन व्यवस्थापन कार्यक्रम लाभदायी नभई **समृद्धिका लागि वन** भन्ने नेपालको सरकारको अवधारणा हासिल हुन नसक्ने देखिएको छ । यसलाई सुधार गर्न नयाँ दिगो वन व्यवस्थापन कार्यविधि तर्जुमा गरी सोही अनुसार सामुदायिक वन र साझेदारी वनमा

दिगो वन व्यवस्थापन कार्ययोजना तर्जुमा गर्न र सो को कार्यान्वयन गर्न उपयुक्त हुने देखिएको छ ।अनुगमन संयन्त्रलाई प्रभावकारी बनाउन पनि उत्तिकै जरुरी देखिन्छ ।

## ४.२ समितिबाट दिइएका सुझाव एवं निर्देशनहरु

### (क) नीतिगत एवं कानुनी सुधारका लागि दिनुपर्ने निर्देशनहरु

२९. नेपाल सरकार (कार्य विभाजन) निमायवली, २०७४ को नियम ५ (अनुसूची २ को १(८)) अनुसार संघीय मन्त्रालयहरुले तर्जुमा गर्ने निर्देशिका र कार्यविधिहरु मन्त्रिपरिषद्बाट स्वीकृत गराउनु पर्ने व्यवस्था रहेको र वन ऐन, २०७६ को दफा ८४ मा वन ऐन र वन नियमावलीको कार्यान्वयनका लागि आवश्यक पर्ने निर्देशिका र कार्यविधिहरु नेपाल सरकारले पारित गर्नुपर्ने व्यवस्था रहेकोमा तत्कालीन वन तथा भू-संरक्षण मन्त्रालयबाट मिति २०७१।७।२७ को सचिवस्तरीय निर्णयबाट वैज्ञानिक वन व्यवस्थापन कार्यविधि, २०७१ लागू गरिँदै आएको देखिएको हुँदा वैज्ञानिक वन व्यवस्थापन कार्यविधि, २०७१ खारेज गरी राष्ट्रिय वन नीति, २०७५ र वन ऐन, २०७६ को उद्देश्य अनुरुप वन क्षेत्रको आर्थिक, सामाजिक र वातावरणीय पक्ष समेत विचार गरी सहभागितामूलक रुपमा दिगो वन व्यवस्थापन गर्न आवश्यक पर्ने सूचकहरु सहितको राष्ट्रिय मापदण्ड तर्जुमा गरी लागू गर्न नेपाल सरकारलाई निर्देशन दिने ।

३०. वन ऐन, २०७६ को दफा ११ बमोजिम वन क्षेत्रका लागि एकिकृत वा प्रदेशगत र डिभिजनल तहमा समेत वनसम्बन्धी रणनीतिक योजना तर्जुमा गरी सोही अनुसार वन व्यवस्थापन गर्ने व्यवस्था भएकोमा सो नगरी प्राकृतिक वनमा रहेको विशेष गरी सालका रुख कटानमा केन्द्रित भई वैज्ञानिक वन व्यवस्थापन कार्ययोजनाहरु मात्र तर्जुमा गरी कार्यान्वयन गर्दा वन तथा वातावरणको विनाश र आर्थिक क्षति हुन गएको देखिएकोले वैज्ञानिक वन व्यवस्थापन कार्ययोजनाहरु तत्काल खारेज गरी वन ऐन, २०७६ को दफा ११ बमोजिम वन तथा वातावरण मन्त्रालयको संयोजनमा आर्थिक, सामाजिक र वातावरणीय पक्षको समेत विचार गरी एकिकृत वा प्रदेशगत तहमा वनसम्बन्धी रणनीतिक योजना तर्जुमा गरी सोही अनुसार सामुदायिक वन र साझेदारी वनसम्बन्धी दिगो वन व्यवस्थापन कार्ययोजना तर्जुमा गर्न र त्यसलाई कार्यान्वयन गरी वन व्यवस्थापन गर्न नेपाल सरकारलाई निर्देशन दिने ।

३१. वातावरण संरक्षण ऐन, २०७६ को दफा ३० बमोजिम घोषणा गरिएको चुरे वातावरण संरक्षण क्षेत्रमा वातावरण संरक्षण नियमावली, २०७७ को नियम ३४ अनुसार कुनै पनि वनस्पति काट्न, ढाल्न, हटाउन, उखेल्न, फेर्न तथा वनस्पतिलाई हानि नोक्सानी पुऱ्याउन नपाइने व्यवस्था गरिएको, वातावरण संरक्षण क्षेत्रको आधिकारिक निकायको रुपमा रहेको राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समितिले वन कार्यालयहरुलाई रुख कटान गर्ने गरी कार्ययोजना बनाउन अनुमति वा स्वीकृति नदिएको, नेपाल सरकार मन्त्रिपरिषद्बाट मिति २०७२।१।२५ मा चुरे क्षेत्रमा १९ डिग्रीसम्मको भिरालो वनबाट ढलापडा, मरेको, मर्न लागेको, रोग लागेको, बाङ्गाटिङ्गा र बुढा रुखहरुबाट मात्र काठ दाउरा संकलन गर्न पाइने र काठ दाउरा संकलन गर्ने प्रयोजनका लागि चुरे क्षेत्रको वनमा बाटो बनाउन नपाईने निर्णय भएको र नेपाल सरकार मन्त्रिपरिषद्बाट स्वीकृत चुरे तराई मधेश संरक्षण तथा व्यवस्थापन गुरुयोजना, २०७४ मा १९ डिग्रीभन्दा बढी भिरालो वनमा संरक्षणमुखी वन व्यवस्थापन मात्र गर्न पाइने व्यवस्था गरेको अवस्थामा यीक्षेत्रमा लागू गरिएका वैज्ञानिक वन व्यवस्थापन कार्यक्रम रद्ध गरी दिगो वन व्यवस्थापन कार्ययोजनाहरु तर्जुमा गरी कार्यान्वयन गर्न वन तथा वातावरण मन्त्रालयलाई निर्देशन दिने ।

३२. सार्वजनिक लेखा समितिद्वारा गठित वैज्ञानिक वन व्यवस्थापन कार्यक्रम अध्ययन तथा छानबिन उपसमितिलाई स्थलगत अध्ययन, अनुसन्धान र अवलोकन क्रममा वन तथा वातावरण मन्त्रालय, प्रदेशमा रहेको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, प्रदेश वन निर्देशनालय, वन कार्यालयहरु र वन उपभोक्ता समूहहरुले आवश्यक कागजातहरु उपलब्ध नगराउने, माग गरेका कागजातहरु लुकाउने वा नष्ट गर्ने, झुट्ठा र किर्ते विवरण उपलब्ध गराउने, आवश्यक कागजात वा विवरण उपलब्ध गराउन अटेर गर्ने र कैयौं जिल्लाबाट हालसम्म पनि माग गरिएका कागजात र विवरणहरु उपलब्ध गराउन नसकेको अवस्थामा बन सम्बन्धी भरपर्दो एकिकृत सूचना व्यवस्थापन प्रणालीको व्यवस्था गर्न वन तथा वातावरण मन्त्रालयलाई निर्देशन दिने ।

३३. वन ऐन, २०७६ र वन नियमावली, २०५१ एवं वन सम्बन्धी विभिन्न निर्देशिका र कार्यविधिहरुमा सामुदायिक वन र साझेदारी वनका कार्ययोजना तर्जुमा गर्दा वन कार्यालयले प्राविधिक सहयोग उपलब्ध गराउनु पर्ने व्यवस्था गरिएकोमा सो नगरी सामुदायिक वन र साझेदारी वनका कार्ययोजनाहरु तर्जुमा गर्दा अस्वाभाविक रुपमा लाखौं रकम परामर्शदाताहरुलाई उपलब्ध गराउँदै आएको, परामर्शदाताहरुले फिल्डमा गई कम्तीमा ६ महिना लगाएर तयार गर्नुपर्ने कार्ययोजना काठमाण्डौ र होटलमा बसी किर्ते र नक्कल गरी त्रुटीपूर्ण कार्ययोजना तयार गर्ने गरेको, सामुदायिक वनका कार्ययोजना वनाउने कार्यमा संलग्न परामर्शदाताको योग्यता र जवाफदेहिता नतोकिएको र परामर्शदाताका कारण हुन गएको वन विनाश वा वातावरणीय क्षति वापत क्षतिपूर्ति भराउने विषयमा कुनै व्यवस्था नगरिएकोले उक्त कार्य रोकी सामुदायिक वन र साझेदारी वनका कार्ययोजना तर्जुमा गर्दा वन कार्यालयले नै प्राविधिक सहयोग उपलब्ध गराउनु पर्ने व्यवस्थालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न र वन कार्यालयको प्राविधिक क्षमताले नभ्याउने भई परामर्शदाता लिनु पर्ने अवस्था भएमा नेपाल वन प्राविधिक परिषद्को स्थापना गरी सो परिषद् मार्फत सामुदायिक वन तथा साझेदारी वनका कार्ययोजना बनाउनमा प्राविधिक सहयोग गर्ने परामर्शदाताहरुको योग्यता एवं जवाफदेहिता, परामर्शदाता छनौट तथा पारिश्रमिकको सीमा र परामर्शदाताले बनाएको वन व्यवस्थापन कार्ययोजनाका कारण वनमा क्षति भएमा क्षतिपूर्ति भराउने विषयमा आवश्यक कानूनी व्यवस्था गर्न वन तथा वातावरण मन्त्रालयलाई निर्देशन दिने ।

३४. वन संरक्षण क्षेत्रको वन विनास हुने गरी वैज्ञानिक वन व्यवस्थापनका आधारमा रुख कटान गर्ने कार्य जैविक मार्ग संरक्षणमा घातक हुने भएको र उक्त कार्ययोजनाहरु वन ऐन, २०७६ को दफा १५ विपरित भएकोले 'वन संरक्षण क्षेत्र' मा पर्ने सामुदायिक वनका वैज्ञानिक वन व्यवस्थापन कार्ययोजनाहरु तत्काल खारेज गरी दिगो वन व्यवस्थापन कार्ययोजना तर्जुमा गरी कार्यान्वयन गर्न र कैलालीको बसन्ता वन संरक्षण क्षेत्र, कञ्चनपुरको लालझाडी-मोहना वन संरक्षण क्षेत्र, शुक्लाफाँटा राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्र र डडेल्धुराको महाभारत क्षेत्रलाई एक आपसमा जोड्ने गरी वन ऐन, २०७६ को दफा १५ बमोजिम वन संरक्षण क्षेत्र घोषणा गरी उक्त वनहरुलाई संरक्षणमुखी सामुदायिक वनको रुपमा व्यवस्थापन गर्न गराउन नेपाल सरकारलाई निर्देशन दिने ।

### (ख) कानुनी कारबाहीका लागि निर्देशनहरु

३५. वातावरण संरक्षण ऐन, २०७६ को दफा ३० बमोजिम सिमाना निर्धारण गरी वातावरण संरक्षण क्षेत्र घोषणा गरिएको चुरे र तराईको वनमा वैज्ञानिक वन व्यवस्थापन गर्ने भनी काठ कटान र संकलन गर्ने नाममा भू-क्षय हुने गरी जताततै बाटो र ठूला तथा चौडा अग्निरेखाहरु निर्माण गरी

व्यापक भू-क्षय गराई वातावरण संरक्षण ऐन, २०७६ को दफा ३० र वातावरण संरक्षण नियमावली, २०७७ को नियम ३४ विपरितको कार्य गरेको देखिन आएकोले यस कार्यमा संलग्न अनुशूची ६, ७ र ८ मा उल्लिखित समेत सबै दोषी डिभिजनल वन अधिकृत, सामुदायिक वन उपभोक्ता समूहका पदाधिकारीहरु, वैज्ञानिक वन कार्ययोजना बनाउने परामर्शदाता र वन कटानको ठेक्का लिने ठेकेदारहरुको पहिचान गरी वातावरण संरक्षण ऐन, २०७६ को दफा ३५(३) बमोजिम कारवाही गर्न नेपाल सरकारलाई निर्देशन दिने ।

३६. वैज्ञानिक वन व्यवस्थापन कार्यक्रम लागू गरिएका सामुदायिक वन उपभोक्ता समूहमा उपभोक्ता समूहका साधारण सदस्यहरु र पदाधिकारीहरुको किर्ते दस्तखत गर्ने, नक्कली वन उपभोक्ता घरधुरी खडा गर्ने र एउटै घरलाई एक भन्दा धेरै वन उपभोक्ता समूहमा सदस्य बनाई वैज्ञानिक वन व्यवस्थापन कार्यक्रम अन्तर्गत रुख कटान गर्नका लागि किर्ते कागजात तयार गर्ने कार्यहरुमा संलग्न रही अख्तियारको दुरुपयोग गरी भ्रष्टाचारमा संलग्न रहेका कैलाली, कञ्चनपुर, कपिलवस्तु, नवलपुर, सिन्धुली, लगायतका जिल्लाहरुमा वैज्ञानिक वन व्यवस्थापन कार्ययोजना लागू गरेका सामुदायिक वन र साझेदारी वन उपभोक्ता समूहका अनुसूची ६, ७ र ८ मा उल्लिखित समेत सबै दोषी पदाधिकारीहरु, प्रदेशका वन कार्यालयका पदाधिकारी, डिभिजनल वन कार्यालयका कर्मचारीहरु तथा कार्ययोजना बनाउने परामर्शदाताहरु र काठ कटानमा संलग्न व्यक्तिहरुको पहिचान र थप छानबिन गरी कानुनी कारबाही गर्न अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई निर्देशन दिने ।

३७. सामुदायिक वनको वन पैदावार संकलन तथा बिक्री वितरण निर्देशिका, २०७१ को दफा १४(२) मा सामुदायिक वनमा रुख कटान, मुछान तथा संकलन गर्दा उपभोक्ता समूहले आफ्नै खर्च र जिम्मेवारीमा आर्थिक तथा मानवीय स्रोत परिचालन गरी गर्नुपर्ने र यसका लागि कुनै व्यक्तिबाट सापटी वा काठ दाउरा व्यवसायमा संलग्न व्यक्ति, फर्म, कम्पनी वा उद्योगबाट अग्रिम लगानीका रुपमा रकम लिन नपाइने व्यवस्था गरिएको भएपनि वैज्ञानिक वन व्यवस्थापन कार्यक्रम लागू गर्न भनी विभिन्न विचौलिया र काठ व्यावसायीहरुबाट ऋणका रुपमा उच्च व्याजदर लिने दिनेगरी स्रोत नखुलेको रकम, लिए दिएको नदेखिने रकम, गैरबैंकिङ्ग कारोवारको रकम र अबैध रकम रुख कटानमा लगानी गरी उपभोक्ता समूहलाई निरन्तर रुपमा ऋणमा डुबाई हानी नोक्सानी गरेको देखिएकोले यस्तो कार्यमा संलग्न सामुदायिक वन उपभोक्ता समूहका अनुसूची ६, ७ र ८ मा उल्लिखित समेत सबै दोषी पदाधिकारीहरुलाई थप छानबिन गरी कानुनी कारबाही गर्न अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई निर्देशन दिने ।

३८. कैलाली र कञ्चनपुर जिल्लामा वैज्ञानिक वन व्यवस्थापन कार्ययोजना लागू गरेका सामुदायिक वनहरु र साझेदारी वनहरुमा निर्धारित कटान प्लट भन्दा बाहिर गई अत्यधिक रुखहरु कटान गरेको देखिएकोले उक्त कार्यमा संलग्न सामुदायिक वन र साझेदारी वनका अध्यक्षहरु, रुख कटानमा संलग्न व्यक्तिहरु र कटान अनुगमन नगरी वा वेवास्ता गरी वन विनाशमा सघाउने अनुसूची ६ मा उल्लिखित समेत सबै दोषी डिभिजनल वन अधिकृतहरु र प्रदेश वन निर्देशक उपर छानबिन गरी वन ऐन, २०७६ को दफा ४९ बमोजिमको कसुर गरेको आधारमा उक्त ऐनको दफा ५० बमोजिमको सजाय हुने गरी कानुनी कारवाही गर्न वन तथा वातावरण मन्त्राललाई निर्देशन दिने ।

३९. वैज्ञानिक वन व्यवस्थापन कार्ययोजना तर्जुमा गर्दा फलफूल तथा बीउ दिन नसक्ने गुणस्तरहीन माउ/बीउ राख्ने गरी कार्ययोजना तर्जुमा गरेको, वातावरणीय दृष्टिकोणले जोखिमपूर्ण क्षेत्रहरुमा कटान प्लट निर्धारण गरेको र काठ व्यावसायीसँग मिलेमतो गरी वनको वार्षिक वृद्धिदरभन्दा बढी

र कटान गर्न मिल्ने भन्दा बढी रुख कटान गर्ने व्यवस्था समावेश गरेको कारण वन क्षेत्रमा अपुरणीय क्षति हुन गएकोले यसरी त्रुटीपूर्ण कार्ययोजना बनाएको विषयमा अनुगमन नगरी परामर्शदातालाई रकम भुक्तानी गर्ने डिभिजनल वन अधिकृत, तराई भू-परिधि परियोजनाका प्रमुख, रेड कार्यान्वयन केन्द्रका प्रमुख, त्रुटीपूर्ण कार्ययोजना सिफारिस गर्ने वन प्राविधिक कर्मचारी, त्रुटीपूर्ण कार्ययोजना स्वीकृत गर्ने डिभिजनल वन अधिकृत, सामुदायिक वनसम्बन्धी कार्यविधिहरुको पालना नगरी कार्ययोजना तर्जुमा गर्ने परामर्शदाता संस्था तथा व्यक्तिहरु, त्रुटीपूर्ण कार्ययोजना स्वीकृतीका लागि अनुरोध गर्ने सामुदायिक वनका पदाधिकारीहरु, कार्यविधिहरुमा उल्लिखित समयसीमा र प्रक्रियाहरुको पालना नगरी अवैध कटान आदेश प्रदान गर्ने डिभिजनल वन अधिकृत, त्रुटीपूर्ण कार्ययोजना र अवैध कटान आदेश प्रयोग गरी रुख कटान गर्ने ठेकेदारहरु र रुख कटान क्षेत्रहरुको अनुगमन नगर्ने वा अनुगमन गरेपनि वन विनाश रोक्न कुनै पहल नगर्ने अनुसूची ६ मा उल्लिखित समेत सबै दोषी प्रदेश वन निर्देशकहरुलाई थप छानबिन गरी कानुनी कारबाही गर्न नेपाल सरकारलाई निर्देशन दिने ।

४०. गलत कार्ययोजना तर्जुमा गरी वन विनाशमा सघाउने परामर्शदाताहरुको पहिचान गरी कालो सूचीमा राखी कार्ययोजना तर्जुमा गर्ने कार्य गर्नबाट रोक लगाउन र परामर्शदाताहरुको उपयोग सम्बन्धमा आवश्यक नीतिगत र कानुनी व्यवस्था गर्न वन तथा वातावरण मन्त्रालयलाई निर्देशन दिने ।

४१. वैज्ञानिक वन व्यवस्थापन कार्यक्रम संचालनमा अनियमितता गरी विभिन्न व्यक्तिहरुले अस्वाभाविक उच्च जीवनस्तर यापन गर्दै आएको देखिएकोले वैज्ञानिक वन व्यवस्थापन कार्यक्रम लागू गरेका जिल्लामा तत्कालीन समयदेखि हालसम्म कार्यरत डिभिजनल वन अधिकृतहरु, प्रदेश वन निर्देशकहरु, प्रदेशको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयका अधिकारीहरु र सामुदायिक वन उपभोक्ता समूहको पदाधिकारीका रुपमा रहेका निर्वाचित जनप्रतिनिधिहरु लगायत सबै जिम्मेवार व्यक्तिहरु उपर सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्) निवारण ऐन, २०६४ बमोजिम पहिचान र सम्पत्ति छानबिन गरी आवश्यक कानुनी कारबाही गर्न नेपाल सरकारलाई निर्देशन दिने ।

### (ग) चुरे क्षेत्रको संरक्षण सम्बन्धमा दिनुपर्ने निर्देशनहरु

४२. राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समिति मार्फत चुरे वातावरण संरक्षण क्षेत्रका लागि वार्षिक १ अर्ब ५५ करोड बजेट विनियोजन हुँदै आएता पनि चुरे वातावरण संरक्षण क्षेत्रमा वैज्ञानिक वन व्यवस्थापन कार्यक्रम अन्तर्गत रुख कटान र निर्माणजन्य खनिज पदार्थको अबैध दोहनका कारण चुरे क्षेत्रको संरक्षणमा गम्भीर चुनौति सृजना भएको देखिएकोले चुरे वातावरण संरक्षण क्षेत्रमा प्रभावकारी संरक्षणका कदमहरु चाल्नका लागि राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समितिलाई निर्देशन दिने ।

४३. तराईको जलाधार क्षेत्रको रुपमा चुरे क्षेत्र, जलस्रोतको मुख्य आधारको रुपमा रहेका सिमसार क्षेत्रहरु र वन ऐन, २०७६ को दफा १५ बमोजिम घोषणा गरिएका वन संरक्षण क्षेत्रहरुमा रहेका सामुदायिक वनहरुमा वैज्ञानिक वन व्यवस्थापन कार्यक्रम सञ्चालन गर्दा वन्यजन्तुहरुको वासस्थानमा गम्भीर प्रभाव परी वन्यजन्तुको विनाश र मानव-वन्यजन्तु द्वन्द्व वृद्धि भई राज्य र प्रभावित जनताको ठूलो आर्थिक क्षति र मानव सुरक्षामा समेत चुनौति थपिएकोले जलाधार क्षेत्र, सिमसार क्षेत्र, वन संरक्षण क्षेत्र र वन्यजन्तुको जैविक मार्गमा रहेका सामुदायिक वन तथा साझेदारी

वनहरुमा संरक्षणमुखी दिगो वन व्यवस्थापन कार्ययोजनाहरु तर्जुमा गरी कार्यान्वयन गर्न निर्देशन दिने ।

४४. तराई र चुरे क्षेत्रमा विगतमा त्रुटीपूर्ण रुपमा र सालको रुख कटानमा केन्द्रित गरी बनाइएका वैज्ञानिक वन व्यवस्थापन कार्ययोजना बमोजिम आगामी वर्षहरुमा कटान गर्नका लागि लाखौं रुखहरुलाई नम्बरिङ्ग गरिसकिएको र सोही अनुसार उक्त रुखहरु कटान गरिएमा तराई र चुरे क्षेत्रमा रहेको बाँकी प्राकृतिक वन छिट्टै समाप्त हुने अवस्था देखिएकोले वन ऐन, २०७६ को दफा ७७ अनुसार निर्णय गरी तराई र चुरे क्षेत्रमा उमेर नपुगेका साल लगायतका महत्वपूर्ण प्राकृतिक रुखहरु कटानमा प्रतिबन्ध लगाउन र वैज्ञानिक वन कार्यक्रमका लागि विनियोजन गरिएको बजेट निकासा नगर्न नगराउनका नेपाल सरकारलाई निर्देशन दिने ।

### (घ) दिगो वन व्यवस्थापनका लागि दिनुपर्ने निर्देशनहरु

४५. तराईका सामुदायिक वन र साझेदारी वन तथा चक्ला वनहरुबाट रुख कटान गरी काठ संकलन गर्ने कार्ययोजना तर्जुमा गर्दा छनौट कटान विधि (Selection system) अवलम्वन गर्ने गरी दिगो वन व्यवस्थापन कार्ययोजना तर्जुमा गरी कार्यान्वयन गर्न, चुरे क्षेत्र बाहेक अन्यत्रका विभिन्न भौगोलिक क्षेत्रहरुमा १९ डिग्रीसम्मको भिरालो उत्पादनमूलक कुनै वनमा Shelter-Wood System लागू गर्ने भएमा उक्त वनको कुनै एउटा नमूना परीक्षण प्लटमा कम्तिमा १० वर्ष परीक्षण गरी प्राकृतिक पुनरुत्पादन भई सोको संरक्षण हुने कुरा सुनिश्चित भएमा मात्र पुनरुत्पादन हुन सक्ने अरु यस्तै किसिमका प्लटमा सम्भाव्य भू-क्षयलाई न्यूनीकरण गर्ने गरी वन पैदावार उत्पादकत्व वृद्धिको उद्देश्य राखी छनौट कटान विधि अन्तर्गतको उपयुक्त वन सम्बर्द्धन प्रणाली (Silviculture System) को आधारमा उक्त प्रणाली लागू गर्न सकिने कुरा नयाँ तर्जुमा गरिने दिगो वन व्यवस्थापन मापदण्डमा समावेश गर्न, राष्ट्रिय प्राथमिकता प्राप्त परियोजनाका लागि स्वीकृति प्राप्त गरेको निश्चित् वन क्षेत्रमा सरपट कटान गरिए वापत वातावरण संरक्षण नियमावली, २०७७ र स्वीकृत वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन एवं वातावरणीय व्यवस्थापन योजना बमोजिम क्षतिपूर्तिको रुपमा वृक्षारोपण गरी वन हुर्काउने कुराको सुनिश्चितता गर्नुपर्ने कुरा सम्बन्धित कार्यविधिहरुमा उल्लेख गर्न र क्षयीकरण भएका वन क्षेत्रहरुमा वृक्षारोपण र संरक्षणमुखी काम गरी हुर्काएको मानव निर्मित वनमा मात्र उपयुक्त वन सम्बर्द्धन प्रणाली (Silviculture System) अवलम्वन गर्न दिगो वन व्यवस्थापन मापदण्डमा आवश्यक व्यवस्था गर्न वन तथा वातावरण मन्त्रालयलाई निर्देशन दिने ।

४६. वन सम्बर्द्धन प्रणाली (Silviculture System) अवलम्वन गरी वन व्यवस्थापन गर्दा वन सम्बर्द्धनका आधारभूत प्राविधिक पक्षहरु (जस्तै : बीउ/माउ रुख छनौट, बीउ तथा बिरुवा वा मुना उत्पादन, पुनरुत्पादन संरक्षण, वृद्ध तथा रोगी रुखहरु पहिचान गर्ने आधुनिक प्रविधिको प्रयोग, रुख कटानका लागि किफायति र आधुनिक प्रविधि र औजारहरुको समुचित प्रयोग, कटान गरिएका काठको सुरक्षा र गुणस्तर कायम, प्राविधिक ज्ञानको सृजना र हस्तान्तरण जस्ता कार्यमा न्यूनतम दक्षता कायम गर्नुपर्ने विषयहरु दिगो वन व्यवस्थापन सम्बन्धी राष्ट्रिय मापदण्डमा उल्लेख गरी कार्यान्वयन गर्न वन तथा वातावरण मन्त्रालयलाई निर्देशन दिने ।

४७. नेपालमा रहेको वनको प्रकार र प्रकृति अनुसार फागुन/चैत्रदेखि जेठ/असारसम्म पालुवा पलाउने, मुना पलाउने, रुख बिरुवामा फलफूल लाग्ने र चराचुरुङ्गीले बच्चा हुर्काउने समय हुने भएकोमा वन नियमावली र वन सम्बन्धी विभिन्न कार्यविधिहरुमा जेठ मसान्तसम्म वन प्रवेश गरी रुख कटान गर्न अनुमति दिने व्यवस्था भएकोमा उक्त व्यवस्था प्राकृतिक वनको संरक्षणका दृष्टिकोणले अनुपयुक्त

र घातक भएको हुँदा वन नियमावलीमा भएको उक्त व्यवस्थामा सुधार गरी सामुदायिक वन, साझेदारी वन र सरकारी वनमा कार्ययोजना बमोजिम छनौट विधि (Selection System) अवलम्वन गरी कटान आदेश प्रदान गर्ने भएमा कात्तिक मसान्तदेखि मंसिर मसान्तसम्ममा कटान आदेश प्रदान गर्ने र माघ मसान्तसम्ममा रुख कटान गरी घाटगद्दी गरी सक्ने किसिमको कानुनी व्यवस्था गरी कार्यान्वयन गर्न गराउन वन तथा वातारण मन्त्रालयलाई निर्देशन दिने ।

४८. वैज्ञानिक वन व्यवस्थापन कार्ययोजना अन्तर्गत हालसम्म कटान गरी अव्यवस्थित र असुरक्षित अवस्थामा रहेका र घाटगद्दी गरेका साल लगायतका काठहरुको स्पष्ट लगत सहित तत्काल सुरक्षित अवस्थामा राखी उक्त काठ दाउरा नेपाल सरकारले सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार ई-पोर्टल बनाई विद्युतीय बोलपत्र (ई-टेण्डर) का माध्यमबाट लिलाम बढाबढ गरी बिक्री गर्न, यसरी बिक्री गर्दा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १२क अनुसार प्राप्त काठको मूल्य अभिवृद्धि कर अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ६ बमोजिम नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहमा बाँडफाँड गरी काठ बिक्रीबाट प्राप्त रकम मध्ये स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ख बमोजिम १० प्रतिशत रकम वन पैदावार शुल्कको रुपमा सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा जम्मा गरी बाँकी रकम सम्बन्धित वन उपभोक्ता समूहको बैंक खातामा जम्मा गर्न लगाई उक्त रकम वन ऐन, २०७६ को दफा २२ मा तोकिएका शीर्षकहरुमा मात्र खर्च गर्न र वन ऐन, २०७६ को दफा ३३ अनुसार उपभोक्ता समूहको एउटा मात्र कोष रहने व्यवस्था गरिएकोमा दुई वा सो भन्दा बढी कोष खडा गरी रकम दुरुपयोग गरेको देखिएकोले उपभोक्ता समूहहरुले सबै रकम तत्काल एउटा मात्र कोषमा राखी व्यवस्थापन गर्न गराउन वन तथा वातावरण मन्त्रालयलाई निर्देशन दिने ।

४९. सामुदायिक वन तथा साझेदारी वनबाट काठ बिक्री गर्दा अवलम्बन गर्नुपर्ने प्रकृया पारदर्शी नभई व्यवसायिक प्रयोजनका लागि सस्तो मूल्यमा काठ बिक्री गर्ने, मूल्य अभिवृद्धि कर छली गर्ने र काठ व्यावसायीले महंगो बजार मूल्य कायम गरी काठ बिक्री गर्ने प्रवृत्ति देखिएको र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ख मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपयोगसम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई स्थानीय तहबाट स्वीकृत गराउनु पर्ने व्यवस्था भएपनि सो नगराएको देखिएकोले अब आइन्दा दिगो वन व्यवस्थापन गरी संकलित काठ दाउरा बिक्री तथा उपयोग गर्नुपूर्व उपभोक्ता समूहले सोको बिक्री र सदुपयोग सम्बन्धी वार्षिक योजना बनाई सम्बन्धित स्थानीय तहको सभामा पेश गरी स्वीकृत भए अनुसार मात्र काठको बिक्री वितरण तथा सदुपयोग गर्ने व्यवस्था गर्न गराउन वन तथा वातावरण मन्त्रालयलाई निर्देशन दिने ।

५०. कागजमा काठ देखिने तर स्थलगत रुपमा काठ नहुने र स्थलगत रुपमा काठ हुने तर कागजमा नदेखिने अवस्थाका कारण तराई, चुरे र भित्री मधेशमा वैज्ञानिक वन व्यवस्थापन लागू गरी सामुदायिक वन, साझेदारी वन र सरकारी चक्ला वनहरुमा कटान भएका काठहरुको ठूलो परिमाण मौज्दात रही नोक्सान हुने अवस्था देखिएको र विभिन्न बहानामा नयाँ काठ कटान गरी नयाँ पुरानो काठ मिसाई व्यापक अनियमितता भइरहेको देखिएकोले उक्त पुरानो काठ मौज्दात रहेका सामुदायिक वन, साझेदारी वन र सरकारी वनहरुमा पुरानो र मौज्दात काठ बोलपत्र आव्हान गरी बिक्री वितरण गरेर मात्र थप काठ संकलनका लागि कटान आदेश प्रदान गर्ने व्यवस्था गर्न वन तथा वातावरण मन्त्रालयलाई निर्देशन दिने ।

५१. सामुदायिक वनहरुमा वैज्ञानिक वनका नाममा रुख कटान गर्न आधुनिक चेन सः हरुको दुरुपयोग गरी वन विनाश गरेको देखिएकोले सम्बन्धित स्थानीय तह र डिभिजन वन कार्यालयको संयुक्त अनुमतिपत्र नलिई कसैले पनि रुख कटान गर्ने आधुनिक चेन सःहरु खरिद गर्न, राख्न र रुख

कटानका लागि प्रयोग गर्न नपाउने व्यवस्था गर्न गराउन वन तथा वातावरण मन्त्रालयलाई निर्देशन दिने ।

५२. सामुदायिक वन तथा साझेदारी वनको मुख्य उद्देश्य वन उपभोक्ताहरुको वन पैदावारमा आधारित आधारभूत आवश्यकता परिपूर्ति गर्ने भएकोले उपभोक्ता समूहको मागका आधारमा वार्षिक रुपमा संकलन गर्नुपर्ने काठको परिमाण एकिन गरी उक्त परिमाण उपभोक्ता समूहको साधारण सभाबाट पारित गराई सोही परिमाण बराबरको काठ दाउरा मात्र संकलन गर्न र दिगो वन व्यवस्थापन गरी संकलन गरिएका काठ दाउरा उपभोक्ता समूहमा बिक्री वितरण गरी बाँकी रहेको अवस्थामा मात्र बोलपत्र आव्हान गरी समूह बाहिर बिक्री गर्न पाइने स्पष्ट व्यवस्था गर्न वन तथा वातावरण मन्त्रालयलाई निर्देशन दिने ।

५३. सामुदायिक वन, साझेदारी वन र सरकारी वनबाट सर्वसाधारणको घरकाजका लागि भनी जिल्ला वन पैदावार आपूर्ति समितिलाई छुट्याएको २५ प्रतिशत काठ वर्षौंदेखि बिक्री वितरण नगरी सडीगली रहेको र उक्त आपूर्ति समिति प्रभावहीन देखिएकोले जिल्ला वन पैदावार आपूर्ति समिति खारेज गरी सम्बन्धित स्थानीय तहमा नै काठ बिक्री वितरण अनुगमन समिति गठन गरी सर्वसाधारण जनताको काठमाथिको पहुँच सुनिश्चित गर्ने गरी कानुनी व्यवस्था गरी कार्यान्वयनमा ल्याउन वन तथा वातावरण मन्त्रालयलाई निर्देशन दिने ।

५४. निर्वाचित जनप्रतिनिधि, काठ व्यावसायीहरु, विभिन्न निकायमा कार्यरत बहालवाला सरकारी कर्मचारी र शिक्षकहरुले सामुदायिक वन उपभोक्ता समूहको नेतृत्व कब्जा गरी निहित स्वार्थ बाझिने गरी आफनो पक्षमा निर्णय गर्ने गराउने कार्य गरी सामुदायिक वनको दुरुपयोग गर्दै आएको देखिएकोले वन तथा वातावरण मन्त्रालयले वन नियमावलीमा निर्वाचित जनप्रतिनिधि, काठ व्यावसायीहरु, विभिन्न निकायमा कार्यरत बहालवाला सरकारी कर्मचारी, कुनै पनि तहको सञ्चित कोषबाट सुविधा पाएको व्यक्ति र शिक्षकहरु सामुदायिक वन उपभोक्ता समूहको कार्यसमितिमा पदाधिकारी हुन नपाउने व्यवस्था गर्न गराउन निर्देशन दिने ।

५५. वन पैदावारमा जीवन निर्भर रहेका विपन्न, एकल महिला, आदिवासी जनजाति, दलित आदि समुदायलाई वैज्ञानिक वन व्यवस्थापन कार्यक्रमका नाममा वन पैदावारमाथिको पहुँचबाट वञ्चित गरिएको देखिएको र यसबाट वन पैदावारमा आधारित लघु उद्यमहरु समेत प्रभावित भएको देखिएकोले वन पैदावारमाथिको यी समुदायको पहुँचलाई पहिलो प्राथमिकता प्रदान गर्ने व्यवस्था गर्न वन तथा वातावरण मन्त्रालयलाई निर्देशन दिने ।

५६. सामुदायिक वन र साझेदारी वनको साधारण सभा आयोजना गर्ने समयमा विभिन्न असम्बन्धित पक्षहरुले अनधिकृत समूह/व्यक्ति परिचालन गरी शक्तिको दुरुपयोग गर्ने, एक घरधुरी एकभन्दा बढी वन उपभोक्ता समूहको सदस्य भई विकृति सृजना गर्ने, भड्किलो रुपमा चुनाव प्रचार गरी साधारण सभा कब्जा गर्ने, किर्ते कागज खडा गर्ने र सामाजिक असुरक्षा पैदा गर्ने गरेको देखिएकोले उपभोक्ता समूहले सम्बन्धित सुरक्षा निकाय र स्थानीय तहसँग समन्वय गरेर मात्र साधारण सभाहरु आयोजना गर्न, कार्यसमितिको कार्यअवधि सकिएका सबै वन उपभोक्ता समूहका तत्काल साधारण गर्न, एक घरधुरी एउटा मात्र वन उपभोक्ता समूहमा सदस्य हुन र कुनै पनि पक्षबाट साधारण सभा कब्जा हुनबाट रोक्ने प्रबन्ध गरी सहभागितामूलक रुपमा निर्णय हुने वातावरणको सृजना गर्न गराउन वन तथा वातावरण मन्त्रालयलाई निर्देशन दिने ।

# अनुसूची- १

## महालेखापरीक्षकको ५६औं वार्षिक प्रतिवेदन, २०७५ मा उल्लिखित वैज्ञानिक वन व्यवस्थापन कार्यक्रम सम्बन्धी बेरुजु विवरण

वनको उचित व्यवस्थापनबाट स्थानीय तथा राष्ट्रिय अर्थतन्त्रमा उल्लेखनीय योगदान रहने तथ्यलाई आत्मसात गरी नेपालले २०७१ देखि वैज्ञानिक वन व्यवस्थापन कार्यविधि कार्यान्वयनमा ल्याएको देखिन्छ । संयुक्त राष्ट्र संघले दिगो वन व्यवस्थापनका लागि जारी गरेको विश्वव्यापी लक्ष्य एवं भारतमा प्रयोगमा ल्याइएका सेल्टरउड तथा सेलेक्सन पद्धतिलाई वैज्ञानिक वन व्यवस्थापनको आधार मानी कार्यान्वयनमा ल्याएको पाइयो । कपिलवस्तु जिल्लाबाट शुरु भएको यो कार्यक्रम हाल डोटी, जुम्ला, रुपन्देही, ललितपुर, बारा, इलाम, धनुषासमेत ४४ जिल्लामा कार्यान्वयनमा रहेको छ । कूल वन क्षेत्रको ५१ प्रतिशत क्षेत्रमा उत्पादनमूलक वैज्ञानिक वन व्यवस्थापन गरी वार्षिक ६ देखि १२ करोड घनफिटसम्म काठ उत्पादन, १२ लाख ९५ हजारसम्मले वार्षिक रोजगारी र वार्षिक करिब एक खर्ब राजस्व आर्जन हुने अनुमानका साथ कार्यविधि बनाई कार्यान्वयनमा ल्याएको यस कार्यक्रमको वातावरणीय लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **गार्हस्थ्य उत्पादनमा योगदान** – आर्थिक सर्वेक्षणहरुमा कूल गार्हस्थ्य उत्पादनमा कृषि तथा वन क्षेत्रको योगदान छुट्टाछुट्टै देखिने विश्लेषण नगरी वन क्षेत्रको योगदानलाई कृषि क्षेत्रको योगदानसँग आवद्ध गरेको देखिन्छ । कूल गार्हस्थ उत्पादनमा कृषि तथा वन क्षेत्रको योगदान २०६७/६८ मा ३६ प्रतिशतसम्म पुगेकोमा २०७४/७५ मा २७ प्रतिशतमा सीमित रहेको छ । वैज्ञानिक वन व्यवस्थापन कार्यविधि, २०७१ बमोजिम वन क्षेत्रबाट वार्षिक १ खर्ब रुपैया राजस्व सङ्कलन गर्न सकिने अनुमान गरे तापनि यो वर्ष रु.२ अर्ब (२ प्रतिशत) राजस्व सङ्कलन भएको देखिँदा कूल गार्हस्थ्य उत्पादनमा वन क्षेत्रको योगदान न्यून रहेको छ । वैज्ञानिक वन व्यवस्थापनको आवधिक लक्ष्यसहितको कार्ययोजना बनाई प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

२. **कार्ययोजना** – वन तथा भू-संरक्षण विभागबाट प्राप्त तथ्यांकमा नेपालको जंगलमा ४४३ प्रजातिका २ अर्ब ५६ करोड ३२ लाख रुख रहेको उल्लेख छ । जसबाट जमिनमाथिको सुख्खा जैविक पिण्ड १ अर्ब १५ करोड ९६ लाख टन रहेको छ । नेपालको कूल क्षेत्रफल १ करोड ४७ लाख १८ हजार १०० हेक्टर मध्ये ४०.४० प्रतिशत जंगल र ४.३४ प्रतिशत बुट्यान सहित वनको क्षेत्रफल ६६ लाख १० हजार हेक्टर रहेको छ । कार्यविधि तयार गर्दा तत्काल कायम रहेको वन क्षेत्र ४२ लाख ७५ हजार हेक्टर (५१ प्रतिशत) को हुने २१ लाख ८० हजार हेक्टर वन क्षेत्र उत्पादनमूलक वैज्ञानिक वन व्यवस्थापन गर्न योग्य रहेको उल्लेख छ । कार्यक्रम लागू भएको ६ वर्ष बितिसक्दा जम्मा ८४ हजार ३३४ हेक्टर (३.९० प्रतिशत) मा मात्र वैज्ञानिक वन व्यवस्थापन कार्ययोजना स्वीकृत गरी लागू गरेको र वैज्ञानिक वन व्यवस्थापन कार्यविधि, २०७१ लागू भएपछि ३ वर्षमा रु.३७ करोड ६ लाख खर्च भएको स्थितिले वैज्ञानिक वन व्यवस्थापनको कार्यान्वयन स्थिति सुस्त रहेको देखियो । उत्पादनशील वनको आवधिक लक्ष्य सहितको कार्ययोजना बनाई वैज्ञानिक वन व्यवस्थापनद्वारा अधिकतम लाभ लिन कार्यान्वयनमा दक्षता ल्याउनुपर्दछ ।

३. **आय** – वैज्ञानिक वन व्यवस्थापन कार्यविधि, २०७१ अनुसार तराईका २० जिल्लाको ४ लाख ९३ हजार ३७९ हेक्टर क्षेत्रफलको आधा अर्थात् २ लाख ४६ हजार ६८९ हेक्टरमा मात्र वैज्ञानिक वन व्यवस्थापन कार्यक्रम लागू भएमा वार्षिक रु.१५ अर्बका दरले आय आर्जन हुने अनुमान गरे पनि २०६९।७० देखि २०७४।७५ सम्म ६ वर्षको वन क्षेत्रको आयआर्जन क्रमशः रु.१.३९, रु.१.१८, रु.०.५३, रु.०.७०, रु.१.५३ र रु.२ अर्ब रहेको पाइयो । वन क्षेत्रको प्रभावकारी उपयोगका लागि वैज्ञानिक वन व्यवस्थापन

**कार्यक्रमलाई पूर्ण रुपमा लागू गर्दा वार्षिक रु.१ खर्ब राजस्व प्राप्त हुने प्रक्षेपण गरेकोमा २०६९।७० देखि २०७४।७५ सम्म वार्षिक औसत रु.१ अर्ब २२ करोड (१.२२ प्रतिशत) मात्र प्राप्त भएको देखिएकोले वैज्ञानिक वन व्यवस्थापनबाट प्राप्त आय न्यून देखिएको छ । अतः प्रक्षेपित आय प्राप्त हुने गरी दक्षतापूर्वक कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ ।**

**४. लक्ष्य र उत्पादन – वैज्ञानिक वन व्यवस्थापन कार्यविधि, २०७१ मा कार्यक्रमको एकीकृत विवरण खुल्ने तथ्याङ्क राख्नुपर्ने व्यवस्था छ । वन तथा भू-संरक्षण विभागले वैज्ञानिक वन व्यवस्थापन कार्यक्रम लागू भएका ४४ जिल्लाको स्वीकृत कार्ययोजना अनुरुपको उपलब्धी खुल्ने तथ्याङ्क सङ्कलन नगरेको हुँदा विश्लेषण गर्न सकिएन । कार्यक्रम लागू भएका कैलाली, सुर्खेत, बाँके र सर्लाहीबाट प्राप्त विवरणमध्ये कैलाली जिल्लाको काठ उत्पादन लक्ष्य वार्षिक १ लाख ५१ हजार घनफिट रहेकोमा २०७४।७५ मा ४ लाख ४१ हजार घनफिट (२९२ प्रतिशत बढी) उत्पादन गरेको छ । सुर्खेत जिल्लाको वार्षिक लक्ष्य १ लाख ६ हजार घनफिट रहेकोमा ३६ हजार घनफिट (३४ प्रतिशत), सर्लाही जिल्लाको वार्षिक लक्ष्य २ लाख ४३ हजार घनफिट रहेकोमा २०७४।७५ मा ३५ हजार घनफिट (१४.१९ प्रतिशत) मात्र उत्पादन भएको छ । बाँके जिल्लाको वार्षिक लक्ष्य ६५ हजार घनफिट रहेकोमा १ लाख ५० हजार घनफिट उत्पादन गरेको पाइयो । कार्ययोजना अनुसार घटी/ बढी उत्पादन हुनुको कारण पहिचान गरी सुधार गर्नुपर्दछ ।**

**५. जग्गाको सट्टा भर्ना – वन ऐन, २०४९ को दफा ६८ तथा वन क्षेत्र प्रयोग गर्ने सम्बन्धी कार्यविधि, २०७४ को बुँदा ८ अनुसार मुनाफा कमाउने उद्देश्यले कार्यान्वयन हुने योजनाले वन क्षेत्रको भू-उपयोग स्थायी रुपमा परिवर्तन हुने गरी सम्झौता गरेमा एक वर्षभित्र सो बराबरको सट्टा जग्गा उपलब्ध गराएपछि मात्र राष्ट्रिय वन प्रयोग गर्न पाउने व्यवस्था छ । मन्त्रालयले वन क्षेत्रको जग्गा अन्य प्रयोजनका लागि दिएको सम्बन्धमा गरेको अनुगमन प्रतिवेदन, २०७५ अनुसार १६४ जलविद्युत आयोजना, २२ सिमेन्ट उद्योग, १९ पर्यापर्यटन उद्योगलाई क्रमशः ३ हजार २२३, ३९८.८५ र २१४.७४ हेक्टर जग्गा उपलब्ध गराएकोमा उक्त आयोजना र उद्योगले सट्टा जग्गा उपलव्ध गराएको देखिएन । वन क्षेत्रको दिगो विकासका लागि सट्टा जग्गा प्राप्त गरी वैज्ञानिक वन व्यवस्थापनको माध्यमद्वारा वन क्षेत्रको संरक्षण गरिनुपर्दछ ।**

**६.पुनरुत्पादन – वैज्ञानिक वन व्यवस्थापन कार्यविधि, २०७१ मा उल्लेखित वनको पुनरुत्पादन सुनिश्चितताका लागि प्रति हेक्टर १५ देखि २५ माउ रुख राख्ने प्रावधान छ । वनमा बीउको अभाव हुन नदिन र पुनरुत्पादन सुनिश्चित गर्न उक्त व्यवस्था गरेको देखिन्छ । रुख कटान गरेको स्थानमा माउ रुखको संरक्षण गरी पुनरुत्पादन भए नभएको सम्बन्धमा निरीक्षण तथा अनुसन्धान गरेको देखिएन । सर्लाहीको फुलजोर बाबा साझेदारी वनमा रुख कटान गर्दा माउ रुखको पर्याप्ततालाई ध्यान नदिई कटान गरेको देखिएको छ । वैज्ञानिक वन व्यवस्थापन कार्यक्रम लागू भएको वनको कटान क्षेत्रमा पुनरुत्पादन सुनिश्चितताका लागि माउ रुख संरक्षण र पुनरुत्पादन भए नभएको सम्बन्धमा अध्ययन अनुसन्धान गरी समयमै उपयुक्त व्यवस्था गर्नुपर्दछ ।**

**७. वायुको गुणस्तर** – हरितगृह ग्याँस उत्पादन गर्ने २०६ राष्ट्रमा नेपाल १३७ औँ स्थानमा रहेको छ । पहिलो, दोस्रो र तेस्रो स्थानमा रहेका चीन, अमेरिका र भारतले क्रमशः २८, १५ र ६ प्रतिशत हरितगृह ग्याँस उत्पादन गरेकोमा ४४.७४ प्रतिशत वन क्षेत्र भएको नेपालले ०.०२७ प्रतिशत उत्पादन गरेको छ । हालैको एक अध्ययनले नेपालका प्रमुख सहरहरुमा वायुको प्रदूषण पार्टीकूलर म्याटर (पी.एम.) १० को मात्रा अधिकतम १२० माईक्रो पर क्युविक मिटर हुनुपर्नेमा १९६ देखि २ हजार १०४

माइक्रो पर क्युविक मिटर देखिएकोले प्राणी जगत्‌को स्वास्थ्यमा असर पर्ने अवस्था छ । वैज्ञानिक वन व्यवस्थापन मार्फत् वायुको प्रदूषण न्यून गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

८. **कार्बन सञ्चिति** – हरितगृह ग्याँसको मुख्य तत्व कार्बनको असर कम गर्न उत्पादित कार्बनलाई सञ्चित गर्ने जंगलको आवश्यकता पर्दछ । कार्बन व्यापारको नियमन र व्यवस्थापनका लागि सन् २००८ देखि रेड (रिड्युसिङ इमिसन फ्रम डिफरेष्टेसन एण्ड फरेष्ट डिग्रेडेसन) कार्यक्रम शुरु भएकोमा मन्त्रालयले २०७५ मा नेपाल राष्ट्रिय रेडप्लस रणनीति, (२०७५-२०७९) कार्यान्वयनमा ल्याएको देखियो । उक्त रणनीतिमा २०७९ सम्म कार्बन व्यापारको लागि तयारी अवधि तोकेकोमा लाभांश वितरणको मापदण्डलगायतका कार्यहरु बाँकी नै रहेको देखिएकोले कार्यान्वयन पक्ष चुस्त हुन सकेको देखिएन । सन् २०१५ देखि हालसम्म विश्व बैङ्कको स्रोतबाट रु.८ करोड ४ लाख ४४ हजार र नेपाल सरकारको स्रोतबाट रु.२ करोड ४१ लाख ४५ हजार समेत रु.१० करोड ४५ लाख ५९ हजार खर्च गरेको छ । हरितगृह ग्याँस उत्पादन गर्ने मुलुकले सो ग्याँस उपयोग गर्ने क्षमता बराबरको जंगल कायम नगरी अन्य मुलुकको जंगलबाट फाइदा लिएको अवस्थामा नेपालले ४४.७४ प्रतिशत वन क्षेत्रमा सञ्चित कार्बनको व्यापारमार्फत पर्याप्त लाभ लिन सकेको छैन । वैज्ञानिक वन व्यवस्थापनबाट वनको कार्बन सञ्चितिमा बढोत्तरी भई कार्बन व्यापारमार्फत पूँजी वृद्धि हुने हुँदा रेड रणनीतिलाई कार्यान्वयनमा ल्याउन आवश्यक कानुन निर्माण गर्नुपर्ने र अन्तर्राष्ट्रिय समुदायसँग न्यायोचित सन्धि सम्झौता गरी कार्बन व्यापारबाट आय आर्जन गर्नु पर्दछ ।

| आर्थिक वर्ष | काठ उत्पादन (घन.फि.) | आशिकुडा तथ्यांक अनुसार काठको आयात परिमाण (घन.फि.) | मुल्य रु. (हजारमा) | फर्निचर आयात( हजारमा) |
|---|---|---|---|---|
| २०७२।७३ | ७९३३८४.९७ | ९०११६३ | १०१२७६२ | ६२२८८२ |
| २०७३।७४ | १२८८३६७.४९ | ३३७३४०९ | १४०८३३२ | ९५०५९६ |
| २०७४।७५ | १३८१६०८ | १३८९५४५ | २२३६००४ | १६९०३५४ |
| **जम्मा** | **३४६३३६०.४६** | **५६६४११७** | **४६५७०९८** | **३२६३८३२** |

९. **काठ र फर्निचर आयात** – वन तथा भू-संरक्षण विभागबाट प्राप्त विवरण अनुसार विगत ३ वर्षमा ३४ लाख ६३ हजार घनफिट मात्र काठ उत्पादन गरेको देखिन्छ । भन्सारको आसिकुडा तथ्याङ्क अनुसार विगत ३ वर्षमा विभिन्न देशबाट गोलिया, चिरान काठ ५६ लाख ६४ हजार ११७ घनफिट र फर्निचरसमेत आयात गरेको देखिन्छ । आयातित काठको मूल्य रु.४ अर्ब ६५ करोड ७० लाख ९८ हजार र फर्निचरको मूल्य रु.३ अर्ब २६ करोड ३८ लाख ३२ हजारसमेत रु.७ अर्ब ९२ करोड ९ लाख ३० हजार बराबर विदेशी मुद्रा भुक्तानी गरेको अवस्था रहेकोले व्यापार सन्तुलनमा समेत असर परेको देखिन्छ । वैज्ञानिक वन व्यवस्थापनको प्रभावकारी कार्यान्वयन गरी काठको आन्तरिक माग अनुसार आपूर्ति गर्ने कार्ययोजना तयार गरी कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।

**निष्कर्ष** – कार्ययोजना अनुसार राजस्व आर्जन र रोजगारी वृद्धि नभएको, मुनाफा कमाउने आयोजनालाई वन क्षेत्र प्रयोग गर्न दिए बापत कानुन बमोजिम सट्टा जग्गा प्राप्त नगरेको, कार्बन व्यापारमार्फत आय आर्जन गर्न नसकेको एवं अर्बौंको काठ आयात गर्नुपरेको स्थितिले वैज्ञानिक वन व्यवस्थापन कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयन भएको देखिएन । वैज्ञानिक वन व्यवस्थापन कार्यक्रम कार्यान्वयन अन्तर्गत गरिने कटान, छपान कार्यले वनजंगलमा हुने अनधिकृत फँडानी तथा वन डढेलोमा कमी आई वनको संरक्षण हुने हुँदा वैज्ञानिक वनसम्बन्धी जनचेतना अभिवृद्धि गरी वनबाट अधिकतम प्रतिफल प्राप्त गर्नका लागि दिगो वन व्यवस्थापन कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ । वैज्ञानिक वन व्यवस्थापन गर्दा पुराना रुखहरुको कटान तथा नयाँ बिरुवाको संरक्षणबाट कार्बन सञ्चिति बढ्ने, काठ आयातमा कमी हुन गई व्यापार सन्तुलनमा सकारात्मक प्रभाव पर्ने तथा नेपालको महत्वपूर्ण प्राकृतिक स्रोतको रुपमा रहेको "हरियो वन नेपालको धन" को उपयोगबाट राष्ट्रिय आय तथा रोजगारीसमेत वृद्धि हुने हुँदा वैज्ञानिक वन व्यवस्थापन कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

## अनुसूची- २
## स्थलगत अध्ययनका क्रममा गरिएका छलफलमा सोधिएका प्रश्नहरु

| विषय | छलफलका क्रममा सोधिएका प्रश्नहरु |
|---|---|
| साधारण सभा | • उपभोक्ता समूहमा कति सदस्य घरधुरी छन् र गणपूरक संख्या कति हो ?<br>• वैज्ञानिक वन कटान गर्ने कार्ययोजना र वार्षिक काठ कटान योजना साधारण सभाको आम सहमतिबाट पारित गरिएको छ कि छैन ? |
| कार्ययोजना | • शुरु सामुदायिक वन कति सालमा हस्तान्तरण भएको हो ? शुरुको कार्ययोजनाको अवधि कति थियो ? वैज्ञानिक वन कटानको कार्ययोजनाको माग कसले गरेको हो ? वैज्ञानिक वनको कार्ययोजना कसले बनाएको हो ? कति समयमा बनाएको हो ? कार्ययोजना बनाउँदा उपभोक्ता समूहमा छलफल किन भएन ? |
| सरोकारवालासँग छलफल | • वैज्ञानिक वन कटानको कार्ययोजना बनाउँदा र स्वीकृत गर्दा वैज्ञानिक वन व्यवस्थापन कार्यविधिको दफा २.३ को पालना भयो कि भएन ? |
| स्थानीय तहको सहमति | • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ख अनुसार सामुदायिक वनबाट रुख कटान गर्ने वार्षिक योजना सम्बन्धित स्थानीय तहबाट स्वीकृत गराइएको छ कि छैन ? |
| रुख कटान र सोको लगानी | • वैज्ञानिक वन कटानीका लागि समूहले लिएको कटान अनुमतिको परिमाण र कटान भएको परिमाण कति छ ?<br>• वैज्ञानिक वन कटान गर्दा लाग्ने लगानीको स्रोत कहाँबाट आएको छ ? (सरकारी रकम वा समूहको कोषको रकम वा अन्य कसैको लगानी ?)<br>• नेपाल सरकारबाट प्राप्त भएको रकम के मा लगानी गरिएको छ ? |
| वन पैदावार बिक्री वितरण | • सामुदायिक वनको काठ दाउरा संकलन तथा बिक्री वितरण निर्देशिका, २०७१ को दफा ८ मा सामुदायिक वनमा रहेका ढलापडा, सुखड खडा, मर्न लागेका, रोग लागेका, बांगोटिंगो र अति बुढो रुखहरु संकलनमा प्राथमिकता दिनु पर्छ भनेकोमा किन त्यसको पालना भएन ? |
| समूहको कोष परिचालन | • उपभोक्ता समूहको कोषमा भएको रकम के-कस्ता कार्यहरुमा लगानी गरिएको छ ? |
| राजस्व विवरण | • वैज्ञानिक वन कटान शुरु भएपछि (२०७१ देखि) हालसम्म यस जिल्लाबाट उठेको राजस्वको कूल रकम कति छ ? |
| जैविक विविधता र वातावरण संरक्षण | • तराई र चुरे क्षेत्रको वन नेपालको वातावरण संरक्षण ऐन, २०७६ (साविक वातावरण संरक्षण ऐन, २०५३) अनुसार वातावरण संरक्षण क्षेत्रमा पर्ने भएकोले यस्तो क्षेत्रमा रुख कटान गर्दा जैविक विविधता र वातावरण संरक्षणमा किन ध्यान दिइएन ? |

## अनुसूची- ३

## सम्बन्धित डिभिजन वन कार्यालयहरुसँग माग गरिएका विवरण र कागजातहरु

**(यो विवरण उपलब्ध गराउँदा प्रत्येक उपभोक्ता समूहको अलग-अलग रुपमा उपलब्ध गराउनु पर्ने)**

**वैज्ञानिक वन कटान लागू गरिएको सामुदायिक वन तथा साझेदारी वन उपभोक्ता समूहको नाम र ठेगाना:**
**विधान तथा कार्ययोजनामा उल्लेख भएको उपभोक्ता समूहको नामावलीको सूची**
**वैज्ञानिक वन लागू गर्ने कार्यसमितिको नामावली**
**वैज्ञानिक वन कार्ययोजना पारित गरेको र सोही अनुसार वार्षिक काठ कटान योजना पारित गरेको समूहको साधारण सभाको निर्णय पुस्तिकाको फोटोकपि**

- **वैज्ञानिक वन कार्ययोजना तयारीका लागि खर्च गरेको रकम रु.**
- **उक्त रकमको स्रोत (सरकारी रकम, कुनै परियोजनाको रकम भए सोको नाम, रकम र उपभोक्ता समूहले खर्च गरेको रकम अलग-अलग)**

**वैज्ञानिक वन कार्ययोजना तयार गर्ने परामर्शदाता संस्था र व्यक्तिको नाम:**
**वैज्ञानिक वन कार्ययोजना स्वीकृतिका लागि सिफारिस गर्ने कर्मचारीको नाम र स्वीकृत गर्ने डिभिजन वन अधिकृतको नाम**
**स्वीकृत गरिएको वैज्ञानिक वन कार्ययोजना**
**वैज्ञानिक वन कार्यविधि, २०७१ को दफा २.३ को पालना गरेको विवरण**

- **सम्बन्धित उपभोक्ता समूहको सहमति पत्र**
- **राजनीतिक दलसँगको अन्तर्क्रियाको माइन्यूट**
- **सञ्चार माध्यमसँगको अन्तर्क्रियाको माइन्यूट**
- **जिल्ला वन समन्वय समितिको बैठक राखी गरेको निर्णयको माइन्यूट**

**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ख पालना गरेको विवरण**

- **सम्बन्धित स्थानीय तहको उपभोक्ता समूहले पेश गरेको काठ कटानको विवरण**
- **स्थानीय तहले काठ कटाको लागि स्वीकृति दिएको पत्र**

**वैज्ञानिक वन कटान लागू भएपछि**

- **वन कार्यालयले दिएका रुख कटानका सबै अनुमतिपत्रहरु**
- **रुख छपान र कटान भएको काठको परिमाण**

**वैज्ञानिक वनबाट संकलित काठको बिक्री वितरणको विवरण (समूह भित्र, वन पैदावार आपूर्ति समिति र समूह बाहिर)**
**वैज्ञानिक वनबाट संकलित काठको बिक्री विरणको बोलपत्र आव्हानका सूचनाहरु**
**वैज्ञानिक वन कटानबाट नेपाल सरकारलाई हालसम्म प्राप्त भएको राजस्वको विवरण**
**उपभोक्ता समूहको**

- **साधारण सभाले पारित गरेको विगत ३ वर्षको वार्षिक कार्यक्रम र निर्णय पुस्तिका**
- **विगत ३ वर्षको बैंक स्टेटमेण्ट**
- **विगत ३ वर्षको लेखा परीक्षण प्रतिवेदन**

# अनुसूची- ४

## अध्ययन गरिएका नीति तथा कानून र कार्यक्रमहरुको सूची

१. नेपालको संविधान
२. नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७४
३. स्थानीय सरकार सञ्चालन ऐन, २०७४
४. वन ऐन, २०४९
५. वन नियमावली, २०५१
६. वन नीति, २०५७
७. वन ऐन, २०७६
८. वातावरण संरक्षण ऐन, २०७६
९. वातावरण संरक्षण नियमावली, २०७७
१०. वैज्ञानिक वन व्यवस्थापन कार्यविधि, २०७१
११. सामुदायिक वनको स्रोत सर्वेक्षण मार्गदर्शन, २०६१
१२. सामुदायिक वन विकास कार्यक्रमको मार्गदर्शन, २०७१
१३. सामुदायिक वनको वन पैदावार संकलन तथा बिक्री वितरण निर्देशिका, २०७१
१४. सामुदायिक वन उपभोक्ता समूहको आर्थिक कार्यविधि निर्देशिका, २०७३
१५. वन पैदावार विक्री वितरण निर्देशिका २०७३
१६. भ्रष्टाचार निवारण ऐन, २०५९
१७. सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४
१८. अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८
१९. वन विकास गुरुयोजना, २०४५
२०. चुरे तराई मधेश संरक्षण तथा व्यवस्थापन गुरुयोजना, २०७४
२१. तेह्रौ योजना (२०७०-२०७३)
२२. चौंधौं योजना (२०७४-२०७६)
२३. पन्ध्रौं योजना (२०७६-२०८०)
२४. आर्थिक सर्वेक्षण २०७५/०७६
२५. जैविक विविधता रणनीति र कार्ययोजना (सन् २०१४-२०२०)
२६. तराई भू-परिधि रणनीति तथा कार्ययोजना (सन् २०१५-२०२५)

# अनुसूची- ५

**वैज्ञानिक वन व्यवस्थापन कार्यक्रम सम्बन्धी अध्ययन तथा छानबिन उपसमितिको**

# सूचना

(सूचना प्रकाशित मितिः २०७७/०४/०५)

**वैज्ञानिक वन सम्बन्धी कार्यक्रम सञ्चालन गर्दा वन विनास गरी आर्थिक अनियमितता भएको भनी परेका उजुरी तथा महालेखापरीक्षकको ५६औं वार्षिक प्रतिवेदनले औंल्याएका विषयहरुमा अध्ययन तथा छानबिन गरी प्रतिवेदन तयार गर्नका लागि यस सार्वजनिक लेखा समितिले मिति २०७७/०३/०५ मा गठन गरेको उपसमितिले यस विषयमा अध्ययन तथा छानबिन गरिरहेकोले वैज्ञानिक वन कार्यक्रम सञ्चालनका क्रममा भएका अनियमितता तथा प्रभावहरुका विषयमा कसैको कुनै गुनासो वा सुझावहरु भएमा मिति २०७७ साल श्रावण १५ गते भित्रमा यस समितिको इमेल ठेगाना pacommittee@parliament.gov.np मा इमेल गरी वा फ्याक्स नं. ९७७-१-४२००१४१ मा फ्याक्स गरी पठाउनका लागि यो सूचना प्रकाशन गरिएको छ ।**

# अनुसूची- ६

## अख्तियारको दुरुपयोगमा संलग्न देखिएका पदाधिकारी तथा अनियमितताका संक्षिप्त विवरण

| क्र.सं. | पदाधिकारीहरु | अनियमितताका विवरण |
|---|---|---|
| १ | सुदुरपश्चिम प्रदेश वन निर्देशक, हेमराज विष्ट, प्रदेश वन निर्देशनालय, सुदुरपश्चिम प्रदेश | • साझेदारी वनहरुको कटान प्लट निरीक्षण गर्ने क्रममा काठ व्यावसायीहरुसँग मिलेमतो गरी अवैध रुख कटानलाई वैध बनाउने कार्य गरी अख्तियारको दुरुपयोग र भष्टाचार गरेको।<br>• साझेदारी वन र सामुदायिक वनका साधारण सभा, कार्यसमिति पदाधिकारी र वन कर्मचारीको मिलेमतोमा तयार गरिएका किर्ते कागजलाई आधार मानी किर्ते गरेको जानीजानी रुख कटानलाई सदर र सहमति दिई अनियमितता गरेको।<br>• वातावरण संरक्षण ऐन, २०६७ र वन ऐन, २०७६ विपरित चुरे वातावरण संरक्षण क्षेत्र र वन संरक्षण क्षेत्रहरुमा वन विनाश हुने गरी रुख कटान गर्न सहमति दिई अख्तियार दुरुपयोग र राष्ट्रिय सम्पत्ति हानी नोक्सानी गरेको । |
| २ | डिभिजनल वन अधिकृत कृष्णदत्त भट्ट, डिभिजन वन कार्यालय, पहलमानपुर, कैलाली, | • उपभोक्ता समूहको साधारण सभामा किर्ते कागज बनाउने, विभिन्न किसिमले वन विनाश हुने गरी वैज्ञानिक वनका किर्ते कार्ययोजना बनाई स्वीकृत गर्ने र काठ व्यवसायीसँगको मिलेमतोमा अवैध कटान आदेश दिने कार्य गरी अख्तियार दुरुपयोग र भ्रष्टाचार गरेको ।<br>• वातावरण संरक्षण ऐन, २०६७ र वन ऐन, २०७६ विपरित चुरे वातावरण संरक्षण क्षेत्र र वन संरक्षण क्षेत्रहरुमा वन विनाश हुने गरी रुख कटान गर्न आदेश दिई अख्तियार दुरुपयोग र राष्ट्रिय सम्पत्ति हानी नोक्सानी गरेको ।<br>• काठ व्यावसायीसँग मिलेमतो गरी अस्वाभाविक रुपमा उच्चस्तरको जीवनशैली अपनाई अवैध सम्पत्ति आर्जन गरेको। |
| ३ | डिभजन वन कार्यालय, धनगढी, कैलाली, डिभिजनल वन अधिकृत रामचन्द्र कंडेल | • उपभोक्ता समूहको साधारण सभामा किर्ते कागज बनाउने, विभिन्न किसिमले वन विनाश हुने गरी वैज्ञानिक वनका किर्ते कार्ययोजना बनाई स्वीकृत गर्ने र काठ व्यावसायीसँगको मिलेमतोमा अवैध कटान आदेश दिने कार्य गरी अख्तियार दुरुपयोग र भ्रष्टाचार गरेको ।<br>• वातावरण संरक्षण ऐन, २०६७ र वन ऐन, २०७६ विपरित चुरे वातावरण संरक्षण क्षेत्र र वन संरक्षण क्षेत्रहरुमा वन विनाश हुने गरी रुख कटान गर्न आदेश दिई अख्तियार दुरुपयोग गरी राष्ट्रिय सम्पत्ति हानी नोक्सानी गरेको ।<br>• काठ व्यावसायीसँग मिलेमतो गरी अस्वाभाविक रुपमा उच्चस्तरको जीवनशैली अपनाई अवैध सम्पत्ति आर्जन गरेको। |
| ४ | डिभिजन वन कार्यालय, कञ्चनपुर, डिभिजनल वन अधिकृत अजयविक्रम मानन्धर | • उपभोक्ता समूहको साधारण सभामा किर्ते कागज बनाउने, विभिन्न किसिमले वन विनाश हुने गरी बैज्ञानिक वनका किर्ते कार्ययोजना बनाई स्वीकृत गर्ने र काठ व्यावसायीसँगको मिलेमतोमा अवैध कटान आदेश दिने कार्य गरी अख्तियार दुरुपयोग गरेको।<br>• वातावरण संरक्षण ऐनव २०६७ र वन ऐनव २०७६ विपरित चुरे वातावरण संरक्षण क्षेत्र र वन संरक्षण क्षेत्रहरुमा वन विनाश हुने गरी रुख कटान गर्न आदेश दिई अख्तियार दुरुपयोग र राष्ट्रिय सम्पत्ति हानी नोक्सानी गरेको ।<br>• रुख कटान रोक्नका लागि वन उपभोक्ताले गरेको अनुरोधको वेवास्ता गरी कटान आदेश प्रदान गरी वन विनाश गरेको । |
| ५ | कपिलवस्तु डिभिजन वन | • उपभोक्ता समूहको साधारण सभामा किर्ते कागज बनाउने, विभिन्न |

| क्र.सं. | पदाधिकारीहरु | अनियमितताका विवरण |
|---|---|---|
| | कार्यालय, तौलिहवा, कपिलवस्तु, डिभिजनल वन अधिकृत इश्वरी प्रसाद पौडेल | किसिमले वन विनाश हुने गरी वैज्ञानिक वनका किर्ते र त्रुटीपूर्ण कार्ययोजना बनाई स्वीकृत गर्ने र काठ व्यावसायीहरुसँगको मिलेमतोमा अवैध कटान आदेश दिने कार्य गरी अख्तियार दुरुपयोग गरेको ।<br>• वातावरण संरक्षण ऐन, २०६७ र वन ऐन, २०७६ विपरित वातावरण संरक्षण क्षेत्रहरुमा वन विनाश हुने गरी रुख कटान गर्न आदेश दिई अख्तियार दुरुपयोग र राष्ट्रिय सम्पत्ति हानी नोक्सानी गरेको । |
| ६ | डिभिजन वन कार्यालय, नवलपुर, डिभिजनल वन अधिकृत विजयराज सुवेदी | • वन क्षेत्रमा अस्वाभाविक रुपमा ठूलो क्षेत्रमा वनपथ र अग्निरेखा निर्माण गराई रुख कटान गर्न लगाई अनियमितता गरेको ।<br>• उपभोक्ता समूहको साधारण सभामा किर्ते कागज बनाउने, विभिन्न किसिमले वन विनाश हुने गरी वैज्ञानिक वनका त्रुटीपूर्ण कार्ययोजना बनाई स्वीकृत गर्ने र काठ व्यावसायीहरुसँगको मिलेमतोमा अवैध कटान आदेश दिने कार्य गरी अख्तियार दुरुपयोग गरेको ।<br>• वातावरण संरक्षण ऐन, २०६७ विपरित चुरे वातावरण संरक्षण क्षेत्रमा वन विनाश हुने गरी रुख कटान गर्न आदेश दिई अख्तियार दुरुपयोग र राष्ट्रिय सम्पत्ति हानी नोक्सानी गरेको । |
| ७ | डिभिजन वन कार्यालय, कमलामाई, सिन्धुली, डिभिजनल वन अधिकृत नारायण श्रेष्ठ | • उपभोक्ता समूहको साधारण सभामा किर्ते कागज बनाउने, विभिन्न किसिमले वन विनाश हुने गरी वैज्ञानिक वनका कार्ययोजना बनाई स्वीकृत गर्ने र काठ व्यवसायीहरुसँगको मिलेमतोमा अवैध कटान आदेश दिने कार्य गरी अख्तियार दुरुपयोग गरेको ।<br>• वातावरण संरक्षण ऐन, २०६७ विपरित चुरे वातावरण संरक्षण क्षेत्रमा वन विनाश हुने गरी रुख कटान गर्न आदेश दिई अख्तियार दुरुपयोग र राष्ट्रिय सम्पत्ति हानी नोक्सानी गरेको ।<br>• रुख कटानका लागि निर्धारित क्षेत्रभन्दा बाहिर वन फँडानी हुँदा पनि नियन्त्रण नगरी मिलेमतोमा राष्ट्रिय सम्पत्ति हानी नोक्सानी गरेको । |
| ८ | डिभिजन वन कार्यालय, मरिन, सिन्धुली, डिभिजनल वन अधिकृत पुष्पराज बर्तौला | • उपभोक्ता समूहको साधारण सभामा किर्ते कागज बनाउने, विभिन्न किसिमले वन विनाश हुने गरी वैज्ञानिक वनका कार्ययोजना बनाई स्वीकृत गर्ने र काठ व्यवसायीहरुसँगको मिलेमतोमा अवैध कटान आदेश दिने कार्य गरी अख्तियार दुरुपयोग गरेको ।<br>• वातावरण संरक्षण ऐन, २०६७ विपरित चुरे वातावरण संरक्षण क्षेत्रमा वन विनाश हुनेगरी रुख कटान गर्न आदेश दिई अख्तियार दुरुपयोग र राष्ट्रिय सम्पत्ति हानी नोक्सानी गरेको । |

## अनुसूची- ७

## वैज्ञानिक वन व्यवस्थापन कार्यक्रमका नाममा अख्तियार दुरुपयोग, भ्रष्टाचार र अनियमिततामा संलग्न देखिएका साझेदारी वनका पदाधिकारीहरु र अनियमितताका विवरण

(स्थलगत अवलोकन तथा सरोकारवालाहरुसँग गरिएको छलफलका आधारमा वैज्ञानिक वन लागू गरेका तल उल्लेखित साझेदारी वनहरुमा देखिएका केही अनियमितता निम्न अनुसार रहेको र यस्तै किसिमको अनियमतिता वैज्ञानिक वन लागू गरेको मोरङ लगायतका जिल्लाका अन्य साझेदारी वनहरुमा पनि रहेकोले वैज्ञानिक वन लागू गरेका सबै साझेदारी वनहरुमा थप छानविन हुनुपर्ने)

| जिल्ला | साझेदारी वन | अनियमिततताहरु |
|---|---|---|
| **कैलाली** | १. भारताल साझेदारी वन उपभोक्ता समूह, धनगढी उपमहानगरपालिका -१४<br>२. बाह्वन साझेदारी वन उपभोक्ता समूह, गौरीगंगा नपा, वार्ड नं. ६ | वन कर्मचारी, काठका ठेकदार, काठ व्यवसायी र कार्यसमितिका पदाधिकारीहरुको मिलेमतोमा वनको वार्षिक वृद्धिदरभन्दा बढी काठ कटान गरी अनियमितता गरेको, साधारण सभा नगरी कार्य अवधि समाप्त भएका कार्यसमितिले रुख कटान गरेको, वातावरणीय दृष्टिकोणले संवेदनशील वनहरुका रुख कटान गरेको । |
| **कपिलवस्तु** | तिलौराकोट साझेदारी वन उपभोक्ता समूह, बुद्धभूमि नगरपालिका वार्ड नं.- ५ | कटान गरी वर्षौंदेखि घाटगद्धीमा रहेका काठहरु उपभोक्तालाई वा बाह्य बिक्री वितरण नगरी काठको नोक्सान गरेको, पुनरुत्पादन हुन नसक्ने ठाउँहरुमा रुख कटान गरेको, काठका ठेकदार र वन कर्मचारीसँगको मिलेमतोमा वार्षिक वृद्धिद्र भन्दा बढी काठ कटान गरेको, साधारण सभा नगरी कार्य अवधि समाप्त भएका कार्यसमितिले रुख कटान गरेको । |
| **नवलपुर** | मध्यविन्दु साझेदारी वन उपभोक्ता समूह, कावासोती- १४ | पुनरुत्पादन हुन नसक्ने क्षेत्रमा वन कटान गरी वन उपभोक्तालाई काठ वितरण नगरी वन कर्मचारी, काठ व्यवसायी र साझेदारी वनका पदाधिकारीको मिलेमतोमा समूह बाहिर मात्र काठ बिक्री वितरण गरेको, साधारण सभा नगरी कार्य अवधि समाप्त भएका कार्यसमितिले रुख कटान गरेको । |
| **बारा** | हलखोरिया साझेदारी वन उपभोक्ता समूह, पथलैया, बारा | हलखोरिया ताल र सिमसार क्षेत्रमा समेत प्रभाव पर्ने गरी पुनरुत्पादन हुन नसक्ने वनमा वार्षिक वृद्धिदरभन्दा बढी कटान गरेको, साधारण सभा नगरी कार्य अवधि समाप्त भएका कार्यसमितिले रुख कटान गरेको ।<br>यस जिल्लामा वैज्ञानिक वन लागू गरेको सहजनाथ र तामागढीका साझेदारी वनमा पनि सोही अवस्था रहेको कुरा जानकारीमा आएको । |

| जिल्ला | साझेदारी वन | अनियमितततताहरु |
|---|---|---|
| **पर्सा** | सबैया साझेदारी वन उपभोक्ता समूह | अग्निरेखा निर्माण गर्दा निर्धारित संख्या भन्दाबढी रुख कटान गरेको, साधारण सभा नगरी कार्य अवधि समाप्त भएका कार्यसमितिले रुख कटान गरेको । <br><br> यस जिल्लामा वैज्ञानिक वन लागू गरेका अन्य साझेदारी वनहरुमा सोही अवस्था रहेको र कटान क्षेत्रमा पुनरुत्पादन नभई वन विनास भएको कुरा जानकारीमा आएको । |
| **रौतहट** | रंगपुर साझेदारी वन उपभोक्ता समूह | पुनरुत्पादनको सुनिश्चितता नभएका वनहरुमा रुख कटान गरी वन विनाश गरेको, साधारण सभा आयोजना नगरी बजेट खर्च गर्ने गरेको, साधारण सभा नगरी कार्य अवधि समाप्त भएका कार्यसमितिले रुख कटान गरेको। |
| **सर्लाही** | १. फूलजोरबाबा साझेदारी वन उपभोक्ता समूह <br><br> २. जानकीनगर साझेदारी वन उपभोक्ता समूह, <br><br> ३. लालबन्दी साझेदारी वन उपभोक्ता समूह | रुख कटान भएको क्षेत्रमा लामो समयदेखि पुनरुत्पादन नभई वन विनास भएको, साधारण सभा आयोजना नगरी रकम खर्च गर्दै आएको र साधारण सभा नगरी कार्य अवधि समाप्त भएका कार्यसमितिले रुख कटान गरेको।। <br><br> यस जिल्लामा रहेका जानकीनगर साझेदारी वन र लालबन्दी साझेदारी वनमा पनि सोही अवस्था रहेको देखिएको । |

# अनुसूची- ८

## वैज्ञानिक वन व्यवस्थापन कार्यक्रममा अख्तियारको दुरुपयोग र भ्रष्टाचार गरी अनियमितततामा संलग्न देखिएका सामुदायिक वनका पदाधिकारीहरु

**(स्थलगत अवलोकन तथा सरोकारवालाहरुसँग गरिएको छलफलका आधारमा वैज्ञानिक वन लागू गरेका तल उल्लेखित सामुदायिक वनहरुमा देखिएका केही अनियमितता निम्न अनुसार रहेको र यस्तै किसिमको अनियमतिता वैज्ञानिक वन लागू गरेको अन्य जिल्लाका सामुदायिक वनहरुमा पनि रहेकोले वैज्ञानिक वन लागू गरेका सबै सामुदायिक वनहरुमा थप छनविन हुनुपर्ने)**

**भ्रमण गरेका सामुदायिक वनमा देखिएका अनियमितताका केही उदाहरणहरु**

(यस्तो अनियमितता वैज्ञानिक वन लागू गरेका प्रायः सबै सामुदायिक वनमा रहेको देखियो)

| जिल्ला | सामुदायिक वन | अनियमितताका केही उदाहरणहरु |
|---|---|---|
| कैलाली | जाल्पा सामुदायिक वन उपभोक्ता समूह, मोहन्याल-७ | चुरे वातावरण संरक्षण क्षेत्रको अत्यन्त भिरालो वन क्षेत्रमा प्लट बनाई वन फँडानी गरेको, वन कर्मचारी एवं काठ ठेकदार र उपभोक्ता समूहका पदाधिकारीको मिलेमतोमा साधारण सभाका किर्ते दस्तखत गरी कागजात बनाएको, किर्ते कार्ययोजना बनाई काठ ठेकेदारहरुसँग ऋण लिएर रुख कटान गरेको र उपभोक्ता समूहलाई हानी नोक्सानी पुऱ्याएको । |
| | मुक्त कमैया सामुदायिक वन उपभोक्ता समूह, लम्कीचुहा-३ | पुनरुत्पादन हुन सक्ने वनमा र चुरे वातावरण संरक्षण क्षेत्रमा रहेका प्राकृतिक रुखहरु कटान गरेको, वन कर्मचारी एवं काठ ठेकेदार र उपभोक्ता समूहका पदाधिकारीको मिलेमतोमा साधारण सभामा किर्ते दस्तखत गरी कागजात बनाई कटान आदेश लिएको, काठ ठेकेदारसँग ऋण लिएर रुख कटान गरी उपभोक्ता समूहलाई हानी नोक्सानी पुऱ्याएको । |
| | महिला जागरण सामुदायिक वन उपभोक्ता समूह, लम्कीचुहा | ऋण लिएर रुख कटान गरी उपभोक्ता समूहलाई हानी नोक्सानी पुऱ्याएको, पुनरुत्पादन नहुने ठाउँमा भएका रुखहरु कटान गरी वन बिनाश गरेको, वन कर्मचारी र काठ व्यवसायीसँगको मिलेमतोमा किर्ते कागजातका आधारमा वैज्ञानिक वनको कार्ययोजना बनाई वन अनुगमनका नाममा कर्मचारीलाई रकम दिई अनियमितता गरेको। |
| | ऐश्वर्य सामुदायिक वन उपभोक्ता समूह जानकी गा.पा.-८ | वैज्ञानिक वनको कार्ययोजना साधारण सभाले अस्वीकार गरेको भए पनि वन कर्मचारी, काठ ठेकदार र |

| जिल्ला | सामुदायिक वन | अनियमिततताका केही उदाहरणहरु |
|---|---|---|
| | | उपभोक्ता समूहका पदाधिकारीहरुको मिलेमतोमा किर्ते कागज खडा गरेको, निर्धारित प्लटभन्दा बाहिर र बढी रुख कटान गरेको, चुरे वातावरण संरक्षण क्षेत्रमा पर्ने वन विनास गरेको। |
| | बरगदा सामुदायिक वन उपभोक्ता समूह, मोहन्याल गा.पा-७ | चुरे क्षेत्र र वातावरणीय रुपमा संवेदनशील क्षेत्रमा रुख कटान गरेको, एउटै घरधुरी ४ वटासम्म उपभोक्ता समूहमा सदस्य बनेको, साधारण सभाबाट किर्ते दस्तखत गराई कागजात र वैज्ञानिक वन कार्ययोजना तयार गरी अवैध कटान आदेश लिई रुख कटान गरेको। |
| | चेतना सामुदायिक वन, बलिया, मोहन्याल गाविस, | वैज्ञानिक वनको कार्ययोजना साधारण सभाबाट पारित नभएपनि किर्ते दस्तखतहरु गरी पारित गरेको भनी कार्ययोजना स्वीकृत गराई अवैध कटान आदेश लिएको, कार्ययोजना तर्जुमा र अन्य कुनै पनि कामका लागि साधारण सभाको निर्णय विना खर्च गरेको । |
| | चुरे मालिका सामुदायिक वन उपभोक्ता समूह, मोहन्याल गाविस- ३ | चुरे वातावरण संरक्षण क्षेत्रको वन विनाशका लागि नभएका घरधुरीहरुको नक्कली नाम राखी किर्ते उपभोक्ता समिति खडा गरी वैज्ञानिक वनको कार्ययोजना बनाई रुख कटान गरेको, भारतमा रहेका अध्यक्षको समेत किर्ते दस्तखत गरी रुख कटान गरेको र समूहको कोषको रकम हिनामिना गरेको । |
| | जनकल्याण सामुदायिक वन उपभोक्ता समूह, मोहन्याल गाविस | वैज्ञानिक वनको कार्ययोजना साधारण सभाबाट पारित नभएपछि किर्ते हस्ताक्षर गरी कार्ययोजना पारित गरिएको। कटान प्लटभन्दा बाहिर २४ वटा रुख कटान गरेको र रुख कटान गरेका क्षेत्रहरुमा पुनरुत्पादन र वन संरक्षण नभएको । वन विनाशको मुद्दा लागेका व्यक्तिले अध्यक्षको रुपमा काम गरिरहेको । |
| | अमरावति सामुदायिक वन उपभोक्ता समूह, जानकी ४ | अध्यक्षले कार्यसमितिका सदस्यहरुको किर्ते हस्ताक्षर गरी आफ्ना छोरालाई काठको ठेक्का दिएको, उपभोक्ताले विरोध गरी कार्यालयमा तालावन्दी रहेको |
| | मातृभूमी सामुदायिक वन उपभोक्ता समूह, लम्कीचुहा १ | घरधुरी नै नभएका किर्ते उपभोक्ता खडा गरी वैज्ञानिक वनको कार्ययोजना बनाई स्वीकृत गराई चुरे वातावरण संरक्षण क्षेत्रमा अग्निरेखा बनाउने नाममा व्यापक वन |

| जिल्ला | सामुदायिक वन | अनियमितताका केही उदाहरणहरु |
|---|---|---|
| | | विनाश गरेको । |
| | कर्णाली करिडोर सामुदायिक वन उपभोक्ता समूह, जानकी ९ | टाढाका उपभोक्ता सदस्यहरुको किर्ते हस्ताक्षर गरी साधारण सभाको निर्णय पुस्तिका तयार गरी वैज्ञानिक वनको कार्ययोजना स्वीकृत गराई रुख कटान गरेको । |
| | रानी जरुवा सामुदायिक वन उपभोक्ता समूह, बर्दगोरीया ३ | उपभोक्ता सदस्यहरुको किर्ते हस्ताक्षर गरी साधारण सभाको निर्णय पुस्तिका तयार गरी वैज्ञानिक वनको कार्ययोजना स्वीकृत गराई रुख कटान गरेको । |
| | लालीगुँरास सामुदायिक वन उपभोक्ता समूह, बर्दगोरीया ३ | उपभोक्ता सदस्यहरुको किर्ते हस्ताक्षर गरी साधारण सभाको निर्णय पुस्तिका तयार गरी वैज्ञानिक वनको कार्ययोजना स्वीकृत गराई रुख कटान गरेको । |
| कञ्चनपुर | श्रीकृष्ण सामुदायिक वन उपभोक्ता समूह, शुक्लाफाँट नगरपालिका-११ | कार्यसमितिका बहुमत सदस्यले राजिनामा दिएपनि अवैध समितिले किर्ते दस्तखत गरी कोषको रकम खर्च गरिरहेको । माउ रुख नराखी सबै रुख कटान गरी पुनरुत्पादन नहुने क्षेत्रमा वन फँडानी गरेको र काठ व्यवसायीहरुसँग मिलेमतो गरी काठ विक्रीमा अनियमितता गरेको । |
| | बैजनाथ सामुदायिक वन, शुक्लाफाँट नगरपालिका-८ | कटान प्लट नै निर्धारण नगरी सालका रुखमात्र भएका ठाउँमा माउ रुख पनि नराखी चुरे वातावरण संरक्षण क्षेत्रको भिरालो वन क्षेत्र र वन्यजन्तुको वासस्थानमा रुख कटान गरेको । निर्वाचित पदाधिकारीलाई काम गर्नबाट वञ्चित गरी वडा अध्यक्षको हैसियतले सामुदायिक वन कब्जा गरी वन उपभोक्ताहरुलाई वन प्रवेशबाट वञ्चित गरी सामुदायिक वन विनाश गरेको । |
| कपिलवस्तु | श्रीङ्गीघाट सामुदायिक वन उपभोक्ता समूह, र बाणगंगा नगरपालिकामा भएका विभिन्न सामुदायिक वनहरु | वाणगंगा नगरपालिका क्षेत्रका सामुदायिक वनहरु स्थलगत अवलोकन गर्न वर्षाको कारण अवरोध भएपनि सरोकारवालाहरुसँगको छलफल अनुसार वार्षिक वृद्धिदरभन्दा बढी काठ कटान गरेको, साधारण सभामा किर्ते दस्तखत गरेको र काठ व्यवसायी, वन कर्मचारी र उपभोक्ता समूहका पदाधिकारीहरुको मिलेमतोमा रुख कटान र काठ बिक्रीमा अनियमितता गरेको । |
| नवलपुर | जनजागरण सामुदायिक वन उपभोक्ता समूह, मध्यविन्दु | सामुदायिक वनको वार्षिक काठ कटान योजना लागू गर्न स्थानीय तहबाट स्वीकृत नलिएको । |

| जिल्ला | सामुदायिक वन | अनियमितताका केही उदाहरणहरु |
|---|---|---|
| | नगरपालिका-१, | |
| | सयपत्री हरियाली सामुदायिक वन उपभोक्ता समूह, कावासोती नगरपालिका | वन कार्यालयले वन क्षेत्रमा क्षति हुनेगरी ठूला अग्निरेखाहरु निर्माण गर्न दवाव दिई बढी रुख कटानी गरी अनियमितता गरेको, वन कर्मचारी र काठ व्यवसायीको मिलेमतोमा उपभोक्ता समूहमा काठ बिक्री वितरण नगरी बाह्य रुपमा मात्र बिक्री गर्ने गरेको । यस जिल्लामा वैज्ञानिक वन कार्यक्रम लागू गरेको अन्य सामुदायिक वनमा पुनरुत्पादन हुन नसक्ने वनमा र वार्षिक वृद्धिदर भन्दा बढी रुख कटान गरी वन विनाश र अनियमितता भएको । |
| चितवन | कंकाली सामुदायिक वन लगायतका सामुदायिक वनहरु | यस जिल्लामा वर्षाका कारण वन अवलोकन गर्न नसकिए पनि सरोकारवालाहरुसँगको छलफलका आधारमा चुरे क्षेत्रको भिरालो वन क्षेत्रका रुख कटान गरी वन विनाश भएको र काठ व्यवसायी र वन कर्मचारीको मिलेमतोमा काठ बिक्रीमा अनियमितता भएको । |
| सिन्धुली | विकासपुर सामुदायिक वन उपभोक्ता समूह, दुधौली नगरपालीका ३ लगायतका सिन्धुलीको चुरे वातावरण संरक्षण क्षेत्रमा पर्ने सामुदायिक वनहरु | यस जिल्लाको चुरे क्षेत्रमा वैज्ञानिक वन अन्तर्गत वन कटान गरिएका वनहरुको अवस्था सबैमा लगभग एउटै भएकोले नमूनाको रुपमा यस समूहमा अवलोकन गर्दा कटान प्लट भन्दा बाहिर गई रुखहरु कटान गरेको, माउँ रुख नछोडेको, पुनरुत्पादित वनको संरक्षण नभएको र काठ व्यवसायी र वन कर्मचारीहरुको मिलेमतोमा काठ बिक्रीमा अनियमिता हुने गरेको । यस जिल्लामा रहेका सबै वैज्ञानिक वनहरुमा सोही अवस्था रहेको कुरा अवगत हुन आएको । |
| रौतहट | नमुना सामुदायिक वन उपभोक्ता समूह,चन्द्रपुर नगरपालिका २ | वैज्ञानिक वनका नाममा काटान गरेको काठ वर्षौंदेखि पानीमा डुबी र बाढीले बगाई लगेको, वन कर्मचारी र ठेकेदारको अवरोधका कारण काठ बिक्री नभएको, समूहका पदाधिकारबीच रकम अनियमितताका विषयमा विवाद भई रकम दुरुपयोग भएको । |
| मकवानपुर | लालीगुराँस सामुदायिक वन उपभोक्ता समूह लगायतका चुरे क्षेत्रमा पर्ने सामुदायिक वनहरु | वैज्ञानिक वनको कार्ययोजना बारे उपभोक्तालाई थाहा नभएको, कर्मचारी र काठ व्यवसायीको मिलेमतोमा कार्ययोजना बनाई काठ अनियमितता गर्नका लागि |

| जिल्ला | सामुदायिक वन | अनियमितताका केही उदाहरणहरु |
|---|---|---|
| | | विभिन्न नक्कली कागजात बनाएको र मकवानपुरमा वैज्ञानिक वन लागू गरेको चुरे वातावरण संरक्षण क्षेत्रमा पर्ने सबै सामुदायिक वनमा यही अवस्था देखिन आएको । |
| | पशुपति सामुदायिक वन उपभोक्ता समूह, मकवानपुर | जिल्ला वन पैदावार आपूर्ति समितिलाई छुट्याएको काठ उक्त समितिले उपयोग नगरी दुरुपयोग गरेकोले सामुदायिक वनको काठ नोक्सान भई क्षति भएको । |

वैज्ञानिक वन व्यवस्थापन कार्यक्रम लागू गरेका सबै वन उपभोक्ता समूहमा काठ कटानका लागि कुनै पनि समूहले स्थानीय तहको स्वीकृति नलिएको, साधारण सभाबाट कार्ययोजना र वार्षिक कार्यक्रम पारित नगरेको, किर्ते दस्तखत गरी कागजातहरु तयार गर्ने गरेको, कोषको रकम हिनामिना गरेको, वैज्ञानिक वनको कार्ययोजना बनाउन परामर्शदातालाई अस्वभाविक रुपमा अत्यधिक रकम उपलब्ध गराएको, कार्ययोजनामा निर्धारित परिमाण भन्दा बढी र वार्षिक वृद्धिदरभन्दा बढी काठ कटान गरेको देखिएकोले वैज्ञानिक वन लागु गरेका सबै सामुदायिक वनहरुमा छानबिन गरी अनियमितता गर्ने कार्यमा संलग्न वन कर्मचारी, उपभोक्ता समूहका पदाधिकारी, कार्ययोजना बनाउने परामर्शदाता र अन्य व्यक्तिहरुलाई थप अनुसन्धान गरी कारवाही गर्नुपर्ने देखिएको छ ।

संघीय संसद

प्रतिनिधि सभा

# सार्वजनिक लेखा समिति

# नेपाल विद्युत प्राधिकरणको डेडिकेटेड फिडर र ट्रंक लाइनको बक्यौता सम्बन्धमा अध्ययन गर्न गठित उपसमितिद्वारा गरिएको अध्ययन प्रतिवेदन, २०७६

## प्रस्तुतकर्ता

| | | |
|---|---|---|
| माननीय मिनेन्द्रप्रसाद रिजाल | - | संयोजक |
| माननीय तेजुलाल चौधरी | - | सदस्य |
| माननीय प्रदिप यादव | - | सदस्य |
| माननीय पार्वती कुमारी विशुन्के | - | सदस्य |
| माननीय सूर्यप्रसाद पाठक | - | सदस्य |

## समिति सचिवालय

| | | |
|---|---|---|
| डा. रोजनाथ पाण्डे | - | समिति सचिव |
| बिमला घिमिरे | - | उपसचिव |
| प्रदिपकुमार नेपाल | - | उपसचिव |
| सरस्वती मरहट्टा | - | शाखा अधिकृत |
| रविन अधिकारी | - | नायब सुब्बा |
| रामप्रसाद सापकोटा | - | नायब सुब्बा |
| श्यामकुमारी घर्ती | - | कार्यालय सहयोगी |
| एनी लावती | - | कार्यालय सहयोगी |

# मन्तब्य

**माननीय सभापतिज्यू,**

**सार्वजनिक लेखा समिति**

सार्वजनिक लेखा समितिको मिति २०७६ साउन ५ गते बसेको बैठकको निर्णयानुसार नेपाल विद्युत प्राधिकरणको डेडिकेटेड फिडर र ट्रंक लाइन सम्वन्धमा अध्ययन गर्न गठन भएको यस उपसमितिले आफूलाई प्राप्त कार्यादेश बमोजिम जिम्मेवारी निर्वाह गर्ने क्रममा नेपाल विद्युत प्राधिकरणले विभिन्न निकायहरुलाई डेडिकेटेड फिडर र ट्रंक लाइनको सेवा प्रवाह गरेवापतको महशुल बक्यौताको रुपमा लामो समयदेखि उठाउन बाँकी रहेको, यसबाट प्राधिकरण मुनाफामा जान नसकेको, प्राधिकरणको विभिन्न समयमा भएका निर्णय, आदेश, कार्यादेश र पत्राचारका कारण सेवाग्राही मर्कामा परेको, जस्ता विषयलाई लिएर केही उद्योगहरु अदालत गएका र बक्यौता असुलीमा ढिलाई भएको भन्ने विषयहरुका सम्वन्धमा उपसमितिले यससँग सम्बद्ध सबै पक्ष र सम्वन्धित पदाधिकारीहरुसँग छलफल/अन्तरक्रिया, विभिन्न स्रोतहरुबाट प्राप्त सूचना र जानकारीको विश्लेषण गर्नुका साथै कागजातहरु झिकाएर अध्ययन अनुसन्धान गरी प्राप्त निष्कर्षका आधारमा यो प्रतिवेदन तयार गरिएको व्यहोरा अनुरोध गर्दछु।

उपसमितिको अध्ययन, अनुसन्धान र विश्लेषणबाट नेपाल विद्युत प्राधिकरणले विगतदेखि ग्राहकलाई प्रदान गर्दै आएको डेडिकेटेड फिडर र ट्रंक लाइन सेवा वापत उठाउनु पर्ने बक्यौता रकम उठाउनु पर्ने विषयलाई गम्भीरतापूर्वक लिएर सो सम्वन्धमा देखापरेका समस्याहरुलाई समाधान गर्न समितिले उपयुक्त निर्णय लिने कुरामा उपसमिति विश्वस्त रहेको छ।

यस सन्दर्भमा नेपाल विद्युत प्राधिकरणको डेडीकेटेड फिडर तथा ट्रंक लाइनबाट विद्युत आपूर्ति लिने ग्राहकहरूबाट उठाउनु पर्ने बक्यौता सम्बन्धी अध्ययनबाट उपसमितिले सार्वजनिक लेखा समितिबाट देहाय बमोजिमका निर्देशन तथा सुझावहरू दिन उपयुक्त हुने निष्कर्ष निकालेको छ :

१. नेपाल विद्युत प्राधिकरणबाट डेडीकेटेड लाइनको हकमा प्राधिकरण संचालक समितिले २०७२/३/१२ को निर्णयले २०७२ श्रावण देखिको खपतमा नयाँ महशुल दर कायम गरेको र सोको अनुमोदन विद्युत महशुल निर्धारण आयोगले गरेको तथा ट्रंक लाइनबाट विद्युत आपूर्ति लिइरहेका ग्राहकको हकमा पनि २०७३/३/१६ मा विद्युत महशुल निर्धारण आयोगले डेडीकेटेड लाइन सरह नै शुल्क लिने गरी निर्णय गरेकोले सोहि बमोजिम विद्युत नियमावलीमा उल्लेख भएका बिल बिजक, छुट विल जारी गर्ने, बक्यौता रकम असुल गर्ने लगायतका कार्य गरी गराई समितिलाई यथाशिघ्र जानकारी गराउन प्राधिकरण संचालक समितिलाई निर्देशन दिने |

२. विद्युत प्राधिकरणको डेडीकेटेड र ट्रंक लाइनबाट विद्युत लिई समयमै महशुल नतिर्ने उपभोक्ता तथा ग्राहकलाई विद्युत वितरण नियमावली २०६९ र विद्युत महशुल संकलन विनियमावली २०७३ अनुरुप हाल सम्म कुनै कारबाही गरेको नदेखिएको हुँदा आवश्यक कारबाही गर्न गराउन नेपाल सरकारलाई निर्देशन दिने ।

३. छुट विल जारी भएपछि ३५ दिन भित्र सम्बन्धित ग्राहकले उक्त महशुल बुझाउनु पर्ने वा चित्त नबुझेमा पुनरावलोकन गर्न सकिने र मिटर रिडिङ्ग भएको ६० दिन भित्र ग्राहकले विद्युत महशुल नबुझाएमा उक्त ग्राहकको लाइन काटी वक्यौता असुल उपर गर्नुपर्ने व्यवस्था विद्युत महशुल संकलन विनियमावली २०७३ मा भएको हुँदा हुँदै पनि प्राधिकरण व्यवस्थापनले उक्त प्रावधान कार्यान्वयन गरेको नदेखिएकोले सो को कार्यान्वयन यथाशिघ्र गर्न गराउन, क्षतिपूर्ति नतिरी विद्युत लाइन नजोड्न संचालक समिति तथा व्यवस्थापनलाई निर्देशन दिने ।

४. मिति २०७३/३/१६ मा विद्युत महशुल निर्धारण आयोगले दिएको लोडशेडिंग ६ घण्टा वा सो भन्दा बढी कायम रहेको अवस्थामा २० घण्टा वा सो भन्दा बढी समय छुट्टै ट्रंक लाइनबाट निरन्तर विद्युत आपूर्ति लिने ग्राहकले डेडीकेटेड ग्राहकको सरह महशुल दर कायम गर्ने निर्णय कार्यान्वयन नगरी राजश्व सम्बन्धी गम्भीर लापरवाही गरेको देखिएकोले सो सम्बन्धमा संचालक समिति, प्रवन्ध निर्देशक वा विभागीय जिम्मेवारी लिएका पदाधिकारीहरू को को दोषी छन् उनीहरू उपर विस्तृत छानविन गरी कारवाही गर्ने प्रक्रिया अघि बढाउन अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई निर्देशन दिने ।

५. विद्युत महशुल संकलन कार्यलाई व्यवस्थित गराउन गर्नुपर्ने कार्यहरूमा नियमित रूपमा हुनुपर्ने विलिंङ्ग गर्ने, महशुल संकलन विनियमावली २०७३ मा भएको व्यवस्था बमोजिम डाटा डाउनलोड गरी सुरक्षित राख्ने, छुट बिल जारी गर्दा प्रक्रिया पुर्याउने, डाटा डाउनलोड गरी हार्ड कपि सुरक्षित राख्ने र ग्राहकको परिसरमा जडान गरिएको **TOD** मिटरको डाटा सुरक्षित राख्ने, बक्यौता उठाउन विनियमावली बमोजिमका प्रावधान अवलम्बन गर्ने जस्ता व्यवस्थापकीय कार्यलाई तत्काल व्यवस्थित गर्न नेपाल विद्युत प्राधिकरणलाई निर्देशन दिने ।

६. नेपाल विद्युत प्राधिकरणको सांगठनिक संरचना र कानुनी प्रावधान अनुसार महशुल निर्धारण गर्ने, विश्लेषण गर्ने, विल विजक जारी गर्ने, महशुल उठाउने जस्ता कार्यहरू समयमै नहुँदा महशुल बुझाउनुपर्ने ग्राहकलाई बहाना बनाउने र समयमै महशुल नतिर्ने स्थिति पैदा गरेकोमा मिलेमतो छैन भन्ने आधार देखिएन, यसका लागि जिम्मेवार पदाधिकारी उपर छानविन गरी आवश्यक कारवाही गर्न प्राधिकरण संचालक समितिलाई निर्देशन दिने ।

७. लोड शेडिङ्ग अन्त्य भएको लामो समय व्यतित भै सकेको अवस्थामा विद्युत महशुल दरमा पुनरावलोकन गर्नुपर्ने स्थिति आएको कुरालाई मध्येनजर गर्दा नेपाल विद्युत प्राधिकरणबाट

प्रस्तावित विद्युत महसुल दरको पुनरावलोकन सम्बन्धी प्रस्ताव उपर तत्काल निष्कर्षमा पुगी कार्यान्वयनमा ल्याउन र समितिलाई जानकारी दिन विद्युत नियमन आयोगलाई निर्देशन दिने ।

८. डेडीकेटेड र ट्रंक लाइनको बक्यौता असुली सम्बन्धमा विद्युत प्राधिकरणलाई आर्थिक क्षति हुने र आर्थिक दायित्व बढ्ने गरी कुनै निर्देशन नगर्न नगराउन नेपाल सरकारलाई निर्देशन दिने ।

अन्त्यमा, उपसमितिको कार्यमा मार्गदर्शन गर्नुहुने माननीय सभापतिज्यू, माननीय सदस्यहरु, उपसमितिको कार्यमा समन्वयात्मक एवं सहयोगात्मक भूमिका निर्वाह गर्ने समिति सचिवालय परिवार र प्रत्यक्ष/अप्रत्यक्ष सहयोग पुर्याउने सबैमा उपसमितिको तर्फबाट म हार्दिक धन्यवाद व्यक्त गर्न चाहान्छु।

धन्यवाद ।

**मितिः २०७६ फागुन**

**मा. मिनेन्द्रप्रसाद रिजाल**

**संयोजक**

**नेपाल विद्युत प्राधिकरणको डेडिकेटेड फिडर र ट्रंक लाइनको बक्यौता सम्वन्धमा अध्ययन गर्न गठित उपसमिति**

# परिच्छेद एक
# प्रारम्भिक

## १.१ पृष्ठभूमि

सार्वजनिक लेखा समितिको बैठकमा नेपाल विद्युत प्राधिकरणले विगतदेखि प्रदान गर्दै आएको डेडिकेटेड फिडर र ट्रंक लाइन सेवा वापत उठाउनु पर्ने बक्यौता असुलीको सम्बन्धमा समितिका माननीय सदस्यहरुले विषयको उठान गरेपछि समितिमा छलफल शुरु भएको थियो । डेडिकेटेड फिडर र ट्रंक लाइनको विषय मुलुक चरम लोडसेडिङ्को मारमा परेको समयमा शुरु भएको थियो । आम नागरिक विद्युत कटौतीको समस्या भोगिरहँदा डेडिकेटेड फिडर र ट्रंक लाइनबाट निरन्तर सेवा लिइरहेका ग्राहकहरुले चौबीसै घण्टा विद्युतसेवा लिइरहेका थिए तर लामो समयदेखि विद्युत सेवा वापत प्रिमियम चार्ज भने नतिरी हालसम्म पनि बक्यौता रहेको विवरण प्राधिकरणले दिइरहेको थियो । यसबाट आम ग्राहकको विद्युत आपूर्तिमा एकातिर समस्या परिरहेको अवस्था थियो भने अर्कोतिर उद्योगी व्यापारी लगायतले निर्वाध रुपमा साधारण महसुल शुल्कमा विद्युत उपयोग गरिरहेका थिए । जनचासो र सरोकारको विषय भएकोले यसको गाम्भीर्यतालाई मध्यनजर गर्दै समितिले मिति २०७६/०२/०७ मा बसेको बैठकमा उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालयका सचिव, नेपाल विद्युत प्राधिकरणका कार्यकारी निर्देशक र पदाधिकारीहरुलाई आमन्त्रण गरी छलफल गरेको थियो । यस सम्बन्धमा थप स्पष्ट हुनको लागि समितिले मिति २०७६/०३/०३ मा बसेको बैठकमा उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रीलाई आमन्त्रण गरी छलफल गरेको थियो । समितिको मिति २०७६/०४/०५ मा बसेको बैठकले नेपाल विद्युत प्राधिकरण्को डेडिकेटेड फिडर र ट्रंक लाइनबाट उपलब्ध गराइएको विद्युतको बक्यौता सम्बन्धमा अध्ययन गर्न उपसमितिको गठन गर्ने निर्णय गरेको थियो ।

## १.२ उपसमितिको गठन

समितिको मिति २०७६/०४/०५ मा बसेको बैठकले नेपाल विद्युत प्राधिकरणको डेडिकेटेड फिडर र ट्रंक लाइनबाट उपलब्ध गराइएको विद्युत महसुलको बक्यौता सम्बन्धमा अध्ययन गर्न माननीय मिनेन्द्रप्रसाद रिजालको संयोजकत्वमा माननीय सूर्यप्रसाद पाठक, माननीय पार्वतीकुमारी विशुन्के, माननीय तेजुलाल चौधरी र माननीय प्रदिप यादव सदस्य रहेको एक अध्ययन उपसमितिको गठन गर्ने निर्णय गरेको थियो ।

## १.३ उपसमिति गठनको उद्देश्य

यस उपसमिति गठनको मुख्य उद्देश्य नेपाल विद्युत प्राधिकरणको डेडिकेटेड फिडर र ट्रंक लाइनबाट ग्राहकहरुलाई उपलब्ध गराइएको विद्युतको महशुल बक्यौता सम्बन्धमा अध्ययन गरी सोको निष्कर्ष र समितिले लिनुपर्ने निर्णय तथा दिनुपर्ने निर्देशन सम्बन्धमा समितिमा सुझाव पेश गर्नु रहेको थियो ।

## १.४ अध्ययनको कार्य क्षेत्र र समयावधि

नेपाल विद्युत प्राधिकरणले आफ्ना ग्राहकहरुलाई प्रदान गर्दै आएको विद्युत प्रवाहको विशेष सुविधा अन्तर्गतको डेडिकेटेड फिडर र ट्रंक लाइन सेवा वापत सेवाग्राहीबाट उठाउनु पर्ने महशुल रकम लामो समयदेखि नियमित रुपमा उठाउन नसकी बक्यौताको रुपमा रहेको, महशुल नउठ्दा प्राधिकरण नाफामा

जान नसकेको र यसको प्रत्यक्ष असर राजस्व असुलीमा परिरहेकोले यसको तथ्य र कारण पत्ता लगाई समितिमा प्रतिवेदन पेश गर्ने रहेको थियो । उपसमितिको पहिलो बैठक बसेको मितिले ४५ (पैंतालीस) दिनभित्र समितिमा प्रतिवेदन पेश गर्ने गरी आवश्यक कार्यादेश सहित समयावधि पाएको थियो र समितिको मिति २०७६ फागुन ८ गतेको निर्णयले म्याद थप गरिएको थियो ।

## १.५ अध्ययनको विधि

उपसमितिले छलफल/अन्र्तक्रिया र प्राप्त कागजातहरुको अध्ययन र विश्लेषणलाई आफ्नो अध्ययनको मुख्य आधार बनाएको थियो । उपसमितिले छलफल/अन्र्तक्रियाको क्रममा नेपाल विद्युत प्राधिकरणका कार्यकारी निर्देशक, उपकार्यकारी निर्देशक, विद्युतको **TOD** मिटर लगायतका प्राविधिक पक्ष हेर्ने इन्जिनियरहरु, प्राधिकरणका कानुन महाशाखाका प्रमुख, विद्युत नियमन आयोगका अध्यक्ष तथा सदस्य र नेपाल विद्युत प्राधिकरणका पूर्व कार्यकारी निर्देशक लगायत अन्य सम्बन्धित पदाधिकारीहरुलाई बैठकमा आमन्त्रण गरी छुट्टाछुट्टै छलफल गरी निजहरुसँग प्राधिकरणको विगतको वस्तुस्थिति र वर्तमान अवस्था बारेमा जानकारी लिएको थियो । छलफल कार्यमा सहजताको लागि उपसमितिले निकायगत विषयसँग सम्बन्धित केही प्रश्नावलीहरु समेत तयार गरी त्यसको उत्तर लिखित तथा मौखिक रुपमा लिएको थियो । यसका साथै तत्तत् निकायबाट उपलब्ध भएको कागजातहरुको अध्ययन र विश्लेषण गरी निस्केको नतिजाको आधारमा यो प्रतिवेदन तयार गरिएको हो ।

## १.६ अध्ययनको सीमा

अध्ययनका क्रममा सम्बन्धित निकायहरुबाट माग गरिए बमोजिमका सामग्रीहरु समयमै प्राप्त नहुनु, प्राविधिक विषयको विश्लेषणात्मक अध्ययनको लागि विज्ञताको कमी, स्रोत सामग्रीको सीमित रुपमा उपलब्ध भएको र समय अपर्याप्त हुँदाहुँदै पनि समयमै प्रतिवेदन पेश गर्नुपर्ने जस्ता विषय यस अध्ययनका सीमाहरु रहेका थिए ।

## १.७ अध्ययन प्रतिवेदनको संरचना

यो प्रतिवेदनमा जम्मा तीनवटा परिच्छेदहरु रहेका छन् । जसअन्तर्गत परिच्छेद एकमा पृष्ठभूमि तथा अध्ययन विधि र सिमाहरुको चर्चा गरिएको छ भने परिच्छेद दुईमा विभिन्न निकायहरुका पदाधिकारीहरुसँग गरिएको छलफल/अन्र्तक्रियाबाट प्राप्त जानकारी, तथा कागजातहरुको अध्ययनबाट प्राप्त विवरणहरु उल्लेख गरिएका छन् । परिच्छेद तीनमा भने उपसमितिको अध्ययनको विश्लेषण, निष्कर्ष र समितिले लिनुपर्ने निर्णयका सम्बन्धमा सुझावहरु प्रस्तुत गरिएको छ ।

# परिच्छेद दुई
# विभिन्न निकायहरुसँगको छलफल/अन्तर्क्रिया र कागजातहरुको अध्ययनबाट प्राप्त विवरण

## २.१ घटनाक्रमको स्थिति

नेपाल विद्युत प्राधिकरणको डेडिकेटेड फिडर र ट्रंक लाइन उपलब्ध गराउँदै आएको ग्राहकहरुबाट उठाउनु पर्ने बक्यौता रकम लामो समयदेखि उठाउन नसकेको प्राधिकरणको विवरणबाट देखिएको छ । प्राधिकरण्को सञ्चालक समितिको २०७२/०३/१२ को निर्णयानुसार डेडिकेटेड फिडरबाट विद्युत आपूर्ति लिने औद्योगिक, व्यापारिक तथा गैर व्यापारिक वर्गका ग्राहकहरुको महशुल दर स्वीकृत हुन प्राधिकरणको मिति २०७२/०९/२० को पत्र मार्फत विद्युत महशुल निर्धारण आयोगलाई अनुरोध भएपछि मिति २०७२/१०/१७ को आयोगको पत्रमार्फत सरकारी अस्पताल बाहेकका डेडिकेटेड फिडरका उपभोक्ताहरुको हकमा ने.वि.प्रा. सञ्चालक समितिको निर्णयानुसार २०७२ साउनदेखिको खपतबाट महशुल लागू हुने गरी प्राधिकरणको निर्णय अनुमोदन स्वीकृत गरिएको जनाएकोले प्राधिकरणले सोही अनुसार विलिङ् गरी २०७५/१२/२९ मा पत्राचार गरिएको जनाएको छ ।

लोडसेडिङ् ६ घण्टा वा सोभन्दा बढी कायम भएको अवस्थामा, २० घण्टा वा सो भन्दा बढी समय छुट्टै ट्रंक लाइनबाट निरन्तर विद्युत आपूर्ति लिने ग्राहकको महशुल डेडिकेटेड ग्राहकको सरह दर कायम गर्ने निर्णय भएबाट ट्रंक लाइनबाट विद्युत आपूर्ति लिने ग्राहकहरुको सप्लाई पनि डेडिकेटेड सरह नै भएकोले जहिलेदेखि डेडिकेटेडको विलिङ्ग भएको छ सोही समयदेखि ट्रंकलाइनको पनि महशुल सोही अनुसार हुनुपर्छ अर्थात् २०७२ साउनदेखि नै महशुल दर लागू हुनुपर्छ भन्ने प्राधिकरणको जिकिर रहेको देखिन्छ ।

विद्युत महशुल संकलन नियमावली, २०७३ को विनियम ५(५) मा २० घण्टा वा सो भन्दा बढी विद्युत आपूर्ति लिन चाहने ट्रंक लाइनका ग्राहकहरुले आवेदन स्वीकृत गराई डेडिकेटेड सरह महशुल तिरी लिन सक्ने र स्वीकृति नलिई लोडसेडिङ्भन्दा बढी समय विद्युत आपूर्ति लिएमा विद्युत चोरी ऐन, २०५८ बमोजिम कारवाही गर्न सक्ने व्यवस्था रहेको छ ।

अदालतमा मुद्दा परेर अन्तरिम आदेश भएका ग्राहकको हकमा बाहेक डेडिकेटेड फिडरका ग्राहकको विद्युत महशुल विलिङ् भइरहेको छ । ट्रंक लाइनबाट विद्युत आपूर्ति लिएका ग्राहकहरुको विद्युत महशुल सम्बन्धमा ने.वि.प्रा. सञ्चालक समितिको २०७५/१२/२९ को निर्णयानुसार उपसमिति गठन भई अध्ययन र छानबिनको कार्य अन्तिम चरणमा पुगेको छ । विद्युत नियमन आयोग ऐन, २०७४ को दफा ३ बमोजिम विद्युत नियमन आयोगको स्थापना भई नेपाल सरकारको मिति २०७६/०१/२३ को निर्णयानुसार अध्यक्ष र चार सदस्यहरु रहने गरी आयोग गठन भई मिति २०७६/०१/२५ देखि आफ्नो कार्य सञ्चालन गर्दै आएको छ । विद्युतको उत्पादन, प्रशारण, वितरण वा व्यापारलाई सरल, नियमित, व्यवस्थित तथा पारदर्शी बनाई विद्युतको माग र आपूर्तिमा सन्तुलन कायम राख्नु, विद्युत महशुल नियमन गर्नु, विद्युत उपभोक्ताको हक हितको संरक्षण गर्नु, विद्युतको बजारलाई प्रतिस्पर्धात्मक बनाउनु जस्ता कार्य विद्युत नियमन आयोगको मुख्य काम रहेको देखिन्छ ।

विद्युत महशुल कार्यान्वयन गर्ने र अनुगमन गर्ने अभिभारा प्राथमिक रुपले नेपाल विद्युत प्राधिकरणको रहेको भएपनि विद्युत नियमन आयोग स्थापना भएपछि विद्युत महशुल कार्यान्वयनको अनुगमन, नियमनको कार्य विद्युत नियमन आयोगको क्षेत्राधिकारभित्र पर्दछ । लोडसेडिङ्ग हटेपछिको अवस्थामा

डेडिकेटेड फिडर र ट्रंक लाइनको महशुल दरमा पुनरावलोकन गर्न ने.वि.प्रा. ले विधिवत् रुपमा विद्युत नियमन आयोगमा निवेदन दिनु पर्ने प्रावधान भएपनि हालसम्म निवेदन नआएको आयोगको भनाई छ। नेपाल विद्युत प्राधिकरणको सञ्चालक समितिको मिति २०७५/१२/२९ को ७९३ औं बैठकबाट ने.वि.प्रा. को डेडिकेटेड फिडर र ट्रंक लाइनबाट विद्युत आपूर्ति लिने ग्राहकको विद्युत महशुलबारे पूर्व निर्णयमा थप अध्ययन गरी प्रतिवेदन पेश गर्न सञ्चालक श्री भक्तबहादुर पुनको संयोजकत्वमा पाँच सदस्यीय एक अध्ययन तथा सिफारिश उपसमिति गठन गरेकोमा उक्त समितिले प्रतिवेदन बुझाई सकेको छ। ट्रंक लाइनको अवधारणा डेडिकेटेड फिडरभन्दा पछि आए पनि यो लाइन लिन चाहने ग्राहकले डेडिकेटेड फिडर सरह नै महशुल तिरी लिन सक्नेछन् भन्ने प्रावधान विद्युत महशुल संकलन नियमावली, २०७३ मा रहेकोले डेडिकेटेड फिडरमा लाग्ने महशुल सरह सोही मितिबाट ग्राहकले तिर्नुपर्छ भन्ने नेपाल विद्युत प्राधिकरणको भनाई रहेको छ।

## २.२ विद्युत उपयोग सम्बन्धमा व्यवस्था गरिएको ऐन तथा विनियमावलीको हालको अवस्था

विद्यमान महशुल दरमा फेरबदल गर्नुपरेमा विद्युत नियमन आयोगको पूर्व स्वीकृति लिनु पर्ने व्यवस्था छ | **TOD** मिटरहरूको डिमाण्ड रिडिंगका लागि ३/३ महिनामा **Reset** गरिएको हुन्छ | विद्युत वितरण विनियमावली, २०६९ मा हालसम्म कुनै संशोधन भएको छैन | **TOD** मिटरको बैशाख देखि मंशिर र पौष देखि चैत्रको डर फरक हुने व्यवस्था छ | विनियमावली २०७३ मा डेडीकेटेड फिडर अन्तर्गत सवस्टेशनबाट घर सम्म दिएको र डेडीकेटेड लाइन अन्तर्गत छुट्टै निर्माण भएको वितरण लाइन हुने भनिएको छ | विनियमावली ५(५) अनुसार २० घण्टा कम प्रयोग भए अनधिकृत मान्ने डेडीकेटेड सरह लिने र सो बराबरको क्षतिपूर्ति तिर्नुपर्ने प्रावधान रहेको छ | त्यस्तै गरी विनियमावली ५(१०) मा **TOD** को हकमा हरेक बर्षको चैत्रमा मिटर रिडिंग र **data** डाउनलोड गरी प्रतिवेदन क्षेत्रीय कार्यालय र उपकार्यकारीकोमा पठाउनु पर्ने व्यवस्था गरिएको छ | विनियमावली ५(११) मा ६६ के भी, ३३ केभी र ११ केभिमा **TOD** मिटर राख्न अनिवार्य गरिएको छ | विनियमावली ५(१३) अन्तर्गत छुट भएको बिलिंग कुनै पनि समय जानकारी हुनासाथ जुनसुकै समयमा बिलिंग हुने, जानकारी पाएको ३५ दिनभित्र पुनरावेदन समितिमा निवेदन दिन सकिने व्यवस्था छ | बाधा अड्काउ फुकाउन प्रशासकीय अधिकृतले फुकाउने र व्याख्या वा संशोधन भने समितिले गर्ने व्यवस्था रहेको छ |

## २.३ संचालक समितिका केही महत्वपूर्ण निर्णयहरू

नेपाल विद्युत प्राधिकरणले २०७०/९/१६ को निर्णयले **Dedicated feeder** अन्तर्गत पछि आयोगले निर्धारण गरे अनुरुप तिर्नुपर्ने भनी उल्लेख गरेको देखिन्छ भने २०७१/१०/२५ मा मनोज मिश्रको संयोजकत्वमा उपसमिति बनाई अध्ययन गरिएको र सो उपसमितिको प्रतिवेदन

२०७२/३/१२ मा प्राधिकरण संचालक समितिले अनुमोदन गरेको देखिन्छ | **Dedicated feeder** र **Separate feeder** को लागि २०७२/५/२४ मा महशुल उठाउन पत्राचार भएको देखिन्छ |
विद्युत महशुल बक्यौता सम्बन्धमा २०७५/१/३१ मा भक्त बहादुर पुनको अध्यक्षतामा उपसमिति गठन गरेको र उक्त उपसमितिले २०७५/४/२५ मा प्रतिवेदन बुझाएको भए पनि ९ महिना सम्म संचालक समितिमा पेश नभएको र २०७५/१२/२९ मा उक्त प्रतिवेदनमा छलफल हुँदा प्राविधिक पक्षको थप अध्ययन गर्ने भनि भक्त बहादुर पुनकै अध्यक्षतामा पहिलेकै उपसमितिका सदस्यहरू रहेको उपसमिति गठन गरेको र उक्त उपसमितिले प्रतिवेदन बुझाएको अवस्था छ | २०७५/१२/२९ कै निर्णय भनि प्राधिकरण व्यवस्थापनले छुट बिल भनि पत्राचार गरेको देखिन्छ |

## २.४ हालको अवस्था र बक्यौता स्थिति

**Dedicated feeder** बाट लाइन लिने २४० ग्राहकहरू मध्ये अस्पताल लगायतका ५६ ग्राहकलाई छुट भएको प्राधिकरणको विवरणबाट देखिन्छ भने १६५ ग्राहकले नियमानुसार महसुल बुझाइरहेको देखिन्छ | ति मध्ये २० ग्राहकहरूलाई बक्यौता रकम छुट विलको रूपमा २०७५/१२/२९ मा बिलिंग भएको र ताकेता गरिएको बताइएको छ | यस **Dedicated feeder** तर्फ बिलिंग भएको रकम रु ९,०६,४४,०२,५९२.३७ रहेको, त्यो मध्ये रु. ५,५९,८७,५६,६४५.३७ बुझाएको र रु. ३,४१,७४,८४,०८०.१५ बक्यौता रहेको विवरण प्रधिकरणले दिएको छ |

ट्रंक लाइनबाट विद्युत आपूर्ति लिने ८४ ग्राहकहरू मध्ये ५१ ग्राहकहरूको डेडीकेटेड तथा ट्रंक टेरिफ अनुसार बिलिंग गरेको रकम रू. १८६२८७३४४८८.४६ रहेको त्यो मध्ये रु १३१००३३५२७५.९९ बुझाएको र बक्यौता रू ६,७२३३४५९९०.३७ रहेको देखिएको छ |

डेडीकेटेड फिडर अन्तर्गतका धेरैजसो ग्राहकले महसुल तिरिरहेको र ट्रंक लाइनका ग्राहक मध्ये धेरै जसोले बक्यौता रकम नतिरेको देखिन्छ | यसरी प्रिमियम रकम तिर्न बक्यौता रहेको कुल जम्मा रु १०,१४,०८,३०,०७०.५२ रहेको आँकडा प्राधिकरणको विवरणमा देखिएको छ |

यसरी बक्यौता देखिएको र छुट बिलको रुपमा पत्राचार गरिएको भएपनि अर्को तर्फ २०७५/१२/२९ मा भक्त बहादुर पुनको संयोजकत्वमा पुन उपसमिति गठन गरि थप प्राविधिक पक्षको अध्ययन भै रहेको प्राधिकरणले जनाएको छ | यसै प्रसंगमा ग्राहकहरु मध्ये हाल २६ वटा ग्राहकहरूले चित्त नबुझी अदालतमा रिट दायर गरेको र अधिकांश मुद्दाहरू फैसला हुँदा प्राधिकरणको पक्षमा भएको प्राधिकरणले जनाएको छ | हालै मात्र अदालतबाट केही रिटहरू खारेज भए पश्चात् प्राधिकरणलाई महसुल उठाउन बाटो खुलेको छ |

## २.५ विद्युत नियमन आयोगको भूमिका

विद्युत प्राधिकरण संचालक समितिले २०७२/३/१२ को निर्णयले २०७२ श्रावण देखिको खपतमा नयाँ महशुल दर कायम गरेको र सो को अनुमोदन तत्कालिन विद्युत महशुल निर्धारण

आयोगबाट २०७२/९/२९ र २०७२/१०/१० मा भएको देखिन्छ | मिति २०७३/३/१६ मा विद्युत महशुल निर्धारण आयोगले लोडशेडिंग ६ घण्टा वा सो भन्दा बढी कायम रहेको अवस्थामा २० घण्टा वा सो भन्दा बढी समय छुट्टै ट्रंक लाइनबाट निरन्तर विद्युत आपूर्ति लिने ग्राहकले डेडीकेटेड ग्राहकको सरह महशुल दर कायम गर्ने निर्णय गरेको थियो | सोहि अनुसार गर्नुपर्नेमा सो निर्णयमा प्राविधिक कठिनाइ देखाई खपत समय अनुसार रेकर्ड नराखी प्राधिकरणले कार्यन्वयनमा नल्याएको र निर्णय पुनरावलोकनका लागि विद्युत नियमन आयोगलाई लेखि पठाएको छैन |

विद्युत नियमन आयोग ऐन, २०७४ अनुसार २०७६/१/२५ देखि विद्युत नियमन आयोग क्रियाशील भएको देखिन्छ र विद्युत महशुल निर्धारण आयोग खारेज भएको छ | यो नियमन आयोगले विगतको आयोगको कामका अलावा विद्युत महशुल निर्धारण र यसको कार्यान्वयन तथा अनुगमन गर्ने गराउने काम तोकिएको छ |

## २.६ अदालतमा विचाराधीन मुद्दाका अवस्था

डेडिकेटेड र ट्रंक लाइनको उपयोगको बक्यौताका विषयलाई लिएर केही ग्राहकहरु मुद्दामा पनि गएको अवस्था छ भने प्राधिकरणले आफूले उठाउनु पर्ने भनिएको महशुल के कारणले जायज छ भनी अदालतमा देहाय बमोजिमको जिकिर पेश गरेको छ :

१. नेपाल विद्युत प्राधिकरण, नेपाल विद्युत प्राधिकरण ऐन, २०४१ बमोजिम स्थापना भएको कानुनी निकाय भएकोले ऐनको दफा १९(घ) ले प्राधिकरणलाई विद्युत सम्बन्धी अन्य सेवा शुल्क निर्धारण गर्ने अधिकार प्रदान गरेकोले महशुल ऐनको दफा २०(ग) बमोजिम प्राधिकरणले असुल उपर गर्दछ ।

२. प्राधिकरणलाई प्रदत्त अधिकारको प्रयोग गर्ने अधिकार ऐनको दफा ८ ले ने.वि.प्रा. सञ्चालक समितिलाई प्रदान गरेकोले डेडिकेटेड फिडर वा ट्रंक लाइनका विद्युत आपूर्ति लिने ने.वि.प्रा. विद्युत महशुल संकलन विनियमावली, २०७३ को विनियम ५(२) मा ग्राहकलाई ऐनको अनुसूची-१ (क) बमोजिम लागेको महशुललाई अन्यथा भन्न मिल्दैन ।

३. कुनै विषयवस्तुमा कानुनमा तोकिएको महशुल लाग्ने व्यवस्था कानुन व्यवस्था सम्बन्धि ऐन, २०१० को दफा ११ मा प्रष्ट भएकोले निवेदक विनियम ५(२) बमोजिम ग्राहक भएको र यस्ता ग्राहकलाई ऐनको विनियमावलीको अनुसूची - १ (क) लाग्ने हुँदा उक्त महशुल वैध छ। न्यायिक सिद्धान्त बमोजिम छ ।

४. प्रजातन्त्र पुनर्स्थापना पछि नेपाल सरकारले आर्थिक उदारीकरणको नीति अवलम्बन गरी विद्युत ऐन, २०४९ बमोजिम विद्युत उत्पादन गरी सर्वसाधारणलाई बिक्री गर्ने विद्युतको महशुल नियमन गर्न विद्युत निर्धारणको संरचना व्यवस्था गरिएको छ।

५. सर्वसाधारणलाई बिक्री गर्ने विद्युत महशुल सार्वजनिक जवाफदेहिता भएको निकायबाट निर्धारण गर्ने व्यवस्था ऐन, २०४९ मा गरिएको हो । प्राधिकरणको सञ्चालक समिति सार्वजनिक जवाफदेहिता भएको निकाय भएको ऐनको दफा ९(३) ले प्रष्ट गर्दछ ।

६. विद्युत ऐन, २०४९ ले विद्युत प्राधिकरण ऐन, २०४१ को प्रावधानलाई कुण्ठित वा प्रतिस्थापन गर्न सक्दैन ।

७. कानुन व्यवस्था सम्बन्धी ऐन, २०१० को दफा २(ङ) अनुसार नेपाल कानुन भन्नाले कानुन सरह लागू हुने ऐन, सवाल, नियम, आदेश उपनियमलाई जनाउने भएकोले विनियमावली ने. वि. प्रा. ऐन, २०४१ को दफा ९ बमोजिमको सञ्चालक समितिले सोही ऐनको दफा ३५ बमोजिम नियमावली बनाई लागू गरेकोले यसको कानुनी मान्यता विवादरहित छ ।

८. विनियमावलीमा ग्राहक एवं विद्युत आपूर्ति गर्ने संरचनाहरु परिभाषित र वर्गीकरण गरिएकोले निवेदकले विनियम २(ग) बमोजिम संरचनाबाट ऐनको विनियम बमोजिम विद्युत सेवा उपयोग गरेको हुँदा निजले विनियम ५(२) मा उल्लेख भए बमोजिमको महशुल भुक्तानी गर्नु पर्ने हुन्छ ।

९. निवेदकले ने. वि. प्रा. ऐनको दफा ३५ बमोजिम बनेको विनियमावलीको वैधता अन्यथा भन्ने सम्बन्धमा निरोपण हुन सक्दैन ।

१०. डेडिकेटेड फिडर प्राधिकरणको उपविश्राम स्थल (Substation) बाट छुट्टै संरचनाद्वारा निश्चित ग्राहकलाई विद्युत आपूर्ति गर्ने प्रणाली हो । यस प्रणालीबाट तोकिएको विद्युत आपूर्ति गर्ने प्रणाली हो । यसमा विद्युत आपूर्ति गर्ने श्रोत ट्रंक लाइन भएकोले ट्रंक लाइनबाट विद्युत प्रवाह नभएमा डेडिकेटेड फिडरबाट आपूर्ति हुन सम्भव हुँदैन । ट्रंक लाइनबाट तुलनात्मक रुपमा डेडिकेटेड फिडरभन्दा बढी गुणस्तरीय सेवा उपलब्ध हुने भएकोले ट्रंकलाइनबाट तुलनात्मक रुपमा डेडिकेटेड फिडर भन्दा कम गुणस्तरीय सेवा उपलब्ध हुने कुरा तथ्यपरक छैन ।

११. विद्युत महशुल संरचनामा लाग्ने नभई उर्जामा लाग्ने हो । समान उर्जा उपयोग गरेको तथ्य लुकाई विद्युत आपूर्ति गर्ने संरचनाको नामको आधारमा गरिएको निवेदन खारेज गरी कानुन बमोजिम लाग्ने महशुल तिर्नु बुझाउनु पर्ने हुन्छ ।

१२. अन्य उद्योगले निवेदक सरहको उर्जा उपयोग गर्दा बढी महशुल तिर्नु पर्ने र नतिर्नेले कम तिर्नु नपर्ने अवस्था नत न्यायिक नत कानुनको समान प्रयोग हुन सक्छ ।

१३. प्राधिकरणले विद्युत महशुलको विलिङ्ग गर्दा कुनै कारणले छुट हुन गएकोमा जुनसुकै समयमा छुट्टै विलिङ्ग गर्न सक्ने प्रावधान भएकोले विलिङ्ग गर्दा कुनै विषय अनदेखा भएकोले त्यसको अनुचित फाइदा कसैले लिन पाउने छैन ।

१४. प्राधिकरणबाट विद्युत महशुल असुली गरेको कारवाही सम्बन्धमा पुनरावेदन गर्न सक्ने वैकल्पिक उपचारको व्यवस्था हुँदाहुँदै सम्मानित अदालतसमक्ष दायर भएको प्रस्तुत निवेदन पत्र स्वयंमा न्याय प्रशासन ऐन, २०७३ को दफा ८(२) प्रतिकूल देखिन्छ ।

नेपाल विधुत प्राधिकरण विरूद्ध डेडिकेटेड र ट्रंक लाइन सम्बन्धी दायर भएको मुद्दाहरूको विवरण निम्न अनुसार रहेको छ :

**डेडिकेटेड लाइन तर्फः**

| क्र.स. | निवेदक | विषय | अदालत | अन्तरिम आदेश जारी भए/नभएको |
|---|---|---|---|---|
| १ . | हिमाल आइरन एण्ड स्टील प्रा.लि. | उत्प्रेषण | सर्वोच्च अदालत | अन्तरिम आदेश जारी नभएको |
| २ . | शिवम सिमेन्ट प्रा.लि. | उत्प्रेषणयुक्त परमादेश | उच्च अदालत,पाटन | अन्तरिम आदेश जारी भएको |
| ३. | युनाइटेड सिमेन्ट प्रा.लि. | उत्प्रेषण परमादेश | उच्च अदालत,पाटन | अन्तरिम आदेश जारी नभएको |
| ४. | रघुपित जुट मिल्स लि. | उत्प्रेषण परमादेश | उच्च अदालत,पाटन | अन्तरिम आदेश जारी नभएको |
| ५. | रिलायन्स स्पिनिङ्ग मिल्स प्रा.लि. | उत्प्रेषण परमादेश | उच्च अदालत,पाटन | अन्तरिम आदेश जारी नभएको |
| ६. | शुभश्री अग्नी सिमेन्ट उधोग प्रा.लि. | उत्प्रेषण परमादेश निषेधाज्ञा समेत | उच्च अदालत,पाटन | अन्तरिम आदेश जारी नभएको |
| ७. | बुटवल सिमेन्ट प्रा.लि. | उत्प्रेषण परमादेश | उच्च अदालत, बुटवल | अन्तरिम आदेश जारी भएको |
| ८. | लक्ष्मी स्टिल्स प्रा.लि. | उत्प्रेषण परमादेश | उच्च अदालत, बुटवल | अन्तरिम आदेश जारी भएको |
| ९. | सर्वोतम सिमेन्ट प्रा.लि. | उत्प्रेषण परमादेश | उच्च अदालत, बुटवल | अन्तरिम आदेश जारी भएको |
| १०. | घोराहि सिमेन्ट प्रा.लि. | उत्प्रेषण, परमादेश | उच्च अदालत, तुल्सीपुर | अन्तरिम आदेश जारी नभएको |

## ट्रंक लाइन तर्फ :

| क्र.स. | निवेदक | विषय | अदालत | अन्तरिम आदेश जारी भए / नभएको |
|---|---|---|---|---|
| १ . | अर्घाखाँची सिमेन्ट प्रा.लि. | उत्प्रेषण परमादेश निषेधाज्ञा समेत | उच्च अदालत, पाटन | अन्तरिम आदेश जारी भएको |
| २ . | जगदम्वा सिन्थेटिक प्रा.लि. | उत्प्रेषण परमादेश निषेधाज्ञा समेत | उच्च अदालत, पाटन | अन्तरिम आदेश जारी भएको |
| ३. | विशाल सिमेन्ट इण्डस्ट्रिज प्रा.लि. | उत्प्रेषण परमादेश लगायत | उच्च अदालत, पाटन | अन्तरिम आदेश जारी नभएको |
| ४. | अरिहन्त मल्टी फाइवर्स लि. | उत्प्रेषण परमादेश | उच्च अदालत, पाटन | अन्तरिम आदेश जारी नभएको |
| ५. | एभरेष्ट पेपर मिल्स प्रा.लि. | उत्प्रेषण परमादेश | उच्च अदालत, पाटन उच्च अदालत, जनकपुर | अन्तरिम आदेश जारी नभएको |
| ६. | अरिहन्त मल्टी पोलिप्याक्स लि. | उत्प्रेषण परमादेश | उच्च अदालत, पाटन | अन्तरिम आदेश जारी नभएको |
| ७. | पाल्पा सिमेन्ट | उत्प्रेषण परमादेश | उच्च अदालत, बुटवल | अन्तरिम आदेश जारी नभएको |
| ८. | जगदम्वा स्टिल प्रा. लि. | निषेधाज्ञा र उत्प्रेषण र परमादेश | उच्च अदालत, जनकपुर | अन्तरिम आदेश जारी भएको |
| ९. | अशोक स्टिल प्रा.लि. | निषेधाज्ञा र उत्प्रेषण र परमादेश | उच्च अदालत, जनकपुर | अन्तरिम आदेश जारी भएको |
| १०. | हामा आइरन इण्डस्ट्रिज प्रा.लि. | निषेधाज्ञा र उत्प्रेषण र परमादेश | उच्च अदालत, जनकपुर | अन्तरिम आदेश जारी भएको |
| ११. | हुलास स्टिल इण्डस्ट्रिज प्रा.लि. | निषेधाज्ञा र उत्प्रेषण र परमादेश | उच्च अदालत, जनकपुर र बिरगंज इजलास | अन्तरिम आदेश जारी भएको |
| १२. | सुर्य नेपाल प्रा.लि. | निषेधाज्ञा र उत्प्रेषण र परमादेश | उच्च अदालत, जनकपुर र बिरगंज इजलास | अन्तरिम आदेश जारी भएको |
| १३. | सोनापुर मिनिरल्स एण्ड आयल्स प्रा.लि. | उत्प्रेषण र परमादेश | उच्च अदालत, बुटवल | अन्तरिम आदेश जारी नभएको |

| | | | | |
|---|---|---|---|---|
| १४. | बाबा जुट मिल्स प्रा .लि. | उत्प्रेषण र परमादेश | उच्च अदालत, बिराटनगर | अन्तरिम आदेश जारी नभएको |
| १५. | मारूती सिमेन्ट प्रा.लि. | उत्प्रेषण र परमादेश | उच्च अदालत, राजविराज | अन्तरिम आदेश जारी भएको |
| १६. | निगाले सिमेन्ट | उत्प्रेषण र परमादेश | उच्च अदालत, धनकुटा | अन्तरिम आदेश जारी भएको |

प्राधिकरणले अदालत समक्ष पेश गरेका माथि उल्लिखित जिकिरहरुका अतिरिक्त सम्मानित उच्च अदालत पाटनबाट हालै रिट खारेज भै प्राधिकरणको पक्षमा फैसला भएको अवस्था छ ।

## २.७ उपसमितिको निष्कर्ष

नेपाल विद्युत प्राधिकरणबाट विभिन्न मितिमा प्राप्त सूचना र तथ्यांकका अनुसार बुटवल क्षेत्रीय कार्यालय अन्तर्गतका केहि ग्राहकले नियमित रूपमा महशुल तिरिरहेको बाहेक अन्य ट्रंक लाइनबाट विद्युत आपूर्ति लिइरहेका ग्राहकको हकमा महशुल संकलन विनियमावली, २०७३ अनुसार २०७३/४/१ देखि लागू हुने गरी नियमित बिलिंग हुनुपर्नेमा लामो समयसम्म विलिंग भएको देखिंदैन र नियमित रूपमा डाटा डाउनलोड नगरिएको र यसकै कारण विद्युत उपयोग गरेको समय अवधिलाई बैज्ञानिक पुष्टि गर्न प्राधिकरणलाई निर्देशन दिनुपर्ने देखिएको छ | उक्त समयावधिको विश्लेषण नै नगरी छुट विलको रकम तिर्न भनी ग्राहकलाई पत्र प्रेषित गरेको, प्रेषित पत्रहरूमा समेत एकरुपता नरहेको र छुट विलको ब्याख्या र प्रक्रिया समेत विद्युत वितरण विनियमावली २०६९ बमोजिम भएको देखिएन | एक लाख रूपैयाँ भन्दा बाढीको छुट विल सम्बन्धी निर्यण कार्यकारी निर्देशकबाट स्वीकृत भएपछि मात्र लागू हुनुपर्नेमा सो नगरिएकोले ग्राहकहरुले कानुनी उपचारको बाटोतिर लागेको देखिन्छ |

अर्को तर्फ प्राधिकरणको संचालक समितिको २०७५/१/३१ को बैठकबाट डेडीकेटेड फिडर लाइन तथा ट्रंक लाईनबाट विद्युत आपूर्ति लिने ग्राहकको विद्युत महशुल संकलनको अवस्था अध्ययन गरी प्रतिवेदन पेश गर्न संचालक श्री भक्तबहादुर पुनको संयोजकत्वमा गठित उपसमितिले २०७५/४/२५ मै विद्युत प्राधिकरणमा प्रतिवेदन बुझाएको भएपनि नौ महिनासम्म सो सम्बन्धमा कार्यकारी निर्देशकले समितिमा पेश नगरेको देखिन्छ | नौ महिनापछि समितिमा पेश भएको प्रतिवेदनलाई स्वीकृत नगरी त्यही प्रतिवेदनकै आधारमा कार्यकारी निर्देशकको निर्णय वेगर छुट बिल भनि ग्राहकलाई पत्राचार गरेको देखिन्छ भने अर्को तर्फ समितिले नै पुन उक्त प्रतिवेदनको प्रविधिक पक्ष अपर्याप्त ठानी फेरि श्री भक्तबहादुर पुनकै संयोजकत्वमा पहिलेकै सदस्यहरू रहेको उपसमिति गठन गरी एक महिना भित्र थप अध्ययन गरी प्रतिवेदन पेश गर्न निर्देशन दिएको छ र नेपाल विद्युत प्राधिकरणको सांगठनिक संरचना र कानुनी प्रावधान अनुसार महशुल निर्धारण गर्ने, विश्लेषण गर्ने, विल

विजक जारी गर्ने, महशुल उठाउने काम सम्बन्धित वितरण केन्द्र कै भएकोमा तत् तत् केन्द्रहरुमा जिम्मेवारी बहन गर्ने पदाधिकारीहरुले कर्तव्य निर्वाह गरेको पाइएन र संचालक समितिका निर्णयहरूले थप अन्यौलता थपेको देखिन्छ ।

देशमा उर्जा संकट रही लोडशेडिङ्ग भएको समयमा अपनाइएको नीतिगत र कानुनी प्रावधानलाई २०७५/१/३१ देखि लोडसेडिंग हटेको घोषणा गरेको प्राधिकरणले हालसम्म पनि महशुल दरमा आवश्यक परिमार्जन गरी समयानुकुल, न्यायसंगत र व्यवहारिक बनाउन सकेको छैन । हालको कार्यकारी नेतृत्वले सम्बन्धित निकायमा पत्राचार गरी प्रक्रिया पुरा गर्नुपर्ने कानुनी प्रावधान रहेको अवस्थामा ढिलासुस्ती गरी ग्राहकलाई मर्का पारेको देखिएको छ । सो कुराको विद्युत नियमन आयोगले समेत पुष्टि गरेको छ । विद्युत महशुल कार्यान्वयन गर्ने र अनुगमन गर्ने कार्यमा विद्युत नियमन आयोग संग समन्वयय गरिएको पाइएन ।

छुट विल जारी भएपछि ३५ दिन भित्र सम्बन्धित ग्राहकले उक्त महशुल बुझाउनु पर्ने वा चित्त नबुझेमा पुनरावलोकन गर्न सकिने र मिटर रिडिंग भएको ६० दिन भित्र ग्राहकले बिद्युत महशुल नबुझाएमा उक्त ग्राहकको लाइन काटी वक्यौता असुल उपर गर्नुपर्ने व्यवस्था महशुल संकलन विनियमावली २०७३ मा भएको हुँदा हुँदै पनि प्राधिकरण नेतृत्वले उक्त प्रावधान कार्यान्वयन गरेको छैन भने ग्राहकहरू पनि सो प्रक्रियामा नआई सिधै अदालत गएको देखिन्छ ।

नियमित रूपमा हुनुपर्ने विलिंग नभएको, महशुल संकलन विनियमावली २०७३ मा भएको व्यवस्था बमोजिम डाटा डाउनलोड गरी सुरक्षित नराखेको, छुट बिल जारी गर्दा प्रक्रिया नपुर्याएको, डाटा डाउनलोड गरी हार्ड कपि सुरक्षित नराखेको र ग्राहकको परिसरमा जडान गरिएको **TOD** मिटरको डाटा लामो समय सुरक्षित राख्न नसकिने अवस्थामा हाल डाउनलोड गर्ने अवस्था व्यवस्थित नरहेको, बक्यौता उठाउन विनियमावली बमोजिमका प्रावधान अवलम्बन नगरिएको र कार्यकारी नेतृत्व एवं पदाधिकारीहरुले जिम्मेवारी पूर्वक कर्तव्य निर्वाह नगरी राज्य कोषमा जम्मा हुनुपर्ने अर्बौं रकम हालसम्म पनि प्राप्त नभएको र जोखिममा पारिएको देखिन्छ ।

तत्कालीन संचालक समितिका सदस्य मनोज कुमार मिश्रको संयोजकत्वमा गठित उपसमितिले पेश गरेको प्रतिवेदनमा आधारित भएर संचालक समितिले डेडीकेटेड फिडरबाट २०७० जेष्ठ देखि सप्लाई दिने र सो का लागि नयाँ दर कायम गर्न नयाँ मापदण्ड तयार गर्न उपसमिति गठन गरी कार्य गरेको र सोका आधारमा प्राधिकरण संचालक समितिले २०७२/३/१२ को निर्णयले २०७२ श्रावणदेखिको खपतमा नयाँ महशुल दर कायम गरेको र सोको अनुमोदन तत्कालिन बिद्युत महशुल निर्धारण आयोगबाट २०७२/९/२९ र २०७२/१०/१० मा भएकोले २०७२ श्रावण देखिनै सो महशुल दर अनुसार ग्राहकबाट लिनुपर्ने देखिन्छ । त्यसो नगरी प्राधिकरणको नेतृत्वले सामान्य ग्राहक सरह बिलिंग गरी शुल्क उठाएको छ । त्यसै गरी २०७३/३/१६ मा विद्युत महशुल निर्धारण आयोगले लोडशेडिंग ६ घण्टा वा सो भन्दा बढी कायम गहेको अवस्थामा २० घण्टा वा सो भन्दा

बढी समय छुट्टै ट्रंक लाइनबाट निरन्तर विद्युत आपूर्ति लिने ग्राहकको महशुल डेडीकेटेड ग्राहकको सरह दर कायम गर्ने निर्णय गरेबाट सोहि अनुसार गर्नु पर्नेमा सो निर्णय प्राविधिक कठिनाइ देखाई समय अनुसार रेकर्ड नराखी प्राधिकरणले कार्यन्वयनमा ल्याउन नसकेको र निर्णय पुनरावलोकनका लागि आयोगलाई भर्खरै पठाएको छ । आयोगसँग समन्वय नगरी प्राधिकरण नेतृत्व, पदाधिकारी र कर्मचारीहरुले राजश्व सम्बन्धी गम्भीर विषयमा पनि लापरवाही गरेको देखिन्छ ।

## २.८ सार्वाजनिक लेखा समितिबाट जारी हुनुपर्ने निर्देशन तथा सुझावहरु

नेपाल विद्युत प्राधिकरणको डेडीकेटेड फिडर तथा ट्रंक लाइनबाट विद्युत आपूर्ति लिने ग्राहकहरूबाट उठाउनु पर्ने बक्यौता सम्बन्धी अध्ययनबाट उपसमितिले सार्वजनिक लेखा समितिबाट देहाय बमोजिमका निर्देशन तथा सुझावहरू दिन उपयुक्त हुने निष्कर्ष निकालेको छ :

१. नेपाल विद्युत प्राधिकरणबाट डेडिकेटेड लाइनको हकमा प्राधिकरण संचालक समितिले २०७२/३/१२ को निर्णयले २०७२ श्रावण देखिको खपतमा नयाँ महशुल दर कायम गरेको र सोको अनुमोदन विद्युत महशुल निर्धारण आयोगले गरेको तथा ट्रंक लाइनबाट विद्युत आपूर्ति लिइरहेका ग्राहकको हकमा पनि २०७३/३/१६ मा विद्युत महशुल निर्धारण आयोगले डेडिकेटेड लाइन सरह नै शुल्क लिने गरी निर्णय गरेकोले सोहि बमोजिम विद्युत नियमावलीमा उल्लेख भएका बिल बिजक, छुट विल जारी गर्ने, बक्यौता रकम असुल गर्ने लगायतका कार्य गरी गराई समितिलाई यथाशिघ्र जानकारी गराउन प्राधिकरण संचालक समितिलाई निर्देशन दिने ।

२. विद्युत प्राधिकरणको डेडिकेटेड र ट्रंक लाइनबाट विद्युत लिई समयमै महशुल नतिर्ने उपभोक्ता तथा ग्राहकलाई विद्युत वितरण नियमावली, २०६९ र विद्युत महशुल संकलन विनियमावली, २०७३ अनुरुप हाल सम्म कुनै कारबाही गरेको नदेखिएको हुँदा आवश्यक कारबाही गर्न गराउन नेपाल सरकारलाई निर्देशन दिने ।

३. छुट विल जारी भएपछि ३५ दिन भित्र सम्बन्धित ग्राहकले उक्त महशुल बुझाउनु पर्ने वा चित्त नबुझेमा पुनरावलोकन गर्न सकिने र मिटर रिडिङ्ग भएको ६० दिन भित्र ग्राहकले विद्युत महशुल नबुझाएमा उक्त ग्राहकको लाइन काटी वक्यौता असुल उपर गर्नुपर्ने व्यवस्था विद्युत महशुल संकलन विनियमावली, २०७३ मा भएको हुँदा हुँदै पनि प्राधिकरण व्यवस्थापनले उक्त प्रावधान कार्यान्वयन गरेको नदेखिएकोले सो को कार्यान्वयन यथाशिघ्र गर्न गराउन, क्षतिपूर्ति नतिरी विद्युत लाइन नजोड्न संचालक समिति तथा व्यवस्थापनलाई निर्देशन दिने ।

४. मिति २०७३/३/१६ मा विद्युत महशुल निर्धारण आयोगले दिएको लोडशेडिंग ६ घण्टा वा सो भन्दा बढी कायम रहेको अवस्थामा २० घण्टा वा सो भन्दा बढी समय छुट्टै ट्रंक लाइनबाट निरन्तर विद्युत आपूर्ति लिने ग्राहकले डेडीकेटेड ग्राहकको सरह महशुल दर कायम गर्ने निर्णय कार्यान्वयन नगरी राजश्व सम्बन्धी गम्भीर लापरवाही गरेको देखिएकोले सो सम्बन्धमा उक्त अवधिमा

रहेका संचालक समिति, प्रवन्ध निर्देशक, विभागीय जिम्मेवारी लिएका पदाधिकारीहरू को को दोषी छन् विस्तृत छानविन गरी दोषी उपर कारवाही गर्ने प्रक्रिया अघि बढाउन अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई निर्देशन दिने ।

५. विद्युत महशुल संकलन कार्यलाई व्यवस्थित गराउन गर्नुपर्ने कार्यहरूमा नियमित रूपमा हुनुपर्ने विलिंङ्ग गर्ने, महशुल संकलन विनियमावली २०७३ मा भएको व्यवस्था बमोजिम डाटा डाउनलोड गरी सुरक्षित राख्ने, छुट बिल जारी गर्दा प्रक्रिया पुर्याउने, डाटा डाउनलोड गरी हार्ड कपि सुरक्षित राख्ने र ग्राहकको परिसरमा जडान गरिएको **TOD** मिटरको डाटा सुरक्षित राख्ने, बक्यौता उठाउन विनियमावली बमोजिमका प्रावधान अवलम्बन गर्ने जस्ता व्यवस्थापकीय कार्यलाई तत्काल व्यवस्थित गर्न नेपाल विद्युत प्राधिकरणलाई निर्देशन दिने ।

६. नेपाल विद्युत प्राधिकरणको सांगठनिक संरचना र कानुनी प्रावधान अनुसार महशुल निर्धारण गर्ने, विश्लेषण गर्ने, बील बिजक जारी गर्ने, महशुल उठाउने जस्ता कार्यहरू समयमै नहुँदा महशुल बुझाउनुपर्ने ग्राहकलाई बहाना बनाउने र समयमै महशुल नतिर्ने स्थिति पैदा गरेकोमा मिलेमतो छैन भन्ने आधार देखिएन । तसर्थ यसका लागि जिम्मेवार पदाधिकारी उपर छानविन गरी आवश्यक कारवाही गर्न प्राधिकरण संचालक समितिलाई निर्देशन दिने ।

७. लोडशेडिंङ्ग अन्त्य भएको लामो समय व्यतित भै सकेको अवस्थामा विद्युत महशुल दरमा पुनरावलोकन गर्नुपर्ने स्थिति आएको कुरालाई मध्यनजर गर्दा नेपाल विद्युत प्राधिकरणबाट प्रस्तावित विद्युत महसुल दरको पुनरावलोकन सम्बन्धी प्रस्ताव उपर आवश्यक प्रक्रिया पूरा गरी अबिलम्व निष्कर्षमा पुगी कार्यान्वयनमा ल्याउन र समितिलाई जानकारी दिन विद्युत नियमन आयोगलाई निर्देशन दिने ।

८. डेडिकेटेड र ट्रंक लाइनको बक्यौता असुली सम्बन्धमा विद्युत प्राधिकरणलाई आर्थिक क्षति हुने र आर्थिक दायित्व बढ्ने गरी कुनै निर्देशन नगर्न नगराउन नेपाल सरकारलाई निर्देशन दिने ।

# परिच्छेद-तीन

# अनुसूचीहरु

## ३.१ नेपाल विद्युत प्राधिकरणको डेडिकेटेड तथा ट्रंक लाइनको बक्यौता सम्वन्धमा बनेको उपसमितिले तयार पारेको प्रश्नावलीहरु

१. अधिल्लो प्रतिवेदनले के-कस्ता कुराको सिफारिस गरेको हो ? २०७५/१२/२९ को संचालक समितिको निर्देशन किन बिबादमा परेको हो ?

२. प्राधिकरणले मूल्य निर्धारण गरेको देखियो र झण्डै ६ महिना पछि आयोगले अनुमोदन गरेको छ, यो नियम सँगत भयो त ?

३. कसको कमजोरीले यसरी बक्यौता रहेको हो ? यसमा कसैलाई स्पष्टीकरण सोध्ने काम भएको छ ?

४. बक्यौता हिसाब गर्दा २०७२ देखि गणना गरेको हो ? वा २०७३ देखि ?

५. ट्रंक लाइन र डेडिकेटेड लाइनबाट बिजुली खपत गरेको रिडिङ्ग उपलब्ध छ ?

६. २०७५/१२/२९ पछि फरक-फरक ग्राहकलार्य फरक-फरक तरिकाले पत्राचार भएको देखियो, यो किन यसरी भएको हो ?

७. **TOD** मिटरको रिडिङ्ग अध्यावधिक छ ?

८. ६ घण्टा भन्दा बढी लोड सेडिङ्ग हुँदा २० घण्टा बढी बिजुली उपयोग गरेको कति छन् ? २० घण्टा भन्दा कम उपयोग गर्नेलाई के सिफारिस भयो ?

९. व्यापारी उद्यागीको माग के हो ?

१०. अनुमति बेगर लाइन जोडेको हो ?

११. किन एउटा आयोगले रिपोर्ट दिई सकेपछि उही आयोगलाई अध्ययन गर्न लगाएको ? नैतिकताको प्रश्न उठ्दैन ?

१२. हालको कमिटीले रिपोर्ट दिएको हो ? थप सुझावहरु केही छन् ?

# ३.२ नेपाल विद्युत प्राधिकरणका व्यवस्थापकसँग छलफलका लागि प्रयोग गरिएका प्रश्नावलीहरू

१. हाल देशको विद्युत आपूर्तिको अवस्था को छ ? आयात कति हुन्छ ? वितरण अवस्था र गुणस्तर के कस्तो छ ?

२. विद्युत महशुल दरमा परिवर्तन गर्ने योजना छ ? लोडसेडिङ्ग हटेपछि डेडिकेटेड र ट्रंक लाइनको महशुल पुनरावलोकन गर्न किन ढिलाई गरिएको हो ?

३. विद्युत नियमन आयोग पनि एक बर्ष भई सक्यो, आयोगसँग विद्युत नियमन र बक्यौता असुली सम्वन्धमा के कस्तो समन्वय गरिएको छ ?

४. डेडिकेटेड र ट्रंक लाइनको ग्राहकको बक्यौता सम्वन्धमा कसको कमजोरीले यति ठूलो रकम बक्यौता रहेको हो ? यसमा कसैलाई स्पष्टीकरण सोध्ने काम भएको छ ? समयमै बिलिङ्ग नगर्नुको कारण के हो ?

५. संचालक सदस्य भक्तबहादुर पुन संयोजक रहेको उपसमितिले बुझाएको शुरुको प्रतिवेदन नौ महिनासम्म किन छलफल नगरी राखिएको हो ?

६. २०७५/१२/२९ को संचालक समितिको निर्देशन किन विवादमा परेको हो ? अपुरो प्रतिवेदन बारे थप अध्ययन गर्ने गरी एकातिर फेरि निजकै संयोजकत्वमा सोही उपसमितिलाई लगाइएको छ भने अर्कोतिर बक्यौता असुली गर्न पत्र काटिएको देखिन्छ, तालमेल मिलेको देखिएन नि ?

७. डेडिकेटेडको हकमा महशुल दर प्राधिकरणले २०७२ श्रावणदेखि लागू हुने निर्णय गरेको तर विद्युत महशुल निर्धारण आयोगले २०७२ माघमा अनुमोदन गरेको, ट्रंक लाइनको हकमा २०७३ असारमा आयोगले निर्णय गरेको छ, प्राधिकरणको दावी कहिले देखिको हो ?

८. डेडिकेटेड र ट्रंक लाइनको ग्राहकको बक्यौता सम्वन्धमा हाल विचाराधीन मुद्दाका उद्योगहरुको बिलिङ्ग र असुली कसरी भई रहेको छ ? मुद्दाको बाहेक अन्यको हकमा के गरिएको छ ? प्राधिकरणको पक्षमा फैसला भएको कार्यान्वयन भएको छ ?

९. ट्रंक लाइनको हकमा २०७३/०३/१६ को निर्णयले २०७३ श्रावण देखि लागू हुने गरी ट्रंकफिडर लाइनको हकमा आयोगबाट निर्णय भएकोमा ६ घण्टा बढी लोडसेडिङ्ग भए २० घण्टा बढी प्रयोग गरेमा डेडिकेटेड सरह लिने भनेकोमा सोको कार्यान्वयन गर्न अव्यवहारिक भए तत्काल किन आयोगमा पुनरावलोकनका लागि पठाएन ?

१०. डेडिकेटेड र ट्रंक लाइनको उपयोग गर्ने उद्योगी व्यापारीको माग/गुनासो के हो ?

११. समयमै बक्यौता नउठाए कार्यालय प्रमुख र कर्मचारीको तलबबाट १०% दामासाहीले काट्ने विद्युत महशुल निर्धारण आयोगको निर्देशन ३ महिना भित्र समितिले अनुमोदन गर्नुपर्नेमा किन नगरिएको हो ?

## ३.३ कानूनी सल्लाहकारलाई सोधिएको प्रश्नावलीहरु

- डेडीकेटेड र ट्रंक लाइन लिने ग्राहक के के आधारमा अदालत गएका हुन् ?
- हाल मुद्दामा कति वटा रहेका छन् ? यिनीहरुको अवस्था कस्तो छ ?
- उच्च अदालत र सर्बोच्चमा कति कति मुद्दा छन् र तिनीहरुको अवस्था के छ ?
- प्राधिकरण बोर्डको पुनरावलोकन समितिमा उजुरी परेको छ? यस सम्वन्धमा के भैरहेको छ ?
- प्राधिकरणको बोर्डले महसुल निर्धारण गरेको र बिद्युत महसुल आयोगले अनुमोदन गरेको कानुनी रुपमा मिलेको छ ?
- प्राधिकरणका विनियमावलीहरू समयमै पुनरावलोकन गरिएको छैन किन ?
- कुन अवस्थामा प्राधिकरणले छुट बिल जारी गर्न सक्छ ? २०७५/१२/२९ को पत्राचार किन विवादमा आएको हो ?
- यस सम्बन्धमा कुनै पदाधिकारी वा कर्मचारीलाई कानुनी कारबाही भएको छ ?

## ३.४ नियमन आयोगका अध्यक्षलाई सोधिएको प्रश्नावलीहरु

- विद्युत नियमन आयोगको मुलभूत काम के हो ?
- समयमै बिद्युत महसुल किन पुनराबलोकन नगरेको हो ?
- प्राधिकरण बोर्ड र आयोग बीच समन्वय कस्तो छ ?
- बिद्युत महसुल कार्यान्वयनको अनुगमन कसले गर्छ ?
- लोड सेडिङ्ग हटेपछि डेडिकेटेड र ट्रंक लाइनको महशुल दरमा पुनरावलोकन हुनुपर्ने हैन ?

## ३.५ प्राविधिकलाई सोधिएको प्रश्नावलीहरु

- डेडीकेटेड र ट्रंक लाइनमा प्रयोग हुने TOD मिटरको अवस्था के हो ?
- विगतको बक्यौता रहेको भनेको विद्युतको TOD रिडिङ्ग उपलब्ध छ ?
- TOD मिटरको नियन्त्रण र सुरक्षा कसरी हुन्छ ?
- विद्युत लाइन कतिको डेडिकेटेड छ ?
- TOD रिसेट गर्ने र Download गर्ने काम कसले गर्छ ? यसको रेकर्ड सुरक्षा कहाँ कहाँ हुन्छ ?